CC-0. In Public Domain. Digitization by eGangotri

देवाधिदेव पशुपतिनाथ र पशुपतिक्षेत्र

हरिप्रसाद रिमाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रद्धेय श्री माधव प्रसाद लामिछानेज्यू
मा
सादर समर्पण

हरिप्रसाद रिजाल
०६८/०७/०८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवाधिदेव पशुपतिनाथ
र
पशुपति क्षेत्र

हरिप्रसाद रिमाल

उत्कृष्ट प्रकाशन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृतिको नाम : देवाधिदेव पशुपतिनाथ र पशुपति क्षेत्र

प्रथम संस्करण : विसं २०७७ फागुन (सन् २०२१ मार्च)

प्रकाशक : उत्कृष्ट प्रकाशन प्रा.लि., ज्ञानेश्वर, काठमाडौँ

सर्वाधिकार : लेखकमा सुरक्षित

आवरण कला : श्री शङ्करनाथ रिमाल

मूल्य : रू. ५००। (यस पुस्तकको बिक्रीबाट प्राप्त हुने रकम धार्मिक र सामाजिक कार्यमा लगाइने छ ।)

मुद्रक : क्रिएटिभ प्रेस प्रा. लि., कामपा ५, हाँडीगाउँ
०१-४४२९०५३/५४

ISBN: 978-9937-0-8228-0

Devadhideva Pashupati Nath ra Pashupati Kshetra - by Hari Prasad Rimal

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण

करूणासागर परमाराध्य पशुपतिनाथप्रति, जसको असीम अनुकम्पाबाट मैलै दुर्लभ नरचोला पाएँ र प्रभुको अलिकति गुणानुवाद गर्ने होश भेटैं ।

प्रातःस्मरणीय माता देवमायाप्रति, जसले नाना दुःख–पीडा सहेर मलाई यो रमाइलो संसार देखाउनु भयो, आफ्ना गहनागुरिया बेचेर समेत ममा ज्ञानज्योति भर्न शततः प्रयास गर्नुभयो । परमादरणीय पिता केदारनाथप्रति, जसले साँगुरो परिवेशबाट लोकापवाद र अनेकौं हण्डर–सास्ती खपेर पनि मलाई विद्या हासिल गर्ने अवसर दिनुभयो ।

परम ब्रह्मज्ञानी, मनीषी, सम्पूजनीय ज्येष्ठ अग्रज शिवप्रसाद रिमालप्रति, जसले मलाई विश्वको सर्वप्राचीन, सर्वोत्तम र जीवनोपयोगी संस्कृत भाषा पढ्ने चेतना दिनु भयो, र जीवनपर्यन्त मलाई नीतिशास्त्र र व्यवहारको ज्ञान दिइरहनु भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दपुष्पाञ्जली

- विद्यानाथ उपाध्याय भट्ट

१. मित्रवर हरिप्रसाद रिमालको भक्तिरचना 'देवाधिदेव पशुपतिनाथ र पशुपति क्षेत्र' अहिले बडो सुन्दर कलेवरमा प्रकाशित भएको छ । रिमालजीले यस कृतिको रचना गरेर परब्रह्म परमात्मा श्री पशुपतिको वाङ्मयी उपासना गर्नुभएको छ । अनेकौं जन्मका पुण्यकर्मको सञ्चय भएपछि मात्र भगवान् शिवमा भक्ति लाग्दछ र त्यसै भक्तिले मूर्तरूप लिएपछि यस्ता प्रकारको रचनाले स्वरूप लिन्छ । यसमा संशय छैन । वास्तवमा भन्ने हो भने मानवको शरीर त एउटा जड पदार्थ हो । जडले के रचना गर्ने ? रचना त भित्र पशुपतिनाथले स्वयं गर्नुहुन्छ । मानव शरीर त केवल निमित्त मात्र बन्दछ । मानव मात्रको कल्याण गर्ने, जन्म र मृत्युको चकबाट उन्मुक्ति प्रदान गर्ने ज्ञान त स्वयं बोधरूपमा भगवान् आफैंमा उनकै स्वरूपमा परिनिष्ठित रहन्छ । जब ईश्वर स्वयंको इच्छा जागृत बन्दछ, मानवकल्याणको करूणा जाग्दछ, ज्ञान स्वयं उद्भूत भएर मूर्त बन्दछ । त्यही ईश्वरीय ज्ञान भक्तका लेखनीबाट ग्रन्थरूपमा आविर्भूत हुन्छ । यो त प्रभुको कृपा प्रसाद हो, जो आज हामी पाठकका समक्ष उपस्थापित भएको छ । अब त्यसको उपयोग गरेर हामी मानव आत्मकल्याणमा अग्रसर हुने त हाम्रो आफ्नै कर्तव्यबोधमा भर पर्दछ । परमेश्वरको दयामय कृपाप्रसादरूप अमृतको कुण्डमा प्रवेश गर्न पाएर पनि त्यसको स्वाद चाख्नबाट आफूलाई वञ्चित राख्नु त आफ्नै दुर्भाग्य हो जस्तो लाग्छ ।

२. मित्र हरिप्रसादको यो रचना 'देवाधिदेव पशुपतिनाथ र पशुपति क्षेत्र' लाई भगवान्को सूचनामय कीर्तन–गायन सम्झन्छु, जसले भगवान्का स्वरूपहरू, मन्दिर परिसरका अवस्थितिहरूको राम्रो सूचना प्रदान गर्दछ । यसलाई पढ्ने सौभाग्य पाएका भाग्यवान्हरूले भगवान् पशुपतिका भक्तिमा चुर्लुम्म डुबाउने अवसर पाउनुहुन्छ । रिमालजीले यस अनुपम कृतिमा कुन कुन तथ्यको समावेश गर्नुभएको छ, त्यो त यस अमृतकुण्डको अवगाहन गर्ने सौभाग्यशाली पाठकले थाहा पाउनुहुने नै छ । यसैले म यहाँ त्यसलाई पुनरूक्त गर्न चाहन्न । तर मैले यो रचना पढेर के अनुभव गरें त्यो मात्र संक्षेपमा निवेदन गर्दछु । भगवान् शिव परब्रह्म हुनुहुन्छ । उहाँको नाम पनि छैन, रूप पनि छैन । उहाँ सर्वव्याप्त हुनुहुन्छ । उहाँ देश र कालको परिच्छिन्नताबाट मुक्त हुनुहुन्छ । त्यति हुँदाहुँदै पनि उहाँ सृष्टि, पालन र संहार, तिरोभाव (लय) र अनुग्रह पञ्चकृत्य सम्पन्न गर्ने हुनाले उहाँको शरीरको कल्पना गरिन्छ । त्यसैले प्रभु अशरीरी भएर पनि शरीरी देखिनुहुन्छ । केवल पञ्चकृत्यका संपादनका निमित्त मात्र । भगवान् पशुपति परब्रह्म परमात्माले अद्वितीय तत्त्व भएर ईशान, तत्पुरूष, अघोर, वामदेव, सद्योजात र कालाग्नि रूद्र छ वटा स्वरूप ग्रहण गर्नुभयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. आफूमात्र होइन आफ्नी एक मात्र अद्वितीय शक्ति महामाया हैमवती उमालाई पनि कामेशी, पूर्णेशी, निशेशी, सिद्धेशी, कुब्जेशी र बज्रेशीका रूपमा आविर्भूत गर्नुभयो । अनि आफू गुरूभावमा रहेर महामायालाई शिष्याभावमा राखेर सम्पूर्ण तन्त्रशास्त्रको उपदेश गर्नुभयो । त्यसै प्रक्रियाबाट दश भेद प्रधान शैलआगम, भेदाभेद प्रधान रूद्र आगम र अभेद प्रधान चौसठ्ठी तन्त्रका आविर्भाव भयो । तिनैका ज्ञानराशि गुरूपरम्पराबाट लोकमा फैलिएर ब्रह्मादेखि स्थावरसम्मका पशुहरू र अज्ञान पाशबाट बाधिएका जीवहरूले उन्मुक्त हुने सौभाग्य पाए ।

भगवान् शिव स्वयं पशुत्व (अज्ञान) बाट मुक्ति दिलाउने पशु (अज्ञानी) जीवका पति भएको पशुपतिनामबाट उपासित हुनुभयो । यो तथ्य त रिमालजीको रचनाबाट पनि स्पष्ट हुन सक्तछ । मैले पनि उल्लेख गरेर यसप्रति पाठकवर्गको ध्यान आकर्षित गर्ने जमर्को मात्र गरेको छु ।

शिव के हुन् हैन, के हैनन् यो प्रश्न छ । शिव सबै हुन् । ब्रह्माण्डै उनको मायामय स्वरूप हो । उनकै सत्ताबाट ब्रह्माण्डको सत्ता छ । त्यसैले परम सत्य शिवतत्त्व नै हो । शिवतत्त्व मात्र हो ।

४. तत्त्वविद्हरू शिवलाई आत्मा, उमालाई बुद्धि, प्राणहरूलाई शिवका सहचर, शरीरलाई शिवमन्दिर, सम्पूर्ण क्रियाहरूलाई शिवको उपासना, निद्रालाई शिवकै समाधि, आवागमनलाई शिवकै प्रदक्षिणा, वाणीलाई शिवको स्तोत्र मानेर जति पनि कर्महरू छन् शिवकै आराधना मान्दै मानसस्तोत्रको पाठ गर्दछन् । शिव चरित्र त केवल उपासना सौविध्यका लागि गरिएका पौराणिक कथा हुन् जसले मनुष्य मात्रलाई शिवत्वतिर उनको आराधनाका कर्तव्यतातिर उन्मुख गराउँदै लग्छन् ।

शिव खोज्न कहाँ जाने ? जहाँ गए पनि शिव मिल्छन् । भक्त हुनुपर्छ साच्चिको । नसक्नेले कहिं जानुपर्दैन आफ्नै चित्ताभासमा शिवको दर्शन मिल्दछ ।

ग्रन्थका रचनाकारले पशुपतिसम्बन्धी सम्पूर्ण लौकिक, अलौकिक, भौतिक, आध्यात्मिक विषयहरूको विश्लेषणसहित ग्रन्थलाई सम्पन्न र पूर्ण बनाउन खोज्नु भएको छ । यो आफ्नै स्वरूपमा पूर्ण छ । यस्तो रचना प्राप्त गर्ने, पढ्ने सौभाग्य प्राप्त गर्ने, पढ्ने जन जन धन्य छन् । उनीहरू सबैले अवश्य शिवसायुज्य प्राप्त गर्दछन् भन्ने मेरो धारणा र विश्वास पनि छ ।

५. भगवान् पशुपति तत्त्व, उनको विग्रह, उनका गणदेवता, उनको पूजा, आराधनाका विधिविधान, पशुपति परिसरका देवविग्रह तिनका मन्दिरहरू सबका सब रहस्यमय छन् । ती सबैको अनुसन्धान हुनु र अनुसंहित रहस्यहरूको विवरण यति सानो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थमा पूर्णतः समाहित हुनु अत्यन्त दुष्कर कुरा हो । तैपनि ग्रन्थकारले आफ्नो ज्ञान, बुद्धि, बर्कत सबै लगाएर यस ग्रन्थलाई रङ्गीविरङ्गी सुगन्धित पुष्पहरूको माला बनाएर भगवान्मा समर्पित गर्नु भएको छ । यो परमेश्वरकै कृपा प्रसाद हो, अनुकम्पा हो ।

यस विषयमा अलिकति त पछि यसको अनुसन्धान हुँदै जाओस्, भन्ने अभिप्रायले खोतल्नु पनि परेको छ । भगवान्का मन्दिरका बाहिरी भित्तामा चारै द्वारका माथिल्लो भागमा .एकाकी र. शक्तिसहितका केही मूर्तिहरू छन् । तिनको स्वरूप, विवरण अझैसम्म व्यक्त हुन सकेको छैन । मन्दिरमा रहेका माथिल्ला टुडालका देवीदेवताका स्वरूप पनि स्पष्ट हुन सकेका छैनन् । कतिपय कुराहरू जो ज्यादै नै महत्त्वपूर्ण छन्, ती साक्षीहरू. समयसमयमा भएका पुनर्निर्माणका प्रसङ्गमा अज्ञानवश वा उपेक्षावश यताउति पर्न वा रहन गएका छन् । जसले गर्दा त्यहाँका तथ्यहरू र तथ्यगत इतिहासको अध्ययनमा अन्योल पनि पर्न गएको छ । बाहिरी परिसरमा त भक्तजनले राखेका कीर्तिहरू पनि छोपिने, मासिने गरी बडे बडे घरहरू बनेका छन् । गुठी जात्रा चलाउने परम्परामा कठिनता आएको छ । कति त लुप्त पनि भैसकेका छन् । जे होस् केही त अनुसन्धान भयो त्यो परमेश्वरकै कृपा प्रसाद हो । अरू ईश्वरेच्छा ।

६. मित्र हरिप्रसाद रिमालले मलाई यौटा हितैषी मित्र सम्झेर दुई चार शब्द लेख्ने अनुग्रह गर्नुभयो । वास्तवमा यी शब्दहरू लेखेर मैले प्रभुको भक्तिमा आफ्ना शब्द पुष्पाञ्जली भगवान् पशुपतिका चरणमा समर्पित गर्ने सौभाग्य पाएँ । यो मेरो कुनै पूर्वपुण्यको फल होला भन्ने विश्वास गर्दछु । यस दृष्टिले मित्र रिमालले ममाथि भलो नै गर्नुभएको छ ।

शिव भगवान् पशुपतिनाथ कस्तो हुनुहुन्छ म के जानूँ ? जो गुणातीत छ, नाम रूप विहीन छ, जो सर्वव्यापी छ उसको स्वरूप म कसरी वर्णन गर्न सकूँ । यत्ति निवेदन गर्दछु ।

प्रभो

तव तत्त्वं न जानामि कीदृशोऽसि महेश्वर

यदृशोऽसि महादेव तादृशाय नमो नमः ॥

काठमाडौँ, महानगरपलिका, वडा नं २६ नरदेवी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रोचक विषय समाविष्ट कृति

- शङ्करनाथ रिमाल

हरिप्रसाद रिमालले लेख्नुभएको देवाधिदेव पशुपतिनाथ किताब पढ्दा साह्रै खुशी लाग्यो । हुन त पशुपतिनाथका बारेमा धेरैले लेख्नुभएको छ तर यस ग्रन्थमा अन्य ग्रन्थभन्दा केही विशेषता छन् । विषयसूचीबाट पनि धेरै विषय समेटिएको स्पष्ट हुन्छ । धार्मिक मान्यतादेखि पाशुपत क्षेत्रको हालसम्मका क्रियाकलाप, परम्परा, मेला, जात्रा, पूजा, आराधनालगायत पशुपति क्षेत्र विकास कोषसमेत लेखकले समावेश गरेर सम्पूर्ण नेपाली तथा संसारभरिका हिन्दूहरूलाई ठूलो गुन लगाउनुभएको छ ।

हुन त 'आराध्यदेव पशुपतिनाथ जो धर्म, अर्थ, काम, मोक्ष चारै पुरूषार्थ प्रदान गर्न सक्नुहुन्छ' भन्ने मान्यताबाट पनि यस्ता देवाधिदेवका बारेमा एकै ग्रन्थमा उल्लेख गर्नु सम्भव छैन । तैपनि यस ग्रन्थमा छोटकरीमा सबैजसो पक्ष जस्तै आगम विद्या वा तन्त्रशास्त्रका बारेमा समेत सरल भाषामा रोचक विषय समावेश गरिएबाट सबैका लागि ज्ञान प्रबर्द्धन गर्न तथा तीर्थार्थीहरूका लागि विषयबोध गराउन उपयोगी हुने नै छ ।

भगवान् शिवका बाह्र ज्योतिर्लिङ्गमा पशुपति पर्दैन तर पनि पशुपतिलाई ज्योतिर्लिङ्गसरह वा बढी नै महत्त्व दिइएको छ । बाह्र ज्योतिर्लिङ्गमध्ये पनि केदारेश्वर ज्योतिर्लिङ्गका दुई भाग शिर र शरीरमध्ये पशुपतिनाथलाई शिरको मान्यता प्राप्त छ । यसैले यसलाई ठूलो मान्यता प्राप्त भएको छ । विद्वान् श्री हरिप्रसाद रिमालजीले धेरै विषयबारे आफ्नो किताबमा लेख्नुभएको बारे केही रोचक विषयमध्ये पशुपति क्षेत्रमा रहेका विभिन्न मठमन्दिर, र मूर्तिहरूबारे शोध तथा अध्ययन गरी कतिपय देवताहरूका बारेमा चलेका मान्यताहरूलाई समेत आफ्नो प्रयास र ज्ञानका आधारमा नयाँ प्रमाण दिएर सो मूर्तिको वास्तविकता के हो, सोको निर्क्यौल गरी मूर्तिबारे आफ्नो निष्कर्ष राममन्दिरको मूर्तिबारे दिनुभएको विचारणीय छ ।

श्रीपशुपतिको लिङ्गलाई छोएर दर्शन गर्ने वा नगर्ने विषय पनि जनसमाजका लागि रूचिकर विषय समावेश गरिएको पुस्तक सबैका लागि उपयोगी भएको छ । यस्तै धेरै सर्वसाधारणका लागि उपयोगी हुनाका साथै शोधकर्ताहरूका लागि पनि कृतिले ज्ञान प्रबर्द्धन गर्ने छ भन्ने मलाई विश्वास छ ।

हिन्दूधर्म तथा देवीदेवताबारे विभिन्न समयमा विशेष महापुरूषहरूले व्याख्या गर्नुभएको छ । सबैको व्याख्यामा केही मिल्दा र केही नमिल्दा जस्ता देखिने विश्लेषण पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टिगोचर हुन्छन् । दक्षिणामूर्तिबाट शुरू भई वेदव्यास, शङ्कराचार्य इत्यादिले गरेका व्याख्या हामीलाई थाहा छ । अद्वैतवादी र द्वैतवादी व्याख्या पनि पाइन्छ । यस सन्दर्भमा पुष्पदन्तको एक श्लोकले सारा भ्रम समाधान गर्छ जस्तो मलाई लाग्छ । उहाँ भन्नुहुन्छ-

शङ्करं शङ्कराचार्यं केशवं वादरायणम् ।

सूत्रभाष्यकृतौ वन्दे भगवन्तौ पुनः पुनः ॥

ईश्वरो गुरूमाप्नोति मूर्तिभेदविभाजितः ।

व्योमवद्व्याप्तदेहाय दक्षिणामूर्तये नमः ॥

यस उक्तिबाट स्पष्ट हुन्छ कि धर्मबारे समयसमयमा व्याख्या, पुनर्व्याख्या हुन अत्यन्त जरूरी छ । निराकारको कुनै भेद हुँदैन, साकार निराकारको सगुण स्वरूप हो भन्ने बोध हिन्दूधर्मको गुण हो जस्तो मलाई लागेको छ । शास्त्रको व्याख्या, पुनर्व्याख्या नगरे शास्त्र तथा धर्म दुवै लोप भएर जान्छन् । तसर्थ पनि 'देवाधिदेव पशुपतिनाथ र पशुपति क्षेत्र' ग्रन्थ लेखेर श्री हरिप्रसाद रिमालजीले हामी सबै नेपालीलाई ठूलो गुन लगाउनुभएको छ ।

कामपा-१, नक्साल, नन्दीबगैंचा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुभकामना मन्तव्य

- डा जगमान गुरुङ

श्री हरिप्रसाद रिमालले लेख्नुभएको ११ अध्याय र अनुसूचीहरूमा समाविष्ट गरिएको 'देवाधिदेव पशुपतिनाथ र पशुपति क्षेत्र' शीर्षकको पुस्तक अध्ययन गर्ने अवसर पाएँ । पशुपतिनाथको महिमा र विशिष्टताको वर्णनबाट शुरू भएको यस पुस्तकको पहिलो अध्यायमा पशुपतिनाथको दर्शनको लाभ र महिमा, उहाँको दर्शनअघि ध्यान दिनुपर्ने कुरा, पूजा र दर्शन गर्ने कम र मन्दिर प्राङ्गणका अरू देवीदेवताको सङ्क्षिप्त वर्णन गरिएको छ ।

मन्दिर प्राङ्गणका सबै देवीदेवताको पूजा गरिसकेपछि पशुपतिनाथको पूजा गर्नुपर्ने शास्त्रीय वचनका साथ सर्वसाधारण जनताले बाहिरबाट गर्न सक्ने उहाँका चतुर्मुखको पूजा र दर्शन, तोकिएको रकम तिरी पुजारीमार्फत गराउन सकिने विशेष पूजा, बिहान, दिउँसो र बेलुका गरिने नित्यपूजा र आरती, प्रत्येक पूर्णिमामा गरिने महास्नानपूजा, पर्वपर्वमा गरिने विविध प्रकारका पूजाहरूको वर्णन मसिनो ढङ्गबाट गरिएको छ । यसरी नै उमामहेश्वर क्षेत्रका देवीदेवताको वर्णन र त्यस क्षेत्रको परिक्रमाको महत्त्वसमेत यस अध्यायमा उल्लेख भएको छ ।

दोस्रो अध्यायमा भगवान् पशुतिनाथको पूजा–आराधनाको महत्त्व र प्राचीनकालदेखि हालसम्म भगवान्लाई खुशी गराउन गरिएका अतिप्राचीन, प्राचीन र त्यसपछिका सयमको पूजाआजाको परम्परा र संस्कृति अनि कसकसले उहाँको पूजा कसरी कसरी गरे र खुशी गराए भन्ने सन्दर्भमा रावण, भगीरथ आदिको पूजाआराधनाको रोचक वर्णन यसमा छ भने भगवान्को भौतिक र मानसिक पूजाका बारेमा पनि यहाँ उल्लेख भएको छ । 'पशुपतिनाथ कसरी खुशी हुनुहुन्छ' भन्नेबारेमा लेखकका केही धारणा पनि यहाँ रहेका छन् ।

प्रलयकालमा ब्रह्मा र विष्णुका बीचको द्वन्द्व, ब्रह्माको मिथ्यावादित्व र अभिमानको प्रसङ्गका साथ पशुपतिनाथ ज्योतिर्लिङ्गका रूपमा उत्पन्न हुनुभएको कुराका साथै पशुपतिनाथको मृगरूपको रोचक वर्णन तेस्रो अध्यायमा छ ।

लिङ्गपूजाको प्रमुख आधार पशुपतिनाथ ज्योतिर्लिङ्ग स्वरूपमा प्रादुर्भूत हुनुभएको, स्कन्दपुराण, तन्त्रशास्त्र र शिवपुराणअनुसार लिङ्गपूजाको महिमा भएको र अझ मूर्तिभन्दा लिङ्ग पूजाको महत्त्व बढी भएको कुरा शास्त्रीय प्रमाणकै आधारमा यहाँ देखाइएको छ भने यस विषयमा विद्वान्हरूको धारणासहितको विश्लेषण पनि छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'पशुपतिनाथ केदारनाथको शिर' भन्ने कुरा शिवपुराणमा स्पष्ट उल्लेख भएको प्रमाण हुँदाहुँदै 'पशुपतिनाथ नभई डोलेश्वर केदारनाथको शिर' भनिएको कुरामा प्रस्तुत पुस्तकमा सप्रमाण खण्डन भएको छ ।

रूद्र, पशुपति, पाशुपत दर्शन, पाशुपत सम्प्रदाय, शिव, शैवदर्शन प्रत्यभिज्ञा सम्बन्धमा पुस्तकको चौथो अध्यायमा गरिएको वर्णनले एकातिर पशुपतिनाथ र पाशुपत सम्प्रदायको सङ्क्षिप्त जानकारी प्रस्तुत गरेको छ भने रूद्र, पशुपति र शिवरूपको तुलनात्मक अध्ययनका साथै प्रत्यभिज्ञाका माध्यमबाट पनि परमेश्वरलाई चिनाउने प्रयास भएको छ ।

तन्त्रशास्त्र वा आगम विद्याका प्रणेतासमेत पशुपतिनाथ शिव हुनुभएकाले उहाँको पूजा-आराधनाका सन्दर्भमा तन्त्रशास्त्र वा आगम विद्या स्मरणीय र उल्लेखनीय छ । यसो त स्वयं भगवान् शिवले 'वैदिकस्तान्त्रिको मिश्र इति मे त्रिविधो मखः' भन्नुभएकाले वैदिक, तान्त्रिक र मिश्र तीन प्रकारको विधिअनुसारको पूजा उहाँको प्रसन्नताको विषय हो भन्ने स्पष्ट हुन्छ । त्यसैले पशुपतिनाथको विषयमा उल्लेख गर्दा महत्त्वपूर्ण मानिएको तन्त्रशास्त्र वा आगम विद्याको पनि चर्चा हुनु स्वाभाविक हुन्छ र सङ्क्षिप्त रूपमा नै भए पनि उक्त विषयमा पाँचौ अध्यायमा चर्चा भएको छ ।

पशुपति क्षेत्रमा मनाइने महाशिवरात्रि, बालाचतुर्दशी, हरितालिका तीज, बज्रेश्वरी, वत्सलेश्वरी आदि पर्व, मेला, रथ, जात्रा आदिको सङ्क्षिप्त चर्चा छैटौँ अध्यायमा गरिएको छ ।

पशुपति क्षेत्रका मुख्यमुख्य मन्दिर र त्यहाँ रहेका देवीदेवताको वर्णन सातौँ अध्यायमा गरिएको छ । पशुपति क्षेत्रमा रहेका महत्त्वपूर्ण मूर्तिहरूको जानकारी प्राप्त गर्न चाहनेहरूका लागि ती मूर्तिको सूची प्रस्तुत गरिएको छ ।

पशुपतिनाथ मन्दिरको सम्पत्ति कति छ ? नगद र जिन्सी कति छन् ? पशुपतिनाथका जग्गा कति छन् ? यी पनि पाठकका जिज्ञासाका विषय हुन सक्छन् । ती कुराका साथै अरू धेरै रोचक ज्ञातव्य विषय पनि लेखक रिमालले यस पुस्तकको आठौँ अध्यायमा समावेश गर्नुएको छ ।

वर्तमानमा पशुपतिनाथको पूजाआजा र विकासको प्रमुख जिम्मेवार संस्था पशुपतिक्षेत्र विकास कोष, यसले सञ्चालन गरेका गुरूयोजना र त्यसबाट भएको प्रगति र उपलब्धिको सङ्क्षिप्त झलक नवौं अध्यायमा छ । यसरी नै पशुपति क्षेत्रमा देखिएका मुख्य समस्या र तिनको समाधानका सुझावका साथै आगामी गुरूयोजनाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यान्वयनमा समावेश गरिनुपर्ने विकास र अन्य विषयका मननीय सुझावहरू दशौं अध्यायमा उल्लेख गरिएका छन् । एघारौं अध्यायमा सारसङ्क्षेप र उपसंहार रहेको छ ।

सङ्क्षिप्तमा भन्नुपर्दा यस सानो पुस्तकमा 'गागरमा सागर भर्ने' प्रयास रिमालजीले गर्नुभएको छ । सरल भाषा र रोचक शैलीमा लेखिएको प्रस्तुत पुस्तक उहाँको आराध्यदेवप्रतिको आस्था र श्रद्धाको उपज हो भने जनसाधारणलाई पशुपतिनाथ र पशुपतिक्षेत्रका बारेमा सङ्क्षिप्त रूपमा नै भए पनि सिङ्गो जानकारी दिने सत्प्रयास पनि हो ।

विराट् पुस्तकहरू पढ्ने फुर्सद नभएकाहरूले यसबाट थोरबहुत जानकारी पाउँछन् भने यसले विस्तृत ज्ञानका लागि ठूलाठूला पुस्तकहरू पढ्ने उत्कण्ठा पनि जगाउने छ भन्ने म ठान्दछु । यस पुस्तकमा प्रसङ्गवश उल्लेख गरिएका कतिपय विषयले पनि राष्ट्रदेव पशुपतिनाथप्रतिको श्रद्धा-भक्ति बढाउन र आध्यात्मिक ज्ञानप्रति चासो बढाउन मद्दत पुऱ्याउनेछन् भन्ने म ठान्दछु । अन्त्यमा यसप्रकारको असल काममा श्रम र कलम प्रयोग गर्नुभएकामा रिमालजीलाई बधाई दिन्छु र यस्तै अर्को आध्यात्मिक वा समाजको हित हुने पुस्तक निर्माणमा उहाँको जाँगर चलोस् यो शुभकामना व्यक्त गर्दछु ।

मिति : २०७७।८।१५

उपकुलपति

नेपाल प्रज्ञा-प्रतिष्ठान,

कमलादी, काठमाडौँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुभेच्छा

– डा गोविन्द टण्डन

झण्डै चार वर्ष भयो होला एक दिन श्याम रिमालजीको टेलिफोन आयो लामो समयपछि । उहाँसँगको चिनापर्ची पुरानो हो । हाम्रो परिचय हुँदा उहाँ भर्खरै राससमा प्रवेश गर्नुभएको थियो जस्तो लाग्छ । भलाकुसारीपछि उहाँले भन्नुभयो, मेरो काका हरिप्रसाद रिमाल हुनुहुन्छ । एक पटक भेट्न खोज्दै हुनुहुन्छ, कहिलेलाई समय मिल्ला ? मैले भनें, भोलि नै पठाइदिनुस् न ! पशुपति क्षेत्र विकास कोषको जिम्मेवारीले व्यस्त बनाएको भए पनि समय निकालेर मैले भेटें आफ्नै कार्यालयमा । यो बहत्तर सालको भूकम्पपछिको कुरा हो ।

भनेकै समयमा हरिप्रसाद रिमालजी आउनुभयो । कुराकानी गर्दै जाँदा उहाँले पशुपतिनाथ र पशुपतिक्षेत्रका विषयमा आफू आकर्षित भएको, केही प्रकाशित पुस्तकहरू पनि सङ्ग्रह गरेकाले सर्वसाधारणलाई सजिलो हुने गरी डेढ-दुई सय पृष्ठको सरल र सजिलो पुस्तक लेख्न इच्छा लागेकाले त्यसलाई के कसरी अगाडि बढाउनु उपयुक्त होला भनेर सल्लाह लिन आएको भन्नुभयो । मैले यसअघि कुनै कृति तयार पार्नुभएको छ कि भनेर जिज्ञासा राख्दा त्यस्तो खास केही नभएको, सरकारी जागिरबाट सेवानिवृत्त भएकाले खाली बस्नु सट्टा केही न केही समाजलाई योगदान पुग्न सक्ने काम गरूँ भन्ने रहर लागेकाले यस्तो बिचार गरेको कुरा पनि सुनाउनुभयो ।

त्यस बखत मैले पहिले त अहिलेसम्म पशुपतिनाथ र पशुपति क्षेत्रका विषयमा नेपाली, हिन्दी, संस्कृत, अङ्ग्रेजी आदि भाषामा निक्लिएका पुस्तकहरू पाइए जति सङ्कलन गर्नुहोस्, तिनको अध्ययनपश्चात् आफूलाई कस्तो अनुभूति हुन्छ हेर्नुहोस्, त्यसपछि अरूले छुटाएका, बिर्सेका विषयहरूलाई समावेश गरेर लेख्न सके अझ राम्रो हुने कुरा सुझाएँ । उहाँले पूरै अध्ययन-अनुसन्धान गरेर अनुसन्धानात्मक कृतिभन्दा पनि प्राप्त पुस्तकहरूबाटै तिनलाई सङ्क्षिप्तीकरण गर्न चाहेको बताउनुभएको म सम्झन्छु । अहिलेलाई दुईतीन जना लेखकहरूको यससम्बन्धी प्रकाशित पुस्तकहरूका आधारमा तयारी गर्दै जान्छु, बेलाबेलामा म तपाईंलाई भेट्न आउँछु, सल्लाहसुझाव दिंदै गर्नुहोला भनी अनुरोध गर्नुभयो । मैले त्यतिखेर पशुपति क्षेत्र विकास कोषसँग सम्बन्धित विषयहरू केही छन् भने आउनुहोला, सहयोग गर्न कोष तयार भएको पनि बताएको थिएँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बीचमा एकदुई पटक टेलिफोनमा केके हुँदैछ जानकारी गराउनुभयो । त्यसपछि एक दिन आफूले अहिलेसम्म लेखिसकेको पाण्डुलिपि छाडेर जानुभयो हेरिदिनुहोस् भनेर । मैले आद्योपान्त हेरेर मनमा लागेका कुराहरू, संशोधन-परिमार्जन गर्ने विषयहरूमा अवगत गराएँ । सबै मिलाएर अन्तिम पाण्डुलिपि तयार पार्छु भन्नुभएथ्यो ।

गएको चैत महिनादेखि कोभिड -१९ ले पारेको आतङ्क र बन्दाबन्दीका विभिन्न चरणको कारण यसबीच टेलिफोनबाट मात्र कुराकानी भयो ।

रहरैरहरमा तयार भएको प्रस्तुत पुस्तकमा हरिप्रसाद रिमालजीले देवाधिदेव पशुपतिनाथ र पशुपतिक्षेत्र शीर्षक दिएर एघार अध्यायमा विभाजित गरी भगवान् श्रीपशुपतिनाथ र त्यस मन्दिरले चर्चेको पशुपति क्षेत्रमा सम्पन्न हुने विभिन्न यात्रा-पर्व, त्यहाँ भएका मठ-मन्दिर, आश्रमहरूको पनि छोटकरी परिचय दिन प्रयत्न गर्नुभएको पाएँ । त्यसैगरी पशुपति दर्शन, शैव मत, आगम विद्या र तन्त्रशास्त्र, पशुपति मन्दिरको परिक्रमा, नित्य, नैमित्तिक पूजा एवं पशुपतिनाथका बारेमा शिवपुराणले उल्लेख गरेभन्दा भिन्न केही स्वार्थी मानिसहरूले आफ्नो स्वार्थसिद्धिका लागि गरेको भ्रमको खेतीबारेमा पनि प्रकाश पार्नुभएको छ । वर्तमान समयमा पशुपतिनाथ मन्दिरको व्यवस्थापन र त्यहाँको मूर्त अमूर्त सम्पदाहरूको संरक्षण, सम्बर्द्धनमा पशुपति क्षेत्र विकास कोषको स्थापना तथा त्यसको भूमिकाका बारेमा पनि केही जानकारी प्रस्तुत गर्नुभएको पाएँ ।

उहाँले पशुपति क्षेत्रका गुरूयोजनाका विषयमा पनि उल्लेख गर्नुभएको रहेछ । विश्वसम्पदासूचीमा सूचीकृत, विश्वका सम्पूर्ण हिन्दूहरूको पावन तीर्थस्थलको स्याहार, सम्भार तथा विकासका लागि विनागुरूयोजना काम गर्नु पशुपति क्षेत्रको महत्त्वलाई नबुझ्नु भन्ने हुन्छ । मलाई थाहा भएसम्म पशुपतिक्षेत्रको गुरूयोजना अहिलेसम्म आउन सकेको छैन । गुरूयोजनाको सामान्य अवधारणासम्म विसं २०४५ देखि आउन थालेको हो । त्यसैलाई आधार लिई पछिल्लो पटक विसं २०५८ मा दश वर्षका लागि भनेर पशुपति क्षेत्रको गुरूयोजना स्वीकृत भई त्यसैअनुसार केही काम भएका हुन् तर यत्रो समय बितिसक्दा पनि त्यसको विधिवत् समीक्षा र मूल्याङ्कन हुन सकेको छैन । त्यसले निर्देश गरेअनुसारको चौथो चरणको कार्य भनेको भूउपयोगसहितको संरचनागत गुरूयोजना (ल्याण्ड युज एण्ड इन्फ्रास्ट्रक्चरल माष्टर प्लान) आउनुपर्नेमा फेरि पनि विसं २०७७ देखि विसं २०९२ का लागि भनेर पशुपति क्षेत्र विकास कोष, सञ्चालक परिषद्ले विसं २०७६ माघ १९ गते एउटा दस्तावेजलाई गुरूयोजना भनेर जनसमक्ष ल्याएको देखिन्छ । समग्रमा त्यो दस्तावेज पढिसक्दा यसलाई अवधारणासम्म भन्न मिल्छ । यसैलाई गुरूयोजना भन्यौं भने गुरूयोजनाको महत्त्व, उपादेयता र दर्शनलाई बुझ्न नसकेको भन्ने देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अबको गुरूयोजना भनेको जनप्रतिनिधि एवं सरोकारवाला निकायहरूसँग समन्वय गरी त्यस क्षेत्रमा सुविधाविकासका लागि के के प्रस्ताव गरिएको हो, त्यसको विस्तृत नापनक्सा, स्वरूप, शैली र खर्चसमेतको पूर्णताप्राप्त इञ्जिनियरिङ नक्सा हुनुपर्ने हो । अवधारणामै समय खर्चेर बस्यौं भने पशुपति क्षेत्रका यावत् कार्यहरू अल्मलिने पक्का छ ।

सेवानिवृत्तपश्चात्को जीवनको उत्तरार्द्धको समयलाई सदुपयोग गरी हरिप्रसाद रिमालजीले गर्नुभएको मेहनत र परिश्रमलाई धन्यवाद दिनैपर्छ । कमसे कम एउटा कृतिको जन्मभएको छ । यसले अरूलाई पनि केही गरौं भन्ने प्रेरणा दिएको छ र दिन सक्छ भन्ने मलाई लागेको छ ।

श्रीनिवास- २३९। १०१

रूद्रनगरमार्ग, बत्तीसपुतली, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुभकामना

- डा मिलनकुमार थापा

समस्त विश्व एवं मानव जीवनको कल्याणका निमित्त देवाधिदेव महादेवको उपासना र आराधना अत्यावश्यक मानिन्छ । शिवं कल्याणं विद्यतेऽस्य, श्यति अशुभम् इति वा शिवः यस व्युत्पत्ति अनुसार सबैको कल्याण गर्ने र अशुभलाई नाश गरी शुभ प्रदान गर्नेलाई शिव भनिन्छ । भगवान् शिवलाई देव मात्र नभई देवाधिदेव महादेवको रूपमा शास्त्रमा वर्णन गरिएको पाइन्छ । सांस्कृतिक एवं धार्मिक धरोहर आराध्य देव पशुपतिनाथ मन्दिर तथा सम्पूर्ण पाशुत क्षेत्र समस्त नेपालीलगायत विश्वका सनातन धर्मावलम्बीहरूको जीवन्त गौरवको प्रतीक हो । यो अत्यन्त पावन भूमि हो ।

पशुपति क्षेत्रको समस्त इतिहास सहित भगवान् श्री पशुपतिनाथको पूजा–आराधनाका विधि र यसका विविध आयामसमेत समाविष्ट हरिप्रसाद रिमालले तयार पार्नुभएको देवाधिदेव पशुपतिनाथ र पशुपति क्षेत्र नामक पुस्तक अध्ययन गर्ने सुअवसर प्राप्त भयो । यसमा लेखकले गर्नुभएको प्रयास अत्यन्तै सराहनीय छ । श्री पशुपतिनाथको महत्ता, आगम पूजा, वैदिक एवं तान्त्रिक तथ्यहरू समेत समेटी पुस्तकाकारका रूपमा तयार पार्ने पवित्र कार्यका निम्ति हृदयतः धन्यवाद व्यक्त गर्दछु । यसले सम्पूर्ण नेपाली एवं विश्वका सनातन हिन्दू धर्मावलम्बीहरूलाई पाशुपत क्षेत्रको सम्पदा, संस्कृति र अध्यात्मको विषयमा गहनतमबोध गराउनुका साथै अध्ययन तथा अनुसन्धानकर्ताहरूलाई समेत आवश्यक सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा सकल जगत्का कल्याणका हेतु भगवान् पशुपतिनाथको कृपादृष्टि हामी सबैमा प्राप्त होस् र लेखकको लेखनी अविच्छिन्न रूपमा गतिशील बनोस् भगवान् श्री पशुपतिनाथसँग यही प्रार्थना गर्दछु । अस्तु ।

कोषाध्यक्ष

पशुपति क्षेत्र विकास कोष, गौशाला काठमाडौँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकका तर्फबाट

नेपाली वाङ्मयका विविध विधाका उत्कृष्ट कृतिहरूको प्रकाशन गर्दै जाने ध्येयसाथ निजी क्षेत्रको व्यावसायिक प्रकाशन संस्थाका रूपमा २०७० सालमा उत्कृष्ट प्रकाशन प्रा.लि. स्थापना भएको हो ।

सङ्ख्यामा कम किन नहुन् गुणात्मक कृतिहरू मात्र प्रकाशन गर्ने नीतिअनुरूप यस संस्थाबाट हालसम्म जम्मा सातवटा पुस्तक प्रकाशित गरिएका छन् । ऐतिहासिक महत्त्वका विषय विशेष गरी आत्मकथा र संस्मरण तथा यात्रासाहित्य हाम्रा रूचिका विधा हुन् । अहिलेसम्म प्रकाशित कृति पनि तिनै विधाका हुन् । नारीशिक्षाको विकासमा अनुपम योगदान गरेकी सङ्घर्षशील व्यक्तित्व अङ्गूरबाबा जोशीलिखित कृति 'अक्षर साधना र गोधूलि' उहाँको आत्मकथा हो जसमा आजभन्दा लगभग नौ दशकअघिदेखिको काठमाडौंको सामाजिक अवस्थाबारे सजीव चित्रण छ । वाङ्मय शताब्दीपुरूष सत्यमोहन जोशीले लगभग सात दशकअघि गरेको न्युजिल्याण्ड भ्रमणबारेको यात्रासाहित्य 'न्यूजिलायण्डमा पहिलो नेपाली' एउटा दुर्लभ कृति हो । आज ठूलै सङ्ख्यामा नेपालीहरू दक्षिणी गोलार्द्धको पनि पुछारको त्यस भूमिमा पुगिसकेका छन् भने तीमध्ये हजारौं त शान्त र सुविधासम्पन्न मुलुकप्रति आकर्षित भई उतै बसाइँ सरेका छन् । त्यसबखतको न्युजिल्यान्डबारेका अत्यन्त चाखलाग्दा कुराहरूलाई उहाँले रोचक शैलीमा प्रस्तुत गर्नुभएको छ । प्रभावशाली नियात्राकार चन्द्रप्रसाद भट्टराईले नियात्रासङ्ग्रह 'अनौठो मुलुक अनौठा अनुभूति' मा दक्षिणी प्रशान्त क्षेत्रको सुन्दर देश पपुआ न्युगिनीका अनेकौं रोचक विषय समावेश गरी सुन्दर साहित्य बनाउनुभएको छ । उहाँकै नवीनतम नियात्राकृति 'नीला गोलार्द्ध'को प्रकाशनपछि हाम्रो ध्यान पाठकहरूको रोजाइका केही कीर्तिमानी नियात्राकृतिहरूतर्फ आकर्षित भयो । यसअनुसार सुबेदार मेजर शेरसिंह राना मगरकृत नियात्राकृति 'मेरो लन्दन-राजतिलक-यात्रा' को नयाँ संस्करण पाँचौं पुष्पका रूपमा प्रकाशन गरेका छौं । सन् १९१३ अर्थात् आजभन्दा १०८ वर्षअघि प्रकाशित सो कृति अनुसन्धानबाट नेपाली भाषामा प्रकाशित पहिलो नियात्राकृति ठहरिएकाले त्यसको सर्वाधिक ऐतिहासिक महत्त्व रहेको छ । त्यस्तै यात्रासाहित्य विधामा नेपालका नारी स्रष्टाहरूमध्येको पहिलो पुस्तकाकार कृतिका रूपमा स्थापित भई विशिष्ट ऐतिहासिक पहिचान बनाएको, स्रष्टा रज्जुश्री पराजुलीको नियात्रासङ्ग्रह 'विदेशमा बिताएका केही वर्ष' को नयाँ संस्करणको प्रकाशनको जिम्मेवारी पनि हामीले पाएका थियौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस पटक भने फरक विधाको यो कृति हाम्रा आदरणीय पाठकहरूसमक्ष प्रस्तुत गर्न पाएका छौं । विश्वका सम्पूर्ण वैदिक सनातनीहरूका अटल आस्थाका केन्द्र देवाधिदेव श्री पशुपतिनाथप्रतिको गहिरो भक्तिस्वरूप विद्वान् हरिप्रसाद रिमालले तयार गर्नुभएको यस कृतिको आफ्नै विशिष्ट महत्त्व छ । आराध्यदेव पवित्र भूमि नेपालमा विराजमान हुनुहुन्छ, तर आफ्नो अज्ञानवश हामी धेरै नेपालीहरू उहाँको दिव्यता र अपरम्पार महिमाबारे अनभिज्ञ छौं । आराध्यदेवकै असीम अनुकम्पाबाट हामीलाई अमूल्य मनुष्य जीवन प्राप्त छ, तर हामीले त्यस शाश्वत सत्यको यथोचित सम्मान गर्न सकिरहेका छैनौं । त्यसै भएर होला, यति सुन्दर कृतिको रचना गरी जिज्ञासुहरूलाई भगवान्का विविध रूपबारे यथार्थ जानकारी दिने सद्भावना लेखकमा जागृत भएको हुनुपर्छ । विद्वान् लेखकको वर्षौंदेखिको गहन अध्ययन, अनुसन्धान र अथक प्रयासबाट यति सुन्दर कृति तयार भएको छ । यसमा सङ्गृहीत अनेकौं दुर्लभ सामग्री र महत्त्वपूर्ण सूचनाहरूबाट पाठकहरू त लाभान्वित हुनुहुने छ नै, ठूलो मेहनतसाथ यति राम्रो कृति तयार गरी अनेकौं गहन सत्यतथ्यलाई प्रामाणिकतासाथ यस विशिष्ट ग्रन्थमा समेटेर भक्तिपूर्वक श्रीपशुपतिनाथमा अर्पण गर्नाले लेखक स्वयं पनि धन्य हुनुभएको छ ।

यति महत्त्वपूर्ण कृति प्रकाशनको जिम्मेवारी पाउनु हाम्रा निम्ति ठूलो गर्वको कुरा हो । यसका लागि लेखकप्रति हामी आभारी छौं ।

उत्कृष्ट प्रकाशन प्रा लि,

ज्ञानेश्वर, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवाधिदेवप्रति धतुराको फूल

१. चतुर्दश कोटि ब्रह्माण्डका अधिपति, सर्वशक्तिमान्, परमाराध्य देवाधिदेव पशुपतिनाथका बारेमा वेद, उपनिषद् र पुराणहरू वर्णन गर्दागर्दै थाकेका छन्, महान् दार्शनिक ऋषि-महर्षिहरू चिन्तन-मनन गर्दागर्दै पार पाउन नसकेर आश्चर्यचकित भई मौन आराधनाका साथ ध्यानावस्थित छन् । त्यस्ता महादेव प्रभुको समग्रबोध, सिङ्गो वर्णन कहाँ सम्भव छ ? को गर्न सक्छ ? शिवका परमभक्त कवि पुष्पदन्त "शिवमहिम्नः स्तोत्रम्"मा भन्छन् "सुमेरू पर्वत जत्रो मसीको डल्लो होस्, त्यसलाई समुद्रमा घोलियोस्, कहिल्यै नखिइने कल्पवृक्षको हाँगो काटेर कलम बनाइयोस्, लेख्ने कागतका रूपमा सिङ्गै पृथ्वीको प्रयोग गरियोस् र धेरै कुरा अति कम शब्दमा भन्न-लेख्न सक्ने स्वयं सरस्वती देवी लेख्न बसून् । तैपनि हे महादेव हजुरको महिमा कहिल्यै वर्णन गरेर सकिँदैन ।"

असितगिरिसमं स्यात् कज्जलं सिन्धुपत्रे
सुरतरूवरशाखा लेखनी पत्रमुर्वी
लिखति यदि गृहीत्वा शारदा सर्वकालं
तदपि तवगुणानामीश ! पारं नयाति ॥

अपरम्पार छ प्रभुबारेको ज्ञान र वर्णनका कुरा । तैपनि प्रभुका भक्तहरूले उहाँका बारेमा वर्णन र विवेचना गरेर विभिन्न कालखण्डमा यथामति, यथाशक्ति हजारौँहजार ग्रन्थ लेखेका छन्, थुप्रै कृतिमा गुणानुवाद गर्दै आएका छन् ।

२. केही वर्ष पहिले मेरो मनमा पनि विचार आयो– भगवान् पशुपतिनाथ र उहाँको क्षेत्रका बारेमा सर्वसाधारण जनताले बुझ्ने खालको एक सानो पुस्तक लेख्ने तर निकै धक पनि लाग्यो मलाई । त्यस्ता देवाधिदेवको निराकार रूपको त के कुरा साकार रूपका बारेमा पनि अति अल्पज्ञान भएको म जस्तो व्यक्तिले कसरी लेख्न सक्छु ? तैपनि एउटा साहस उद्भूत भयो ममा र मैले लेख्ने धृष्टता गरेँ । प्रभुका बारेमा केही लेख्ने इच्छा, आफ्नो हृदयको भक्तिभावना व्यक्त गर्ने चाहना, जुन ममा जागृत भयो, त्यो करूणासागर पशुपतिनाथकै असीम अनुकम्पा हो भन्ने म ठान्छु । ममा जब यो सोच पलायो पाएसम्मका सामग्रीहरू सङ्कलन गर्दै, तिनको अध्ययन-टिपोट बनाउँदै र लेख्दै गएँ । त्यसैको फलस्वरूप यो भक्ति–पुष्प प्रभुप्रति समर्पण गरिरेहको छु । परम आराध्य प्रभुलाई भक्तहरूले कतिकति बहुमूल्य कृतिहरू र ऐश्वर्यहरू चढाएका हुन्छन् । तिनका अगाडि मेरो यो प्रयास केही पनि होइन तर पनि प्रभुलाई धेरै मन पर्ने धतुराको फूलजस्तै यो मेरो अल्पमतिको उपज रूचिकर बनोस्, म यही पुकारा गर्दछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. प्रस्तुत पुस्तकमा पशुपतिनाथको महिमा, पूजा र दर्शनका लाभ, पूजा गर्ने विधि, समावेश गरेको छु । पशुपतिनाथको पूजा र दर्शन गर्नुअघि ध्यान दिनुपर्ने कुरा, पशुपतिनाथको प्राङ्गणका मुख्यमुख्य देवीदेवता, उमामहेश्वर क्षेत्रका देवीदेवता, भगवान् पशुपतिनाथका स्वरूप र पूजा-आराधना, भक्तहरूले गर्ने भौतिक र मानसिक पूजाका तौरतरिका, लिङ्गरूपमा पशुपतिनाथको प्रादुर्भाव, रूद्र, पशुपति, पाशुपत दर्शन, पाशुपत सम्प्रदाय, शिव, शैवदर्शन र प्रत्यभिज्ञा, आगम वा तन्त्रशास्त्र, पशुपति क्षेत्रमा मनाइने मुख्यमुख्य पर्व र जात्रा, पशुपति क्षेत्रका मुख्यमुख्य मन्दिर र मूर्ति, पशुपतिनाथ र पशुपति क्षेत्रबारेका ज्ञातव्य अन्य विविध विषय, पशुपतिनाथको नित्य र नैमित्तिक पूजामा संलग्न संस्था, पशुपति क्षेत्रको गुरूयोजनालगायत विषयमा सङ्क्षिप्त वर्णन-विवेचना यसमा गरिएको छ । यसरी नै अनुभूत केही समस्या र तिनको समाधानका सुझावका साथ आगामी गुरूयोजनामा समावेश हुनुपर्ने विभिन्न गोष्ठी र छलफल कार्यक्रमबाट प्राप्त र स्वअनुभवका सुझावहरू पनि यसमा समावेश गरेको छु । यसप्रकार आराध्यदेव पशुपतिनाथ र उहाँका क्षेत्रका बारेमा सारसार कुरा जान्न चाहने र लामो समय दिएर बृहत् आकारका ग्रन्थहरू अध्ययन गर्न नभ्याउनेहरूका लागि यसले केही न केही सहयोग अवश्य पुऱ्याउने छ र अरू विस्तृत जान्ने र ठुल्ठुला पुस्तकहरू पढ्ने उत्साह जगाउने छ भन्ने मैले विश्वास लिएको छु ।

४. पशुपतिनाथको पूजा र दर्शन गर्न जानेहरूले उहाँको प्राङ्गणका अरू देवीदेवताको पूजा र दर्शन गरेर मात्र पशुपतिनाथको पूजा र दर्शन गर्नुपर्ने शास्त्रोक्त प्रमाणका विपरीत प्रायः मानिसहरूले पहिले सरासर पशुपतिनाथको पूजा र दर्शन गर्ने गरेको देखिएको छ । त्यस्तो कुरा भगवान् पशुपतिनाथलाई रूचिकर नहुने हिमवत्खण्डमा उल्लेख भएको छ । त्यसैले पशुपतिनाथ-मन्दिरप्राङ्गणका सबै देवीदेवताको पूजा, आराधना गरेर मात्र पशुपतिनाथको पूजा गर्नुपर्ने हुन्छ । यो वास्तविक शास्त्रसम्मत कुरा पनि मैले यस पुस्तकमा उल्लेख गरेको छु । यो पनि भक्तजनहरूका निम्ति उपयोगी नै हुने म ठान्दछु ।

यसै सन्दर्भमा एक प्रशङ्ग उल्लेख्य ठान्छु : यो पुस्तक तयार गरी प्रेसमा लैजाने तरखर गर्दै गरेको एक रात तन्द्रामा हो कि सपनामा एक अधबैंसे नारी आइन् र भनिन् 'मेरा बारेमा त खास केही लेखेनौ नि !' ब्युझिँएपछि मेरो मनमा कुरा खेल्न थाल्यो 'ती नेपाल नन्दिनी पार्वती पो थिइन् कि ? शिवका बारेमा केही लेख्दा जगज्जननी आद्या शक्तिका बारेमा पनि खास केही लेख्नु पर्ने थियो र त्यो छुटाएँ कि ? यस्तै अरू समावेश नगरिनहुने विषय पनि छुटे कि ? भन्ने पनि लागि रहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. हिन्दूदर्शन एवं तन्त्रशास्त्रका मूर्धन्य मनीषी आदरणीय गुरू श्री विद्यानाथ भट्टज्यूले कम्जोर स्वास्थ्यका बाबजुद पनि मेरो पुस्तकको पाण्डुलिपि अध्ययन गरिदिनुभई शिवतत्त्वको गहन विश्लेषणसाथ पुस्तकबारे प्रेरणास्पद मन्तव्य प्रकट गरिदिनु भएकोमा उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गर्छु ।

यसरी नै प्रस्तुत पुस्तकको उत्कृष्ट आवरण चित्र तयार गरिदिनुभई शुभकामना मन्तव्यसमेत दिनुभएकोमा नेपाली इञ्जिनियरिङ क्षेत्रका प्रख्यात व्यक्तित्व वास्तुकलाविद्, चित्रकलाविद् एवं पूर्वीयदर्शनका अध्येता आदरणीय श्री शङ्करनाथ रिमालज्यूप्रति आभारी छु ।

मेरो यो पुस्तक गम्भीरतापूर्वक अध्ययन गरिदिनुभई पुस्तकको सारसङ्क्षेपसहितको सारगर्भित मन्तव्य लेखिदिनुभएकोमा पूर्वीय संस्कृति र हिन्दूधर्मशास्त्रका प्रखर विद्वान् एवं नेपाल प्रज्ञा- प्रतिष्ठानका उपकुलपति माननीय डा जगमान गुरूङज्यूप्रति विनम्रतापूर्वक हार्दिक आभार प्रकट गर्दछु ।

'पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन'लगायत थुप्रै गहन ग्रन्थका लेखक एवं हिन्दूधर्म र संस्कृतिका मर्मज्ञ विद्वान् तथा मानव सेवा आश्रमका प्रमुख संस्थापक एवं प्रमुख संरक्षक आदरणीय डा गोविन्द टण्डनज्यूबाट .प्रस्तुत पुस्तक तयार गर्ने प्रारम्भिक अवस्थादेखि नै महत्त्वपूर्ण सुझावहरू दिनुभई उत्प्रेरित गर्नुभएकोमा र पुस्तक तयार भएपछि पाण्डुलिपिको गहन अध्ययन गरिदिनुभई यसको परिमार्जन र सुधारका निम्ति पटकपटक अमूल्य सुझाव दिनुभई शुभेच्छासमेत प्रकट गरिदिनुभएकामा म उहाँप्रति सविनय आभार प्रकट गर्दछु । प्रस्तुत कृति निर्माण गर्ने सन्दर्भमा पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्ष डा मिलन थापाज्यूले अमूल्य समय र सुझावका साथ सामग्री उपलब्ध गराइदिनुभई मन्तव्यसमेत लेखिदिनुभएकोमा उहाँप्रति हार्दिक आभार प्रकट गर्दछु ।

६. यसरी नै कोषका निर्देशक श्री भोला सिवाकोटी, श्री भरत मरासिनी, उपनिर्देशक श्री प्रेमहरि ढुङ्गाना, लेखा अधिकृत श्री चन्द्रप्रसाद खनाल र अधिकृत श्री अरूण श्रेष्ठलाई हार्दिक धन्यवाद दिन्छु । उहाँहरूले गर्नुभएको सहयोगका निम्ति कोषका सस वासु रिमाल र सस श्री वीरबहादुर गिरी धन्यवादका पात्र हुनुहुन्छ । पशुपतिनाथ मन्दिरका भण्डारी रामकृष्ण राजभण्डारीले अध्ययनका क्रममा दिनभर पशुपति क्षेत्रमा मलाई साथ दिनुभई धेरै मन्दिर र देवीदेवताका बारेमा जानकारी दिनुभएको छ उहाँलाई म भित्री मनदेखि धन्यवाद दिन चाहन्छु । काठमाडौं महानगरपालिकाका अधिकृत श्री सत्यव्रत पण्डितले मलाई खड्किएका अत्यावश्यक सामग्री उपलब्ध गराएर ठूलो गुन लगाउनुभएकाले उहाँ पनि धन्यवादका पात्र हुनुहुन्छ । यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भमा वागमती नदीको उद्गमस्थल वाग्द्वारसम्म जान मलाई साथ दिई सहयोग गर्ने प्रिय बद्री खनाललाई पनि म धन्यवाद दिन चाहन्छु ।

७. यस अवसरमा ब्रह्मलीन मेरा प्रातःस्मरणीय ज्येष्ठ अग्रज शिवप्रसाद रिमालप्रति श्रद्धासुमन अर्पण गर्दछु, जसले मलाई संस्कृत भाषा पढ्ने प्रेरणाका साथ संस्कृत व्याकरणको गहिरो ज्ञान दिनुभयो, जीवनभर नै आध्यात्म, नीतिशास्त्र र कतिपय व्यावहारिक कुराहरूको ज्ञान दिई मार्गदर्शन गर्नुभयो र प्रस्तुत कृति लेख्नसमेत उत्प्रेरित गर्नुभयो । आदरणीय मध्यम अग्रज सीताराम रिमालज्यूले पनि पुस्तकबारे चासो दिनुभई प्रेरणा जगाउनु भएकाले उहाँप्रति नतमस्तक छु । विकाश अर्थशास्त्री एंव प्रसिद्ध नियात्राकार मेरा अनन्य मित्र चन्द्र प्रसाद भट्टराईज्यूले पुस्तक परिमार्जनका सन्र्दभमा सहयोग गरी अमुल्य सुझाव दिनु भएकोमा उहाँलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसरी नै लेआउट र डिजाइनको काममा उल्लेखनीय सहयोग गर्नु भएकोमा श्री आवास गौतम र सुरेश श्रेष्ठ पनि धन्यवादका पात्र हुनुहन्छ ।

८. मेरा प्रिय भतिजा राम रिमालले विशेष चासो र समय दिई तन्मयताका साथ प्रस्तुत पुस्तकको पाण्डुलिपि पटकपटक पढी दोहरिएका कुरा, भूलवश छुटेका अक्षर, मात्रा आदि सच्याउने र वाक्य गठनमा परिमार्जन गरिदिएर पुस्तकलाई जीवन्त बनाउन महत्त्वपूर्ण देन दिए । यसरी नै मेरा अर्का प्रिय भतिजा श्याम रिमालले पुस्तक लेख्न मलाई सधैं घचघच्याइरहे र तयार भइसकेपछि पुस्तकको पाण्डुलिपिको गहन अध्ययन गरी त्यसमा विषयवस्तु, भाषा र सान्दर्भिकता मिलाउन र पुस्तकमा जीवन भर्न समेत असाधारण योगदान दिए । यस निम्ति उनीहरू दुवैलाई हार्दिक धन्यवाद दिन्छु । मेरी जीवनसङ्गिनी निर्मला रिमाललाई पनि धन्यवाद नदिइरहन सक्तिन, जसले मलाई सधैं लेख्न उत्प्रेरित गरी अनुकूल वातावरण तयार गरिदिई सहयोग पुऱ्याएकी छन् ।

९. अन्त्यमा प्रस्तुत भक्तिपुष्प तयार गर्ने क्रममा स्वनामधन्य विद्वान् ग्रन्थकारहरू डा गोविन्द टण्डन, डा जगदीशचन्द्र रेग्मी, डा जगमान गुरुङ, विद्यानाथ भट्ट, चूडानाथ भट्टराय, कुलचन्द्र कोइरालाका कृतिहरूलाई मुख्य आधार स्रोत बनाएकाले उहाँहरूप्रति अन्तर्मनको कृतज्ञता प्रकट गर्दछु । यसरी नै यस पुस्तकमा सन्दर्भ सामग्रीका रूपमा उल्लिखित अन्य जोजो विद्वान् लेखकका कृति एवं लेखहरू मैले अध्ययन गरैं र ज्ञान-जानकारीहरू प्राप्त गरैं, उहाँहरू सबैमा हार्दिक आभार प्रकट गर्दछु । यस पुस्तकको प्रकाशन गरिदिएकोमा उत्कृष्ट प्रकाशन प्रा लि प्रति हार्दिक धन्यवाद ज्ञापन गर्छु ।

हरिप्रसाद रिमाल

कामपा-५, हाँडीगाउँ, काठमाडौँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

आमुख १–१७

ईश्वर र धर्मबारेका केही कथन–१, आदि कालमा आर्यजातिका देवता–४, ईश्वर, धर्म आदिमा नयाँ खोज र चिन्तन–४, आर्यहरूको धर्म, ईश्वर र दर्शन–४, दूरदर्शी आर्यहरूको कल्याणाभिमुखी चिन्तन र खोज–५, हिन्दू धर्म र यसका विविध पक्ष–७, हिन्दू धर्म–७, हिन्दूधर्ममा देवीदेवता–१०, हाम्रा भगवान् एक–११, शिवका अनुपम कर्म–१२, शिवका अभौतिक दिव्य विशेषता–१५

अध्याय १ भगवान्. पशुपतिनाथ र उमामहेश्वर क्षेत्र १८–८०

पशुपतिनाथ–१८, पशुपतिनाथको दर्शनको अपूर्व लाभ र महिमा–१९, पशुपतिनाथको दर्शन र पूजाअघि ध्यान दिनुपर्ने कुरा–२०, पूजा र दर्शन गर्ने क्रम र देवीदेवताको परिचय–२२, पशुपतिनाथको दर्शन र पूजा आराधना–३३, पशुपतिनाथका पाँच मुखको पूजा र दर्शन–३४ पशुपतिनाथका पाँच मुख–३५, विशेष पूजापाठ–३७, पशुपतिनाथको नित्यपूजा–३८, बालभोग–४०, दिउँसोको पूजा र भोग अर्पण–४०, नित्य सायङ्कालिक पूजा र आरती–४२ तिथिपर्वमा पूजा–४३, प्रत्येक पूर्णिमामा गरिने महास्नान र विशेष पूजा–४३, अन्य पर्वपूजा–४६, पशुपतिनाथमा बाजासम्बन्धी व्यवस्था–५०, उमामहेश्वर क्षेत्र–५०, उमामहेश्वर क्षेत्रको परिक्रमा–५० उमामहेश्वर क्षेत्रका देवीदेवता र तीर्थस्थलको स्थान र संक्षिप्त परिचय–५१, पशुपतिनाथका गुरुवक्त्ररूप दक्षिणामूर्ति–५१, कैलाशपर्वत–५२, उमाकुण्ड–५२, गौरीघाट–५२, वागमतीपारिका गणेश–५२, गौरीघाटका हनुमान–५३, गौरी माता–५३, किराँतेश्वर महादेव–५३, गुह्येश्वरीघाट स्नान वा मार्चन–५४, सरस्वती माता–५४, गणेश र सिद्धिदात्री माता–५४, शनिमहाराज–५४, सिद्धेश्वर महादेव–५४, मुख्य मन्दिरमा प्रवेश गरेपछि पूर्वतिरका गणेश र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भैरवको पूजा र दर्शन–५५, गुह्येश्वरीको नजिक दक्षिणतर्फका भैरवको पूजा र दर्शन–५५, गुह्येश्वरी–५५, गुह्येश्वरीको पूजा–५७, गुह्येश्वरीका पूजारीहरू–५९, गुरू गोरक्षनाथ–५९, मनकामना–६१, गोरखकाली–६१, मृगस्थली–६२, श्लेष्मान्तक वन–६२, विश्वरूपा मन्दिर–६३, बहिरा गणेशको मन्दिर–६४, गणेश–६४, हनुमान–६४, चन्द्रेश्वर परिसर (डा स्वामी प्रपन्नाचार्य आश्रम)–६४, लक्ष्मीनारायण र सीताराम–६५, भागवत संन्यासाश्रम : यज्ञमण्डपको दर्शन र गुरूकुल पाठशाला–६५, साधु र फकिरहरू–६६, पाताल हनुमान–६६, विष्णुको मन्दिर–६७, बटुक भैरब, जयमङ्गला,दुर्गादेवी–६७, राजराजेश्वरी, नवदुर्गा–६७, भष्मेश्वर–६८, नीलसरस्वती–६९, वत्सलेश्वरी, पञ्च गणेश आदि–६९, आर्यघाट–७०, विरूपाक्ष–७२, गङ्गा माईको मन्दिर–७३, वागमती नदी–७३, वागमतीका सहायक नदी–७८, चौरासी परिक्रमा र दर्शन–७९

अध्याय २ भगवान् पशुपतिनाथको स्वरूप र पूजा आराधना ८१–१०९

पशुपतिनाथका स्वरूप–८१, पशुपतिनाथको पूजा–आराधना–८२, पशुपतिनाथको पूजा–आराधनाको परम्परा (अतिप्राचीनकाल)–८३, पशुपतिनाथप्रति श्रद्धा र विश्वास–९२, भगवान् पशुपतिनाथप्रति श्रद्धा भक्तिको ऐतिहासिक परम्परा–९३, लिच्छविकाल–९३, मल्लकालमा पशुपतिनाथको महिमा–९४, शाहकाल–९५, सर्वसाधारण जनताको पशुपतिनाथप्रतिको श्रद्धाभक्ति–९६, नेपाल र भारतका जनताको सम्बन्ध–९७, विश्वभर छरिएर रहेका हिन्दूहरूका परमाराध्य पशुपतिनाथ–९८, पशुपतिनाथलाई गृहस्थहरूले कसरी रिझाउने–९९, पशुपतिनाथको पूजा–९९, पशुपतिनाथको भौतिक पूजासामग्रीद्वारा गरिने पूजा–९९, पशुपतिनाथको मानस पूजा–१००, पूजामा मानसिक एकाग्रता–१०२, परमेश्वरलाई खुशी गराउने अरू उपायहरू–१०३, मन्दिरमा जान नपाएको वा नसकेका बेला–१०८

अध्याय ३ भगवान् पशुपतिनाथको उत्पत्ति ११०-१३३

ज्योतिर्लिङ्गका रूपमा पशुपतिनाथको उत्पत्ति–११०, हिमवत्खण्डअनुसार ज्योतिर्लिङ्गको उत्पत्तिको कथा–११५, पशुपतिनाथको मृगरूप–११६,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्योतिर्लिङ्गमाथि शिवलिङ्ग ११७, ज्योतिर्लिङ्ग प्रकट भएका सम्बन्धमा अर्को भनाइ–११८, देवमाला वंशावलीमा उल्लेख भएका कुरा–११८, चतुर्मुखी, निराकार सहित पञ्चमुखी :पशुपतिनाथ–११८, अरू शिवलिङ्गको स्थापना सम्बन्धमा थप कुरा–१२०, पाँचौं लिङ्गको स्थापना–१२०, छैटौं शिवलिङ्गको स्थापना–१२०, कलियुगको शुरूसँगै पशुपतिनाथप्रति अनास्था शुरू–१२०, नेपाल आद्य शङ्कराचार्य आउनुभएको हो कि उहाँपछिका अरू शङ्कराचार्य–१२१ ज्योतिर्लिङ्गस्वरूप पशुपतिनाथ र शिवलिङ्गको पूजा सम्बन्धमा थप विश्लेषणात्मक अध्ययन–१२२, लिङ्गपूजाको प्रमुख आधार–१२२, स्कन्दपुराण अनुसार लिङ्गपूजा–१२३, तन्त्रमा लिङ्गपूजा–१२४, मूर्तिपूजाभन्दा लिङ्ग पूजाको बढी महत्त्व–१२४, रहस्यमय ज्ञानको अभिव्यक्ति–१२४, सर्वशक्तिमान् शिवका अगाडि लिङ्गको सन्दर्भ–१२४, पक्षविपक्षका कुरा–१२५, केही पाश्चात्य विद्वान् र तिनका अनुयायीहरूको मनगढन्ते अर्थ–१२५, शिवको प्रतीक शिवलिङ्ग–१२६, यज्ञस्थलमा यूप गाड्ने चलन–१२६, यूप र स्तम्भरूपमा पूजा गर्ने चलन–१२६, पुराणहरूले पुष्टि गरेका कुरा–१२७, डा भण्डारकर लगायतका विद्वान्को धारणा–१२७, "एकोऽहं द्वितीयो नास्ति" को प्रतीक–१२७, योनि र लिङ्गको पूजा गर्ने प्रचलन–१२७, विश्वमा लिङ्गोपासना–१२८, पशुपतिनाथको वर्तमान शिवलिङ्ग–१२९, शिवलिङ्गसम्बन्धी अन्य केही जानकारी–१२९, केदारेश्वरको शिर पशुपतिनाथ–१३०, शास्त्र र विद्वान्हरूको एकमतको विषय–१३१, भ्रमको खेती–१३२, जहाँ जसरी स्थापना भएपनि शिवलिङ्ग भोले बाबाकै प्रतीक–१३२,

अध्याय ४ रूद्र, पशुपति, पाशुपत दर्शन, एवं सम्प्रदाय तथा शिव, शैवदर्शन र प्रत्यभिज्ञा १३४–१५९

रूद्रदेव–१३४, पशुपति–१३७, पाशुपत–दर्शन–१३८, पाशुपत मतका पाँच प्रमुख सिद्धान्त–१३९, पाशुपत सम्प्रदाय–१४४, पाशुपत सम्प्रदायका प्रथम प्रवर्तक लकुलीश–१४४, नेपालमा पाशुपत संप्रदायको विकास–१४६, पाशुपत मतका सम्प्रदाय–१४७, शिव र शैव दर्शन–१५१, रूद्र, पशुपति र शिव–१५३, ईश्वर र ईश्वरबारेका विभिन्न मत–१५४, परमेश्वरको अनुमान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धित्व–१५४, प्रत्यभिज्ञा परिदर्शन–१५६, अभिनवगुप्त र प्रत्यभिज्ञा दर्शन–१५७, प्रत्यभिज्ञाका केही उदाहरण–१५८

अध्याय ५ आगम विद्या वा तन्त्रशास्त्र १६०-१९४

तन्त्र शास्त्र–१६०, आगम विद्या–१६०, तन्त्र र आगम–१६१, आगम र तन्त्रमा विशेष फरक–१६१, उद्देश्य र प्रयोजन–१६१, तन्त्र साधनाका अधिकारी–१६२, तन्त्र वा आगमको महत्त्व–१६२, पराबाट पश्यन्ती, मध्यमा र वैखरी–१६३, परशिवबाट शब्दको प्रादुर्भाव–१६३, परा पश्यन्ती, मध्यमा र वैखरी–१६३, परा, पश्यन्ती, मध्यमा र वैखरीको सारसङ्क्षेप–१६४, तन्त्रहरूको सङ्ख्या र प्रमुख तन्त्र–१६५, तन्त्रका प्रकार–१६६, आगमको प्राचीनता–१६७, शैव-तन्त्रको प्रतिपाद्य विषय–१६७, मुक्तिका उपायहरू–१७०, तन्त्र र यसका विविध पक्ष–१७०, तन्त्रको प्रयोग–१७२, भाव र आचार–१७४, कौलाचारको उपासना पाँच मकारमा अनुष्ठित–१७५, उपासना–१७६, उपासनाका अङ्गहरू–१७७, दीक्षा–१७९, गुरू र शिष्य–१८०, मन्त्र–१८१, ॐको प्रादुर्भाव–१८४, अजपा गायत्री–१८५, तन्त्रशास्त्रमा उल्लिखित केही देवीदेवताहरू–१८६, ब्रह्मतत्त्व–१८७, शिवका शक्ति–१८७, तीन प्रकारका दुःख र यिनलाई हटाउने उपाय–१८८, आगम एवं तन्त्रसँग सम्बन्धित अन्य विविध विषयहरू–१८८, तीन प्रकारकार कर्म–१९०, योग–१९०, मानवदेहमा विद्यमान चक्र–१९१

अध्याय ६ विभिन्न पर्व-मेला र जात्रा १९५-२२४

पर्व-मेला–१९५, विशिष्ट प्रकारको पर्व महाशिवरात्रि–१९५, बालाचतुर्दशी पर्व–१९७, हरितालिकामा मेला–१९८, चण्डेश्वरमा जलधारा पर्व–१९९, पशुपति क्षेत्रका विभिन्न जात्रा–२००, बज्रेश्वरीको जात्रा–२००, वत्सलेश्वरीको जात्रा–२०२, त्रिशूल जात्रा–२०९, गंगामाईको जात्रा–२१२, खड्ग जात्रा–२१३, रोपाइँ जात्रा–२१३, शिवपार्वती नृत्य जात्रा (देउपाटन)–२१४, चन्द्रविनायक–२१५, गुह्येश्वरीको जात्रा–२१७, जयवागेश्वरीको पर्वपूजा–२२०

अध्याय ७ पशुपति क्षेत्र एवं देवीदेवताका मन्दिर र मूर्ति २२५-२५१

पशुपति क्षेत्र र देवीदेवताका मन्दिर, पाटीपौवा आदि–२२५, पशुपतिनाथको प्राङ्गण र वरपर रहेका देवीदेवता र मन्दिर–२२५, पशुपतिनाथमन्दिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राङ्गण बाहिर पशुपतिक्षेत्रमा रहेका देवीदेवता र मन्दिर–२२५, पशुपति क्षेत्रका केही प्रख्यात मठमन्दिर–२२६, पशुपति क्षेत्रका राजकीय गुम्बजशैलीका केही मन्दिर–२२६, पशुपतिनाथको मन्दिर–२२७, वासुकि नागको मन्दिर–२३०, दक्षिणामूर्ति मन्दिर–२३०, गुह्येश्वरीमन्दिर–२३१, गोरखनाथ मन्दिर–२३४, विश्वरूपामन्दिर–२३५, विष्णुमन्दिर–२३६, वत्सलेश्वरीमन्दिर–२३७, राजराजेश्वरी मन्दिर–२३७, अन्य देवीदेवताका मन्दिर र पूजाआजा–२३८, वनकालीमन्दिर–२३८, भुवनेश्वरी मन्दिर–२३९, पञ्चदेवल–२४०, कोटीलिङ्गेश्वर मन्दिर–२४१ जयवागेश्वरीको मन्दिर–२४२, ताम्रेश्वरमन्दिर–२४३, चन्द्रविनायकको मन्दिर–२४४, देवीदेवताका मूर्तिहरूको महत्त्व र स्थिति–२४५, शिवका मूर्तिहरू र शिवलिङ्ग–२४६, पशुपति क्षेत्रका मुख्य मुख्य शिवलिङ्ग–२४७, पशुपति क्षेत्रमा रहेका केही बौद्ध चैत्य र साधनास्थल–२४७, बौद्धपूजास्थलहरू–२४७, धन्दोचैत्य–२४७, चाबहिल–२४८, कोटुबहिल–२५०, पशुपति क्षेत्रमा भएका कलाकृतिहरू–२५१

अध्याय ८ पशुपतिनाथ र पशुपति क्षेत्रसम्बन्धी विभिन्न ज्ञातव्य विषय २५२-२८८

पशुपतिनाथको प्रिय भूमि नेपाल–२५२, पशुपति क्षेत्रको सीमाना–२५३, क्षेत्रफल–२५३, पशुपतिनाथको सम्पत्ति–२५४, जग्गा जमीन जम्मा–२५४, पशुपतिमन्दिरको भेटीघाटी–२५८, सुन-चाँदी–२६१, भेटीघाटी र सुन-चाँदीबारे जानिफकारहरू–२६१, आम्दानीको स्रोत र खर्चको स्थिति–२६२, पशुपतिनाथका पुजारी–२६३, पुजारीसम्बन्धी ऐतिहासिक विवरण–२६३, पशुपतिनाथका पुजारीमा हुनुपर्ने गुण–२६४, पशुपतिनाथका मूल पुजारी वा भट्टको काम र कर्तव्य–२६५, छनोट विधि–२६५, पशुपतिनाथको नयाँ पुजारीले मन्दिर प्रवेश गर्नुभन्दा पहिले पालना गर्नुपर्ने नियम–२६६, मूल भट्ट र भट्टहरूको पारिश्रमिक र भत्ता–२६६, पशुपतिनाथ मन्दिरका भण्डारी–२६७, भण्डारीका मुख्य मुख्य काम–२६८, भण्डारीहरूको वासस्थानका निम्ति पशुपति क्षेत्रको सिमाना–२६९, भण्डारीहरू र तिनको पारिश्रमिक–२६९, कोटवाल–२७०, पशुपतिनाथको धन सम्पत्ति संरक्षण गर्ने र पूजाआजा चलाउने संस्था–२७०, पशुपतिनाथमा बाजा-गाजाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्था–२७०, पशुपतिनाथलाई किन छोएर दर्शन गर्न नपाउनू–२७२, पशुपतिनाथसँग सम्बन्धित अन्य केही महत्त्वपूर्ण विषय–२७४, पशुपतिनाथको मन्दिरमा तीन थरीले गर्ने पूजा–२७६, पशुपतिनाथको ढोका खुल्ने निर्धारित समय–२७६, पशुपतिनाथको पूजा रोकिएको दिन–२७७, पशुपतिनाथमा नेपाली पुजारी–२७७, प्राचीन कालदेखि नै भगवान् पशुपतिनाथको पूजा र व्यवस्थापनमा संलग्न संस्था–२७७, अमालकोट कचहरी–२७७, पशुपति भण्डार तहबिल–२८३, जय वागेश्वरी भण्डार तहबिल–२८५, पशुपतिगोश्वारा (गुठी संस्थान अन्तरगत सञ्चालित)–२८६, आर्यघाट र अन्य घाटहरू–२८७

अध्याय ९ पशुपति क्षेत्र विकास कोष २८९–३०८

कोष स्थापनाको ध्येय–२८९, कोष सञ्चालक परिषद्को गठन व्यवस्था–२८९, कोष स्थापनाका उद्देश्य–२९०, सञ्चालक परिषद्को काम, कर्तव्य र अधिकार–२९०, कार्य सम्पादन समितिको काम, कर्तव्य र अधिकार–२९१, कोषका महत्त्वपूर्ण प्रशासनिक पदाधिकारी–२९२, कोषका महाशाखा, शाखा–२९२, कोषका कर्मचारी–२९३, पशुपति क्षेत्र विकास कोषले गर्दै आएका महत्त्वपूर्ण कार्य–२९३, पशुपति क्षेत्रको दश वर्षे गुरूयोजना–२९७, गुरू योजनाको मुख्य उद्देश्य–२९७, गुरू योजनाको तर्जुमा, स्वीकृति र कार्यान्वयन–२९८, १० वर्षे गुरू योजना २०५८ अन्तरगत सम्पादन गरिएका मुख्यमुख्य कार्य–२९८, गुरू योजना लागू हुने क्षेत्रको विभाजन–२९८, गुरू योजना सञ्चालित कामका झलकहरू–२९८, गुरूयोजनामा लिइएका लक्ष्य अनुसार प्रगति–२९९, गुरू योजना कार्यान्वयन अवधिको आम्दानी तथा खर्चको विवरण–३०३, गुरू योजना अवधिमा सम्पन्न र सम्पन्न हुन बाँकी पूर्वाधार विकास तथा सम्पदा संरक्षण सम्बन्धी मुख्यमुख्य कार्य–३०३, राष्ट्रिय/अन्तराष्ट्रिय सहयोग सम्बद्ध निकाय तथा संघ/संस्था/व्यक्तिबाट प्राप्त सहयोग तथा प्रतिबद्धता प्राप्त कार्यक्रम–३०५

अध्याय १० पशुपति क्षेत्र सुधारका पक्षहरू ३०९–३३३

पशुपति क्षेत्रमा देखिएका विकृति, कमजोरी, समस्या र तिनको समाधानका केही सुझाव–३०९, सुरक्षा व्यवस्था–३०९, पशुपति क्षेत्रका बाँदर–३१२,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपञ्छीलाई खानेपानी, दाना, घाँस आदिको व्यवस्था–३१३, दर्शन गर्ने क्रमको उचित व्यवस्था–३१४, धार्मिकस्थलमा अमर्यादित र अश्लील कार्य –३१४, माछामासु र मदिरा विक्री वितरण र खानपान–३१५, वनजङ्गलको संरक्षण र सम्बर्द्धन–३१५, चलअचल सम्पत्तिको संरक्षणमा कडाइ–३१६, फोहर मैला व्यवस्थापन र सुग्घर सफाइ–३१८, कोषमा राजनीतिक हस्तक्षेप–३१९, धार्मिक क्षेत्रमा खेलकूद–३२०, रूखो बोली र खस्रो व्यवहार–३२०, भण्डारीहरूको पक्षपातपूर्ण व्यवहार–३२०, नक्कली चन्दन–३२१, देवीदेवताको परिचय नखुलेको–३२१, फूल, प्रसाद र सामान बिक्री सम्बन्धमा–३२१, किरियापुत्री सेवा–३२२, पशुपति वृद्धाश्रम–३२२, सम्पदा संरक्षणमा विशेष जोड–३२२, श्लेषमान्तक जङ्गलको बीचबाट बाटो–३२३, माग्नेका समस्या–३२३, पशुपतिनाथको मन्दिरप्राङ्गणका निजी मन्दिरका समस्या–३२६, गुरुयोजना कार्यान्वयन सन्दर्भका जनगुनासा–३२६, अब बन्ने बृहत्तर गुरुयोजनामा समावेश हुनुपर्ने कुरा–३२८

अध्याय ११ उपसंहार ३३४–३३८

अनुसूची ३३९–३९८

अनुसूची १: पशुपतिनाथको विशेष पूजाको व्यवस्था र यसका निम्ति निर्धारित रकम–३३९

अनुसूची २: प्राचीन कालदेखि हालसम्मका पूजारीहरूको विवरण–३४२

अनुसूची ३: भट्ट छनोट समितिको गठन र छनौट प्रकिया–३४३

अनुसूची ४: पशुपति क्षेत्रका महत्त्वपूर्ण शिवलिङ्ग, उमामहेश्वरका मूर्ति र अन्य देवीदेवताका मूर्ति–३४४

अनुसूची ५: पशुपति क्षेत्रमा रहेका केही बुद्धका मूर्तिहरू– ३७३

अनुसूची ६: पशुपतिनाथ मन्दिर एवं पशुपति क्षेत्र विकास कोषको आम्दानी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र खर्चको स्थिति–३७५, पशुपति क्षेत्र विकास कोषको आम्दानी र त्यसका स्रोतहरू–३७५, पशुपति क्षेत्र विकास कोषको खर्च–३७६, पशुपतिनाथ मन्दिर तर्फको भेटीघाटी, पूजा आदिबाट प्राप्त आम्दानी–३७८, पशुपतिनाथ मन्दिरतर्फको खर्च विवरण–३७९

अनुसूची ७: पशुपतिनाथ र त्यहाँका अरू देवीदेवताका निम्ति कोष र जग्गा गुठी राख्नेहरू एवं विभिन्न सामान चढाउनेहरू–३८०, विशेष पूजा गर्ने र गुठी र अन्य व्यवस्था गर्ने मल्ल राजाहरू–३८३

अनुसूची ८: आधार एवं सन्दर्भ ग्रन्थहरू–३९९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आमुख

१. ईश्वर र धर्मबारेका केही कथन

मानव-इतिहासका अध्ययन-अनुसन्धानकर्ता विद्वान्हरूका अनुसार मनुष्य-समुदाय सृष्टिको प्रथम बिहानीदेखि नै अरू प्राणीभन्दा पृथक् खालको थियो । त्यस बेलाको धराधामको परिस्थितिमा बाँच्नका लागि मानव जातिले कति धेरै हण्डर, जटिलता र ठक्कर खानुपर्‍यो होला? कति धेरै समस्या र बाध्यता भोग्नुपर्‍यो होला ? तैपनि मानिसहरूले त्यस बेला आफ्नो बुद्धि, बर्कतले भ्याएसम्मको प्रयास गरी धेरै विषयमा सफलता प्राप्त गर्न सकेका थिए । कतिपय विषयमा भने ज्ञान र विजय प्राप्त गर्न सकेनन् । जुन जुन विषय र वस्तु तिनका लागि त्यस बेला अपराजित ठहरिए र उनीहरूको बुद्धि र चिन्तनभन्दा परका भए, तिनलाई उनीहरूले देवताका रूपमा हेर्न थाले र त्यो नै उनीहरूको त्यस बेलाको धर्म थियो । त्यसरी सृष्टिको शुरूआततिर मनुष्यले देवता मानेका वस्तुमा पृथ्वी, जल, सूर्य, चन्द्र, अग्नि, ठूला ठूला वृक्ष, पर्वत, वर्षा, बादल, बिजुली (आकाशमा चम्कने र बज्र खस्ने सङ्केत गर्ने), आँधीबेहरी आदि थिए ।

उपर्युक्त तत्त्वहरूमध्ये तिनले पृथ्वी, जल, सूर्य, चन्द्र, अग्नि र वृक्षलाई जीवनलाई सहज बनाउन उल्लेखनीय देन दिने खालका मानेर थोरै भय र बढी श्रद्धाका साथ देवता मानेका थिए भने वर्षा, बादल, बिजुली र आँधी बेहरीलाई भयकै कारणले अनिष्ट नगरून् भन्ने सोचका साथ देवता स्वीकारेका थिए ।

ती आदिम कालका मानिसहरू त्यसरी आफूहरूले देवता मानेका सबैलाई भोज्य पदार्थ खानुभन्दा पहिले अर्पण गर्ने, तिनको पूजा गर्ने, आराधना–स्तुति गर्ने जस्ता कार्य गर्थे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कहिलेकाहीँ आँधीबेहरी आउँथ्यो र उनीहरूका अस्थायी बाससमेत उडाएर लैजान्थ्यो, आकाशमा मेघ गर्जन्थ्यो, बिजुली चम्किएर बज्र (चड्कने) खस्थ्यो त उनीहरू अत्यन्तै भयभीत हुन्थे । अझ खसेको बज्र कसैमाथि बज्रिएर मृत्यु हुँदा उनीहरू अति नै भयभीत बन्थे, शोकमग्न हुन्थे, अश्रुधारा र पीडाका साथ मेघ र बिजुलीको आराधना गर्थे । यसरी नै यदाकदा भुइँचालो गएर जमिनमा चिरा पर्दा, जमिन भासिँदा र पृथ्वी हल्लँदा उनीहरू अत्यन्तै भयभीत भएर अदृश्य शक्तिको आराधना गर्थे भने नदी खोलामा बाढी आएर धनजनको नोक्सान भएका बेला पनि 'ईश्वर रिसाएर त्यस्तो भएको होला' भन्ने ठान्थे ।

मिश्र, सुमेर, बेबिलोन, मेसापोटामिया, सिन्धुघाँटी, हरप्पा, मोहन जोदाडो आदि ठाउँको उत्खननबाट प्राप्त सामग्रीको अध्ययनबाट ती ठाउँको प्राचीन संस्कृति, सभ्यता र धार्मिक मान्यता एवं देवताहरूका बारेमा अवगत गर्न सकिन्छ ।

नदी, अग्नि, चन्द्र, सूर्य, वायु, बिजुली जस्ता प्रत्यक्ष देवताका साथै रोग, व्याधि, महामारी, आदिलाई पनि देवताको खेल मान्ने चिन्तन मानव-सभ्यताको प्राचीनकालदेखि नै पैदा भइसकेको थियो ।

यसप्रकार संसारका प्रायः सबै जातिमा धर्म, सभ्यता र देवताको प्रमुख स्थान रहेको पाइन्छ । यस सन्दर्भमा मिश्रका देवता मारा, अमन, होरस, बेबिलोन सभ्यताका नगरदेवता, सुमेरका देवता अनु (आकाश देवता), एनलिल (तुफानका देवता), उर्वराकी देवी इन्नेनी र जलका देवता एनकी उल्लेखनीय छन् । यसरी नै बेबिलोन सभ्यताको विकासपछि मर्दुकको सर्वोच्च मान्यता भयो । मनुष्यलाई बाँच्ने आधार अन्न, फलफूल सबै थोक दिने पृथ्वीलाई माता एवं इन्नेनी देवीका रूपमा पूजा-आराधना गर्ने चलन थियो । पछि गएर (ईपू २३००) देखि इन्नेनी देवी इस्तर देवीका रूपमा पूजित हुन थालिन् । यिनलाई यहुदीहरू भने 'स्थर' नाउँले पूजा गर्थे

असिरियाका देवता असुर मानिन्थे । यिनैका नामबाट देशको नाम पनि असिरिया भयो । उनी विश्वब्रह्माण्डका स्रष्टा, नियन्ता र युद्धका पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवता मानिएका थिए । इस्तर नामकी देवी असुर देवताकी पत्नीका रूपमा मानिएकी र पुजिएकी थिइन् ।

ईपू ३००० वर्ष पहिलेको क्रीट देशको सभ्यतामा पनि देवीदेवताको निकै मान्यता थियो । त्यस बेला 'री' नामकी देवी निकै प्रख्यात थिइन् । क्रीट सभ्यताको पतनपछि यूनानको प्राचीन जातिको सभ्यता (माइसिनियन सभ्यता) को उदय भयो । त्यो क्रीट र इजिसियन सभ्यताका रूपमा विकसित भएको थियो । त्यो सभ्यता पनि ईपू १२०० तिर ग्रीक जातिको आक्रमणबाट नाशियो । तर ग्रीक सभ्यता माइसीनियन सभ्यताद्वारा भने प्रभावित भइरह्यो ।

ग्रीक तथा यूनानी सभ्यताको प्रखर परिचय होमरका विशालकाय दुई काव्य 'इलियड' र 'ओडिसी' ले दिन्छन् । ती दुवै हाम्रा 'रामायण' र 'महाभारत' जस्तै तत्कालीन धार्मिक, सांस्कृतिक, सामाजिक परिवेशको राम्रो चित्र प्रस्तुत गर्ने खालका छन् ।

ग्रीक जातिको उदयभन्दा पहिले भूत, प्रेत, मृत पूर्वज, प्रजननकी शक्ति देवीको पूजा हुन्थ्यो भने ग्रीक सभ्यतामा आएर सुशील चरित्र भएका देवताहरू देखा परे । जियुज नामका देवता सर्वोच्च र जगत्लाई हाँक्ने खालका देवताका रूपमा पुजिए भने एथेना देवी समस्त कलाकी अधिष्ठात्री मानिएकी थिइन् । अपोलो (सूर्यदेवता) पनि स्वास्थ्यदाताका रूपमा रहेको उल्लेख पाइन्छ ।

रोमन सभ्यताको उदय विभिन्न जातिको सम्मिश्रणबाट भएको थियो । विशेष गरी यूनानी सभ्यताको त्यसमा निकै प्रभाव परेको थियो । रोमन संस्कृतिमा यूनान, मिश्र तथा बेबिलोनी सभ्यताका देवीदेवताको पूजा-आराधना हुने गरेको पाइन्छ ।

एक देशले अर्को देशमा आक्रमण गर्दा त्यहाँ नयाँ संस्कृति जन्मन्छ । कतै भने त्यही आक्रमित देशको संस्कृति पनि बाँचेर अघि बढ्न सकेको इतिहासबाट थाहा पाइन्छ । मिश्र देशको संस्कृति, सभ्यता, बेबिलोनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कला, साहित्य अनि धार्मिक विश्वास आदि नै पश्चिम एशियाका मुलुकका निम्ति आदर्श रहे । यसैले त मिश्रका 'रा' र 'होरियस' अनि यूनानका 'अपोलो' अहिले पनि प्रख्यात छन् । सूर्यपछि नील नदीका देवता ओसिरिस र इसिसको पनि महत्त्वपूर्ण स्थान थियो । इसिसको पूजा मातृदेवी या पृथ्वीका रूपमा गरिन्थ्यो ।

२. आदि कालमा आर्यजातिका देवता

भारतवर्षको प्राचीन सभ्यतामा पनि विश्वका अन्य स्थानमा जस्तै केही थप देवता मानिदै आएका थिए । नदी, पर्वत, सूर्य, चन्द्र, अग्नि, विद्युत्, पर्जन्य, वरूण, वायु, मरूत्, इन्द्र, रूद्र, उषा, आदिलाई देवता मानिन्थ्यो र तिनको पूजा-आराधना हुन्थ्यो ।

३. ईश्वर, धर्म आदिमा नयाँ खोज र चिन्तन

विश्वमा मानव सभ्यताको विकासका साथै नव नव चिन्तनधाराहरू पनि जन्मँदै र विकास हुँदै गए । विज्ञानका क्षेत्रमा नयाँ नयाँ खोज हुन थाले नयाँ नयाँ सिद्धान्त र दर्शन निस्किए । ईश्वर पनि विभिन्न रूपमा देखिए । ईश्वर मात्र होइन अब धर्म पनि जन्मियो । धर्मका साथ पापको कुरा पनि आयो । के गरे धर्म हुन्छ र के गर्दा पाप लाग्छ भन्ने कुराको नियम मानिसले नै बनायो । धर्मात्माहरूको लागि स्वर्ग र पापीहरूका लागि नरक पनि जन्मियो । समाजलाई व्यवस्थित गर्न ईश्वरका साथसाथै धर्म, पुण्य, पाप, स्वर्ग, नरक आदि कुराहरू जन्मँदै र विकसित हुँदै गएका हुन् भन्ने मानवशास्त्रीहरूको विश्लेषण छ । विस्तारै ईश्वर र धर्मबारेका विभिन्न धार पनि देखापर्दै र फैलँदै गए ।

४. आर्यहरूको धर्म, ईश्वर र दर्शन

विश्व इतिहासको अध्ययन गर्दा हामी थाहा पाउँछौ–मानव सभ्यताको विकासमा आर्यहरूको सभ्यता, ईश्वर, धर्म, दर्शन आदिबारेका खोज, भिन्न किसिमले विकसित र प्रवाहित हुँदै आएका थिए । प्राचीन इतिहासका गवेषकहरूले सिन्धुघाँटीको सभ्यतालाई वैदिक सभ्यता भनेर मानेका छन् । ऋग्वैदिक कालका आर्यहरूको मुख्य स्थान पञ्जाब मानिएको छ । हरप्पा र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोहनजोदाडो पनि पञ्जाबमा नै पर्छ । त्यहाँ विकसित सभ्यता आर्यजातिको थियो कि अरू नै जातिको थियो भन्ने बारेमा पनि केही विवाद अहिलेसम्म कायम नै छ ।

जे भए पनि विश्वमा सर्वप्रथम विकसित हुन सकेको सभ्यता आर्य सभ्यता थियो । ज्ञान र विज्ञानको कसौटीमा खरो उत्रन सफल धर्म आर्यधर्म वा हिन्दूधर्म हो भने धर्मग्रन्थमध्ये प्राचीनतम धर्मग्रन्थ ऋग्वेद हो । यसरी नै दर्शनमध्ये पनि आर्यहरूकै चिन्तन र तर्कद्वारा परिपक्व बनेको जेठो दर्शन वैशेषिक दर्शन हो र काव्यकलाको प्रस्फुटन पनि सर्वप्रथम आर्यजगत्मा नै र अझ नेपालमा नै भएको हो वाल्मीकि रामायणको रूपमा । बाह्य चर्म चक्षुले देखिएका नदी, पर्वत, सूर्य, चन्द्र, अग्नि, विद्युत्, पर्जन्य आदिका साथै अन्तर्मनले देखिएका देवी-देवताको सूक्ष्म रूप र परमेश्वरको सूक्ष्मातिसूक्ष्म रूपको चिन्तन-मनन पनि आर्य-दर्शनभित्रै सर्वप्रथम विकसित हुन सकेको हो ।

५. दूरदर्शी आर्यहरूको कल्याणाभिमुखी चिन्तन र खोज

हाम्रा पूर्वज आर्य ऋषि-महर्षिहरू मन्त्रद्रष्टा थिए । उनीहरू आचार-विचारमा बढी नै ध्यान दिन्थे । विधिवत् सन्ध्यावन्दनादि गर्थे, गायत्री देवीको उपासनामा तन्मयताका साथ संलग्न हुन्थे । त्यसैले भूत, भविष्य र वर्तमानको गहिरो ज्ञान हुन्थ्यो उनीहरूलाई । अत्यन्त उदार र करूण प्रवृत्तिका भएकाले परदु:ख देखेर द्रवीभूत हुन्थे उनीहरू । जुनबेला अरू देशका मानिसहरू जीवनयापनका लागि जङ्गली कबिलाका रूपमा चारैतिर भौतारिएका थिए, आर्यहरू प्रकृतिप्रदत्त साधनहरूले जीविका गरेर परमार्थ चिन्तन, जीव मात्रको कल्याणका खातिर तपस्यारत र कल्याणाभिमुखी दर्शनको अन्वेषण र चिन्तनमा समर्पित बनिरहेका थिए ।

त्यस बेला विद्यालयहरूमा अध्यात्म विद्या मुख्य मानिएको थियो । (अध्यात्मविद्या विद्यानाम्) । अध्यात्म विद्या बाल्यावस्थादेखि नै जीवनको सही बाटो देखाउने, अनुशासनको पाठ पढाउने, आफू, आफ्नो परिवार, समाज र राष्ट्रका निम्ति कर्तव्यबोध गराउने खालको हुन्थ्यो । उनीहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिन्तनको फाँट अत्यन्तै फराकिलो थियो । पृथ्वीलाई नै एक परिवारजस्तो मान्ने (बसुधैव कुटुम्बकम्) उनीहरूको सोच थियो । जीवन र जगत्लाई हेर्ने दृष्टि पनि उनीहरूको अलग खालको थियो । 'जीवन अध्यात्म र धर्मद्वारा अर्थ आर्जन गर्ने, अर्थबाट कामनाहरूको पूर्ति गर्ने र आखिरीमा मोक्षको मार्ग देख्ने हुनुपर्छ' भन्ने उनीहरूको सोच थियो । यसरी नै 'समाज र राष्ट्र स्वाभिमान र प्रतिष्ठाले ओतप्रोत, धर्म निर्देशित, न्याय र विवेकपूर्ण बाटो अवलम्बन गर्दै जनताका लागि सुमार्ग देखाउने शान्तिपथमा हिडाँउने हुनुपर्छ' भन्ने थियो ।

हाम्रा आर्य महर्षिहरू परम्परागत प्रत्यक्ष देवता नदी, पर्वत, सूर्य, चन्द्र, अग्नि, विद्युत्, पर्जन्य, आदिबाट मात्र सन्तुष्ट भएर बसेनन् । उनीहरू यस चराचर जगत्को निर्माता, विश्वब्रह्माण्डको सृष्टिकर्ता, सूर्य, चन्द्रलगायत सम्पूर्ण तारागणका प्रणेताको खोजीमा दिलोज्यानले लागेका थिए । घडाको कर्ता कुमाले भए जस्तै, कुनै पनि कार्यको कारण भए जस्तै यस जगत्लगायत सबैको कर्ता पनि अवश्य कोही छन् र तिनको खोजी गरिनुपर्छ भनेर उनीहरू कम्मर कसेर लागे । त्यो वास्तवमा अपरम्पारको यात्रा जस्तै थियो । त्यो परोक्षको खोज थियो, परम शक्तिको गवेषणा थियो ।

जो प्रत्यक्ष चर्मचक्षुले देखिन्छ, त्यो प्रत्यक्ष ज्ञान भयो । चर्मचक्षुले नदेखिने तर अनुभूत गर्न सकिने कुरा धेरै छन् । परमेश्वरको साकार रूप त देख्न सकिन्छ तर निराकार रूपको दर्शन ज्यादै कठिन छ । त्यसरी नै शरीर, आत्मा, मन, चित्त, बुद्धि, अहङ्कार, संसारको सृष्टि, प्राणीहरूको सृष्टि आदि बारे अनि जीवन र मृत्युबारेका खोजी पनि अत्यन्त कठिन छन् । तैपनि तिनै कठिन कुरा पत्ता लगाएरै छाड्नेतर्फ आर्य मनीषीहरू लागे । वेद, ब्राह्मण ग्रन्थ, उपनिषद्, स्मृतिशास्त्र, पुराण दर्शन सबै परमेश्वर र जीवन-जगत् आदिबारे खोजी प्रयासका उपज हुन् । त्यसप्रकारको खोजीका कममा प्रादुर्भाव भएका ईश्वर ज्ञानका साथै अन्य धेरै कुरा भावी सन्ततिलाई सुम्पिएर गएका छन् हाम्रा पुर्खाहरूले ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आर्यहरूले आफ्नो जीवन कालमा जे गरे, जे पत्ता लगाए ती सबै मानवजातिको भलाइका खातिर गरे । ती कोरा कल्पना वा लहडका कुरा मात्र होइनन् । मानव जीवनका लागि अति उपयोगी र अँध्यारोबाट उज्यालो संसारतिर उकाल्ने खालका छन् । ती सबै विज्ञानको कसीमा जति घोटे पनि खरो उत्रने खालका छन् ।

आर्यहरूले जीवनका दैनिक प्रयोगमा आउने कुराहरू र अरू पनि धेरै खोज र आविष्कारहरू धर्मसँग जोडिदिए किनकि ती धर्मभिरू थिए । आज मानिसहरू धर्ममा भन्दा पनि विज्ञानमा विश्वास गर्ने भएका छन् । त्यसैले तिनीहरू कुनै पनि धार्मिक कुराहरू वैज्ञानिक तथ्यमा आधारित भए मात्र ग्रहण गर्छन् । हाम्रा पुर्खाहरूको काम विज्ञानको कसीमा पनि खरो उत्रने खालका नै छन् । उनीहरूका काम र खोजहरूको अभिरूचिपूर्वक अध्ययन गरिदिनु चाहिं आजका युवापुस्ता र अन्यको पनि कर्तव्य हुन्छ । नपढिकनै, नबुझिकनै आलोचना गर्ने वा ग्रहण नगर्ने गरियो भने पुर्खाप्रति अपमान र विवेकहीनता हुनेछ ।

६. हिन्दू धर्म र यसका विविध पक्ष

(१) हिन्दूधर्म

हिन्दू धर्म व्यापक, वैज्ञानिक, जीवनोपयोगी र सनातन छ । यसको परिभाषा थोरै शब्दमा र सीमित ठाउँमा बसेर गर्नु असजिलो छ । वैशेषिकहरूले– अभ्युदय (शुभफल वा बढीबढाउ) र मोक्ष प्राप्तगराउने कर्मलाई धर्म मानेका छन् भने न्यायशास्त्र अनुसार वेदले बताएको कर्म गर्नु धर्म हो । अमरकोशले पनि वेदले बताएको सदाचार यज्ञादि गर्नुलाई धर्म भनेको छ । मनुस्मृतिमा–यो लोक र परलोक दुवै सपारिदिने कर्मलाई धर्म मानिएको छ भने 'ऐतरेय ब्राह्मण' का अनुसार 'धर्म' शब्द सम्पूर्ण धार्मिक कर्तव्यको अर्थमा प्रयोग हुन्छ ।

संक्षिप्तमा भन्नुपर्दा मनुष्यलाई यस लोकमा सुख, शान्ति दिने र परलोकका निम्ति मोक्षसम्मको सुमार्ग देखाउने धर्म नै हिन्दूधर्म हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) आस्था र विशेषता

हिन्दूधर्म सनातन, सर्वकल्याणकारी र उदार छ । समस्त ब्रह्माण्डको निर्माण गर्ने परमात्मा परमेश्वर हुनुहुन्छ, त्रिलोकको सर्वोच्च सत्ता परमात्मामा निहित छ, सृष्टि, स्थिति पालन र लय पनि प्रभुकै अधीन छ भन्ने शाश्वत सत्यमा हिन्दूधर्मको प्रगाढ आस्था छ । समस्त जीव वा आत्मा परमात्माकै अंश हुन् र आत्मा अजर, अमर र अविनाशी छ भन्नेमा हिन्दूधर्म विश्वास गर्छ । अवतार, पुनर्जन्म, वर्णाश्रम धर्म, गोरक्षा, मूर्तिपूजा, ॐकार मूलमन्त्र आदि हिन्दूधर्मका विशेषता हुन् ।

(३) मोक्षका मार्ग

जीवनका आवश्यक विषयहरू : धर्म, अर्थ, काम र मोक्षका सहज र सरल मार्गहरू हिन्दूधर्मले निर्देशित गरेको छ भने मुक्ति वा मोक्षको सर्वोत्तम उपाय पनि यस धर्ममा छ । मोक्षका स्पष्ट मार्ग वा बाटाहरू तीन छन् : ज्ञानमार्ग, भक्तिमार्ग र कर्मयोगमार्ग । ती मार्गहरू मध्ये जुन आफूलाई मन पर्छ त्यो मार्ग अवलम्बन गर्न सकिने हुन्छ । तीमध्ये 'कलियुगमा भक्तिमार्ग सर्वसाधारणका लागि सहज र उत्तम मार्ग हो' भन्ने धेरैको अभिमत छ ।

(४) हिन्दूधर्मका शास्त्र

हिन्दूधर्मका हजारौं शास्त्रहरू छन् । तीमध्ये केहीको यहाँ संक्षिप्त चर्चा गरिएको छ ।

हिन्दूधर्मको प्रमुख ग्रन्थ वेद हो । जुनसुकै धार्मिक कार्यमा वेदलाई प्रमाण मानिन्छ । मूलग्रन्थ मानिएका चार वेदहरूमा ऋग्वेद सर्वप्राचीन हो भने यजु, साम र अथर्व अरू वेद हुन् । श्रुतिपरम्परा(गुरूशिष्या परम्परा) बाट सुनिदै आएकोले वेद श्रुति भनिन्छ र यो अपौरूषेय मानिएको छ । वेदका मन्त्रद्रष्टा भने ऋषि, महर्षिहरू हुन् । वेदको बोध वा ज्ञानमा सहायक वेदाङ्गहरू छ वटा छन् : शिक्षा, व्याकरण, निरूक्त, कल्प, छन्द र ज्योतिष । यी वेदाङ्गहरूको राम्ररी अध्ययन गरेमात्र वेद बुझ्न सहज हुन्छ । वेदका चार उपवेदहरू पनि छन् : धनुर्वेद, गान्धर्ववेद, आयुर्वेद र अर्थवेद ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदपछि ब्राह्मण ग्रन्थ, आरण्यक र उपनिषिद्हरू छन् । ती तीन थरीमध्ये वर्तमान समयमा उपनिषद् बढी प्रचलित र बोधगम्य छन् । वेदका प्रत्येक शाखाका उपनिषद् छन् भनिएको छ । कतिपय विद्वान्हरूले उपनिषद् हजारभन्दा बढी भएको मानेका छन्, कसैले २२० र कसैले १०८ उपनिषद्को चर्चा गरेका छन् । तीमध्ये ईश, ऐतरेय, कठ, केन, कौषीतकी, छान्दोग्य, तैत्तिरीय, प्रश्न, बृहदारण्यक, मण्डुक, माण्डुक्य मैत्रायणी, श्वेताश्वतरलगायतका १३ उपनिषद्हरू मुख्य मानिएका छन् । यसरी नै हिन्दूधर्मशास्त्रमा स्मृति महत्त्वपूर्ण मानिन्छन् । आचार, व्यवहार र प्रायश्चित्तबारे विधिहरू उल्लिखित स्मृति धेरै भएको मानिन्छ । तर लोकव्यवहारंमा मनुस्मृति र याज्ञवल्क्यमृति उल्लेखनीय छन् ।

धर्म, अर्थ, काम र मोक्षका विधिहरू रोचक र सरल शैलीमा बताउने र उत्सुकतायुक्त कथाले भरिपूर्ण भएकाले पुराणहरू लोकमा अति नै प्रिय र महिमामय छन् । 'पञ्चम वेद' भनिने पुराणहरू अठार छन् । तिनका अठार उपपुराणहरू पनि छन् । हिन्दूधर्मग्रन्थको चर्चा गर्दा रामायण र महाभारत अविस्मरणीय ग्रन्थ हुन् । रामायण धेरै छन् तापनि वाल्मीकीय रामायण प्रख्यात छ भने महाभारत धेरै साहित्य र शास्त्रका रचनाकारको उपजीव्य (कथावस्तु वा लेख्य सामग्री दिने) मानिएको छ ।

हिन्दूधर्मशास्त्रको विषयमा चर्चा गर्दा दर्शनहरू समेत स्मरणयोग्य हुन्छन् । पूर्वीय जगतमा प्रसिद्ध न्याय, वैशेषिक, सांख्य, योग, मीमांसा र वेदान्त गरी छ दर्शनहरू आस्तिक दर्शन हुन् । यी आस्तिक दर्शनशास्त्रले आआफ्नै शैली र सिद्धान्त अनुसार सत्यको अन्वेषण गरी धर्मको मार्ग चयन गर्न मार्ग प्रसस्त गर्छन् । हिन्दू दर्शनशास्त्रमा छ वटा नास्तिक दर्शन पनि छन् ती हुन् :चार्वाक, माध्यमिक (बौद्धधर्म, महायान शाखा अन्तर्गतको शून्यवादी दर्शन) , योगाचार, सौत्रान्तिक (बौद्धधर्म, हीनयान अन्तर्गतको दर्शन), वैभाषिक र आर्हत् (जैन) दर्शन ।

हिन्दूधर्मका ग्रन्थहरूका सन्दर्भमा शैवागम, शाक्तआगम, पञ्चरात्र आगमजस्ता तन्त्रशास्त्रका ग्रन्थहरू पनि उल्लेख्या छन् । हिन्दूधर्मको सहज

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र सम्यक् ज्ञानका निम्ति प्रस्थानत्रयी भनिने ब्रह्मसूत्र, उपनिषद् र श्रीमद् भगवद् गीताको अध्ययन महत्त्वपूर्ण मानिन्छ । यिनलाई राम्ररी अध्ययन गर्न सकियो भने हिन्दूधर्म बुझ्न र सम्झन धेरैतिर धाउनु पर्दैन ।

(५) सम्प्रदाय

हिन्दूधर्ममा मुख्यरूपमा दुई मार्ग : दक्षिण मार्ग र वाम मार्ग छन् भने थुप्रै सम्प्रदायहरू पनि छन् । दक्षिण मार्गमा मुख्य रूपमा गाणपत्य, शाक्त, शैव, वैष्णव, सौर सम्प्रदाय मुख्य मानिन्छन् । तीभित्र पनि अरू धेरै सम्प्रदायहरू छन् । यसरी धेरै सम्प्रदायहरू भएपनि गणपति, सूर्य, देवी, सदा शिव र विष्णुलाई पाञ्चायन देवताका रूपमा दैनिक पूजा गर्नेहरू उदार छन् र उनीहरू आफूहरूलाई 'सनातनी र स्मार्त' भन्छन् । इष्टदेव वा देवीका रूपमा कुनै देवदेवीप्रति झुकाउ भएपनि उनीहरू कट्टर छैनन् । कतिपय सम्प्रदायका मानिसहरू कट्टरजस्ता देखिए तापनि ती सबै सम्प्रदायका मानिसहरू वेद, संहिता, उपनिषद्, पुराण स्मृति आदि शास्त्रमा पूरा आस्था र विश्वास राख्छन् । यसप्रकार विभिन्न सम्प्रदाय भए पनि ती सम्प्रदाय सबै देवीदेवतालाई मान्ने हुँदा पारस्परिक सद्भाव राख्छन् । हिन्दूधर्मावलम्बीहरू एक अर्को सम्प्रदायप्रति मात्र होइन कि इतर धर्म र तिनका अनुयायी सम्प्रदायप्रति पनि आदर र श्रद्धाभाव राख्तछन् । यसरी हामी नेपालीमा धार्मिक सहिष्णुता उल्लेख्य विशेषताका रूपमा विद्यमान छ ।

७. हिन्दूधर्ममा देवीदेवता

हिन्दू धर्ममा देवीदेवताका नाम सम्झनु अति कठिन काम हो । आदिम कालमा आर्यहरूले प्रत्यक्ष देवताको रूपमा नदी, पर्वत, सूर्य, चन्द्र, अग्नि, विद्युत्, पर्जन्य, वरूण, वायु, मरूत्, इन्द्र र उषालाई मानेका थिए ।

'आरण्यकोपनिषद्'मा ३३ देवताको नाम उल्लेख भएको पाइन्छ, सूर्य १२, रूद्र ११, वसु ८, इन्द्र र प्रजापति । ऐतरेय ब्राह्मणमा देवताहरूको सङ्ख्या अनन्त भएको भाव व्यक्त भएको छ 'आकाशमा जति पनि नक्षत्र वा तारा छन् ती सबै देवताहरूका घर हुन्' भनिएको छ । (देवगृहा वै नक्षत्राणि ।)

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'तेत्तीसकोटि देवताहरू छन्' भन्ने कुरा त सर्वसाधारणदेखि ठूला ठूला विद्वान्ले समेत भनेको सुनिएको छ ।

त्रिदेव : ब्रह्मा, विष्णु, महेश्वर त भैहाले । उनका सहधर्मिणीहरू छन् । गणेश, उनका दुई सहधर्मिणी ऋद्धि र सिद्धि छन् । विष्णुका १० अवतारहरू : मत्स्य, कूर्म, बराह, नरसिंह, वामन, परशुराम, रामचन्द्र, कृष्ण, बुद्ध र कल्कि लोकमा अत्यन्तै प्रसिद्ध छन् । विष्णुका अरू २४ अवतारहरू पनि छन् । नामकै कुरा गर्ने हो भने त विष्णुका सहस्र नाम छन्, जुन 'विष्णुसहस्रनाम'ले प्रख्यात छ । शिवका ईशान, उमापति, गिरीश, चन्द्रशेखर, नीलकण्ठ, पशुपति, महादेव, महेश्वर, मृत्युञ्जय, रुद्र, शङ्कर, शम्भु, श्रीकण्ठ, शितिकण्ठ, सर्वज्ञ, स्मरहर आदि गरेका प्रख्यात ४८ नामहरू छन् भने दिव्य कर्म अनुसारका उहाँका सहस्र नामहरू पनि छन् ।

देवीहरूमा नवदुर्गा, अष्टमातृका पार्वती, दुर्गा, काली, ललिता, शीतला, षष्ठी आदि छन् । तन्त्रशास्त्र अनुसारका दश महाविद्या र तिनका भैरवहरू छन् । हनुमान्, द्वारपाल, क्षेत्रपालहरू छन्, विभिन्न नागदेवताहरू पनि छन् । यसरी अध्ययन गर्दै जाने हो भने देवताहरू कति छन् कति ।

हामी हिन्दूहरूले नदी, वर, पीपल, अमला, बेल, तुलसी आदि वनस्पति पहाड र तीर्थस्थललाई पनि देवीदेवताका रूपमा हेर्ने र पूजा गर्ने गरेका छौँ । गाईलाई त हामी लक्ष्मीको अवतार मान्छौँ र पूजा गर्छौं । पशुहरूमा उनको स्थान उच्च छ । यसो त कुकुर र कागलाई समेत देवदूतका रूपमा मान्ने र पूजा गर्ने चलन छ हाम्रो । यसरी विचार गर्दै जाने हो भने हाम्रा देवीदेवता गनिसाध्य छैनन् । त्यसैले त हिन्दू धर्मावलम्बीहरूलाई अरू धर्म मान्नेहरूले हँसीमजाक पनि गर्छन् 'तिमीहरूका देवता कति धेरै !' भनेर ।

८. हाम्रा भगवान् एक

माथि उल्लेख गरिएअनुसार त हाम्रा देवीदेवता थुप्रै छन् । साँचोमा हाम्रा देवता एक हुनुहुन्छ र उहाँ हुनुहुन्छ– परमेश्वर परमात्मा । मानिसहरू आ-आफ्ना रूचि र इच्छा अनुसार उहाँलाई विभिन्न नाममा सम्बोधन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्छन् । कोही विष्णु भन्छन्, कोही राम, कोही कृष्ण भन्छन् र कोही शिव पशुपतिनाथ । त्यसरी नै स्त्री देवीहरू पनि छन् र तिनलाई हामी अलग अलग नामले पुकार्छौं, देवी, दुर्गा, माता, काली, नवदुर्गा आदि । वास्तवमा जे भने पनि ती सबै परमेश्वरकै अंश हुन् । यथार्थमा ईश्वर एक हुनुहुन्छ– शिव परमेश्वर ।

यो अत्यन्तै सुन्दर र रमाइलो चराचर जगत् परमेश्वरकै सृष्टि हो र यसको निर्माण उहाँले आफ्नो अंश ब्रह्माबाट गराउनुभएको हो । उहाँ यसको संरक्षण र लालनपालन आफ्नै विष्णुरूप अंशबाट गर्नुहुन्छ र आयु सकिएपछि संहार पनि आफ्नै अंश रूद्ररूपद्वारा गराउनुहुन्छ निमेषभरमा नै ।

यस जगत्मा नानाथरी प्राणीहरू आआफ्ना जन्मजन्मान्तरदेखि सञ्चित कर्म-वासनाअनुसार जन्मिएका, हुर्किएका र रमाइरहेका छन् भने कोही नाना किसिमका दुःख र हण्डरहरू खपेर यातना र पीडा सहेर बाँच्न विवश छन् । तैपनि जतिसुकै कष्टमय योनिमा जन्मिए पनि सबैलाई आफ्नो ज्यानको माया छ । त्यसैले त अत्यन्त सानो कीट-पतङ्गदेखि विशाल कायसम्म सबै प्राणीहरू आफनो बुद्धिअनुसार होशियारीपूर्वक बाँचिरहेका हुन्छन् र सृष्टिक्रमलाई तिनले समेत सहयोग पुऱ्याइरहेका छन् ।

सङ्क्षिप्तमा भन्दा माथि उल्लिखित सबै कुरा परमेश्वरका लीला हुन् र यी लीला तबसम्म चलिरहन्छन् जबसम्म चराचरजगत्का मात्र नभई त्रिलोक चौध भुवनका मालिकले चलाउन चाहनुहुन्छ ।

९. शिवका अनुपम कर्म

(१) कालकूट विष-पान

लोककल्याणको कामना लिएर देवता र दानव मिली समुद्र मन्थनको काम शुरू गरेका थिए । त्यस महान् कार्यमा मदानी बनाइएको थियो मन्दराचल पर्वतलाई र नेती बनेका थिए वासुकि नाग तर समुद्र मन्थनका शुरूमा कालकूट विष पो निस्कियो । त्यो निस्कनु के थियो त्यसबाट आगोको

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भयङ्कर विषालु ज्वाला जन्मियो र चारैतिर फैलँदै त्यसले लोकलाई जलाउन थाल्यो । तीनै लोकका प्राणीहरू मूर्छित हुन थाले ।

दुनियाँको त्यसप्रकारको बिजोग देखेर ब्रह्माले शिवतर्फ फर्किएर प्रार्थना गर्नुभयो, "प्रभु चराचर जगत् डढेर भष्म हुने भयो र यो रमाइलो सृष्टि दर्दनाक ढङ्गले समाप्त हुने भयो ।" त्यो प्रार्थना सुनिसकेपछि भगवान् शिवले नजिकै बसेकी सतीलाई भन्नुभयो, "सती यो अति डरलाग्दो र घातक विषले दुनियाँ नै जल्न लाग्यो । लोककल्याणका लागि र धेरैको हितका लागि म यो विष पिउँछु । मलाई केही हुँदैन । तिमी चिन्ता नगरी बस ।" यति भनेर शिवले त्यो विष बडेमानको शङ्खमा हालेर स्वाट्टै पिइदिनुभयो र घाँटीमा नै राखिछाड्नुभयो । भनिन्छ, त्यसपछि उहाँलाई साह्रै औडाहा भयो र उहाँ हाल रसुवा जिल्लामा पर्ने नीलाद्रि पर्वतमा गएर त्रिशूलले पहरामा रोपी पानी निकाली आफैंले निर्माण गरेको कुण्डमा झ्वाम्म हाम फाल्नुभयो । त्यो शिवले गर्नुभएको जोखिम पूर्ण काम थियो । यस्तो कडा विष-पान लौकिक पुरुषबाट कुनै पनि हालतमा हुन नसक्ने काम थियो । आफूले त्यसरी पीडा-दुःख सहेर शिवले पृथ्वीलाई र धेरै प्राणीहरूलाई बचाउनुभयो ।

(२) दानवहरूका संहारक शिव

शिव परम शक्तिका अजस्र स्रोत हुनुहुन्छ । सृष्टि, स्थिति र प्रलय उहाँकै इच्छाका खेल हुन् । यो रमाइलो जगत् शिवकै परम पुरुषार्थको खेल हो । यस जगत्को पालनकर्ता शिव नै हुनुहुन्छ भने एक झिम्कामा यस संसारलाई खरानी बनाउन सक्नुहुन्छ उहाँ । तारकासुर, त्रिपुरासुर, जालन्धर, शङ्खचूड, गजासुर लगायत दानवको संहार गरेर पृथ्वीको भार हलुका बनाउनुभयो शिवले ।

(३) शिवका समन्वित रूप

शिव समन्वयका असाधारण परमशक्ति हुनुहुन्छ । जड र चेतन, उज्यालो र अँध्यारो, जीवन र मृत्यु, प्रकृति र पुरुष सबैतिर समन्वय गराएर बस्नुहुन्छ भगवान् शिव ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुराणहरूमा विष्णु र शिवका बीच सुमधुर सम्बन्धको, एक अर्कालाई परम आदर गर्नुभएको र उहाँहरू दुईमा कुनै भेद नभएको उल्लेख छ । भगवान् रामलाई शिवले परमादरणीय रूपमा स्वीकार गर्नुभएको तथा रामले शिवलिङ्ग स्थापना गरेर शिवको पूजा आराधना गर्नुभएको कुरा स्पष्टसँग उल्लेख गरिएको छ । यसरी नै ब्रह्मा र विष्णु शिवलिङ्गका बारेमा स्पष्ट नभई भ्रममा परे पनि वस्तुतथ्य बुझेपछि दुवैले शिवलिङ्गको पूजा आराधना गरेको र त्यसबाट शिव प्रसन्न भई ती दुवै देवतालाई सृष्टि र पालनको जिम्मा दिनुभएको पनि प्रसिद्ध छ ।

पशुपतिनाथलाई वर्षमा एक पटक बुद्धका रूपमा पूजा गरिने र बुद्ध धर्मावलम्बीहरूले पनि लोकेश्वरका रूपमा पशुपतिनाथको पूजा र दर्शन गर्छन् । यसरी नै दुर्गामाता र अन्य देवताबीचको समन्वयमा पशुपतिनाथको कृपाले ठूलो भूमिका खेलेको उल्लेख पाइन्छ ।

प्राचीन कालदेखि नै राजा-महाराजाहरूले सन्धिपत्र, प्रतिज्ञापत्र तथा अन्य सार्वजनिक सूचना पशुपतिमन्दिरमा आएर टाँस्ने गर्थे । पशुपतिनाथको मन्दिर सबैका लागि खुला हुने परिपाटीले धार्मिक समन्वय, समाजलाई अनुशासित र व्यवस्थित गराउन पनि ठूलो भूमिका खेल्दै आएको छ ।

अत्यन्त मिलेर बसेका परिवारका सदस्यहरूमा पनि सानो कुराले मनोमालिन्य पैदा गरिदिन सक्छ । आगोको सानो झिल्काले सारा जङ्गललाई सखाप पारेझैं घर-परिवारलाई नै ध्वस्त बनाइदिन बेर लाग्दैन । मिलेर बसेकामा त त्यस्तो हुन्छ भने शिवको आभूषण सर्प र परिवारका सदस्यहरूका बाहन एक अर्कासँग पटक्कै मिल्न नसक्ने खालका प्राणी हुन् । शिवको गहना सर्प, त्यसको मन पर्ने आहारा गणेशजीको बाहन मुसो र स्वामी कार्तिकेयको बाहन मयूरको आहारा सर्प । पार्वतीको बाहन सिंह उसले देख्यो कि सिध्याइहाल्न खोज्ने शिवको बाहन वृषभ । यी परस्पर विरोधी र एकै ठाउँमा मिलेर बस्न नसक्ने प्राणीहरू हुन् तर शिवको दरबारमा ती परस्पर विरोधी प्राणीहरू मज्जासंग मिलेर बसेका छन् । शिवको शिरमा

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गङ्गा र चन्द्रमा छन् भने ललाटमा अग्निज्वाला निस्कने तेस्रो नेत्र छ । यी सबैमा मेलमिलाप गराएर त्रिलोक र चौध भुवन हाँकेर बस्नुभएको छ शिव ।

(४) करूणामय शिव

नाम नै जसको शिव छ र काम नै जसको कल्याणकारक छ । त्यस्ता परमेश्वरको बयान गरेर कहाँ सकिन्छ ? उहाँ सधैं प्राणी मात्रको कल्याणका लागि चिन्तित र तपस्यारत हुनुहुन्छ । आफ्ना भक्तहरूको विपत्ति छिटो थाहा पाउने र उद्धार गर्ने अनि छिटो प्रसन्न भएर मनोवाञ्छा पूरा गरिदिने दयासागरका रूपमा चिन्छन् भक्तहरू शिवलाई ।

१०. शिवका अभौतिक दिव्य विशेषता

(१) निराधार

उहाँ सबैका आधार हुनुहुन्छ र उहाँको आधार कोही पनि छैन ।

(२) अविनाशी

पाँच ज्ञानेन्द्रिय (नाक, कान, आँखा, जिब्रो, छाला), पाँच कर्मेन्द्रिय (हात, पाउ, गुदा, लिङ्ग, वचन), पञ्चमहाभूत (पृथ्वी, अप, तेज, वायु र आकाश) । ती पञ्च महाभूतका पञ्चतन्मात्रा–गन्ध, रस, रूप, स्पर्श, शब्द हुन् । अन्तकरण चतुष्टय-मन, बुद्धि, चित्त र अहङ्कार यी सबै विकारी छन् । केवल शिव अविकारी हुनुहुन्छ ।

(३) सच्चिदानन्दघन

जो सधैं रहन्छ त्यो सत् हुन्छ, जो सदासर्वदा चेतनाले युक्त भएको छ त्यो चित् हुन्छ, जो हरबखत आनन्द-बोध गर्छ, त्यो आनन्द हुन्छ र यी सबै व्यापक रूपमा जसमा विद्यमान हुन्छ ती नै सच्चिदानन्दघन हुन्छन् । यसरी विचार गर्दा पशुपतिनाथ सच्चिदानन्दघन हुनुहुन्छ ।

(४) शिव ईशान

ईशान शिवको उर्ध्ववक्त्रको नाम हो । "सर्वस्य प्रभुरीशानः" समस्त विद्या, सम्पूर्ण प्राणीहरूका अधिपति परब्रह्म पशुपतिनाथ हुनुहुन्छ भन्ने कुरा यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुहारबाट सिद्ध हुन्छ । पशुपतिनाथको यस स्वरूपले उहाँको सर्वव्यापकतालाई पुष्टि गर्छ भने चराचर जगत्को आखिरी परमार्थ रूप ईशानमा नै गएर टुङ्गिन्छ । धर्म, अर्थ, काम र मोक्षका निम्ति साधनारतहरूलाई उत्प्रेरित गर्ने पशुपतिनाथ हुनुहुन्छ भन्ने कुरा सबै देवताका प्रेरणादाता र त्रिकालका स्वामी परमेश्वर ईशान रूप पशुपति हुनुभएकाले बुझ्न सकिन्छ ।

जतिसुकै अध्ययन, चिन्तन-मनन गर्दा पनि जान्न नसकेर बडाबडा ऋषि-मुनिहरू चुप भएका छन् भने उहाँको आराधनामा मरिमेटेर लागेको भक्तले पनि पार पाउन नसकेर यसो भनेका छन् –

तव तत्त्वं नजानामि कीदृशोऽसि महेश्वरः ।
यादृशोऽसि महादेव तादृशाय नमो नमः ॥

(हे महेश्वर तपाईं कस्तो हुनुहुन्छ तपाईंको तत्त्व जान्दिन । जेजस्तो रूपमा हुनुहुन्छ त्यस्तै रूपका हजुरलाई बारम्बार वन्दना गर्दछु ।)

—o—

मुख्य सन्दर्भ ग्रन्थ

डा गोविन्द टण्डन –पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन, काठमाडौं,
महाराजगञ्ज, झरेन्द्र शम्शेर ज.ब.रा.तथा श्रीमतीमिञ्जुराणा विसं २०५३

कुलचन्द्र कोइराला, – नेपालका आराध्यदेव भगवान् पशुपतिनाथ,
काठमाडौं,ने.रा.प्र.प्रतिष्ठान विसं२०५१

लीलाप्रसाद सापकोटा – विश्वका प्रमुख धर्म,
कमलादी, काठमाडौं नेपाल प्रज्ञा प्रतिष्ठान विसं २०७२

रामबाबु नेपाल, – एक अनुपम खोज,
टङ्गाल, गहनापोखरी समुद्र मन विद्या प्रतिष्ठान, विसं २०७३

राधेश्याम खेमका – शिवपुराण कथासार गोरखपुर,
गीताप्रेस गोरखपुर विसं २०७५

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कल्याण शिवोपासना अङ्क, वर्ष ६७, गोरखपुर –
गीताप्रेस जनवरी सन् १९९३ विसं २०४९

कल्याण धर्मशास्त्राङ्क वर्ष ७०, गोरखपुर –
गीताप्रेस जनवरी सन् १९९६ विसं २०५२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय १

पशुपतिनाथ र उमामहेश्वर क्षेत्र

१.१ पशुपतिनाथ

श्रीपशुपतिनाथ शङ्करकै अर्को रूप हो । उहाँ हाम्रो आस्थाका धरोहर र विश्वासका परमपुञ्ज आराध्यदेव, राष्ट्रदेव हुनुहुन्छ । उहाँलाई हामी भक्तहरू दुःखहर्ता र सुखदाता, अतिदयालु, करूणासागर परमेश्वरका रूपमा जान्दछौं । भौतिक सुख र ऐश्वर्यदेखि लिएर परम आनन्द र अतिदुर्लभ मोक्ष दाताका रूपमा समेत उहाँको पूजाआराधना गर्ने गरिएको छ ।

शङ्कर आफू अति सीमित कुराले निर्वाह गर्ने र आफ्ना भक्तहरूलाई चाहेअनुसारका जुनसुकै वर दिने देवाधिदेवका रूपमा परिचित हुनुहुन्छ । मसानमा बास, सर्पका गहना, बाघको छालाको परिधान (लुगा), बूढा नन्दी (गोरू) बाहन, यस्तो छ सौख र निर्वाहको साधन प्रभु पशुपतिनाथको । तर आफ्ना भक्तहरूलाई भने जुनसुकै कुराको वर दिन सक्नुहुन्छ उहाँ । उहाँलाई आशुतोष अर्थात् छिट्टै प्रसन्न हुने र मागेका जुनसुकै कुरा पुऱ्याईदिने महादेवका रूपमा पनि भक्तहरू मान्छन् । भित्री अन्तर भावनाले पुकारा गर्दा उहाँ जुनसुकै दुःखमा परेका प्राणीको आर्तनाद सुन्नुहुन्छ, जतिसुकै भयङ्कर रोगबाट छुट्कारा दिनसक्नुहुन्छ भन्ने विश्वास छ ।

शम्भु लोककल्याणका खातिर दुष्ट दानवहरूको संहार गर्नुहुन्छ र कालकूट विषपान गर्नुहुन्छ भने चराचर जीव र जगत्को हित र उपकारका लागि सधैं तपस्यारत हुनुहुन्छ । त्याग नै भष्मशायी शिवको विशिष्टता हो ।

पशुपतिनाथ नेपालका मात्र नभई कि विश्वकै एक अर्बभन्दा बढी हिन्दूहरूका आराध्यदेव हुनुहुन्छ । अरू धेरै देवी-देवताको पूजा-आराधना गरे पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दूहरूलाई जीवनमा एक पटक भए पनि पशुपतिनाथको दर्शन नगरी चित्त बुझ्दैन । त्यसैले अतिदूर देशबाट समेत उहाँको दर्शनका निम्ति भक्तजन आउने गर्छन् ।

१.२ पशुपतिनाथको दर्शनको अपूर्व लाभ र महिमा

पशुपतिनाथ र उहाँको क्षेत्रको अत्यन्त ठूलो महिमा छ । यो क्षेत्र पुण्यभूमि, तपोभूमि, कर्मभूमि हुनाका साथै शान्तिभूमि र विश्रामभूमि पनि हो । यस क्षेत्रमा आएर मानिसहरू पुण्य कमाउन सक्छन्, तपस्या गरेर सिद्धि प्राप्त गर्न सक्छन्, कर्म गरेर ख्याति कमाउन सक्छन्, विचलित मनलाई सही मार्ग देखाएर शान्ति प्राप्त गर्न सक्छन् र आखिरमा यहीँ विश्रान्ति लिएर मोक्ष प्राप्त गर्छन् । धर्म, अर्थ, काम, मोक्ष सबै कुराका दाता पशुपतिनाथ हुनुहुन्छ ।

शिव कहिले जन्मनुभयो, कहाँ जन्मनुभयो र मातापिता को हुनुहुन्थ्यो भन्ने कतै उल्लेख भएको पाइन्न । उहाँलाई मनपर्ने रात महाशिवरात्रिको रात र मन पर्ने बार सोमबार भन्नेसम्म पुराणहरूमा उल्लेख भएको पाइन्छ । जो आफैँ चराचर जगत्‌को मालिक हुनुहुन्छ, जो संसारको सृष्टि, स्थिति र संहारको आदि कारण हुनुहुन्छ, उहाँका बाबुआमा को हुनु र कसबाट जन्मनु ? भोले बाबा त अजन्मा हुनुहुन्छ । उहाँ जन्मिएको र परलोक भएको कसैलाई थाहा छैन । भनिन्छ, अहिले पनि उहाँ सशरीर आफूलाई मन लागेका बेला कहिले महात्माको भेषमा त कहिले फकिरका भेषमा पशुपति क्षेत्रतिर घुम्नुहुन्छ, जो उहाँप्रति अगाध श्रद्धा राख्छन् र अनन्य भक्त छन्, तिनलाई दर्शन दिनुहुन्छ । त्यसैले त भारत र अन्यत्रका पनि ठुल्ठुला महात्मा र महापुरुषहरू पशुपतिनाथको दर्शनका निम्ति बेलाबेलामा आउने गर्छन् ।

"पशुपतिनाथको नगरमा गएर जसले एक पटक मात्र पनि उहाँको दर्शन गर्छ भने ऊ सबै धर्मको फल प्राप्त गर्छ र पशुयोनिबाट मुक्त हुन्छ ।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(सकृदपि नमन् कृत्वा तत्पुरे पशुपं प्रभुम् ।
सर्वं पुण्यफलं लब्ध्वा विमुक्तः पशुयोनितः ॥
यो स्वामी कार्तिकेयले अगस्त्य मुनिलाई भन्नु भएको हो ।

हिमवत्खण्डमा उल्लेख छ, "जम्बू द्वीपमा काशी र पशुपति क्षेत्रमा शिवले वास गर्नुभएको छ तर पशुपति क्षेत्र काशीभन्दा चार गुना बढी पवित्र र महत्त्वपूर्ण छ किनभने काशीमा त मोक्ष मात्र प्राप्त हुन सक्छ तर पशुपति क्षेत्रमा धर्म, अर्थ, काम, मोक्ष चारै पुरुषार्थ प्रांप्त हुन्छन् । गङ्गाको उत्तर र हिमालयको काखमा भगवान् पशुपतिनाथ रहनुभएको क्षेत्र उत्तरकाशी हो, सबैभन्दा पवित्र तीर्थ हो ।" यसरी नै भारतको हिमाली क्षेत्रमा रहेका 'प्रसिद्ध केदारनाथ भगवान् शिवका धड हुन् र पशुपतिनाथ शिर हुन्' भनी शिवपुराणमा बताइएको छ ।

१.३ पशुपतिनाथको दर्शन र पूजाअघि ध्यान दिनुपर्ने कुरा

पशुपतिनाथको मन्दिर–प्राङ्गणमा पुगेपछि प्रायः भक्तजनहरू सर्वप्रथम उनको दर्शन र पूजा आराधना गर्छन् त्यसपछि अरू देवीदेवताको पूजा र दर्शन गर्छन् तर यो दर्शन गर्ने प्रक्रिया होइन । प्राङ्गणमा पुगेपछि अरू देवीदेवताको पूजा–आराधना गर्नुपर्ने र त्यसपछि मात्र पशुपतिनाथको पूजा–आराधना र दर्शन गर्नुपर्ने शास्त्रीय वचन छ ।

यसबारेमा स्वयं पशुपतिनाथबाट आज्ञा भएको भनी हिमवत् खण्डमा उल्लेख भएको पाइन्छ ।

"हे लम्बोदर, हे क्षेत्रपालहरू, हे नन्दी, भृङ्गी, चण्डेश्वर ! तिमीहरू सबै मेरो द्वारमा नित्यनिरन्तर बसेर मेरो र मेरो मन्दिरको रक्षा गर । जो यस प्राङ्गणमा पसेपछि तिमीहरूलाई वास्ता नगरेरै मेरो नजिकमा आउँछन्, तिनीहरूको पाइला पाइलामा बिघ्न-बाधा देऊ । म केही गर्ने छैन तर जो तिमीहरूलाई दर्शन र पूजा गरेर मेरो दर्शन गर्न आउँछन् तिनीहरूले भने पशुयोनिमा कहिल्यै जानुपर्ने छैन र मेरो लोक (शिवलोक) मा सहजै जान सक्नेछन् ।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(भो लम्बोदर भो क्षेत्र नन्दिभृङ्गिदिशांवराः ।
यूयं रक्षथ मत्क्षेत्रं स्थिता द्वारेषु सन्ततम् ॥
न पश्य येऽनमन् युस्मान् आयान्ति च मदन्तिकम् ।
विघ्नं ददत यूयं वै तेभ्यो देवाः पदे पदे ॥
प्रणम्य गौरवाद् युष्मान् मां प्रपश्यन्ती ये नराः ।
गमिष्यन्ति च मल्लोकं पशुजन्मानि मोचयन् ॥
(हिमवत् खण्ड अध्याय १९८।।५७,५८,५९,६०)

पशुपतिनाथभन्दा अरू देवी-देवताको पूजा र दर्शन पहिले गर्ने नियम किन बसालियो होला भन्ने जिज्ञासा पनि उत्पन्न हुन सक्छ । यसका निम्न कारण हुन सक्छन् :

(१) आफ्नो मन्दिरको रखबारी गरेर बसेका देवीदेवताहरूलाई पहिले पूजा र दर्शन गराएर मात्र आफ्नो पूजा र दर्शन गराउँदा ती देवीदेवता प्रसन्न हुने भए ।

(२) पहिले आफूले खाएर अरूलाई पछि खाओ भन्दा परिवारका सदस्यहरूले चित्त दुखाउने हुन्छन् । पशुपतिनाथमा पनि पहिले उहाँको पूजा गर्ने गरियो भने अरू देवीदेवताको पूजामा पुगनपुग भएर समेत ती आशामुखीको पूजा रोकिन सक्छ । घरमूलीले अरू सबैलाई ख्वाएर वा पूजा गराएर आफूले खाँदा वा पूजा ग्रहण गर्दा सबैको स्थान र प्रतिष्ठाको कदर गरेको मानिन्छ । त्यसै भएर पनि पशुपतिनाथबाट त्यस्तो आज्ञा भएको हुन सक्छ ।

(३) लोक व्यवहारमा अड्डाअदालतमा काम विशेषले जाँदा पनि तल्लोतहदेखि नै समस्या अवगत गराउँदै गइयो भने काम गराउन सजिलो पर्छ । एकै चोटि माथि जाँदा माथिकालाई बुझाउन समय पर्याप्त नहुने, बुझाइहाले पनि तलकाले नबुझ्ने र माथिको तोक लिएर तल आउँदा तलकाले मन दुखाउने र काममा उल्टै ढिलासुस्ती हुन्छ । सोझै माथि जाँदा तलकाले 'हामीलाई नपत्याएर वा नटेरेर माथि गएको' भनिठान्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसहरूको बढी भिड हुने महाशिवरात्रि, बालाचतुर्दशी, तिज आदि पर्वमेलाका बखत भने सबै देवीदेवताको स्थानमा नै पुगेर दर्शन गर्न सम्भव नभए मानसिक रूपमा भने पनि तिनको स्मरण, दर्शन गरेपछि पशुपतिनाथको पूजा र दर्शन गर्नु उचित हुने छ ।

पशुपतिनाथको दर्शनका निम्ति उहाँको मन्दिर प्राङ्गणमा प्रवेश गर्ने चारैतिर बाटा र ढोकाहरू छन् । तिनबाट मन्दिरप्राङ्गणमा प्रवेश गर्दा प्रत्येक ठाउँबाट बेग्लाबेग्लै देवीदेवताको सामुन्ने पुगिन्छ । जुन बाटोबाट प्रवेश गरे पनि सर्वप्रथम उमामहेश्वर पुत्र, बिघ्नविनाशक गणेशको सर्वप्रथम दर्शन गर्नुपर्छ । पशुपति क्षेत्रमा गणेशका मूर्तिहरू ३०/३५ छन् । त्यसैले दर्शन गर्न अभाव हुने देखिँदैन । आफूले प्रवेश गरेका दिशामा गणेशको मन्दिर वा मूर्ति नभए मनमनै भए पनि उहाँको दर्शन गरी अरू देवीदेवताको दर्शन गर्दै जानुपर्छ । उपर्युक्त चारतिरका बाटामध्ये सर्वसाधारणका लागि बढी सहज छ पश्चिमतर्फको बाटो । पश्चिमद्वार रात्रिको निश्चित समयबाहेक अरू बेला जहिले पनि खुला भइरहने भएकाले बढी सहज र सुगम छ । त्यसैले पश्चिमद्वारलाई नै प्रवेशको आधारद्वार मानेर यहाँ उल्लेख गरिएको छ ।

१.४ पूजा र दर्शन गर्ने कम र देवीदेवताको परिचय

(१) गणेश र स्वामी कार्तिकेय

पशुपतिनाथको मन्दिरदेखि पश्चिमतर्फको मूल सडकसँग जोडिएको मूलद्वार नजिकै बाहिरपट्टि उत्तरतर्फ गणेश र दक्षिणतर्फ स्वामी कार्तिकेय हुनुहुन्छ ।

(२) गणेश

मूलद्वारबाट प्रवेश गरेर अलिकति अगाडि बढ्दा वा आर्यघाटतर्फ जाने मूल सडकसँग जोडिएको दक्षिणतर्फको मूल ढोकाबाट आउँदा उत्तरतिर देखिने गणेश हुनुहुन्छ ।

(३) बिल्वपत्र, तुलसी र माधवनारायण

गणेशको दर्शन गरी सोझै पूर्वतर्फ जाँदा भोलेबाबाको मन्दिरको प्राङ्गणमा प्रवेश गर्ने अर्को ढोका आउँछ । त्यसपछि सिँढी ओर्लिएर अगाडि बढ्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामुन्ने नै तुलसी र देब्रेतर्फ चौपारीमा बेलपत्रका बोट देखिन्छन् । तुलसीको मोठको तल्लो भागमा माधवनारायण हुनुहुन्छ ।

(४) नटराज

मोठैनेरबाट उत्तर मोडिएर अगाडि बढ्दा नृत्येश्वरको मन्दिरमा पुगिन्छ, त्यहाँ उहाँको नृत्यमुद्राको मूर्तिमा पूजा र दर्शन गर्नुपर्छ ।

(५) धर्मशाला

मन्दिरको उत्तरतर्फ "भजन कोठा" नामको धर्मशाला छ । उक्त स्थानमा बसेर भक्तजन साँझ-बिहान भगवान्को भजन गर्छन् ।

(६) अन्नपूर्णेश्वरी

नटराजको दर्शन गरी पूर्व मोडिएर अघि बढ्दा अन्नपूर्णेश्वरी देवीको दर्शन पाइन्छ उहाँ पश्चिमतर्फ मुख फर्काएर बस्नुभएको छ । पशुपतिनाथकी अतिप्रिय अन्नपूर्णा आफ्ना भक्तले जे माग्यो, त्यो दिनुहुन्छ भन्ने विश्वास गरिन्छ ।

(७) ज्वरहरेश्वर

धर्मशालाको केही अगाडि तलतिर पत्थरको चौतारामाथि विशाल त्रिशूल र डमरू छ । यसको तल ज्वरहरेश्वर नामक शङ्कर तीन पाउ, तीन हात र तीन शिर रूपमा विराजमान हुनुहुन्छ । "उहाँलाई शुद्ध जल चढाएर रूद्री पाठ गरी दही र चिउरा नैवेद्य चढाई पूजा-अर्चना गर्नाले सबै प्रकारका ज्वरादि रोग नाश हुन्छन्" भनिएको छ ।

(८) भृङ्गी

ज्वरहरेश्वरभन्दा तल चौकोसभित्र अश्वमुखी शिवगणका बीचमा शिवगण भृङ्गी विराजमान छन् ।

अभिमानले उन्मत्त भएर कर्तव्यमा पटक्कै ध्यान नदिने अत्याचारी अन्धकासुरलाई शिवले त्रिशूलमा उनेर हजारौँ वर्षसम्म राख्नुभयो । जब उनको शरीर सुक्तै गयो, उनीभित्रको दुष्टता पनि सुक्तै, हराउँदै गयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनि उनमा एक प्रकारको ज्ञानोदय भयो । त्यसपछि उनले भक्तिभावले विनम्रतापूर्वक शिवको गद्गद् कण्ठले मन्द स्वरमा स्तुति गरे । त्यसपछि भगवान् प्रसन्न हुनुभयो र उनका सबै अत्याचार माफ गरी वर दिनुभयो, उनलाई भृङ्गी नाम दिई आफ्नै सेनापति बनाएर राख्नुभयो । यो कुरा पद्मपुराणमा उल्लेख भएको पाइन्छ । त्यहाँ भृङ्गीका साथमा चण्डेश्वर भगवान् पनि विराजमान हुनुहुन्छ ।

(९) चण्डेश्वर

चण्डेश्वर शिवकै अवतारमध्ये एक हो । उहाँको दर्शन अत्यन्तै पुण्यवर्धक हुन्छ ।

(१०) बगलामुखी

वाँसुकि नागराजको मन्दिरमा जान सिँढी उक्लदै गर्दा दायाँतर्फ भित्तामा बगलामुखी माताको मूर्ति देखिन्छ । बगलामुखी माताको पूजा र दर्शन गर्नाले मनले चिताएका असल कुरा पुग्छन् भन्ने जन-धारणा छ ।

(११) अर्धनारीश्वर

अर्धनारीश्वरको दुर्लभ मूर्ति बगलामुखीको नजिकै उत्तरतिर भित्तामा विराजमान छ ।

(१२) वासुकि

पशुपतिनाथको ईशान दिशा(उत्तर-पूर्व)मा महाशेष वासुकि नागराजको मन्दिर छ । त्यहाँ मन्दिरभित्र सात फणा भएका वासुकि नागराज विराजमान हुनुहुन्छ । उहाँका दुई हात अभय वरद मुद्रामा छन् । वासुकि नागराजले वागमतीमा स्नान गरेर पशुपतिनाथको तपस्या गर्नुभएको थियो । त्यसबाट प्रसन्न भएर आराध्यदेव पशुपतिनाथले वासुकिलाई आफ्नो गलाको हार बनाई थुप्रै वरदान दिनुभएको थियो भन्ने हिमवत् खण्डमा वर्णन गरिएको पाइन्छ ।

"हे नागराज ! तिमी सधैँ मेरो ढोका, ढुकुटी र वरपरका क्षेत्रको रक्षा गरेर यहाँ रक्षक रूपमा बस । जसले तिम्रो दर्शन गरेर मेरो दर्शन गर्ने छ त्यसले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै पापबाट मुक्ति पाएर मेरो दर्शनको भरपूर फल पाउने छ । त्यस्ता व्यक्तिलाई म भोग, मोक्ष, ज्ञान आदि सबै किसिमका लौकिक र पारमार्थिक वस्तुहरू दिने छु ।"

[अपरं रक्षको भूत्वा तिष्ठ नाग ममान्तिके ।
द्वारं निर्धि मम क्षेत्रं सर्वकालं सुरक्षयन् ॥
त्वां पश्य मां प्रपश्यन्ती नरास्ते क्षिणकिल्विषाः ।
तेभ्यो ददाम्यहं नाग भुक्तिं मुक्तिं हृदेप्सिताम् ॥]

यो पशुपतिनाथले अरू देवीदेवतालाई पनि सुनाउनुभएको हिमवत् खण्डमा नै पाइन्छ :–

"मेरो ईशान ढोकाको नजिकै वासुकि नामक नागराज हजारौं नागका साथ निरन्तर बस्तछन् । यसैले दर्शनको फल प्राप्त गर्ने इच्छा गर्ने व्यक्तिले पहिले वासुकि नागराजको दर्शन गरेर मात्र मेरो दर्शन गरोस् । जो पहिले ती नागराजको दर्शन गरेर मेरो दर्शन गर्दछ, ऊ सबै पापबाट मुक्त हुन्छ । त्यसलाई म भोग, ऐश्वर्य, मुक्ति सबै दिन्छु ।)"

[–तत्र पूर्वोत्तरे पार्श्वे वासुकिर्नाम नागराट् ।
वृतो नागसहस्रैस्तु द्वारि तिष्ठति मेऽनिशम् ॥
प्रथमं सो नमस्कार्यस्ततोऽहं तदनन्तरम् ॥
अनेन विधिना पुंसामविघ्नं विशतां भवेत् ।
हिमवत् खण्ड ८३ ।१०८ ,११०]

राजा प्रताप मल्लका पालामा कुनै नागले पशुपतिनाथको एकमुखे रुद्राक्ष चोरी लगेको र वासुकि नागले थाहा पाई ती नागलाई मारी उक्त रुद्राक्ष पशुपतिनाथको जलहरीमा हालिदिएको वंशावलीमा उल्लेख गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१३) केदारेश्वर

वासुकि नागको नगिचै दक्षिणतर्फ केदारेश्वरको मन्दिर छ ।

(१४) हाटकेश्वर (सिद्धेश्वर)

वाँसुकि नागको दर्शन गरी सिँढी ओर्लँदै गर्दा सिद्धेश्वर महादेव विराजमान हुनुहुन्छ ।

(१५) गुप्तेश्वर

वाँसुकि नागको दर्शन गरी तलतिर जाँदा गुप्तेश्वर महादेव कोठाभित्र विराजमान हुनुभएको देखिन्छ ।

(१६) शेषनारायण

वासुकि नागको स्थानबाट सिँढी ओर्लिई सम्म मैदानमा आइपुगेपछि लालगणेशको स्थान नजिकै शेषनागको शैय्यामा सुकला गर्नुभएको शेषनारायणलाई देख्न सकिन्छ ।

(१७) लालगणेश

पशुपतिनाथ प्राङ्गणको पूर्व दिशामा लाल गणेशजीको मन्दिर छ । त्यहाँ लालगणेश विराजमान हुनुहुन्छ । गणेश विभिन्न युगमा अनेक रूपमा प्रकट हुनुभएको छ । सृष्टिको शुरूमा जब गणेशलाई शङ्करले गजमुखले सुशोभित गराउनुभयो, त्यस बेलादेखि गणेशजीको वर्ण, वस्त्र, चन्दन, फूल आदि सबै लाल रङ्गका हुने गरेका छन् । गणेश पार्वतीका पुत्र हुनुहुन्छ । 'उहाँको दर्शन गर्नाले मनले चिताएका असल कुरा सबै पूरा हुन्छन् र सबै विघ्नबाधा नाश हुन्छन्' भनी शास्त्रमा वर्णन गरिएको छ र भक्तहरूको यही विश्वास छ । प्राचीन कालदेखि नै गणेशजीको अग्रपूजा हुने गरेको छ ।

(१८) निद्रेश्वर

लालगणेशको मन्दिर नजिकै निद्रेश्वर भगवान्को मन्दिर छ ।
पापकर्म र विषयवासनामा लिप्त व्यक्तिलाई सद्‌बुद्धि दिने निद्रेश्वर भगवान्को पूजा र दर्शन गर्नुपर्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१९) कृष्ण
परमात्मा, हरि जस्ता विभिन्न नामले समेत प्रख्यात लीलानायक कृष्णको पूजा र दर्शन गर्दा दुःखकष्टबाट छुटकारा पाइन्छ, ।

(२०) सूर्यनारायण
लालगणेशको पूजा र दर्शन गरी उहाँको मन्दिरलाई दायाँ पारेर जाँदा हामी सूर्यको मन्दिरमा पुग्छौं । शत्रुहरूबाट उत्पन्न हुने विभिन्न प्रकारका भय, सम्पूर्ण पाप र रोग नाश गर्ने असाधारण शक्ति भएका देवका रूपमा हामी सूर्यलाई मान्छौं । भक्तिभावले उहाँको पूजा–आराधना गर्दा जस्तोसुकै भयानक रोग पनि निको हुन्छ भन्ने जनविश्वास छ ।

(२१) गरूडनारायण
शेषनारायणको पूर्व आर्यघाटतर्फको भित्तामा गरूडनारायणको मूर्ति छ ।

(२२) सरस्वती
गरूडनारायणको मूर्तिभन्दा केही पर विद्याकी अधिष्ठात्री वागेश्वरी सरस्वती विराजमान हुनुहुन्छ । सरस्वती माताको मूर्तिसंगै अन्य देवीदेवताका मूर्ति पनि त्यहाँ भित्तामा छन् ।

(२३) मुक्तिमण्डपबाट
वागमती, गङ्गामाता, तारकेश्वर महादेव एवं ब्रह्मनाल दर्शन
सरस्वती र अन्य देवीदेवताको दर्शन गरेर अगाडि बढ्दा मुक्ति मण्डपको अगाडि पुगिन्छ । त्यहाँबाट पूर्वतर्फ हेर्दा वागमती नदी, गङ्गामाता, तारकेश्वरलाई देख्तछौं । उहाँहरूको दर्शन गरी जीवनको आखिरी अवस्थाको विश्रान्तिस्थल ब्रह्मनाललाई पनि नमस्कार गर्नुपर्छ ।

(२४) मुक्तिमण्डपबाट नै मृगेश्वर, माधवनारायण दर्शन
तल वागमतीको किनारमा रहनुभएका मृगेश्वर र माधवनारायणको समेत स्मरण गरी दर्शन गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२५) विरूपाक्ष

शङ्करका अवतारहरूमा विरूपाक्ष पनि पर्नुहुन्छ । विरूपाक्षका बारेमा विस्तृत वर्णन उमामहेश्वर क्षेत्रको परिचयका प्रशङ्गमा भएको छ ।

(२६) मुक्तिमण्डप

पशुपतिनाथमन्दिरको पूर्वतर्फ एक मण्डप छ । यसलाई मुक्तिमण्डप भन्ने गरिन्छ । यहाँ भक्तजनहरू समयसमयमा भजन-कीर्तन गर्छन् । यहाँ बसेर शान्त चित्त भएर पशुपतिनाथको स्मरण गर्नु उत्तम मानिएको छ । त्यही मण्डपको पश्चिमतर्फ सन्तापहरेश्वर शिवलिङ्गका रूपमा विराजमान हुनुहुन्छ । सन्तापहरेश्वरभन्दा अलि अग्लो स्थानमा पूर्वतर्फ मुक्तिमण्डपेश्वर शिवलिङ्ग विराजमान हुनुहुन्छ ।

(२७) कृष्ण

सन्तापहरेश्वर महादेवको दर्शन गरी सिँढी ओर्लेर अलिकति पश्चिमतर्फ अगाडि बढ्न लाग्दा कृष्णको मन्दिर दक्षिणतर्फ देखिन्छ ।

(२८) ऋद्धि-सिद्धिसहितका गणेश

गणेश पशुपतिनाथको मन्दिरको प्राङ्गणमा ठाउँठाउँमा हुनुहुन्छ । पशुपतिनाथको दक्षिण ढोकाको तलतिर पूर्वी भागमा ऋद्धि–सिद्धि सहितका गणेश विराजमान हुनुहुन्छ ।

(२९) छत्रचण्डेश्वर महादेव

पशुपतिनाथको मन्दिरको दक्षिण-पूर्वतर्फ एक अर्को चौपारीमा छत्रचण्डेश्वरको उभिएको मूर्ति छ । उहाँ शिवकै अवतार मानिनुहुन्छ ।

(३०) गणेश र कीर्तिमुख भैरव

पशुपतिनाथको मन्दिरको प्राङ्गणमा दक्षिणतर्फ शीतला माताको नजिकै गणेश र कीर्तिमुख भैरव हुनुहुन्छ ।

कीर्तिमुख भैरबका बारेमा पद्मपुराणमा स्वयं पशुपतिनाथले भन्नुभएको यस्तो उक्ति भेटिन्छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"हे भैरव तिमी कीर्तिमुख नामले प्रख्यात भई मेरै द्वारपाल भएर बस । जसले तिम्रो पूजा गर्दैन, त्यस व्यक्तिलाई म मन पराउन्न । जसले पहिले तिम्रो पूजा नगरी मेरो पूजा गर्दछ त्यस व्यक्तिले गरेको मेरो पूजा व्यर्थ हुने छ ।"

[त्वं कीर्तिमुखसंज्ञो हि भव मद्द्वारगः सदा
त्वदर्चां नैव कुर्वन्ति नैव ते मत्प्रियङ्करा : ॥
नार्चयन्तीह ये पूर्वं तेषामर्चा वृथा भवेत् ॥]

कीर्तिमुख भैरवका बारेमा शिवपुराणमा एक रोचक कथा छ : अतिप्राचीन कालमा पार्वतीको रूपको वर्णन सुनेर दैत्य जालन्धरले "पार्वतीलाई लिएर आऊ" भनी राहुलाई शिव कहाँ पठायो । राहुले शिवकहाँ गएर भन्यो– " तिमी श्मशानवासीलाई यस्ती सुन्दरी पत्नी किन चाहियो ? यी त दैत्यराज महाराज जालन्धरलाई पो सुहाउँछिन् । उनलाई देउ म लिएर जान्छु ।" राहुको कुरा सुनेर महादेव अत्यन्त क्रोधित बन्नुभयो र उहाँले आफ्ना आँखाबाट सिंहको मुख भएको अत्यन्त डरलाग्दो एक पुरूषलाई निकाल्नुभयो । ती पुरूषले राहुलाई खाने इच्छा गरेर लखेट्न थाले । लखेट्ता लखेट्ता राहु पक्रिइने र खाइने अवस्थामा पुग्यो । उसले त्यसबेला आफूलाई बचाउने अरू कोही देखेन र शिवकै शरण पऱ्यो र "शिव शरणम् शिव शरणम् "भनेर पुकार्न थाल्यो । त्यसको त्यस्तो दयालाग्दो पुकार सुनेर शिव प्रसन्न हुनुभयो र ती पुरूषलाई राहुलाई लखेट्न छाड्ने आदेश दिनुभयो । त्यसपछि राहु शिवको करूणा पाई बचेर जान सफल भयो । उक्त पुरूषले शिवको नजिकमा आएर भने, 'प्रभु हजुरले मेरो आहारा छोडिदिनुभयो । म भोकले मर्न आँटें । अब म के खाऊँ ?' त्यसपछि महादेवले पनि ती पुरूषलाई "भोक लागेका भए आफ्नै हात-खुट्टा र अरू ठाउँको मासु छिटोछिटो खाऊ" भन्नुभयो । यसरी महादेवबाट आज्ञा भएपछि ती पुरूषले पनि आफ्नो हात खुट्टा लगायत घाँटीमुनिका सबै भागको मासु खाए । त्यसपछि शिव ती पुरूषको साहस र स्वामीभक्ति देखेर ज्यादै प्रसन्न हुनुभयो र हर्षित भएर "वर माग "भन्नुभयो । महादेवको कुरा सुनेर त्यसै अलमलिएका ती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुषलाई शिवले कीर्तिमुख नाम दिनुभयो र भन्नुभयो "हे भैरव अबदेखि तिमी कीर्तिमुख नामले प्रसिद्ध भई मेरै द्वारपाल भई बस । जसले तिम्रो पूजा गर्दैन, त्यस व्यक्तिदेखि म खुशी हुन्न । जसले तिम्रो पूजा नगरी पहिले मेरो पूजा गर्छ उसको पूजा व्यर्थ हुन्छ ।" 'त्यसैबेलादेखि कीर्तिमुख भैरव पशुपतिनाथको मन्दिरको दक्षिणतर्फ रहनुभएको हो' भनिन्छ ।

(३१) शीतलादेवी

कीर्तिमुख भैरवको नजिकै दक्षिणतिर एक सानो मन्दिर छ । त्यहीँ शीतला माता विराजमान हुनुहुन्छ । कीर्तिमुख भैरवको पूजा गरेपछि उहाँको पूजा र दर्शन गर्नुपर्छ ।

सबै किसिमका विस्फोटकादि रोगबाट मुक्ति दिने भएकी शीतला देवीलाई भक्तिपूर्वक पूजा-अर्चना गर्ने व्यक्ति बिफर, लुतो आदि चर्मरोगबाट मुक्त हुन्छ ।

शीतला माताको भक्तिभावले पूजा गरेर शीतलाष्टक पाठ गर्नु वा सुन्नु ज्यादै ठूलो पुण्य कार्य हुन्छ भनिएको छ ।

(वन्देऽहं शीतलां देवीं सर्वरोगभयापहाम् ।
यामाराध्य निवर्तेत विस्फोटकभयं महत् ॥
संपूज्य विधिवद् देवीं श्रुणुयाद् शीतलाष्टकम् ॥ स्कन्दपुराण)

(३२) सिद्धेश्वर महादेव

शीतलादेवीको दक्षिणतिर सिद्धेश्वर महादेव शिवलिङ्गका रूपमा हुनुहुन्छ ।

(३३) चौसट्ठीलिङ्ग एवं कोटि लिङ्गेश्वर

पशुपतिनाथ मन्दिरको दक्षिणतर्फ कोटीलिङ्गेश्वर महादेव हुनुहुन्छ । राजा प्रताप मल्लले आफूले गरेको व्यभिचारको पाप नाश होस् भन्ने कामनाका साथ विसं १७१२ मा मन्दिर निर्माण गरी महादेवको स्थापना गरेका हुन् । त्यहाँ अरू पाँच सयभन्दा बढी .शिवलिङ्ग स्थापना गरिएका छन् । 'ती शिवलिङ्गको परिक्रमा गर्दा चौरासी लाख योनिमा पर्नु नपर्ने हुन्छ' भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहाँ परिक्रमा गर्दा नेपालका विभिन्न स्थानमा रहेका प्रसिद्ध चौसट्ठी शिवलिङ्गहरूको परिक्रमा गरेजत्तिकै पुण्य मिल्छ भनिन्छ ।

(३४) उन्मत्त भैरव

चौसट्ठीलिङ्ग एवं कोटि लिङ्गेश्वर दर्शन गरेर केही अघि बढी परिक्रमा गरिने मन्दिर उन्मत्त भैरवको हो । मन्दिरभित्र पसेर हेर्दा हामी विशाल शरीर भएका उन्मत्त भैरवको दर्शन पाउँछौँ ।

उन्मत्त, असिताङ्ग, रूरू, काल, संहारक, क्रोध, आनन्द, चण्ड नाम गरेका आठ भैरवभैरवी शक्ति र गणहरूका साथ आआफ्ना हातहतियारले सुसज्जित भएर चारैदिशामा रहनु भएको मानिएको छ । अतः यी सबैको स्मरण एवं दर्शन गर्नुपर्छ भनिएको छ । विसं १५२५ मा यक्ष मल्लका पालामा कर्णाटकका ब्राह्मण नारायण भट्टले उन्मत्त भैरवको मूर्ति स्थापना गरेका हुन् । यस मन्दिरको डिजाइन भने इ. शङ्करनाथ रिमालले गर्नु भएको हो ।

(३५) यज्ञशाला–पाकशाला

पशुपतिमन्दिरको दक्षिणतर्फ नवग्रह र नवदुर्गाको स्थानदेखि पनि दक्षिणतर्फ एक यज्ञ शाला र पाकशाला छ । त्यहाँ समयसमयमा यज्ञ गरिन्छ भने पशुपतिनाथलाई चढाइने प्रसाद, भुजा आदि तयार गरिन्छ ।

(३६) नवदुर्गा

यज्ञशाला र पाकशाला परिक्रमा गरी अगाडि गएपछि एक शिवलिङ्ग देखिन्छ । उहाँको दर्शन गरी अगाडि बढ्दा नवदुर्गाको दर्शन पाइन्छ । नवदुर्गाकै समीपमा भित्तामा गणेश विराजमान हुनुहुन्छ । उहाँको दर्शन गरेपछि मनकामना, दक्षिणकाली र अन्य दुर्गामाताहरूको दर्शन गर्नुपर्छ ।

(३७) अनन्तेश्वर

अज्ञानरूपी अन्धकारलाई नाश गर्ने, नन्दी, भृङ्गी आदिले स्तुति गरिएका, पार्वतीका अर्धशरीरधारी, त्रिविधदुःखहर्ता, सूक्ष्म, अनन्त र आद्यस्वरूप भक्तहरूका परम कल्याणकारी शिवकै अर्को नाम हो अनन्तेश्वर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३८) नवग्रह

हाम्रो जीवनमा ग्रहहरूको महत्त्वपूर्ण स्थान छ । ती नवग्रह हुन् : १.सूर्य २.चन्द्र ३.मङ्गल ४.बुध. ५.वृहस्पति. ६.शुक्र. ७.शनि. ८.राहु र ९. केतु ।

यज्ञशालाको अगाडि पशुपतिनाथ मन्दिरको प्राङ्गणको नैऋत्य भागमा (पश्चिम-दक्षिण) शिलामा निर्मित नवग्रहहरूको यन्त्र छ ।

(३९) सत्यनारायण

विष्णुको सहस्र नाममध्ये सत्यनारायण पनि एक हो । पशुपतिनाथको मन्दिरको पश्चिमपट्टि सत्यनारायणको मन्दिर छ ।

(४०) रत्नेश्वर र रामेश्वर शिवलिङ्ग

सत्यनारायण मन्दिरसँगैका दुई मन्दिरमा रत्नेश्वर र रामेश्वर नामका दुई शिवलिङ्ग छन् ।

(४१) हनुमान

पशुपतिनाथको मन्दिरको प्राङ्गणमा पश्चिमतर्फ पत्थरको आसनमा हनुमान विराजमान हुनुहुन्छ । जतिसुकै ठूला विपत्तिबाट पनि छुट्कारा दिन सक्ने असाधारण सामर्थ्य रामका परमभक्त हनुमान्सँग भएको जनविश्वास छ । हनुमानको पूजाआजा गरेर समयले भ्याए र गर्नसक्ने भए 'हनुमान चालिसा'! र 'सङ्कटमोचन स्तोत्र' पाठ गर्दा उत्तम हुन्छ । नसके दर्शन र पूजाआजाको पनि ठूलो महिमा छ । हनुमानको शक्ति अपरम्पार छ । भित्री मनले उहाँको प्रार्थना, पूजा र दर्शन गर्दा पूरा हुन नसक्ने कुनै कुरा छैन भन्ने जनविश्वास छ ।

(४२) विशाल नन्दी, लघु नन्दी र मन्दिरभित्रका नन्दी

पशुपतिनाथमन्दिर प्राङ्गणको पश्चिम, मूलद्वारको अगाडि, विशाल पत्थरको आसनमा पशुपतिनाथको ध्यानमा मग्न भएर नन्दिकेश्वर विराजमान हुनुहुन्छ । यो प्रतिमा तामामा सुनको जलप लगाएर बनाइएको छ । त्यसको ठीक अगाडि नन्दीकै अर्को सानो मूर्ति छ । पशुपतिनाथको पश्चिम ढोकाको भित्रपट्टि चाँदीले मण्डित नन्दीको सानो खडा मूर्ति छ । उहाँलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाहिरबाट नै नमस्कार गर्नुपर्छ ।
दर्शन गर्ने मन्त्र

धर्मस्त्वं वृषरूपेण जगदानन्दकारकः ।
अष्टमूर्तेरधिष्ठानमतः पाहि सनातनः ॥
स्कन्दपुराण ॥

(जगत्लाई आनन्दित गर्ने हे नन्दी । तपाईं वृषभ (साढेका रूपमा) धर्मका अवतार र पशुपतिनाथको बाहन पनि हुनुहुन्छ । साथै सधैँ पशुपतिनाथसँग नै बस्नुहुन्छ । यसैले तपाईंलाई वृषभ योगीश्वर पनि भनिएको छ । तपाईँ हाम्रो सधैं रक्षा गर्नुहोस् ।)
माथि उल्लेख गरिएका बाहेक पशुपतिनाथको प्राङ्गणमा दृश्यादृश्यरूपमा रहेका सम्पूर्ण देवीदेवतालाई मनमनै दर्शन गर्नुपर्छ ।
यसरी सबै देवीदेवताको पूजाआजा र दर्शन गरिसकेपछि मात्र पशुपतिनाथको पूजा र दर्शन गर्नुपर्छ । यो अत्यन्त प्रामाणिक छ तर पनि धेरैजसो मानिसहरू सबैभन्दा पहिले पशुपतिनाथको दर्शन गर्छन् । अञ्जानमा जसले जे गल्ती गरेपनि पशुपतिनाथले माफ गरिदिनुहुन्छ तर जानेर पनि कसैले गल्ती गर्छन् भने उनलाई कतैबाट पनि माफ हुन सक्तैन ।

१.५ पशुपतिनाथको दर्शन र पूजा-आराधना

पशुपतिनाथको मन्दिरको पश्चिमतर्फको ढोका विशेष परिस्थितिबाहेक बिहान ४ बजेभन्दा अघि नै खुल्छ । अन्य ढोका भने बिहान ९ बजेपछि मात्र खुल्छन् । प्रातः भ्रमण गर्नेहरूले समेत 'एक पन्थ दुई काज' ठानेर पशुपतिनाथको दर्शनसमेत हुने गरी मिलाएका हुन्छन् । यसैले आराध्यदेवको पूजा र दर्शन गर्नेहरू दिन प्रतिदिन बढ्दै गएका छन् ।

पशुपतिनाथको दर्शन गर्न आउनेहरूको सधैँ भिड हुन्छ, तर पनि सोमबार, एकादशी, प्रदोष परेका बखत र शनिबारका दिन बढी भिड हुने गर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वसाधारण जनताले पशुपतिनाथको पूजा र दर्शन बाहिर उभिएर मात्रै गर्न सक्छन् । मन्दिरभित्र पुजारी र भण्डारीबाहेक अरूलाई पस्ने अनुमति छैन । 'भगवान्‌को मुख्य शरीर पुजारीबाहेक अरूले छुन मिल्दैन' भनिन्छ । त्यसैले पूजाका निम्ति लगिएको पूजा सामग्री र जल भण्डारी वा पुजारीलाई दिनुपर्छ । त्यसरी दिइएका पूजा-सामानमध्ये भगवान्‌लाई चढाउन लायक समग्रीले भगवान्‌को नित्यपूजाका अवसरमा पुजारीले पूजा गरिदिन्छन् ।

भगवान्‌को पूजाका सन्दर्भमा सबैभन्दा ठूलो कुरा भावना हो । पवित्र मन र चोखो भावनाले टाढैबाट पूजा र दर्शन गर्दा पनि पशुपतिनाथ अवश्य नै प्रसन्न हुनुहुन्छ । आश्चर्यलाग्दो र विडम्बना यो छ, कतिपय मानिसहरू पशुपतिनाथको दर्शन गर्न आएका बखत पनि निकै हतारिएका र कुनै मेलो पूरा गर्न आएका जस्ता देखिन्छन् । लाममा बसेका मानिसहरूलाई ठेल्दै, हतारिँदै भगवान्‌लाई अत्यन्तै छिटो दर्शन गरेर फर्कन्छन् तर अन्यत्र भने समयको महत्त्व नै नबुझी घण्टौं गफ हाँकेर बस्छन् ।

१.५.१ पशुपतिनाथका पाँच मुखको पूजा र दर्शन

भक्तहरूले आफूले लगेका पूजा सामग्री चढाउन दिइसकेपछि बाँकी रहने सामग्रीले पशुपतिनाथका चारै ढोकामा भगवान्‌लाई सम्झिएर भक्तिभावका साथ पूजा गर्ने चलन छ । पश्चिम ढोकाबाट पशुपतिनाथको पूजा र दर्शन गरेपछि क्रमशः उत्तर, दक्षिण र पूर्वका ढोकाबाट उहाँको पूजा र दर्शन गर्नुपर्छ । ढोका खुला भएका बखत भित्रै पसेर (गर्भगृहभन्दा बाहिरबाट) र ढोका बन्द भएका बखत बाहिरबाट नै दर्शन र पूजा गर्न सकिन्छ । त्यसरी पूजा गर्दा क्रमैले गर्नुपर्ने विधान छ । सर्वप्रथम पश्चिमद्वारबाट पशुपतिनाथको सद्योजात रूप अर्थात् बालरूप, त्यसपछि उत्तरतर्फको ढोकाबाट वामदेव रूप, त्यसपछि त्यहीँबाट पूर्वतर्फ नलागी फेरि पश्चिम हुँदै दक्षिणतिर गएर अघोर तथा, त्यसपछि पूर्वतर्फ गई उहाँको तत्पुरुष रूपको पूजा र दर्शन गर्नुपर्छ । चार ढोकाबाट चारमुखको पूजा र दर्शन गरेपछि भगवान्‌को पाँचौं मुख ईशानको स्मरण गरी पूजा र दर्शन गर्नुपर्छ । त्यस्तै पशुपतिनाथको कालाग्नि रूद्रका रूपमा अधोमुखको स्मरण, पूजन र दर्शन गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.५.२ पशुपतिनाथका पाँच मुख

पशुपतिनाथका प्रतिष्ठित मुखलिङ्ग विष्णुधर्मोत्तर पुराणमा वर्णित लक्षणअनुसार निर्माण भएको छ । यसमा पूर्व, पश्चिम, दक्षिण र उत्तर गरी चार मुख छन् । सबैका बीचमा आकाशतिर फर्किएर रहेको निराकार भागलाई पाँचौं मुख अर्थात् ईशान मुख मानिन्छ । तन्त्रशास्त्रले सबैभन्दा तल छैटौं अधोमुख पनि मानेको छ ।

पशुपतिनाथका पाँच मुखको सङ्क्षिप्त परिचय

सद्योजात

महादेवका पाँच मुखमध्ये पश्चिमतर्फ मोहडा भएको मुख सद्योजात हो । सद्योजातको अर्थ भर्खरै जन्मेको भन्ने हुन्छ । यो मुख भर्खर जन्मिएको शिशुको जस्तै शान्त र सुकोमल छ । वेदमा यसलाई 'पशुपति' भनिएको छ । यसले पृथ्वीतत्वको प्रतिनिधित्व गर्छ । यसलाई नन्दिमुख पनि भनिन्छ । यसको गन्ध उपस्थ (शरीरको तल्लो भागका अङ्ग) हो र यो घ्राणेन्द्रिय अर्थात् नाकको अधिष्ठान हो । यसमा तीन आँखा, टाउकामा श्रीपेच, शिरमा अर्धचन्द्र र दुवै कानमा एकै खाले कुण्डल छन् । पश्चिम मुहार कुब्जिका शक्तिले अभिन्न ब्रह्मस्वरूप मानिएको छ । यस मुखको दर्शन र ध्यान गर्नाले इहलोकमा तत्वज्ञान र वाञ्छितफल प्राप्त हुन्छ भने मृत्युपश्चात् संसाररूपी भवसागर (जन्ममृत्युको चक्र)बाट मुक्ति पाइन्छ । ऋग्वेदको उत्पत्ति यसै मुखबाट भएको मानिन्छ ।

वामदेव

पशुपतिनाथको उत्तर मोहडाको नाम हो वामदेव । वामदेवका ज्येष्ठ, श्रेष्ठ, रूद्र, काल, कलविकरण, बल, बलविकरण, बलप्रमथन र सर्वभूतदमन नामका नौ शक्ति स्वरूप छन् । यसले जलतत्वको प्रतिनिधित्व गर्छ । यसलाई उमामुख पनि भनिएको छ । यो रस, वायु र रसनेन्द्रिय अर्थात् जिब्रोको अधिष्ठान हो । यसको कपाल बाटिँदै गएर श्रीपेचजस्तो बनेको छ । यस मुहारको शिरमा चन्द्रमा, तीन नेत्र, बायाँ कानमा सर्पको र दायाँ कानमा कमलको फूलजस्तो कुण्डल छ । यो मुख सिन्दूर, चन्दन र पानीजस्तो अत्यन्त उज्यालो र गौर वर्णको छ । उत्तर वक्त्र सिद्धेश्वरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्तिले अभिन्न विष्णुस्वरूप मानिएको छ । यस मुखलाई यजुर्वेदको पिता मानिएको छ । यस मुहारको दर्शन गर्नाले पशुपतिनाथको सामीप्य प्राप्त हुन्छ भनिएको छ ।

अघोर

शङ्करको दक्षिण मुख अघोर हो । यो सत्व, रज र तम गुणयुक्त छ । शिवको यो सृष्टि, स्थिति र प्रलय तीनै अवस्थाको विग्रह रूप हो । यस मुखलाई वेदले 'शर्व' भनेको छ । यसलाई भैरवमुख भनिन्छ । यो रूप, पाउ र चक्षु इन्द्रियको अधिष्ठान हो । यो पशुपतिनाथको रौद्र रूप हो । त्यसैले अरू सबै मुखको अपेक्षा यो डरलाग्दो छ । यस मुहारमा पनि तीन नेत्र छन् । दायाँ कानमा सर्पको र बायाँ कानमा साधारण कुण्डल छ । यसले तेजस्तत्त्वको प्रतिनिधित्व गर्छ । यस मुखबाट 'अथर्ववेद'को गम्भीर स्वर उत्पन्न भएको मानिएको छ । यो मुहार निशेश्वरीशक्तिले अभिन्न रूद्रस्वरूप मानिएको छ । यस मुखको दर्शन गर्नाले जन्म, स्थिति र मृत्युको भयबाट मुक्ति पाउन सकिन्छ भन्ने विश्वास गरिँदै आएको छ ।

तत्पुरूष

भोलेबाबाको पूर्व मुख हो तत्पुरूष । यसको अर्थ परब्रह्म भन्ने हुन्छ । वैदिक साहित्यले तत्पुरूषलाई सम्पूर्ण देवताका राजा इन्द्र र भव नामले समेत पुकारेको छ । यस मुखले वायुतत्त्वको प्रतिनिधित्व गर्छ । यो स्पर्श, हस्त र त्वगिन्द्रिय (छाला)को अधिष्ठान हो । यसमा पनि तीन नेत्र छन् । यस मुखलाई शिवगायत्री पनि भनिन्छ । यो मुख पूर्णेश्वरी शक्तिले अभिन्न ईश्वरस्वरूप मानिएको छ । यस रूपको दर्शन गर्नाले ज्ञान र ध्यान प्राप्त हुन्छ भनिएको छ । शास्त्रमा यस रूपको विशद् वर्णन भेटिन्छ । यो भौतिक भोग, सुख, मन्त्रयोग अनि शिवत्व प्राप्त गराउने खालको हुन्छ । तत्पुरूष मुखलाई 'अथर्ववेद'को स्वरूप मानिएको छ । यिनी सम्पूर्ण व्याधिका रामवाण औषधि हुन्, पाँचै अग्निले समन्वित र सात करोड मन्त्रका नियामक र पचास प्रकारका स्वरवर्णले युक्त छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उर्ध्वमुख

शिवको उर्ध्व मुखलाई ईशान भनिन्छ । सबै शक्ति र सुखको स्रोत, चारै मुखको विन्दु यस मुखलाई पशुपतिनाथको प्रधानस्वरूप मानिएको छ । यसबाट प्रभुले चराचर जगत्, तीन त्रिलोक र चौध भुवनको नियम बाध्ने र लागू गराउने गर्नुहुन्छ । ईशान रूप सदाशिव नै सबै वेदशास्त्र र चौंसठ्ठी कलात्मक विद्याका प्रकाशक र नियामक हुनुहुन्छ । उहाँ नै सकल ब्रह्माण्डका नियन्ता, वेदका प्रतिपालक ,हिरण्यगर्भ अर्थात् ब्रह्माका पनि नियन्ता एवं शान्त र कल्याणस्वरूप अनि ॐकारात्मक शक्तिस्वरूप परब्रह्म हुनुहुन्छ भनी वर्णन गरिएको छ । उर्ध्वमुखलाई कामेश्वरी शक्तिले अभिन्न सदाशिव स्वरूप मानिएको छ । यसले आकाश तत्त्वको प्रतिनिधित्व गर्छ । यो वाणी, शब्द र श्रोतेन्द्रिय (कान)को अधिष्ठान हो । यस मुखको दर्शन र ध्यानको ठूलो महिमा गाइएको भेटिन्छ । योगीहरू यसै रूपको विशेष ध्यान गर्छन् ।

पशुपतिनाथको उर्ध्वमुख निराकार छ । यस निराकार उर्ध्वमुखमा श्रीखण्डचन्दन र रक्तचन्दनको लेपनद्वारा श्रीयन्त्र लेखेर त्यसमा राजराजेश्वरी परमभट्टारिका त्रिपुरसुन्दरी र परम भट्टारक पशुपतिनाथको पूजा गरिन्छ ।

अधोमुख

माथि उल्लिखित मुखहरूका अतिरिक्त तन्त्रशास्त्रले पातालतर्फ एक अर्को अधोमुख पनि रहेको मानेको छः कालाग्नि रुद्र । यस मुख समेत पशुपतिनाथका ६ मुखबाट तन्त्रविद्याका ६ आम्नायको उत्पत्ति भएको तन्त्र शास्त्रमा उल्लेख गरिएको छ ।

१.५.३ विशेष पूजापाठ

सर्वसाधारण भक्तहरूलाई विशेष पूजा गर्ने इच्छा भए पैसा बुझाएर टिकट लिई आफ्नै सामुन्ने पुजारी (भट्ट) मार्फत पूजा गराउन सकिन्छ । त्रयोदशी, चतुर्दशी आदि तिथि र सोमबार पशुपतिनाथको विशेष पूजाका निम्ति उत्तम दिन हुन् । यससम्बन्धी विस्तृत जानकारी अनुसूची १ मा दिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.५.४ पशुपतिनाथको नित्यपूजा

पहिले पशुपतिनाथको धूप–दीप–जल–पुष्प–नैवेद्य गरी सादा र सरल पञ्चोपचार पद्धतिबाट पूजा हुन्थ्यो । पछि विशुद्ध वैदिक विधानका साथ षोडशोपचार (आवाहन, आसन, पाद्य, अर्घ्य, आचमन, स्नान, उपवीत, गन्ध, पुष्प, धूप, दीप, नैवेद्य, ताम्बूल, दक्षिणा, आरती, प्रदक्षिणा)ले पूजा गर्न थालियो । विसं ११९९ मा नेपाल आएका शङ्कराचार्यले पशुपतिनाथको मन्दिरको जीर्णोद्धार गराएर वैदिक पूजापद्धतिका साथै तान्त्रिक पूजापद्धतिबाट पनि पूजा गर्ने चलन चलाए । शैवागमको विशिष्ट तान्त्रिक विधानअनुसारको पूर्णतः गोप्य विधिबाट पूजा गर्ने क्रम पनि भट्टहरू पुजारी भएपछि शुरू भएको मानिन्छ । त्यस बेलादेखि हालसम्म वैदिक र तान्त्रिक षोडशोपचार र पञ्चोपचार दुवैको मिश्रित र संयुक्त विधिबाट पशुपतिनाथको पूजा हुन्छ ।

पशुपतिनाथका भट्टद्वारा नित्य बिहान पूजा हुन्छ र बेलुका आरती गरिन्छ । विशेष पूजा भने पर्वपर्वमा हुन्छ ।

प्रत्येक दिन नित्य पूजाको आवश्यक व्यवस्था मिलाउन सर्वप्रथम पशुपतिनाथका भण्डारीहरू पवित्र जलले स्नान गरी बिहान ४ बजे पशुपतिनाथको पश्चिमतर्फको ढोका खोल्छन् । (जाडो महिनामा यो ढोका खोल्ने समय केही ढिलो पनि हुन सक्छ) । त्यसपछि भण्डारीहरू गर्भगृह सफा गर्न, पूजाभाँडा माझ्न र चन्दन घोट्न व्यस्त रहन्छन् । दिनभरि गरिने पूजाका लागि सामग्री तयार गरिराख्ने तथा भट्टहरू आउँदा उनीहरूलाई पूजा गर्दा लगाउने रूद्राक्ष माला दिने काम पनि भण्डारीहरू गर्छन् ।

प्रत्येक दिन नित्य पूजाका निम्ति मूल भट्ट र अन्य भट्टहरू बिहान ९ बजेतिर भण्डारीहरूबाट रूद्राक्ष माला ग्रहण गरी रूद्रन्यासपूर्वक पशुपतिनाथको मन्दिरभित्र प्रवेश गर्छन् र पशुपतिनाथलाई तीन पटक परिक्रमा गर्छन् ।

पशुपतिनाथको गर्भगृहको नैऋत्यकोणमा आदिकलश र पूर्णकलशको स्थापना एवं वैदिक तान्त्रिक विधिद्वारा पूजन हुन्छ । दिक्पाल, गणेशको पूजा र अर्घ्यस्थापना हुन्छ । वेदपाठ, शङ्ख-घण्टाको ध्वनि, स्तुति, वन्दना,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हस्त-ताली-वादन आदिद्वारा भगवान्‌लाई जागा गराउँछन् र पूजाआराधनाका लागि आफूहरू आएको बिन्ती गर्छन् । आसन, न्यास, अर्घ्य, आचमन, दन्तधावन आदि टकयाएर अघिल्लो दिन पहिऱ्याएका परिधान, माला आदि उतार्छन् । पूजाको शृङ्गार मुहारबाट झिक्ने काम गर्छन् । ईशानमुखको श्रीयन्त्र र पूजाको शृङ्गार भने गणेशको पूजा गरी भूतलाई भाग छुट्याएर मात्र झिकिन्छ । त्यसपछि आदि कलशका लागि ब्राह्मणहरूले ल्याएका दुई गाग्री जलमध्येबाट सबैभन्दा पहिले चाँदीको एक कलशमा जल भरेर त्यस जलमा सबै तीर्थका जललाई आव्हान गरी पूजा गरिन्छ र उक्त जलले पशुपतिनाथलाई आदिकलश स्नान गराइन्छ । आदिकलश स्नानपछि अर्घ्यस्नान हुन्छ । त्यसरी स्नान गराइएको जलले त्यहाँ उपस्थित सबै भक्तलाई अभिषेक गरिदिने चलन छ । यस जलको अभिषेक लिनाले सबै तीर्थमा स्नान गरेको पुण्य मिल्छ भन्ने जन विश्वास छ । आदि कलशको अभिषेक प्रत्येक दिन साढे ९ बजेतिर गरिन्छ ।

आदिकलशको स्नानपछि उत्तर, दक्षिण र पूर्वतर्फका ढोका खोलिन्छन् । त्यसपछि दुई घण्टादेखि साढे दुई घण्टासम्म रूद्राभिषेकसाथ जलधाराले भगवान्‌लाई स्नान गराइन्छ । उक्त रूद्राभिषेकका साथ भगवान्‌लाई स्नान गराएको जलले शिर र शरीरमा सेचन गर्नाले गङ्गास्नानको फल मिल्छ भनी काशीखण्डमा उल्लेख भएको छ । रूद्राभिषेकका साथको उक्त जलधारा स्नानपछि न्यास, गोकुल धूप समर्पण, पञ्चामृत स्नान र तैलाभ्यङ्ग आदि गरेर पूर्णकलशको पूजा र अभिषेक हुन्छ । यसरी भगवान्‌लाई अभिषेक गराइएको जलको महिमा अत्यन्त ठूलो छ । यस जलको अभिषेकको महत्त्व थाहा पाउने भक्तहरू त्यहाँ लामो समयदेखि प्रतीक्षा गरेर बसेका हुन्छन् । यसै बखत प्राङ्गण वरपरका देवदेवीका मन्दिरमा पुजारीबाट पूजा हुन्छ र उक्त पूर्ण कलशको जल भक्तजनलाई छर्किदिने काम हुन्छ । यसै बीच पालोवाला पुजारी भोग पकाउन जान्छन् । त्यसपछि भक्तहरूको दर्शनका निम्ति पश्चिमतर्फको ढोका खुला नै राखी अरू ढोकाहरू बन्द गरिन्छन् ।

त्यसपछि भगवान्‌को शृङ्गारको काम शुरू हुन्छ । शृङ्गार गर्दा भट्टहरू आफूहरूलाई तोकिएको भगवान्‌को मुखको शृङ्गार गर्छन् । प्रभुलाई जनै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिऱ्याइन्छ, नेत्र शृङ्गार गरिन्छ, पोशाक पहिऱ्याइन्छ, हिङ्गुल टक्याइन्छ ।

यसप्रकार चार मुखको शृङ्गार गरेपछि परमभट्टारक पशुपतिनाथको उर्ध्वमुख अर्थात् ईशानमुखको शृङ्गार गरिन्छ । उर्ध्वमुख मानिएको भगवान्‌को मस्तकमा मूल पुजारीबाट श्रीखण्ड चन्दन र रक्तचन्दनको लेपनद्वारा श्रीयन्त्र लेखेर त्यसमा शिवशक्तिस्वरूपा परमभट्टारिका त्रिपुरसुन्दरीको पूजा गरिन्छ । श्रीयन्त्र ब्रह्माण्डका प्रतीकस्वरूप हुन् । यसमा सम्पूर्ण दर्शनलाई समन्वय गराइएको हुन्छ । श्रीयन्त्रको षोडशदल चक्रमा बौद्धदर्शनको समेत पूजा हुन्छ । त्यसपछि रुण्डमाला, अन्य फूलका माला, छाता आदिले पशुपतिनाथलाई सिँगारिन्छ र उहाँको तान्त्रिक र वैदिक विधिले राष्ट्र र जनताको कल्याण कामनाका साथ पूजा गरिन्छ । यसरी बिहानको पूजा सम्पन्न हुन्छ ।

१.५.५ बालभोग

पशुपतिनाथलाई प्रत्येक दिन सर्वप्रथम बालभोग चढाइन्छ । बालभोगमा हलुवा र फलफूल हुन्छन् । बालभोग चढाउनुअघि धूप र आरती टक्याउने काम हुन्छ । त्यसपछि दक्षिण र पश्चिम मुहारको अगाडिको भुइँमा त्रिखुट्टी आसनी स्वरूप राखिन्छ र त्यसैमा चाँदीको थालमा बालभोग टक्याइन्छ । त्यसबखत भण्डारीले गर्भगृहको ठूलो घण्टा बजाउँछन् । बिहानदेखि भक्तजनले ल्याएका फलफूल, मिठाइ आदि चढाइन्छ । श्रृङ्गार, आरती र बालभोगका अवसरमा कुशलेले पञ्चेबाजा र दमाईहरूले नगरा बजाउँछन् ।

बालभोग सकिएपछि पश्चिमपट्टिको बाहेक तीन ढोका बन्द गरिन्छ । त्यसपछि गर्भगृहको सफाइको काम हुन्छ ।

१.५.६ दिउँसोको पूजा र भोग अर्पण

पशुपतिनाथलाई प्रत्येक दिन दिउँसो भोग टक्याइन्छ । भोगमा भुजा, खीर, दाल, तरकारी, अचार, घिउ, दही आदि पर्छन् । भोग प्रायः दिउँसो साढे १ बजेदेखि २ बजेसम्म अर्पण गरिन्छ । यसका निम्ति सात त्रिखुट्टी राखिन्छन् । तिनैमा भुजा, व्यञ्जन आदि सजाइन्छ र अर्पण गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोगमा तीन पाथी, तीन माना, तीन मुठी र तीन चुट्की चामलको भुजा, आधामाना दाल, तीन पाउ साग, एक पाउ घिउ, चार माना जति दूधको खीर, एक कतहारो दही र तारेको आलु अनिवार्य रूपमा हुन्छ । भोगमा मौसमी फल र च्युरा पनि समावेश हुन्छ । महिनामा एक पल्ट प्रत्येक पूर्णिमाका दिन पशुपतिनाथलाई विशेष भोग लगाइन्छ । यस्तै विशेष भोग कात्तिक शुक्ल चतुर्दशीका दिन पनि लगाइन्छ । विशेष भोगमा के के र कति परिमाण लगाइन्छ भन्ने कुरा महास्नानका विषयमा चर्चा हुँदा छुट्टै वर्णन गरिएको छ । यसप्रकारको महाभोग राती ८/९ बजेतिर लगाइन्छ ।

भोग लगाउने कार्य विधिवत् सकिएपछि मूल पुजारी पश्चिमपट्टिको बाहिरी भागमा घण्ट बजाउँदै आउँछन् र पूर्वाभिमुख भएर स्तोत्र पाठ गर्छन् । करीब तीन मिनेटमा भोग सकिएको सङ्केत भण्डारीहरूलाई पुजारीले गर्छन् । भण्डारीहरू भोगका सबै सामग्री बाहिर दिन्छन् । चारै पुजारीहरू प्रार्थना गर्छन् । यसैबीच गोकुलधूप र कपूरको आरती गरिन्छ । बालभोग र भोग पशुपतिनाथमा अर्पण गर्दा जलहरी नजिकको चण्डेश्वरमा पनि चढाइन्छ ।

चण्डेश्वरमा चढाइएको भोगका सामग्री पालोवाला भण्डारीले नवग्रहमा ल्याएर चढाउने गर्छन् । गर्भगृहमा सरसफाई र पुछ्ने काम हुन्छ र चारै ढोका खोलिन्छ । मूलपुजारी पाठ गर्नमा नै व्यस्त हुन्छन् । त्यसभन्दा अगाडि भोग बाहिर लैजाँदा पनि भण्डारीहरू घण्ट बजाउँदै लग्छन् ।

बाहिर बसेका अरू पुजारीहरू पनि हातखुट्टा धोएर भित्र पस्छन् । सबै पुजारीहरू एक पटक पशुपतिनाथको परिक्रमा गर्छन् । त्यसपछि आआफ्नो जिम्माको मुहारमा तकिया, पट्टा र गजुर राख्ने काम गर्छन् । प्रार्थना सकिन्छ, घण्ट बज्न बन्द हुन्छ । भगवान्लाई पङ्खा र चमरले हम्कने, ऐना देखाउने कार्य समेत सम्पन्न हुन्छ ।

मूल पुजारी शङ्ख पूजा गर्छन् । त्यसपछि शङ्खजल भगवान्लाई चढाइन्छ । बाहिर उक्त शङ्खजलको प्रतीक्षामा उभिएकालाई पनि छर्किदिने काम हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शङ्खको जल छर्केपछि राष्ट्रप्रमुखलाई शङ्खजल र प्रसाद छुट्याइन्छ । त्यसपछि जलप्रसाद मूल पुजारी आफूले लाउने, अरू पुजारीहरूलाई लाइदिने र भण्डारीलाई दिने गर्छन् । बाहिरका व्यक्तिहरूलाई पनि फूल प्रसाद दिने गर्छन् । त्यसपछि क्षमायाचनाको प्रार्थना गर्दै हात जोड्दै पुजारीहरू बाहिर निस्कन्छन् ।

बाहिर निस्कँदा शिरमाला भण्डारीलाई जिम्मा लगाएर मात्र निस्कनुपर्ने र जिउको लुगा फुकालेर पालोवाला भण्डारीलाई देखाएर जानुपर्ने हुन्छ तर पुजारीहरूले यस नियमको भने पालना गरेका छैनन् ।

यस प्रकार उपर्युक्तबमोजिम आवाहन, आसन, पाद्य, अर्घ्य, आचमन, स्नान, उपवीत, गन्ध, पुष्प, धूप, दीप, नैवेद्य (बालभोग, भोगसहित), ताम्बूल, दक्षिणा, आरती, प्रदक्षिणा यी षोडशोपचारले पशुपतिनाथको नित्य पूजा गरिन्छ ।

१.५.७ नित्य सायङ्कालिक पूजा र आरती

सायङ्कालिक पूजा र आरतीका लागि साँझ ५ बजेतिर पालोवाला भण्डारीले मन्दिरको पश्चिम ढोका खोल्छन् । सायङ्कालिक पूजाकोलागि सातसात दिनको पालो मिलाइएको हुन्छ । जसको जुन दिनमा भोग पकाउने पालो पर्छ , तिनै पुजारी बेलुकाको पूजा र आरतीको पालोमा पर्छन् ।

पुजारी र भण्डारीहरू हातमुख धोई आचमन गरेर मन्दिरमा प्रवेश गर्छन् । त्यसपछि भाँडा र पूजा सामग्री तयार पार्छन् । त्यस बेला मन्दिरका भित्र र बाहिरका चारै ढोका खोलिन्छ ।

पुजारीले धूप, पञ्चआरती गरेर आरती भोग लगाउँछन् । आरती भोगमा दूध, च्यूरा र पेडा चढाइन्छ । त्यसपछि कपूर आरती हुन्छ । पुजारी स्तोत्रपाठ गर्दै प्रार्थना गर्छन् । बाहिरपट्टि प्रदक्षिणापथमा दर्शनार्थीहरू समूहगत रूपले प्रार्थना गर्छन् । त्यस बेलाको वातावरण अत्यन्त रमाइलो र आनन्ददायक हुन्छ । भगवान्प्रति समर्पित भएर गरिएको प्रार्थनाका बखतको आनन्द अरू कुरासँग दाँज्न नै सकिँदैन । गर्भगृह र बाहिरका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घण्टहरू समेत घन्किरहेका हुन्छन् । प्रार्थनापछि पुजारी चमर, पङ्खा डोलाउँछन् । बिहानको पूजामा जस्तै पशुपतिनाथको प्रत्येक मुहारमा ऐना देखाइन्छ । अनि शङ्खजल तयार गरी चढाइन्छ । त्यसपछि शङ्खजल वर्तमान राष्ट्राध्यक्षलाई छुट्याई पुजारी आफू लिन्छन्, भण्डारीलाई दिन्छन् र बाहिर प्रदक्षिणापथमा बसेका दर्शनार्थीहरूलाई पनि छर्किदिन्छन् । बेलुका भने बिहानको जस्तो आफूखुशी पूजा हुँदैन । यसरी बेलुकाको आरतीपछि ७–८ बजेतिर मन्दिरको ढोका बन्द गरिन्छ । यो कार्य गर्मीमौसममा ८ बजे र जाडो मौसममा ७ बजेसम्ममा सम्पन्न गरिन्छ ।

पशुपतिनाथको दैनिक पूजाआजा, दैनिक भोग र पूजाका सरसामान आदिको व्यवस्था नेपाल सरकारका तर्फबाट गरिएको हुन्छ । यसबाहेक महाभोग, अन्य व्यवस्था चलाउन दोख्खा बिर्ता, फटकशिला बिर्ता, मकै सुब्बाको गुठी, नगरा गुठी, गाई गुठी, मिठाई गुठी, खीर गुठी, धतुर गुठी, तेल गुठी आदि बिर्ता र गुठी पनि छन् । पुजारी, भण्डारी र पूजाआजामा खटिएकाहरूका लागि विभिन्न व्यवस्था गरिएको पाइन्छ । अझ अहिले आएर त पशुपति क्षेत्र विकास कोषले उनीहरूलाई निश्चित पारिश्रमिक नै तोकिदिएको छ ।

१.५.८ तिथिपर्व पूजा

अष्टमी, एकादशी, त्रयोदशी, चतुर्दशी, सोमबार, शनिबार , गुरुपूर्णिमा, नागपञ्चमी, ऋषितर्पणी, तिज, नवरात्रि, वैकुण्ठचतुर्दशी, स्वस्थानी व्रतारम्भ, टिकीछाँ (छायादर्शन), स्वस्थानी व्रतसमाप्ति, महाशिवरात्रि, शीतलाष्टमी, रामनवमी, साउनको सोमबार, चन्द्रग्रहण, सूर्यग्रहण जस्ता विशेष पर्वमा पनि भक्तजनहरू पशुपतिनाथको श्रद्धाभक्तिपूर्वक पूजाआराधना र दर्शन गर्छन् । त्यस बेलाका भक्तहरूको भिड पार पाइसाध्यको हुँदैन ।

१.५.९ प्रत्येक पूर्णिमामा गरिने महास्नान र विशेष पूजा

प्रत्येक पूर्णिमाका दिन नित्यपूजापछि महास्नान र विशेष पूजा गरिन्छ । त्यस दिन दूध, दही, घिउ, मह, चिनी, आदिबाट तयार भएको २५ माटाका भिउँटमा राखिएको पञ्चामृत पशुपतिनाथलाई महास्नानका रूपमा चढाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि मन्दिरको दक्षिण द्वारअगाडिको प्राङ्गणमा रहेको धर्मशिलामा छ मुरी, छ पाथी, छ माना, छ मुठी (पौने तेह्र मन) चामलको भुजा र अनेक किसिमका दाल, व्यञ्जन (तरकारी), अपुङ्गो, मिठाइ आदिको भोग पशुपतिनाथलाई लगाइन्छ । यज्ञशालामा यज्ञ र वृषोत्सर्ग पनि हुन्छ । वृषोत्सर्गका रूपमा एक बाछालाई पशुपतिनाथको बाहन साँढे बनाएर छाडिन्छ । रातको समयमा घिउ र तेलको बत्ती बालिन्छ ।

प्रत्येक पूर्णिमाका दिन पशुपतिनाथलाई महास्नान गराउने चलन तत्कालीन राजा रणबहादुर शाहले चलाएका हुन् । यसका निम्ति उनले विसं १८५६ वैशाखशुक्ल पूर्णिका दिन लालमोहर गरी ८८०० मुरी धान फल्ने ८८ खेत गुठी राखेका थिए । उक्त जग्गा काठमाडौँ र काभ्रे पलाञ्चोक जिल्लामा पर्ने साँखु उत्तरको फटकशिलामा पर्छ । उक्त जग्गाको आम्दानी र त्यसबाट खर्च गर्नुपर्ने दरबन्दी, कामको बाँडफाँड उक्त लालमोहरमा नै उल्लेख गरिएको छ । उक्त गुठी लालमोहर "ढड्डा लालमोहर"का नामले प्रख्यात छ ।

पहिले महास्नानलाई आवश्यक पर्ने दही, चामल, चिउरा, मास, दाउरा, फलफूल, बोका, चौरासी व्यञ्जनमा परिणत साग, जडीबुटी, पात आदि फटकशिलाबाट नै ल्याउने व्यवस्था गरिएको थियो तर अब मोहीहरूले गुठी संस्थानमा कूत बुझाउने गरेका छन् । अब गुठी संस्थानले ठेक्का लगाएर आवश्यक सामग्री ठेकेदारमार्फत नै उपलब्ध गराउने गरेको छ ।

(क) महास्नानमा चाहिने मुख्यमुख्य सामान

१. गाईको दूध	२७ पाथी
२. दही	२७ पाथी
३. मह (स्नानका लागि ७५ कुरूवा)	८१ कुरूवा (एक मुरी दुई माना)
४. गाईको घिउ (महास्नान गराउन ३३ धार्नी र पाँच पाउ)	४६ धार्नी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. चिनी — ३३ धार्नी र पाँच पाउ

६. भुजा तयार गर्ने चामल — ६ मुरी ६ पाथी ६ माना ६ मुठी

७. दीपमाला गर्ने र भोग पकाउन कुमारीपट्टि र कामका लागि समेत जम्मा तेल १२० माना (१५ पाथी) (दीपमालिकाका निम्ति १२ पाथी) माहास्नानका बेला पशुपति क्षेत्रका अन्य देवीदेवताको पनि पूजाआजा गरिन्छ ।

(ख) अन्य देवीदेवताका पूजाआजा र बलिका निम्ति आवश्यक सामान

कीर्तिमुख भैरवलाई पूजा गर्ने सामान र चढाइने

बलिका निम्ति	राँगो एक र बोका एक
गुह्येश्वरीमा पूजाका निम्ति सामान र बलि चढाउन बोका	एक
अन्य देवी देवताका निम्ति पूजा सामान र बलिका निम्ति हाँस	पाँच
हाँसका फूल	पाँच

(ग) महास्नानमा चााहिने जनशक्ति

पशुपतिका भट्ट	चार जना
बाँसुकीका पुजारी भट्ट	एक जना
महाभोग पकाउने झा ब्राह्मण	१३ जना
हिमवत् खण्ड, काशी खण्ड पाठ गर्ने	१७ जना
रूद्री पाठ गर्ने ब्राह्मण	दुई जना
वेद पाठ गर्ने ब्राह्मण	१२ जना
चण्डी पाठ गर्ने	दुई जना
पशुपति सहस्र नाम पाठ गर्ने	आठ जना
परिवार पूजा गर्ने आचाजु	१२ जना
कीर्तिमुख भैरवका पुजारी (आचाजु)	एक जना

(घ) यज्ञपट्टि काम गर्ने

मुख्य आचार्य राजोपाध्याय	एक जना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि मन्दिरको दक्षिण द्वारअगाडिको प्राङ्गणमा रहेको धर्मशिलामा छ मुरी, छ पाथी, छ माना, छ मुठी (पौने तेह्र मन) चामलको भुजा र अनेक किसिमका दाल, व्यञ्जन (तरकारी), अपुङ्गो, मिठाइ आदिको भोग पशुपतिनाथलाई लगाइन्छ । यज्ञशालामा यज्ञ र वृषोत्सर्ग पनि हुन्छ । वृषोत्सर्गका रूपमा एक बाछालाई पशुपतिनाथको बाहन साँढे बनाएर छाडिन्छ । रातको समयमा घिउ र तेलको बत्ती बालिन्छ ।

प्रत्येक पूर्णिमाका दिन पशुपतिनाथलाई महास्नान गराउने चलन तत्कालीन राजा रणबहादुर शाहले चलाएका हुन् । यसका निम्ति उनले विसं १८५६ वैशाखशुक्ल पूर्णिका दिन लालमोहर गरी ८८०० मुरी धान फल्ने ८८ खेत गुठी राखेका थिए । उक्त जग्गा काठमाडौँ र काभ्रे पलाञ्चोक जिल्लामा पर्ने साँखु उत्तरको फटकशिलामा पर्छ । उक्त जग्गाको आम्दानी र त्यसबाट खर्च गर्नुपर्ने दरबन्दी, कामको बाँडफाँड उक्त लालमोहरमा नै उल्लेख गरिएको छ । उक्त गुठी लालमोहर "ढड्डा लालमोहर"का नामले प्रख्यात छ ।

पहिले महास्नानलाई आवश्यक पर्ने दही, चामल, चिउरा, मास, दाउरा, फलफूल, बोका, चौरासी व्यञ्जनमा परिणत साग, जडीबुटी, पात आदि फटकशिलाबाट नै ल्याउने व्यवस्था गरिएको थियो तर अब मोहीहरूले गुठी संस्थानमा कूत बुझाउने गरेका छन् । अब गुठी संस्थानले ठेक्का लगाएर आवश्यक सामग्री ठेकेदारमार्फत नै उपलब्ध गराउने गरेको छ ।

(क) महास्नानमा चाहिने मुख्यमुख्य सामान

१. गाईको दूध	२७ पाथी
२. दही	२७ पाथी
३. मह (स्नानका लागि ७५ कुरूवा)	८१ कुरूवा (एक मुरी दुई माना)
४. गाईको घिउ (महास्नान गराउन ३३ धार्नी र पाँच पाउ)	४६ धार्नी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. चिनी — ३३ धार्नी र पाँच पाउ

६. भुजा तयार गर्ने चामल — ६ मुरी ६ पाथी ६ माना ६ मुठी

७. दीपमाला गर्न र भोग पकाउन कुमारीपट्टि र कामका लागि समेत जम्मा तेल १२० माना (१५ पाथी) (दीपमालिकाका निम्ति १२ पाथी) माहास्नानका बेला पशुपति क्षेत्रका अन्य देवीदेवताको पनि पूजाआजा गरिन्छ ।

(ख) अन्य देवीदेवताका पूजाआजा र बलिका निम्ति आवश्यक सामान

कीर्तिमुख भैरवलाई पूजा गर्ने सामान र चढाइने बलिका निम्ति	राँगो एक र बोका एक
गुह्येश्वरीमा पूजाका निम्ति सामान र बलि चढाउन बोका	एक
अन्य देवी देवताका निम्ति पूजा सामान र बलिका निम्ति हाँस	पाँच
हाँसका फूल	पाँच

(ग) महास्नानमा चाहिने जनशक्ति

पशुपतिका भट्ट	चार जना
बाँसुकीका पुजारी भट्ट	एक जना
महाभोग पकाउने झा ब्राह्मण	१३ जना
हिमवत् खण्ड, काशी खण्ड पाठ गर्ने	१७ जना
रूद्री पाठ गर्ने ब्राह्मण	दुई जना
वेद पाठ गर्ने ब्राह्मण	१२ जना
चण्डी पाठ गर्ने	दुई जना
पशुपति सहस्र नाम पाठ गर्ने	आठ जना
परिवार पूजा गर्ने आचाजु	१२ जना
कीर्तिमुख भैरवका पुजारी (आचाजु)	एक जना

(घ) यज्ञपट्टि काम गर्ने

मुख्य आचार्य राजोपाध्याय	एक जना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्य वरण गरिने ब्राह्मण	चार जना
जोशी (हवन गर्ने)	तीन जना
स्नानका निम्ति पानी बोक्ने	तीन जना

उपर्युक्त जनशक्तिबाहेक महास्नानका दिन पशुपतिनाथका रकमी, बाजा बजाउने, बढार्ने, बलि दिने आदि गरी ८१ कामदारको दरबन्दी पनि व्यवस्था हुँदै आएको पाइन्छ ।

१.५.१० अन्य पर्वपूजा

(१) दमनारोहण पूजा पर्व

पशुपतिनाथको वैशाख शुक्ल अष्टमीका दिन हुने पूजालाई दमनारोहण पूजा भनिन्छ । आदिकालमा शङ्कर आफ्नो तपस्या भङ्ग गरेको भनी कामदेवदेखि अत्यन्त कोधित हुनुभयो र उनलाई तत्काल भष्म गरिदिनुभयो । उनी भष्म भएपछि उनैको शरीरको अवशेष खरानीबाट दमन पुष्प पैदा भएको मानिएको छ । उक्त दमनको फूलले यस दिन विशेष रूपमा पूजा गरिने भएकाले यस पर्वलाई दमनारोहण पूजा भनिएको हो ।

(२) पवित्रारोहण पूजा पर्व

पवित्रारोहण श्रावण शुक्ल चतुर्दशीका दिन हुन्छ । वर्षभरि पूजाआजा एवं धार्मिककृत्य गर्दा शास्त्रमा बताइएअनुसार नभई कुनै भूल वा जानअनजानमा त्रुटि भएका रहेछन् भने तिनको दोष निवारण होस्, सम्पूर्ण कर्महरू पूर्ण हुन् र इच्छाअनुसारको फल मिलोस् भनी गरिने कर्मलाई 'पवित्रारोहण पर्व' भन्ने गरिएको छ । यस पर्वमा पशुपतिनाथलाई विधिविधान पूर्वक बनाएको पवित्रक (मुकुट) पहिऱ्याइन्छ ।

पशुपतिनाथलाई पहिऱ्याइने पवित्रक काँचो धागोबाट बनाइन्छ र यो काम बिसेट नाइकेको घरमा उनकै जिम्मामा हुन्छ ।

बिसेट नाइकेको घरमा तयार भएको पवित्रक शङ्कराचार्य मठमा ल्याइन्छ । त्यहाँ गर्नुपर्ने विधि पूरा गरेपछि आशागुर्जाको अगुवाइमा रैरकमीका साथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त पवित्रकलाई पशुपतिनाथको मन्दिरमा लगी मूल पुजारीले दक्षिणतर्फबाट श्रीको दक्षिण मुहारका पुजारीलाई दिन्छन् । त्यसपछि मूल पुजारी शुद्ध भई पश्चिमद्वारबाट मन्दिर प्रवेश गरेर पूर्वी मुहारमुनि राखेर पूजा गर्छन् ।

नित्यपूजा, ईशानमुखमा श्रीयन्त्र लेख्ने काम आदि सम्पन्न भएपछि पशुपतिनाथलाई अघिपछि पहिऱ्याउने गरेका परिधान-आभूषण पहिऱ्याइन्छ । त्यसको केही बेरमा साविकको पोशाक उतारी पवित्रक र नयाँ बाक्लो कपडा समेत पहिऱ्याइन्छ । यो पशुपतिनाथको गोसाइँस्थान प्रस्थानको तयारी हो । 'पशुपतिनाथ चतुर्दशीका दिन गोसाइँस्थान जानुहुन्छ र जनैपूर्णिमाका दिन फर्कनुहुन्छ' भन्ने विश्वास छ । जाडो ठाउँमा जानुपर्ने भएकाले शिरमा बाक्लो पवित्रकका साथै नयाँ न्यानो वस्त्रसमेत पहिऱ्याइएको हो । त्यसप्रकार वस्त्र पहिऱ्याउने र पूजाआजाको काम सकिएपछि प्रसादका रूपमा राष्ट्राध्यक्षलाई छुट्याई मूलपुजारी आफू लिन्छन्, अरू पुजारीहरू तथा भण्डार तहबिलका बिसेट नाइके र अरू रैरकमीहरूलाई समेत दिन्छन् । सर्वसाधारण जनताले भने भोलिपल्ट जनैपूर्णिमाका दिन मात्र उक्त पवित्रक प्रसाद पाउँछन् ।

दमनारोहणका साथै यो पवित्रक पर्व पनि राजा भूपालेन्द्र मल्लका पालामा सन्न्यासी पुजारी राघवानन्दले चलाएका हुन् भनी भाषा वंशावली भाग २ का आधारमा डा गोविन्द टण्डनले उल्लेख गर्नुभएको छ ।

(३) दीपमाला पर्व

कात्तिक महिनाभरि रात्रिका समयमा पशुपतिनाथको मन्दिरवरिपरि रहेका दियामा दीपप्रज्वलन गरिन्छ र भगवान्को प्रार्थना हुन्छ । यसैलाई दीपमाला पर्व भनिन्छ ।

(४) मुखअष्टमी

काठमाडौँ उपत्यकामा विशेष गरी बुद्धधर्मावलम्बीहरूले प्रंत्येक वर्ष मुखअष्टमी पर्व मनाउँछन् । त्यस बखत पशुपतिनाथलाई बुद्धका रूपमा मानेर पूजा गर्ने चलन छ । त्यस बखत नित्य पूजा गर्दा उहाँको शिरमा पञ्चबुद्ध भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तामाको मुखौटो पहिऱ्याइन्छ । त्यसै भएर त्यस अष्टमीलाई मुखअष्टमी भनिएको हो । पशुपतिनाथ र बुद्धको सम्बन्ध परापूर्वकालदेखि नै थियो ।

पहिले पशुपतिनाथका पुजारीहरू बज्राचार्यहरू नै थिए भन्ने पनि एकाथरीको भनाइ छ । त्यस बेला पशुपतिनाथलाई 'देउपाटनका महादेव' भन्ने गरिन्थ्यो । पछि गएर जयस्थिति मल्लका पालामा उनले भारतबाट भट्ट पुजारीहरू ल्याएपछि त्यो परम्परामा परिवर्तन भएको हो भन्ने पनि एकाथरीको भनाइ छ तर बज्राचार्यहरू पुजारी भएको ठोस प्रमाण भने भेटिएको छैन । पशुपतिनाथको पूजाआजाका सन्दर्भमा र अघिपछि पनि विभिन्न कार्य गर्ने भण्डारी, खड्गी, कुशले, कुचीकार जस्ता नौथरी नेवार जातका व्यक्ति भने अहिले पनि कार्यरत नै छन् ।

पहिले उपत्यकामा मुख्य रूपमा कृषिकर्म गर्नेहरू नै थिए । उनीहरू प्रकृतिपूजक थिए । पछि बुद्धधर्मको प्रचार भएपछि त्यस धर्मप्रति उनीहरूको आस्था जागेर आयो र हिन्दूधर्म बढी प्रचारित भएपछि उनीहरू हिन्दूधर्म मान्न थाले । यसप्रकार प्राचीन कालदेखि नै काठमाडौँ उपत्यकावासी धार्मिक सहिष्णुता बढी मन पराउने र सबै धर्मप्रति समभाव राख्ने खालका थिए । नेपालीहरूको धार्मिक समन्वय र सहिष्णुताको स्मृति स्वरूप अहिले पनि वर्षमा एक पटक पशुपतिनाथलाई नित्य पूजाका अवसरमा मुखौटो पहिऱ्याउने गरिएको छ ।

(५) इन्द्रकवच पहिऱ्याउने पर्व

मङ्सिर महिनाको कृष्णचतुर्दशीका दिन पशुपतिनाथलाई विशेष प्रकारले सिँगारिन्छ । उक्त दिन उहाँलाई इन्द्र कवचसमेत पहिर्याइन्छ । चाँदीले बनेको यस इन्द्र कवचमा एक मुखे रूद्राक्ष र अनेक किसिमका रत्न जडिएका हुन्छन् । यसप्रकार भगवान्लाई यो आभूषण पहिऱ्याउने पर्व नै इन्द्रकवच पर्व हो ।

(६) धनुर्मास पूजा

यो पूजा पौष कृष्णचतुर्दशीको राति २ बजेदेखि शुरू भएर बिहान सूर्योदयपछि मात्र सम्पन्न हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस पूजामा पशुपतिनाथलाई षोडशोपचारले पूजा गरिन्छ र पञ्चामृत र विभिन्न प्रकारका नैवेद्य चढाइन्छ । विशेष गरी यस पूजामा भगवान्लाई खिचडीको भोग लगाइन्छ । त्यसैले यसलाई 'खिचडी पूजा' पनि भन्ने गरिएको छ । माघेसङ्क्रान्तिमा जाडो भगाउन आफूहरूले खाने गरेको खिचडी आफूले खानुभन्दा अघि परमेश्वरलाई भोग लगाउने स्वभाव अनुसार पौष कृष्ण चतुर्दशीमा महादेवलाई समर्पण गरिने गरेको हुन सक्छ ।

(७) कैलाशकुसुमारोहण एवं छाया दर्शन

यो पर्व माघशुक्ल चतुर्दशीदेखि भोलिपल्ट पूर्णिमाको दिनसम्म मनाइन्छ । कैलाशपुष्पको प्रतीक बनाई पहिऱ्याइने हुनाले यसलाई 'कैलाशकुसुमारोहण' भनिएको हो । पञ्चरङ्गी कपडाका टुक्रा तथा बाँसका कप्टेराबाट यसको निर्माण हुन्छ । पुष्पको प्रतीकका रूपमा बाँसको कप्टेरा नदेखिने गरी पञ्चरङ्गी कपडा मिलाएर सजाई यसको निर्माण गरिन्छ । यसमा कालो कपडाद्वारा बिच्छीको आकार दिइन्छ । टाढाबाट झट्ट हेर्दा त्यो फूलजस्तै देखिन्छ । यसलाई बनाउने काम बिसेट नाइकेको घरमा हुन्छ त्यसलाई माघ शुक्ल चतुर्दशीका दिन बिसेट नाइकेले बोक्छन् र पशुपतिमन्दिरमा लैजानु अघि विभिन्न मन्दिरमा परिक्रमा गर्छन् । बिसेट नाइकेले आफ्नो घर अगाडि लसकुस गरी रैरकमीहरूलाई च्युरा बाँडेर लगनलाछी हुँदै प्रतापेश्वरको परिक्रमा गरी पशुपतिमन्दिरमा पुऱ्याउँछन् । पशुपतिनाथ मन्दिरको पश्चिमी ढोकामा पशुपतिनाथका रकमी, राजोपाध्याय, पुरोहित काठमाडौँ तलेजुका जोशीले स्वागत गर्छन् र मन्दिरमा भित्र्याउँछन् । त्यसपछि पशुपतिनाथ मन्दिरको एक पटक परिक्रमा गरी यज्ञशालामा लगिन्छ । त्यहाँ पूजाआजा, होम आदि विधि सकिएपछि दक्षिणपट्टिको ढोकाबाट बिसेट नाइकेले मूलपुजारीलाई दिन्छन् । नित्यपूजा, भोग, शृङ्गार सकिएपछि उक्त कैलाशपुष्प पशुपतिनाथलाई पहिऱ्याइन्छ । त्यही कार्यलाई 'कैलाशकुसुमारोहण' वा 'बोधिसत्वको मुकुट पहिऱ्याइएको' भनिन्छ ।

भोलिपल्ट पूर्णिमाका दिन पशुपतिनाथ मन्दिरको गर्भगृहमा वागमतीबाट पानी ल्याई जमाइन्छ । त्यही पानीमा देखिने भगवान्को आकृतिलाई 'छाया

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दर्शन' भन्ने गरिएको छ । त्यस दर्शनका निम्ति टाढा टाढाबाट पनि दर्शनार्थीहरू आउँछन् । त्यस अवसरमा ठूलो सङ्ख्यामा शाक्य, बज्राचार्य आदि बौद्धधर्मावलम्बी समेत आउँछन् र छाया दर्शन गर्छन् ।

बुद्धधर्मावलम्बीले पशुपतिनाथलाई बुद्ध भगवान्का रूपमा मानेको यो अनौठो कुरा हो भने धार्मिक सहिष्णुता, उदारता र धार्मिक समन्वयको अद्वितीय दृष्टान्त पनि हो । किंवदन्ती अनुसार कुनै जमानामा कुनै एक राजा बौद्धधर्मावलम्बी थिए । उनले पशुपतिनाथलाई बुद्ध भगवान्का रूपमा मानेका थिए । उनको इच्छानुसार वर्षमा एक पटक माघ शुक्ल चतुर्दशीका दिन पशुपतिनाथलाई बोधिसत्व मानेर अनेक प्रकारका कपडाको पञ्चरङ्गी पगरी बनाएर पहिऱ्याई बुद्ध भगवान्का रूपमा सिंगार्ने चलन चल्यो ।

१.६ पशुपतिनाथमा बाजासम्बन्धी व्यवस्था

प्रत्येक हिन्दू नेपालीको घरमा पाञ्चायन पूजा गर्दा शङ्ख–घण्ट बजाउने चलन छँदै छ । शङ्ख–घण्टको मधुर ध्वनिले एकातिर हाम्रा देवीदेवता खुशी हुन्छन् भन्ने विश्वास छ भने अर्कातिर हाम्रो मन प्रसन्न भई हृदय आह्लादित बन्छ र मस्तिष्कले स्वस्थताको अनुभूति गर्न पाउँछ । पशुपतिनाथमा कुशलेले पञ्चेबाजा र दमाईहरूले नगरा बजाउँछन् । पशुपतिनाथमा बाजा बजाउन पाँच जना कुसले र पाँच जना दमाईंको दरबन्दी कायम छ । उनीहरूले बिहान, दिउँसो र बेलुका पशुपतिनाथको शृङ्गार, पूजा, भोग र आरतीका बेला बाजा बजाउने गरेका छन् । त्यसरी बाजा बजाउने व्यवस्थाका लागि गुठीको समेत व्यवस्था भएको पाइन्छ । बाजागाजासम्बन्धी विस्तृत विवरण अष्टम अध्यायमा दिइएको छ ।

१.७ उमामहेश्वर क्षेत्र

१.७.१ उमामहेश्वर क्षेत्रको परिक्रमा

'पुण्य क्षेत्रको परिक्रमा गर्नाले मनुष्यको सात जन्मसम्मको पाप पखालिन्छ' भनिएको छ । समय र अवस्थाले दिएसम्म पुण्यक्षेत्रको परिक्रमा गरी ती क्षेत्रका देवीदेवताको पूजा र दर्शन गर्दा जीवन धन्य बन्छ । पाशुपत र गुह्येश्वरी क्षेत्र दुवैलाई उमा-महेश्वर क्षेत्र भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस क्षेत्रको परिक्रमा गर्दा ठूलो पुण्य मिल्ने कुरा शास्त्रमा बताइएको छ । उमामहेश्वर क्षेत्रको परिक्रमा गरी विभिन्न देवीदेवताको पूजा र दर्शन गर्ने क्रम निम्नबमोजिम छ ।

१.७.२ उमामहेश्वर क्षेत्रका देवीदेवता र तीर्थस्थल

१. पशुपतिनाथको गुरूवक्त्ररूप दक्षिणामूर्ति

पशुपतिनाथको दर्शन गरेपछि दक्षिणामूर्तिको पनि दर्शन गर्ने चलन छ । यो मन्दिर पशुपतिनाथको मन्दिरदेखि पश्चिममा पर्छ । दक्षिणामूर्तिलाई पशुपतिनाथको गुरुरूप मानिन्छ । उहाँको दर्शनको महिमा निकै उच्च भएको उल्लेख पाइन्छ ।

मन्दिरभित्र दक्षिणामूर्ति ललितासनमा विराजमान हुनुहुन्छ । उहाँको दायाँ पाउले अज्ञानरूपी राक्षसलाई थिचेको देखाइएको छ । वृक्षमुनि बस्नुभएको दक्षिणामूर्तिका चार हात छन् । दाहिनेतर्फको माथिल्लो हातमा माला र तल्लो हात अभयमुद्रामा छ । बायाँतर्फको माथिल्लो हातमा अमृतको घडा र तल्लो हातमा पुस्तक छ । घाँटीमा हार र जनै लगाइएको छ । दक्षिणामूर्तिका तीन नेत्र छन् ।

दक्षिणामूर्तिमा अघिपछि भक्तहरूको त्यति आवत-जावत नभए पनि गुरुपूर्णिमामा भने निकै भिड लाग्छ ।

विसं १९३८ मा रानी साहेबबाट तत्कालीन पुजारी अभयानन्दोपाध्यायलाई २० रोपनी जग्गा दान दिएकी थिइन् । सो जग्गा निज पुजारीले दक्षिणामूर्तिको मन्दिर र पाटीको मर्मतसम्भार, नित्यजप, पूजापाठ र झाडुबढारू गर्ने कार्यका लागि विसं १९४१ का दिन गुठी राखीदिएका थिए । अहिले पनि मन्दिरमा पुजारी राजोपाध्यायहरू नै छन् । यो मन्दिर छुटगुठीअन्तर्गत सञ्चालित छ ।

स्थानीय बासिन्दाहरू दक्षिणामूर्तिलाई पशुपतिनाथका गुरु भन्छन् तर पशुपतिनाथको दक्षिणामूर्ति उहाँकै गुरुवक्त्र हो । गुरुपूर्णिमाका दिन पशुपतिनाथको मन्दिरबाट पूजा लगी मूल पुजारीले नै पूजा गर्ने परम्परा छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्य स्थानमा गरिएको पाप पुण्यस्थानमा गएर पूजापाठ गर्नाले नाश हुन्छ । पुण्यस्थानमा गरिएको पाप गुरूको स्थानमा गएर पूजा गर्नाले नाश हुन्छ । गुरूको स्थानमा गरिएको पाप वज्र समान हुन्छ । अर्थात् कहिल्यै नाश हुँदैन भनिएको छ । अतः पशुपतिनाथको गुरूवक्त्रको पूजाआराधना गर्नु ठूलो महत्त्वको कुरा छ । त्यहाँ कुनै पाप गरिन्छ कि भनेर पनि त्यत्तिकै होशियार हुनुपर्छ, किनभने त्यहाँ कुनै पाप गरियो भने त्यो वज्रसमान भएर कसैगरे पखाल्न नसक्ने हुन्छ ।

[अन्यस्थाने कृतं पापं पुण्यस्थाने विनश्यति ।
पुण्यस्थाने कृतं पापं गुरूस्थाने विनश्यति ॥
गुरूस्थाने कृतं पापं बज्रलेपो भविष्यति ।]

२. कैलाश पर्वत

दक्षिणामूर्तिबाट दायाँतर्फ हेर्दा डाँडामा कैलाश पर्वत देखिन्छ । त्यहाँ ठूलो र फराकिलो चौर छ । त्यो ज्यादै पवित्र छ । त्यहाँ विभिन्न पर्वमा जनता भेला हुन्छन् र बत्ती बाल्ने तथा धार्मिक कृत्य गरेर बस्ने र रमाउने गर्छन् ।

३. उमाकुण्ड

माता उमाले स्नान गर्नुभएको ठाउँ भएकाले उमाकुण्ड भनिएको हुनुपर्छ । त्यहाँभित्र पसेर दर्शन गर्न सकिन्छ ।

४. गौरीघाट मार्चन

गौरी माताले तपस्या गरेर बस्नुभएको ठाउँ भएकाले यसको नाम नै गौरीघाट रहन गएको हो । भनिन्छ–महादेवले किराँत रूप धारण गरी त्यस जङ्गलमा बसेपछि पार्वतीले पनि किराँतिनीको रूप धारण गरी आफ्नो नाम गौरी राखेर त्यहाँ ध्यान र तपस्या आदि गरी बस्नुभएको थियो ।

५. वागमतीपारिका गणेश

त्यहाँ दर्शन गर्न जान असजिलो हुँदा टाढैबाट दर्शन गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. गौरीघाटका हनुमान

गौरीको स्थानदेखि पश्चिमतर्फ वागमतीको किनारमा हनुमान विराजमान हुनुहुन्छ ।

७. गौरी माता

वागमती नदीको उत्तर किनारामा गौरी माताको मूर्ति छ ।

८. किराँतेश्वर महादेव

पशुपति मन्दिरबाट ईशान (उत्तर-पूर्व)तर्फ र गुह्येश्वरी मन्दिरदेखि पश्चिमतर्फको टाकुरामा किराँतेश्वरको मन्दिर छ । भनिन्छ, एक पटक पार्वतीलाई छकाउन शङ्करले किराँतको रूप धारण गर्नुभयो र अरू किराँतका साथ मिली यो शिवलिङ्गको स्थापना गर्नुभयो । त्यसपछि अन्य किराँतका साथ वनविहार गरेर किराँतेश्वरको पूजा-आराधना गरी बस्न लाग्नु भयो । पार्वती पनि किराँतिनीको रूप धारण गरी अन्य किराँतिनीका साथ वनविहार गर्दै वागमतीमा स्नान गरेर किराँतेश्वरको पूजा अर्चना गरी बस्न लाग्नुभयो । त्यहाँ बस्दाबस्दै किराँतिनी रूपधारिणी पार्वतीले किराँत रूपधारी शिवलाई चिन्नुभयो भने शिवले चाहिँ पार्वतीलाई चिन्न सक्नु भएन । किराँत रूपधारी शिव दिनप्रतिदिन किँरातिनी रूपधारिणी पार्वतीप्रति आसक्त हुँदै जानुभयो । त्यसको दश हजार वर्षपछि शिव पार्वतीप्रति ज्यादै आसक्त हुनुभयो र स्वयम्वर गर्न ठीक पर्नुभयो । त्यसपछि किराँतिनी रूपधारिणी पार्वतीले पनि हाँसेर आफ्नो सक्कली रूप देखाउनु भयो । त्यसपछि शिवले भन्नुभयो, "साच्चै नै तिमी महामाया नै हौ । । त्यसैले मलाई मायाजालमा पार्न तिमी सफल भयौ ।" त्यसपछि शिवले पार्वतीका साथ वनविहार गर्नुभयो, उहाँहरूको नव प्रणयलीला शुरू भयो ।

पञ्च पाण्डवमध्ये अर्जुनले पाशुपतास्त्र प्राप्त गर्नका लागि यहीँ आएर तपस्या गरेका थिए भनी पुराणहरूमा उल्लेख भएको पाइन्छ ।

किराँतेश्वरमा माघ महिनामा मेला लाग्छ । किराँतेश्वरको शिवलिङ्ग प्राप्त शिवलिङ्गमध्ये अति प्राचीन मानिएको छ । त्यसो भए पनि उक्त शिवलिङ्गको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रो संरक्षण हुन सकेको छैन । एक पटक दुई महिलाले दर्शन गर्ने बहानामा आई उक्त शिवलिङ्गको फेदमा केही नोक्सान पुऱ्याएका छन् । त्यो काम विधर्मीहरूको उक्साहटमा भएको बुझिन्छ । अहिले पनि संरक्षणको भरपर्दो व्यवस्था हुन सकेको छैन ।

९. गुह्येश्वरी घाट–स्नान वा मार्चन

किराँतेश्वरको दर्शन गरेपछि सिँढीं ओर्लिएर थोरै हिँड्नासाथ गुह्येश्वरी घाट आउँछ । यसलाई उत्तरवाहिनी तीर्थ पनि भनिन्छ । यहाँ स्नान-दान गरेर गुह्येश्वरीको दर्शन गर्दा अत्यन्तै ठूलो पुण्य मिल्ने र भौतिक र आध्यात्मिक दुवै फाइदा मिल्न सक्ने वर्णन गरिएको पाइन्छ । गुह्येश्वरीको दर्शन साक्षात् पार्वतीको दर्शन हो ।

१०. सरस्वती माताको दर्शन

गुह्येश्वरी घाट नजिकै सरस्वती माताको मन्दिर छ र त्यहाँ सरस्वती विराजमान हुनुहुन्छ ।

११. गणेश र सिद्धिदात्री माताको दर्शन

गुह्येश्वरीको मन्दिरमा प्रवेश गर्ने परिसरको ढोकाको दायाँबायाँ गणेश र सिद्धिदात्री माताको मूर्ति छ । उहाँहरूको दर्शन गरेर मात्र मन्दिरको प्राङ्गणमा प्रवेश गर्नुपर्छ ।

१२. शनिमहाराज

गुह्येश्वरीको मन्दिरको प्राङ्गणमा सानो शिलास्तम्भमा विराजमान शनिमहाराजको पूजा र दर्शन गरेर मात्र अघि बढ्नुपर्छ ।

१३. सिद्धेश्वर महादेव

गुह्येश्वरीको मन्दिरमा पस्नुभन्दा अगाडि सिद्धेश्वर महादेव हुनुहुन्छ, शिवलिङ्गको रूपमा, उहाँको पूजा र दर्शन गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१४. मुख्य मन्दिरमा पसेपछि मन्दिरको पूर्वतिरका गणेश र भैरवको पूजा र दर्शन

१५. गुह्येश्वरीको नजिकैका भैरवको पूजा र दर्शन

१६. गुह्येश्वरी

(१) पुराणहरूका अनुसार सती देवीले देहत्याग गर्नुभएपछि सती वियोगले शिव अत्यन्तै भावविह्वल हुनुभयो, दुखित बन्नुभयो र सतीदेवीको मृतदेह बोकेर जताततै भौँतारिएर हिड्न लाग्नुभयो । उहाँ जहाँजहाँ जानुभयो, ती ठाउँमा सतीदेवीका शरीरका अङ्ग झर्दै गए । जहाँजहाँ शरीरका अङ्ग पतन भए, त्यहाँ त्यहाँ सिद्धपीठहरू पनि बन्दै गए ।

(२) देवीभागवत र तन्त्रचूडामणिमा उल्लेख भएअनुसार सतीदेवीको गुह्य पतन भएको स्थान नै गुह्येश्वरी हो । त्यहाँ भगवती माताको निरन्तर बास छ । त्यसैले यस स्थानको अत्यन्तै महिमा छ ।

(३) कालिका पुराणमा पनि 'यो. स्थान भगवती माताको प्राचीन गुप्त स्थान, रहस्यले भरिपूर्ण सबैप्रकारको सिद्धि दिने खालको स्थान हो । त्यस स्थानमा अझ सतीदेवीको गुह्य पतन भएकाले अत्यन्त उत्तम सिद्ध-पीठका रूपमा प्रख्यात भएको छ' भन्ने उल्लेख भएको पाइन्छ । (रावल अनन्त कृष्ण)

(इदं देव्या रहः स्थानं पुराणं सर्व सिद्धिदम् । सतीगुह्य निपातेन ततोऽपि श्रेष्ठतां गतम् ॥)

कालिका पुराण

उक्त श्लोकमा 'ततोऽपि' भन्ने पदको प्रयोग भएकाले त्यो स्थान सतीको गुह्य पतन हुनुभन्दा अघि नै पनि दुर्गा माताको प्रियस्थल रहेछ भन्ने स्पष्ट हुन्छ ।

(४) गुह्येश्वरी र उहाँ राजभएको यस क्षेत्रको महिमा सम्बन्धमा हिमवत्खण्ड र वराहपुराणमा विभिन्न चर्चा-परिचर्चा भएको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीमध्येका केही उदाहरण :

'जगत्को कल्याण चाहने सबैलाई वर दिने भएकी देवी गुह्येश्वरी जहाँ वास गर्छिन्, त्यस्तो धेरै तीर्थहरूको आश्रयस्थल भएको सुन्दर विशाल तपोवन यहाँ छ ।'

(गुह्येश्वरी शिवा देवी यत्राऽस्ति वरदानिशम् ।
बहुतीर्थाश्रयं रम्यं तपोवनं महत्तरम् ॥
हिमवत् खण्ड)

सिद्ध तपस्वीहरूद्वारा सधैँ वास गरिएको त्यस भूमि-शिखरमा बस्न रमाउने, सबै प्राणीकी आमा तथा सम्पूर्ण ऐश्वर्यदायिनी (धनधान्य दिने) पार्वती सम्पूर्ण प्राणीहरूको कल्याणका निम्ति तयार भएर बसेकी हुन्छिन् ।

(गौरीशैलञ्च तत्रैव गच्छेत् सिद्धनिषेवितम् ।
तत्र सन्निहिताऽजस्रं पार्वती शिखरप्रिया ॥
हिमवत् खण्ड)

लोकको रक्षाका लागि तत्पर भएर जहाँ गुह्येश्वरी माता विराजमान छिन्, त्यो ठाउँ अत्यन्तै महिमाशाली छ । त्यस ठाउँमा मानिसहरू जाऊन् र दर्शन-स्पर्शन, प्रणाम गरून्, पूजाआजा गरून् र सालोक्य मुक्ति (साधकले आफ्ना इष्ट देवताका साथ बस्न पाउने खालको मुक्ति) प्राप्त गरून् ।

(लोकमाता भगवती लोकरक्षार्थमुद्यता ।
तस्याः सालोक्यमायाति दृष्ट्वा स्पृष्ट्वाऽभिवाद्य च ॥) वराहपुराण

(५) गुह्येश्वरी यस चराचर जगत्की जननी हुनुहुन्छ, पशुपतिनाथको अपरिमित शक्तिको स्रोत हुनुहुन्छ, चराचर जगत्को सृष्टि, स्थिति, पालन र संहारमा पशुपतिनाथको परमशक्तिका रूपमा विद्यमान हुनुहुन्छ । त्यसैले उहाँको पूजा-आराधनाको ज्यादै ठूलो महिमा छ । श्रद्धा र भक्तिका साथ, तन्मयताका साथ गुह्येश्वरी माताको साधना गर्ने साधकका लागि उहाँले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिन नसक्ने केही पनि छैन । अत्यन्त भीषण विपद्बाट मुक्त गराउन सक्नुहुन्छ र आनन्दको चरमोत्कर्ष एवं अति दुर्लभ मुक्तिसमेत माताका अनुकम्पाबाट मिल्न सक्छ भन्ने भक्तहरूको अटल विश्वास छ ।

(६) भाषा वंशावलीहरूमा उल्लेख गरिएका प्रसिद्ध चार कालीमा गुह्येश्वरी पनि एक हुन् । अन्य कालीहरूमा वत्सलाकाली, महाकाली, दक्षिणकाली हुन् । (डा टण्डन) । यसरी नै पशुपति क्षेत्रका नौ देवीमा पनि गुह्येश्वरी परेकी छन् । (गुह्येश्वरी, बज्रेश्वरी, कोटेश्वरी, झङ्केश्वरी, भुवनेश्वरी, मङ्गलेश्वरी, वत्सलेश्वरी, राजराजेश्वरी, जयवागेश्वरी ।) वृहत्पुरश्चर्यार्णवमा उल्लिखित नौ कालीमा गुह्येश्वरी पनि पर्छिन् । (दक्षिणकाली, गुह्यकाली, भद्रकाली, कामकलाकाली, श्मशानकाली, धनकाली, महाकाली, सिद्धिकाली, चण्डीकाली ।)

(७) गुह्येश्वरीलाई वैदिक धर्मावलम्बीले दुर्गामाता र बौद्धधर्मावलम्बीहरूले नैरात्माका रूपमा पूजाआराधना गर्छन् । गुह्येश्वरी पीठमा शिव र शक्ति दुवै छन् । शक्तिका रूपमा कुण्ड र कलश छन् भने शिवका रूपमा भैरवको प्रतीकात्मक आकृति दक्षिणतर्फ रहेको छ ।

(८) दर्शनार्थीको अनुरोधमा पुजारीले समयसमयमा कलश झिकेर कुण्डको दर्शन गराउँछन् । कतिपय भक्तले हात भित्रसम्म हालेर जल झिक्ने गरेको देखिन्छ । गुह्येश्वरीको त्यस कुण्डबाट जति नै जल निकाले पनि त्यहाँ भरिभराउ भइरहन्छ । यहाँ भैरवलाई बोका, राँगा आदिको बलि चढाइन्छ । त्यहाँ भित्री भागको पेटीमा मातृकाहरूका मूर्ति पनि छन् ।

१६(क) गुह्येश्वरीको पूजा

(१) सर्वसाधारणले गर्नसक्ने पूजा–आराधना : पशुपतिनाथलाई बाहिरबाट मात्र पूजा गर्न पाइन्छ भने गुह्येश्वरीलाई नित्य पूजा वा विशेष पूजाका बखतबाहेक अघिपछि मन्दिरमा प्रवेश गरेर नै पूजा–आराधना गर्न पाइने व्यवस्था छ । गुह्येश्वरीमन्दिरको ढोका बिहान ४ बजे नै खुल्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) बिहानको नित्य पूजा : गुह्येश्वरीको पूजाआजा तान्त्रिक विधिबाट हुन्छ । मन्दिरमा नित्यपूजा बिहानदेखि नै प्रारम्भ हुन्छ । सर्वप्रथम अभिमन्त्रित चोखो पानीले गर्भगृह चोखो पार्ने, पुजारी आफैले न्यास गर्ने, पात्र, अर्घ्य राख्ने, त्यसपछि अर्घ्यको संकल्प गर्ने, बलिपात्रको आवाहन गर्ने, पञ्चामृतले स्नान गराउने, चोखो जलले स्नान गराउने, 'अइला' (रक्सी)ले स्नान गराउने, शङ्खजलस्नान, अर्घ्यजलस्नान गराउने र दर्शनार्थीलाई अभिषेकको जल दिने काम हुन्छ । त्यसपछि गुह्येश्वरी माताको विधिपूर्वक पूजा हुन्छ ।

पूजा गर्ने सामग्रीमा श्रीखण्ड, रक्तचन्दन, सिंदूर, जौ, तिल, अक्षता, फूल, धूप, दीप, रेखी हाल्ने पिठो, ध्वजापताका, वस्त्रसमेत हुन्छन् । राजतन्त्र भएका बेला पूजाका अवसरमा गद्दीनसीन राजाको प्रतीक स्वरूप खड्ग राख्ने र पूजा सकिएपछि खड्गलाई प्रसाद अर्पण गर्ने चलन थियो । अहिले भने राष्ट्र र जनताको कल्याण चिताएर पूजा गर्ने गरिएको छ । पूजा गर्दा पहिले गुह्येश्वरी र त्यसपछि भैरवको पूजा हुन्छ । अनि वरपरका गणहरूको आवाहनसाथ पूजा हुन्छ । मन्दिरभित्रको पूजा सकिएपछि पुजारी बाहिर निस्कन्छन् । बाहिर रहेका मूर्तिहरूमा 'चाखःपूजा' गर्छन् । त्यसपछि चारै ढोकाको पूजा हुन्छ । बिहानको पूजामा ध्यान पनि गरिन्छ । पूजा सकिएपछि भोग अर्पण गरिन्छ । यसरी बिहानको पूजा सम्पन्न हुन्छ ।

(३) बेलुकाको नित्य पूजा र आरती : बेलुकाको पूजामा ध्यान र आरती हुन्छ । चार कुनाका स्तम्भहरूमा घ्यूको बत्ती बालिन्छ । त्यस बेला सङ्कल्प क्रिया र पुष्पाञ्जलि पनि हुन्छ ।

(४) पर्वपूजा : गुह्येश्वरीमा नित्यपूजाका साथै पर्वपूजा गर्ने परम्परा छ ।

प्राचीन कालमा गुह्येश्वरीको खोजीमा संलग्नहरूका सन्ततिहरूले अद्यापि पूजा गर्ने गरेका छन् । वैशाख शुक्ल नवमीका दिन झा ब्राह्मणहरू गुह्येश्वरीलाई सीताका रूपमा पूजा गर्न आउँछन् । ती झाहरू आफूलाई नृसिंह ठाकुरका सन्तान ठान्दछन् । त्यसरी नै साल्मीहरू प्रत्येक महिना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णपक्षको दशमीको दिन पूजा गर्न आउँछन् । साल्मीहरूले प्राचीन कालमा गुह्येश्वरीलाई खोज्न मद्दत गरेका हुनाले नित्यपूजा हुनुभन्दा अगाबै उनीहरू पूजा गर्न आए भने उनीहरूको पूजा सकिएपछि मात्र नित्यपूजा गर्ने चलन छ । चह्रे, औंसी, पूर्णिमा, सङ्क्रान्ति, कृष्णपक्षको अष्टमीका दिन पञ्चपर्व पूजा हुन्छ । त्यसरी नै बडादशैं र चैतेदशैंमा पनि नैमित्तिक पूजा हुन्छ । नवरात्रिभर विशेष पूजा हुन्छ ।

१६(ख) गुह्येश्वरीका पुजारी

गुह्येश्वरीको पूजा कर्माचार्यहरूबाट हुने गरेको छ । पुजारीहरू तीन कवलका छन् । एकाथरी भोसिकोटोलका भैरवाचार्यहरू, दोस्रो थरी किलागलका बुद्धाचार्यहरू र तेस्रो थरी पाटनका भैरवाचार्यहरू छन् । मन्दिरमा पूजा गर्ने पालो प्रत्येक कवलका पुजारीहरूको एक एक महिनाको हुन्छ । प्रत्येक महिनाको कृष्णपक्षको चतुर्दशीका दिन पालो फेरिन्छ । पालो बुझाउँदा लगत हेरेर बुझ्ने-बुझाउने चलन छ । पुजारीहरूले गुह्येश्वरीको पुजारी हुन दीक्षा लिनुपर्छ । पुजारी परम्परा वंशानुगत भएकाले आफ्ना बाबु वा दाजुभाइबाट दीक्षा लिने गरिएको छ ।

गुह्येश्वरी मन्दिरका रैरकमी डङ्गोल र कसाईहरू छन् । पहिले मन्दिरको सुरक्षाका लागि समरजङ्गबाट दिउँसो एक जना र राति दुई जना पालेको व्यवस्था गरिएको थियो । विसं २०१० देखि भने प्रहरीहबाट पनि सुरक्षा व्यवस्था हुँदै आएको छ ।

१७ गुरू गोरक्षनाथ

(१) गुह्येश्वरीको दर्शन गरेर पश्चिम ढोकाबाट बाहिर निस्किएर केही उकालो चढेपछि गुरु गोरक्षनाथको मन्दिर पुगिन्छ । त्यहाँ गोरखनाथको पादुकाको दर्शन गर्न सकिन्छ । 'सम्पूर्ण धर्मका बाटाहरूको रक्षा गर्ने गोरक्षनाथको दर्शन गर्नाले हजारौं गाई दान गरेको फल प्राप्त हुन्छ' भनिएको छ ।

(२) यस मन्दिरको गर्भगृहमा गोरखनाथको पादुका राखिएको छ । त्यहाँ प्रत्येक बिहान कानफट्टा नाथ सम्प्रदायका जोगीले पूजा गर्छन् । पहिले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस मन्दिरको पूजाआजा छुटगुठीबाट हुने गरेको थियो । विसं २०४४ देखि छुटगुठीलाई अमानत गरी गुठी संस्थानबाट सञ्चालन हुँदै आएको छ ।

(३) यस सिद्ध पीठमा गोरखनाथ श्रीमत्स्येन्द्रनाथ, चौरङ्गीनाथ आदि सिद्धहरूका साथ योग गरेर बस्नुहुन्छ भन्ने जनविश्वास छ । अनेक सिद्धहरूले यहाँ आएर भक्ति, प्रेम र श्रद्धाका साथ तपस्या गरेर गोरखनाथका कृपाले ठूलो योगको फल प्राप्त गरेका थिए भनिएको छ । यहाँ नाथ सम्प्रदायको मठ पनि छ ।

(४) गोरखनाथ नाथ सम्प्रदायका प्रवर्त्तक प्रख्यात सन्त हुनुहुन्छ । उहाँको जन्म गोबरबाट भएको र जन्मस्थान रावलपिण्डी मानिएको छ । उहाँको जन्म र उदयका सम्बन्धमा विभिन्न मत पाइन्छ । उहाँको समय कसैले विक्रमको दशौँ शताब्दी मानेका छन् भने कसैले इस्वीको तेह्रौँ शताब्दी । कोही उहाँको जन्म समय सन् ११२० मान्छन् । गोरखनाथलाई मत्स्येन्द्रनाथको शिष्य मानिएको छ । भनिन्छ, गोरखनाथ एक पटक आफू अपमानित भएकाले सबै नागहरूलाई आसन बनाएर बस्नुभयो । नागहरू थुनिएकाले खडेरी पर्‍यो । गोरखनाथका गुरु श्रीमत्स्येन्द्रनाथ आउँदा उहाँ आसनबाट उठ्नुभयो र नागहरू पनि छुटे, पानी पर्‍यो ।

(५) गोरखनाथ मत्स्येन्द्रनाथका अनन्यतम शिष्य हुनुहुन्थ्यो । उहाँले मत्स्येन्द्रनाथबाट विभिन्न किसिमका शिक्षादीक्षा पाउनुभएको थियो । लिच्छवि राजा नरेन्द्रदेवको समयपछि गोरक्षनाथका सम्बन्धमा लामो समयसम्म अर्थात् राजा जयस्थिति मल्लको समयअघिसम्म खासै कुनै कुरा सुन्न पाइँदैन । जयस्थिति मल्लको समयदेखि उनका नाति यक्ष मल्लको समय (विसं १४२४–१५३९) सम्म समाजमा गोरखनाथको उल्लेखनीय स्थान थियो । त्यसपछि राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको उदयपूर्वसम्म कस्तो स्थान थियो, त्यो थाहा पाउन सकिएको छैन ।

(६) पृथ्वीनारायण शाह गोरखनाथका ठूला भक्त थिए । भनिन्छ, पृथ्वीनारायणलाई गोरखनाथले विशाल नेपाल निर्माणको वर नै दिएका थिए । त्यसपछि त गोरखनाथलाई नजान्ने र नमान्ने कमै मात्र भए

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

होलान् । त्यस बेलादेखि कुशले, योगी र नाथहरूले गोरखनाथको मत ग्रहण गरी नाथसम्प्रदायलाई धानेका छन् ।

(७) गोरखनाथको महत्त्वपूर्ण गुफा गोरखा जिल्ला सदरमुकाम नजिकै गोरखकालीको मन्दिर निकट छ भने पशुपति क्षेत्र मृगस्थलीमा भव्यमन्दिर छ । यस मन्दिरको स्थापना सम्बन्धमा शिलालेखमा उल्लेख भएका प्रमाण पाउन सकिएको छैन । एक वंशावलीले भने जयस्थिति मल्लले गोरखनाथको पादुका जगाई योगीनाथहरूको सम्प्रदाय बनाएर पूजाआजाका लागि गुठी जग्गाको समेत व्यवस्था गरिदिएका थिए भनी उल्लेख गरेको पाइन्छ । त्यसपछि नै गोरखनाथ बढी प्रख्यात भएका हुन् भन्ने डा टण्डनले बताउनुभएको छ ।

(८) गोरक्षनाथ र मनकामनाको मन्दिरको उत्तरतर्फ मठको भित्रपट्टि योगी नरहरिनाथको आश्रम छ । आफ्नो जीवनकालमा काठमाडौँ उपत्यकामा भएका बखत उहाँ त्यहीँ बस्ने गर्नुहुन्थ्यो । उहाँको देहावसानपछि त्यहीँ भित्रपट्टि चोकमा उहाँको ढलोटको प्रतिमा बनाएर राखिएको छ । उहाँ गुरु गोरक्षनाथका परमभक्त, संस्कृत भाषा र साहित्यका प्रखर ज्ञाता, हाम्रो संस्कृति र सभ्यताका विशेष पारखी र नेपालको सही इतिहासको निरन्तर अन्वेषणका लागि भगीरथप्रयत्न गर्ने नेपाल जननीका सुयोग्य सन्तान हुनुहुन्थ्यो ।

१८ मनकामना

मनले चिताएका असल कुराको वरदान दिने भएकी मनकामना भगवतीको मन्दिर गोरक्षनाथ मन्दिर नजिकै छ ।

१९ गोरखकाली

गोरखकालीको भव्य मन्दिर गोरखा जिल्लामा छ । बडामहाराज पृथ्वीनारायणले एकीकरण गरी विशाल नेपालको निर्माण गरेपछि काठमाडौंमा पनि गोरखकालीको मन्दिर स्थापना गरिएको हो । मनकामनाको मन्दिर नजिकै पश्चिमतर्फ गोरखकाली भगवतीको मन्दिर छ । गोरखकालीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्तिका बारेमा कसैले पनि किटेर केही भन्न सक्तैन भनिन्छ । उहाँको पूजाआजा र आराधना गर्नेहरूका जुनसुकै असल मनोवाञ्छा पूरा हुन्छन् भन्ने जनविश्वास छ ।

२० मृगस्थली

गोरक्षनाथ, मनकामना र गोरक्षकालिकाको दर्शन गरी पश्चिमतर्फ अलिकति समतल हिंडेपछि वा पशुपतिनाथको मन्दिरको पूर्वतर्फ वागमती नदी पारिपट्टिको उकालो सिँढी उक्लिएपछि जुन समतल मैदान र पर्वतीय जङ्गल देखिन्छ, त्यही हो मृगस्थली । पहिले शिवले यही जङ्गलमा मृगको रूप लिएर वन विहार गर्नुभएको थियो भनी शास्त्रहरूमा उल्लेख छ । त्यसैले यस ठाउँलाई मृगस्थली भनिएको हो । यो ज्यादै पवित्र स्थान मानिएको छ । यहाँ ऋषि-मुनि, देवगण, वृक्ष आदिका रूपमा पशुपतिनाथको सेवा-तपस्या गर्छन् भन्ने विश्वास गरिन्छ । त्यसैले यस ठाउँलाई तपोवन पनि मानिएको छ । पशुपतितर्फ जाने बाटामा गणेशजीको भव्यमूर्ति छ भने त्यहाँ उहाँको बाहन मुषिक राजको शिला पनि छ । त्यहाँ नजिकै उत्तरतर्फ बाल हनुमानको दर्शनीय मूर्ति छ ।

२१ श्लेष्मान्तक वन

(१) मृगस्थलीका पूर्व, उत्तर र दक्षिणतर्फको जङ्गल नै श्लेष्मान्तक वन हो । पहिले यस जङ्गलको नाम सिद्धाद्रि थियो । यस जङ्गलमा कुनै श्लेष्म नाम गरेका नागले आएर पशुपतिनाथको तपस्या गरे । उनको तपस्याबाट खुशी भएर शिवले उनलाई "कसैले पनि जित्न नसक्ने र आफूले चाहेका ठाउँमा जहाँ पनि जान सक्ने भए" भनी वर दिनुभयो र त्यस जङ्गलको नाम श्लेष्मान्तक भनेर राख्नुभयो । यो वन अत्यन्त पवित्र र प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ । यहाँ देवदार, असुरो आदि विभिन्न आयुर्वेदिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण वनस्पति, वृक्षहरू छन् ।

वातावरणीय र धार्मिक दृष्टिले यो जङ्गल अत्यन्त महिमाशाली छ । चारैतिर सिमेन्टका घरहरू घना रूपमा ठडिएर उखरमाउलो गर्मी बढ्दै गएका बेला यस जङ्गले अक्सिजन प्रवाहित गरिरहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) यो हिन्दूधर्मावलम्बीहरूको सम्पत्ति हो । यस जङ्गललाई कसैले नाश गर्ने वा कमजोर तुल्याउने गरे भने तिनीहरूले ठूलो पाप भोग्नुपर्ने हुन्छ । त्यसप्रकारको काम हिन्दूधर्मावलम्बीहरूलाई सह्य हुन सक्तैन ।

(३) यता केही वर्षदेखि नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरिएपछि श्लेष्मान्तक वनमा अतिक्रमण बढेको छ । खास गरी इसाई धर्मावलम्बीहरूले शवल्याएर गाड्ने र त्यसमाथि सिमेन्टका संरचना बनाई त्यसमा क्रस चिह्न ठड्याएर जाने गरेका छन् । यो कुनै पनि हालतमा सह्य हुन सक्तैन । हो क्रिश्चियनहरूका निम्ति पनि चिहानको व्यवस्था हुनुपर्छ तर हिन्दूहरूको पवित्र श्लेष्मान्तक वनमा होइन अन्यत्र कतै उपयुक्त स्थानमा ।

२२ विश्वरूपा मन्दिर

(१) मृगस्थलीबाट केही पर पूर्वतर्फ श्लेष्मान्तक वनको बीचमा विश्वरूपा कामकामेश्वरी हुनुहुन्छ ।

पशुपतिक्षेत्रमा रहेका ठूला मन्दिरहरूमा विश्वरूपा मन्दिर पनि एक हो तर यस मन्दिरको पुरानो संरचना अहिले इतिहास भएको छ ।

(२) विसं २०७२ वैशाख १२ गतेको महाभूकम्पले यो मन्दिर र यसका सत्तलपाटीपौवालाई खण्डहर बनायो ।

(३) राजा प्रताप मल्लले निर्माण गरेको ठूलो विश्वरूपा अर्थात् कामकामेश्वरीको मूर्ति लामो समयदेखि छिडीमा त्यसै परिरहेको थियो । जङ्गबहादुरले उक्त मूर्तिलाई आफूले स्थापित भैरव मन्दिरको प्राङ्गणमा मन्दिर बनाई स्थापना गरेका थिए ।

(४) हजारौं हात र हजारौं शिर भएको त्यो विश्वरूपाको मूर्तिलाई कसै कसैले कृष्णले अर्जुनलाई देखाएका विश्वरूप पनि सम्झने गरेका छन् । तर 'त्यो विश्वरूपको मन्दिर होइन । त्यो त विश्वरूपा देवीको मन्दिर हो भन्ने डा गोविन्द टण्डनको स्पष्टोक्ति छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(५) देवमाला वंशावलीका अनुसार जङ्गबहादुरले मुलुकको, आफ्नो र आफ्नो वंशको कल्याण होस् भनी तान्त्रिक विधिविधान पूरा गरी कोटिहोमसमेत गरेर प्राणप्रतिष्ठा गरी दुनियाँभरकै ठूलो मूर्ति स्थापना गरेका थिए र पूजाआजाको लागि प्रशस्त जग्गा पनि गुठी राखिदिएका थिए । २५५ रोपनी जङ्गबहादुले र ५० रोपनी उनका भाइ कृष्णबहादुरले गुठी राखेका थिए । त्यसरी गुठी समेत राखिएको मन्दिर अहिले अस्तव्यस्त अवस्थामा पुगेको छ ।

२३ बहिरा गणेशको मन्दिर

विश्वरूपा मन्दिरको दक्षिणतर्फ बहिरा गणेशको मन्दिर छ । "ती गणेश कान सुन्दैनन् । त्यसैले उनको पूजाआजा गरी आफूलाई मनमा लागेका कुरा वा माग चर्को स्वरले भन्नुपर्छ " भनिन्छ ।

२४ गणेश

विश्वरूपा र बहिरा गणेशको पूजा र दर्शन गरी पशुपतिनाथतर्फ जान ओरालो लाग्नुभन्दा अघि पश्चिमतर्फ रहेका गणेश पनि छन् ।

२५ हनुमान

गणेशभन्दा पश्चिमतर्फ हनुमान हुनुहुन्छ ।

२६ चन्द्रेश्वर परिसर (स्वामी प्रपन्नाचार्य आश्रम)

गोरक्षनाथको मन्दिरभन्दा केही पश्चिममा चन्द्रेश्वर परिसरभित्र एक ठूलो सत्तल छ । त्यहाँ २०४५ सालदेखि डा स्वामी प्रपन्नाचार्य बस्नुहुन्थ्यो । उहाँ नेपालका एक प्रकाण्ड विद्वान् र असाधारण प्रतिभा हुनुहुन्थ्यो । उहाँले विभिन्न विषयका नेपाली भाषामा २५, संस्कृत भाषामा १८, हिन्दी भाषामा ६ र अंग्रेजी भाषामा तीन पुस्तक लेख्नुभएको छ भने दशभन्दा बढी ग्रन्थको सम्पादन पनि गर्नुभएको छ । उहाँका थुप्रै फुटकर लेख, कविता आदि पनि समय समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । उहाँ अत्यन्तै परिश्रमी र समयको अधिकतम सदुपयोग गर्ने मनिषी हुनुहुन्थ्यो । उहाँको शुरूको नाम काले राई थियो तर विद्या, ज्ञान र प्रतिभाका कारण उहाँ डा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वामी प्रपन्नाचार्य हुनुभयो । उहाँलाई भेट्न जाने सबैलाई भन्ने गर्नुहुन्थ्यो, "प्रत्येक नेपाली कर्तव्यनिष्ठ र क्रियाशील हुनुपर्छ । त्यसो भए मात्र आफ्नो जीवन र राष्ट्र बनाउन सक्छौं ।" हिन्दूधर्म र वैदिक आर्य सिद्धान्तका उहाँ प्रखर अनुयायी हुनुहुन्थ्यो । "सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया : सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुखभाग्भवेत् " यस शाश्वत् र परमहितकारी आर्यसंस्कृतिको वाणीको सधैं स्मरण गरी तदनुसार नै देश र जनताका लागि समर्पित हुँदै ९२ वर्षका उमेरमा २०७२ साल भदौ ४ गते उहाँ ब्रह्मलीन हुनुभयो ।

उहाँ जस्ता तपस्वीको साधना भूमि त्यस सत्तलमा गई उहाँका बारेमा अलिकति मात्र पनि जानकारी लिँदा ठूलो पुण्यभागी हुन सकिन्छ । त्यहाँ अहिले उहाँका शिष्य वासुदेव प्रपन्नाचार्य बस्नुहुन्छ ।

२७ लक्ष्मीनारायण र सीताराम

त्यहाँबाट केही सिँढी ओर्लिएपछि बायाँतर्फ परिसरमा प्रवेश गर्ने । केही तल दक्षिणतर्फ अर्को परिसरमा प्रवेश गरेपछि त्यहाँ सुन्दर मन्दिरहरू देखिन्छन् । ती मन्दिरहरूलाई दाँया परिक्रमा गरेर जाँदा पल्लो छेउमा दक्षिणतर्फ लक्ष्मी-नारायणको मन्दिर छ । त्यहाँ लक्ष्मी र नारायणको सुन्दर मूर्ति छ । त्यसपछि हामी सीताराम मन्दिरमा पुग्दछौं । त्यहाँ सीताराम, लक्ष्मण, भरत, शत्रुघ्न र हनुमानका सुन्दर मूर्ति छन् ।

२८ भागवत सन्न्यासाश्रम : यज्ञमण्डप र गुरूकुल पाठशाला

त्यस प्राङ्गणको पूर्वतर्फ अर्को एउटा परिसर छ । त्यहाँभित्र प्रवेश गर्दा हामी बायाँतर्फ एक यज्ञमण्डप देख्तछौं । त्यहाँ नित्य हवन हुन्छ । त्यहाँ अहिले पनि हामी प्राचीनकालका गुरुकुलको सम्झना गराउने वेद र संस्कृत भाषाको अध्ययन, अध्यापन गर्ने पाठशाला देख्छौं । उक्त पाठशालाका संस्थापक भागवत शरणजी महाराज हुनुहुन्छ । उहाँको सत्प्रयासबाट उदारमना चन्दादाता महानुभावको सहयोगमा उक्त आश्रम एवं पाठशाला २०४४ सालदेखि सञ्चालन हुँदै आएको छ । उक्त पाठशालामा नेपालका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न जिल्लाका .७५. ब्राह्मण बटुकहरू अध्ययनरत छन् । त्यहाँ उनीहरूले निःशुल्क खान, बस्न र अध्ययनको सुविधा पाइरहेका छन् । त्यहाँ उनीहरू वेद र संस्कृत भाषाको अध्ययन मात्र होइन कि आर्यसंस्कृति र सभ्यताको अनुशासन, व्यवस्थापन र व्यावहारिक ज्ञान पनि प्राप्त गर्छन् । बिहानबेलुका पूजाका अवसरमा त्यहाँ ती बटुकहरूले सारस्वरका साथ घन्काएका वेदध्वनिहरू श्रवण गर्दा अलौकिक आनन्द प्राप्त हुन्छ । उनीहरू अत्यन्त मर्यादित र अनुशासित जीवनमा रही विद्या आर्जन गरिरहेका छन् । यस्तो लाग्छ, यस्तै अनुशासन र नियममा बसी अरू ठाउँका विद्यार्थीहरूले पनि अध्ययन गरे यस देशमा अनुशासनको पाठ कसले कसलाई सिकाउनुपर्थ्यो र !

यस गुरूकुल पाठशालामा औपचारिक रूपमा कक्षा सातसम्म पठनपाठनको स्वीकृति प्राप्त भएको छ । यहाँ हाल सात शिक्षकहरूले वेदलगायत विभिन्न विषय अध्यापन गरिरहेका छन् ।

२९ साधु र फकिर

उक्त आश्रमबाट निस्किएर उत्तरतर्फ लागी अर्को प्राङ्गणको ढोकाबाट बाहिर निस्कनुभन्दा अघि त्यहाँ एक सानो पाटीमा धेरै साधु र फकिरहरू आआफ्ना आवश्यकतालाई कसरी सीमित तुल्याएर बस्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरिरहेका देखिन्छन् । सानो लामो पाटीमा धेरै फकिरहरू रातका समयमा बास बस्छन् र खानासमेत त्यहीँ पकाएर खाई गुजारा गर्छन् । दिउँसो भने त्यहाँ पालैपालो एकाध व्यक्तिहरू कुर्न बस्छन् र अरू बाँच्ने सामल प्राप्त गर्न अर्थात् भिक्षाटन गर्न जान्छन् ।

३० पाताल हनुमान

फकिरहरूको आश्रमस्थल भएको परिसरको उत्तरतर्फको ढोकाबाट बाहिर निस्किएर अलि पर गएपछि त्यहाँ गहिरो स्थान (खाल्टो)मा पाताल हनुमान हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३१ विष्णुको मन्दिर

पाताल हनुमानको दर्शन गरी उत्तरतर्फ लाग्दा गणेश र .गरूडका मूर्ति देखिन्छन् । ती देवमूर्तिहरूको अगाडि नै भगवान्को भव्य मूर्ति भएको मन्दिर हामी देख्छौं, जसलाई धेरैजसो स्थानीय जनता राममन्दिर भन्छन् । वास्तवमा त्यो रामको मूर्ति नभएर विष्णुको मूर्ति हो । यो भगवान् विष्णुका आयुध(हतियार)बाट स्पष्ट हुन्छ । उहाँको मूर्तिभन्दा निकै होचा र साना दुई मूर्तिहरू पनि छन् । ती विष्णुकै आयुधहरूको मूर्तिमान् रूपहरू हुन् भन्ने डा टण्डनको भनाइ छ ।

वास्तवमा राम को ? विष्णु को ? उहाँहरू दुबै परमेश्वर परमात्माकै अंश हुनुहुन्छ । त्यस मूर्तिमा कसैले राम देख्छन् र त्यही रूपमा पूजा र दर्शन गर्छन्, कसैले विष्णु देख्छन् र विष्णुका रूपमा पूजा र दर्शन गर्छन् भने ती दुवै थरीले भूल वा त्रुटि गरिरहेका छैनन् । ठीक गरिरहेका छन् । जसले जसलाई जे रूपमा देखे पनि ध्यानस्थ हुन सक्यो भने उसले चाहेको प्राप्त गर्छ । हनुमान्का दृष्टिमा चराचर जगत् राममय हुन्छ । रामभक्तले विष्णुमन्दिरमा पनि राम देख्छन् र विष्णुभक्तले राममन्दिरमा पनि विष्णुलाई मात्र देख्छन् । को कति गहिरिन सक्यो, कति तन्मय बन्न सक्यो, ध्यानस्थ हुन सक्यो, त्यसैमा इष्टदेवको प्राप्ति र अप्राप्ति निर्भर हुन्छ ।

३२ वटुक भैरव, जयमङ्गला, दुर्गादेवी

वागमतीको पुल तरेपछि त्यहाँ सानो मन्दिर देखिन्छ । मन्दिरभित्र वटुक भैरब हुनुहुन्छ । भैरवको पश्चिमतर्फ जयमङ्गला र दुर्गामाता हुनुहुन्छ ।

३३ राजराजेश्वरी, नवदुर्गा

जयमङ्गला माता र दुर्गादेवीको मन्दिरको दक्षिणतिर वागमती नदीको किनारै किनार गएपछि अलिपर धर्मशालाको प्राङ्गणमा सुनौलो मन्दिरमा राजराजेश्वरी देवी, गणेश र भैरवसहित नवदुर्गा विराजमान हुनुहुन्छ । यहाँ एक यन्त्र पनि छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिपुरासुन्दरी राजराजेश्वरी त्रिपुराबाट आएर पशुपतिनाथको समीपमा आफ्ना गणहरूका साथ विराजमान हुनुहुन्छ । उहाँको दर्शन मात्रले पनि मानसिक शान्ति मिल्छ र दुःखी, दरिद्र पनि सुखी हुन्छ भनिएको छ ।

(त्रिपुरातः समायाता राजराजेश्वरी शिवा ।
अस्या दर्शनमात्रेण दरिद्रोऽपि सुखी भवेत् ॥
(नेपाल महात्म्य)

अति प्राचीनकालमा शिवले त्रिपुरासुरलाई बध गर्ने समयमा महादेवी शिवा महादेवको शरीरमा शक्तिरूप लिएर प्रवेश गर्नुभएको थियो र शिवले महाबलेश्वर बनेर त्रिपुरासुरलाई भष्म गर्नुभएको थियो । त्यसपछि शिवले महादेवीलाई 'महात्रिपुरासुन्दरी' नाम राखेर उहाँको स्तुति गर्नुभएको थियो । त्यसैले त्रिपुरा महादेवी सर्वत्र पूजनीय हुनुहुन्छ ।

राजराजेश्वरी तान्त्रिक साधनाकी देवी हुन् । मन्दिरभित्र नवदुर्गाका पूर्णकदका मूर्तिहरू भएकाले कतिपयले यसलाई नवदुर्गाको मन्दिर पनि भन्ने गरेका छन् । त्यसैले नवदुर्गाको पनि यहाँ पूजा हुन्छ । मुख्य रूपमा यो राजराजेश्वरीको मन्दिर हो । नवदुर्गाका मूर्तिहरूका अगाडि भुइँमा 'श्री विद्या महात्रिपुरासुन्दरी'को यन्त्र छ । यसै यन्त्रमा विशेष रूपले नित्यनैमित्तिक पूजा हुन्छ ।

३४ भष्मेश्वर

राजराजेश्वरी र नवदुर्गाको दर्शन गरेर अघि आएकै बाटो फर्किएर वागमतीको किनारैकिनार उत्तरतर्फ आई सिँढी उक्लेपछि वत्सलादेवी मन्दिरको नैॠत्यमा सानो परिसरभित्र प्राङ्गणमा एक शिवलिङ्ग छन् । ती भष्मेश्वर हुन् । उक्त शिवलिङ्गदेखि पूर्वतर्फ वागमती नदीको किनारमा राजराजेश्वरी घाट छ । भनिन्छ, त्यहाँ परापूर्वकालमा यमराजले आएर तपस्या गरेका थिए । उनको तपस्या देखेर शिव प्रसन्न हुनुभयो र त्यहीँ भष्मले स्नान गरी शिवलिङ्गको स्थापना गर्नुभयो र विराजमान हुनुभयो । त्यहाँ वागमती नदीमा भष्मगङ्गा तीर्थ पनि छ भनिएको छ । त्यहाँ नदीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किनारमा चिताको स्थान पनि छ । कर्तव्यनिष्ठ धर्मात्मा व्यक्तिको चिता यहाँ जलाइयो भने त्यो चिताको धुवाँ र भष्म भष्मेश्वर पुग्छ र ती मृत व्यक्तिको बचेखुचेको पाप पनि नाश भएर उनी मुक्त हुन्छन् भन्ने जनविश्वास छ ।

३५ नीलसरस्वती

बत्सलेश्वरीमन्दिरबाट नैऋत्यतर्फ पाटीको नजिकै भित्तामा नीलसरस्वती विराजमान हुनुहुन्छ । प्रत्येक वर्ष माघको शुक्लपक्षको पञ्चमीका दिन यहाँ नीलसरस्वती माताको विशेष रूपमा पूजा हुन्छ ।

३६ वत्सलेश्वरी, पञ्च गणेश आदि

आर्यघाट पुलको नजिकै दुई तले एक मन्दिर छ । त्यहाँ वत्सलेश्वरी माता विराजमान हुनुहुन्छ । यो पनि पार्वतीकै पीठ हो । मन्दिरमा देवीको यन्त्र छ । जब शिवले यहाँ बस्ने निश्चय गर्नुभयो, तब पार्वतीले पनि शिवकै नजिक वागमती नदीको किनारामा बस्ने इच्छा व्यक्त गर्नुभयो । त्यसपछि शिवले भन्नुभयो, "देवी तिमी मेरो प्रेमले यहाँ बस्न चाहन्छ्यौ । त्यसैले तिम्रो नाउँ अबदेखि वत्सलेश्वरी भयो । तिमी सबै प्राणीलाई वात्सल्यरूपा आमा भई आशीर्वाद दिनेछ्यौ । तिमी मेरो नजिकै आग्नेय दिशामा बस ।" यसका साथै शिवले वत्सलेश्वरीको दर्शनको महत्त्व समेत उल्लेख गर्नुभएको नेपाल महात्म्यमा उल्लेख भएको पाइन्छ । :

वाग्मत्याः सलिले स्नात्वा दृष्ट्वा तां वत्सलां शिवे ।
द्रक्षन्ति मां नरा ये वै ते स्युः कैलासगामिनः ॥ नेपाल महात्म्य ॥

(हे कल्याणी जसले वागमती नदीमा स्नान गरेर तिम्रा स्वरूपमा दर्शन गरी मेरो (पशुपतिनाथको) दर्शन गर्छन्, ती सरासर कैलाशमा जाने धर्मात्मा हुन्छन् ।)

त्यसबेलादेखि पार्वती वत्सलादेवीका नामले विराजमान हुनुहुन्छ । चैत्र शुक्ल प्रतिपदा अथवा द्वितीयाका दिन वत्सलादेवीको रथयात्रा हुन्छ ।

देवमाला वंशावलीमा वत्सलेश्वरी पीठलाई आदिपीठ भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वत्सलेश्वरी मन्दिरमा काठमाडौँका अन्तिम राजा जयप्रकाश मल्लको योगदान उल्लेखनीय छ । वत्सलेश्वरीमा विभिन्न धार्मिक कार्यका लागि राखिएका गुठीमध्ये उनले राखेको सिंदूरगुठी सम्झनलायक छ । त्यसका लागि उनले १२० रोपनी जग्गा गुठी राखिदिएका थिए । राजा रणबहादुर शाहले विसं १८५२ चैत्रकृष्ण दशमीका दिन वत्सलेश्वरी मन्दिरमा जात्राका समयमा गरिने 'छाहायेकु' कार्यका लागि सुनले मोरेको अर्नाको सिङ चढाएका थिए ।

त्यसपछि वत्सलेश्वरीलाई दायाँ पारेर सोझै पूर्वतिर लाग्दा अलिपर पञ्चगणेश, अनन्तनारायण, शिवलिङ्ग र धर्मराजको मूर्ति देखिन्छ । त्यसपछि उत्तरतर्फ हेर्दा आर्यघाट देखिन्छ ।

३७ आर्यघाट

पशुपतिनाथको समीप पूर्व दिशामा आर्यघाट छ । यो अनादि कालदेखि नै आर्यतीर्थ मानिएको छ । यहाँ पहिले आर्यानदी बग्थिन् । उनी शिव शक्तिबाट उत्पन्न भएकी थिइन् । 'आर्या' पार्वतीको अर्को नाम हो । आर्यानदीमा स्नान गरेर पार्वतीले तपस्या गर्नुभएको थियो ।

पूर्वतर्फको किनारामा पहाडबाट बगेर आएको शर्वरी (खर्बरिका) तीर्थ छ । 'यहाँ पार्वतीकी सखी शर्वरीले स्नान र तपस्या गरेकी थिइन्' भनी उल्लेख भएको पाइन्छ ।

यहाँ पश्चिम किनारामा मृगेश्वर हुनुहुन्छ । त्यस ठाउँलाई मृगशृङ्ग भनिन्छ । त्यस ठाउँमा जमीनभित्रबाट जलको मूल फुटेको हुन्छ । त्यसरी निस्किएको जल गुप्त रूपले धाराको रूप लिएर एक तीर्थ बन्न पुग्छ । यस तीर्थलाई मृगशृङ्गोद्भव अथवा मृगगङ्गा तीर्थ पनि भनिन्छ ।

मृगगङ्गा तीर्थ, आर्यतीर्थ, शर्वरिकौ तीर्थका सङ्गम आर्यघाटमा आएर हुन्छ र यो आर्यातीर्थ भनिन्छ । पछि गएर यिनै तीन तीर्थको त्रिवेणीमा वागमती आएर मिलिन् । यसरी अति पवित्र नदी-तीर्थहरूको सङ्गमले यो स्थान अत्यन्त पवित्र मानिएको छ । यस विषयमा नेमुनिले विरूपाक्षलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसो भनेका थिए– :"अति पुण्य दिने र सबैको कल्याण गर्ने भागिरथी गङ्गासमान त्रिवेणी सङ्‌गमको आर्यतीर्थमा श्रद्धा-भक्तिपूर्वक प्रतिदिन स्नान गर्नाले अथवा कुनै पनि पर्व कालमा स्नान गर्नाले तत्काल अनन्त पुण्य प्राप्त भई ८४ लाख योनिमा नपरी सबै पापबाट छुटकारा पाउन सक्छन् । अझ पूर्णिमाका दिन स्नान गर्नाले त विशेष पुण्य मिल्छ ।

(आर्या तीर्थे महापुण्ये त्रिवेणी सङ्‌गमे शुभे ।
स्नातव्यं कार्तिके मासि सर्वपर्वसु यत्नतः ॥
चतुरशीतिलक्षासु योनिष्वर्जितकिल्विषैः ।
स्नानाद् विमुच्यते सद्य पूर्णिमायां विशेषतः ॥)

यसरी नै मृगेश्वरको सामुन्ने वागमती नदीमा मृगतीर्थ सम्झिएर आचमन गरी मृगेश्वरको दर्शन र स्पर्श गर्ने हो भने ज्यादै ठूलो पुण्य मिल्ने स्वयं पशुपतिनाथले भन्नुभएको छ ।

मृगोदक तीर्थको जल पान गर्नाले पशुयोनिबाट मुक्ति होइन्छ भने मृगमूर्तिलाई स्पर्श गर्नाले शिवलोक वा शिवसायुज्यको द्वार खुला हुन्छ ।

(पशुयोनिंजलं पीत्वा पशुयोनौ नजायते ।
संस्पृश्ये मां तनुं धीरो मम लोकं व्रजिष्यति ॥

हिमवत् खण्ड ९३।९९)
(मेरो यो मृगमूर्तिको दर्शन र पूजा गर्नाले पशुयोनिमा जान पर्दैन र मनले चिताएको पूरा हुन्छ ।)

(पश्येन्मां पूजयेद् भक्त्या पशुयोनिं च मामिकाम् ।
मुच्यते पशुपापेभ्यः कामसिद्धिश्च लभ्यते ॥
हिमवत् खण्ड ८३।९८)

मृगेश्वर

आर्यघाटको पश्चिम किनारामा ढुङ्गैढुङ्गाले बनाइएको मन्दिरमा मृगेश्वर महादेव विराजमान हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परापूर्व कालमा पशुपतिनाथ मृगरूप धारण गरी वन विहारका लागि यहाँ आई त्रिवेणी सङ्गमको जलपान गरेर विश्राम गर्नुहुन्थ्यो । यहाँ भएका मृगरूप भगवान् उनै पशुपतिनाथका अंश हुनुहुन्छ ।

विरूपाक्ष : (१) मृगेश्वर नजिकैको जमीनमा आधा गाडिएर खडा भइहेको पत्थरको मूर्ति विरूपाक्ष ब्राह्मणको हो । पहिले ती ब्राह्मण ज्यादै दुराचारी थिए । विभिन्न किसिमका पापकर्म गरेका हुनाले तिनी अत्यन्त दरिद्र र कुष्ठरोगी भए । पछि उनले नेमुनिको उपदेश सुने र उनका साथ नेपालका विभिन्न तीर्थस्थलको भ्रमण गरे । फलस्वरूप उनी कुष्ठरोगबाट मुक्त भए र सिद्धि प्राप्त गरे । कम्मर कम्मरसम्म बाहिर निस्किएको देखिने यो उनै विरूपाक्षको मूर्ति हो । उनलाई पनि पूजा गर्ने र जल चढाउने चलन छ । उनलाई कलि भन्ने गरिएको छ । उनी पूरै निस्किएपछि कलि समाप्त हुन्छ भन्ने पनि लोकको भनाइ छ ।

(२) 'शिवका सहस्र नाममध्ये विरूपाक्ष पनि हो । त्यसै गरी ११ रूद्रमा पनि विरूपाक्ष पर्छन् । यी सबै विचार गर्दा यो मूर्ति शिवमूर्ति नै हो भन्ने अनुमान हुन्छ ।' भन्ने विचार आफ्नो अनुसन्धानात्मक पुस्तक 'पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन' मा डा टण्डनले व्यक्त गर्नुभएको छ ।

(३) डा जगमान गुरूङले पनि आफ्नो लेख 'राष्ट्र, राष्ट्रियता र सर्वधर्मसमभावका प्रतीक भगवान् श्रीपशुपतिनाथ' शीर्षक लेखमा विरूपाक्षको वर्णनको प्रसँगमा आर्यघाटमा 'हरिणेश्वरको मूर्तिसँगै शिवको विरूपाक्ष स्वरूपको प्रस्तर मूर्ति अवस्थित छ । यस मूर्तिमा त्रिनेत्र अङ्कित रहेको छ । यसका जटाहरू कत्ला कत्ला परेका छन् । ओठ बाक्लो र शरीरको बनोट हट्टाकट्टा छ । ' भनी विरूपाक्ष शिवकै मूर्ति हो भन्ने स्वीकार गर्नुभएको छ ।

(४) यसरी नै 'हिमवत्खण्ड' पुराणको परिशिष्टमा प्रकाशित हिमवत्तीर्थहरूको सूचीमा उल्लिखित एउटा पदावलीले यस प्रस्तर मूर्तिका बारेमा निर्णय गर्न ज्यादै सजिलो पार्छ,' भन्ने उल्लेख गर्दै डा गुरूङले उक्त श्लोकसमेत उल्लेख गर्नुभएको छ । उक्त श्लोकमा देवी गुह्यकाली, शिव, पशुपति, गोरक्ष, विश्वरूप, विरूपाक्ष र विराटकको समेत उल्लेख भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(देवी श्रीगुह्यकाली च शिवः पशुपतिः स्वयं ।
गोरक्षो विश्वरूपश्च विरूपाक्षो विराटकः ॥)
- (योगी, २०१३: परिशिष्टः ८३) ।

यसमा विरूपाक्षसँगसँगै विराटकको उल्लेख भएको छ । यहाँ उल्लिखित विराटक शब्दले पुरूष मूर्तिलाई सङ्केत गर्ने र उक्त प्रस्तरमूर्ति विराट् अर्थात् राजपुरूषको मूर्ति हो भन्ने प्रमाणित हुन्छ भन्ने उहाँको आशय छ । ।

(५) यसरी यस मूर्तिका बारेमा अन्य विभिन्न विद्वान्का आआफ्नै तर्क र भनाइ छन् । कसैले किराँत राजा शङ्कु, कसैले शिव, कसैले नागको मूर्ति पनि मानेका छन् ।

(६) विरूपाक्षको यस मूर्तिको समयबारे पनि विभिन्न व्यक्तिको फरकफरक राय छ । डा टण्डनले विक्रमको तेस्रो–चौथो शताब्दी मान्नुभएको छ । आर्यघाट स्थित विरूपाक्षको यस प्रस्तर मूर्तिको शैली दक्षिण भारतको 'गुड्डिमल्लम्' स्थित परशुरामेश्वर लिङ्गमा अङ्कित विरूपाक्षको मूर्तिसँग मिल्छ । गुड्डिमल्लम्को विरूपाक्षको मूर्तिको समय कम्तीमा पनि इस्वीको पहिलो शताब्दीको मानिएकाले पशुपति आर्यघाट स्थित विरूपाक्षको मूर्तिको समय पनि ईस्वी पहिलो शताब्दी ताका नै मान्न सकिन्छ भन्ने डा गुरूङको राय छ ।

गङ्गामाईको मन्दिर

मृगेश्वरको मन्दिरको उत्तरमा गङ्गा माईको मन्दिर छ । उहाँको दर्शन गर्नाले र जलशेचन गरी प्रसाद लगाउनाले ठूलो पुण्य मिल्ने र पाप नाश हुने कुरा बताइएको छ ।

३८ वागमती नदी

हिन्दूधर्म, संस्कृति, सभ्यता र नेपाली जनजीवनमा अति प्राचीनकालदेखि नै वागमतीको विशिष्ट महत्त्व र प्रभाव रहँदै आएको छ । वागमतीमा स्नान गरेर देवीदेवताको पूजा र दर्शन गर्दा ठूलो पुण्य मिल्ने, पाप नाश हुने र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रोगव्याधिसमेत हट्ने शास्त्रहरूमा नै बताइएकाले वागमतीप्रति जनआस्था रहँदै आएको हो ।

–स्कन्दपुराण अन्तर्गतको 'हिमवत्खण्ड' र 'नेपाल महात्म्य'मा वागमतीको पवित्रता र महिमाको वर्णन भेटिन्छ भने 'पशुपतिपुराण'मा यसको उपयोगिता र महत्त्व उल्लेख भएको छ । त्यस ग्रन्थमा त अझ वागमतीको गुण–गान गाएर सुललित भाषामा स्तुतिसमेत गरिएको छ ।

–"जसको अरू तीर्थस्थलमा गएर स्नान गर्दा पनि उद्धार हुन सक्तैन, ती व्यक्तिहरूको वागमतीमा स्नान गर्नाले अवश्य उद्धार हुने छ किनभने यी वागमती मेरी आदि शक्तिकै रूपमा प्रकट भएकी हुन् ।" भनी स्वयं पशुपतिनाथले भन्नुभएको हिमवत्खण्डमा उल्लेख छ ।

[नास्ति येषां गतिः क्वापि तेषां हि सा गतिर्ध्रुवम् ।
मम शक्तिः परा देवी वागमतीत्यभिधीयते ।
हिमवत्खण्ड]

यस ब्रह्माण्डमण्डलमा पशुपतिसँग तुलना गर्नलायकको अर्को ज्योतिर्लिङ्ग छैन, वागमतीसँग तुलना गर्न सकिने अर्को नदी छैन र गुह्येश्वरी बराबरको अर्को शक्तिपीठ छैन भनी पशुपतिनाथ र गुह्येश्वरीको महिमाका साथ वागमतीको महत्त्वको वर्णन 'पशुपतिपुराण'मा भएको छ ।

(पशुपतिसम्म लिङ्गं वाग्वत्या च समा नदी ।
गुह्येश्वरीसमं पीठं नास्ति ब्रह्माण्ड मण्डले ॥) पशुपतिपुराण ।)

हिउँले ढाकिएको उच्च पहाडमा उत्पन्न भएकी वागमती नदीको जल भागीरथी गङ्गाको भन्दा पनि सयौं गुणा पवित्र छ भनेर वराहपुराणमा पनि उल्लेख भएको छ ।

(हिमाद्रे तुङ्ग शिखराद् प्रोद्भूता वागमती नदी ।
भागीरथ्याः शतगुणं पवित्रं तज्जलं स्मृतम् ॥वराहपुराण)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वागमती नदीको उद्‌गमस्थल वाग्द्वार पहाड हो । वाग्द्वार पशुपतिनाथमन्दिरबाट करीब ३७ किलोमिटर टाढा ईशान दिशा (उत्तर-पूर्व) पर्छ । त्यहाँ उत्पत्ति भई जङ्गलै जङ्गल बगेर वागमती सुन्दरीजल नामक प्रसिद्ध स्थानमा आइपुग्छिन् । सम्म मैदानमा आइपुगेपछि केही समय उत्तरतिर बग्दै उत्तरगङ्गा नामको तीर्थस्थलका रूपमा प्रख्यात भई गोकर्णेश्वर, मूलपानी, जोरपाटी, गुह्येश्वरी, गौरीघाट, आर्यघाट, हुँदै पशुपतिनाथको समीपबाट बगी शङ्खमूल, कालमोचन घाट, पचली, टेकु हुँदै चोभार पार गरी कटुवाल दहमा पुगेर काठमाडौँ उपत्यकाबाट बाहिरिन्छिन् । त्यसपछि मकवानपुर हुँदै तराई पुगेर भारतको गङ्गामा गएर मिसिन्छिन् ।

वागमती नदीको उत्पत्ति सम्बन्धमा पनि हिमवत् खण्डमा रोचक कथा पाइन्छ । ब्रह्माजीले पर्वत, वृक्ष आदिको सृष्टि गरिसकेपछि मनुष्य, पशुपक्षछी आदिको सृष्टि गर्ने इच्छाले ज्ञान र सामर्थ्य प्राप्त गर्न वाग्द्वार पर्वतमा आएर शिवको तपस्या गर्नुभयो । उहाँको कठोर तपस्या देखेर शिव प्रसन्न हुनुभयो र त्यहाँ प्रकट भई ज्यादै खुशीले हाँस्नुभयो । त्यसरी जोडले हाँस्ता उहाँको नाभिकुण्डको जल हल्लिएर उछिट्टिई उहाँको मुखमा पर्‍यो । त्यसबेला मुखमा बसेकी सरस्वती पनि उक्त जलमा मिसिइन् । शिवको मुखबाट ब्रह्मनादका साथ त्यो जलको छिटा निस्कियो र त्यस ब्रह्मविन्दुबाट एक नदी बनिन् । शिवको मुखकमलबाट निस्किएको ब्रह्मनादमा सरस्वती मिसिई उत्पन्न भएकीले शिवले उक्त नदीको नाम 'वागमती' राख्नु भयो । साथै उनको नाम शिवगङ्गासमेत राखेर धेरै वर दिनुभयो । त्यो शिवलीला हेर्न विष्णु पनि त्यहाँ आउनुभयो । विष्णु र ब्रह्माले संयुक्त रूपमा शिवको भक्तिभावका साथ स्तुति गर्नुभयो । उहाँहरूको स्तुतिबाट भोलेबाबा अत्यन्त प्रसन्न हुनुभयो । त्यसपछि ब्रह्मालाई सृष्टि गर्ने र विष्णुलाई पालन गर्ने आज्ञा दिएर उहाँ अन्तर्धान हुनुभयो । त्यस बखत ब्रह्मा र विष्णुले पनि वागमतीलाई थुप्रै वरदान दिनुभयो ।

सृष्टिपछि ब्रह्माजीबाट वागमतीको महिमा सुनेर थुप्रै देवता र ऋषि वागमतीमा स्नान गर्न आए । त्यहाँ स्नान गरेपछि धेरैको मनको इच्छा पूरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भयो । त्यसपछि संसारभरका साढे तीन करोड तीर्थस्थल पनि वागमतीलाई हेर्न आए र उनलाई देखेपछि आ-आफ्नो अंश वागमतीमा मिलाएर यहीँ रहन लागे । त्यसैले वागमतीमा भिन्न भिन्न फल दिने अनेक तीर्थ छन् भनिन्छ । पशुपतिनाथले देवताहरूलाई भन्नुभएको छ : "नदीहरूमा वागमती नदी श्रेष्ठ छिन् । उनमा जहाँसुकै स्नान गरे पनि अर्थात् तल, माथि जहाँसुकै स्नान गरेपनि राजसूय यज्ञ वा अश्वमेध यज्ञ गरेको फल प्राप्त हुन्छ ।"

[वागमती सरिता श्रेष्ठा यत्र यत्राऽवगाह्यते ।
तत्र तत्र फलं दद्यात् राजसूयाश्वमेधयो : ॥]

"महापापी व्यक्तिहरू पनि वागमतीको जलमा स्नान गर्छन् भने मृत्युपछि शिवको सामीप्य पाएर मुक्ति प्राप्त गर्न सफल हुन्छन् " भनी वराह पुराणमा लेखिएको छ ।

[वाग्मतीसलिले स्नात्वा महापातकिनोऽपि वा ।
त्यक्त्वा देहं नरा यान्ति मम लोकं न संशय : ॥]
वराहपुराण)

वागमती नदीको उत्पत्ति सम्बन्धमा पशुपतिपुराणमा चाहिं यस्तो उल्लेख भएको पाइन्छ : नृसिंहको रूपमा विष्णुले हिरण्यकश्यपुलाई मारेपछि उहाँ सिंहको रूप धारण गरी यस वाग्द्वार पर्वतमा आएर घुम्न लाग्नुभयो । त्यसै भएर यस पर्वतको नाम मृगेन्द्रशिखर रहन गयो । यसै पर्वतमा भक्त प्रह्लादले एक हजार वर्षसम्म भगवान् रुद्रको तपस्या गरे । त्यस बेला शिव अत्यन्त प्रसन्न भई अट्टहासपूर्वक हाँस्तै प्रकट हुनुभयो । त्यसरी हाँस्ता भगवान्को मुखबाट जुन फिँज निस्कियो, त्यसैबाट वागमती नदी प्रकट भएकी हुन् ।

[हरहर्षाश्रुसम्भूतो फेनप्रस्यन्दबाहिनी ।
वचनात्सम्भवो यस्माद् वाग्वतीत्यभिधियते ॥]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वागमतीको अर्को नाम शिवगङ्गा र ब्रह्मसरस्वती पनि रहन गएको छ । शिवको नाभिकुण्डबाट उठेर जिब्राबाट प्रकट भएकीले उनको नाम त्यसरी रहन गएको हो ।

वैशाख सङ्क्रान्तिका दिन वागमतीको उत्पत्ति भएको मानिएको छ । त्यसदिन वागद्वार (वागमती नदीको उत्पत्तिस्थान) मा स्नान गर्नेहरूको मेला लाग्छ । त्यहाँ पहाडबाट बगेको स्वस्थ जलमा स्नान गर्नाले मन अत्यन्त पवित्र हुन्छ भने वागमती नदीमा स्नान गर्दा प्राप्त हुने विशेष पुण्य पनि मिल्छ ।

पौराणिक र ऐतिहासिक कालमा वागमती पवित्र र स्वस्थ रूपमा बग्थिन् । उनमा कुनै किसिमको दूषित तत्व कसैले पनि मिसाउने साहस गर्दैनथे । त्यो युग नै धर्मप्रति आदर गर्ने र धर्मको पालनामा अलिकति पनि हेल्चेक्र्याइँ नगर्ने युग थियो । विस्तारै विस्तारै मानिसहरू धर्मप्रति कमजोर र उदासीन बन्दै आए । फलस्वरूप वागमतीमा जथाभावी फोहर फाल्न र ढल समेत मिसाउन थालियो ।

विसं २०३० सम्म स्वच्छ जल प्रवाहित गर्ने वागमती पछि गएर निकै दूषित बन्न पुगिन् । घरको फोहर र अन्य ढल समेत मिसाइएकाले अत्यन्तै दूषित बनिन् । पौराणिक र ऐतिहासिक कालमा त्यति पवित्र र स्वच्छ वागमती पछि गएर दूषित बन्न पुगिन् । वागमतीमा नुहाउन त के भक्तजनहरूले सेचन समेत गर्न छाडे । उनको नाम पनि कतिपयले व्यङ्ग्य गरेर 'ढलमती' सम्म राखे । यसमा वागमतीको कुनै दोष छैन । दोष छ त काठमाडौँवासीकै छ, जसले यति जघन्य अपराध गरिरहेका छन् । एकातिर वागमतीलाई देखेपछि हात जोडेर दर्शन गर्ने र अर्कातिर फोहर र ढल मिसाएर दुर्गन्धित तुल्याउने दुष्कर्म पनि हामीमध्येबाट नै भयो र भइरहेको छ ।

कमसेकम गुह्येश्वरी र पशुपतिनाथको पाउसम्म अपवित्र जल प्रवाहित नहोस् भनी गुह्येश्वरीको पारिपट्टि वागमती सुधार आयोजनाले जलप्रशोधन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केन्द्र स्थापना गरी त्यसबाट निस्कने फोहर जङ्गलै जङ्गल तिलगङ्गामा गएर मिसिने र वागमतीमा सफा र शुद्ध जल प्रवाहित हुने व्यवस्था गरेको छ । यता आएर वागमती सफाईका अभियानै चलाइएको छ । राजनैतिक दलका नेता, कार्यकर्ता र नेपाल सरकारका कतिपय उच्च अधिकृतहरूले पनि वागमती सफाइमा चासो दिए र दिइरहेका छन् । विद्यालय–महाविद्यालयका शिक्षक र विद्यार्थीले पनि वागमती सफाइ अभियानमा समय समयमा भाग लिएर उल्लेखनीय योगदान दिएका छन् । अहिलेसम्म सरकारी तवरमा नै रू. छ अर्ब भन्दा बढी वागमती सफाइका नाममा खर्च भइसकेको खबर प्रकाशमा आएको छ । यति धेरै श्रम र लगानी भए पनि वागमती स्वच्छ र स्वस्थ भएर बग्न भने पाइरहेकी छैनन् । यसमा अहिले पनि जथाभावी फोहर ल्याएर फाल्ने र ढलसमेत मिसाउने क्रम रोकिएको छैन । यसो भइरहनुमा भएको कानूनको पालना हुन नसक्नु र कडा कानूनको निर्माण हुन नसक्नु हो । यसका साथै जनतामा धर्मप्रतिको भय नहुनु र सकारात्मक सोचको विकास हुन नसक्नु हो । यसमा सुधार गर्न सबैको मन, वचन र कर्ममा सुधार हुनुपर्छ । त्यसो नहोउञ्जेल कडा दण्डविधान कार्यान्वयन हुनुपर्छ ।

काठमाडौं उपत्यकाको सभ्यता र संस्कृतिमा ठूलो प्रभाव पार्ने भएकाले वागमती नदीका नामबाट 'वागमती सभ्यता' पनि भन्ने गरिएको छ । वागमतीको हालत भने अहिलेसम्म नै टिठलाग्दो र दयनीय नै छ ।

वागमतीका सहायक नदी :

विष्णुमती–शिवपुरी पर्वतबाट दक्षिणमुख भई उत्पत्ति

रूद्रमती (धोबीखोला)–शिवपुरी पर्वतकै अलितल पूर्वदक्षिणतर्फबाट उत्पत्ति

मणिमती (मनोहरा)– मणिचूड पर्वत (वज्रयोगिनीको डाँडो)बाट उत्पत्ति

अन्य नदी– खोला–इक्षुमती (टुकुचा), हनुमती (हनुमन्ते), भद्रमती (भचाखुसी) प्रभावती (नख्खुखोला) सप्तमती आदि विशेष प्रसिद्ध छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यीबाहेक अरू धेरै नदी-खोला उपत्यकाभित्र र आसपासमा छन् जस्तै : कोड्कु खोला, बल्खु खोला, गोदावरी खोला, शाली नदी, आदि ।

३९. चौरासी परिक्रमा र दर्शन

पशुपतिनाथ मन्दिरको प्राङ्गणको दक्षिणी ढोकाभन्दा बाहिर ५०० भन्दा बढी शिवलिङ्ग ज्यादै सुन्दर र व्यवस्थित ढङ्गले परिक्रमा गर्न मिल्ने गरी स्थापना गरिएका छन् । यहाँ रहेका शिवलिङ्गको दर्शन गरी परिक्रमा गर्नाले ८४ लाख योनिमा जन्मनु र मर्नु पर्दैन भन्ने जनविश्वास छ । नेपाल राष्ट्रभित्र चारैतिर प्रमुख रूपमा ६४ शिवलिङ्ग छन् । तिनको दर्शन गरियो भने एक महाक्षेत्रको परिक्रमा पूरा हुने मानिएको छ । ती शिवलिङ्गको परिक्रमा गरेर पशुपतिनाथको मन्दिर समीप रहेका ६४ शिवलिङ्गको पनि परिक्रमा र पूजा तथा दर्शन गर्दा अर्को महाक्षेत्रको परिक्रमा गरेको पुण्यमिल्ने जनविश्वास छ ।

यसप्रकार उपर्युक्त क्रमअनुसार माथि उल्लिखित गरिएका देवीदेवताको पूजा र दर्शन गर्नुपर्छ । कार्य व्यस्तताले वा अन्य कारणले ती देवीदेवताको पूजा र दर्शन गर्न जान सकिएन भने तिनलाई स्मरण गरी मानस पूजा र दर्शन गर्नुपर्छ । त्यसपछि पूजा र दर्शनका लागि पशुपतिनाथको मन्दिरको प्राङ्गणमा प्रवेश गर्नुपर्छ ।

—o—

मुख्य सन्दर्भ ग्रन्थ एवं लेख

डा गोविन्द टण्डन– पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन,
महाराजगञ्ज, काठमाडौं झरेन्द्र शम्शेर ज.ब.रा.तथा श्रीमती मञ्जु राणा विसं २०५३

रावल अनन्तकृष्ण सोमयाजी–पशुपतिदर्शन, काठमाडौं,
स्व. गोपाल राय संघईको परिवार विसं २०५६

विद्यानाथ भट्ट– तन्त्रविद्यालोक,
काठमाडौं, अन्नपूर्णा उपाध्याय भट्ट विसं२०६२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विष्णुगोपाल रिसाल–वागमती काठमाडौं सभ्यताको मुहान,
जावलाखेल, ललितपुर, प्रमिला रिसाल विसं २०७०

डा विष्णु दाहाल– पशुपतिमा सात दिन,
काठमाडौं, मण्डप बुक, विसं २०७३

सम्पादक माधवप्रसाद लामिछाने–पशुपतिदर्शन (लघुपरिक्रमा,
बलभद्रमार्ग,बानेश्वर, पशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान काठमाडौं, विसं २०७५

लेख

शरदच्चन्द्र वस्ती –हाम्रा राष्ट्रदेव पशुपतिनाथ, काठमाडौं मधुपर्क, साउन २०४६

डा जगमान गुरूङ– 'राष्ट्र, राष्ट्रियता र सर्वधर्मसमभावका प्रतीक भगवान् श्रीपशुपतिनाथ'

डा दीर्घराज घिमिरे,प्रा.इ. देवीप्रसाद चापागाईं,उपप्रा.माधवप्रसाद लामिछाने–पशुपतितत्व र उपासना तथा पशुपति क्षेत्र विकास कोषको गुरुयोजनामा समावेश हुनुपर्ने कुराहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय २

पशुपतिनाथका स्वरूप र पूजा-आराधना

२.१ पशुपतिनाथका स्वरूप

पशुपतिनाथका मुख्य रूपमा तीन स्वरूप छन् साकार, ज्योतिर्लिङ्ग र निराकार स्वरूप ।

(१) साकार स्वरूप– यो भगवान्को हात-पाउ मुहार स्पष्ट देखिने रूप हो । यस्तो स्वरूपलाई हामी साकार रूप भन्छौँ । साकार रूपमा हामी एकाग्र चित्त भएर भौतिक पूजा सामग्रीले पूजा गर्न सक्छौं । शिवको यस्तो रूप विरलै देख्न सकिन्छ । कुनै भक्तलाई प्रत्यक्ष दर्शन दिनुपर्दा वा कुनै विशेष प्रकारको कार्य गर्दा प्रभु साकार रूप धारण गर्नुहुन्छ, जस्तै कि समुद्र मन्थनका बखत त्यहाँबाट निस्किएको हलाहल विष पिउने बेला महेश्वरले सशरीर दर्शन दिई शङ्खमा हालेर पिउनुभएको थियो ।

(२) ज्योतिर्लिङ्ग स्वरूप– शिवको हामी जताततै लिङ्गरूप वा ज्योतिर्लिङ्ग रूप देख्छौं । लिङ्ग रूप दुई किसिमको हुन्छ : मुखलिङ्ग र सादालिङ्ग । पशुपतिनाथ मुखलिङ्ग स्वरूप हुनुहुन्छ । मुखलिङ्गमा उहाँका चार दिशामा चार मुख, माथितिर एक मुख र तलतिर एक मुख गरी छ मुख मानिएको छ । पश्चिम तर्फको सद्योजात रूप, उत्तरतिरको वामदेव रूप, दक्षिणतर्फको अघोर रूप र पूर्वतर्फको तत्पुरुष रूप हुन् । पशुपतिनाथको माथमा श्रीखण्डले श्रीयन्त्रको निर्माण गरी त्यसमा भट्टारिका उमासहित भट्टारक पशुपतिनाथको पूजा हुने ईशान रूप हो भने अधो भागमा कालाग्नि रुद्र मानेर पूजा गरिने पशुपतिनाथको छैटौं रूप हो । शिवमहापुराणमा शिवको मूर्तिपूजाभन्दा पनि लिङ्गपूजा अत्युत्तम मानिएको छ । यसप्रकार भौतिक पूजा सामग्रीले वा मानसिक पूजा सामग्रीले पूजा गर्न सकिने रूप भएकाले लिङ्गरूप महत्त्वपूर्ण मानिएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३) निराकार रूप– पशुपतिनाथको जान्नै नसकिने, बुझ्नै नसकिने अदृश्य रूप हो निराकार रूप । महेश्वरको त्यो रूपको वर्णन गर्दा गर्दा पार पाउन नसकेर थाकेका छन् वेद र पुराणहरू । ठूला ठूला ऋषि-मुनिसमेत त्यो रूपको पार पाउन नसकेर र बुझ्न असमर्थ भएर चुपचाप ध्यानावस्थित छन् । अणुभन्दा पनि हजारौं गुना सूक्ष्म पशुपतिनाथको निराकार, निरञ्जन रूप स्वल्पमति भएका मनुष्यले जानिसाध्य र बुझिसाध्य छैन । त्यो सूक्ष्मातिसूक्ष्म रूप जसलाई हामी चर्म चक्षुले देख्न सक्तैनौं, त्यही रूपमा पशुपतिनाथ चराचर जगत्मा व्याप्त हुनुहुन्छ । कणकणमा हुनुहुन्छ पशुपतिनाथ । उहाँ यस चराचर जगत्का सबै देख्नुहन्छ, तर हामी उहाँलाई देख्न सक्तैनौं । शिवको यो निराकार रूप सर्वत्र व्याप्त भएकाले उहाँ यस लोकको अत्यन्तै सानोभन्दा सानो कुरा पनि देख्नुहुन्छ र अत्यन्तै गोप्य तवरबाट भएका राम्रा वा नराम्रा कुरा पनि बुझ्नुहुन्छ । त्यसैले हामीले उहाँको मूर्ति र ज्योतिर्लिङ्गको पूजाका साथै निराकार रूपलाई प्रसन्न तुल्याउन ध्यान दिनुपर्ने हुन्छ । साकार रूपमा पूजा-आराधना गर्ने अभ्यास परिपक्वतामा पुगेपछि मात्र हामी निराकार स्वरूपको दर्शन पाउन सक्छौं तर यो अत्यन्तै दुर्लभ हुन्छ । त्यस रूपको दर्शन पाउन सके दुनियाँमा अरू कुनै कुराको पनि आवश्यकता पर्दैन ।

२.२ पशुपतिनाथको पूजा-आराधना

पशुपतिनाथ सर्वशक्तिमान्, सर्वव्यापक, सर्वान्तर्यामी, तीन त्रिलोक र समस्त भुवनका मालिक र सम्पूर्ण देवीदेवताका पनि स्वामी, सच्चिदानन्दघन हुनुहुन्छ । त्यसैले त उहाँ देवाधिदेव महादेव मानिनुहुन्छ । भनिएको पनि छ –"प्रसन्न हुँदा उहाँले गर्न नसक्ने र दिन नमिल्ने यस चराचर जगत्मा केही छैन ।" उहाँ प्रसन्न हुँदा र उहाँको दया-दृष्टि पर्दा असम्भव पनि सम्भव बन्छन्, पथभ्रष्ट नास्तिक व्यक्ति सही बाटो पक्रन सक्ने हुन्छ, आस्तिक बन्छ । उहाँको अनुकम्पा प्राप्त हुन सक्यो भने हरिकङ्गालले पनि धनी बन्ने उपाय भेट्छ, धनवान् बन्छ र इच्छामुताविकको भोगैश्वर्य भोग्न समर्थ हुन्छ, कडा रोगको शिकार हुन पुगेको व्यक्ति पनि निरोगी बन्छ, अविवाहित नारीले चाहेजस्तो वर पाउँछिन्, विवाहितको अटल सौभाग्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कायम रहन्छ, पारिवारिक र सामाजिक सुखशान्ति मिल्छ । पशुपतिनाथको कृपादृष्टि पऱ्यो भने मनुष्यका जुनसुकै असल मनकामनाहरू पूरा हुन्छन् । उहाँ प्रसन्न हुँदा सबैभन्दा दुर्लभ, शतकोटी जन्मको पुण्यले मात्र प्राप्त गर्न सकिने मोक्ष सहज हुन्छ भन्ने उहाँका भक्तहरूको अटल विशवास छ ।

२.३ पशुपतिनाथको पूजा-आराधनाको परम्परा (अतिप्राचीन काल)

पशुपतिनाथलाई आआफ्ना शक्ति र सामर्थ्य अनुसार रिझाइएका अनगिन्ती उदाहरण छन् । युग, शक्ति, परिस्थिति र परिवेशअनुसार उहाँको आराधना-पूजा हुँदै आएको छ ।

(१) विष्णुबाट महादेवको पूजा-आराधना

देवता र दानवहरूको युद्धका कुरा हामीहरूले सुन्दै र पढ्दै आएका छौं । पटक पटक देव-दानव युद्धहरू हुने गरेका थिए । एक पटक युद्धमा देवताहरू नराम्ररी हारे र दानवहरूले जिते । त्यसपछि त के चाहियो र दानवहरूले देवताहरूलाई स्वर्गमा त के मर्त्य र पाताल लोकमा पनि बस्न नदिने घोषणा गरे र चारैतिरबाट घेरा हालेर सिध्याउने तरखरमा लागे । विचरा देवताहरू के गरून् । विष्णु भगवान्को शरणमा गए र आफ्नो हालत दयनीय भाषामा व्यक्त गरे । त्यो सुनेर विष्णु दुखित हुनुभयो । अनि "म उपाय निकाल्छु तपाईहरू अहिले जानुहोस्" भनेर देवताहरूलाई पठाइदिनु भयो । त्यसपछि क्षीर सागरको सुख-सयल छाडेर उहाँ कैलाश पर्वतको समीपमा गई 'अग्निकुण्ड' र 'हरीश्वर' नामको ज्योतिर्लिङ्ग स्थापना गरी मानसरोवरमा फुलेको हजार कमल ल्याएर शिवसहस्र नाम पाठ गर्दै प्रत्येक नामको उच्चारणपछि एक कमलको फूल चढाउनुपर्ने विधिपूर्वकको शिवको आराधना गर्न लाग्नुभयो । यसरी शिवसहस्र नाम पाठ गर्दै जाँदा धेरै समय व्यतीत भयो । एक दिन शिवले विष्णुले त्यसप्रकारको पूजाका साथ तपस्यारत भएको स्मरण गर्नुभयो र उहाँको परीक्षा लिने विचार गरी एक दिन हजार कमलमध्ये एक कमल लुकाइदिनुभयो । जब विष्णुले सहस्र नाम जप्तै कमल चढाउँदै जानुभयो त अन्तिम नाम उच्चारण गरी चढाउनुपर्ने एक कमल कमी भएको देख्नुभयो । त्यो देखेर उहाँ कमल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खोज्न निस्कनुभयो तर संसारभर चहार्दा पनि शिवको परीक्षा-लीलाले गर्दा पाउन सक्नु भएन । अनि हजार कमल बनाउन आफ्नै एक नेत्ररूपी कमल सहज रूपमा भिकेर शिवलिङ्गमा अर्पित गर्नुभयो । त्यो देखेर पशुपतिनाथ अत्यन्तै प्रसन्न हुनुभयो र विष्णुसँग इच्छामुताविकको वर माग्न आज्ञा भयो । विष्णुले पनि दानवहरूले देवताहरूलाई ज्यादै दुःख दिएका र आफ्ना शस्त्रास्त्र सबै निष्फल भएको बडो मार्मिक ढङ्गले शिवलाई निवदेन गर्नुभयो । विष्णुको निवेदन सुनिसकेपछि शिवले तेजोमय सुदर्शन चक्र दिनुभयो र भन्नुभयो "यसले ती सबै दैत्यहरूको विनाश गर्ने छ ।" यति भनेर शिव अन्तर्ध्यान हुनुभयो । विष्णु उक्त चक्रबाट सारा दानवहरूको विनाश गर्न सफल हुनुभयो । दानवहरूको नाश भएपछि देवताहरू शिव र विष्णुको जयगान गर्दै निर्भयतापूर्वक आनन्दले रहे ।

(२) रावणको शिवलाई खुशी गराउने वीरतापूर्ण चतुऱ्याइँ

त्रेतायुगमा लङ्काका राजा रावण पशुपतिनाथका परमभक्त थिए । उनी नानाथरी पूजासामग्री तयार गरी भोलानाथको पूजा-आराधना र अत्यन्तै कठोर तपस्या गर्थे उनी महेश्वरलाई खुशी गराउन । उनी जाडो महिनामा पानीमा घाँटीसम्म डुबेर र गर्मी याममा पञ्चाग्नि तापेर तपस्या गर्थे । कतिसम्म भने आफ्ना शिरहरू काटेर हवन गर्नसमेत तम्सन्थे उनी । पशुपतिनाथको दर्शन गर्न उनी यति टाढासम्म पनि बारम्बार आउँथे । संस्कृत भाषाका प्रकाण्ड विद्वान् र प्रतिभाशाली कविसमेत भएकाले उनले शिवप्रतिको भक्ति जाहेर गर्न भाव, भाषा र रसले परिपूर्ण 'शिवताण्डवस्तोत्र' समेत संस्कृतमा रचना गरेका छन् ।

रावणको तपस्याको एक रोचक प्रसँग पनि छ । भनिन्छ, एक पटक रावणले शिवलाई रिझाउन भनेर निकै कठोर तपस्या गरे । वर्षौंसम्म भोकभोकै बसेर उनले तपस्या गरे, तर शिवको दर्शन पाउन सकेनन् ।

उता कैलाश दरबारमा चाहिं पार्वती महादेवसँग रिसाएर बस्नुभएको धेरै दिन भएको थियो । शिवले नाना तरहले सम्झाउँदा पनि पार्वतीको मन कसै गरे बुझेन । उहाँ ठुस्किएर नै बसिरहनु भयो । त्यसैले शिव समेत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झोकाएर बस्नुभएको थियो । त्यसै भएर हो कि रावणले कठोर तपस्या गर्दा पनि शिवको दर्शन पाउन सकेनन् ।

त्यसपछि त रावणलाई पनि झोक चल्यो । 'भोले बाबा मस्तसँग सुत्नुभएछ क्यार । अब उहाँलाई बिउँझाउन पर्‍यो' भनेर रावणले कैलाश पर्वत नै बेसरी हल्लाइदिए । दश रिक्टर स्केलको भुँइचालो गएजस्तो गरी कैलाश-दरबार हल्लियो । त्यसले गर्दा पार्वती बेसरी डराउनुभयो र महादेवलाई 'मेरा प्राणनाथ !' भन्दै ग्वाम्ल्याङ्ङ अँगालो हाल्न आइपुग्नुभयो । त्यो देखेर महादेव अत्यन्तै प्रसन्न हुनुभयो । 'मैले गर्न नसकेको पार्वतीको रिस भगाउने काम कसले गऱ्यो ?' भनेर ध्यान दृष्टिले हेर्नुभयो शिवले र थाहा पाइहाल्नुभयो त्यो बहादुरीपूर्ण चमत्कार त आफ्नै परमभक्त रावणले पो गरेका रहेछन् । शिव रावणसँग अत्यन्तै प्रसन्न हुनुभयो र प्रत्यक्ष दर्शन दिएर उनलाई इच्छामुताविकको वर दिनुभयो ।

(३) क. गन्धर्वराज पुष्पदन्तको शिवभक्ति

(१) पुष्पदन्त असाधारण शिवभक्त थिए । भनिन्छ, शिवको गणमा समेत सामेल हुने सुअवसर उनले पाएका थिए । उनले रचनागरेको "शिवमहिम्नः स्तोत्र" स्तोत्रसाहित्यमा बेजोड मानिन्छ ।

(२) पुष्पदन्त प्रत्येक दिन शिवको पूजा-आराधना गर्थे । त्यसका निम्ति उनी प्रत्येक दिन अदृश्य रूप धारण गरी राजाको बगैंचाबाट सुन्दर र सुगन्धित फूल टिपेर ल्याउने गर्थे । हरेक दिन उनले त्यसरी टिपेर लैजाने गरेकाले राजाले पूजा गर्न फूल पाउन छोडे । यसले गर्दा दरबारका धेरै मालीहरू फूल ल्याउन नसकेको आरोपमा दण्डित पनि भए ।

(३) प्रत्येक दिन आउने, फूल टिपेर लैजाने तर उनको अदृश्य हुने शक्तिले गर्दा कसैले पनि देख्न नसक्ने, यस्तो हुँदै जाँदा दरबारका सचिवहरूले एउटा जुक्ति निकाले । बगैंचामा चारैतिर शिव निर्माल्य (शिवको जलप्रसाद) छर्किदिने । त्यसो गर्दा उक्त जलप्रसाद नाघेर जो कोही गयो भने त्यसको अदृश्य शक्ति हराउने रहेछ । पुष्पदन्तलाई त्यो थाहा थिएन । बगैंचाभित्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पसेर फूल टिपे । उनलाई सधैं झैं कसैले पनि देखेको छैन भन्ने नै लाग्यो । तर शिवनिर्माल्य कुल्चिएको कारण उनी दृश्य भए अनि लुकेर बसेका राजाका कर्मचारीले उनलाई पक्रिएर कारागारमा बन्द गरिदिए ।

(४) पुष्पदन्तले कारागारमा बन्दी हुँदाहुँदै त्यस विपत्तिबाट मुक्त हुने उपाय शिवको आराधना नै हो भन्ने सम्झेर उनलाई प्रसन्न तुल्याउन उहाँको स्तोत्र रचना गरे र पाठ गर्न थाले । त्यसरी आफ्ना भक्तले पुकारा गरेको सुनी भगवान् शिव कारागारभित्र पुग्नुभयो । अँध्यारो कारागार झलमल्ल उज्यालो भयो । गन्धर्वराजले देखे, शिव नै आउनुभएको रहेछ । शिरमा गङ्गा, नीलो कण्ठ, कपूरजस्तै धवल मुहार, घाँटीमा सर्पको माला, नन्दीमा सवार अरू को हुन सक्थ्यो र !

(५) उनले करूणासागर शिवका पाउमा शिर राखेर भने 'हजुरको सबै गुण र यश पूरापूर गाउन र भन्न को पो सक्छ र ? ब्रह्मा, विष्णु आदि सबै देवता त थाकेका छन् । त्यस्ता हे प्रभु हजुरलाई म के स्तुति गरेर रिझाउन सक्छु र ? मेरो स्तुतिमा पनि अनगिन्ती त्रुटि होलान्, क्षमा गर्नुहोस् प्रभु !' शिवले उनलाई आश्वस्त पारेर भन्नुभयो "अब तिमी कारागारमुक्त हुन्छौ दुःख नमान" त्यति आज्ञा भएर महेश्वर अन्तर्धान हुनुभयो । अचम्मको कुरा भोलिपल्ट राजा आफैं कारागारमा आए र पुष्पदन्तलाई हात जोड्दै भने 'तपाइँको कुनै दोष छैन । मैले नै पो ठूलो गल्ती गरे मलाई माफ गर्नुहोस् ।'यति भनी उनलाई कारागारमुक्त गरिदिए । यसप्रकार पुष्पदन्तले शिवको अत्यन्त गहिरो भाव, मीठो शैली र लालित्ययुक्त भाषा भएको स्तोत्र रचना गरी स्तुति गाए, शिवलाई रिझाए र कारागारमुक्त भए ।

(३) ख. पुष्पदन्तकै शिवभक्तिको अर्को रोचक कथा

(१) "स्कन्दपुराण" अवन्तीखण्डमा पुष्पदन्तको शिवभक्तिबारेको अर्को कथा पनि छ :

प्राचीन कालमा शिनि नामका एक ब्राह्मण थिए । उनका कुनै सन्तान थिएनन् । उनले अयोनिज पुत्र प्राप्तिका लागि अत्यन्त कठोर तपस्या

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरे । उनको तपस्याको असर नदीहरूमा पऱ्यो तिनीहरू सुक्न थाले, पृथ्वी पनि अत्यन्त शक्तिशाली भुइँचालो गएझैं बेसरी हल्लियो भने स्वर्गमा रहेका देवताहरूमा पनि एक प्रकारको राप र ताप पैदा भयो । त्यसै बेला मेरु पर्वतमा रहेकी पार्वतीले शिवसँग निवेदन गर्नुभयो । 'प्रभु हजुरको परमभक्त महामुनि शिनिले गरेको तपस्याले तीनै लोक हल्लिन थाल्यो। उनी यति कष्टपूर्वक तपस्या गरिरहेका छन् । उनीमाथि हजुरले दया गरिबक्सनुपऱ्यो ।' शिवले भन्नुभयो, "देवी मलाई थाहा छ । अब म उनको इच्छा पूरा गरिदिन्छु ।" त्यसपछि शिवले पुष्पदन्तले नेतृत्व गरेको आफ्नो गणलाई बोलाउनुभयो । गणका पुरूषहरू सबै हाजिर भए । त्यसपछि शिवले भन्नुभयो– "हे गणका पुरूषहरू हो ! मेरो एक शिनि नामका ब्राह्मण भक्त छन् । उनी अयोनिज पुत्र, जो अजर, अमर होस्, त्यसको खोजीमा छन् । उनको माग मैले पूरा गर्नुपर्ने छ । तिमीहरूमध्ये को उनको यो माग पूरा गरिदिन मर्त्यलोकमा जान्छौ ?"

(२) शिवको यो प्रश्न सुनेर सबै अवाक् भए, मुन्टो निहुराएर बसे । किनभने उमा-महेश्वरको साथमा कैलाश दरबारमा बस्न पाएका कोही पनि मर्त्यलोकमा शिनिको पुत्र भएर जान तयार थिएनन् । त्यसैबीच गणनायकका हैसियतले पुष्पदन्तले भने, 'प्रभु यस्तो अतिदुर्लभ गति छाडेर मर्त्यलोकमा जान हामी कोही पनि तयार छैनौँ ।' उनको यसप्रकारको उत्तर सुनेर शिव अप्रसन्न हुनुभयो र वीरक नामक गणपुरूषलाई ती ब्राह्मणको पुत्र हुन पठाएर पुष्पदन्तलाई पनि मर्त्यलोकमा जन्म लिनुपर्ने श्राप दिनुभयो । त्यसपछि पुष्पदन्त मनुष्यलोकमा आए । शिवको आज्ञा नमानेकामा उनलाई बारम्बार पश्चात्तापले टोक्न थाल्यो । उनी अत्यन्त दुखित भए र अरू कुनै आधार नदेखेर शिवकै आराधना- स्तुति गर्न थाले ।

'हे प्रभु म जस्तो हतभागी र पटमूर्ख को हुन्छ ? मैले हजूरको आज्ञा उल्लङ्घन गरैँ र त्यसैको फलस्वरूप यो विपत्तिमा परेको छु । मेरो उद्धार गर्नुहोस् हे दयासागर ! मेरो अपराध माफ गरिदिनुहोस् ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(दीनोऽस्मि ज्ञानहीनोऽस्मि प्रणतोऽस्मि च शंकर ।
कुरू प्रसादं देवेश अपराधं क्षमस्व मे ॥)

(३) आफ्नो भक्तले अपराधै गरे पनि पश्चात्ताप गरेर क्षमा मागेपछि तुरून्तै द्रवीभूत हुनुहुने शिव र करूणामयी पार्वती उनको स्तुति-प्रार्थनाबाट प्रसन्न भई उनलाई महाकाल वनमा गएर तपस्या गर्ने आज्ञा गर्नुभयो । उहाँहरूको आज्ञा अनुसार पुष्पदन्तले उक्त वनमा गएर लिङ्गरूपमा शिवको पूजा-आराधना गरे । त्यस घनघोर जङ्गलमा अरू केही पाइँदैनथ्यो । त्यसैले पुष्प र प्राप्त फल चढाएर एकाग्रताका साथ तपस्या गरे । त्यसबाट शिव प्रसन्न हुनुभयो र पार्वती र देवगणका साथ उक्त महाकाल वनमा जानुभयो र पुष्पदन्तलाई अत्यन्त माया र वात्सल्यका साथ आफ्नो काखमा राख्नुभयो र पहिले जस्तै आफ्नो गणको अधिपति बनाउनुभयो ।

पुष्पदन्तद्वारा प्रतिष्ठित त्यो शिवलिङ्ग अहिले पनि अवन्तीखण्डमा पुष्पदन्तेश्वर नामले प्रसिद्ध भएर रहेको छ । यसप्रकार प्रत्यक्ष रूपमा नै शिव र माता पार्वतीको दर्शन पाउने गन्धर्वराज पुष्पदन्तको आजसम्म नै पनि शिवभक्तहरू स्मरण गरिरहन्छन् ।

(४) भगीरथ राजाको शिवभक्ति

गंगाको प्रवाह–वेग शिरमा बहन गर्ने गङ्गाधर

(१) सगर राजाका साठी हजार छोराहरू कपिल मुनिको क्रोधाग्निले जलेर भष्म भए र अगति परे । धेरै वर्षसम्म त्यस वंशमा उनीहरूको उद्धार गर्ने कोही भएन । धेरै वर्षपछि दिलीपपुत्र भगीरथले आफ्ना पितृहरूको उद्धार गर्ने ध्येयले एक हजार वर्षसम्म ब्रह्माजीको तपस्या गरे । त्यसबाट प्रसन्न भएका विधाताले प्रत्यक्ष दर्शन दिएर भगीरथसँग भने–'के इच्छाले यति कठोर तपस्या गरेका ह्वौ भन'

भगीरथ राजाले भने, 'प्रभु मेरा पूर्वजहरू कुन अवस्थामा छन् थाहा छैन । तिनको उद्धारका लागि गङ्गाजीलाई यस धराधाममा ल्याइदिनुपर्‍यो । ब्रह्माले भन्नुभयो–'ल्याइदिन त मलाई केही गाह्रो छैन । तर एकै पटक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यति विशाल गङ्गा यहाँ आउँदा तिनको प्रवाह (वेग) पृथ्वीले थाम्न सक्तिनन् । तिनको वेग थाम्नका निम्ति त भगवान् शिवलाई खुशी तुल्याउनुपर्छ ।

(२) त्यसपछि भगीरथ राजाले अन्न, जल त्यागेर एक वर्षसम्म खुट्टाको बूढी औंलाले मात्र टेकेर शिवको कठोर तपस्या गरे । त्यसबाट शिव अति प्रसन्न हुनुभयो र भगीरथको माग बमोजिमकै वर दिनुभयो । गङ्गा पनि स्वर्गबाट मर्त्यलोकमा आउनुपर्दा दुखित भइन् र शिवलाई नै बगाएर पाताल पुऱ्याउने सुर कसेर शिवको शिरमा वर्षिइन् । त्यो कुरा भोले बाबाले थाहा पाउनुभयो र उनलाई शिरको जटामा नै अलमल्याएर राख्नुभयो । भएन के फसाद ! राजा भगीरथले फेरि पहिले जस्तै कठोर तपस्या गरे शिवको । उहाँ प्रसन्न हुनु भएर गङ्गालाई जटा-कैदबाट मुक्त गरिदिनुभयो । अब गङ्गाका सात धारा भए—ह्लादिनी, पावनी र नलिनी नामका गङ्गाका तीन धारा पूर्व दिशामा र सुचक्षु, सीता र सिन्धु नामका तीन धारा पश्चिम दिशामा प्रवाहित भए । अतिपवित्रा भगवती गङ्गा भने सातौं धाराका रूपमा भगीरथ राजाको रथको पछि पछि लागेर बहन थालिन् । त्यो गङ्गा अवतरणको दृश्य हेर्न देवता, यक्ष, गन्धर्व, किन्नर सबै त्यहाँ आए । त्यसरी बग्दै पातालसम्म पुगेर गङ्गाले भगीरथ राजाका पुर्खाहरूलाई अगतिबाट मुक्त गरिदिइन् । ती सबै भगीरथ राजाको कठोर तपस्या र शिवको असीम करूणाको फलस्वरूप भएका हुन् ।

(५) पाणिनिको शिवाराधना

पाणिनि मुनिभन्दा पहिले पनि वैयाकरण धेरै भए । इन्द्र, वायु, भरद्वाज, भागुरि, पौष्करसादि, चारायण, काशकृत्स्न, वैयाघ्रपद, माध्यन्दिनि, रौढि, शौनक, गौतम, व्याडि आदि । तर वैदिक र लौकिक संस्कृतलाई अनुशासित र मर्यादित तुल्याउने युग युग सम्म जीवित रहने वैज्ञानिक र सरल व्याकरणको खाँचो महसूस भैरहेको थियो । त्यो खाँचो पूरा गर्ने स्वप्न पाणिनिले देखे । तर त्यो चानचुने कुरा थिएन । व्याकरण त्यसै पनि फलामको च्युरा मानिन्छ । त्यसमा पनि चिरकाल पर्यन्त जीवन्त रहने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्याकरणको रचना गरेर देखाउनु सहज कुरा थिएन । पाणिनिले धेरै समय चिन्तन-मननमा बिताए । तर खासै उपलब्धि भएन । त्यसै बखत उनले कुनै दैवी शक्तिको आशीर्वाद आवश्यक ठाने । उनको मनमा आशुतोषको स्मरण भयो । उनी घोर जङ्गलको बीचमा रहेको नदीको किनारमा गए । बालुवाको शिवलिङ्ग बनाई त्यहाँ जल र फलफूल जे पाइन्छ त्यो चढाई 'ओं नमः शिवाय' यो मन्त्र अहोरात्र जपिरहे । उनी जङ्गलमा जे फल फूल पाइन्छ, त्यही खान्थे त्यो पनि एक छाकमात्र । पछि फलफूल पनि खान छाडेर एक चित्तले तपस्यामा मात्रै ध्यान केन्द्रित गरे पाणिनिले । पछि गएर रूखका पात, त्यो पनि छोडेर जलाहार मात्र गरेर वर्षौं तपस्या गरे उनले । उनको शरीर सुकेर सिन्का जस्तै भयो, अनुहार हाडैहाडको खोपिल्टो बन्यो । उनी अत्यन्तै कम्जोर भए । तैपनि 'ॐनमः शिवाय' यो मन्त्र जपिररहें नित्य, निरन्तर ।

हुँदा हुँदा उनी मूर्च्छित हुने अवस्थामा पुगे । त्यसबेला उनलाई जीवनको आखिरी अवस्था आएजस्तै अनुभव भयो । त्यति नै खेर उनी तन्द्रामा पुगे । त्यसै बेला नजिकै डम्बरूको आवाज सुनियो । यसो आँखा खोलेर हेर्दा त चराचर जगत्का मालिक, करूणासागर परमशक्तिका अजस्र स्रोत शिव सौम्य र शालीन मुद्रामा आफ्ना अगाडि उभिएर डमरू पो बजाइरहुनभएको छ । पाणिनि अक्क न बक्क भए । उनका गहभरि आँशु डबडबाए र उनी शिवका पाउमा परे । एक अभूतपूर्व दिव्य निनादको बोध भयो उनलाई । डमरूका प्रत्येक आवाजमा नयाँ नयाँ शब्दहरू झङ्कृत हुँदै आइरहेका पनि स्पष्ट सुनियो । 'अइउण्, ऋलृक्, एओङ, ऐऔच्, हयवरट्, लण् ,ञमङणनम्, झभञ्, घढधष्, जवगडदश्, खफछठथचटतप्, कपय्, शषसर्, हल् ।' ती ध्वनि तन्मयतापूर्वक सुन्दासुन्दै उनी कसो कसो झकाए । फेरि उनको कानमा अर्को अमृतमय वाणी गुञ्जियो "तँ युगौं युगसम्म बाँच्ने व्याकरणको रचनाकार भएस्, महान् वैयाकरण बनेस्" पाणिनि हर्षको सागरमा डुबे । मुन्टो उठाएर धित नमरूञ्ज्याल त्रिलोक चौध भुवनका पतिलाई हेरौं भन्दा उनका नयनमा अझै अश्रु डबडबाइरहेका थिए । दुबै हातले आँशु पुछेर हेर्न खोज्दा परमात्मा परब्रह्म अलप भइसक्नुभएको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि पाणिनिमा नयाँ जोश, जाँगर पलाएर आयो । उनीभित्र नवनवोन्मेषशालिनी प्रतिभा सलबलाएको अनुभूति भयो र अष्टाध्यायीको निर्माण गर्न शुरू गरे । मेलो अत्यन्तै छिटो छिटो सऱ्यो । उनले महेश्वरको वर-प्रसादको प्रभाव अनुभव गरे । एक दिन यस्तो आयो उनी 'अष्टाध्यायी' नामको युग युगसम्म बाच्ने नव्य व्याकरणका सफल निर्माणकर्ता भए । 'नभूतो न भविष्यति' खालका महान् वैयाकरण बने । उनको ग्रन्थमा केही अपुग र स्पष्ट पार्नुपर्ने कुरा पछि गएर कात्यायनले वार्तिक लेखेर पूरा गरे । पाणिनीय व्याकरणको व्याख्या महर्षि पतञ्जलिले महाभाष्य लेखेर गर्नुभयो । त्यसलाई पढ्न सहज बनाउने काम भने नेपालका डा हरिप्रसाद आचार्यलगायत विद्वान्ले गरेर जानुभएको छ ।

(६) अतिप्राचीनकालमा अरू पनि धेरै देवदेवी तथा ऋषि-मुनिहरूले परमकृपालु शिवलाई खुशी तुल्याउन पूजा-आराधना, त्याग, तपस्या गरेका थिए । तीमध्ये केही उल्लेखनीय नाम

जगन्माता लक्ष्मी, भगवान्.नृसिंह, नरनारायण, भगवती सती, सावित्री, देवगुरु वृहस्पति, देवराज इन्द्र, सम्पूर्ण देवी-देवता, अग्निदेव, महर्षि वशिष्ठ, महामुनि मार्कण्डेय, दुर्वासा, लोमश, गर्गाचार्य, अनसूया एवं अत्रि, कपिल, वाल्मीकि, भगवान् व्यास, उपमन्यु, भीष्मपितामह, आद्य शङ्कराचार्य, श्री वल्लभाचार्य, आचार्य विद्यारण्यस्वामी आदि । यहाँ उल्लेख हुन नसकेका लाखौं लाख नाम छन्, जसले शिवलाई प्रसन्न तुल्याउन र भौतिक भोग र अति दुर्लभ मोक्षसमेत प्राप्त गर्न पूजा-आराधना गरेका छन्, तपस्या गरेका छन् । ती सबैको नाम उल्लेख गर्ने हो भने त अठार पर्व महाभारतका ठेलीभन्दा पनि ठूला ठेलीहरूमा उल्लेख गरेर पनि नसकिएला ।

(७) दण्डी स्वामीहरू पशुपतिनाथलाई लौरोले हान्थे

अतीतमा पशुपतिनाथका पुजारी दण्डी स्वामीहरू पनि थिए । उनीहरू पञ्चोपचार र षोडषोपचारले देवाधिदेव पशुपतिनाथलाई पूजा गर्थे । उनीहरू कसैसँग पनि झुक्तैनथे । त्यसैले पूजा गरिसकेपछि पशुपतिनाथलाई समेत आफूहरूले बोकिरहेको लठ्ठीले ट्वाक्क हान्थे । त्यसप्रकार अनौठो खालको थियो उनीहरूको पशुपतिनाथलाई रिझाउने तरिका ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.४ पशुपतिनाथप्रति श्रद्धा र विश्वास

(१) पशुपतिनाथ नेपालका राष्ट्रिय इष्टदेवताका रूपमा प्राचीन कालदेखि नै पूजनीय हुनुभएको कुरा वंशावली र अन्य हिमवत्खण्ड, नेपाल महात्म्य, वराहपुराण आदिको अध्ययनबाट स्पष्ट हुन्छ । त्यसैले लिच्छवि काल, मल्लकाल र शाहकालमा पनि उहाँको पूजाका निम्ति जग्गा, कोष आदि राख्ने चलन चल्दै आएको थियो ।

(२) उत्तराखण्डको पुण्यभूमि हुनाले पशुपतिनाथलाई उत्तरकाशी भनिन्छ र यस स्थानलाई शिवले एक क्षण पनि छाड्नुहुन्न भनिएको छ । अर्थात् नित्यनिरन्तर यहीं बसिरहनुहुन्छ भनी हिमवत्खण्डमा बताइएको छ । पशुपतिनाथलाई कैलाश दरबारभन्दा पनि र काशीभन्दा पनि यो देश अत्यन्तै प्रिय लागेको कुरा शास्त्र एवं पुराणहरूमा उल्लेख छ । ब्रह्मा, विष्णु र इन्द्रादि देवताहरूले 'कैलाश शून्य भयो प्रभु फर्किनुपर्‍यो' भनेर बारम्बार प्रार्थना गर्दा पनि उहाँ यहीं बस्नुभयो । मृगका रूपमा वनकन्दरा डुल्दा पनि प्रभुले यसै ठाउँलाई मन पराउनु भयो, किराँत रूपमा रहँदा पनि उहाँलाई यही भूमिले मोहनी लगायो र पछि गएर ज्योतिर्लिङ्गकै रूपमा उहाँ यहीं रहनु भयो । त्यसैले देवताहरूसमेत यही भूमिमा आएर पशुपतिनाथको सामीप्यमा रहन लागे । त्यसैले भनिएको छ, "यहाँ सम्पूर्ण देवी-देवताको वास छ ।"

(३) भक्तिभावले पशुपतिनाथको मन्दिरको प्रदक्षिणा गरी दर्शन गर्‍यो भने शिवस्वरूप हुन्छ । सबै किसिमका यज्ञ, उपवास र हजारौं अश्वमेध आदि गरेर पाइने पुण्य पशुपतिनाथको दर्शनले पाउन सकिन्छ भनी हिमवत् खण्डमा उल्लेख भएको छ ।

(४) तीर्थहरू एकात्मक भावना कायम राख्न र राष्ट्रियताका निम्ति पनि उल्लेखनीय छन् । पशुपतिनाथको महत्ताको वर्णन त नेपाली जनतालाई एकताको सूत्रमा आबद्ध गर्ने प्रसँगमा पनि उल्लेखनीय छ ।

(५) पशुपतिनाथको नेपाली समाजमा अत्यन्त उल्लेखनीय स्थान छ भन्ने कुरा मूर्तिकला, वास्तुकला, अभिलेख, ग्रन्थ, सिक्का आदिले पुष्टि गर्छन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भने नेपाली समाजमा विद्यमान पशुपतिनाथप्रतिको जीवन्त श्रद्धा, भक्ति र परमादरले पनि पुष्टि गर्छन् ।

२.५ पशुपतिनाथप्रति श्रद्धाभक्तिको ऐतिहासिक परम्परा

क. लिच्छविकाल

(१) नेपालमा प्राचीनकालदेखि नै पशुपतिनाथको महत्त्व र प्रतिष्ठा रहेको पाइन्छ ।

(२) लिच्छविकालमा पशुपतिनाथको ठूलो महिमा थियो । त्यस कालमा सुप्रसिद्ध राजा सुपुष्पले पशुपतिनाथको मन्दिर बनाएका थिए ।

(३) मानदेवको शासनकालमा उनकी छोरी र भारदारहरूले स्थापना गरेका शिवलिङ्गका अभिलेखमा पशुपतिनाथको ठूलो महिमा वर्णन गरिएको छ ।

(४) अंशुवर्माका पालामा पशुपतिनाथको ठूलो महिमा भएको उनका अभिलेखहरूबाट स्पष्ट हुन्छ । उनको समयदेखि विशेष राजकीय सम्मान देखाइएको थियो । उनका इष्टदेव नै पशुपतिनाथ थिए । उनले सबजसो अभिलेख, शिलालेखहरूमा "**पशुपतिभट्टारकपादानुगृहीतः**"उल्लेख गरेका छन् । सबभन्दा पहिले अंशुवर्माले बुङ्मतीको अभिलेख (विसं ६३३) मा "**पशुपतिभट्टारकपादानुध्यात**" (पशुपतिको पाउको अनुग्रह पाएको) भन्ने विशेषण आफ्नो प्रशस्तिमा राखे । त्यसपछिका उपत्यकाका थुप्रै अभिलेखमा पनि आफ्नो नाममा उक्त विशेषण अंशुवर्माले राखेका छन् । अंशुवर्मा सामान्य सामन्तबाट श्रीसामन्त, श्रीमहासामन्तहुँदै राजासम्म हुन पुगे । यो उनै पशुपतिनाथको असीम अनुकम्पाको फल हो भन्ने उनको आन्तरिक विचार थियो ।

(५) त्यसपछिका नरेन्द्रदेव, शिवदेव द्वितीय, जयदेव द्वितीयहरूले पनि त्यस परम्परालाई पछ्याए । जिष्णुगुप्त, विष्णुगुप्त आदि सामन्तहरूले अंशुवर्माले प्रयोग गरेका "**पशुपतिभट्टारकपादानुगृहित**" भन्ने विशेषण आफ्नो प्रशस्तिमा राखे । यो कुरा उनीहरूले राखेका विभिन्न स्थानका अभिलेखबाट पुष्टि हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(६) लिच्छविकालका जयदेव द्वितीयको स्तुत्यात्मक अभिलेखबाट तत्काल नेपाली समाजमा पशुपतिनाथको महत्ता कस्तो थियो भन्ने अझ स्पष्ट हुन्छ । त्यस श्लोकबद्ध अभिलेखको अर्थ र भाव यसप्रकारको छ:: "तीन आँखा भएका, तीनै वेदले अविनाशी भनिएका, तीनै कालमा एकनाश रहने, तीनै प्रकार (प्रत्यक्ष, अनुमान, आगम)ले चिनिएका, तीनै लोकका रक्षक, सत्य, त्रेता, द्वापर र कलियुगका कारण भएका, त्रिगुणमय हुनाले त्र्यादि (त्रिदशदेवता) हरूले सदा स्तुति गरिएका, गङ्गाजीले शिर धोइएका, त्रिपुरासुरलाई जित्ने, समान रूपले त्रिवर्ग (धर्म, अर्थ, काम) मा लागेका, त्रिदशपति (इन्द्र) ले स्तुति गरिएका, पशुपतिका त्रिशूलले हाम्रा शत्रुको नाश गरोस् । चम्किरहेका रावणका शिरका टुप्पामा लाएका शिरपेचको पङ्क्तिमा टाँसिएर रहेका हुनाले लङ्कापुरीलाई पवित्र पार्ने, बाणासुरका मुकुट हुन पुगेका पशुपतिका पाउका धुलाले तपाईहरूको रक्षा गरून् ।" यस स्तुतिबाट पशुपतिनाथप्रतिको अगाध श्रद्धा-भक्तिका साथै लिच्छविकालमा वेद, उपनिषद्, स्मृति, पुराण आदि शास्त्रहरूको महत्त्व ज्यादै थियो भन्ने थाहा हुन्छ ।

ख. मल्लकालमा पशुपतिनाथको महिमा

(१) मल्लकालका पहिलो राजा अरिमल्ल (विसं १२५७–१२७३) ले प्राचीन परम्परालाई नौलो ढङ्गले ग्रहण गरे । उनले आफ्नो प्रशस्तिमा **"श्रीनेपालराजाधिराज परमेश्वर परममाहेश्वर पशुपतिभट्टारकस्य"** भन्ने विशेषण लगाए ।

(२) जयस्थिति मल्लले विभिन्न स्थानका अभिलेखमा एकै किसिमको भाव आउने अलग अलग प्रशस्ति आफ्नो नामको अगाडि लगाएको पाइन्छ । **"श्री पशुपतिपंकेरूहमधुलिट्"** (श्रीश्रीश्री पशुपतिनाथका चरणकमलका भ्रमरा) **"भगवत्पशुपतिचरणकमलोपचारचतुरेण"** (भगवान् पशुपतिको चरणकमलको सेवा गर्न चतुर) भनेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३) जयस्थिति मल्लका छोराहरूमध्ये धर्म मल्लले आफ्नो नाम अगाडि विशेषण **"श्रीश्रीश्री पशुपतिचरणकमलसेवित श्रीश्रीश्री मानेश्वरीष्टदेवतावरप्रसादलब्ध"** (पशुपतिको चरणको सेवा गर्ने इष्टदेवी मानेश्वरीको वरप्रसाद पाएका) लगाएका छन् ।

(४) ज्योतिर्मल्लले भने आफ्नो प्रशस्तिमा **"श्रीपशुपतिचरणकमलधुलिधुसरितशिरोरूह श्रीमन्मानेश्वरीवरलब्ध प्रसादित"** (पशुपतिका चरणकमलका धुलाले कपाल फुस्रो भएका र इष्टदेवी मानेश्वरीबाट वरप्रसाद पाएका) भनी लेखाएका छन् ।

(५) त्यसपछिका यक्ष मल्ल, रत्न मल्ल, राम मल्ल, सूर्य मल्लहरूले पनि आफ्नो नामको अगाडि यस्तै भावका प्रशस्ति लेखाएका थिए ।

(६) यसरी नै भक्तपुरका मल्ल राजाहरू जगज्ज्योति, जितामित्र, भूपतीन्द्र, रणजित मल्ल आदि राजाहरूले पनि पशुपतिनाथप्रति आदरभाव देखाई आफ्नो नाम अगाडि राखिने प्रशस्ति बनाउन लगाएका थिए ।

(७) भक्तपुरका जितामित्रले विसं १७३५ असारमा लेखाएका भक्तपुर दरबार क्षेत्रको अभिलेखमा **"श्रीश्रीश्री पशुपतिपादपंकेरूहनिमग्नमधुकर श्रीमन्मानेश्वरीष्टदेवतावरलब्धित"** (पशुपतिको पाउरूपी तलाउको कमलमा फुलेको फूलमा मग्न भएको भ्रमर र मानेश्वरी इष्टदेवीको वरप्राप्त गरेका भनी लेखाएका थिए ।)

(८) यसरी नै पाटनका मल्लराजा सिद्धिनरसिंह, योगनरेन्द्र, विष्णु मल्ल आदिको प्रशस्तिमा उक्त विशेषण प्रयोग भएको पाइन्छ ।

ग. शाह काल

(१) नेपाल एकीकरणपछि बडामहाराज पृथ्वीनारायण शाहले भने आफ्नो नाम अगाडि पशुपति र इष्टदेवताप्रति भक्ति देखाउने विशेषण राखेका छैनन् । पृथ्वीनारायण गोर्खाका राजा भएकाले आफ्नो परम्परागत प्रशस्ति चलाउँदै आएकाले मल्ल राजाहरूका प्रशस्ति उनले ग्रहण गरेनन् तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिनाथको दर्शन गर्न जानेहरूलाई सजिलो होस् भनी धोबीखोलामा पुल बनाइदिएको र पशुपतिमा पञ्चामृत स्नान गर्ने व्यवस्थाका लागि गुठी राखिदिएकाले उनको पनि पशुपतिनाथमा अगाध श्रद्धा थियो भन्ने स्पष्ट हुन्छ । यसरी नै विसं १८२६ चैतको वसन्तपुर दरबारको अभिलेखमा "गुह्येश्वरी र पशुपतिका दुई पाउका धुलाका प्रसादले नेपाल स्थिर भइरहोस्" भन्ने भावको लेख लेखाएबाट पनि उनको गुह्येश्वरी र पशुपतिनाथप्रतिको श्रद्धाभाव स्पष्ट हुन्छ ।

(२) पृथ्वीनारायणपछिका उनका उत्तराधिकारीले पनि पशुपतिनाथको पूजाआजा, पर्वपूजा, जात्रा आदि चलाउन उदारमनका साथ धेरै गुठी राखिदिएका छन् ।

(३) राजा महेन्द्रको राज्यकालदेखि शाही सम्बोधनको अन्त्यमा "हामी सबैलाई पशुपतिनाथले कल्याण गरून्" भन्ने शुभ कामना प्रकट हुन थालेका हुन् ।

माथिका सबै अध्ययन, अभिलेख आदिलाई मनन गर्दा पशुपतिनाथलाई राष्ट्रदेवकै रूपमा आदर र श्रद्धा गर्दै आएको पाइन्छ । यसप्रकार राजा महाराजाहरूले पशुपतिनाथलाई खुशी तुल्याउन विभिन्न प्रकारका रचनात्मक कार्य गरेका छन् । मन्दिरको निर्माण र मर्मत सम्भार, कोष चढाउने, पूजाआजा नियमित रूपमा चलाउन र विशेष पूजा गराउन गुठी जग्गाहरूको व्यवस्था र विभिन्न प्रकारका व्यवस्थापकीय कार्य समेत गरे-गराएका छन् । साथै पशुपतिनाथमा उनीहरूले आफैं उपस्थित भई कोटि होम, लक्ष्य होमसमेत गराएका थिए ।

(घ) सर्वसाधारण जनताको पशुपतिनाथप्रतिको श्रद्धा-भक्ति

राजा-महाराजा, रानी-महारानी र भाइभारदारहरूले मात्र होइन, सर्वसाधारण जनताले पनि पशुपतिनाथप्रति श्रद्धाभक्ति गरी मन्दिर र अन्य निर्माण गरेका छन् भने गुठी जग्गा पनि राखेका छन् । सती जाने महिलाहरूले गहनागुरिया चढाउने गरेका थिए भने कतिपयले पशुपतिनाथलाई छाता, चाँदीको कमलको फूल, त्रिशूल आदि पनि चढाउने गरेका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.६ नेपाल र भारतका जनताको सम्बन्ध

(१) भारतका राजा–महाराजाहरू र जनताको पशुपतिनाथप्रतिको श्रद्धा–भक्ति

प्राचीनकालदेखि नै भारतका विभिन्न राजा-महाराजा, ठुल्ठुला महात्मा, सर्बसाधारण व्यक्ति र पशुपतिनाथका भक्तहरूले नेपाल आई पूजा-अर्चना र दर्शन गरेका थिए र आजसम्म यो परम्परा छँदैछ । लिच्छविकालका समकालीन भारतका राजा पुष्पभूतिको पशुपतिनाथप्रति ठूलो भक्ति थियो । उनी पशुपतिनाथबाहेक अरूलाई देवता नै मान्दैनथे । यसरी नै तान्त्रिक, शैव योगी भैरवाचार्य पशुपतिनाथका परमभक्त थिए ।

(२) नेपालको छिमेकी मित्र राष्ट्र भएकाले मात्र होइन कि धार्मिक दृष्टिले समेत नेपाल र भारतको सम्बन्ध गाढा छ । भारतका अधिकांश जनता हिन्दूधर्मावलम्बी छन् भने नेपालका पनि ८१ प्रतिशत जनता हिन्दू धर्मावलम्बी छन् । विभिन्न देवीदेवताको दर्शन र तीर्थाटनका लागि नेपालीहरू भारत जान्छन् भने भारतीय जनता पनि पशुपतिनाथ, गुह्येश्वरी, मुक्तिनाथ आदि देवीदेवताको दर्शन गर्न नेपाल आउँछन् । संस्कृति र सभ्यताको दृष्टिले पनि दुई देशका जनता बीचको सम्बन्ध गहिरो छ ।

(३) भारतीय र नेपाली जनतालाई एक अर्काको नजिक ल्याउनमा पशुपतिनाथको असाधारण अनुकम्पा छ । प्राचीनकालमा मात्र होइन कि वर्तमान अवस्थामा पनि भारतीय हिन्दूहरू नेपाल आउँछन् र पशुपतिनाथको दर्शन गर्छन् । भारतका अरू ज्योतिर्लिङ्ग र देवी–देवताको दर्शन गरे पनि र तीर्थस्थल घुमे पनि पशुपतिनाथको दर्शन नगरिकन उनीहरूको चित्त बुझ्दैन ।

(४) भारतका वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीको पशुपतिनाथप्रतिको श्रद्धाभक्ति अत्यन्तै गहिरो छ, उहाँ बडो तनमयताका साथ भावविभोर भएर पशुपतिनाथको दर्शन र पूजाआराधना गर्नुहुन्छ ।

यसप्रकार शदियौंदेखिको पशुपतिनाथप्रतिको नेपाल र भारतका जनताको आस्था, श्रद्धा र विश्वासका कारण दुवै देशका जनताका बीचको सम्बन्ध पनि घनिष्ठतम रहँदै आएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.७ विश्वभर छरिएर रहेका हिन्दूका परमाराध्य पशुपतिनाथ

(१) भारतका मात्र होइन विश्वभरि छरिएर रहेका सम्पूर्ण हिन्दूहरूलाई जसरी पनि एक पटक नेपाल आउने र परम आराध्यदेव पशुपतिनाथको दर्शन गर्ने उत्कट चाहना हुन्छ, उत्सुकता जगाएको हुन्छ । त्यसैले लाखौं लाख खर्च गरेर, अमूल्य समय खर्चिएर, संसारको जुनसुकै कुनाबाट मानिसहरू पशुपतिनाथको दर्शन र पूजाका लागि नेपाल आउँछन् ।

समयक्रममा अहिले हिन्दूधर्म र पशुपतिनाथप्रति नै अनास्था फैलाउने, परम्परादेखि चल्दै आएका कृत्यहरूमा अवरोध खडा गर्ने, गुठीका जग्गा समेत हडप्ने जस्ता निकृष्ट कार्य केही पापी-अपराधी मनोवृत्तिका व्यक्तिहरूले गरिरहेका छन् तर पनि जनताको पशुपतिनाथप्रतिको आस्था कम भएको छैन । उहाँप्रति यस देशका सबै जात र जातिका मानिसहरूको आस्था र विश्वास झन् झन् बढ्दै गएको छ । पहिले जस्तो जग्गाजमीन नै गुठी राख्ने शक्ति र मति भएका मानिसहरू त कम होलान् तर पशुपतिनाथमा विभिन्न प्रकारका पूजाआजा गर्ने, पञ्चामृत चढाउने, विभिन्न तहका रूद्रीहरू गर्ने-गराउने, लाखबत्ती बाल्ने, विशेष पूजा गर्ने-गराउने जस्ता धार्मिक कार्यमा जनताको अभिरूचि दिनानुदिन बढ्दै गएको छ । देशको सुगम ठाउँका मात्र होइन कि दूरदराजका गाउँहरूबाट पनि पशुपतिनाथको दर्शन गर्न आउँछन् मानिसहरू । काम विशेषले काठमाडौं आउँदा पशुपतिनाथको दर्शन नगरेरै फर्कने शायदै कोही होलान् । पशुपति क्षेत्र वरिपरि र काठमाडौं उपत्यकाका केही टाढैका मानिसहरू पनि 'पशुपतिको जात्रा सिद्राको व्यापार' सोचेर प्रातः भ्रमणको गन्तव्यस्थल नै पशुपति गुह्येश्वरीको मन्दिर बनाएर आउने गरेकाले भक्तहरूको सङ्ख्या ह्वात्तै बढेको छ ।

पशुपतिनाथ मन्दिरमा सोमबार, शनिवार, एकादशीका दिनको भिड निकै उल्लेखनीय हुन्छ । जनैपूर्णिमा, हरितालिका तिज, बाला चतुर्दशी, महाशिवरात्रि आदि पर्वमा र साउनको सोमबार त पशुपतिनाथको मन्दिरमा यति भिड हुन्छ कि मानिसहरूको सागर नै उर्लिएर आउँछ । मानिसहरू आधारातदेखि लाममा बस्न पुगेका हुन्छन् । यी सबै वर्तमान अवस्थामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान्लाई खुशी गराउन र आफ्ना मनोवाञ्छा पूरा गराउन जनताले गरिरहेका सत्प्रयास हुन् ।

भारतका विभिन्न प्रान्त र जिल्लाबाट पनि वर्षेनी लाखौँ तीर्थयात्रीहरू पशुपतिनाथको दर्शन गर्न आउने गरेका छन् भने अन्य देशका हिन्दूहरूलाई पनि एक पटक पशुपतिनाथको दर्शन नगरी चित्त बुझ्दैन ।

२.८. गृहस्थहरूले पशुपतिनाथलाई कसरी रिझाउने

अहिले पहिलेजस्तो अति कठोर ढङ्गले तपस्या गर्न सकिँदैन । त्यसमा पनि गृहस्थाश्रममा बसेर धेरै वर्ष लगाएर एक चित्तले सबै कामधन्दा छाडेर तपस्या गर्न सकिने परिवेश र सामर्थ्य पनि हुँदैन । त्यसैले अहिले भोलेबाबालाई प्रसन्न तुल्याउने कार्यहरू भनेका उहाँको पूजा, आराधना, पाठ, लक्ष्यवर्ती समर्पण नामसङ्कीर्तन, मन्त्रजप आदि हुन् ।

(१) पशुपतिनाथको पूजा

(क) पशुपतिनाथको भौतिक पूजा-सामग्रीद्वारा गरिने पूजा

(१). पशुपतिनाथको पूजा भौतिक सामग्री जुटाएर गच्छे अनुसार गर्न सकिन्छ । उहाँको पूजा र पाठ भक्तहरूले यथाशक्ति पूजा सामग्री, फलफूल, पक्वान्न, नैवेद्य आदि आफैँ जुटाएर भेटी समेत राखी गर्न सक्तछन् तर त्यसरी आफैँले पूजा गर्न खोज्दा भगवान्लाई छोएर पूजा गर्न भने पाइँदैन । बाहिरबाटै समर्पण गर्ने हो । पशुपतिनाथको द्वारसम्म छुवाएर पूजा भएको मान्नुपर्ने हुन्छ । एक मुष्ट रकम बुझाई पशुपति क्षेत्र विकास कोषमार्फत पूजा सामग्री प्राप्त गरी पुजारी-भट्टहरूद्वारा भने पूजा,पाठ, हवन आदि गराउन सकिन्छ । त्यसो गर्दा भने पुजारीहरूले सोझै पशुपतिनाथलाई पूजा गरिदिन्छन् । आफ्नो शक्ति र क्षमताअनुसारको टिकट कटाई पशुपतिनाथमा पञ्चामृत पूजा गराउनेदेखि एकादश दिवसीय महारूद्रीसमेत गराउन सकिन्छ । त्यसरी भगवान्का नाममा गरिएको पूजा, पाठ, हवन आदि र दिइएको रकम आफ्नो इच्छानुसारको धार्मिक काममा खर्च हुन्छ र बचेको रकम पनि पशुपति क्षेत्रकै विकास कार्यमा लाग्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२). त्यसरी भगवान्को पूजा-आराधना, हवन आदिमा गरिएको खर्च अक्षय रूपमा रहिरहन्छ र त्यसको पुण्यभागी आफूहरू नै हुन पाइन्छ । धन र मन समेत भएका उदार भक्तहरूले यसप्रकारका धार्मिक कार्यहरू गर्नु-गराउनु अत्यन्त पुण्यमय कार्य हुन्छ ।

(३). पशुपतिनाथप्रति श्रद्धा-भक्ति गरी आफैँले सबै व्यवस्था गरी पूजा गर्न-गराउन तथा रूद्री आदि लगाउन पनि सकिन्छ । त्यसका लागि कोषसँग स्थान र पूजा आदिका लागि समन्वय गर्नुपर्ने हुन्छ ।

(ख) पशुपतिनाथको मानस-पूजा

(१) यस चराचर जगत्को सृष्टि, स्थिति र विनाशका सर्वोच्च नायक महादेव हुनुहुन्छ । जो आफैँ त्रिलोक चौध भुवनको सृष्टि गर्नुहुन्छ, सम्पूर्ण स्थावर, जङ्गमको, जगत्को पालन गर्नुहुन्छ, उहाँ परमशक्तिको स्रोतलाई हामी के चढाउन सक्छौँ ? त्यसैले हामी प्रभुलाई शरीर पवित्र बनाएर मन चढाउन सक्छौं र मानसिक पूजा गर्न सक्छौं । हामी भौतिक रूपमा तयार गरेका पूजा सामग्री पनि शुद्ध मनले पवित्रताको कामना गरेर चढाउन सक्तछौं । ती पूजा सामग्रीमध्ये कतिपय अपवित्र पनि हुन सक्छन् र त्यसमा प्रभुबाट क्षमा पनि दिनुहुन्छ तर मानसिक पूजामा पूजा र भोगका सामग्री हामीले पवित्र मनले एक चित्त भएर मनमनै तयार गरी भगवान्लाई चढायौँ भने त्यो जति पवित्र अरू के हुनसक्छ ?

(२). यहाँ व्यक्तिविशेषले महादेवलाई गर्ने मानसिक पूजा प्रस्तुत छ । यस मानस पूजाको श्लोकबद्ध रचना परमश्रद्धेय आद्य शङ्कराचार्यले गर्नुभएको हो । यो अत्यन्त सरल संस्कृतमा छ । यसको नेपाली अनुवाद यहाँ छ । यस मानस पूजालाई पहिले नेपालीमा सम्झिएर मनमनै शिवको प्रार्थना गरी संस्कृत श्लोक पनि कण्ठस्थ गरी पाठ गर्नु उचित हुन्छ ।

मानस पूजा

(१) हे करूणाका खानी पशुपतिनाथ ! मैले मनमनै तयार गरेको रत्नजडित सुन्दर सिंहासन, स्नानका लागि हिमालयबाट बगेर आएको पवित्र गङ्गाजल,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न रत्नजडित दिव्यवस्त्र, कस्तुरीको वास्नायुक्त चन्दन, जाई, चम्पा, बेलपत्र आदिबाट निर्मित पुष्पगुच्छा, चाँदीको धुपौरोमा मगमग बास्ना आउने अतिमधुर धूप, सुनको दियोमा दीप हजुरलाई टक्रयाएको छु, प्रभु, ग्रहण गर्नुहोस् ।

(२) नाना प्रकारका रत्नजडित सुनको थाल र कचौरामा मगमग बास्ना आउने ताजा घिउसमेत हालेर तयार गरिएको खीर, दूध, दहीसहितका पाँच प्रकारका खाद्य पदार्थ, केरा आदि फलफूल, सर्वत, विभिन्न किसिमका साग, कपुरले सुवासित र स्वच्छ जल, सुनको पानकेशमा अत्यन्त मीठो पानसमेत मनै मन तयार गरेर टक्र्याएको छु, प्रभु ! स्वीकार गर्नुहोस् ।

(३) सुनको डाँठ भएको रत्नजडित सुन्दर छाता, दुई चँवर, सफा देखिने खालको ऐना, वीणा, भेरी, मृदङ्ग, दुन्दुभि आदि बाजा, गीत, नृत्य, साष्टाङ्ग प्रणाम, नाना प्रकारका स्तुतिहरू यी सबै मनमनै संकल्प गरी हजूरलाई चढाउँछु । प्रभु, ग्रहण गर्नुहोस् ।

(४) मेरो आत्मा हजुर, बुद्धि पार्वती माता हुनुहुन्छ, मेरा प्राण हजुरका गणहरू हुन्, मेरो शरीर हजुरको मन्दिर हो, सम्पूर्ण विषय भोगको रचना हजुरको पूजा हो भने मेरो निद्रा समाधि हो र यताउताको मेरो घुमाइ हजुरको प्रदक्षिणा हो, म जेजे बोल्छु ती सबै हजूरका स्तोत्र हुन् । यसप्रकार म जुन जुन कर्म गर्दछु, ती सबै हजूरकै आराधना हुन् ।

(५) हे करूणानिधान ! मैले हात, पाउ, वाणी, शरीर, कर्म, कान, आँखाले र मनले जेजे अपराध गरेको छु, जुन गर्नुपर्ने कुरा गरेको छैन र नगर्नुपर्ने कुरा गरेको छु ती सबै अपराध क्षमा गरिदिनुहोस् । हे दयासागर ! महादेव हजूरको जय होस् ।

श्रीमद्शङ्कराचार्यले रचना गर्नुभएको शिवमानसपूजा

रत्नैः कल्पितमासनं हिमजलैः स्नानं च दिव्याम्बरं
नानारत्नविभूषितं मृगमदामोदाङ्कितं चन्दनम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जातीचम्पकबिल्वपत्ररचितं पुष्पं च धूपं तथा
दीपं देव दयानिधे पशुपते हृत्कल्पितं गृह्यताम् ॥१॥
सौवर्णे मणिरत्नखण्डरचिते पात्रे घृतं पायसं
भक्ष्यं पञ्चविधं पयोदधियुतं रम्भाफलं पानकम् ।
शाकानामयुतं जलं रूचिकरं कर्पूरखण्डोज्ज्वलं
ताम्बूलं मनसा मया विरचितं भक्त्या प्रभो स्वीकुरू ॥२॥
छत्रं चामरयोर्युगं व्यजनकं चादर्शकं निर्मलं
वीणभेरिमृगङ्काहलकला गीतं च नृत्यं तथा
साष्टाङ्गं प्रणतिः स्तुतिर्बहुविधा ह्येतत्समस्तं मया
सङ्कल्पेन समर्पितं तव विभो पूजां गृहाण प्रभो ॥३॥
आत्मा त्वं गिरिजा मतिः सहचराः प्राणाः शरीरं गृहं
पूजा ते विषयोपभोगरचना निद्रा समाधिस्थितिः ।
सञ्चारः पदयोः प्रदक्षिणविधि स्तोत्राणि सर्वा गिरो
यद्यत्कर्म करोमि तत्तदखिलं शम्भो तवाराधनम् ॥४॥
करचरणकृतं वाक्कायजं कर्मजं वा
श्रवणनयनजं वा मानसं वा पराधम् ।
विहितमविहितं वा सर्वमेतत्क्षमस्व
जय जय करूणाब्दे श्रीमहादेव शम्भो ॥५॥

२.९ पूजामा मानसिक एकाग्रता

१. यसरी माथि उल्लेख गरिएबमोजिम भौतिक रूपमा पूजा सामग्री जुटाएर भगवान्को पूजा आराधना गर्दा वा मानसिक पूजा गर्दा एकाग्र चित्तले प्रभुमा मन लगाएर गर्नुपर्छ । दुवै किसिमका पूजा गर्दा चञ्चल मनलाई अन्यत्र कतै पनि डुल्न नदिएर भगवान्मा नै लगाउन सक्नुपर्छ तर यो मनलाई अन्यत्र जान नदिएर प्रभुमा नै समर्पित भावले लगाउनु चानचुने काम छैन । यस मनलाई कतै पनि भाग्न नदिएर एकाग्र चित्तले प्रभुको पूजा–आराधना गरौँ भन्यो, कुन सड्का भागिहाल्छ पापी मन । त्यसैले त अर्जुनजस्ता समझदार र एकाग्र चित्त गर्न सक्ने व्यक्तिले पनि कृष्णसँग भनेका छन्, 'हे प्रभु यो मन त अत्यन्तै दुःख दिने बलियो हुँदोरहेछ र यसलाई नियन्त्रण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नु भनेको वायुलाई रोक्नु जस्तै दुष्कर काम रहेछ ।' त्यसमा कृष्णको सल्लाह हुन्छ–"एकै चोटी नियन्त्रण गर्न सकिँदैन । अभ्यास र वैराग्यद्वारा विस्तारै यसलाई निन्त्रण गर्न सकिन्छ ।" हामी पनि अभ्यास र वैराग्यको समेत सहायताले भोले बाबामा यो चञ्चल मन स्थिर गरी समर्पित भावले भौतिक सामग्रीद्वारा र मनमनै सामग्री तयार गरी मानसिक पूजा गर्न सक्छौँ ।

२. मानसपूजा गर्दा अत्यन्तै एकाग्रताका साथ गर्नुपर्छ । एक त मनमनै पूजा सामग्री तयार गर्नुपर्छ र मनमनै प्रभुलाई चढाउँदै पनि जानुपर्छ । त्यस्तो मनलाई अन्यत्रै डुलाएर स्तोत्र पाठ मात्र गरियो भने त्यो मानसिक पूजा हुनै सक्तैन । यसमा गम्भीरतापूर्वक ध्यान दिनुपर्छ ।

३. त्यस्तै कतिपय मानिसहरू भगवान्‌को स्थानमा आउँदा पनि कुनै सोख गर्न आएजस्तो गर्छन् । उनीहरूको मन-प्राण अन्यत्रै डुल्न गएको हुन्छ र आफ्नो शरीररूपी मूढो मात्र भगवान्‌को स्थानमा उपस्थित गराउँछन् । कतिपय व्यक्ति मन्दिरभित्रै पनि मोबाइल चलाउँदै आफ्नो व्यस्तता प्रदर्शन गर्दै हिँडेका देखिन्छन् । यो परमेश्वरलाई रिझाउने तरिका कुनै पनि हालतमा हुन सक्तैन ।

४. पशुपतिनाथ प्रत्येक प्राणीको हृदयमा निराकार रूपमा निवास गरिरहनुभएको छ । उहाँ आफ्नो हृदयरूपी मन्दिरमा विराजमान हुनुभएको कुरा मनन गरेर पनि आराधना गर्न सकिन्छ ।

२.१० परमेश्वरलाई खुशी गराउने अरू उपाय

पशुपतिनाथको मन्दिरमा गएर उहाँको पूजा-आराधना गरेर त उहाँ प्रसन्न हुनुहुन्छ नै, यसमा शङ्का छैन । त्यसबाहेक अरू पनि धेरै उपाय छन्, जसबाट महेश्वर अत्यन्त प्रसन्न हुनुहुन्छ र ती उपायलाई हामी गृहस्थीहरू घरै बसेर पनि अवलम्बन गर्न सक्छौँ ।

(१) विपत्तिमा परेका, असहाय र कमजोरप्रति विवेक र करूणा

चराचर जगत्‌का सबै प्राणीहरू परमेश्वरकै सन्तति हुन् । त्यसैले दुःख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाएका वा विपत्तिमा परेका कुनै पनि प्राणीमाथि करूणा राखेर सेवा गर्दा परमेश्वर खुशी हुनुहुन्छ । रोगी वा कुनै दुर्घटनामा परेका मानिसलाई अस्पतालसम्म पुऱ्याउन मद्दत गर्दा, वा घाइते पशुहरूको उपचारमा विवेक राख्दा अनि विपत्तिमा परेका बालबालिका, गर्भवती र वृद्धवृद्धाहरूको सेवा गर्दा पनि ती प्राणीको अन्तरात्माबाट परमेश्वर आशीर्वाद दिनुहुन्छ र त्यो ठूलो धर्मको काम हुन्छ । यसरी नै भोक र तिर्खाले सताइएका दुःखी मानिस वा पशुहरूलाई कुनै प्रकारले भोजन वा पानी दिन सकियो भने त्यो पनि पुण्यको काम हुन्छ । विशेष गरी पशु-पक्षीहरू जो 'भोक लाग्यो, तिर्खा लाग्यो' भन्न सक्तैनन्, तिनलाई मन-ज्ञानले तिनको मूकभाषा र मर्म बुझेर केही खानेकुरा वा अलिकति पानी दियौं भने त्यो ठूलो पुण्यको काम हुन्छ, साथै त्यसबाट परमेश्वर अत्यन्त प्रसन्न हुनुहुन्छ । सडकमा अपहेलित रूपमा मागेर बसेका दीन, असहायहरूलाई त्यहाँबाट लगी मानव सेवा आश्रममा राखेर अहिले त्यस संस्थासँग संलग्न व्यक्तिहरूले जुन परम सेवा गरिरहनुभएको छ, त्यो प्रभुलाई रिझाउने अत्यन्त उल्लेखनीय कामको उदाहरण हो ।

(२) आत्मा परात्माको बोध र विवेक

मानिसमा आफ्नो आत्मा र अरूको आत्मा एकै हो भन्ने भाव जागृत हुनु नै आत्मा र परमात्माको बोध हो । अझ यसलाई स्पष्ट गरौं–कुनै व्यक्तिले कसैलाई अनाहकमा नमिठो गाली गऱ्यो वा शारीरिक रूपले दुःख दियो भने पीडितलाई कति दुख्यो होला भनेर पग्लनु वा "मलाई जति दुख्छ, त्यति नै अरूलाई चित्त दुख्ने गरी वा शारीरिक पीडा हुने गरी मैले कुनै व्यवहार गरें भने उसलाई पनि दुख्छ, पीडा हुन्छ" भन्ने ज्ञान हुनु नै आत्मा र परमात्माको बोध हो । यसप्रकार आत्मा-परमात्माको बोध गरी तदनुरूप विवेकपूर्ण व्यवहार गरियो भने परमात्मा खुशी हुनुहुन्छ ।

(३) मान्यजन र अतिथिको सेवा र आदरभाव, सानालाई माया-ममता

माता-पिता, गुरूजन र अन्य आदणीय व्यक्तिहरूको सेवा गर्नु, उहाँहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आज्ञा पालन गर्नु, घरमा आएका पाहुना-पाछाको सेवामा मन लगाउनु, उमेर र बुद्धिले पनि आफूभन्दा साना र कमजोरहरूमा माया-ममता गर्नु पनि धर्मको कुरा हुन्छ, परमेश्वरलाई खुशी गराउने उपाय हुन्छ ।

(४) षट्शत्रुमाथि नियन्त्रण

काम, क्रोध, लोभ, मोह, मद (अहङ्कार) मात्सर्य (ईर्ष्या) यी छलाई शत्रु मानिएको छ । यीमध्येका केही गृहस्थाश्रममा बस्दा प्रयोगमा आउँछन्, तापनि यिनको दास हुन थालियो भने यिनले अत्यन्त सुन्दर जीवन पनि बर्बाद पारेर छाड्छन् । अतः बडो होशियारीपूर्वक यिनलाई नियन्त्रण गर्नुपर्छ । त्यसरी यिनको नियन्त्रण गर्न सक्ने व्यक्तिप्रति परमेश्वर प्रसन्न हुनुहुन्छ ।

(५) साधारण र सोझोपना

पशुपतिनाथलाई बाङ्गोटिङ्गो कुरा मन पर्दैन । अत्यन्त सीमित र साधारण वस्तुहरूबाट जीविका गर्नुहुन्छ उहाँ । त्यसैले छलकपटदेखि माथि उठेर गरिएको व्यवहार मन पर्छ शिवलाई । जो फट्याइ गर्छ, झूटको खेती गरेर मानिसहरूलाई र अन्य प्राणीहरूलाई दुःख दिन्छ, ठगी गर्छ, त्यस्ता व्यक्तिलाई भगवान्. रूचाउनुहुन्न । 'कसैले थाहा नपाउने गरी गरिएको काम कसरी थाहा हुन्छ र ?' भनेर मानिसहरू पाप कर्म गर्छन् तर पाप लुकेको छैन कतै पनि । कुनै घटना छिटो पत्ता लाग्ला र कुनै ढिलो जानकारीमा आउला । त्यो बेग्लै कुरा होला तर पाप छिप्तैन । बाहिरकालाई त कहिलेकाहीं ढाट्न सकिएला । कण कणमा बस्ने शिव हृदयसागरमा पनि हुनुहुन्छ । अनि कसरी झुक्याउनू वा ढाट्नू उहाँलाई ? त्यसैले साधारण वा सोझो हुनु नै शिवलाई रिझाउने उत्तम उपाय हो । परमेश्वर कतिसम्म सरल हुनुहुन्छ भने आफ्नो भक्तले रिझायो भने जे पनि दिनुहुन्छ ।

(६) योग, प्राणायाम, ध्यान

योग, प्राणायाम र ध्यान परमेश्वरलाई खुशी गराउने माध्यंम हुन् । यी हाम्रो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भौतिक शरीरलाई स्वस्थ राख्न र मानसिक शान्ति प्रदान गर्न अत्यन्त उल्लेखनीय छन् भने जीवात्मालाई परमात्मासँग जोड्ने असाधारण माध्यम पनि हुन् । अतः जीवनमा यी कुराहरूलाई अवलम्बन गर्न सधैं तत्पर हुनुपर्छ र क्रियाशील रहनुपर्छ ।

अझ योगको अर्थ नै आत्मालाई परमात्मासँग जोड्ने हो । एक चित्त भएर योग र प्राणायाम गर्दा एकातिर शारीरिक र मानसिक रूपमा स्वस्थ भइन्छ भने परमात्मासँग साक्षात्कार हुन र उहाँमा मिल्न पनि योगले अत्यन्तै ठूलो मद्दत गर्छ ।

(७) मन्दिरहरूको निर्माण र मर्मत सम्भार

अहिले नयाँ मन्दिरहरू बन्दै नबन्ने त होइनन् तर ज्यादै कम बन्छन् । धन र मन हुनेले दीर्घकालपर्यन्त सुरक्षित रहने ठाउँमा मन्दिर बनाई शिवलिङ्ग र नन्दीको स्थापना गर्दा हुने पुण्यको बयान गरेरै साध्य छैन । मन्दिरहरू, जो जीर्ण भएका छन्, तिनको मर्मतसम्भार गर्नु पनि पशुपतिनाथलाई खुशी गराउने असल उपाय हुन्छ ।

(८) गुठी जग्गाको बचावटमा आवाज

पहिले पहिले राजा-महाराजा, तिनका भाइभारदार र सर्वसाधारण जनताले समेत देवदेवीको पूजा-आजा नियमित रूपमा चलोस् भनी जग्गा गुठी राखेर गएका थिए । यसरी राखिएका गुठीको जग्गामध्ये प्रायः सबैमा मोही लागेका छन् । त्यसरी मोही लागेका जग्गाको अत्यन्तै थोरै बाली बुझाउनुपर्ने हुन्छ । त्यो बुझाउन समेत गाह्रो मान्ने मोहीलाई पूरै जग्गा दिलाउने, गुठीका जग्गा रैकरमा परिणत गराउने गरी विभिन्न चलखेल हुँदै आएका छन् । पापको भय नभएपछि जसले जे गरे पनि हुँदोरहे छ । त्यसरी मन्दिरको जग्गा हडप्ने वा अनेकौं षड्यन्त्र गरेर व्यक्तिका नाममा पूरै हकभोग दिलाउने खालका हरकतहरू भइरहेका छन् । त्यस्ता कुरामा अलिकति आवाज उठाइदिनु पनि परमेश्वरलाई प्रसन्न तुल्याउने असल काम हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(९) सकारात्मक सोच

सबैको कल्याण र शुभ चिताउनु र सबैतिर राम्रो देख्न र सुन्न पाइयोस् भन्ने भावना राख्नु नै सकारात्मक सोच हो । निरञ्जन निराकार सबैतिर कल्याण र सकारात्मक अवस्था होस् भन्ने चाहनुहुन्छ । जगत्ले मन नपराउने र अफ घृणा समेत गर्ने कुराबाट निर्वाह गरेर सधैं परोपकारमा लागिरहनुहुन्छ पशुपतिनाथ । त्यसैले उहाँलाई खुशी गराउन चाहनेले सधैं सकारात्मक सोच राख्नुपर्छ, । 'सबैको कल्याण होस्' भन्ने भावनाका साथ सत्कर्म गर्दै जानुपर्छ । यस्तो सोच लिने व्यक्तिसँग पशुपतिनाथ अत्यन्त प्रसन्न हुनुहुन्छ ।

(१०) कलियुगमा नाम सङ्कीर्तन र मन्त्रजपको महिमा

शिव नै पशुपतिनाथ हुनुहुन्छ । शिव र पशुपतिमा कुनै भेद छैन । शिव सधैं आफ्ना भक्तका निम्ति आशुतोष हुनुहुन्छ । संसारको कल्याणका निम्ति आफूले जतिसुकै कष्ट र खतरा उठाउन परे पनि उहाँ पछि पर्नुहुन्न । समुन्द्र मथन गर्दा राम्रा कुरा निस्किदा 'मलाई मलाई' भन्ने धेरै भए तर जब त्यहाँबाट कालकुट विष निस्कियो त सबै हाहाकार गर्न थाले । त्यसबेला शिवले त्यस करालकालतुल्य विष पिउनुभयो । त्यो परमात्माको अत्यन्तै महान् उपकारी कार्य थियो संसारका निम्ति । त्यस्ता प्रभुको कसले बयान गर्न सक्छ ? परमप्रभुको नाम, नाम सङ्कीर्तन र मन्त्रजपको महिमा अनुपम छ । कलियुगमा त नाम संकीर्तनको महिमा अति नै छ । अरू कुनै कुराबाट पनि प्राप्त गर्न नसकिएको लाभ नाम संकीर्तनबाट हुन्छ । त्यसैले शिवको नाम र "ओं नमः शिवाय" यस मन्त्रको जप गर्ने अभ्यास गर्दै जानुपर्छ । 'पछि गरौंला, उमेर छ र स्वास्थ्य पनि ठीक छ' भन्न थाल्यौं भने हामी ज्यादै ठूलो भूलमा हुने छौं । पूर्वाभ्यासविना जीवनको आखिरी घडीको त्यस अतिकष्टमय बेला हामी शिवनाम वा मन्त्र स्मरण गर्न सक्तैनौं । जुनसुकै कुरा समयमै गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.११ मन्दिरमा जान नपाएको वा नसकेका बेला

१. गत वर्षदेखि संसारभर कोरोनाको महाव्याधि फैलियो । यसले गर्दा पशुपतिनाथको मन्दिर लगायत अन्य देवीदेवताका मन्दिर बन्द भए । त्यसैले दर्शन गर्ने अवसरबाट पनि भक्तहरूले विमुख हुनु परिरहेको छ । यो अवस्था लामो समयसम्म त अवश्यै रहँदैन र मन्दिरहरू अवश्य नै खुल्ले छन् र पूर्ववत् पुनः हामी दर्शन गर्न जान पाउने छौं ।

२. साकार रूपको दर्शनमा अभ्यस्त भक्तहरूले मन्दिरमा जान नसकेको अवस्थामा के गर्ने ? अहिले कोरोनाको कारणले मन्दिरमा जान नसक्ने अवस्था भयो । पछि फेरि अरू नै कारणले पनि मन्दिरमा जान नसकिएला, वृद्धावस्थामा शारीरिक कमजोरीका कारणले पनि मन्दिर टाढा बन्ला ! त्यस्तो अवस्थामा पनि परमेश्वरको दर्शन गर्न सकिन्छ । हामी गृहस्थीहरू पाञ्चायन देवताको पूजा गर्छौं भने त्यसमा पनि शिवको पूजा हुन्छ । शिवको पूजा नै पशुपतिनाथको पूजा हो भन्नेबारेमा व्याख्या गरिरहुन पर्दैन । पाञ्चायन देवताको पूजा नगरिए पनि अरू देवीदेवताको पूजा गरिन्छ भने ती देवतामा शिवको पनि मूर्ति वा शिवलिङ्ग होला । त्यहाँ पूजा गर्दा पनि पशुपतिनाथको पूजा हुन्छ । मूर्ति वा शिवलिङ्ग नभएको अवस्थामा बालुवाकै शिवलिङ्ग बनाएर पनि शिव वा पशुपतिनाथको पूजा हुन्छ । यी त भए सगुण वा साकार रूपको दर्शनबाट नै परमेश्वरलाई प्राप्त गर्न सकिन्छ भन्नेमा विश्वास गर्ने भक्तहरूले मन्दिर बन्द भएका बखत परमेश्वरको दर्शन गर्ने विषयका उपायहरू ।

३. निर्गुण निराकारको दर्शनमा विश्वास गर्नेहरूका अनुसार त साकार रूपको पूजा र दर्शन निर्गुण वा निराकार परमेश्वरको दर्शन र पूजाका निम्तिको पूर्वअभ्यास हो । उनीहरूका अनुसार दुई आँखा वा आँखीभुइँका बीचबाट तेस्रो नेत्र खोल्ने प्रयास गरी भित्र हेर्न थालेपछि परमेश्वरको दर्शन हुन्छ । कारणवश मठमन्दिर बन्द हुँदा पनि कुनै अप्ठ्यारो पर्दैन । यसप्रकार निर्गुण निराकार परमेश्वरमा विश्वास गर्नेहरूका अनुसार आँखीभुइँको बीचबाट तेस्रो नेत्र खोलेर हृदयभित्रै प्रभुको दर्शन पाउन सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. 'वास्तवमा भगवान् त सर्वव्यापक हुनुहुन्छ, सर्वत्र हुनुहुन्छ । हाम्रो हृदयमा पनि परमेश्वर विराजमान हुनुहुन्छ । त्यस्ता सर्वव्यापक भगवान्को दर्शन हामी मन पवित्र बनाएर चर्मचक्षुले भन्दा पनि ज्ञान चक्षुले हेर्दा पाउन सक्छौं । 'अणोरणीयान् महतो महीयान्' परमाणुभन्दा पनि सूक्ष्म विशालकाय वस्तुभन्दा पनि बृहद् हुन सक्नु सर्वशक्तिमान् परमेश्वरको विशेषता हो । त्यसैले अतिसूक्ष्म रूपमा र वृहद् रूपमा पनि उहाँको दर्शन पाउन सकिन्छ' भन्ने भक्तहरूको विश्वास छ ।

५. बिहान स्नान आदि नित्य कर्म सम्पन्न गरेर स्वस्थ र हलुका शरीर र मनले एकान्त स्थानमा एकाग्र चित्तले पूर्व वा उत्तरतिर फर्किएर पूर्ण होशका साथ ध्यानमा बस्दा छुट्टै आनन्दको अनुभूति हुँदै जान्छ, आँखीभुइँका बीचबाट भित्री गुफा खोलेर ध्यानावस्थित भई भित्र हेर्ने अभ्यास गर्दा ध्यान लाग्न सक्छ । शुरूमा चञ्चल मनलाई आफ्नै श्वास आएको र गएको हेर्न लगाएर अभ्यास गर्नुपर्छ र पछि तेस्रो नेत्रबाट अन्तर्जगत् अवलोकन गर्ने अभ्यास गर्दै जाँदा ध्यान मात्र लाग्दैन कि अपूर्व आनन्द पनि प्रांप्त हुन थाल्छ । 'त्यसबाट अघि बढ्दै जाँदा परम सत्यको नजिक पुग्दाको परम आनन्दको अनुभूति पनि हुन्छ भएरै छाड्छ' भन्ने पनि अनुभवीहरूको कथन छ । यसरी मन्दिर जान नपाउँदा पनि परमेश्वरको दर्शनका सुमार्गहरूको यात्रा भइरहन सक्छ ।

—o—

मुख्य सन्दर्भ ग्रन्थ

डा गोविन्द टण्डन–पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन, काठमाडौं
महाराजगञ्ज, काठमाडौं झरेन्द्र शम्शेरज.ब.रा.तथा श्रीमती मञ्जुराणा विसं २०५३

कुलचन्द्र कोइराला, नेपालका आराध्यदेव भगवान् पशुपतिनाथ,
काठमाडौं,ने.रा.प्र.प्रतिष्ठानविसं विसं २०५१

कल्याण शिवोपासनाङ्क–वर्ष ६७
गोरखपुर,गीताप्रेस, जनवरी सन् १९९३ विसं २०४९
स्वअनुभव र विचार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ३

पशुपतिनाथको उत्पत्ति

३.१.१ ज्योतिर्लिङ्गका रूपमा पशुपतिनाथको उत्पत्ति

पशुपतिनाथको उत्पत्तिका सम्बन्धमा विभिन्न मतमतान्तर छन् । यस विषयका आधार हाम्रा पुराण, धर्मशास्त्र, वंशावली आदि हुन् ।

शिव ज्योतिर्लिङ्गका रूपमा उत्पत्ति हुनुभएका कतिपय कुरा 'शिवपुराण' र 'हिमवत् खण्ड'मा मिल्दाजुल्दा छन् भने कतिपय फरक खालका छन् । 'शिवपुराण'मा उल्लेख भएअनुसार पशुपतिनाथको उत्पत्तिको वर्णन यसप्रकार छ : प्रलय कालको कुरा हो । चारैतिर पानी नै पानी मात्र थियो । चराचर जगत् प्रलयको चपेटामा परेको थियो । जीवजन्तुको त के कुरा चन्द्र, सूर्य र तारागण समेत आकाशमा थिएनन् । चारैतिर अन्धकार नै अन्धकार थियो । त्यस बखत समुद्रका बीचमा भगवान् विष्णु चारैतिर आफ्ना पार्षद्हरूलाई राखेर लक्ष्मीलाई काखमा लिई शेषशय्यामा सुतेका थिए । आफ्नो लोकबाट ब्रह्मा त्यहाँ आइपुगे र विष्णुलाई सम्बोधन गरेर भने "बाबु तिमी कति लापरवाह छौ ? यहाँ तिम्रो मालिक आएको थाहा पाएर पनि किन सुतिरहेका छौ ? म तिम्रो गुरु पनि हुँ । गुरुका सामुन्ने यस्तो अभिमान गर्न सुहाउँदैन ।" विष्णुले पनि ब्रह्मालाई नचिने झैँ गरी भने, "मैले तिमीलाई चिनिन नि, तिमी को ह्वौ ? बाबु ! यता आएर बस ।" ब्रह्माले भने "म चराचर जगत्को पितामह र तिम्रो पनि रक्षक हुँ ।" विष्णुले भने, "चराचर जगत्को पालक त म पो हुँ । तिमी त्यही मेरो नाइटामा उम्रिएको कमलबाट जन्मिएका होइनौ ? के नचाहिंदो कुरा गर्छौ ?" यसप्रकार ब्रह्मा र विष्णुले एकार्कामा रजो गुण र तमो गुण चढेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवहार देखाउन थाले । प्रलयकालको त्यस अत्यन्त भयावह अवस्थामा उनीहरूमा एक प्रकारको घमण्ड र तुच्छ बुद्धि मौलाउन थाल्यो । एकले अर्कालाई सानो र आफूलाई ठूलो देख्न थाले । ती दुईका बीच भनाभन चल्दाचल्दै आखिर युद्ध भयो । परस्परमा वाण हानाहान भयो । विष्णुले माहेश्वरास्त्र छाडे भने ब्रह्माले पाशुपतास्त्रले विष्णुलाई घाइते बनाउन खोजे । उनीहरू दुईका बीचको घमासान युद्धबाट स्वर्ग, मर्त्य र पाताल कम्पायमान भयो । देवताहरू पनि "त्राहि त्राहि" भन्न थाले र यो खबर चराचर जगत्का स्वामी जगदीश्वरसम्म पुन्याउन उनीहरू कैलाशपुरी पुगे ।

शिवले त्यो पहिले नै अन्तर्ध्यानबाट थाहा पाइसक्नुभएको थियो । देवताहरूलाई त्यो समस्या समाधान गर्ने आश्वासन दिएर उहाँ आफ्ना छोराहरू र गणका साथ त्यो युद्ध हेर्न तथा विष्णु र ब्रह्माको घमण्ड तोड्न बादलमा लुकेर बस्नुभयो । ब्रह्मा र विष्णुले छोडेका शस्त्रास्त्रले त्रिलोकलाई नै जलाउन थाल्यो । त्यसप्रकारको डरलाग्दो युद्ध देखेर शिव युद्धको मध्य भागमा ब्रह्मा र विष्णुका बीच आगाको भरभराउँदो मुस्लो र प्रचण्ड प्रकाशयुक्त विशाल ज्योतिस्तम्भ रूपमा प्रकट हुनुभयो । ज्योतिस्तम्भको मोटाइ एक योजन (४ कोस) र लम्बाइ लाखौं योजन थियो । त्यस्तो विशाल प्रकाशस्तम्भ देखेर ब्रह्मा र विष्णु छक्क परे र युद्ध रोकेर त्यो विशाल लिङ्गका बारेमा सोच्न थाले । यो के हो ? कहाँबाट आयो ? यति लामो र विशाल कसरी भयो ? त्यस बेला दुवैमा राजसिक र तामसिक गुण व्याप्त भएकाले यथार्थ थाहा पाउन सकेनन् । ती त अझ त्यस जोतिर्मय लिङ्गको फेद कहाँ होला र टुप्पो कति टाढा पुगेको होला भन्ने पो सोच्न थाले । त्यसैबीच एक आकाशवाणी भयो, "तिमीहरू आफूलाई ठूलो भनिरहेका छौ । को ठूलो भन्ने पत्ता लगाउन चाहन्छौ भने यसको फेद र टुप्पो पत्ता लगाएर हेर ।" त्यस आकाशवाणीको कुरा उनीहरूलाई ठीक लाग्यो । उनीहरूमध्ये को ठूलो भन्ने फैसला पनि त्यसैमा निर्भर हुने शर्त राखे । ब्रह्माले ज्योतिर्लिङ्गको शिरो भाग पत्ता लगाउने जिम्मा लिए भने विष्णु फेदको भाग पत्ता लगाउन कम्मर कसे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विष्णु बराह अवतार लिई ज्योतिष्तम्भको फेद पत्ता लगाउन तलतिर प्रस्थान गरे भने ब्रह्मा हाँसको रूप धारण गरी टुप्पो पत्ता लगाउन माथितिर लागे । विष्णु जमीन खोतल्दै खोतल्दै धेरै तल पुगे । महातल लोकको पुछारमा पुगेपछि उनको अनन्त नागसँग भेट भयो । उनले विष्णु आउनाको कारण सोधे । विष्णुले आफू ज्योतिष्तम्भको फेद पत्ता लगाउन आएको भने । अनन्त नागले भने, "त्यत्रो जानिफकार भएर पनि तपाईँ केको ज्योतिर्लिङ्गको फेद खोज्दै हिँड्नु भएको ? यो त साक्षात् शिवको अवतार हो । यसको आदि र अन्त्य कसैले पनि पत्तो लगाउन सक्तैन । अर्को कुरा यसको फेदको वरिपरि डरलाग्दा नागहरू हुन्छन् । तिनबाट बचेर फेद पत्ता लगाउनु जस्तो भयावह काम अरू हुन सक्तैन । त्यसैले तपाईँ नहुने र नसक्ने कुरामा ढिपी नगर्नुहोस् । जहाँबाट आउनुभएको हो त्यतै फर्केर जानुहोस् ।" यो यथार्थ थाहा पाएर विष्णु फर्के । उता ब्रह्मा पनि माथि माथि धेरै माथि पुगे । गोलोकमा पुगेपछि उनको कामधेनु गाईसँग भेट भयो । कामधेनुले उनी आउनाको कारण सोध्दा आफू ज्योतिष्तम्भको टुप्पो पत्ता लगाउन आएको भने । त्यो कुरा सुनेर कामधेनुले भनिन् "ब्रह्मा जस्तो भएर पनि कसरी थाहा नपाउनुभएको ? यो ज्योतिर्लिङ्ग त साक्षात् शिवलिङ्ग हो । यो अनादिलिङ्गको कसैले पनि आदि र अन्त्य पत्ता लगाउन सक्तैन । मैले त स्थूल लिङ्गमा दूध चढाउन नसकेर सानो शिवलिङ्गमाथि चढाउँदै आएकी छु । फेरि यस ज्योतिर्लिङ्गलाई करोडौं पाशुपतास्त्रले घेरिरहेका हुन्छन् । एउटा धुलोको कणसम्म त्यहाँ पुग्यो भने त्यसलाई तिनले हजार टुक्रा पारिदिन्छन् ।" कामधेनुका यस्ता कुरा ब्रह्माजीले पत्याउन त पत्याए तर विष्णुका अगाडि ठूलो ठानिन आफूले लिङ्गको शिर पत्ता लगाएर आएको भन्ने र त्यसको साक्षी कामधेनु, केतकी, बन्धूक (जपाकुसुम) पुष्पहरूले समेत भइदिनुपर्ने कुरा गरे । आफूहरूले त्यस्तो झूटा कुरा नगर्ने भनी उनीहरूले भन्दा "शरणमा आएकाको र डराएकाको निम्ति झूटो बोले पनि पाप लाग्दैन त्यसैले सहयोग गर्नुहोस्" भनी ब्रह्माले गरेको अनुरोध उनीहरूले स्वीकारे र तिनीहरूलाई लिई ब्रह्मा विष्णु भए ठाउँ आए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विष्णुलाई अँध्यारो मुख लगाएको र साक्षी पनि नल्याएको देखेर आफूले टुप्पो पत्ता लगाएर आएको र साक्षी पनि लिई आएको भने । त्यो सुनेर विष्णुले "आफूभन्दा ब्रह्मा ठूला रहेछन् ।" भन्ने ठानी ब्रह्मालाई नमस्कार गरे र षोडशोपचारले पूजा गरे । यसरी ब्रह्माले झुट्टा कुरा गरेको, गलत साक्षी बकाएको र विष्णुबाट पूजा पाएको देखेर अत्यन्त क्रोधित शिव रौद्र रूपमा ज्योतिष्तम्भबाट उत्पन्न हुनुभयो । त्यसपछि उहाँले आफ्नो भृकुटीबाट भैरवलाई निकाली "आफूलाई जगत्को मालिक भन्ने ब्रह्मालाई ठीक गर" भनेर आज्ञा दिनुभयो । भैरवले पनि फटाइँको सजाय-स्वरूप ब्रह्माको पाँचौं शिर च्वाट्टै छिनाइदिए । शिवले "यस्तो झूटा बोल्ने फटाहा ब्रह्माको अब पृथ्वीलोकमा कतै पनि पूजा हुने छैन । कामधेनु जस्ती गाई भएर पनि झूटा बोलेकी हुनाले उनको मुख अबदेखि अपवित्र हुने छ । केतकी र बन्धूक मेरा प्रिय पुष्प भए पनि झूटो कुराको साक्षी बकेकाले अबदेखि मलाई चढ्ने छैनन्" भनी श्राप दिनुभयो ।

झूटको फल शिवबाट श्राप पाएका र भैरवबाट एक शिर काटिएर होशहवास हराएका ब्रह्मा भैरवको पाउमा परे अनि बलिन्द्रधारा आँशु खसाली उनले शिवको स्तुति गरे । विष्णुले पनि "हजुरले नै पहिले ईश चिन्हस्वरूप पाँच मुख दिनुभएको थियो । अहिले यिनले गलत काम गरेपनि एक पटकलाई माफ गरिदिनुहोस् दयासागर प्रभु" भनी स्तुति गरे । यसप्रकार ब्रह्मा र विष्णुको स्तुति सुनेर शिव प्रसन्न भई अरू दण्ड दिनबाट भैरवलाई रोक्नु भयो । शिवले ब्रह्मा र विष्णुलाई अबदेखि "तँ ठूलो र म ठूलो" भन्ने घमण्ड नगर्न र आआफ्ना क्षेत्रमा कर्तव्यशील हुन आज्ञा भयो । केतकी र बन्धूक पुष्पले समेत भगवान्को स्तुति गरी बिलौना गरेकाले "आफूले बोलेको कुरा असत्य नहुने तर मेरा भक्तहरूले तिमीहरूलाई धारण गर्ने छन् र मण्डपमा टाँगिएको चँदुवाका निहुँले ममाथि हुनेछौ ।" भनी भक्तवत्सल शिवले केतकी र बन्धूकलाई समेत वर दिनुभयो ।

यसरी ब्रह्मा र विष्णुको घमण्ड चकनाचुर भयो । उनीहरूले अत्यन्त विनम्रता र श्रद्धापूर्वक फेरि आर्तस्वरमा शिवको स्तुति गरे । पशुपतिनाथले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्योतिर्लिङ्गका बीचमा फेरि अर्को ज्योतिर्लिङ्ग देखाउनुभयो र गौरीशङ्करको दर्शन दिनुभयो । प्रभुले त्यसैबेला लगभग दुई हात अग्ला, पाँच मुख र आठ हात भएका जपमाला र अमृतले भरिएको जलसहितको कमण्डलु लिएका ज्योतिर्लिङ्गको दर्शन दिनुभयो ।

ब्रह्मा र विष्णुले स्तुति गर्दै जाँदा चार बाहु, एक मुहार, तीन आँखा भएका, बाघको छाला पहिरिएका, सर्पको गहना लगाएका, नागको कुण्डल र केयूरले विभूषित, जटाको मुकुट र निधारमा चन्द्रमा भएका हातमा त्रिशूल, डमरू र धनुर्वाण लिएका हजारपाते कमलमा आसन कसेर मुसुक्क हाँसी बसेका शिवले दर्शन दिनुभयो । उहाँको काखमा चार हातमा कमल, पाश, अङ्कुश लिएकी र ठूलठूला तीन नेत्र भएकी र वरदान दिने मुद्रामा बसेकी शिवा पनि थिइन् ।

ब्रह्मा र विष्णुले शिव र शिवाको संयुक्त स्तुति गरे । त्यसबाट प्रसन्न शिवले शिवारहित ज्योतिर्लिङ्गको पनि दर्शन दिनुभयो । उहाँको त्यो ज्योतिर्लिङ्ग पाँच मुख भएर पानीमा आधा धनु जति खडा भएर रह्यो ।

त्यसपछि पार्वतीले तेजोरूप शिवलाई आलिङ्गन गरेर हात जोड्नुभयो । त्यस बेला शिव पाँच मुख, अष्ट भुजा भएका, चन्द्र, सूर्य र अग्निलाई आफ्ना तीन नेत्रमा राखेका, शिरमा चन्द्रमालाई धारण गरेका, करकमलमा रूद्राक्षको माला र अमृतपूर्ण कलश लिएका, नागका गहना पहिरिएका, अर्धनारीश्वरका रूपमा प्रकट हुनुभयो । यसप्रकारको रूपमा दर्शन दिएर शिवले विष्णु र ब्रह्मालाई आफूमा भक्ति राखी "सृष्टि र पालन गर्न सक्ने भए" भनी वरदान दिनुभयो ।

त्यही मौकामा चतुर ब्रह्माले "यी जलैजलले भरिएकी पृथ्वीमा यो जल हटाएर सृष्टि गर्न पाए हुन्थ्यो प्रभु" भनी निवेदन गरे । शिवले पनि ब्रह्माको निवेदन स्वीकार गरी सर्वप्रथम गणेश र त्यसपछि सूर्य, चन्द्र र अग्निको सृष्टि गरी गणेश र अग्निलाई जल सुकाउन आदेश दिनुभयो । जल सुकेपछि शिवले ब्रह्मालाई सृष्टि गर्ने आज्ञा गर्नुभयो र आफू जगत्को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कल्याणका लागि चार हात अग्लो ज्योतिर्लिङ्ग भएर विराजमान हुनुभयो र आज्ञा भयो "म यसै रूपमा हजारौँ लाखौँ वर्षसम्म रहने छु । जब यहाँ धर्म नमान्ने म्लेच्छहरू हुनेछन् र तिनले मलाई जान्ने छैनन् र मान्ने पनि छैनन्, त्यस बेला म भूमिभित्र लुक्ने छु । केही समयपश्चात् म्लेच्छ गण नाश हुने छन् । पूरा दश हजार वर्षसम्म यो क्षेत्र घना जङ्गलले ढाकिएको हुनेछ । त्यस बेला म पशुरूपमा यहाँ बस्ने छु ।"

शिवबाट त्यस्तो आज्ञा भएपछि ब्रह्माले सृष्टि गरे र विश्वकर्माले पशुपति क्षेत्रका चारैतिर विभिन्न कारीगरीयुक्त सुनै सुनले झकिझकाउ भएको नगरी बनाइदिए । त्यसलाई शिवले आफ्नो अत्यन्त प्यारो राजधानी बनाउनुभयो । यस प्रकार दिव्य बाह्र हजार वर्षसम्म त्यो शिवपुरी सुवर्णमय नगरी, भुक्ति र मुक्ति दिने पवित्र नगरी बनिरह्यो । त्यहाँ विभिन्न देवतागण आएर शिवको पूजा गरे तथा लाखौं ऋषि-मुनि आएर तपस्या गर्न लागे र त्यो भूमि तपोभूमि बन्यो ।

त्यसरी उत्पन्न ज्योतिर्लिङ्ग नै पशुपतिनाथको ज्योतिर्लिङ्ग स्वरूप हो भन्ने कुरा शिवपुराणमा उल्लेख भएको पाइन्छ ।

३.१.२ हिमवत्खण्डअनुसार ज्योतिर्लिङ्गको उत्पत्तिको कथा

'स्कन्दपुराण'अन्तर्गतको हिमवत्खण्डले पनि केही पृथक् रूपमा ज्योतिर्लिङ्गको उत्पत्ति कथालाई स्वीकारेको छ । हिमवत्खण्डमा भैरवले ब्रह्माको शिर काटेको कथा छैन । त्यसमा ज्योतिष्तम्भले भविष्यवाणी गरेको छ र ब्रह्मा र विष्णुलाई सचेत गराएको छ । ब्रह्माको झूटो बोलीमा साक्षी बकेकाले कामधेनु, केतकी र बन्धूकलाई आफूले पूजाका निम्ति नस्वीकार्ने र कामधेनुको मुख अपवित्र हुने कुरा शिवबाट आज्ञा भएको भनी हिमवत्खण्डमा पनि उल्लेख भएको भेटिन्छ ।

दिव्य बाह्र हजार वर्षपछि यहाँ अधर्मी धेरै भए । दुनियाँमा धेरै पापाचार, अत्याचार हुन थाल्यो । त्यसपछि दिव्य ज्योतिर्लिङ्ग पनि पृथ्वीमा लुप्त भयो । देवी–देवताहरू पनि आआफ्ना धामतिर लागे । धेरै वर्षसम्म त्यो स्थान घना जङ्गलका रूपमा रह्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१.३ पशुपतिनाथको मृगरूप

पशुपतिनाथको मृगरूपको कथा अत्यन्त पवित्र, रमाइलो र श्रवणयोग्य छ : म्लेच्छहरू बढेका बेला भूमिगत भएका पशुपतिनाथ तिनको विस्तारै नाश हुन थालेपछि पशुपति जङ्गलमा गुप्तरूपमा मृगको रूप धारण गरी मृगका राजा भएर बस्न लाग्नुभयो । उता अधर्म विस्तारै कमजोर बन्दै गएकाले देवताहरू पनि पशुपति क्षेत्रमा आए र ज्योतिर्लिङ्गरूप पशुपतिनाथलाई खोज्न थाले तर कसै गरे पाउन सकेनन् । उनीहरू वागमतीको किनारै किनार गुह्येश्वरीको कुण्ड भएका ठाउँमा आइपुगे । त्यहाँ उनीहरूले तेजले धपक्कै बलेकी परम रूपवती कन्यालाई देखे र चिने पनि, "उहाँ त गुह्येश्वरी माता हुनुहुन्छ ।" देवताहरूले ती कन्यारूपी गुह्येश्वरी माताको स्तुति गरे र महादेवको बारेमा जानकारी माग गरे । गुह्येश्वरीले पनि श्लेष्मान्तक वनमा मृगका रूपमा गोप्य तवरले बस्नुभएका शिवको हुलिया र ठाउँ बताइदिनुभयो । देवताहरूले उक्त जङ्गलमा गएर पशुपतिनाथलाई खोजे तर पत्ता लगाउन सकेनन् । उनीहरूले अनेक किसिमका घाँसका बीउ (शतबीज) छरे । त्यसमा इन्द्रले वर्षा गरे, सूर्यले रसपाक गराए र चन्द्रमाले शीतलता भरेर अनेक प्रकारका घाँस र जडीबुटीसमेत सप्रेको तुल्याए । त्यस वनलाई सबै मिलेर इन्द्रको उपवनभन्दा पनि सुन्दर, रसिलो, हरिलो, भरिलो तुल्याए र धुमधामका साथ वन महोत्सव गरे । देवताहरूले मृगस्थली पहाडमा अरू मृगका बीचमा पशुपतिनाथलाई अलग्गै चिने र उहाँको स्तुति गर्न थाले । पशुपतिनाथ त्यहाँबाट लुसुक्क जङ्गलको भित्री भागमा जान लम्कनुभयो । उहाँ पुनः बेपत्ता हुन लाग्नुभएको बुझेर ब्रह्मा, विष्णु र इन्द्रले हत्तपत्त मृगेश्वरको सिङ समाते । त्यसपछि मृगरूप पशुपतिनाथ पनि झट्का दिएर आकाशमा गई लुप्त हुनुभयो । उहाँको सिङ तीन टुक्रा भएर विष्णु, ब्रह्मा र इन्द्रको हातमा आयो । यो देखेर तीनै देवहरूले अत्यन्त श्रद्धाभक्तिका साथ पशुपतिनाथको स्तुति गरे । उनीहरूको स्तुति सुनेर परमेश्वर प्रसन्न हुनुभयो र आकाशबाट दर्शन दिई भन्नुभयो "म यहाँ पशुपतिमा ज्योतिलिङ्गका रूपमा सधैं बस्ने छु । मैले त्रिलोकको कल्याणका लागि नै यो मृगरूप लिएको हुँ । मेरो सिङका तीन टुक्रा तिमीहरूले स्वर्ग, मर्त्य र पातालमा लगेर स्थापित गर्नू । ती सबै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोकमा रहेर म रक्षा गरौँला । यस जगत्मा जो कसैले पनि मेरो (पशुपति रूप)को दर्शन गर्छ भने त्यसले पशुयोनिमा जन्म लिनुपर्ने छैन ।"

देवताहरूलाई पशुपतिनाथको दर्शनविधि र नेपाल देशका अनेक महिमा बताएर पशुपतिनाथ पहिलेकै स्थानमा आएर ज्योतिर्लिङ्ग रूपमा बस्नुभयो । त्यसपछि तीन देवमध्ये ब्रह्माजीले गोकर्णमा गोकर्णेश्वर नामले उक्त सिङलाई स्थापना गरे र त्यहाँ अनेक किसिमका तीर्थस्थल स्थापित भए । विष्णुले पातालमा हाटकेश्वर नामले र इन्द्रले स्वर्गमा शृङ्गेश्वर नामले ती सिङको शिवलिङ्ग स्थापना गरे ।

३.१.४ ज्योतिर्लिङ्गमाथि शिवलिङ्ग

ज्योतिर्लिङ्गमाथि दुई शिवलिङ्गसम्बन्धी कुरा पनि उल्लेखनीय छ ।

मृगरूपबाट जब पशुपतिनाथ जमीनमुनि ज्योतिर्लिङ्ग रूपमा बस्नुभयो, त्यसपछि कामधेनु गाई गोप्य रूपमा आएर वागमतीमा स्नान गरी ज्योतिर्लिङ्गमा दूधले अभिषेक गरेर फर्कने गर्थिन् । एक दिन एक व्यक्तिले त्यो कुरा देख्यो र उसले आफ्ना साथीहरूलाई भन्यो, "त्यस ठाउँमा भारी गहनागुरिया वा खरखजाना गाडिएको हुनुपर्छ ।" त्यसपछि उनीहरू सबैले त्यहाँ जमीन खनेर हेरे । भित्रबाट ज्योतिर्लिङ्गको ज्वाला बाहिर निस्कियो र उनीहरू सबै जलेर खरानी भए । त्यसपछि त्यहाँ पशुपतिनाथ प्रकट हुनुभएको खबर सुनेर देवताहरू पनि आए । ब्रह्माजीले शिवको इच्छा सम्झिएर सर्वसाधारण जनताले सहज रूपमा दर्शन र पूजा गर्न सकून् भनेर आफ्नो अंशबाट शिवतत्त्वका सबै गुणले युक्त पाँच मुख भएका रत्न रूप पत्थरको नयाँ शिवलिङ्ग जलहरीसहित उत्पन्न गरी उक्त ज्योतिर्लिङ्गमाथि स्थापना गरे तर त्यसपछि पनि ज्योतिर्लिङ्गको तेज घटेन । विष्णुले इन्द्रनीलमणिको शिवलिङ्ग स्थापना गरे भने इन्द्रले पनि त्यसमाथि नील पत्थरको शिवलिङ्ग स्थापना गरे । यसप्रकार ब्रह्मा, विष्णु र इन्द्रले शिवलिङ्ग स्थापना गरी सर्वसाधारणले पनि दर्शन गर्न सक्ने तुल्याए । पछि त्यसमा कुवेरले पनि चौथो शिवलिङ्ग स्थापना गरे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसप्रकारको खबर चारैतिर फैलियो । त्यसपछि त अन्यान्य देवताहरू पनि पहिलेजस्तै आआफ्ना स्थानमा आएर बस्न थाले । पहिलेजस्तै फेरि स्वर्णपुरी उत्पत्ति भयो । धेरै देवताहरूको वास भएकाले यस स्थानको नाम नै देवपत्तन (देउपाटन) रहन गयो ।

३.१.५ ज्योतिर्लिङ्ग प्रकट भएका सम्बन्धमा अर्को भनाइ

नेपालमा प्राप्त वंशावलीमध्ये सबैभन्दा पुरानो मानिएको गोपाल वंशावली अनुसार कुनै गोपालकी बह्नी नामकी गाईले दिनदिनै एउटा प्वालमा दूध चढाउँथिन् । त्यस घटनाको चियो गरिबसेका गोपालले त्यो थाहा पाई त्यस ठाउँमा खनिहेर्दा पशुपतिनाथको ज्योतिर्लिङ्ग प्रकट भयो.। यसअनुसार ज्योतिर्लिङ्ग पत्ता लगाउने काम बह्नी गाई र गोपालले गरेका हुन् भनिन्छ ।

३.१.६ देवमाला वंशावलीमा उल्लेख भएका कुरा

देवमाला वंशावलीमा पनि पशुपतिनाथका बारेमा विस्तृत रूपमा चर्चा भएको छ । त्यहाँ उल्लेख भएका कथाहरू स्कन्दपुराण, हिमवत्खण्ड र बराहपुराण आदिसँग मिल्दाजुल्दा छन् । गाईले दूध चढाएका ठाउँमा खनिहेर्दा शिवलिङ्ग प्रकट भएका कुरा चाहिँ नयाँ पुराना सबै खालका वंशावलीमा उल्लेख भएको पाइन्छ । यसरी नै नेमुनिको आशीर्वादले ज्योतिर्लिङ्ग प्रादुर्भाव गर्ने गोपाल वंशले नेपाल उपत्यकामा राज्य गरेका कुरामा पनि वंशावलीहरूमा एकरूपता पाइन्छ ।

३.१.७ चतुर्मुखी, निराकारसहित पञ्चमुखी पशुपतिनाथ

नेपाल महात्म्यमा उल्लिखित चतुर्मुखी (निराकारसहित पञ्चमुखी) पशुपतिनाथको कथा पनि रोचक छ : द्वापर युगमा पातालबाट बज्र नामको दैत्य तपस्या गर्नका लागि उत्तराखण्डमा आएको थियो । उसले काठमाडौंको शङ्खमूलमा आई ब्रह्माको तपस्या गरेर इन्द्रादि देवतालाई जित्ने वरदान प्राप्त गऱ्यो । वर पाएपछि आफ्ना सेना लिएर स्वर्गमा आक्रमण गर्न गयो र उसले इन्द्र आदि देवतालाई जितेर त्यहाँको श्रीसम्पत्ति सबै लिई पृथ्वीतलमा आयो । त्यसपछि ऊ नेपालको त्रिशूलीदेखि वागमतीसम्मको जमीन कब्जा गरी थानकोट पहाडको फेदीमा शहर बसालेर त्रिलोकको सम्पत्ति उपभोग गरेर बस्न थाल्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस दैत्यले जलक्रीडा गर्न चोभार नागदह नजिकै वाग्मतीको जल थुनेर वागमतीदेखि सुन्दरीजलसम्म विशाल तलाउ बनायो । त्यसले गर्दा पशुपतिनाथ पनि जलमग्न हुनुभयो । पछि भगवान् कृष्णको अवतार भयो । उता इन्द्रले नारदलाई द्वारकामा सबै खबर गर्न पठाए । नारदले द्वारकामा पुगेर कृष्णलाई नेपालको हालखबर बताए तथा नेपालको यात्रा गरी दैत्य नाश गरेर लोकोपकारी काम गर्न प्रार्थना गरे । श्रीकृष्ण आफ्ना यदुवंशी भाईभारदारको दलबल सहित नेपाल आए । पशुपतिनाथले आफ्नो पाँचौं मुखको शक्ति गोप्य तवरले कृष्णलाई दिनुभयो । त्यसपछि कृष्ण र दैत्यहरूका बीच घमासान युद्ध भयो । आखिर सबै दैत्य मारिए । त्यसपछि सर्वप्रथम कृष्णले चोभारमा अघि दानवले बाँधेको बाँध भत्काइदिए । वागमतीको जल प्रवाहित हुन थाल्यो । उनको यस कार्यबाट अत्यन्त हर्षित भई इन्द्रादि देवता कृष्णको स्वागतका निम्ति त्यहाँ आइपुगे । अघि दानवले जसजसको सम्पत्ति अपहरण गरेको थियो, तिनका सम्पत्ति फिर्ता गरिदिए र बाँकी रहेको धनसम्पत्ति दान धर्ममा खर्च गरियो ।

त्यसै बेलादेखि पशुपतिनाथ गुप्त पञ्चमुखी भई प्रकट हुनुभयो । नेपालका विभिन्न तीर्थस्थलको महत्त्व बुझेका श्रीकृष्ण पशुपतिनाथको दर्शनका निम्ति देवपत्तन आउनुभयो । कृष्णको भावभक्तिबाट प्रसन्न भएर पशुपतिनाथ प्रकट भई उहाँलाई दर्शन दिनुभयो । हरिहरको संयुक्त रूपमा दर्शन पाएर इन्द्रादि देवता पनि अत्यन्त खुशी भए । कृष्ण गुह्येश्वरी र अन्य शक्तिपीठको समेत दर्शन गरेर द्वारका फर्कनुभयो ।

नेपाल महात्म्यमा दानवहरू शङ्खासुर, कच्छपासुर, विराध, महेन्द्रदमन (मुख्य दानव) लाई प्रद्युम्नले मारेको र सूर्यकेतु राजाकी छोरी चन्द्रप्रभावतीसँग प्रद्युम्नको विवाह भएको कथा पनि उल्लेख भएको छ ।

केही बौद्ध धर्मावलम्बीहरूद्वारा तयार गरिएको वंशावलीमा भने उत्तर चीनतिरबाट मञ्जुश्री आई दक्षिणतिरको कट्टुवाल पर्वत काटेर नागदहको पानी सुकाई स्वयम्भू ज्योतिर्लिङ्गको प्रकाश गरेको उल्लेख गरिएको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१.८ अरू शिवलिङ्गको स्थापना सम्बन्धमा थप कुरा

गोपाल वंशले नेपाल उपत्यकामा राज्य गरेको थियो । गोपालहरू राजा भएकै बेला ज्योतिलिङ्गको प्रादुर्भाव भएको थियो ।

वंशावलीको कथनानुसार कुनै गोपालले पशुपति ज्योतिर्लिङ्ग पत्ता लगाउनुभन्दा अघि नै ब्रह्मा, विष्णु, इन्द्र र कुबेर आई शिवलिङ्गको स्थापना गरेका थिए ।

३.१.९ पाँचौं लिङ्गको स्थापना

पछि गोपाल वंशका राजालाई सूर्यवंशी राजा सुमाङ्गदले लडाइँमा हराए र चार लिङ्गमाथि पाँचौ लिङ्ग स्थापना गरी अग्नि शर्मा नामका ब्राह्मणलाई पूजा गर्न लगाए । त्यस्तै वैशाख शुक्ल तृतीयाका दिन महास्नान गर्ने चलन चलाए भन्ने पनि वंशावलीमा उल्लेख भएको पाइन्छ ।

३.१.१० छैटौं शिवलिङ्गको स्थापना

सुमाङ्गदका छोरा यक्ष गुप्तका सन्तान भएनन् । त्यसैले महिषपाललाई झिकाई राजपाट सुम्पिदिए । यिनैका पालामा पूर्वबाट किराँती राजा यलम्बर आई यिनलाई हटाई राज्य गरे । यलम्बरका २८ पुस्ताका सन्तान गलिञ्जका पालामा दक्षिणबाट सूर्यवंशी राजा निमिष्टङ्कार आई किराँती राजालाई जिते । त्यसपछि उनले छैटौं शिवलिङ्ग पशुपतिनाथमा स्थापना गरे ।

३.२.१ कलियुगको शुरूसँगै पशुपतिनाथप्रति अनास्था शुरू

कलियुगको शुरूसँगै स्वर्णनगरी ढुङ्गा माटाले बनेको शहरमा परिणत भयो । यहाँ अधर्मीहरूको सङ्ख्या र बोलवाला बढ्यो । पशुपतिनाथको सनातनदेखि हुँदै आएको पूजाआजामा पनि अवरोध सिर्जना भयो । चारैतिर भोगविलास बढेर गयो भने मानिसहरू स्वार्थी र पापी भए, अत्यन्त निकृष्ट कर्म गर्न थाले । पशुपतिनाथको मन्दिरमा भोज आदि खाएर जुठा पतरी, टपरी फाल्ने गरियो र उहाँको नामसमेत बदमासहरूले 'उच्छिष्टेश्वर' राखे । पछि शङ्कराचार्य नेपाल आउनुभयो र तिनलाई शास्त्रार्थमा हराएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक र तान्त्रिक विधिविधान अनुसार पूजा गर्ने चलन चलाउनुभयो भन्ने पशुपतिनाथका पूर्व प्रधानार्चक (मूल पुजारी) र अरू कतिपयको भनाइ छ । डा टण्डनको भनाइअनुसार शङ्कराचार्य आउनुभएको नभई पाशुपताचार्य आउनु भएको हो । उहाँले नै पशुपतिनाथको अव्यवस्था हटाई विधिवत् पूजा गर्ने परम्परा चलाउनुभयो । पहिले पशुपतिनाथको पूजा दण्डी सन्न्यासीहरूले गर्ने गरेका थिए । पछि विन्ध्याचल पर्वतदेखि दक्षिणमा जन्मिएका द्रविड ब्राह्मणहरूले गर्न थाले । त्यो क्रम अहिलेसम्म चलिरहेकै छ ।

३.३ नेपाल आद्य शङ्कराचार्य आउनुभएको हो कि उहाँपछिका अरू शङ्कराचार्य

(१) आद्य शङ्कराचार्यको जन्म विसं ८४५ मा भारतको तमिलनाडुमा भएको थियो । उहाँ अलौकिक प्रतिभाशाली हुनुहुन्थ्यो । बाह्र वर्षका उमेरमा नै उहाँले चार वेदलगायत शास्त्रहरूको अध्ययन गरिसक्नुभएको थियो । त्यसपछि उहाँले अद्वैत वेदान्तको प्रतिस्थापन गर्नुभयो भने ब्रह्मसूत्र, ११ उपनिषद् र गीतामा भाष्यहरू पनि लेख्नुभयो । भारतमा बौद्धधर्म जोडतोडका साथ बढेका बेला हिन्दूधर्मको प्रचार-प्रसार गरी अध्यात्मवाद एवं अद्वैत वेदान्तको स्थापना गर्नमा उहाँको असाधारण देन छ । उहाँको 'विवेक चूडामणि' भन्ने ग्रन्थ पनि छ । अत्यन्तै छोटो उमेरमा दिव्य पुरुषले मात्र गर्न सक्ने काम उहाँले गरेर जानुभएको छ । बत्तीस वर्षका उमेरमा नै उहाँले देहत्याग गर्नुभएको थियो ।

(२) आद्य शङ्कराचार्य नेपाल आउनु भएको हो कि उहाँपछिका अरू आउनुभएको हो भन्ने सम्बन्धमा विद्वान् इतिहासकारहरूका विभिन्न मत देखिन्छन् । डेनियल राइटले सम्पादन गरेको भाषावंशावलीमा "नेपालमा आद्यशङ्कराचार्य आएको र उनैले पशुपतिनाथमा दाक्षिणात्य ब्राह्मणबाट पूजा गराउने चलन चलाएका हुन्" भन्ने उल्लेख छ । सोही आधारमा आद्य शङ्कराचार्य नै नेपाल आउनुभएको हो भन्नेहरू पनि छन् । डेनियल राइटको सम्पादकत्वमा प्रकाशित वंशावलीले शङ्कराचार्यलाई राजा वृषदेवको समकालिक बताएको छ तर त्यो समय आद्य शङ्कराचार्यको समयसँग मेल खाँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३) राष्ट्रिय पुस्तकालयमा भएको विसं११९९ को शिलालेखमा चर्चा गरिएका कुरा र अन्य विभिन्न प्रमाण र तर्कका आधारमा आद्य शङ्कराचार्य नभई काशीस्थित आमर्दक अग्निमठका पाशुपताचार्य आउनुभएको डा टण्डनले उल्लेख गर्नुभएको छ ।

(४) मध्यकालीन नेपालका प्रसिद्ध राजा शिवदेव तृतीय (विसं ११५६-विसं ११८३) का समयावधिभित्र पहिलो पटक शङ्कराचार्य नेपाल आएको उल्लेख भएको छ भने विसं १८२६ ताकको टिपोटका आधारमा विसं ११५९ मा शङ्कराचार्य नेपाल आउनुभएको देखाइएको छ । डा टण्डनले भने माथि उल्लेख गरिएका काशीस्थित आमर्दक अग्निमठका नै भएको पुष्टि गर्ने प्रयास गर्नुभएको छ । पछिल्लो अध्ययनका आधारमा डा टण्डनले अग्निमठका शङ्कराचार्य नभई पाशुपताचार्य नेपाल आउनुभएको उल्लेख गर्नुभएको छ । ती पाशुपताचार्य तन्त्रविद्याका पारखी समेत भएकाले पशुपतिनाथको तान्त्रिक पद्धतिबाट समेत पूजा गर्ने चलन उहाँले नै चलाउनुभएको हुनुपर्छ भन्ने डा टण्डनको मत छ ।

नेपाल आएर पाशुपताचार्यले मुख्य रूपमा तीन काम गर्नुभयो :
(१) हिन्दूधर्मप्रति पैदा भएको अनास्था मेटाउने काम
(२) दक्षिणा भट्टद्वारा तान्त्रिक विधिबाट समेत पूजा गराउने चलन
(३) आगम घरको स्थापना

३.४ ज्योतिर्लिङ्गस्वरूप पशुपतिनाथ र शिवलिङ्गको पूजा सम्बन्धमा थप विश्लेषणात्मक अध्ययन

३.४.१. लिङ्गपूजाको प्रमुख आधार

ज्योतिर्लिङ्गका रूपमा पशुपतिनाथ प्रादुर्भाव हुनुभएको कथा यस अध्यायको शुरूमा नै विस्तृत रूपमा उल्लेख छ । अति प्राचीन कालमा ब्रह्माका मानसपुत्र सनत्कुमारको प्रश्नमा नन्दिकेश्वरले भन्नुभएअनुसार प्रथम कल्प (श्वेतवराह कल्प) मा ब्रह्मा र विष्णुका बीच घोर युद्ध भयो । उहाँहरू दुवैमा अभिमान थियो एकार्कामा 'म ठूलो' भन्ने । एकले अर्काको अस्तित्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र प्रतिष्ठा नसम्झिएर अभिमान देखाएकै परिणतिस्वरूप त्यो युद्ध भएको थियो । त्यही बेला उहाँहरू दुवैको अभिमान तोड्न शिवले ज्योतिस्तम्भको रूपमा उत्पत्ति भएर आफ्नो स्वरूप देखाउनुभयो । त्यसै बेलादेखि लिङ्गको प्रादुर्भाव भएको र शिवको लिङ्ग र मूर्ति दुवैको पूजा हुने गरेको हो । लिङ्गपूजाको अपार महिमा छ । अरू देवताहरूको मूर्तिमा मात्र पूजा हुन्छ तथा त्यसबाट भोग मात्र प्राप्त हुन्छ भने शिवको मूर्ति र लिङ्गमा पूजा गर्नाले भोग र मुक्ति दुवै पाइन्छ भन्ने शास्त्रको वचन छ ।

(पुरा कल्पे महाकाले प्रपन्ने लोकविश्रुते ।
अयुध्येतां महात्मानौ ब्रह्मविष्णू परस्परम् ॥२७
तयोर्मानं निराकर्तुं तन्मध्ये परमेश्वरः ।
निष्कलस्तम्भरूपेण स्वरूपं समदर्शयत् ॥२८॥
ततः स्वलिङ्गचिन्हत्वात्स्तम्भतो निष्कलः शिवः ।
स्वलिङ्गं दर्शयामास जगतो हितकाम्यया ॥२९॥
तदा प्रभृति लोकेषु निष्कलं लिङ्गमैश्वरम् ।
सकलं च तथा वेरं शिवस्यैव प्रकल्पितम् ॥३०॥
शिवान्येषां तु देवानां वेरमात्रं प्रंकल्पितम् ।
तत्तद्वेरं तु देवानां तत्तद्भोगप्रदं शुभम् ॥
शिवस्य लिङ्गवेरत्वं भोगमोक्षप्रदं शुभम् ॥३१॥
शिवमहापुराण, विद्येश्वर संहिता अध्याय ५ पृष्ठ २१)

पशुपतिनाथ ज्योतिर्लिङ्गका रूपमा प्रादुर्भाव हुनुभएकाले पनि लिङ्ग पूजाको विशेष महिमा छ ।

३.४.२ स्कन्दपुराणअनुसार लिङ्ग पूजा

स्कन्दपुराणमा 'शिवको लिङ्ग देखेर ऋषिपत्नीहरू कामवासनाले भुतुक्क भए । त्यो देखेर तिनका पति ऋषिहरू कोधले जले र श्राप दिए अनि शिवको लिङ्ग पतन भयो । त्यस बेलादेखि लिङ्गको पूजा भएको हो ।' भन्ने कथा उल्लिखित छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.४.३ तन्त्रमा लिङ्गपूजा

तन्त्रशास्त्रमा यस कुरालाई निकै महत्त्व दिई भोगवृत्ति, मैथुन र योनिलाई साधनाको महत्त्वपूर्ण अङ्ग मानिएको छ ।

३.४.४ मूर्तिपूजाभन्दा लिङ्ग पूजाको बढी महत्त्व

शिवमहिमाका अरू धेरै पाटा छन् । शिवपुराणमा र अन्यत्र पनि मूर्तिको पूजाभन्दा लिङ्गको पूजालाई बढी नै महत्त्व दिइएको छ । त्यसैले 'लिङ्ग'को अर्थ लिङ्ग अर्थात् जननेन्द्रिय मात्र त कदापि हुन सक्तैन । पशुपतिनाथ लिङ्ग मात्र नभएर 'ज्योतिर्लिङ्ग'का रूपमा उत्पन्न हुनुभएको हो । पशुपतिनाथको मूर्तिका चार मुख छन् भने उर्ध्वमुख ईशान र अधोमुख कालाग्नि रुद्रका रूपमा मानिएको छ । यसैले पशुपतिनाथको स्वरूप शिश्न वा लिङ्ग मात्रै त कुनै पनि हालतमा होइन । त्यसो भएको भए त्यसमा चार मुख र अझ अप्रत्यक्ष रूपमा 'ईशान' र 'कालाग्नि रुद्र'को त कल्पना नै गर्न सकिँदैनथ्यो ।

३.४.५.रहस्यमय ज्ञानको अभिव्यक्ति

'लिङ्ग' शब्दको एउटा अर्थ चिन्ह पनि हुन्छ । यस सन्दर्भमा डा स्वामी प्रपन्नाचार्यको अभिव्यक्ति सान्दर्भिक छ, "यद्यपि प्रसँगवश लिङ्ग शब्दका अनेक अर्थ हुन्छन् तर शिवलिङ्ग शब्दमा 'लिङ्ग' शब्दको तात्पर्य रहस्यमय ज्ञानको अभिव्यक्ति हो । चतुर्दशकोटी ब्रह्माण्डमा भएका देवीदेवताहरूको पूजा, अर्चना आदि एकै ठाउँमा गर्दा कुन ठाउँमा गर्ने भन्ने प्रश्नको उत्तरमा शिवलिङ्गमा गर्ने । त्यसैले शिवलिङ्गको अर्थ कल्याणाभिव्यक्ति हो ।"

('पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन' पुस्तकको 'शुभेच्छा'मा डा प्रपन्नाचार्य)

३.४.६ सर्वशक्तिमान् शिवका अगाडि लिङ्गको सन्दर्भ

सृष्टि, स्थिति र प्रलयका काम क्रमशः ब्रह्मा, विष्णु र शिवले गर्छन् भन्ने कुरा हाम्रा शास्त्रहरूले बताएका छन् । शिव संहार मात्र गर्नुहुन्न, सृष्टि, स्थिति र संहार सबैमा शिवकै प्रमुख हात छ । ती मात्र किन, अरू धेरै अत्यन्तै आश्चर्यपूर्ण र परमदेवले मात्र गर्न सक्ने काम उहाँले गर्नुभएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा हामीले सुन्दै र पढ्दै आएका छौं । समुद्रमन्थन गर्दा जगतै भष्म गर्ने विष निस्कनु तथा त्यसलाई पिइदिनु र त्यसले कुनै असर नगर्नु, अरू कुनै देवदेवीले गर्न नसकेको त्रिपुरासुरलगायत दानवहरूको संहार गर्नु, मार्कण्डेय ऋषिलाई बचाउन र उनलाई चिरञ्जीवी बनाउन निग्रह र अनुग्रह शक्तिको प्रयोग गर्नु जस्ता कार्यले गर्दा शिवमा अपरिमित शक्ति र सामर्थ्य भएको विश्वास गरिन्छ । त्यस्ता परमशक्तिशाली पशुपतिनाथ ज्योतिर्लिङ्गका रूपमा उत्पन्न हुनु भएकाले उहाँको पूजा हुनुलाई स्वाभाविक रूपमा लिइएको छ र लिनुपर्छ ।

३.४.७ पक्ष-विपक्षका कुरा

आर्य संस्कृतिमा लिङ्गोपासनाको यति महत्त्वपूर्ण र तथ्ययुक्त परम्परा हुँदाहुँदै पनि पक्ष-विपक्षका धेरै कुरा निस्किएका छन् । सिन्धुघाँटीको उत्खनन गर्दा त्यहाँ लिङ्गाकार र योन्याकार पाषाण र मृत्तिकाहरू भेटिएकाले सर जान मार्शल, मैके आदि विद्वान्ले विश्वको प्राचीन सभ्यताका प्राप्त सामग्रीमा पाइने लिङ्गको प्रतीक पूजा गर्ने चलन आर्यहरूमा पनि थियो भन्ने निष्कर्ष निकालेका छन्, तर 'शिश्नदेवा', 'मूरदेवा' जस्ता शब्दमा वैदिक मन्त्रहरूले घृणा देखाएकाले आर्यहरू प्रजननका सन्दर्भको लिङ्गपूजा गर्दैनथे भन्ने स्पष्ट हुन्छ ।

३.४.८ केही पाश्चात्य विद्वान् र तिनका अनुयायीको मनगढन्ते अर्थ

केही पाश्चात्य विद्वान् र तिनका अनुयायीले पनि सतही ज्ञानका आधारमा लिङ्ग शब्दको अर्थ मनलाग्दी ढङ्गले गरेका छन् । वास्तवमा भन्ने हो भने आचार्य सायण, उब्बट आदि वैदिक विद्वान्हरूले गरेको वेदको व्याख्याकै आधारमा पाश्चात्य विद्वान्हरूले वेदका बारेमा केही भन्ने र लेख्ने साहस गरेका हुन् । त्यसैले उनीहरूको भनाइ र विश्लेषण सत्यको नजिक छ भन्नेमा विश्वास गर्न सकिन्न ।

शिवलिङ्गको उपासना, पूजा सम्बन्धमा श्रुति, उपनिषद्, स्मृति, पुराण, उपपुराणहरूमा व्यापक रूपमा चर्चा भएको छ । शिवपुराण र लिङ्गपुराणमा त यसको व्याख्या, विवेचना र लक्षणहरूको उल्लेख राम्ररी नै भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । ब्रह्मपुराण, ब्रह्माण्डपुराण, स्कन्दपुराण आदिमा पनि शिवलिङ्गको सुन्दर वर्णन गरिएको पाइन्छ । निराकार ब्रह्म साकारमा परिणत हुँदा ज्योतिर्लिङ्गरूपमा प्रकट भएको आभास पाइन्छ ।

३.४.९ शिवको प्रतीक शिवलिङ्ग

लिङ्ग र योनिलाई प्रजननशक्तिको प्रतीक मात्र मानेर पूजा गर्ने ब्रात्य, भूत, निषाद तथा अन्य जङ्गली जातिहरूको धार्मिक कियाकलाप आर्यहरूलाई मन पर्दैनथ्यो । वैदिक मन्त्रहरूमा उल्लेख भएअनुसार ती चोरी, डकैती, लुटपाट र यज्ञयागादिमा बिघ्नबाधा डाल्ने जस्ता अत्यन्तै असामाजिक र अमर्यादित कार्य गर्थे । ती जातिजस्तै आर्यहरू पनि स्त्री-पुरुषको लिङ्ग र योनीलाई देवता मानेर पूजा गर्थे भन्ने आरोपमा अलिकति पनि सत्यता छैन । 'शिवको प्रतीक' मानेर भने आर्यहरूले लिङ्ग पूजा गरेका हुन्' भन्न सहजै सकिन्छ ।

३.४.१० यज्ञस्थलमा यूप गाड्ने चलन

वैदिक कालमा ठुल्ठुला यज्ञगर्दा यज्ञस्थलमा यूप (मौलो) गाड्ने चलन थियो । त्यसरी गाडिने यूप जङ्गलबाट काटेर ल्याइन्थ्यो । जङ्गलमा पुगेपछि वनदेवी र वृक्षलाई समेत प्रार्थना गरेर मात्र रूख ढाली यूप तयार गरिन्थ्यो । त्यसपछि त्यो यूपलाई यज्ञस्थलको पूर्व दिशामा उभ्याएर पूजा गरिन्थ्यो र 'शुभ होस्' भनी प्रार्थना गरिन्थ्यो ।

३.४.११ यूप र स्तम्भरूपमा पूजा गर्ने चलन

यसरी नै यज्ञमण्डपमा स्तम्भ (स्कम्भ) गाड्ने चलन थियो । यज्ञ-यागादि कार्य गर्दा यसको पनि महत्त्वपूर्ण स्थान हुने कुरा वेदमा बताइएको छ । स्तम्भमा ब्रह्मको कल्पना गरिने यस्तो स्तम्भमा समस्त चराचर जगत्, सूर्य, चन्द्र, नक्षत्र, बायु र तेत्तीस कोटि देवतासमेत रहने विश्वास गरिन्थ्यो र वेदका मन्त्रहरूले पनि त्यही कुरा बताएका छन् । स्तम्भरूप ब्रह्मको भूमि चरण, अन्तरिक्ष पेट र स्वर्गलोकभन्दा माथि शिर छ त्यस्ता स्तम्भरूप (ब्रह्मरूप) भनी अथर्ववेदमा प्रार्थना गरिएको छ । यसप्रकार यूप र स्तम्भमा पूजा गर्ने चलन पनि लिङ्ग पूजाको द्योतक बनेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.४.१२ पुराणहरूले पुष्टि गरेका कुरा

ब्रह्मा र विष्णुको झगडाका बेला शिव नै स्तम्भ रूपमा उत्पन्न हुनुभएको शिवपुराण, वायुपुराण र लिङ्ग पुराणले पुष्टि गरेका छन्, प्रमाणित गरेका छन् । त्यसबाट पनि लिङ्गरूपमा शिवको एकात्मभाव प्रमाणित हुन्छ । कोशमा लिङ्ग शब्द चिन्ह-वाचक, इन्द्रिय-वाचक, शिवको प्रतीक वाचक, जाति र वेश-भूषा-वाचक पनि छ । त्यसैले प्रसङ्गवश लिङ्गलाई शिवको प्रतीक वाचक मानिएको हो भन्न सकिन्छ ।

३.४.१३ डा भण्डारकरलगायत विद्वान्को धारणा

भारतीय विद्वान् डा भण्डारकर श्वेताश्वत्तर उपनिषद्को एक कारिकाको उद्धरण गर्दै "यसप्रकारको वर्णन योनि र लिङ्गको सम्बन्धलाई दार्शनिक भूमिका दिएर ईश्वरलाई समस्त प्रंभव (उत्पत्ति) का अधिष्ठाता भनिएको हुनुपर्छ ।" भन्छन् । लिङ्ग पूजाका बारेमा गवेषणा गर्ने विद्वान्हरूले सिन्धुसभ्यता तथा बेविलोन सभ्यताका देनको रूपमा लिङ्ग पूजा रहेको छ भन्ने धारणा पनि व्यक्त गरेको पाइन्छ । उनीहरूले शिवको प्रतीक लिङ्गलाई मानव लिङ्गका आकारमा स्थापित लिङ्ग र ब्रह्मा, विष्णु, रूद्रको संयुक्त रूपमा कल्पना गरी स्थापित लिङ्ग गरी दुई किसिमले हेरेका छन् । आर्यजातिले पूजा गर्ने लिङ्ग र अन्य जातिले पूजा गर्ने प्रतिमा र प्रजनशक्तिको रूपको लिङ्गमा निश्चय नै फराकिलो भिन्नता छ ।

३.४.१४ 'एकोऽहं द्वितीयो नास्ति' को प्रतीक

शिवलिङ्ग "एकोऽहं द्वितीयो नास्ति" को प्रतीक हो । शिव वास्तवमा एक हुनुहुन्छ । उहाँसँग तुलना गरिने अर्को यस दुनियाँमा त के चराचर जगत्मा नै कोही छैन । शिवलिङ्गमा जल चढाउने भनेको प्राणलाई ब्रह्ममा लीन गराउनु हो भनिएको छ । एकान्त वनमा अपूजित त्यसै परिरहेको शिवलिङ्गको उपासनाको ठूलो महत्त्व छ । त्यस शिवलिङ्गमा कसैले बेलपत्र चढायो भने त्यो ठूलो महत्त्वको हुन्छ भनिएको छ ।

३.४.१५ योनि र लिङ्गको पूजा गर्ने प्रचलन

यसप्रकार हिन्दूहरूले परमेश्वर शिवको प्रतिमूर्ति मानेर पूजा गर्दै आएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्गका बारेमा बढी नै चर्चा-परिचर्चा हुँदै आएको छ तर प्रजनन शक्तिको स्रोत मानेर विश्वका धेरै ठाउँमा योनि र लिङ्गको पूजा हुने गरेका प्रशस्त प्रमाण छन् ।

विश्वमा लिङ्गोपासना

– प्राचीन समयमा विश्वका धेरै भूभागमा जननेन्द्रिय पूजाको व्यापाक प्रचार थियो ।

– अतीतमा इङ्गल्याण्डदेखि दक्षिण अमेरिकासम्म, अरबको एक कुनाबाट जावासम्म, सुदूर मङ्गोलिया तथा चीनसम्म सर्वत्र लिङ्गोपासना परिव्याप्त थियो । लण्डनमा एक शिवलिङ्ग यस्तो छ, जसमा नवग्रह अङ्कित गरिएको छ । सृष्टिको समग्र रूप शिवलिङ्गमा रहेको छ ।

- युनानी इतिहासकार हेरोडोटसको भनाइअनुसार मिश्र सभ्यतामा यथार्थ लिङ्ग प्रतिमाको निर्माण गरी ठूलो जनसमूह भेला भएर जात्रा गरिन्थ्यो ।

– डा यदुवंशीको भनाइअनुसार जापानमा पनि लिङ्ग पूजा हुन्थ्यो र सार्वजनिक पूजाका लागि सडकका छेउमा स्थापना गरिएको हुन्थ्यो ।

– लिङ्गोपासनाको प्रमुख केन्द्र पश्चिम एशिया– बेबिलोन, असिरिया आदि थिए । यी प्रदेशहरूको एक छेउदेखि अर्को छेउसम्म अरू कुनै पनि देवताको पूजाका अवसरमा लिङ्गप्रतीकको पनि पूजा गरिन्थ्यो ।

– उत्तरमा थ्रेस देशमा लिङ्गप्रतीकको परिचय पाइन्छ । यो उपासनाको प्रचार फिर्गियन जाति पश्चिम एशियामा बस्न थालेपछि भयो ।

– ग्रीसमा 'डायोनिसस' नाउँले पूजा गरिन्थ्यो । डायोनिस उर्वरताको देवता मानिएका थिए । पृथ्वी देवीको उर्वरा-शक्तिले जीवन सञ्चार भएको मानिन्छ । ग्रीसले यो सभ्यता पश्चिम एशियाबाट नै सिकेको हो । पश्चिमेलीले पनि पश्चिम एशियाबाट नै सिकेका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

– आर्यहरूले आफ्नै चिन्तन-मननबाट आध्यात्मिक विचारधाराको विकास गरेका हुन् । आफूहरूले नै चिन्तनधाराको विकास गरी वैदिक स्कम्भसूक्तको प्रतीकार्थमा लिङ्ग पूजा गरेका हुन् भन्नु पनि समीचीन हुने छ ।

३.४.१८ पशुपतिनाथको वर्तमान शिवलिङ्ग

पशुपतिनाथको वर्तमान शिवलिङ्गको जलहरि वेसरशैलीको छ । शिवलिङ्गका जलहरि नागर, द्रविड र वेसर गरी तीनशैलीका हुन्छन् । द्रविडशैलीको जलहरि अष्टकोणाकारको हुन्छ र दक्षिण भारतमा यसको प्रचलन छ । नागरशैलीको जलहरि चतुष्कोणाकारको हुन्छ र उत्तर भारतमा यसको प्रचलन छ । नागर र द्रविडको मिश्रण वेसरशैली हो ।

लिच्छविकाल, मल्लकाल र शाहकालमा पशुपतिनाथलाई श्रद्धा-भक्तिपूर्वक पूजाआजा गरिएको, मन्दिरको निर्माण र पुनर्निर्माण भएको र पूजाआजाका लागि विभिन्न गुठी जग्गाको रूपमा राखिएको हामी देख्छौँ । पशुपतिनाथप्रति अनास्था जगाउने खालका केही दुष्प्रयास समयसमयमा हुने गरेका छन् तर तिनको प्रभाव पटक्कै परेको छैन र नेपाली जनताले पशुपतिनाथलाई राष्ट्रदेवका रूपमा मानेका छन् । दिन-प्रतिदिन पशुपतिनाथको पूजाआजा र दर्शनका लागि स्वदेश र विदेशबाट आउने भक्तजनको सङ्ख्या बढ्दै गएको छ ।

३.४.१७ शिवलिङ्गसम्बन्धी अन्य केही जानकारी

(१) तुर्किस्तानको बावीलन शहरमा एक हजार दुई सय फिटको महालिङ्ग छ ।

(२) हेड्रापोलिस शहरमा विद्यमान शिवमन्दिरमा तीन सय फिट अग्लो शिवलिङ्ग छ ।

(३) मक्कामा मक्केश्वर नामको शिवलिङ्ग छ । मुसलमानहरू यसलाई 'असवद' भन्छन् ।

(४) पाश्चात्य जगत्का देशमध्ये र युरोपका फ्रान्सलगायत विभिन्न देशमा गिर्जाघर, धार्मिक स्थान र संग्रहालयहरूमा लिङ्गाकारका पाषाणहरू सुरक्षित राखिएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(५) लिङ्गलाई ज्येष्ठ, मध्यम र कनिष्ठ गरी तीन तहमा बाँडिएको पाइन्छ ।

(६) 'अग्निपुराण'मा १५,४०० र 'अपराजित पृच्छा'मा १४,४०० लिङ्गका भेद बताइएको छ ।

(७) हामी शिवमन्दिरहरूमा नन्दी अर्थात् वृषभलाई राखेको पाउँछौं । यसमा पनि महत्त्वपूर्ण रहस्य लुकेको हुन्छ । शिवलिङ्गको तेज प्रचण्ड हुन्छ । त्यसैले शिवलिङ्गबाट उत्पन्न हुने तेजलाई समन गर्न शिवलिङ्गका अगाडि नन्दी राख्ने गरिएको हो । नन्दीले त्यो तेज सहन गर्न र सम्हाल्न सक्छन् । यदि शिवलिङ्गका अगाडि नन्दी भएनन् भने लिङ्ग उग्र भएर त्यहाँ शिवको आविर्भाव नभएर लिङ्ग निर्जीव हुन्छ भनिएको छ ।

३.५.१ केदारेश्वरको शिर पशुपतिनाथ

केदारेश्वरको शिर पशुपतिनाथ नै हुनुहुन्छ । यसमा बलियो शास्त्रीय प्रमाण छ । शिवका बारेमा उल्लेख गर्ने 'शिवमहापुराण'मा स्पष्ट उल्लेख भएको छ, "केदारेश्वरको शिर पशुपतिनाथ नै हुनुहुन्छ" । शिवमहापुराण, कोटीरूद्रसंहिता, पशुपतिनाथको महात्म्य–वर्णन (अध्याय ११, श्लोक १८ र १९ पृष्ठ १६६८) मा पशुपतिनाथ शिरोभागका रूपमा हुनुहुन्छ भन्ने कुरा स्पष्ट रूपमा उल्लेख भएको पाइन्छ ।

'पृथ्वीमा प्रसिद्ध नेपाल देशमा सम्पूर्ण कामना पूरा गरिदिने पशुपतीश्वर नामक शिवलिङ्ग छ । त्यो शिवलिङ्ग शिरका रूपमा रहेको छ । त्यस शिवलिङ्गको महिमा केदारेश्वरको वर्णनको क्रममा बताउने छु ।'

(नयपालाख्यपुर्यां तु प्रसिद्धायां महीतले ।
लिङ्गं पशुपतीशाख्यं सर्वकामफलप्रदंम् ॥१८॥
शिरोभागस्वरूपेण शिवलिङ्गं तदस्ति हि ।
तत्कथां वर्णयिष्यामि केदारेश्वरवर्णने ॥१९॥
आधर-स्रोत– (शिवमहापुराण, कोटीरूद्रसंहिता,
पशुपतिनाथको महात्म्य–वर्णन अध्याय ११, श्लोक १८ र १९ पृष्ठ १६६८)

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.५.२ शास्त्र र विद्वान्‌हरूको एक मतको विषय

(पशुपतिनाथ केदारेश्वरको शिरोभाग हुनुहुन्छ भन्ने कुरामा कसैलाई शङ्का लागेमा केदारेश्वरज्योतिर्लिङ्गको महात्म्य वर्णन (शिवमहापुराण कोटी रूद्रसंहिताको केदारेश्वर ज्योतिर्लिङ्गको महात्म्य वर्णन अध्याय १९ श्लोक १३–१५) हेर्दा स्पष्ट बुझिन्छ ।) एक पटक हिमालय भ्रमणका बेला पाण्डवहरूले शिवलाई महिषरूपमा देखेकाले उहाँ भाग्न खोज्नुहुन्छ । पाण्डवहरू पुच्छरमा बेसरी तान्छन् र प्रार्थना गर्छन् त्यहीँ बस्नका लागि । शिव प्रसन्न हुनुहुन्छ र आफ्नो शरीरको धड केदारमा राख्नुहुन्छ र शिरोभाग नेपालमा पशुपतिनाथमा प्रविष्ट गराउनुहुन्छ । यो कुरा शिवपुराणमा स्पष्ट उल्लेख भएको पाइन्छ । शास्त्रसम्मत यस विषयमा अधिकांश विद्वान्‌हरूको समेत एकै राय छ ।

नरनारायणले प्रार्थना गरेकाले 'भगवान् शिव केदार नाम गरेको स्थानमा केदारेश्वर नामले रहनुभयो । उहाँ आफ्ना भक्तलाई उसले चाहेअनुसारको वर दिनुहुन्छ', भनी शिवमहापुराण कोटी रूद्रसंहिताको केदारेश्वर ज्योतिर्लिङ्गको महात्म्य वर्णनमा उल्लेख भएको छ ।

'उहाँ केदारेश्वर शिव पाण्डवहरूलाई देखेर महिष (राँगो) को रूप लिई त्यहाँबाट भाग्न लाग्नुभयो । पाण्डवहरूले उहाँलाई पकिए । तर उहाँले मुख लुकाउनुभयो । उनीहरूले उहाँको पुच्छर मात्र समाते । अनि बारम्बार प्रार्थना गरे । पुच्छरमा समातेको हुनाले शिरोभागबाहेकको धडका रूपमा भक्तवत्सल शिव केदारमा रहनुभयो । शिरोभागचाहिँ नेपालमा गयो र शिरोभागकै रूपमा रह्यो ।'

(यो वै हि पाण्डवान्दृष्ट्वा माहिषं रूपमास्थितः ।
मायामास्थाय तत्रैव पलायनपरोऽभवत् ॥१३॥
धृतश्च पाण्डवैस्तत्र ह्यवाङ्मुखतया स्थितः ।
पुच्छञ्चैव धृतं तैस्तु प्रार्थितञ्च पुनः पुनः ॥१४॥
तद्रूपेण स्थितस्तत्र भक्तवत्सलनामभाक् ।
नयपाले शिरोभागो गतस्तद्रूपतः स्थित ॥१५॥)
(शिवमहापुराण कोटी रूद्रसंहिताको केदारेश्वर ज्योतिर्लिङ्गको महात्म्य वर्णन अध्याय १९ श्लोक १३–१५पृष्ठ १७१२)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.५.३ भ्रमको खेती

शास्त्रमा स्पष्ट उल्लेख भएको कुरालाई समेत उल्ट्याएर केदारनाथको शिरोभाग 'डोलेश्वर महादेव हुनुहुन्छ' भन्ने जुन कुरा अगाडि सारिएको छ र जनतालाई भ्रममा पारिएको छ, त्यसलाई बुझ्ने मानिसले झुटको खेती सिवाय अरू के सम्झलान् र ? सर्वसाधारण जनताले भने 'जे जे बाहुन बराजु त्यही त्यही स्वाहा' भन्नुसिवाय अरू के गर्न सक्छन् र ?। 'सत्यमेव जयते' एक दिन सत्यको नै जित हुने छ ।

३.५.४ जहाँ जसरी स्थापना भए पनि शिवलिङ्ग भोले बाबाकै प्रतीक

जहाँ र जसरी उत्पन्न भएपनि वा स्थापना गरिएपनि शिवलिङ्ग भोलेबाबाकै प्रतीक भएकाले पूजनीय हुनुहुन्छ । केदारनाथको शिरोभाग नभएपनि डोलेश्वरप्रति सर्वसाधरण जनताको आस्था, श्रद्धा कमजोर हुने हुँदैन । महादेव लिङ्गरूपमा रहनुभएको ठाउँमा जनताको श्रद्धा त भइहाल्छ ।

—o—

मुख्य सन्दर्भ ग्रन्थ

शिवपुराण प्रथम भाग, विद्येश्वर संहिता अध्याय ६ देखि अध्याय ९ सम्म ।

शिवमहापुराण, कोटीरूद्रसंहिता, पशुपतिनाथको महात्म्य–वर्णन अध्याय ११, श्लोक १८ र १९

शिवमहापुराण कोटी रूद्रसंहिताको केदारेश्वर ज्योतिर्लिङ्गको महात्म्य वर्णन अध्याय १९ श्लोक १३–१५)

हिमवत् खण्ड

पं. केदारनाथ शर्मा-नेपाल महात्म्यम्– चौखम्बा अमरावती प्रकाशन, वाराणसी । विसं २०३३

कुलचन्द्र कोइराला– नेपालका आराध्यदेव पशुपतिनाथ, काठमाडौं, रा. प्र. प्रतिष्ठान, कमलादी विसं २०५१

डा गोविन्द टण्डन–पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन, झरेन्द्र शम्शेर ज.ब.रा.तथा श्रीमती मञ्जुराणा महाराजगञ्ज, काठमाडौं, विसं २०५३

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रावल अनन्तकृष्ण सोमयाजी पशुपतिनाथका
पूर्व मूल पुजारी-श्री पशुपति-दर्शन, काठमाडौँ,
स्व. गोपाल संघइका परिवार, विसं२०५६

कल्याण शिवोपासना अङ्क, वर्ष ६७, गोरखपुर
गीताप्रेस सन् जनवरी १९९३ विसं २०४९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ४

रुद्र, पशुपति, पाशुपत दर्शन, एवं सम्प्रदाय तथा शिव, शैवदर्शन र प्रत्यभिज्ञा

४.१ रूद्रदेव

(१) हिन्दूहरूको सर्वस्व वेद हो । वेदलाई श्रुति पनि भनिन्छ । वेदमा लेखिएका कुरा नै हिन्दूहरूका लागि सर्वोत्कृष्ट प्रमाण हुन् ।

(२) वेदमा शिवतत्त्व खोज्दा त्यहाँ शिवको पूर्वरूप रूद्र र पशुपति देखा पर्छन् । एकै शिव रौद्र रूपमा भयानक रूद्र हुन्छन् भने पालक रूपमा पशुपति बन्छन् । 'वेद संहिता' र 'ब्राह्मण ग्रन्थ'मा रूद्रलाई पशु र मनुष्यका रक्षक, अनेकौं औषधिका ज्ञाता तथा लता एवं वनस्पतिका देवताका रूपमा स्तुति गरिएको पाइन्छ । गिरिशन्त, गिरित्र, नीलग्रीव, शितिकण्ठ, कपर्दी, सहस्राक्ष, विश्वरूप, व्युप्तकेश, शिपिविष्ट आदि नामबाट पनि रूद्रको स्तुति गरिएको छ ।

(३) प्राचीनकालमा आर्यहरू रूद्रलाई अत्यन्तै शक्तिशाली देवताको रूपमा मान्थे र उनीसँग निकै भयभीत हुन्थे । त्यसैले उनीहरूले आफ्ना सन्तान, परिवार, पशुधन आदिको नाश नगर्न र कुनै विपत्ति परिआए तिनबाट सुरक्षित राख्न, रक्षा गरिदिन र सबै प्रकारका विघ्नबाधाबाट संरक्षण गर्न रूद्रको स्तुति गरेका थिए । "रूद्रलाई चार पटक, आठ पटक नमस्कार छ पशुपति तपाईँलाई दश बार नमस्कार छ ।" यहाँ रूद्रको रौद्ररूपबाट संत्रस्त भएका आर्यहरूले आफ्नो रक्षा गर्न रूद्रलाई प्रार्थना गरेका छन् । **(चतुर्नमो अष्टकृत्वो भवाय दशकृत्व पशुपते नमस्ते । तवेमे पञ्चपशवो विभक्ता गावो अश्वा पुरूषा अजावयः ।)**

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(४) वेदमा अर्को उदाहरण : "हे मरूत् गणका पिता रूद्रदेव ! साहुबाट बिहान चराउने जिम्मा लिएका पशुहरू बेलुका साहुलाई नै जिम्मा लगाएझैं तपाईंका कृपाले प्राप्त मन्त्र स्तुतिका रूपमा तपाइँलाई नै समर्पित गर्छौं । हामीलाई तपाइँ सुख प्रदान गर्नुहोस् । तपाइँको कल्याणकारी बुद्धि अति नै सुखप्रदायक हुन्छ । त्यसैले हामी सबैले तपाइँको संरक्षणको कामना गरिरहेका छौं ।"

(५) गृत्समद ऋषिले जगती छन्दमा अग्निको स्तुति गायनमा अग्निलाई 'रूद्र' भनेका छन् । "हे अग्निदेव तपाइँ द्युलोकका प्राणदाता रूद्र हुनुहुन्छ । अन्नका अधिपति तथा मरूत्हरूका बल हुनुहुन्छ । तपाइँ वायुसमान शीघ्रगामी घोडामा चढेर कल्याणको कामना गर्दै गृहस्वामीहरूकहाँ जानुहुन्छ । तपाइँ पोषणकर्ता पूषादेव हुनुहुन्छ । त्यसैले तपाइँ आफै मनुष्यको रक्षा गर्नुहुन्छ ।" **(त्वमग्ने रूद्रो असुरो महो दिवस्त्वं शर्धो मारूतं पृक्ष ईशिषे त्वं वातैररूणैर्यासि शङ्गयस्त्वं पूषा विधतः पासि नुत्मना ॥ ऋक् २।१।६)**

(६) वेदमा रूद्रलाई प्रकृतिको प्रतीकका रूपमा र अग्निको स्वरूपमा समेत प्रस्तुत गरिएको छ । भावात्मक रूपमा रूद्र मन्युका प्रतीक भएका छन् । रूद्रलाई रामायण, महाभारत र पुराणहरूले पनि विभिन्न ढङ्गले प्रस्तुत गरेका छन् ।

(७) कृष्ण यजुर्वेदले एउटा कथा नै बनाएर अग्नि र रूद्रको तादात्म्य देखाएको छ । शुक्ल यजुर्वेदको वाजसनेय संहितामा रूद्रलाई मन्युको रूप दिएर यसरी उल्लेख गरिएको पाइन्छ । **नमस्ते रूद्रंमन्यव उतो त इषवे नमः । १६ शुक्लयजुर्वेद ।**

(८) मन्यु अग्निको विशेषण हो भने क्रोधको पर्यायवाची शब्द पनि हो । यस शब्दले शिवलाई पनि बताउँछ । शिवको उग्र रूप रूद्र हो ।
यसरी अग्निलाई शिवरूप मान्दा भष्मदिग्ध, दिगम्बर, पिङ्गलजटाकुल, कपिलमश्रु, रौद्र, भयानक आदि विशेषण प्रयोग हुने गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवको कठोर रूप रूद्र हो र त्यो अग्नितुल्य हुन्छ । त्यस्तो नभई लोककल्याणका लागि कठोर कर्म गर्न सकिँदैन । शिव लोकहितकै खातिर रूद्र बन्नुहुन्छ र समुद्रबाट निस्किएको कालकूट विष पान गर्नुहुन्छ ।

(अपिवत् तत् विषं रूद्रः कालानलसमप्रभम् ।
यस्मात्तु नीलिमा कण्ठे नीलकण्ठस्ततःस्मृतः ॥
महाभारत आदि पर्व १३।२६)

वेदले पनि पशुपतिलाई नीलग्रीव मानेको छ (नमः शर्वाय च पशुपतये च नमो नीलग्रीवाय च ॥ शु.यजु.१६।२८)

(९) ब्रह्मपुराणमा रूद्र, मन्यु र शिवको एकात्मकतालाई स्पष्ट पार्दै यसो भनिएको छ । :

स एव रूद्ररूपी स्याद् रूद्रो मन्यु : शिवोऽभवत् ।
स्थावरं जङ्गमं चैव सर्वं व्याप्तं हि मन्युना ॥ ब्रह्मपुराण १६२।१७

शतपथ ब्राह्मणको गवेद्युक होमका प्रकरणमा पनि रूद्रलाई अग्नि भनेर स्पष्ट पारिएको छ ।

(रूद्रो हैतां अभिमन्यतेऽग्निर्वै रूद्रः ५।३।१।१० शतपथ)

(१०) शुक्ल यजुर्वेदको सोह्रौं अध्यायको १ देखि ६६ सम्मका मन्त्रमा रूद्रको विशद् रूपमा वर्णन गरिएको पाइन्छ, जसलाई विश्वरूप वर्णन भनिएको छ । उक्त वर्णनमा स्थावर, जङ्गम सर्वपदार्थ, यस चराचर जगत्को, विश्वब्रह्माण्डको, सम्पूर्ण प्रकृतिको, अग्नि, चन्द्र, सूर्यलगायत प्रत्यक्ष देवताको, सम्पूर्ण प्राणीको चराचर सबैको, जीव, निर्जीवको, सर्ववर्ण, सर्वजातिको, मनुष्य, देवता, पशुका रूपमा र वनस्पति रूपमा समेत सर्वात्मभाव र सर्वान्तर्यामित्व भावमा विद्यमान रूद्रदेवको स्तुति गरिएको पाइन्छ । अत्यन्त दुर्जनदेखि अतिसज्जनसम्म पनि प्रभु बन्नुभएको छ । अति विपन्नदेखि अतिसम्पन्नसम्म, अतिनिन्दितदेखि अतिप्रतिष्ठितसम्म र विभिन्न किसिमका पशुका मालिक, शिकारी, ठग, डाँकु, चोर, फटाहा, लफङ्गा, अपराधीसम्म पनि प्रभुको वास छ । डाँकुको सरदारदेखि असल र भलादमीसम्म पनि रूद्र व्याप्त हुनुहुन्छ । कुमाले, सिकर्मी, डकर्मी, माझी,

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चण्डाल, वृद्ध, बालक, जेठो, कान्छो, अग्लो, होचो वा पुड्के पनि प्रभुका रूप भएको विश्वासका साथ स्तुति गरिएको छ । घर, गोठ, खाट, रूख, पात, हरियो घाँस, तलाउ, कुलो, नदी, खोला, पहाड, पर्वत, तीर्थस्थल, स्मशानघाट, बाटो-घाटो जतासुकै रूद्रको वास छ ।

उहाँ सबै कुरा हुन सक्ने, सबै ठाउँमा पुग्न सक्ने, कणकणमा व्याप्त देवाधिदेव हुनुहुन्छ । विश्वव्यापी विराट्रूप नै रूद्रको विश्वरूप हो भनी विश्वरूप वर्णनमा रूद्रदेवको स्तुति गरिएको छ ।

४.२ पशुपति

४.२.१ व्युत्पत्ति

पशुपति शब्दको व्युत्पत्तिको बोध गर्नु पनि यस प्रसङ्गमा आवश्यक छ । हेर्नु अर्थ भएको 'दृश्' धातुदेखि कु प्रत्यय भएर पशादेश भई पशु शब्द बन्छ । त्यसपछि 'पशुनां पति' (पशुहरूको मालिक) भन्ने अर्थमा षष्ठी तत्पुरूष समास भएर पशुपति शब्द बन्छ ।
(दृश् +कु, पशादेश पशु :, पशुनां पतिः पशुपतिः ।)
'पशुपति' शब्दको वाच्यार्थ हुन्छ पशुका मालिक ।

पशु र पति यहाँ दुई शब्द छन् । बीचमा पशुलाई तान्ने 'पाश' पनि रहेको छ । पशु परतन्त्रताको प्रतीक हो भने पति स्वतन्त्रताको प्रतीक हो ।

अर्को दार्शनिक परिभाषा गर्दा 'पशु' शब्दले कार्य बुझाउँछ भने 'पति' शब्दले कारणलाई बुझाउँछ । पशु अर्थात् मनुष्य आदि अस्वतन्त्र छन् र परमेश्वर स्वतन्त्र हुनुहुन्छ । पशुहरू पति अर्थात् परमेश्वरको अधीनमा हुन्छन् । आखिर अस्वतन्त्रको अन्त्य स्वतन्त्रमा गएर हुन्छ ।

पहिले जङ्गली जनावरलाई, मृग र ग्राम्य चौपाया वा घरपालुवा चौपायालाई पशु भनिन्थ्यो तर वेदले दुईखुट्टे मान्छेलाई पनि पशु भनेको छ जस्तै, हे, पशुपति तपाईँका यी पाँच पशुहरू विभक्त गरिएका छन् गाई, घोडा, पुरूष (मनुष्य) बाख्रा र भेडा यी सबैलाई रक्षा गर्नुहोस् । तपाइँ रूद्रलाई चार पटक नमस्कार छ, आठ पटक नमस्कार छ । दश बार नमस्कार छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(चतुर्नमो अष्टकृत्वो भवाय दशकृत्व पशुपते नमस्ते ।

तवेमे पञ्चपशवो विभक्ता गावो अश्वा पुरुषा अजावयः । अथर्ववेद ११।२।९)

यहाँ पाँच प्रकारका पशुहरू विभक्त छन् । रुद्रको रौद्र रूपबाट संत्रस्त आर्यहरूले आफ्नो र आफ्ना पशुधनको रक्षा गर्न पशुपतिलाई प्रार्थना गरेका छन् । यी सबै पशुहरूलाई पाश अर्थात् माया, मोह आदिबाट छुटाउने भएकाले उहाँलाई पशुपति भनिएको हो ।

४.२.२ पञ्चतत्वका अधिष्ठानका रूपमा पशुपतिनाथ

(१) शिवका अनेकौं नाममध्ये पशुपति मुख्य हो ।पशुपतिनाथ जगत्का अधीश्वर हुनुहुन्छ । उग्ररूप र कल्याणमय रूप छ उहाँको । शिव समस्त भुवनका मालिक र सर्वव्यापक हुनुहुन्छ । शास्त्रकारहरूले पृथ्वी, जल, तेज, वायु र आकाशरूप पञ्चतत्वका अधिष्ठानका रूपमा पनि पशुपतिनाथको महिमा गाएका छन् ।

(२) पञ्चब्रह्मोपनिषद्मा शाकल प्रश्न गर्छन्– "भगवान् को हुन् ?" उत्तरमा पैप्पलाद भन्छन्, "भगवान् सद्योजात, वामदेव, तत्पुरुष, अघोर र ईशान हुन् ।" 'स्वच्छन्दतन्त्र' मा सद्योजात आदि पशुपतिका पञ्चवक्त्रलाई ब्रह्मा आदि पञ्चदेवसँग यसरी तादात्म्य गरिएको पाइन्छः सद्योजात ब्रह्मा, वामदेव विष्णु, अघोर रुद्र, तत्पुरुष ईश्वर हुन् भने ईशान स्वयं सदाशिव हुन् ।'

(सद्योजातस्तु वै ब्रह्मा वामो विष्णुः प्रकीर्तितः।
अघोरो रूद्र इत्युक्तस्तथा पुरूष ईश्वरः ॥
ईशानस्तु वरारोहे स्वयं देव : सदाशिवः ।)

यिनै ब्रह्मादिस्वरूप पञ्चदेव नै तत्तत् रूपमा सृष्टि, स्थिति, संहार, निग्रंह र अनुग्रह स्वरूप पञ्चकर्म सम्पन्न गर्नूहुन्छ ।

४.२.३.पाशुपत–दर्शन

(१) पाशुपत दर्शनअनुसार परमेश्वरको स्वतन्त्रता अपरिमित छ । अतिशय

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वतन्त्र भएकाले महेश्वर प्राणीकृत धर्माधर्मको विचार नै नगरी फल प्रदान गर्नुहुन्छ भन्ने पाशुपत दर्शनको मत छ । महेश्वरले जुन कर्मलाई अनुगृहित गर्नुहुन्छ, त्यो कर्म सफल हुन्छ । कर्म त गऱ्यो तर त्यसमा ईश्वरको अनुग्रह भएन भने सफल हुन सक्तैन । लोकव्यवहारमा ज्यादै परिश्रमपूर्वक गरिएको कार्य पनि परमेश्वरको अनुग्रह नभएर असफल भएका धेरै दृष्टान्त छन् । जीवले गरेको पुण्य र पाप कर्म ईश्वरको इच्छानुसार सुख र दुःख प्रदान गर्ने खालको हुन्छ । ईश्वर कुनै कर्ममा सुख वा दुःख दिनुपर्छ भन्ने सम्बन्धमा स्वतन्त्र हुनुहुन्छ । उहाँलाई कर गर्ने वा बाध्य पार्ने कोही हुँदैन ।

(२) ईश्वर र कर्म यी दुईले जीवलाई सुख या दुःखको फल दिन्छन् । ईश्वरले फल दिँदा कर्मको आवश्यकता हुँदैन तर कर्मबाट फल प्राप्त हुँदा भने ईश्वरको अनुग्रह आवश्यक पर्छ । त्यसो भएतापनि कर्मलाई व्यर्थ भने मान्नु हुँदैन । कर्ममा जीवको संलग्नता भइरहन्छ । अर्कातिर ईश्वरको पूर्ण स्वतन्त्रतामा पनि कुनै आँच आउँदैन । कल्पनातीत शक्ति भएका महेश्वरको विधानअनुसार कार्य हुने भएकाले समय समयमा उत्पन्न हुनुपर्ने कुरा सोहीअनुसार हुन्छ । कतै कुनै गतिरोध हुँदैन ।

(३) पाशुपत दर्शनले कर्मादि निरपेक्ष, स्वतन्त्र परमेश्वरको अस्तित्व मानेको छ । त्यसैले सृष्टि, स्थिति र संहारका अतिरिक्त अनुग्रह र निग्रह पनि ईश्वरनिष्ठ भएका छन् । अनुग्रह र निग्रह पतिमा मात्र रहने वैशिष्ट्य हुन् । यसैले पशुहरू पति अर्थात् परमेश्वरसँग दास्यभावले व्यवहार गर्छन् । 'दीयते अस्मै इति दास 'अर्थात् खुशी भएका परमेश्वरले जसलाई इच्छानुसारको कुरा दिन्छन्, त्यही दास हो ।

४.२.४ पाशुपत मतका पाँच प्रमुख सिद्धान्त

पाशुपत सूत्रको कौडिण्यकृत भाष्यमा पाशुपत सम्प्रदायको पञ्चार्थको व्याख्या गरिएको छ । सोअनुसार पाशुपत मतमा पाँच प्रमुख सिद्धान्त छन् : कार्य, कारण, योग, विधि र दुखान्त ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. कार्य र तिनका भेद

कार्यहरू सजीव हुन् कि निर्जीव, ती स्वतन्त्र हुँदैनन् तर कार्यहरूका जन्मदाता ईश्वर भने स्वतन्त्र छन् । उनी कसैको अधीनमा हुँदैनन् ।

कार्यहरूका भेद तीन प्रकारका छन् १. विद्या, २ कला र ३ पशु । विद्या जीवका गुण हुन् । जीवमा रहेको जडत्व र पृथ्वी आदि जड पदार्थहरू कला हुन् । पशु समस्त जीवलाई बुझाउने नाम हो ।

(१) विद्याको भेद : कार्यका तीन भेदमध्येको एक पशुको गुण भएको विद्या दुई प्रकारको छ –बोधस्वभाव र अबोधस्वभाव । बोधात्मक विद्या दुई प्रकारको हुन्छ व्यक्त र अव्यक्त । बोधात्म स्वभाव अर्थात् बोधात्मिका व्यक्त विद्या नै चित्त हो । यसैद्वारा सबै वस्तुको ज्ञान गर्न सकिन्छ । सूर्य प्रकाशात्मक भए जस्तै चित्त पनि प्रकाशात्मक छ । अबोध स्वभाव भएको विद्या ज्ञानको मार्गमा प्रयुक्त हुन सक्तैन । पशुत्व प्राप्त गराउने धर्माधर्मको संस्कार भएको विद्या नै अबोधात्मक विद्या हो ।

(२) कला र त्यसका भेद : चेतन मनुष्य आदिको अधीनमा रहेको अचेतन कला हो । त्यसका मुख्य रूपमा दुई भेद छन् :
कार्यरूप कला र कारणरूप कला ।

(क) कार्यरूप कला र त्यसका प्रकार

कार्यरूप कला दश प्रकारको छ : पृथ्वी, जल, तेज, वायु आकाश, रूप, रस, गन्ध, स्पर्श र शब्द । यी सबै कारण प्रकृति वा परमेश्वरबाट उत्पत्ति हुने भएकाले यी कार्य भए ।

(ख) कारणरूप कला र त्यसका भेद

कारणरूप कला १३ प्रकारको छ :

पाँच ज्ञानेन्द्रिय (कान, आँखा, नाक, जिब्रो र त्वचा), पाँच कर्मेन्द्रिय (हात, पाउ, वचन, गुदा र लिङ्ग), बुद्धि, अहङ्कार, मन (यी तीन चाहिं अतीन्द्रिय-इन्द्रियद्वारा थाहा नपाइने छन् ।) यिनको कार्य क्रमशः अध्यवसाय,

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिमान र सङ्कल्प हो ।
(अध्यवसाय–उद्योग/उत्साह/पक्का विचार)

(३) पशु र त्यसका भेद : पशु त्यो हो, जसमा पशुत्व छ । पशु दुई प्रकारको छ : साञ्जन र निरञ्जन । साञ्जन भनेको शरीरादियुक्त, मलयुक्त र निरञ्जन (शरीरेन्द्रिय रहित)

२. कारण

चराचर जगत्को सृष्टि, स्थिति र संहार गर्ने तथा अनुग्रह गर्ने परमशक्ति नै कारण हुन् । परब्रह्म परमात्मा शक्ति एउटै छन् । सत्व, रज, तम गुण तथा कर्मका भेदले अनेक रूपयुक्त बन्दछन्, कारणरूप पति हुन् । पतिको अर्थ ज्ञान र क्रियाको सीमातीत शक्ति हुनु हो । त्यो परमशक्ति जुन निरन्तर रहन्छ, निरवच्छिन्न रहन्छ, त्यस शक्तिले युक्त पति–परमेश्वर नै कारण हुन् । कारणको असीम अनुकम्पाले जीव वा पशुले मुक्ति पाउँछ, परम पद प्राप्त गर्छ । यस चराचर जगत्को सृष्टि, स्थिति र संहार गर्ने उनै परमेश्वर परमात्मा पशुपतिनाथ हुनुहुन्छ ।

३. योग

चित्त (जीवगत बोधात्मक गुण विशेष) द्वारा जीवात्मालाई परमात्मासँग सम्बन्ध जोड्ने क्रिया वा साधन नै योग हो । त्यो दुई प्रकारको हुन्छ : क्रियायुक्त र क्रियाहीन । जप, मन्त्र, ध्यान, साधना आदिका रूपमा गरिने योगलाई क्रियायुक्त योग भनिन्छ । समाधि दशाको अनुभव, तत्वज्ञान, महेश्वरमा भक्ति आदि क्रियाहीन योग भनिन्छ ।

४. विधि

विधि भनेको क्रिया हो । धर्म अर्थात् परमेश्वरको सान्निध्य प्राप्त गर्न गरिने धर्मरूप क्रियालाई नै विधि भन्ने गरिएको छ । यहाँ परमेश्वरलाई प्राप्त गर्ने उपाय नै विधि हो । त्यो दुई प्रकारको हुन्छ । प्रधान र गौण । प्रधान विधि साक्षात् धर्मका निम्ति गरिने चर्या (अभ्यास) हो । चर्या दुई प्रकारको हुन्छ : **व्रत र द्वार ।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१) व्रत : भष्मस्नान, भष्मशयन, उपहार, जप, प्रदक्षिणा गरी व्रत पाँच प्रकारका छन् ।

भष्म : पाशुपत सम्प्रदायमा भष्मको ठूलो महत्त्व छ । नकुलीशले भष्मस्नानबारे यसरी निर्देशन दिएका छन् : 'भष्मना त्रिषवणं स्नायीत भस्मनि शयीत', यसमा भष्मको पवित्रतामा बढी जोड दिइएको छ । 'भष्मले नै स्नान गर्नू र खरानीमा नै सुत्नू' भनिएको छ । खरानी घस्नाले नाङ्गै बसे तापनि शीत बाधा नहुने उल्लेख गरिएको छ ।

उपहार : उपहार भनेको नियम हो । त्यो छ प्रकारको हुन्छः– हसित, गीत, नृत्य, हुडुक्कार, नमस्कार र जप्य ।

("हसितगीतनृत्यहुडुक्कारनमस्कारजप्यषडङ्गोपहारेणोपतिष्ठेत ।")

१. हसित–हाँस्ता घाँटी र ओठ कँपाएर अहह ध्वनि निकालेर अट्टहास गर्नु ।

२. गीत–स्वर, ताल, लय मिलाएर परमेश्वरको गुणगानयुक्त गीत गाउनु ।

३. नृत्य–नाट्यशास्त्रानुसार हात, पाउ, अङ्ग–प्रत्यङ्ग चलायमान तुल्याई नृत्य प्रदर्शन गर्नु ।

४. हुडुक्कार–जिब्रो र तालु सटाएर गडगडाहटयुक्त साँढे डुक्रेको भैँ ध्वनि निकाल्नु ।

५. नमस्कार–नमस्कार गर्नु ।

६. जप्य–जप गर्नु ।

(२) द्वार : प्रधानभूतको अर्को भेद द्वार हो ।
द्वार–काथन, स्पन्दन, मन्दन, शृङ्गारण, अवितत्करण र अवितत्भाषण गरी छ प्रकारका छन् । काथन–नसुतिकन सुतेभैँ देखाउनु, स्पन्दन–डगडग काँप्नु, मन्दन–खोच्याएर लङ्गडाउनु, शृङ्गारण–तरूनी नदेख्ता पनि खूबै हाउभाउ गरी शृङ्गारिक भाव देखाउनु, अवितत्करण–लोकनिन्दित काम पनि सहज रूपमा गर्नु, अवितत्भाषण–अन्टसन्ट बोल्नु ।

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त विधिअन्तर्गतको प्रधान विधिको उल्लेखपछि केही गौण विधिबारे पनि उल्लेख गर्नु उचित हुने छ ।

चर्याको सहायक विधि नै गौण विधि हो । अनुस्नान (पूजापछिको भष्मस्नान), भिक्षान्न भोजन, उच्छिष्ट भोजन आदि ।

५. दुःखान्त

दुःखको अन्त हुनु नै दुखान्त हो । पाशुपतदर्शन अनुसार दुःखान्त दुई छन्: अनात्मक र सात्मक । सबै प्रकारका दुःख नितान्त उत्छेद अनात्मक दुःखान्त हो । दृक्शक्ति र क्रियाशक्ति सहितको ऐश्वर्य प्राप्त गर्नु सात्मक दुःखान्त हो । यसअनुसार अन्य मतमा मोक्ष प्राप्त गर्नु मात्र दुःखको क्षय हो । पाशुपत मतमा परम शक्तिको प्राप्ति पनि दुःखान्त हो ।

दृक्शक्ति भनेको ज्ञान शक्ति हो । यो ज्ञान शक्ति अत्यन्तै महत्त्वशाली छ । ज्ञानशक्ति पाँच प्रकारका छन् : दर्शन, श्रवण, मनन, विज्ञान र सर्वज्ञत्व ।

– दर्शन–सूक्ष्म व्यवहित (छेकिएको), विप्रकृष्ट (टाढा रहेको) अशेष चाक्षुष विषय, स्पर्श र रस सम्बन्धी विषयको ज्ञानशक्ति दर्शन हो ।

– श्रवण–सम्पूर्ण शब्द सुन्न सक्ने सिद्धि ज्ञान ।

– मनन– विषयहरूको चिन्तन गरेर योगसिद्धिका लागि गरिने साधना

– विज्ञान–शास्त्रका विषयको शब्दार्थको पूर्ण ज्ञान ।

– सर्वज्ञत्व–गुरुद्वारा उपदेश गरिएका र नगरिएका सबै विषय छोटकरी र विस्तृत रूपमा ज्ञान हुनु ।

क्रियाशक्ति – तीन प्रकारका हुन्छन् : मनोजवित्व, कामरूपित्व र विकरणधर्मित्व ।

मनोजवित्व – मनको वेगजस्तै छिटो गर्न सक्नु मनोजवित्व हो ।

कामरूपित्व – अनन्त रूप लिनसक्नु (चाहना मुताविक शरीर, इन्द्रिय धारण गर्न सक्नु), त्यस्तै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विकरणधर्मित्व – करण इन्द्रियहरूको सहायताविना नै निरतिशय ऐश्वर्यले युक्त हुनु ।

यसरी ज्ञानको सर्वज्ञत्वसम्म र क्रियाको विकिरणधर्मित्वसम्मले अरू प्राणीभन्दा परमेश्वरमा अपार शक्ति भएको कुराको अवबोध हुन्छ । चराचर जगत्मा सबै परिवर्तनशील र नाशवान् छन् । मात्र परमेश्वर अपरिवर्तनशील हुनुहुन्छ र नाशधर्मित्वरहित हुनुहुन्छ ।

सर्वशक्तिमत्ता र स्वतन्त्रताको चरमोत्कर्षमा राज गर्ने सामर्थ्य यस चराचर जगत्मा महेश्वरबाहेक अरू कसैसँग, कुनै प्राणीसँग छैन भन्ने कुराको ज्ञान पाशुपत दर्शनको अध्ययन, मनन र चिन्तनबाट हामी बोध गर्न सक्छौँ ।

४.२.५ पाशुपत सम्प्रदाय

गृहस्थी जीवनमा बसेका व्यक्तिहरू पशुपतिनाथका साधारण भक्त हुन्छन् भने घरगृहस्थी त्यागेर समर्पित रूपमा लागेका पाशुपतहरू कट्टर भक्त हुन्छन् । उनीहरूको संलग्नता सम्प्रदायका रूपमा विकसित भएको हुन्छ । त्यस्ता पाशुपतहरू प्रायः ब्रह्मचारी, दिगम्बर, रक्तवस्त्रधारी, बाघाम्बरधारी (बाघको छाला वस्त्रको रूपमा लगाउने), त्रिशूलधारी, शरीरभर भष्मधारण गर्ने केशमुण्डन गरेका हुन्छन् । त्यस्ता पाशुपतहरू हिजोआज यदाकदा मात्र देखिन्छन् ।

पाशुपत सम्प्रदायका प्रथम प्रवर्त्तक लकुलीश

(१) लकुलीश पाशुपत सम्प्रदायका प्रवर्त्तक मानिन्छन् । धार्मिक ग्रन्थहरूमा यिनको अर्को नाम पनि उल्लेख भएको पाइन्छ नकुलीश । शिवपुराणको कारवण महात्म्यअनुसार यिनको जन्म भृगुकच्छको कारबन नामक स्थानमा भएको थियो । उनी योगी र ब्रह्मचारी सिद्ध थिए । यिनको शिर बाक्लो कपालले ढाकिएको हुन्थ्यो । उनी सधैँ दाहिने हातमा बिमिरो र देब्रे हातमा लौरो लिएर हिँड्थे । यिनलाई शिवकै अवतारका रूपमा पनि वर्णन गरिएको पाइन्छ । यस कुराको प्रामाणिकता सिद्ध गर्ने ऐतिहासिक अभिलेख भारतको मथुरामा प्राप्त ६१ गुप्त संवत् एवं विक्रमादित्य (द्वितीय)को राज्यकाल ४३७ को शिलापत्रमा कुँदिएको छ ।

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) उक्त शिलापत्रमा उदिताचार्य नामका पाशुपतले गुरुमन्दिरमा उपमितेश्वर र कपिलेश्वर शिवलिङ्गको स्थापना गरेको उल्लेख गरेका छन् । साथै त्यसमा उनले आफूलाई भगवान् कुशिकभन्दा दशौँ भनेका छन् । कुशिक लकुलीशका गुरु मानिएका छन् ।

(३) चूडानाथ भट्टरायले उपर्युक्त कुराहरूको विश्लेषणका आधारमा लकुलीशको उत्पत्ति काल विसं को १६२ मान्नुभएको छ । कुषाण –नरेश हुबिष्कको सिक्कामा लौरो लिएका शिवको मूर्ति पाइन्छ । राजपूताना, गुजरात आदि स्थानमा बिमिरो दाहिने हातमा र देब्रे हातमा लौरो लिएका लकुलीशका मूर्ति धेरै पाइन्छन् । लौरो हातमा लिएकाले लगुड+इश= लगुडेश वा लकुलीश पनि भन्न मिल्छ भन्ने भट्टरायको विचार छ । शिवको लकुलीश अवतार प्रमाणित गर्न भट्टरायले वायुपुराणका श्लोक पनि आफ्नो 'पशुपति प्रत्यभिज्ञा' पुस्तकमा उल्लेख गर्नुभएको छ ।

(४) शङ्करका १८ अवतारमा नकुलीशलाई पहिलो अवतार मानिएको छ : लकुलीश, कौशिक, गार्ग्य, मैत्रेय, कौरूष, ईशान, पारगार्य, कपिलाण्ड, मनुष्यक, अपरकुशिक, अत्रि, पिङ्गलाक्ष, पुष्पक, बृहदार्य, अगस्ति, सन्तान, राशिकर, तथा विद्यागुरु ।

(५) ती अवतारमध्ये कौशिक, गार्ग्य, मैत्र्य र कौरूष लकुलीशका चार शिष्य मानिएका छन् । चार शिष्यबाट पाशुपत सम्प्रदायका चार भेद निस्केको पनि विद्वान्हरूले उल्लेख गरेका छन् ।

(६) नेपालमा पाशुपत सम्प्रदाय कसरी कहिले आयो भन्नेबारेमा स्पष्ट जानकारी पाइएको छैन तापनि मानदेवको समयको शिलालेखमा यस सम्प्रदायबारे उल्लेख भएको पाइन्छ तर यसको अझ स्पष्ट रूप भने जिष्णुगुप्तको पालामा देखिन्छ ।

(७) काठमाडौँमा पशुपतिनाथ मन्दिरको प्राङ्गणको दक्षिणतिर एक मूर्ति छ । त्यसलाई अभिलेखमा छत्रचण्डेश्वर भनिएको छ । सर्वसाधारणले भने यसलाई कामदेवको मूर्ति भन्ने गरेका छन् । यो मूर्ति लकुलीशको मूर्तिसँग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिल्दो–जुल्दो भएकाले लकुलीशकै मूर्ति हो भन्न सकिन्छ । त्यसको स्थापना गर्ने आचार्य प्रणर्दन पनि पाशुपत नै भएकाले त्यो मूर्ति लकुलीशकै हो भन्न कुनै असजिलो पर्दैन । शैवधर्ममा पाशुपत सम्प्रदाय मुख्य मानिएको छ । यस सम्प्रदायको स्पष्ट जानकारी दिने सामग्री वा ग्रन्थहरूको भने अभाव नै छ । यस सम्प्रदायका साधना पक्षका क्रियाकलाप गोप्य राख्ने परम्परा भएकाले पनि सामग्रीहरू दुर्लभ भएका हुन् । पाशुपत–दर्शनको मूल सूत्र– ग्रन्थ पशुपतिबाट नै रचित मानिएको छ । त्यस मूल ग्रन्थको पहिलो सूत्र यसप्रकार छः "अथातः पाशुपतेः पाशुपतयोगविधिं व्याख्यास्यामः" (अब पाशुपत दर्शनको योगविधि व्याख्या गरिन्छ) । यस सूत्रमा कौडिन्यायनले 'पञ्चार्थी भाष्य' नामको भाष्य लेखेका छन् । नाम जे भए पनि त्यो पाशुपत सूत्रकै भाष्य हो ।

४.२.६ नेपालमा पाशुपत सम्प्रदायको विकास

(१) नेपालमा पाशुपत सम्प्रदाय निकै लोकप्रिय रहिआएको छ । यहाँ पाशुपत सम्प्रदाय कहिले प्रवेश गर्‍यो, त्यसबारे जानकारी दिने भरपर्दो विवरण पाइन्न । भारतमा भने वैदिक कालदेखि नै पशुपतिको पूजा गर्ने चलन थियो । इतिहासशिरोमणि बाबुराम आचार्यले पशुपतिको स्थापना ई. ५७२ मा भएको मान्नुभएको छ भने पशुपति संवत् पनि त्यससँगै चलेको उल्लेख गर्नु भएको छ । त्यसै लेखमा अंशुवर्मा संवत्लाई नै पशुपति सम्वत् पनि मान्नुभएको छ । त्यसै लेखमा उहाँले त्यसै संवत्लाई ६०६ ई.मा अंशुवर्माद्वारा स्थापना भएको मान्नुभएको छ । यसप्रकार आचार्यको मत परस्परविरोधी बन्न गएको छ । (नेपालको धार्मिक इतिहास पृष्ठ २७ डा जगदीशचन्द्र रेग्मी) ।

(२) वार्त प्रतिहार ध्रुवसङ्घको पशुपति, भष्मेश्वरको विसं ५९० को अभिलेखमा "भगवतः पशुपतेः क्षेत्रे" (भगवान् पशुपतिका क्षेत्रमा) उल्लेख भएको पाइन्छ ।

(३) अंशुवर्माको विसं ६६२ को बुङ्मतीको अभिलेखमा "भगवत्पशुपतिभट्टारकपादानुगृहीतः" भन्ने प्रशस्ति धारण गरेको पाइन्छ र

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसबेलादेखि अरू राजाहरूले पनि यसप्रकारको प्रशस्ति धारणा गरेको उल्लेख पाइन्छ । यसरी अध्ययन गर्दा विक्रमको छैटौं शताब्दीको मध्यदेखि नेपालमा पाशुपत सम्प्रदायको विकास भइसकेका प्रमाणहरू भेटिन्छन् ।

(४) विक्रमको सातौँ शताब्दीको मध्यदेखि त यस सम्प्रदायको विकास भएका अभिलेखीय प्रमाणहरू नै भेटिएका छन् । यस कुराको भरपर्दो र सुन्दर दृष्टान्त जिष्णुगुप्तको समयका आचार्य भगवत्प्रणर्तन प्राणकौशिकको पशुपति छत्रचण्डेश्वरको अभिलेख हो । पशुपतिनाथ मन्दिरको दक्षिणतिरको प्राङ्गणमा पद्मपीठ माथि उभिएको अवस्थाका छत्रचण्डेश्वरको मूर्ति छ र त्यसको पछाडि छत्रचण्डेश्वरको गुणगान गाइएको कुरा उत्कीर्ण गरिएको छ । उन्नत खालको उर्ध्वलिङ्ग छत्रचण्डेश्वरलाई चिन्ने मुख्य चिन्ह हो ।

(५) उक्त अभिलेखमा भगवान् छत्रचण्डेश्वरको मूर्ति टुटफुट भएमा मर्मतका लागि पाशुपत संप्रदायका आचार्यहरूको सङ्घलाई खेत दान दिएको कुराले यस मतका अनुयायी मात्र नभई प्रचार र विकासमा संलग्न आचार्यहरूको सँगठन नै भएको पुष्टि हुन्छ ।

(६) विक्रमको सातौँ शताब्दीको मध्यताका नेपाल आएका चिनियाँ यात्री हु एन साङ्ले 'नेपालमा आँखीभुइँ जति छोटो पारेर कपाल खौरने र कानमा कुण्डल लगाउने मानिसहरू छन् 'भनेका छन् । यसले तात्कालिक नेपालका पाशुपतहरूलाई लक्ष्य गरेको बुझिन्छ । यो पनि नेपालमा पाशुपतहरू त्यस बेलादेखि भएको प्रमाण हो ।

४.२.७ पाशुपत मतका सम्प्रदाय

(१) मुण्डशृङ्खलिक पाशुपत

पशुहरूलाई पासोबाट मुक्त गराउने उनै महादेवको आराधना, पूजा र भक्तिभावका विभिन्न बाटाहरू छन् । ती बाटामध्ये एक हो मुण्डशृङ्खलिक मत । यो मत प्राचीन हुनाका साथै अलि उग्र खालको थियो । त्यस सम्प्रदायमा मुण्डमालाको विशेष स्थान थियो । उनीहरू मुण्डमालाधारी महादेवका विशेष रूपमा पूजाआजा गर्थे । भगवान्लाई खुशी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गराउने उपायका रूपमा आफूहरू पनि मुण्डमाला धारण गर्थे । 'भगवान्का भक्तहरू शुरूमा शिवले झैँ मानिस वा अरू पशुको भर्खरै काटेको कपाल वा टाउकाको माला धारण गर्थे' भनिएको छ तर पछिका दिनहरूमा मृत मनुष्यका हाड वा मृत पशुहरूको हाडको माला लगाएका हुन्थे । त्यस मालामा कपाल अथवा मुण्डको आकृति बनाइएको हुन्थ्यो । त्यसरी नै मुण्डशृङ्खलिकहरूले कानमा फलाम वा अरू धातु वा हाडका रिङ पनि लगाएका हुन्थे । ती देख्तै अलि डरलाग्दा र कठोर मिजासका हुन्थे । मुण्डमाला लगाउने हुनाले तिनमा तान्त्रिक स्वरूप देखिन्छ ।

ती मुण्डशृङ्खलिकहरूका आराध्यदेवको वर्णन लिच्छवि राजा अंशुवर्माको विसं ६६५ को साँगाको अभिलेखमा देख्न सकिन्छ । उक्त अभिलेखमा मङ्गलाचरणका रूपमा यस्तो वर्णन पाइन्छ "कानमा गहनाको रूपमा लगाइराखेका डरलाग्दा सर्पहरूको फुङ्कारको हावाले जटा छ्यान्नब्यान्न भएको, भरखरै काटिएको ताततातो रगत चुहिरहेको मुण्डमाला लगाएको, ठूलो स्वरले खित्का छोडेर हाँसिरहेको, रगत चुहिरहेको हात्तीको छाला ओढेको, पार्वतीले डराई डराईकन हेरिएको महादेवको रूपले तिमीहरूलाई रक्षा गरोस्" । (डा जगमान गुरूङको लेखबाट साभार) ।

यसप्रकार महादेवको प्रचण्ड रूपको वर्णन त्यहाँ देखिन्छ । अंशुवर्माले पशुपतिनाथलाई प्रमुख राष्ट्रदेवका रूपमा स्वीकार गरी राजकीय सम्मान दिएको उनका अभिलेखबाट बुझिन्छ ।

राजा जिष्णुगुप्तका पालाका आचार्य भगवत्प्रणर्द्दन प्राणकौशिकको पशुपति छत्रचण्डेश्वरको अभिलेखमा पनि मुण्डशृङ्खलिक पाशुपताचार्य सङ्घको उल्लेख भएको छ । मुण्डशृङ्खलिक जस्तै एउटा शैव सम्प्रदाय भारतमा कापालिक मतका रूपमा पनि प्रख्यात थियो । मुण्डशृङ्खलिक पाशुपतलाई भारतको उक्त कापालिक सम्प्रदायसँग पनि तुलना गर्न सकिन्छ ।

श्रीमद्भागवत्मा तिनीहरूलाई भवव्रती तपस्वीको रूपमा वर्णन गर्दै 'जटा, खरानी र हाड धारण गर्ने' भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा मुण्डमाला लगाएका शिव र भैरवका असङ्ख्य मूर्ति पाइन्छन् । बूढानीलकण्ठको पोखरीको उत्तरतर्फको भित्तामा जटाजूटमा नरकपाल अङ्कित गरिएको महादेवको पूर्वमध्यकालीन प्रस्तर मूर्ति अवस्थित छ । यसबाट पनि मुण्डशृङ्खलिक पाशुपतमतको तत्काल निकै लोकप्रियता थियो भन्ने स्पष्ट हुन्छ । (डा गुरूङ) । अभिलेखमा मुण्डशृङ्खलिकहरूको परिषद्को समेत उल्लेख भएकाले यो सम्प्रदाय व्यवस्थित रूपमा र व्यापक रूपमा चलेको थियो भन्न सकिन्छ । वर्तमानमा भने यस सम्प्रदायका कुनै पाशुपतलाई देखिँदैन ।

(२) शृङ्खलिक पाशुपत

शृंङ्खलिक पाशुपत सम्प्रदायबारे जिष्णुगुप्तको पालाको आचार्य भगवत्प्रणर्द्दन प्राणकौशिकको पशुपति छत्रचण्डेश्वरको अभिलेखमा उल्लेख भएको छ । पछि राजा नरेन्द्रदेवको पशुपति शिवलिङ्ग अभिलेखमा पनि उल्लेख गरिएको पाइन्छ । शृङ्खलिक पाशुपतहरू मुण्डशृङ्लिक पाशुपतहरूभन्दा फरक थिए । उनीहरू शिवलाई शृङ्खला लगाउने देवका रूपमा नै पूजा गर्थे र आफूहरू पनि सिक्री लगाउँथे । उनीहरू आफूहरू पशुकै स्तरमा भएकाले त्यसबाट माथि उक्लन प्रत्येक क्षण झस्का देओस् भनेर पनि सिक्री लगाउँथे । मुण्डशृंङ्खलिकहरूले जस्तो नर वा अरू जनावरका हाडका माला होइन कि चाँदी, सिल्बर वा अन्य धातुको मोटो सिक्री लगाउँथे । उनीहरूमा सात्विक भाव पनि बढी नै हुन्थ्यो । मुण्डशृंङ्लिक जस्तो अतिवाद वा डरलाग्दो क्रियाकलाप उनीहरूमा हुँदैनथ्यो । मुण्डशृङ्खलिकहरूले जस्तो शून्यतामा पुगिसकेको अनुभव पनि उनीहरूले गरेका हुँदैनथे । उनीहरू आफूहरू पशुपाशबाट मुक्त हुन धेरै साधना तपस्या गर्न बाँकी भएको महसुस गर्थे र त्यसकै लागि समर्पित भावले लागेका हुन्थे ।

काठमाडौँ उपत्यकाका आकाशभैरव र अन्य भैरवका मूर्तिमा सिक्री लगाइएको पाइन्छ । इन्द्रजात्रालगायत विभिन्न जाात्राहरूका बेला चोकचोकमा राखिने भैरवहरूको घाँटीमा पनि सिक्री लगाइदिएको देखिन्छ । काठमाडौँका नेवार जातिले पनि त्यसप्रकारका जात्रा र धार्मिक कार्यक्रमहरूका बेला चाँदीका सिक्रीहरू लगाएको देखिन्छ । यसमा निश्चय नै धार्मिक भावना रहेको हुनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३) दानशृङ्खलिक पाशुपत

यो दान लिने र दिने खालका मतावलम्बीहरूको संप्रदाय हो । उनीहरू पनि धातुकै सिक्री लगाउँथे । उनीहरूको विशेषता दान लिने र दिने हो । यस मतको उल्लेख राजा नरेन्द्रदेवका पालाको पशुपति, देउपाटनको विसं ७०२ को अभिलेखमा भएको छ । उक्त अभिलेखमा 'शालङ्कावासी ब्राह्मण विश्वसेनकी पत्नी सुवर्ण गोमिनीले दानपाशुपताचार्य तिलङ्कुकलाई खेत दान दिएकी र तिनले पनि उक्त खेत दानशृङ्खलिक पाशुपतहरू बिरामी भएमा उक्त खेतका आम्दानीले उपचार गर्ने गराउने गरी दान दिएको उल्लेख छ । उक्त अभिलेखमा दानशृङ्खलिक पाशुपतहरूको दार्शनिक सिद्धान्त र आचरणबारे भने कुनै उल्लेख भएको पाइँदैन । यस सम्प्रदायसँग जोडिएका कुराको विश्लेषण गर्दा दानशृङ्खलिक पाशुपत मतका अनुयायीहरू परिव्राजक (घुमिहिँड्ने) र अपरिग्रह (नगद तथा जग्गाजमीन सङ्ग्रह नगर्ने) धर्म ग्रहण गरेका रम्ता जोगी थिए । दानशृङ्खलिक पाशुपतहरू आश्रम खोलेर बस्थे ।

(४) दान पाशुपत

यस सम्प्रदायका अनुयायीहरू सिक्री लगाउँदैनन्, दान लिने–दिने गर्छन् । उनीहरू पशुपाशबाट मुक्त भइसकेको अनुभव गर्छन् र आफूहरूलाई समाधिको उच्चतहमा पुगिसकेको ठान्छन् । दान पाशुपतहरू धन जम्मा गर्दैनन् र परिब्राजक धर्मको पालना गर्छन् । पशुपाशबाट मुक्त भइसकेको अवस्था दर्शाउनका लागि कुनै पनि शृङ्खला (सिक्री) नलगाउने हुनाले त्यस्ता साधकहरूलाई दानपाशुपत भनिएको हो ।

(५) वश पाशुपात

वश पाशुपत वा वंश पाशुपतबारे विद्वान्हरूका आआफ्ना भनाइ छन् । डा जगदीशचन्द्र रेग्मीले 'नेपालको धार्मिक इतिहास' नामक आफ्नो पुस्तकमा 'आफ्ना इन्द्रियहरूलाई वशमा राख्ने र ध्यान गर्ने कुराको सङ्केत भएको पनि हुनसक्दछ ।' भन्नुभएको छ । त्यसरी 'वश' मान्दा पनि अर्थ स्पष्ट हुन सक्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योगीहरूको सम्प्रदायलाई नै 'वंशपाशुपत' भन्ने हो भने पनि पाशुपत अर्थ त्यति नमिल्ने देखिँदैन । डा रेग्मीले आफ्नो उक्त पुस्तकमा 'वंश पाशुपत' मानेर 'शिवदेव (द्वितीय)ले आफूले स्थापना गरेको शिवदेव भट्टारकको मन्दिरमा प्रबन्धका लागि वंश पाशुपत सम्प्रदायका आचार्यहरूलाई अग्रहार दिएको कुराको वर्णन गरिएको' उल्लेख गर्नुभएको छ ।

डा गुरूङले शिवदेव (द्वितीय)को काठमाडौँ, लगनटोलको विसं ७५२ को अभिलेखमा 'वश पाशुपत' भएका आधारमा 'वश पाशुपत' नै मानी चर्चा गर्नुभएको छ । 'उक्त अभिलेखमा शिवदेवले आफूले स्थापना गरेको श्रीशिवदेवेश्वर महादेव मन्दिरको टुटफुट भएमा त्यसको मर्मतको जिम्मा वश पाशुपत सम्प्रदायका आचार्यहरूलाई दिएको उल्लेख छ । यसैगरी शरीर र किल्लाको स्थितिबन्देजले युक्त भएको वैद्यग्राम भूमिच्छिद्रन्याय गरी वश पाशुपत सम्प्रदायका आचार्यहरूलाई बिर्ता दिएको, त्यहाँका सबै राजकीय आम्दानी पाशुपत आचार्यहरूले नै उठाउन पाउने, त्यहाँका जनताको हेरचाह पनि तिनै आचार्यहरूले नै गर्ने, ती आचार्यहरूले लाए, अह्राएको काम त्यहाँका जनताले गर्नुपर्ने र त्यस गाउँमा कुनै पनि सरकारी कर्मचारीले पस्न नपाउने' कुरा उक्त अभिलेखमा उल्लेख गरिएको छ । योगका मन्त्रयोग, हठयोग, लययोग र राजयोग चार भेदमध्येबाट मन्त्रसाधना नभएर शुद्ध यौगिक प्रक्रियाद्वारा आफ्नो इन्द्रियलाई वशमा राखेर कैवल्य प्राप्त गर्ने सदाचारी पाशुपत योगीहरू वश पाशुपत कहलाइएका थिए ।

४.३ शिव र शैव दर्शन

४.३.१ शिव

महादेवको रूद्र र पशुपतिपछिको अर्को रूप हो शिवरूप । शङ्करको यो 'शिव' (कल्याण)लाई जनाउने शब्द हो । यो सुन्दै अत्यन्त आनन्ददायक र शान्तिको अनुभूति गर्न सकिने दिव्य नाम हो । भोले बाबा नामअनुसार नै जगत्को कल्याणका लागि सदासर्वदा चिन्तनरत, तपस्यारत हुनुहुन्छ । सम्पूर्ण प्राणीको हितकै खातिर नित्य निरन्तर तत्पर हुने नै शङ्करको शिव रूप हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शैव दर्शन : (१) शिवका तीन प्रकारका आकृति र स्वभावको चित्रण भएको पाइन्छ । रूद्र स्वरूप दारूण वा भयानक खालको छ भने पशुपति स्वरूप र प्रवृत्ति मध्यम खालको छ । त्यसभन्दा पर शिवको स्वरूप त अत्यन्त शान्त र सौम्य छ । रूद्र माथिबाट खहरे खोला जस्तै चट्टान नै फोरेर द्रुतगतिको वेगवान् यात्रा गर्नुहुन्छ । अलि समथर पहाड र उपत्यकामा आइपुगेपछि गति केही मथर भएका नदीहरू जस्तै पशुपति मानिनुहुन्छ । सामान्य वेगले समथरमा पुगेपछि सौम्य र शान्त बनेर महासमुद्रको यात्रामा लम्किएको नदी झैँ भोले बाबाका आकार र स्वभाव शिव रूपमा चित्रण गरिएको पाइन्छ । वस्तुतः रूद्र, पशुपति र शिव महेश्वरकै नाम र रूप हुन् । अवस्थाअनुसार परमेश्वरले भिन्नभिन्न रूप र कर्ममा अवतार ग्रहण गर्नुहुन्छ । कठोर कर्म गर्नुपर्दा भयङ्कर भएर रूद्ररूपमा, विपत्तिमा परेका पशुजीवको उद्धार गर्दा पशुपतिरूपमा र आफ्ना परमभक्तको कल्याण र जगत्को उद्धारका सन्दर्भमा शिव रूपमा महादेवले आफ्नो लीला गर्नुहुन्छ, देखाउनुहुन्छ ।

(२) कालाग्नि रूद्र, तमोगुणका अधिष्ठाता देव कालभैरव, बन्नुहुन्छ । 'यजुर्वेद'मा संहारकारी रूद्रको वर्णन छ भने 'अथर्ववेद'मा पशुपतिको रूपको वर्णन भएको छ । पशुपति नै असीमित शक्ति दिलाउनुहुन्छ । शिवका रूपमा त जतातत‍ै उहाँका कर्महरू व्याप्त भइरहेका हुन्छन् ।

(३) शैव दर्शनले ईश्वरीय शक्तिलाई जीवको कर्मसापेक्ष मानेको छ । ईश्वरका लागि कोही टाढा र नजिक वा कोही प्रिय र कोही अप्रिय भन्ने हुँदैन, कर्मअनुसार फल प्राप्त हुन्छ । कोही अत्यन्तै धनी र कोही गरीब छन् भने त्यो ईश्वरले गर्दा भएको हो भन्नु उचित हुँदैन । मानिसले कर्मअनुसारको फल पाएको हो । गुरूले शिक्षा दिंदा सबैलाई समान ढङ्गले दिन्छन् । गुरूले पढाएको ध्यानपूर्वक सुन्ने र परिश्रम गर्ने विद्यार्थीले परीक्षामा उत्कृष्ट नतिजा ल्याउँछ भने पढ्नमा उदासीन र कमजोर विद्यार्थीले कम फल पाउँछ । कसैलाई सुखी र दुखी बनाउने ईश्वरको काम होइन । शैव मतअनुसार यसरी ईश्वरलाई कर्मसापेक्ष राख्नु नै उचित हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वर निरपेक्ष हुनुहुन्न सापेक्ष नै हुनुपर्छ । यस प्रसँगमा गीताको अठारौँ अध्यायको चौधौं श्लोक मनन योग्य छ :

अधिष्ठानं तथा कर्ता करणञ्च पृथग्विधम् ।
विविधाश्च तथा चेष्टा दैवं चैवात्र पञ्चमम् ॥

अधिष्ठान (स्थान), कर्ता, कर्तालाई काम गर्न सहयोग पुर्‍याउने साधन, विभिन्न प्रकारका क्रियाकलाप र पाँचौंमा दैव अर्थात् ईश्वर भएपछि मात्र कुनै पनि कुरामा सफल हुन सकिन्छ । त्यसैले शैवमतावलम्बीका अनुसार कुनै बीज रोपेपछि त्यसलाई अङ्कुरित हुन मेघ अर्थात् वर्षाको आवश्यकता भएजस्तै अरू सबै कुरा भए पनि ईश्वरको सापेक्षताको आवश्यकता पर्छ ।

४.४ रूद्र, पशुपति र शिव

(१) महादेवका रूद्ररूप, पशुपतिरूप तथा शिवरूपका बारेमा केही चर्चा गरेपछि अब यी तीनै रूपको सङ्क्षिप्त तुलनात्मक अध्ययन प्रस्तुत गर्नु सान्दर्भिक र उपयोगी हुने छ ।

(२) चर्को खडेरीपछि घनघोर वर्षा हुनुअघि आकाशमा गड्याङगुडुङ मात्र हुँदैन, डरलाग्दोसँग बिजुली पनि चम्कन्छ । अति प्राचीनकालमा प्रचण्ड अग्नितुल्य त्यस्तो तत्त्वबाट भयभीत आर्यहरूले रूद्रदेवको स्तुति गरेको वेदमा उल्लेख छ । समयसमयमा परेको चट्ट्याङ आदिबाट आफ्ना पशुधनको सुरक्षाको लागि पशुका पति भनेर पनि रूद्रको पशुपति रूपमा स्तुति गरिएको छ । पछि आएर पशुहरूको मात्र होइन मनुष्यको पनि रक्षक तथा पालक बन्नुभएको छ । अझ वेदमा मनुष्यलाई पनि पशु नै भनिएको छ । पशु त त्यसै अज्ञानी, कुनै कुरा सोच्न र बुझ्न नसक्ने आहार, निद्रा, भय र मैथुन मात्र जान्ने हुन्छन् । मनुष्य पनि माया र वासनामा चुर्लुम्म डुबेर बुद्धि र विवेकको प्रयोग गर्न नसक्ने तथा मनुष्यजीवनको महत्त्व नबुझ्ने भएकाले उसको गणना पशुमा नै भयो । ती सबैको उद्धार र रक्षा गर्न समर्थ परम शक्तिशाली पशुपति मानिनुभयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३) पाशुपत सम्प्रदायको उदयपछि त झन् पशुपति स्वतन्त्र र सर्वशक्तिमान् मानिनु भएको छ । उहाँ सृष्टि, स्थिति र संहारका परम शक्तिशाली देवाधिदेव मानिनुहुन्छ । यस जगत्मा पशुपति नै स्वतन्त्र हुनुहुन्छ र निरपेक्ष हुँदाहुँदै पनि अनुग्रह र निग्रहको चरमोत्कर्ष प्रयोग गर्न सक्नुहुन्छ । उहाँले आफ्नो चाहनानुरूप जुनसुकै कार्य गर्नुहुन्छ । यतिसम्म कि उहाँ मृत्युको कराल–दारूण मुखबाट जीवलाई बचाउन सक्नुहुन्छ । पशुपति शिव हुनुभएको छ । महादेवको शिवरूप भनेको कल्याणै कल्याणको हिमालय हो, अनुकम्पा नै अनुकम्पाको समुद्र हो । शिव करूणासागर हुनुहुन्छ, दयाका सगरमाथा हुनुहुन्छ ।

४.५ ईश्वर र ईश्वरबारेका विभिन्न मत

४.५.१ ईश्वर

(१) अत्यन्त गम्भीरतापूर्वक बुझ्नुपर्ने विषय हो ईश्वर । ईश्वर सर्वशक्तिमान् छन् भन्ने वर्ग प्रबल छ भने ईश्वरको सर्वसत्ता स्वीकार नगर्ने वर्गहरू पनि छन् । वैदिक परम्परावादीहरू "कसैले ईश्वरको अस्तित्व स्वीकार गरेनन् भने पनि तिनलाई नास्तिक भन्न हुन्न" भन्छन् । संस्कृतका वैयाकरण पाणिनिले "परलोक छ भन्ने कुरामा विश्वास गर्नेलाई आस्तिक" भन्नुभएको छ । उहाँको विचारलाई मान्ने हो भने बौद्ध र जैन पनि आस्तिक मानिन्छन् ।

साङ्ख्य र पूर्वमीमांसा दर्शनले वेद मान्छन् र ईश्वर मान्दैनन् तापनि वेदलाई नै प्रमाणका रूपमा स्वीकार गर्नेहरूले ती दुई दर्शनलाई पनि आस्तिक नै मानेका छन् । भट्टरायले ती दुवैथरीलाई आआफ्ना सिद्धान्तमा सशक्त नै ठान्नुभएको छ ।

४.५.२ परमेश्वरको अनुमान सिद्धित्व

कार्यकारण भावका आधारमा परमेश्वर सिद्ध गर्न सकिन्छ । हामी जब कार्य भएको देख्छौं त त्यसको कारण पनि अवश्यम्भावी नै हुन्छ । विनाकारण कुनै पनि कार्य हुन सक्तैन । जसरी कुनै माटाको घडा देखेपछि त्यसको निर्माणकर्ता कुमालेको अनुमान हुन्छ, त्यसरी नै यो जगत् र यस

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जगत्‌को सुन्दर सृष्टि देखेपछि कारण रूप ईश्वर छन् भन्ने पक्का हुन्छ । नदेखिने कुराको सकियताले पनि ईश्वर छन् भन्ने पुष्टि गरेको छ : रेडियो–सकियता, परमाणु–विस्फोट जन्य पदार्थ आदि । बिजुलीको तारमा तरङ्गित हुने विद्युत् शक्ति देखिँदैन तर त्यो छ, हुन्छ ।

यो विशाल चराचर जगत् र प्राणीहरूको निर्माण गर्ने कोही न कोही अवश्य नै छन् भन्ने भावना र अनुमानले ईश्वरलाई कारण रूपमा मान्नै पर्ने हुन्छ ।

प्राणीहरूको सेवाभावले प्रसन्न भएपछि परमेश्वरले तिनले भोग्नुपर्ने विभिन्न दुःख–कष्टबाट छुटकारा दिएर सुख–आनन्द दिनुपर्छ, मृत्युको भयमा परेका भक्तलाई मृत्युञ्जयसम्म गराउने शिव हुनुपर्छ । नियन्त्रण गर्नुपर्नेलाई रूद्र रूपमा नियन्त्रण गर्नुपर्छ ।

यद्‌भयाद् वाति वातोऽयं सूर्यस्तपति यद्‌भयाद् । (मनुस्मृति)

दुईखुट्‌टे र चारखुट्‌टे पशुहरूको संरक्षणका लागि रूद्रको आराधनाबाट शुरू भएको यज्ञ विधान पछि संस्कृति नै बन्न गयो । निग्रह र अनुग्रह आराध्य देवतामा स्वतः प्रांप्त हुने गुणहरू हुन् ।

'परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्' । यस अवतारवादको कुराले पनि निग्रह र अनुग्रहको सिद्धान्तमा साम्यता राख्छ ।

शङ्करको काम सृष्टि, स्थिति, संहार, अनुग्रह र निग्रह हुन् । अध्यात्मवाद जप, पूजा, पाठ आदि मात्र होइन । व्यवहारिक रूपमा विचार गर्दा भने यो आवश्यक छ । मूर्ति पूजाको विरोध गर्नेहरूको जमात पनि ठूलो छ । भावना पक्षको रक्षाका लागि प्रतीक रूप आवश्यक मानिएको छ । बुद्ध र काइष्ट मूर्तिपूजा विरोधी हुन् तर उनीहरूका मूर्तिहरू संसारमा निकै धेरै बनेका छन् । पैगम्बर मोहम्मदको मूर्ति त स्थापना गरिएको छैन तर उनको आराधनाका लागि ठुल्ठुला मस्जिदहरू बनेका छन् ।

दर्शनले कहीँ पनि हस्तपादादि रूप ईश्वरको दर्शन गर्न मिल्ने देख्दैन तर धार्मिक रूपमा उपासनाको आवश्यकता महसुस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएका बेला कालको पनि स्वरूप निर्धारण गरिएको पाइन्छ । साधकहरूमा पूजा आराधनाको प्रवृत्ति बसाल्न पनि मूर्तिपूजा आवश्यक छ । निराकारको पूजा, पाठ हुन नसक्ने भएकाले पनि पञ्चोपचार र षोडशोपचारले श्रद्धापूर्वक पूजा-आजा र स्तोत्र पाठ आदि गर्ने प्रतिमूर्ति आवश्यक हुन गयो ।

(साधकस्य तु रक्षार्थं तस्य रूपमिदं स्मृतम् ।)

भक्तको सजिलोका लागि ईश्वरको अवतार हुन्छ भन्नु नै परमेश्वरमा अनुग्रह र निग्रह–शक्ति छ भनी मान्नु हो । मूर्तिपूजा उपासनाको माध्यमलाई सरल पार्न गरिएको हुनुपर्छ ।

४.६. प्रत्यभिज्ञा-परिदर्शन

४.६.१ प्रत्यभिज्ञा

प्रत्यभिज्ञा–स्मृति अर्थात् सम्झनाको सहायताले हुने ज्ञान हो । कुनै ज्ञान वा विषय देखेर हुने स्मरण नै प्रत्यभिज्ञा हो । यो त्यस्तो अभेद ज्ञान हो, जसद्वारा ईश्वर र जीवात्मा एकै सम्झिइन्छ । कुनै व्यक्तिलाई अर्को व्यक्तिले कुनै वस्तु वा व्यक्तिलाई देखाएर 'यो उही वस्तु वा व्यक्ति त हो नि ! ' भनेर सम्झाउनु पनि प्रत्यभिज्ञा हो ।

प्रति अभिज्ञा अर्थात् कसैले आफ्नो परम प्रियलाई आफैँसँग रहँदा नचिनेकामा चिनाइदिँदा हुने नयाँ ज्ञान नै प्रत्यभिज्ञा हो ।

'म ईश्वर नै हुँ अर्को होइन' भन्ने किसिमको जुन साक्षात्कार छ, त्यही प्रत्यभिज्ञा हो । त्यही प्रत्यभिज्ञाले परमात्माको सिद्धि हुन्छ ।

परमेश्वरको स्पन्द (विस्तारविस्तारै चल्नु वा सञ्चालन हुनु)बाट नै यस सारा विश्वको आविर्भाव भएको हो । यसलाई 'प्रत्यभिज्ञा स्पन्दायात्रिक दर्शन' पनि भनिन्छ ।

पशु, पति, पाश यी तीनको विचार विमर्श गर्ने दर्शन पनि भनिएको छ प्रत्यभिज्ञालाई ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यभिज्ञा दर्शन भारतको काश्मिरमा धेरै फैलिएकाले यसलाई काश्मिरी दर्शनको मुख्य स्वरूपका रूपमा मानिन्छ । शिवले आफूबाट उत्पन्न शिवागमको द्वैतपरक व्याख्या भएको देखी अद्वैत सिद्धान्त रूप दिन यो दर्शनको आविर्भाव गरी दुर्वासा ऋषिलाई यसको प्रचारप्रसार गर्न आदेश भयो भन्ने कुरा तन्त्रालोकको टीकामा उल्लेख भएको पाइन्छ ।

दुर्वासाका मानसपुत्र त्र्यम्बकले अद्वैत मतको प्रचार गरे । यस दर्शनलाई त्रैयम्बक दर्शन भनिन्छ । विसं ९०७ मा जन्मिएका सोमानन्दपाद आचार्यले आफूलाई त्र्यम्बकभन्दा १९ पुस्ता मुनिका मानेका छन् । एक पुस्ता २५ वर्षको अनुपातमा मान्दा चारौं शतीतिर त्र्यम्बक भएको मानिन्छ ।

मूल प्रवर्तक आचार्य वसु गुप्त १८५७ तिरका हुन् । साक्षात् भगवान् श्रीकण्ठ (शिव) ले नै वसुगुप्तलाई स्वप्नमा निर्देशन दिएकाले उनले महादेव गिरिको एउटा विशाल शिलाखण्डमा लेखिएको शिवसूत्रको उद्धार र प्रचार गरी त्यही ७७ सूत्रलाई यस दर्शनको मूल आधार मानेर स्पन्दकारिका लेखी विस्तृत बनाए ।

४.६.२ अभिनवगुप्त र प्रत्यभिज्ञा दर्शन

अभिनवगुप्त (विसं १००७ देखि १०५७) काश्मीरमा महामहेश्वराचार्यको रूपमा प्रख्यात थिए । यिनको दर्शन र साहित्यमा प्रगाढ पाण्डित्य थियो । साहित्यमा 'अभिनष्ठमारही' र 'लोचन'ले यिनलाई चिनाउँछ । प्रत्यभिज्ञा–दर्शन र शैवतन्त्रमा यिनको स्थान अति उच्च मानिन्छ । 'ईश्वर–प्रंत्यभिज्ञा–विमर्शिणी', 'ईश्वर–प्रत्यभिज्ञा–विवृत्ति–विमर्शिणी', 'तन्त्रालोक', 'तन्त्रसार', ' मालिनी–विजय–वार्तिक', 'परमार्थसार', 'परात्रिंसिका–विवृत्ति' आदि कृतिले उनी संस्कृत वाङ्मयमा अमर भएका छन् । उनको 'तन्त्रालोक' तन्त्रशास्त्रको विश्वकोष भन्न लायकको ग्रन्थ छ ।

परमेश्वरको स्वरूपको विमर्श गर्दा प्रकाश, आनन्द र स्वातन्त्र्य यी तीन नै परमार्थता भनेर प्रत्यभिज्ञा–शास्त्रले प्रतिपादन गर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.६.३ प्रत्यभिज्ञाका केही उदाहरण

(१) गाउँघरको कुनै मानिस लामो समय विदेशमा बसेर आयो । त्यसको लवाइ, हिँडाइ, ठाँटबाँट आदि देख्ता गाउँकै एक मानिसले चिन्न सकेनन् तर अर्कोले चिनेर 'त्यो फलानो त हो नि, फलानोको छोरा, फलानो ठाउँमा घर भएको' भनेर चिनाएपछि ती नचिन्ने मानिसले पनि चिन्छन् र भन्छन् 'ए हो त नि !' त्यसरी प्रतिसन्धान (अवगत हुने) ज्ञान नै प्रत्यभिज्ञा हो ।

(२) परिपूर्ण र शक्तिशाली परमेश्वर छन् भन्ने कुरा शास्त्र अध्ययन, अनुभव र अनुमानले सिद्ध भएपछि आफ्नो अभिमुखीभूत जीवात्मामा ईश्वरको शक्ति प्रतिसंधान भएर त्यही ईश्वर नै म हुँ 'सैव ईश्वरोऽहम्' भन्ने ज्ञान उदाउँछ । यसका लागि 'प्रत्यभिज्ञा' परम आवश्यक हुन्छ ।

(३) हामीले अर्थ र क्रियाशक्ति दुई किसिमका छन् भन्ने बुझ्नुपर्छ । एउटा बाह्य क्रियाशक्ति वस्तुनिष्ठ छ । त्यसमा प्रत्यभिज्ञा अपेक्षित हुँदैन । प्रमातृ, विश्रान्ति, चमत्कार, सार, अन्तर क्रियाशक्तिमा भने प्रत्यभिज्ञाको आवश्यता हुन्छ । 'शिवोऽहम्' भन्ने चमत्कारपूर्ण परापरसिद्धि, लक्षण, जीवन्मुक्ति, विभूतियोगमयी अर्थक्रियामा ईश्वर–प्रत्यभिज्ञा अवश्य चाहिन्छ ।

(४) कल्पनातीत नायकको गुण–गरिमा सुनेर प्रीतिले कल्पेर, रातो दिन तड्पिएर बसेकी यौवनाको अगाडिबाट नै उनको प्रियतम गए पनि उनले नचिन्दासम्म उनको अभिलाषा पूरा हुन सक्तैन । जब उनकी सखीले बोलाएर उनका अगाडि नै खडा गराइदिंदा उनको हृदयमा आनन्दको उद्रेक कति हुन्छ कति त्यसको बयान गरेर नै साध्य हुँदैन । यसरी विचार गर्दा प्रीति जगत्मा पनि प्रत्यभिज्ञा आवश्यक हुन जान्छ ।

(५) गुरुवचन, अनुभव र तर्कद्वारा आत्मामा परमेश्वरको उत्कर्ष हृदयङ्गम हुन्छ । त्यस क्षणमा नै पूर्ण जीवनमुक्तिको पनि अनुभूति हुन सक्छ । त्यो ज्ञान दिलाउने चमत्कार प्रत्यभिज्ञाले मात्र गर्न सक्छ । त्यसैले प्रत्यभिज्ञालाई 'परापरसिद्धिप्रदायिनी' समेत भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(६) प्रत्यभिज्ञाशास्त्रमा स्मृतिशक्तिको आवश्यकता रहन्छ । स्मृतिको विनाशमा प्रत्यभिज्ञाको स्वरूप निर्धारण गर्नु असम्भवप्रायः हुन्छ ।

(७) जीवमा इच्छाशक्ति, ज्ञानशक्ति र कियाशक्ति हुन्छन् । पहिले इच्छा शक्ति चाहिन्छ, त्यसपछि ज्ञानशक्तिले ज्ञान प्राप्त गरेर अनि क्रियाशक्तिद्वारा कर्म गरिन्छ । सृष्टिको प्रक्रियामा नै 'एकोऽहं बहुस्याम्' यस्तो इच्छा शक्ति परमात्मामा प्रकट भएको शास्त्रमा उल्लेख भएको पाइन्छ ।

—o—

मुख्य सन्दर्भ ग्रन्थ र लेख

प्रा.चूडानाथ भट्टराय–पशुपति प्रत्यभिज्ञा–
काठमाडौँ, ने.रा.प्रतिष्ठान, विसं २०३५

कुलचन्द्र कोइराला, नेपालका आराध्यदेव भगवान् पशुपतिनाथ,
काठमाडौँ,ने.रा.प्र.प्रतिष्ठान विसं २०५१

डा गोविन्द टण्डन पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन,
झरेन्द्र शम्शेर ज.ब.रा.तथा श्रीमती मञ्जुराणा
महाराजगञ्ज, काठमाडौँ, विसं २०५३

लेख

डा जगमान गुरुङ–नेपालमा पाशुपत दर्शनको विकास : एक विवेचना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ५

आगम विद्या वा तन्त्रशास्त्र

पशुपतिनाथका बारेमा लेख्दा आगम वा तन्त्रशास्त्रका बारेमा केही पनि उल्लेख गरिएन भने त्यो अधुरो हुन्छ । पशुपतिनाथ आगम वा तन्त्रशास्त्रका पनि प्रथम प्रणेता हुनुहुन्छ । त्यसैले तन्त्रशास्त्र र यस अन्तर्गतका केही विषयलाई यहाँ उल्लेख गर्नु समीचिन हुन्छ ।

५.१ तन्त्रशास्त्र

'तन्त्र' शास्त्र हो । यसको अर्को नाम आगम विद्या हो । वेद, स्मृति, आगम र पुराणहरूबाट पुष्टि हुन्छ–समस्त विद्याहरू शिवबाट प्राणीहरूको कल्याणका खातिर अनुग्रहपूर्वक यस जगत्मा आविर्भूत भएका हुन् । त्यसैले शिव स्वयं गुरुपदमा रहनुभएर आफ्नी अभिन्नशक्ति पार्वतीलाई शिष्यापदमा राखेर संसारको कल्याणका लागि उपदेश गर्नुभएको साधनात्मक शास्त्र नै आगम वा तन्त्रशास्त्र हो ।

(आगतं शिववक्त्रेभ्यो गतं च गिरिजामुखम् ।
मतं च वासुदेवस्य तस्मादागममुच्यते ॥)

५.२ आगम विद्या

'आगम' भन्नाले कुनै देवीदेवताको उपासना गर्ने विद्या भन्ने बुझिन्छ । आगम विद्याको अर्को नाम तन्त्रशास्त्र पनि हो । सृष्टि, प्रलय, देवताहरूको पूजा-अर्चना, मन्त्रहरूको साधना, पुरश्चरणविधि, षट्कर्म (मारण, मोहन, स्तम्भन, उच्चाटन, विद्वेषण र वशीकरण यी छ अभिचारकर्म) का साधन, ध्यानयोग (हठयोग, मन्त्रयोग, राजयोग र लययोग) का उपाय र प्रक्रिया बताउने शास्त्र आगम हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.३. तन्त्र र आगम

तन्त्र र आगम दुवै शास्त्र हुन् । शिवको मुखारविन्दबाट निस्किएको र पार्वतीले शिष्या रूपमा बसेर सुन्नुभएको विद्या नै आगम वा तन्त्र विद्या हो । यो साधना शास्त्र हो । यसमा साधनाका धेरै उपाय बताइएका छन् । सृष्टि र प्रलयका, देवताको उपासना र उपासना पद्धति, षट्कर्म, लोकव्यवहारका कुरा मात्र होइन मनुष्यका निम्ति जन्मदेखि मृत्युसम्मका अत्यन्त महत्त्वपूर्ण कुरा आगमशास्त्रमा छन् । धर्म, अर्थ, काम र मोक्षका अति महत्त्वपूर्ण कुरा यस शास्त्रमा छन् । यसमा धेरै जीवनोपयोगी विषय छन् । जसले यसमा लेखिएका कुराहरूको अभ्यास गर्छ, उसको धेरैतिरबाट रक्षा हुन्छ र जीवनलाई सही बाटो देखाउने वरत्र र परत्रमा समेत काम लाग्ने साधना गर्न जान्दछ ।

५.४ आगम र तन्त्रमा विशेष फरक

आगमको अर्थ पनि तन्त्रको जस्तै शास्त्र भन्ने नै हुन्छ । जसबाट अभ्युदय (लोककल्याण) र निःश्रेयस (मोक्ष) समेत प्राप्त हुन सक्छ, त्यही नै तन्त्र वा आगम हो । तन्त्र पशुपतिनाथकै मुखारविन्दबाट निसृत भएको हो । त्यसैले यी दुवै पाशुपत शास्त्र नै हुन् । यी दुईमा विशेष फरक के छ भने आगम शिव र शक्तिको ज्ञान र अर्चनालाई लिएर अघि बढ्छ भने तन्त्रमा शिव र शक्तिका साथै विष्णु, सूर्य, गणेश आदि देवताहरूको ज्ञान र अर्चनाका साथै सृष्टि प्रक्रियादेखि मोक्षसम्मका कुराहरूमा विचार भएको पाइन्छ । जे भए पनि यी दुवै शिवशास्त्र नै हुन् ।

५.५ उद्देश्य र प्रयोजन

धर्म, अर्थ, काम र मोक्षको सहज मार्ग सिकाउनु वा बताउनु नै तन्त्र शास्त्रको प्रयोजन हो । मुख्य रूपमा ब्रह्म ज्ञान, ब्रह्म प्राप्त गर्ने उपाय र त्यसका बाटाहरू तन्त्रशास्त्रले बताउँछ । अरू कुनै शास्त्र भोग मात्र सिकाउने हुन्छन् भने कुनै मोक्षको कुरा मात्र बताउने खालका हुन्छन् । तन्त्रशास्त्र भने त्यस्तो छ, जसमा भोग र मोक्ष दुवै बताइएको छ । मुख्य रूपमा योगद्वारा भोग र मोक्षको सहज र सरल मार्ग यसमा बताइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.६ तन्त्र साधनाका अधिकारी

गुरु, देवता र शास्त्रमा जसको श्रद्धा छ, जसको मन पवित्र छ, जो अरूको दोष देख्दैन, जिज्ञासु छ र स्वस्थ छ, जो गुरु वाक्यमा विश्वास गर्छ, कसैप्रति द्वेषभाव राख्दैन, कुनै प्रकारको लोभ गर्दैन, त्यस्तो व्यक्ति तन्त्र साधनाको अधिकारी हुन्छ । त्यस्तै ब्रह्माको रूपमा सृष्टि गर्ने, विष्णुका रूपमा जगत्‌को पालना गर्ने अनि शिवका रूपमा संहार गर्ने उनै परब्रह्म परमेश्वर हुन् भन्ने कुरामा विश्वास गर्ने आध्यात्मिक भावना भएको व्यक्ति नै तन्त्रशास्त्रका अधिकारी हुन्छन् । त्यस्ता व्यक्ति नै साधनामा सफल हुन्छन् । 'यस दुनियाँका भोग र सुखसुविधा मेरा लागि मात्र बनेका हुन् र यिनलाई भोग्ने हकदार म मात्र हुँ । म जे सोच्तछु, जे भन्छु त्यो नै सही हो, अरूका सबै कुरा गलत हुन्, म मात्र ठीक हुँ र अरू सबै बेठीक हुन्' भन्ने भावना लिने व्यक्ति, गुरूलाई सामान्य मानिस मात्र मान्ने, अतिमहिमामय मन्त्रलाई अक्षर मात्र ठान्ने अनि मनमा नकारात्मक भावना मात्र लिएर हिंड्ने, आफ्नो मात्र फाइदा हेर्ने र अरूको कुभलो चिताउने नकारात्मक सोच भएको व्यक्ति जीवनमा कहिल्यै सफल हुन सक्तैन । त्यस्तो व्यक्ति धर्म, योग र मोक्ष मार्गमा सफल हुने त कुरै हुँदैन । अरूको डाढो गर्ने व्यक्ति जतिसुकै धनी र सम्पन्न भए पनि सुखी हुन सक्तैन र शान्तिको अनुभव गर्न पाउँदैन ।

नकारात्मक भावना भएको व्यक्तिले जतिसुकै तन्त्रको साधना गरे पनि सफल हुन सक्तैन । परमेश्वर जगत्‌को हित चिताउने व्यक्तिलाई नै बढी रूचाउँछन् । दुनियाँलाई देखाउन र आफ्नो बडप्पन प्रचार गर्न मात्र जो साधना गर्न खोज्छ त्यस्ता व्यक्तिको साधनाले त फाइदाभन्दा बेफाइदा र हितभन्दा बढी बेहित पो हुन्छ । त्यस्तो व्यक्ति त तन्त्र वा आगम साधनाको अधिकारी हुन सक्तैन ।

५.७ तन्त्र वा आगमको महत्त्व

तन्त्र शास्त्रमा भनिएको छः सत्ययुगमा वेद, त्रेतायुगमा स्मृतिशास्त्र, द्वापर युगमा पुराण र कलियुगमा तन्त्र वा आगम शास्त्रको ज्यादै ठूलो महत्त्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । तन्त्रको राम्ररी अध्ययन गरी त्यसको अभ्यास गऱ्यो भने त्यसबाट अरू धर्मकार्यबाट भन्दा छिटो र बढी लाभ पाउन सकिन्छ । शिवको मुखारविन्दबाट निस्किएकाले आगम अत्यन्तै हितकारी छ । यस लोक र परलोक दुवैमा हित हुने, प्रमाणसिद्ध, सृष्टि, स्थिति, प्रलय देवीदेवताका पूजाप्रक्रिया, सबै साधनाप्रणाली, पुरश्चरण विधि-विधान, षट्कर्म साधन (मारण, मोहन, उच्चाटन, वशीकरण, विद्वेषण र स्तम्भन) र चार प्रकारका योग (हठ, राज, मन्त्र र लय)को समग्र वर्णन भएको यो आगम विद्या अति नै महत्त्वपूर्ण छ । लोककल्याण र मोक्षका उपाय बताउने विद्या भएकाले यसबाट धर्म, अर्थ, काम, मोक्ष चारै पुरुषार्थ प्राप्त गर्न सकिन्छ । यसको एकचित्त भएर साधना गर्दा यस लोकमा अभूतपूर्व भौतिक भोगैश्वर्यका साथ आध्यात्मिक रूपमा परमानन्द-परब्रह्मलाई समेत साक्षात्कार गर्न सकिन्छ । कतिपय मानिसहरूले तन्त्र भनेको के हो भन्ने नबुझेरै निन्दा गरेको पनि सुनिन्छ । 'तन्त्र' भनेको झारफुक हो वा टुनामुना लगाउने कुरा हो' भन्ने पनि छन् । यो सत्य होइन । कसै कसैले तन्त्रको गलत प्रयोग गरी अरूको अनिष्ट चिताएर कसैको बेहित हुने कुरा गऱ्यो भने त्यो आफैँ नाश भएर जान्छ । अरू धार्मिक क्रियाकलापले मानिसहरूलाई भोग एवं भौतिक सुख दिन्छ भने तन्त्रशास्त्रले यसको विधिपूर्वक साधना गरेमा भोग र मोक्ष दुबै दिन्छ । गुरु र मन्त्रलाई एउटै मानेर र शास्त्रमा वर्णित एक एक शब्दलाई ब्रह्म ठानेर साधना गर्दा प्राप्त नहुने केही पनि छैन ।

५.८ परा पश्यन्ती, मध्यमा र वैखरी

परशिवबाट शब्दको प्रादुर्भाव

(१) परा : यो ज्ञानको अवस्था वा बोध अवस्था हो । बोधको अवस्थामा शब्द र अर्थको नितान्त अभाव हुन्छ । शब्द बेग्लै हो र त्यसको अर्थ बेग्लै हो । ज्ञानको पूर्वावस्थामा शब्द र अर्थ दुबैको अभाव हुन्छ । शिवको चैतन्य स्वरूपमा यस्तो हुने गर्छ । यही परा अवस्था हो । यो परानाद समताको कारणले जान्न कठिन हुन्छ । सृष्टि हुनुभन्दा पहिले आकाशरूप परशिवबाट शब्दको प्रादुर्भाव भएको, शब्दबाट अक्षर र अक्षरबाट शब्दराशि उत्पन्न भएको मानिन्छ । शिवले नै आफ्ना पाँच मुखबाट विविध ज्ञान र शास्त्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपदेश गरे । ती शास्त्रहरू सर्वप्रथम परावाक्‌मा नै संम्पूर्ण भावहरूका रूपमा रहे । त्यसैले यही परा नै संपूर्ण शास्त्रहरूको मूल हो । एउटा सानो बीजमा विशाल वृक्ष लुकेर बसेझैं समस्त शास्त्रहरू यही परामा अन्तर्निहित छन् । .शिव ज्ञानका निधि हुनुहुन्छ । शिव र शक्तिको अभिन्न रूप हो परा । त्यसैले पार्वती वाक् र शिव अर्थ रूपमा हुनुहुन्छ । परावाक् शिव र पार्वतीको वा शब्द र अर्थको अभिन्न रूप हो, त्यो मूलाधारमा रहेको हुन्छ । यो आकाशस्वरूपिणी परा वाणी अत्यन्त सूक्ष्मरूपमा मूलधारबाट उठेर नादरूपबाट नाइटोसम्म व्याप्त हुन्छ । यसरी अत्यन्त सूक्ष्मरूप हुँदा जान्न नसकिने भनिएको छ र यसको कुनै प्रकारबाट पनि वर्णन हुन सक्तैन ।

(२) पश्यन्ती : वाक् र अर्थ अलग भएको अवस्था पश्यन्ती हो । सृष्टिका बखत उत्पन्न 'म' नै अर्थात् अहंताले भरिएको अवस्था नै पश्यन्ती हो । शङ्करको मनमा 'जगत्‌को कल्याण गरौं' भन्ने भावना आउँदा उत्पन्न हुने कम्पन र उन्मेषको अवस्था नै पश्यन्ती अवस्था हो । जब यो हृदयमा पुग्छ तव यसलाई योगीहरूले देख्ने हुँदा पश्यन्ती भनिन्छ । मूलाधारबाट पहिले उत्पन्न हुने यो नाद रूपमा हुन्छ ।

(३) मध्यमा : वाच्य–वाचकभावको स्फुरण भित्रभित्रै हुनु मध्यमा हो । शिवले आफूमा भएको तत्त्व निकाल्नुभयो । त्यसलाई शक्ति भनियो । शक्ति शिवकै अवस्था हो । माया र मायीमा भेद छैन । शक्ति र शक्तिमान्‌मा भेद छैन । स्वरूप एउटै हो । तर अवस्था भिन्दाभिन्दै छन् । यसलाई मध्यमा अवस्था भनिन्छ । जब यो बुद्धिले जान्न सकिने भएर हृदयबीचमा रहन्छ, मध्यमा भनिन्छ ।

(४) वैखरी : ज्ञानको वाच्य–वाचक रूपमा विश्वमा प्रस्फुटन वैखरी अवस्था हो । अर्को शब्दमा उपदेशहरूलाई बाहिर प्रसार गर्ने अवस्था वैखरी अवस्था हो । यो मुखमा पुगेर तालु, ओठबाट बोली भई निस्कन्छ र वैखरी बन्छ ।

५.९ परा, पश्यन्ती, मध्यमा र वैखरीको सारसङ्क्षेप

जब अत्यन्त सूक्ष्मरूप परा वाणी नाइटोबाट उठेर हृदयमा पुग्छ, तब

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योगीहरूले देख्न सकिने भएकाले त्यस अवस्थालाई पश्यन्ती भनिन्छ । जब यो बुद्धिरूपमा व्याप्त भएर 'अब मैले यसलाई यसप्रकार बोल्छु' यस्तो सोचिन्छ, तब त्यस बखत मध्यमस्थितिमा हुने हुँदा मध्यमा भनिन्छ । जब यो मध्यम स्थितिबाट माथि उठेर बोलीको रूपमा कण्ठ, तालु र ओठ आदिबाट स्पष्टरूपले बोलिन्छ तब वैखरी कहलाउँछ । (योगतत्त्वाङ्क) ।

कुण्डलिनीलाई मूलाधारबाट उठाएर सुषुम्णाको बाटोबाट लगेर हृदयमा रहेको आत्माका साथ मिलाएर घाँटीको बाटो शिरमा रहेको सहस्रारविन्दुमा परमशिव परमात्मासँग जोड्दा अमृत चुहिन्छ , जसको पान गर्दा साधकलाई अमरत्व प्राप्त हुन्छ र परावाणीको रहस्य पनि बुझिन्छ ।

(मूलधारात् कुण्डलिनीमुत्थाप्य सुषुम्णा मार्गेण हृदयस्थ जीवात्मना सह संयोज्य, कण्ठदेशेन मस्तकान्तः स्थिते सहस्रकमले परमशिवे (परब्रह्मणि) संयोजयेत् । तदैवामृतक्षरणं जायते । (तन्त्रसार ।)

५.१० तन्त्रको सङ्ख्या र प्रमुख तन्त्र

तत्त्व त वास्तवमा एउटै छ त्यो हो परब्रह्म । अरू सबै त्यही परब्रह्मकै स्वरूप हुन् । देवताहरू जति पनि छन् ती सबैको तत्त्व एकै हो । तात्त्विक दृष्टिले हेर्दा देवता र ब्रह्ममा भिन्नता छैन । साधना जे गरिन्छ, त्यो ब्रह्मकै साधना हो भने सबैको प्राप्तिको विषय ब्रह्म र मोक्ष नै हो । गहिरिएर हेर्दा थाहा पाइन्छ –शिव नै सबै देवता हुन्, सबै देवता नै शिव हुन् । उपासना पनि एउटै हो ब्रह्मको उपासना । तत्त्वका दृष्टिले हेर्दा तन्त्रशास्त्र ब्रह्मशास्त्र नै हो र ब्रह्मबाट प्राप्त शास्त्र नै सबैको हितकारी छ । अतः तन्त्रको सङ्ख्या जेजति भए पनि मुख्य एक तन्त्र छ शिवतन्त्र । सर्वप्रथम शिवले तन्त्रलाई जन्म दिनुभयो । त्यो नै मूल तन्त्र हो, त्यही शिवशास्त्र हो । त्यसैले शिव नै सबै तन्त्र वा आगमका मालिक हुनुहुन्छ । उहाँलाई जान्न सकियो भने दुनियाँमा जान्नु पर्ने अरू बाँकी रहँदैन, बुझ्नुपर्ने र पढ्नुपर्ने कुनै शास्त्र अवशेष हुँदैन । तैपनि लौकिक दृष्टिले हेर्दा देवता अनेक छन् र अनेक भएपछि तन्त्र पनि अनेक हुनु स्वाभाविक हो । तिनको विस्तार कल्पकल्पमा ब्रह्मा र ऋषि-मुनिहरूले गर्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आएका छन् । आजसम्म आउँदा तन्त्र कति होलान् ? किटेर भन्न र जान्न कसैले पनि सक्तैन । यसको यथार्थ विवरण त शिव नै जान्नुहोला ।

सुनिएअनुसारका विभिन्न तन्त्रको सङ्ख्या

वैष्णव तन्त्र	६ हजार
शैव तन्त्र	१० हजार
शाक्त तन्त्र	१ लाख
गणेश तन्त्र	६ हजार
सूर्य तन्त्र	१२ हजार
भैरव तन्त्र	७ हजार
यक्ष र भूतादि तन्त्र	२ हजार

५.११ तन्त्रका प्रकार

तन्त्र मुख्य तीन प्रकारका छन् :

(१) सत्वगुणी तन्त्र : सत्वगुणी तन्त्र विशेष गरी मोक्षको बाटो देखाउने हुन्छ । यसले कुनै नोक्सान गर्दैन र सुख दिन्छ । यस तन्त्रले मन र देहलाई पवित्र पार्छ, परमेश्वरप्रति भक्ति र श्रद्धा जगाउँछ र पवित्रता बढाउँछ । यस तन्त्रको साधना गर्नाले विभिन्न किसिमका मायामोह आदिबाट छुट्कारा पाई मोक्षसमेत पाउन सकिन्छ । सबैप्रति सद्भाव, समभाव राख्ने मतिको विकास गर्छ यस तन्त्रले । दक्षिण, समय, अनुत्तम, वरामत, अवधूत, कौलिक गरी छ सात्विक तन्त्रका उदाहरण हुन् ।

(२) रजोगुणी तन्त्र : यसमा भोगका सारा कुरा हुन्छन् । यस तन्त्रमा लाग्नेले कहिले राम्रो मति गर्छ, त्यस बेला उसले सुख पाउँछ । कहिले नराम्रो मतिमा लाग्न सक्छ । त्यस्तो अवस्थामा उसले दुःख पाउँछ । पूर्वकौल, मिश्रक, चामुण्ड, पीतवासस, शाक्त, शुद्ध शाक्त ६ राजस तन्त्र हुन् ।

(३) तमोगुणी तन्त्र : अरूलाई दुःख दिने र अरूको नोक्सान गरेर रमाउने खालको तन्त्र तमोगुणी तन्त्र हो । अपवित्र भोजन (मासु, मदिरा आदि)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेवन गर्नु, दुष्कर्म गर्नु, अरूलाई दुःख दिनु, अरूको कुभलो चिताएर दुष्कर्म गर्नु आदि तमोगुणी तन्त्रका लक्षण हुन् ।

दैगम्बर, वामन, कापाल, क्षपण, अघोर, वामकेश, नग्निकामत, कालक, वार्धुष गरी नौ तमोगुणी तन्त्र हुन् ।

५.१२ आगमको प्राचीनता

आगमको प्राचीनता शास्त्रीय र आधुनिकता दुबै दृष्टिले सिद्ध गरिएको छ । शास्त्रीय दृष्टिले अवलोकन गर्दा आगमका उल्लिखित शिव ज्ञानको स्रोत वेद नै हुन् । यसरी नै उपनिषद्मा शिव ज्ञानको मूल फेला पर्छ भने पुराण महाभारतादि इतिहासमा पनि शिवज्ञानको वर्णन हामी पाउँछौँ ।

यसको परम्परा केलाउँदा शिवले दुर्वासालाई, दुर्वासाले त्र्यम्बकादित्यलाई, उनले त्र्यम्बकलाई र उनले आफ्ना चौध मानसपुत्रलाई, त्यसपछि अनेकौं ऋषि, मुनि, दार्शनिक हुँदै यो ज्ञान आजसम्म आइपुगेको छ ।

५.१३ शैव-तन्त्रको प्रतिपाद्य विषय

शैव-तन्त्रको प्रतिपाद्य विषय पति, पशु र पाशका बारेमा स्पष्ट जानकारी गराई पशुलाई पाशबाट मुक्त गराउनु नै हो ।

पति, पशु र पाश

(१) पति

यहाँ 'पति' भनेर परमेश्वरलाई भनिएको हो । उहाँ शिव अर्थात् पशुपतिनाथ हुनुहुन्छ । वेदमा पशु भनेका गाई, घोडा र भेडा आदि मात्र नभएर मनुष्य पनि हुन् भनिएको छ । तिनलाई घृणा, शङ्का, डर, लाज, ईर्ष्या आदि पाशाहरू र आणव, कार्म, माया नामका मलरूपी पाशाबाट मुक्त गराउन सक्ने सर्वशक्तिमान् हुनुहुन्छ पशुपतिनाथ । त्यसैले उहाँ ती सबैका पति हुनुहुन्छ । अझ उहाँ यस चराचर जगत्का मात्र होइन कि चतुर्दश कोटी ब्रह्माण्डका पनि परमाधिपति हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तन्त्रशास्त्रमा शिवलाई परभन्दा पनि परका परब्रह्म मानिएको छ । उहाँ गुणातीत हुनुहुन्छ अर्थात् सत्व, रज र तम गुणभन्दा माथि हुनुहुन्छ । उहाँलाई यी गुणहरूले छुन सक्तैनन् । चाहनुभए मात्र उहाँमा गुण देखिन्छन् होइन भने त उहाँ निर्गुण हुनुहन्छ । उहाँको वास्तविक अवस्था 'निराकार' हो । त्यसैले उहाँलाई 'निराकार निरञ्जन' भनिएको छ । संसारमा मायाको नाटक खेल्दा-खेलाउँदा र विश्वकल्याणका खातिर उहाँ सगुण र साकार बन्नुहुन्छ । शिवको प्रकाशक पनि अरू कोही छैन । उहाँ 'स्वयंप्रकाश' हुनुहुन्छ ।

उहाँ कणकणमा व्याप्त हुनुहुन्छ । यस जगत्मा मात्र होइन कि चतुर्दश कोटी ब्रह्माण्डमा उहाँ नभएको ठाउँ छैन । सृष्टि, स्थिति र संहार गर्ने पनि पशुपतिनाथ नै हुनुहुन्छ । प्रलय गराएर सबै आफूमा लीन गराउनुहुन्छ र फेरि सृष्टिको अनुग्रह गरेर रमाइलो दुनियाँ बसाउनुहुन्छ सदाशिव ।

यसप्रकार पञ्चकृत्यकारित्व–अर्थात् सृष्टि, स्थिति, संहार, तिरोधान (नदेखिनु, लुक्नु र लुकाउनु) र अनुग्रह पाँच प्रकारका अलौकिक र असाधारण कर्म गर्ने परमपति हुनुहुन्छ शिव । शिव अज अर्थात् अजन्मा हुनुहुन्छ भने अव्यय पनि हुनुहुन्छ । अरू प्राणीजस्तो एक दिन सकिएर जाने होइन । उहाँ निराश्रित हुनुहुन्छ । यस जगत्को आधार उहाँ हुनुहुन्छ ।

शिव अनादि हुनुहुन्छ । उहाँ कहिलेदेखि हुनुहुन्छ त्यो कसैले भन्न सक्तैन । सृष्टि, पालन र संहार वा प्रलयका बेला पनि उहाँ नित्य निरन्तर हुनुहुन्छ । अनादि शिवको 'निर्गुण' तत्त्व रूप हो भने 'सगुण' विश्वकारण रूप हो । चराचर जगत्का सम्पूर्ण ज्ञान र विज्ञानको निधि शिव नै हुनुहुन्छ । उहाँकै मुखारविन्दबाट निस्किएका हुन् वेदादि शास्त्र । तन्त्रशास्त्र शिवले नै बनाउनुभएको हो ।

शिवका अनेकौं मूर्ति देखिन्छन्. । सबैभन्त्दा महत्त्वपूर्ण छ लिङ्गमूर्ति । सृष्टि, पालन र संहार लिङ्गमूर्तिबाट नै गर्नुहुन्छ शिव । त्यसैले शिवको लिङ्ग नै प्रख्यात छ । लिङ्गमूर्तिमा सद्योजात, वामदेव, अघोर, तत्पुरूष मुखहरू चार

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिशामा छन् भने उर्ध्वमा ईशान र अधमा कालाग्नि रुद्र हुनुहुन्छ । ती प्रत्येक वक्त्र भिन्नभिन्न शक्तियुक्त छन् ।

पशुपतिनाथ साधकले जस्तो चाहन्छ, त्यस्तै रूप धारण गरेर भुक्ति-मुक्ति दिनुहुन्छ । त्यसैले जुनसुकै पशुहरूलाई मल-मायादिका बन्धनबाट छुटाएर परम दुर्लभ मोक्ष समेत दिनसक्ने उहाँ मात्र हुनुहुन्छ ।

(२) पशु

जो मलमायामा डुबेर बसेका वा सांसारिक बन्धनमा जकडिएका छन्, ती सबै पशु हुन् । यसरी विचार गर्दा जगत्को भोग विलासका साधनमा एवं काम, क्रोध, लोभ, मोह, मद मात्सर्यका, अधीनमा रहेको मनुष्य पनि पशु हो । शिवपुराणमा त 'ब्रह्मादेखि स्थावरसम्मका सबै प्राणी पशु हुन्' भनी ब्रह्मालाई समेत पशुकै कोटीमा राखिएको छ । त्यसैले गोठ वा खोरमा दाम्लोले बाँधिएका वा थुनिएका र जङ्गली पशुक्षछी मात्र होइन कि मनुष्य पनि पशु हो । शरीर, जीव र परमात्माको तुलनात्मक अध्ययनले पनि पशु बोध गर्न सहज हुन्छ । शरीर जुन छ, त्यसले आत्मालाई देख्दैन । आत्मा जुन छ, त्यसले शरीरलाई देख्छ तर शरीर र आत्माले परमात्मालाई देख्न सक्तैनन् । परमाात्माले भने शरीर र आत्मा दुबैलाई देख्न सक्छन् । पशु र मनुष्यहरू त के ब्रह्मा पनि ती परमात्मालाई नदेखुञ्ज्याल पशुत्वबाट मुक्त हुन सक्तैनन् ।

(३) पाशा

पाशा वा बन्धन धेरै हुन्छन् र चारैतिर हुन्छन् । तन्त्र वा आगममा मानिसका आठ प्रकारका पाशाको उल्लेख गरिएको छ : घृणा, शङ्का, डर, लाज, ईर्ष्या, कुल, शील र जाति । अनात्मालाई आत्मा र आत्मालाई शरीर भनिठान्नु पनि अर्को अज्ञानपाशो हो । आणव, कार्म, माया नामका मलहरू पनि पाशो हुन् । पशुत्व पनि पाशो हो । मोह, मद, राग, विषाद, शोष, वैचित्र्य र हर्ष यी सात मलका कार्य हुन् । जसमा यी सात पाइन्छन् ती बद्ध र जसमा यी पाइँदैनन्, ती मुक्त जीव कहिन्छन् । पाँच ज्ञानेन्द्रिय,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँच कर्मेन्द्रिय, पञ्च महाभूत, पञ्च प्राण, मन, बुद्धि, चित्त, अहङ्कार र मायाद्वारा सिर्जना गरिने गुणहरू नै जीवलाई बाँध्ने पाशाहरू हुन् ।

(४) मुक्तिका उपाय

अज्ञानरूपी पाशोबाट मुक्त गर्ने शास्त्र हो । त्यो शास्त्र पशुपतिको अनुकम्पाबाट प्राप्त हुन्छ । उहाँकै अनुकम्पाबाट तन्त्रशास्त्रमा जीवले ध्यान दिन सक्छ र त्यसको साधनाबाट पाशोबाट मुक्त हुन्छ । कर्म बन्धनले बाँधिएको जीवलाई मुक्त गर्न शिवको अनुकम्पा मात्र समर्थ छ ।

माहेश्वरी शक्तिद्वारा शिवले जीवलाई मूलैदेखि मुक्त गर्नुहन्छ । रोधिनी शक्तिले छोपेर जीवलाई शिवानन्द प्राप्त गर्नबाट रोकिराखेको हुन्छ । त्यसको अवरोध हटाएर जीवलाई मुक्त गर्न सदाशिव समर्थ हुनुहुन्छ ।

यी बन्धनहरू शिवको अनुकम्पाले नै छुट्छन् । अनि त्यसपछि जीव निर्मल हुन सक्छ । यो भवसागरबाट उम्कने एउटै उपाय छ र त्यो हो शिवको अनुग्रह । त्यो शिवको कृपा प्राप्त गर्न उहाँले नै बताउनुभएको तन्त्रशास्त्रको साधना गर्नुपर्छ । तन्त्रले बताएअनुसारको साधना गरेर नै हामी शिवलाई प्रसन्न पार्न सक्छौं, अभ्युदय (शुभलाभ) प्राप्त गर्न सक्छौं र मोक्षसमेत भेट्न सक्छौं । पाशाहरूबाट छुट्न तन्त्रले बताएअनुसार वा गुरूले उपदेश गर्नुभएअनुसारका साधना र क्रियाकलाप गर्नुपर्छ ।

५.१४ तन्त्र र यसका विविध पक्ष

'तन्त्र' शब्दको मुख्य अर्थ हो शास्त्र । शास्त्र भनेको त्यो विद्या हो जसबाट हाम्रो ज्ञानको विस्तार हुन्छ । शास्त्रले हाम्रो ज्ञान मात्र बढाउँदैन हामीलाई विभिन्न विपत्तिबाट बचाउँछ र सुरक्षित गर्छ । शास्त्र वास्तवमा त्यो हो, जसबाट धर्म, अर्थ, काम र मोक्ष समेत प्राप्त गर्न सकिन्छ । शास्त्र अनन्त छन् । ज्ञान, विज्ञान, दर्शन आदि जीवनका पाइलापाइलामा काम लाग्ने विद्या शास्त्र हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो समाजमा भने तन्त्र भन्नासाथ मन्त्र, किलक, कवच, टुनामुनासँग सम्बन्धित साहित्य, रहस्यमय एवं चमत्कारपूर्ण कुराहरूको बोध गराउने पुस्तक, देवी, भैरव आदिको पूजाआजा गर्ने विधि-विधान भन्ने अर्थमा मात्र लिने गरिएको छ । वास्तवमा तन्त्रशास्त्र ती कुराको ज्ञान दिने शास्त्र मात्र नभएर जीवनलाई सही मार्गमा हिडाउन आवश्यक थुप्रै ज्ञान दिने, जीवनको सामान्य आस्तिक अनुशासनदेखि परमसुख, परमानन्द परब्रह्म प्राप्तिका सहज मार्गदर्शक ग्रन्थ वा शास्त्र पनि हो ।

(१) हाम्रो. देशमा तन्त्रको महत्त्वपूर्ण स्थान रहँदै आएको छ । हाम्रा चाड–पर्व, रीतिरिवाज, देवीदेवताको पूजाआजा अनि हाम्रा कलाहरूमा तन्त्रले अहं भूमिका खेल्दै आएको छ ।

(२) आ– शिवले स्वयं गुरु भएर उपदेश गर्नुभएको र ग– पार्वतीले स्वयं शिष्या भएर ग्रहण गर्नुभएको अनि म– विष्णुले समेत स्वीकार गर्नुभएको विद्या नै आगम वा तन्त्र हो ।

(३) तन्त्रशास्त्रभित्र सृष्टि, प्रलय, देवताहरूको पूजा गर्ने प्रक्रिया, मन्त्र सिद्धगर्ने उपाय, पुरश्चरण विधान, शान्ति, षट्कर्म साधन, ध्यान, योग, मानवकर्तव्य र अकर्तव्यको विवेचना गरिएको हुन्छ ।

(४) पशुपतिनाथका पाँच मुख–सद्योजात (शक्ति–कुब्जेश्वरी), वामदेव (शक्ति–सिद्धेश्वरी वा गुह्येश्वरी), तत्पुरुष (शक्ति–पूर्णेश्वरी), अघोर (शक्ति–निशेश्वरी) माथि इशाान (शक्ति–कामेश्वरी) तल कालाग्नि रुद्र (शक्ति–बज्रेश्वरी अथवा तारा) छन् । शिवका यिनै मुखबाट दश शैव आगम, अठार भैरव आगम र चौसट्ठी तन्त्रहरूको उपदेश भएको मानिएको छ ।

(५) विश्व ब्रह्माण्डको सृष्टिस्तम्भका मुख्य दुई आधार छन्– ब्रह्म र माया । यी दुवैको परिणाम हो यो चराचर जगत् । शक्ति स्वयं यो संसार हो र शक्तिमान् महादेव ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.१५ तन्त्रको प्रयोग

(१) तन्त्र एउटा शास्त्र हो । यसका विभिन्न शाखा–प्रशाखा छन् । प्रत्येक शाखा–प्रशाखामा लाखौं श्लोक छन् । तिनको निर्माण कहिले र कसरी भयो होला, जानिनसक्नु र बुझ्निनसक्नु विषय छ ।

(२) यसको प्रयोग र साधना मानिसहरूले आफ्ना विभिन्न किसिमका दुःखनिवारणका लागि र इच्छापूर्तिका लागि गर्छन् ।

(३) तन्त्रमा राम्रा कुरा धेरै छन् र केही नराम्रा पनि छन् । नराम्रा कुरालाई पनि राम्रै कार्यका निम्ति प्रयोग गर्नुपर्छ । जस्तै मारण, मोहन, उच्चाटन, स्तम्भन, वशीकरण, विद्वेषण जस्ता विद्याको प्रयोग बहुजन हिताय बहुजन सुखाय हुनुपर्छ ।

(४) उक्त विद्यामध्येको मारण भनेको कसैलाई मार्ने भनेको होइन । हाम्रो हृदयमा भएको काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य मार्ने भनिएको हो । अरू कसैको खराब चिताइएको छ वा कसैको हिंसा गर्ने इच्छा मनमा आएको छ भने त्यसप्रकारको खराब इच्छालाई मार्ने हो । तर त्यसको विपरीत गरियो भने त्यो विद्याको दोष हुँदैन । हातमा भएको कर्द तरकारी र फलफूल काट्न प्रयोग गर्न सकिन्छ र कसैको अनिष्ट हुने दुष्कार्यमा पनि । त्यस्तै हो मारण पनि । विज्ञानले मानवको हितका लागि धेरै कुरा आविष्कार गरेको छ तर विज्ञानका आविष्कारलाई राम्रा काममा प्रयोग नगरेर नराम्रा काममा वा मानवको अहित हुने कुरामा प्रयोग गरियो भने त्यो विज्ञान वा विज्ञानका आविष्कारकको दोष कदापि मान्न सकिंदैन ।

(५) तन्त्रशास्त्रमा पनि राम्रा कुराहरू मानवको हितका लागि नै शिवबाट आविष्कार भएको हो । तान्त्रिक ज्ञानले मानवलाई जरा, व्याधि, जन्म, मृत्यु आदिको चक्करबाट छुट्कारा दिलाई मोक्षसम्म पुऱ्याउँछ ।

(६) पूर्वीय दर्शनले आत्मतत्त्वको ज्ञानलाई सर्वोपरि महत्त्व दिएको छ । सम्पूर्ण उपनिषद्हरू भन्छन् 'आत्मतत्त्व नै सबैभन्दा ठूलो कुरा हो, जान्नुपर्ने विषय हो । वरत्र परत्र अत्यन्तै काम लाग्ने विषय परमात्मा र परब्रह्मको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान नै हो । चिन्न सक्नुपर्ने विषय ईश्वर हो ।" तन्त्रशास्त्रीहरूको के जिकिर छ भने 'वेदान्त, वेद, विद्याहरूले परब्रह्म, परमात्मा, परमेश्वर जस्ता कुरा भन्न सिकाउँछन् भने तन्त्रले ब्रह्म नै हुन सिकाउँछ । अहं ब्रह्मास्मि भन्न जो पनि सक्छ तर हुन बिरलै मात्र सक्तछन् ।'

(७) ईश्वरतत्त्व हामीभित्रै छ र त्यो हो आत्मतत्त्व । तन्त्रले यही आत्माको पूजामा जोड दिन्छ । जसलाई पूजा गर्न लागिएको हो उनै देवीदेवतामा आफूलाई ढालेर आफैँ ती देवी वा देवता भएर पूजा–उपासना गर्दा मात्र त्यो पूजा–उपासना सार्थक बन्छ भन्ने नै तन्त्र शास्त्रको उपदेश हो ।

(८) हिन्दू धर्ममा देवीदेवताका नाम धेरै छन् : भैरव, भद्रकाली, तारा, भुवनेश्वरी आदि । तर वास्तवमा जतिसुकै देवीदेवताका नाम भए पनि आखिर ती सबै परमात्माका अंश हुन् । आत्मा पनि परमात्माको अंश नै हो । नदीहरू समुद्रमा मिलेजस्तै आत्मालाई परमात्मामा मिलाउने सत्प्रयास नै जीवनको सार्थक प्रयत्न हुन्छ । तन्त्रशास्त्रले हामीलाई यही बताउँछ ।

(९) हिन्दूधर्मभित्र मार्ग थुप्रै छन् : साङ्ख्य, योग, वैष्णव, तन्त्र आदि । पुग्ने ठाउँ भने एउटै हो परमात्मा र भेट्नुपर्ने कुरा एकै हो परब्रंह्म । परब्रह्म साध्य भए पनि त्यहाँसम्म पुग्न शक्ति परम आवश्यक हुन्छ ।

(१०) जगत्का सृष्टिकर्ता ब्रह्मा, पालनकर्ता विष्णु र संहारकर्ता रूद्र भनिए पनि सृष्टि, स्थिति र पालनका प्रमुखकर्ता शिव नै हुनुहुन्छ । उहाँ आफैँ विभिन्न रूपमा विभक्त भएर यी कार्य गर्नुहुन्छ । यी वा अरू जुनसुकै कर्म गर्दा शिव र शक्ति समन्वित भएर नै गर्नुहुन्छ । ब्राह्मी, लक्ष्मी र काली शक्तिका आधारमा इच्छा, ज्ञान र क्रिया शक्तिको प्रयोग गरेर यी कार्य गर्नुहुन्छ शिव । शिवका विभिन्न रूपमा, अवतारमा शक्ति अभिन्न रूपमा रहेका छन् । आफ्ना पञ्चवक्त्रमा पनि शिव विभिन्न शक्तिले अभिन्न हुनुहुन्छ ।

शक्ति परम आवश्यक कुरा हुन्छ । विनाशक्ति परब्रह्मले पनि केही गर्नुहुन्न । यस प्रसंगमा शङ्कराचार्यको नेपाल प्रवेशको सन्दर्भको एक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किंवदन्ती रोचक छ र शक्तिको आवश्यकतालाई पुष्टि गर्ने खालको छ : एकपटक शङ्कराचार्य नेपाल प्रवेश गर्नुभयो । नेपाल आएपछि अद्वैतवादी भएकाले उहाँले परब्रह्मको मात्र व्याख्या गर्न थाल्नुभएछ । "परब्रह्म एक मात्र सत्य हुन् । अद्वैत भाव अर्थात् परब्रह्म बाहेकका अरू सबै कुरा मिथ्या हुन् "भन्दै हिड्नु भएछ । एक पटक उहाँ लड्नु भएछ र हलचल गर्न असमर्थ बन्नुभएछ । त्यसैबखत त्यहाँ एक बालिका आइपुगिछन् र उनले शङ्कराचार्यलाई "तपाई त सुत्नुभएछ, के भयो बाबा ! केही खान पनि पाउनुभएको छैन कि क्या हो ? ल खीर खानुहोस् "भनेर हातमा खीर दिन खोजिछन् । शङ्कराचार्यले त्यो खीर समात्न खोज्नुभएको त हातै चलेनछ र भन्नुभएछ "नानी मेरो त हातै चलेन । शरीरमा पटक्कै शक्ति नभएजस्तो छ" । त्यसपछि ती बालिकाले भनिछन् "किन शक्ति छैन भन्नुहुन्छ ? मेरो शरीरमा पटक्कै ब्रह्म छैन भने त भैहाल्यो नि । तपाईंलाई शक्ति किन चाहियो ब्रह्म भए सबै काम चलिहाल्छ नि ।" त्यसपछि शङ्कराचार्यले बल्ल चिन्नुभएछ । ती बालिका भगवती दुर्गा पो रहिछन् । अनि उहाँले विनम्रतापूर्वक माफी मागेर सबै शिवको स्थानमा शक्तिको पनि उपासना गर्ने कम चलाउनुभएछ । भनिन्छ, पशुपतिनाथका शिरमा उहाँको ईशान मुहार मानेर त्यसमा 'श्रीयन्त्र' लेखेर परमभट्टारका त्रिपुरासुन्दरी र परमभट्टारक पशुपतिनाथको पूजा गर्ने चलन उहाँले नै चलाउनुभएको थियो र त्यो आजपर्यन्त चल्दै आएको छ ।

वास्तवमा शक्तिविना केही पनि हुँदैन । विनाशक्तिले यस दुनियाँमा के कुरा चल्छ र ? स्त्री र पुरुषका बीचको सम्बन्ध कति महत्त्वपूर्ण छ । विनाशक्ति सृष्टिसौन्दर्य नै चल्न सक्तैन । त्यसैले त सृष्टिकमलाई प्रभावकारी बनाउन ब्रह्माले सृष्टिको उषाकालमा नै मनुका साथसाथै शतरूपाको पनि सृष्टि गर्नुभयो ।

५.१६ भाव र आचार

भाव : मनको दशा वा अवस्था हो भाव । तन्त्रमा यसको ठूलो महत्त्व छ । भाव मुख्य रूपमा तीन प्रकारका छन् : पशु, वीर र दिव्य । अज्ञानका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कारण पशुत्व नहटेको अवस्था नै पशुभाव हो । अज्ञान हट्न आँटेको तर हटिनसकेको अवस्था- वीरभाव हो । ज्ञान पूरापूर प्राप्त गरेको, द्वैतभाव हटिसकेको र आफ्ना उपास्य देवतासँग साक्षात्कार गरिसकेको अवस्था दिव्यभाव हो ।

आचार : आचार सात छन् : वेदाचार, वैष्णवाचार, शैवाचार, दक्षिणाचार, वामाचार, सिद्धान्ताचार र कौलाचार । यी आचारहरू भावसँग सम्बद्ध छन् । तीमध्ये वेदाचार, वैष्णवाचार, शैवाचार र दक्षिणाचार पशुभावका निमित्त, वामाचार र सिद्धान्ताचार वीरभावका निमित्त र कौलाचार दिव्यभावका निमित्त हो । यीमध्ये कौलाचार सर्वश्रेष्ठ मानिन्छ । यो अत्यन्त रहस्यात्मक छ ।

५.१७ कौलाचारको उपासना पाँच मकारमा अनुष्ठित

पञ्च मकार : जुन साधकमा अद्वैत भावना पूर्ण र शुद्ध छ, त्यही कौल हो । कुलाचारको उपासना पाँच मकारको प्रयोगमा निहित हुन्छ । यी पञ्चमकार मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन हुन् । यी पूरै सात्विक भावमा हुन्छन् । सुन्दा मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन तामसिक भावका शब्द जस्ता छन् तर कुलाचारमा यिनको कर्म सात्विक भावमा रहेका हुन्छन् ।

उदाहरण :

(१) मद्य दुर्गन्धित रक्सी होइन । ब्रह्मरन्ध्रमा रहेको सहस्रार कमलबाट झर्ने अमृत हो । यो खेचरी मुद्राबाट सिद्ध हुन्छ । यसको पान गर्ने योगी हुन्छ ।

(२) जसले पापरूपी पशुहरूलाई ज्ञानका खड्गले नाश गरेर आफ्नो मनलाई परब्रह्ममा लीन गराउन सक्छ, त्यही मांसाहारी हो ।

(३) शरीरमा रहेका ईडा र पिङ्गला नाडीलाई गङ्गा र यमुना भनिन्छ । यिनमा पौडी खेल्ने श्वास र प्रश्वास दुई माछा हुन् । जुन साधकले प्राणायामद्वारा ती माछालाई सुषुम्णाभित्र लैजान सक्छ र त्यहाँ खेलाउँछ, त्यही मत्स्याहारी हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(४) सत्सँगबाट मुक्ति र असत्सङ्गबाट बन्धन हुन्छ भन्ने जानेर सत्सँगमा रहनु नै मुद्रा हो ।

(५) मूलाधारमा रहेको कुण्डलिनी शक्तिलाई सहस्रारमा रहेका शिवसँग मिलाउनु नै मैथुन हो । आरामदायी भवन र मसानमा, माटो र सुनमा र शत्रु र मित्रमा भेद दृष्टि नराख्ने नै पञ्चमकारको सदुपयोगमा सफल हुन्छ । अरूको धनको वास्ता नगर्ने, परस्त्री देख्ता आशक्त नहुने र परनिन्दा कहिल्यै नगर्ने व्यक्ति नै पञ्चमकारको उचित उपयोग गरेर यिनको साधनाबाट लाभ प्राप्त गर्न सक्ने हुन्छ ।

५.१८ उपासना

यो विशाल सृष्टि-जगत्का दुई पाटा अथवा दुई विन्दु छन् : माया र ब्रह्म । माया प्रकृति र मायी चाहिं ब्रह्म हुन् । यी दुईको विभूति नै चराचर जगत् हो ।

(मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम् ।
तयोर्विभूतिलेशो वै जगदेतच्चराचरम् ॥)

शक्ति र शक्तिमान्, ब्रह्म र माया, ईश्वर र जगत् भिन्नभिन्न देखिन्छन् तर यी दुईमा भेद छँदै छैन । देख्ता र सुन्दा मात्र यी दुईमा भेदजस्तो देखिएको हो । आगो र त्यसको पोल्ने शक्तिमा, चन्द्र र चाँदनीमा पनि भेद छैन । त्यसरी नै दुई थरी जस्तो देखिएपनि ब्रह्म र प्रकृतिका बीच पनि कुनै भेद छैन । यी दुईका बीच अभेद देख्न सहयोग गर्ने, अभेद प्रमाणित गराउने तत्त्व नै उपासना हो ।

जहिलेसम्म भेद देखिन्छ तवसम्म अज्ञानले छाड्दैन । उपासनाको मूल लक्ष्य नै भेदको समाप्ति हो । यसरी नै साधक र साध्य, अनि साध्य र ब्रह्मका बीचको एकात्मबोध गराउनु नै उपासनाको उद्देश्य हो ।

मन्दिरका देवता आत्मतत्त्वका काल्पनिक प्रतीक मात्र हुन् । शुरू शुरूमा आत्मतत्त्वमाथि ध्यान, जप, अर्चना हुन नसक्ने हुँदा मन केन्द्रित गर्ने, श्रद्धाभक्ति समर्पित गर्ने केन्द्र मानिएको मात्र हो । पछि गएर त जुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवताको पनि आत्मतत्त्वमा नै ऐक्य स्थापित गर्नै पर्छ । 'म नै सर्वत्र छु, सर्वत्र ममा छ' भन्ने भावना नै उपासना हो ।

उपासना मुख्य रूपमा तीन मानिएको छ :
सात्त्विक उपासना–मानस जप, पूजा आदि ।
राजस उपासना–प्रतिमा पूजा । विविध बाह्य उपचारको प्रयोग ।
तामस उपासना–बलिदान, पञ्चमकारको प्रयोग ।
उपासनाका अन्य दुई भेद–सकाम र निष्काम ।

५.१९ उपासनाका अङ्ग :

प्राणायाम, न्यास, ध्यान, जप, पूजा, पाठ आदि उपासनाका अङ्ग हुन् ।

(१) **प्राणायाम** : पूरक–सास तान्नु, कुम्भक–रोक्नु, रेचक–छाड्नु । यी तीन क्रियासँग बीज मन्त्रको पनि प्रयोग हुन्छ । पूरकमा वायुबीज–यँ), कुम्भकमा अग्निबीज–रम् र रेचकमा जलबीज–वँ को प्रयोग हुन्छ । 'देवो भूत्वा देवं यजेत्' यो शास्त्रको वचन छ अर्थात् देवताको पूजा गर्ने कर्ता पनि देवता नै हुनुपर्छ । मानिसलाई देवता बन्न रोक्ने को ? पाप, कल्मश र मल । यी साधकको शरीरमा नै रहेका हुन्छन् । साधकले साधना गर्दा बायाँ काखीबाट बूढीऔंला जत्रो पापपुरुषलाई बाहिर झिकेको भावना गर्नुपर्छ । त्यसपछि वायुबीजबाट सोह्र पल्ट सास तान्दै पापपुरुषको शरीरबाट अमृतको शोषण भएको अनुभव गर्नुपर्छ । चौंसठ्ठी पटक अग्निबीज जप्तै कुम्भक गरेर पापपुरुषलाई जलाउनुपर्छ । त्यसपछि बत्तीस पल्ट जलबीज जप्तै रेचक गर्दै (सास छोड्दै) पाप पुरुषको खरानी बगाउनुपर्छ । यसप्रकार प्राणायामका तीन क्रियाबाट पाप पखालेर साधकले पापमुक्त, शुद्ध, देवता स्वरूप भई अर्चना गर्नुपर्छ ।

(२) **न्यास** : साधकले आफ्ना अङ्गअङ्गमा देवताको स्थापना गर्छ र देवमय बन्छ । यही न्यास हो । अङ्गअङ्गलाई बीजमन्त्रद्वारा सुरक्षित गरी पापलाई पस्न नदिनु, दुर्भावना आदिलाई रोक्नु नै न्यास हो । हातका औंलाहरू, हत्केलाको मूल, हृदय, शिर, शिखा, नेत्र, कवच, अस्त्रमा गरिने न्यास,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बीज न्यास, मातृका न्यास आदि छन् । यी पनि साधक देवमय बन्ने प्रकिया हुन् ।

(३) **ध्यान** : ध्यान भनेको होश पनि हो । हामी जे गर्न लागेका छौँ त्यसप्रति एकचित्त भएर लाग्नु नै ध्यान हो । देवताको चिन्तन गर्दा अन्यत्र कतै पनि मन नलगाइकन एकाग्रचित्त भएर गर्नुपर्छ । प्रसङ्गगवश यहाँ देवताको सगुण स्वरूपको चिन्तन ध्यान हो । सगुण स्वरूपको ध्यानमा बानी परिसकेपछि निर्गुण परब्रह्मको पनि ध्यान गर्न सकिन्छ ।

(४) जप

दीक्षामा गुरुबाट प्राप्त मन्त्रलाई दोहोऱ्याएर, पटक पटक जप्तै जानु जप हो । यसलाई जपयज्ञ पनि भन्ने गरिएको छ । देवताको स्वरूपको चिन्तन र आफूलाई देवताबाट अभिन्न मान्ने प्रकिंया जप हो । एकाग्र चित्तले आफ्ना इष्टदेवताको चिन्तन जप हो । जप गर्नाले परमेश्वर वा इष्टदेवता चाँडै प्रसन्न हुन्छन् भन्ने साधकहरूको अनुभव र विश्वास छ ।

- **जपका भेद** : जप तीन प्रकारका हुन्छन्–मानस, उपांशु र वाचिक । मानस जप त्यो हो, जुन मनमनै गरिन्छ । ओठ चलाएर आफूले मात्र सुन्न सकिने जप उपांशु हो । अरूले समेत सुन्ने गरी गरिने जप वाचिक हो । यी तीनमध्ये पहिलो, दोस्रो र तेस्रो कमशः उत्तम, मध्यम र सामान्य खालको मानिएका छन् ।

(५) पूजा – पूजा दुई किसिमको हुन्छ

बाह्य पूजा : यस जगत्मा प्राप्त हुने भौतिक एवं प्रकृति प्रदत्त सामग्रीबाट गरिने नै बाह्य पूजा हो ।

अन्तरपूजा : शरीरमा रहेका छ चक्र–मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्ध र आज्ञा हुँदै सहस्रार (सहस्र दल कमल) सम्म पुग्न कुण्डलिनीको उत्थान गरेर समस्त जगत्का पदार्थहरूलाई देवतामा समर्पित गर्ने भावना राखी देवताबाहेक अरू कुनै पनि कुराको अस्तित्व स्वीकार नगर्नु नै अन्तरपूजा हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तरपूजा मानसिक पूजा पनि हो । सबै सामग्री मनले नै कल्पना गरी गरिने पूजा मानसिक पूजा हो । यसमा प्रकृतिप्रदत्त सामग्री एवं भौतिक सामग्री मनमनै कल्पना गरी आफ्ना इष्टदेवलाई चढाइन्छ । मानस पूजाको सुन्दर उदाहरण आद्य शङ्कराचार्यले रचना गर्नुभएको "शिवमानस पूजा" हुन सक्छ । एकाग्रचित्तले आफूलाई देवतामा समर्पित गरेर गरिने पूजा नै मानसिक पूजा हो । प्राणायाम, न्यास, ध्यान, जप, पूजा सबैले ब्रह्मभावमा नै पुऱ्याउँछन् ।

यसरी 'आफैं देवता हुँ र सबैथोक म नै हुँ' भन्ने भावनाले कुनै देवता नै नमान्ने र देवीदेवताको मन्दिरमा नै नजाने पनि हुन सक्छ । यस्तो भावना नआओस् भनेर असल गुरु छानेर उनकै सङ्गतमा रही उनीसँग दीक्षा लिई मन्त्रजप गर्ने र पूजा गर्नुपर्छ ।

५.२० दीक्षा

(१) परिभाषा र परिचय : 'असल गुरुले असल शिष्यलाई शास्त्रीय विधिविधान अनुसार दिइएको ज्ञान नै दीक्षा हो, जसले पापको नाश गर्छ ।' दीक्षा भनेको गुरु वा मान्यजनबाट विधिपूर्वक लिइने कुनै विद्या (वेद, वेदाङ्ग आदिसम्बन्धी) र तन्त्रशास्त्रमा वर्णित र अन्य मन्त्रको एक विधि हो । यसप्रकार लिएको दीक्षा (ज्ञान) ले मन, देह, इन्द्रिय आदिलाई पवित्र तुल्याउन मद्दत गर्छ । दीक्षा लिएपछि मात्र व्यक्ति तन्त्रशास्त्र वा अन्य शास्त्रसम्बन्धी धार्मिक कार्य वा साधनाको अधिकारी बन्न सक्छ । सुयोग्य गुरुबाट दीक्षा लिई गुरुको आज्ञाअनुसार चल्न सकेमा सबै कार्यमा सफलता प्राप्त हुन्छ विभिन्न प्रकारका शारीरिक र मानसिक रोग पनि नियन्त्रण गर्न सकिन्छ, स्वास्थ्य, सौन्दर्य, ऐश्वर्य आदि सुरक्षित रहन्छन् । गुरुबाट प्राप्त ज्ञानले गर्दा विभिन्न प्रकारका बिघ्नबाधा हटेर जान्छन्, शारीरिक स्वस्थता र मानसिक शान्ति प्राप्त हुन्छ । गुरुबाट प्राप्त दीक्षाबाट पापराशि नाश भएर जान्छ र सुख र सफलता हात लाग्छ । गुरुबाट लिइएको दीक्षानुसार उपासनामा लाग्दालाग्दै साधकले परमात्माको दर्शन पाउन सक्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दीक्षा असल गुरूबाट लिनुपर्छ । अझ स्त्रीबाट र तिनमा पनि आमाबाट लिइएको दीक्षा साह्रै महत्त्वपूर्ण मानिएको छ । लोक व्यवहारमा पनि "दीक्षा लिनु माईको" भन्ने भनाइ पाइन्छ ।

शास्त्रमा जसबाट दीक्षा लिन भनिएको छ सोअनुसार नगरी आफैं शास्त्र पढेर मात्र साधना गर्न थालियो भने त्यसबाट त फाइदा हुनुका बदला बेफाइदा मात्र हुन्छ । यसैले विनागुरु ग्रन्थ पढेर मात्र साधना गर्नु उचित हुँदैन ।

दीक्षाका प्रसँगमा मुख्य तीन कुरामा ध्यान दिइनुपर्छ : असल गुरु, असल चेला र शास्त्रीय विधि । यी तीन कुरा मिलेन भने दुवै गुरु–शिष्यलाई नै राम्रो हुँदैन ।

'दीक्षाले ब्राह्मणलाई ब्रह्मलोक, क्षत्रियलाई इन्द्रलोक, वैश्यलाई प्राजापत्यलोक र शूद्रलाई गान्धर्वलोक प्रदान गर्छ' भनिएको छ ।

(२) दीक्षाको समय : सूर्यग्रहण अथवा चन्द्रग्रहण लागेको बेला दीक्षा दिनु राम्रो हुन्छ । गुरु पूजा भने वासन्ती र शारदीय दुर्गापूजा उत्सवका बेला गर्नु उत्तम हुन्छ ।

(३) दीक्षाका प्रकार : कियावती, वर्णमयी, कलामयी, बेधमयी, पञ्चायतन, उपदेश, कम आदि ।

कमैले लिइने भएकाले यसलाई कमदीक्षा पनि भनिन्छ । यस अन्तरगत मेधा, साम्राज्यमेधा, दिव्यसाम्राज्यमेधा नामका दीक्षाहरू छन् ।

५.२१ गुरू र शिष्य

(१) असल गुरू : सम्पूर्ण आगमका अर्थ जान्ने, मन्त्रहरूको रहस्य बुझेको, शिष्यहरूका सन्देह मेटाउन सक्ने, अन्तर्मुखी वृत्ति भएका, देश, काल र परिस्थिति बोध गर्न सक्ने, दयालु र लोभरहित, अहङ्कार नभएका, निरोग, सच्चरित्र, अर्काको दुख देखेर पग्लने हुन्छन् असल गुरु । गुरु तीन नेत्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नभएका शिव, चार बाहु नभएका विष्णु र चार शिर नभएका ब्रह्मा हुन् । गुरु शब्दमा ग ज्ञानको, र प्रकाशको र उ शिवसँगको एकरूपताको प्रतीक हो । गुरु नै परम तत्त्व हुन् । मन्त्र, यन्त्र, देवता, गुरु एउटै तत्त्व हुन् ।

(२) कमसल गुरू : यी माथिका कुराको विपरीत, लोभी, कुरौटे, परनिन्दामा रमाउने, विवेकहीन, आगमको अर्थ र मर्म नबुझ्ने गुरु कमसल खालका हुन्छन् । अर्काको सुख देखेर चिन्तित, दुखित र ईर्ष्याग्रस्त हुने, रोगी, क्रूर र पापी, अत्यन्त लोभी, बुद्धिहीन, सदाचार नभएको, अर्काकी स्त्री ताक्ने, झूटो बोल्ने, बढी गफ गर्ने वा बढी नै कुरौटे , वेद र तन्त्रशास्त्रको विपरीत अर्थ गर्ने, पशुभावमा रहेका व्यक्ति खराब वा कमसल गुरु हुन् ।

(३) शिष्यप्रति गुरूको कर्तव्य : अधिकारी शिष्यलाई मात्र दीक्षा दिनुपर्छ । कुल, शील, स्वभाव, सद्गुण के के छ राम्ररी हेरेरमात्र गुरूले दीक्षा दिनुपर्छ । शिष्यमा नम्रता र शिष्टता छ कि छैन ? देवता, गुरु र मन्त्रमा कत्तिको विश्वास गर्दछ ? आदिमा पनि विचार गर्नुपर्छ । गुरूले शिष्यलाई पुत्र समान व्यवहार गर्नुपर्छ । शिष्यलाई कुनै समस्या परे आफैले ढाल बनेर उसको सुरक्षा गर्नुपर्छ । ज्ञानको दीप बालेर उसको मनको भ्रम हटाउनुपर्छ र शिवसायुज्य प्राप्त गर्न समर्थ तुल्याउनुपर्छ ।

(४) असल शिष्य : देवता, माता–पिता, गुरु र अन्य मान्यजनप्रति आदर-श्रद्धा गर्ने, दयालु, दानी, उपकारी, विवेकी, परनिन्दा नगर्ने, गुरूको उपदेशमा विश्वास गर्ने शिष्य नै असल शिष्य हुन् । माथि उल्लिखित लक्षणको विपरित प्रवृत्तिको, परनिन्दामा रमाउने, अनुशासनहीन शिष्य खराब शिष्य हो ।

५.२२ मन्त्र

(१) परिभाषा र परिचय : मन्त्र त्यो हो, जसको मनन गर्नाले ज्ञान प्राप्त हुन्छ, आफूलाई सुरक्षित अनुभव गर्न सकिन्छ, संसाररूपी भवसागरबाट मुक्ति प्राप्त गर्न सकिन्छ । मन्त्र एक प्रकारको विद्या हो । मन्त्र वर्णमय हुन्छ र वर्णमय मन्त्र देवताको स्वरूप पनि हो । त्यसो भनेर मन्त्रहरूलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णहरूको समूह मात्र मान्न हुँदैन । मन्त्रको अर्थ विस्तृत हुन्छ, गहिरो हुन्छ र धेरै महत्त्वका कुरा बोकेको हुन्छ । मन्त्र वाचक हो र यसले बुझाउने विषय अर्थात् वाच्य विषय देवता हुन् । जुन देवताको मन्त्र हो, त्यस मन्त्रले तिनै देवी वा देवतालाई बुझाउँछ ।

एकप्रकारले मनन गर्दा मन्त्र वाचक र देवता वाच्य भएर वाच्य-वाचक भाव सम्बन्ध हुन्छ यी दुई थरीका बीचमा । मन्त्रभित्र देवता र देवताभित्र मन्त्र हुन्छन् भन्ने दार्शनिक पक्षबाट विचार गर्दा यी दुईका बीच अभेद सम्बन्ध हुन आउँछ, उदाहरणार्थ, प्रणव अर्थात् ॐको अर्थ हो परब्रह्म । ॐ वाचक हो र वाच्य परब्रह्म हो । यी दुईका बीच अभेद सम्बन्ध हुन्छ । प्रणव नै परब्रह्म हुन् । गुरु, मन्त्र र देवता यी तीन समान छन् । सद्गुरु जहिले पनि आफ्ना शिष्यलाई सन्मार्ग देखाउँछन् र मुक्तिको मार्गसमेत देखाएर ठूलो उपकार गर्छन् । मन्त्रको राम्ररी मनन गर्दा यो अति हितकारी छ । यसले मनुष्यलाई ठूला ठूला विपत्तिबाट मुक्त गराउँछ र मोक्षसम्म पुऱ्याउँछ । देवता त अझ परमहितकारी भइहाले । उनलाई प्राप्त गरेपछि पाउन पर्ने कुनै बाँकी रहँदैन । हामी मन्त्रलाई परमहितकारी वृक्षको बीउ मान्न सक्छौं, त्यो रोपेपछि उम्रन्छ र बिरूवा अनि वृक्ष बन्छ । त्यसपछि त्यसमा फूल अनि फल फल्छ । मन्त्रमा देवत्व लुकेको हुन्छ भने त्यसलाई गुरूले दीक्षाका रूपमा दिंदा हामी झलमल्ल देदीप्यमान प्रकाशको दर्शन पाउँछौं ।

यसप्रकार बीज स्वरूप हुन्छ मन्त्र । यो 'शब्द ब्रह्म' हो र यो अमोघ अस्त्र समान बलवान् हुन्छ । मन्त्रको मनन र साधनाद्वारा हामी धर्म, अर्थ, काम र मोक्ष चारै पुरुषार्थ प्राप्त गर्न सक्छौं । मन्त्रबाट जुन देवताको ध्यान गरिएको हो, उनको स्वरूपको समेत सम्यक् ज्ञान हुन्छ । असल गुरुबाट प्राप्त गरिएको मन्त्र अति बलवान् हुन्छ । त्यसैले मन्त्रलाई अक्षरहरूको समूह त हो नि भनेर र गुरूलाई मानिस त हुन् नि भनेर हलुका ढङ्गले हेर्नु वा विचार गर्नुहुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) मन्त्रको आविर्भाव : मन्त्रको आविर्भाव साक्षात्परब्रह्म शिवबाट भएको हो । यो संसाररूपी भवसागरमा डुबेको जीवको उद्धारका लागि प्रभुले नै यसको आविष्कार गर्नुभएको हो । मन्त्र आविष्कार गरेर प्रभुले आफ्नी शक्ति प्रियतमा पार्वतीलाई दिनुभयो । त्यही मन्त्र गणेशले लिखित रूपमा सिद्धलाई दिए र सिद्धले आफ्ना शिष्यलाई दिए । उनका शिष्यले फेरि आफ्ना शिष्यहरूलाई दिए । यसरी मन्त्रको कम चल्दै आएको छ ।

(३) मन्त्रदोष : केही मन्त्र दोषयुक्त पनि हुन्छन् । तन्त्रशास्त्रका विज्ञ प्रा. विद्यानाथ भट्टले अक्षमाला तन्त्रमा मन्त्रहरूका उनान्चास वटा दोष देखाउनु भएको छ । त्यस्ता दोषयुक्त मन्त्रहरू दुष्ट मन्त्र कहिन्छन् । दोषयुक्त मन्त्रहरूका दोष नहटाई जति नै जप गरे पनि सिद्धि प्राप्त हुन सक्तैन ।

(४) मन्त्रदोष हटाउने उपाय : मन्त्रदोषहरू हटाउन पनि असल र दक्ष गुरुको शरणमा जानुपर्छ । उहाँको आज्ञानुसार जनन, जीवन, ताडन, शोधन, अभिषेक, विमलीकरण, आप्यायन, तर्पण, दीपन र गुप्ति नामका दशसंस्कार गर्नुपर्छ । योनि मुद्रामा बसेर प्राणायाम, जप, पूजा, तर्पण, होम आदि गरी मन्त्र शुद्धीकरण गर्न सकिन्छ । प्रकिया केही जटिल भए तापनि मन्त्रशुद्ध गर्न नसकिने भने होइन ।

(५) मन्त्रचैतन्य : मन्त्रहरू चैतन्यले युक्त हुनुपर्छ, तब मात्र ती सिद्धिका लागि सार्थक बन्न सक्तछन् । चैतन्य छैन भने त्यो मन्त्र प्राणहीन शरीर तुल्य हुन्छ । मन्त्रमा चेतना साधनाबाट प्राप्त हुन्छ । साधनाले जागेको मन्त्र वाञ्छित सिद्धिका लागि सक्षम हुन्छ ।

(६) मन्त्रशिखा : मन्त्रलाई चैतन्ययुक्त बनाउने सन्दर्भमा मन्त्रशिखा प्रासङ्गिक बन्छ । मन्त्रजप्तै मूलाधार चकमा अवस्थित कुण्डलिनी शक्तिलाई जगाएर स्वाधीष्ठान, मणिपुर, अनाहत, विशुद्ध, आज्ञा चकहरू पार गरी ब्रह्मरन्ध्रमा पुऱ्याएर त्यहाँको अमृततत्त्व पान गरी फेरि मूलाधार चकमा फर्कन, पुनः मन्त्रजप्तै इष्टदेवको ध्यान गर्दै जाने तबसम्म गर्दै जाने जबसम्म मन शिवमा लय हुन्न । यसो गर्दागर्दै मन मन्त्रमा लय भएपछि मन्त्रशिखाको स्थितिमा पुगिन्छ र मन्त्रचैतन्य पनि जागृत हुनपुग्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(७) मन्त्रशाप : मन्त्रहरूलाई ब्रह्मा, वशिष्ठ र विश्वामित्रको शाप परेको थियो । तिनीहरूको शापविमोचन मन्त्रद्वारा भएपछि मात्र मन्त्रजप गर्नुपर्छ । तबमात्र सिद्धि प्राप्त हुन सक्छ ।

५.२३ ॐको प्रादुर्भाव

ॐको प्रादुर्भाव ब्रह्माको श्वासबाट भएको मानिएको छ । यो नै मन्त्रका रूपमा पहिलो दिव्य मन्त्र हो । ॐभित्र तीन अक्षर छन् । प्रथम अक्षर 'अ' को अर्थ सृष्टिकर्ता ब्रह्मा । दोस्रो अक्षर उ को अर्थ पालनकर्ता विष्णु । तेस्रो अक्षर म को अर्थ संहारकर्ता रूद्र । यिनै तीन अक्षरको योगबाट ॐ बनेको छ ।

ॐभित्र चन्द्राकारभन्दा पनि माथि जुन विन्दु छ त्यो नै परब्रह्म परमात्माको प्रतीक चिन्ह हो र त्यो नै ॐकारलगायतका समस्त मन्त्रको बीज हो ।

अलिकति मात्र चिन्तन गर्दा हामी बोध गर्न सक्तछौं, जति सूक्ष्म भयो त्यति त्यहाँभित्र विराट् शक्ति अन्तरनिहित हुन्छ । जमीनको एक कुनामा उम्रने बटवृक्षको बीज कति मसिनो हुन्छ । त्यो त धेरै सानो भए पनि आँखाले देख्न सकिने कुरा भयो । यो विशालताको बीज सानो हुन्छ भन्ने कुराको सानो प्रमाण हो । अणु-परमाणुलाई त हामी हाम्रा आँखाले देख्न सक्तैनौं । हाम्रा चर्मचक्षुले देखेनन् भनेर यस विश्वब्रह्माण्डमा विद्यमान कल्पनातीत अणु-परमाणुका अथाह शक्तिलाई हामी असत्य भन्न सक्तैनौं । हामीभित्र रहेको परमात्माको अंश जीवलाई पनि हामी कसैले देख्न सकेका छैनौं । त्यो जबसम्म हामीभित्र रहन्छ, तबसम्म हामी अस्तित्वमा रहन्छौं । जब त्यो कसैको दृष्टिगोचर नभएरै सुटुक्क निस्किएर जान्छ, शरीर निर्जीव बन्छ । यो पनि सूक्ष्मताको दृष्टान्त हो ।

अझ परब्रह्म परमात्मा त झन् कति सूक्ष्म होलान् ? हामी कल्पना नै गर्न सक्तैनौं । ठूला ठूला योगीहरूले ध्यान दृष्टिले समेत देख्न नसकेर त्यस परमात्मतत्वलाई 'निरञ्जन निराकार' भने ।

यसरी परब्रह्म परमात्मा विन्दुरूपमा ॐभित्र विद्यमान छन् । अन्य सम्पूर्ण देवीदेवता पनि यही ॐमा नै समाहित भएका छन् । यो कुरा हाम्रा वेद र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछिका शास्त्रहरूले पनि स्पष्ट पारेका छन् ।` ॐ को महत्त्व अत्यन्तै ठूलो छ, वर्णनातीत छ ।

सबै देवी-देवताको नाम उच्चारण गर्दा वा मन्त्र पढ्दा अगाडि ॐ लगाउने चलन छ ।

ॐकारं विन्दुसंयुक्तं नित्यं ध्यायन्ति योगिनः ।
कामदं मोक्षदं चैव ॐकाराय नमो नमः ॥

(विन्दुले युक्त भएको ॐकारको योगीहरू नित्य ध्यान गर्छन् । मनले चिताएअनुसारका सबै कुराका साथै मोक्षसमेत दिने ॐकारलाई धेरैधेरै नमस्कार छ ।)

५.२४ अजपा गायत्री

५.२४.१ अजपा गायत्री

हामीले २४ घण्टामा २१ हजार ६०० पटक श्वास–प्रश्वासका रूपमा 'सोऽहम् सोऽहम्' का रूपमा जप गरिरहेका हुन्छौं । त्यो हामीलाई थाहा नभइकन स्वाभाविक रूपमा हुने क्रिया हो । यस किसिमको जप नै अजपा गायत्री हो । यसरी हामीले गरेको जप देवी-देवताहरूलाई बाँडेर समर्पित गर्दा हामी उक्त जपको फल प्राप्त गर्न सक्तछौं । त्यो भाग विधि यसप्रकार छ : २१,६०० जपमध्ये गणेशलाई ६००, ब्रह्मालाई ६०००, शिवलाई ६०००, विष्णुलाई ६०००, परमात्मालाई १०००, गुरूलाई १००० र जीवात्मालाई १००० । यस हिसाबले जपसङ्ख्या भाग लगाएर उललिखीत देवताहरूलाई समर्पण गर्नुपर्छ ।

(षटशतं गणनाथाय षट्सहस्रं च बेधसे । षट्सहस्रं च हरये षट्षहस्रं हराय च ॥
जीवात्मने सहस्रं च सहस्रं गुरवे तथा । चिदात्मने सहस्रंञ्च जपसङ्ख्या निवेदयेत् ॥)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.२४.२ अजपा गायत्री जप संकल्प

अघिल्लो दिन सूर्योदयदेखि भोलिपल्ट सूर्योदय नहोउञ्ज्याल गरिने अजपा गायत्रीको जप संकल्प :

ॐ अस्य श्री अजपा गायत्री मन्त्रस्य हंस ऋषिः परमहंसो देवता अव्यक्त गायत्री छन्द हंबीजं सशक्ति सोऽहं कीलकं ओंकार तत्त्वं हैमो वर्ण अजपा गायत्री मन्त्र जपे विनियोग : ॥

अद्य श्री सूर्योदयात् स्व सूर्योदयपर्यन्तं नाशापुट निःसृत श्वासनिःश्वासाभ्यां कृत षट्शताधिकैक विंशति सहस्र सङ्ख्या अजपा गायत्रीजपमहं करिष्ये ॥

अजपा गायत्री विभिन्न देवतालाई भाग लगाएर समर्पण गर्ने संकल्प :
ॐ अस्य श्री अजपा गायत्री मन्त्रस्य हंस ऋषिः परमहंसो देवता अव्यक्त गायत्री छन्द हंबीजं सशक्ति सोऽहं कीलकं ओंकार तत्त्वं हैमो वर्ण अजपा गायत्री मन्त्र जपे विनियोग : ॥ गतेऽह्नि श्री सूर्योदयात् आरभ्य अद्य श्री सूर्योदयपर्यन्तं नाशापुटनिःसृतश्वासनिःश्वासाभ्यां कृत षट् शतैकाधिक विंशति सहस्र सङ्ख्या अजपा गायत्री जप मूलाधारस्वाधिष्ठानमणिपूरकअनाहतविशुद्ध,आज्ञाचकब्रह्मरन्ध्रस्थितेभ्यो गणपति-बह्मा-विष्णु-रूद्र-जीव-गुरू-परमात्मभ्य:सिद्धि-सरस्वती-लक्ष्मी-गौरी-प्राणशक्ति-ज्ञानशक्ति-चित्तशक्तिसहितेभ्यो यथासङ्ख्या षट्शतं षटसहस्रं षटसहस्रं षटसहस्रं सहस्रं सहस्रं सहस्रं प्रत्येकं निवेदयामि ।

५.२५ तन्त्रशास्त्रमा उल्लिखित केही देवी देवता

(१) दश महाविद्या : काली, तारा षोडषी, भुवनेश्वरी, भैरवी, छिन्नमशता, धूमावती, बगलामुखी, मातङ्गी, कमला ।

(२) नवदुर्गा : शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी, सिद्धिदात्री अथवा रूद्रचण्डा, प्रचण्डा, चण्डोग्रा, चण्डनायिका, चण्डा, चण्डवती, चण्डरूपा, अतिचण्डिका र महोग्रचण्डा ।

(३) अष्टमातृका : ब्राह्मी, रौद्री, कौमारी, वैष्णवी, बाराही, इन्द्रायणी, महालक्ष्मी, र चामुण्डा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(४) त्रिशक्ति : महाकाली, महालक्ष्मी र महासरस्वती ।
यी माथि उल्लेख भएका देवीहरू एउटै मूलप्रकृति, महामाया अझ भनौं ब्रह्मस्वरूपा शक्तिकै विभूतिहरू हुन् । यसैले अनेकमा एक देखेर शक्तिस्वरूपा एकलाई नै उपासना गर्नुउचित हुन्छ ।

(५) दश महाविद्याका भैरव

काली–महाकाल

तारा–अक्षोभ्य

षोडषी–ललितेश्वर

भुवनेश्वरी–महेश । तन्त्रान्तरमा भुवनेश्वरीका भैरव–त्र्यम्बक वा महादेव ।

भैरवी–तन्त्रचिन्तामणिकारले उल्लेख नगरेका । अन्य तन्त्रले दक्षिणामूर्ति वा बटुक भैरवीका भैरव भन्ने उल्लेख गरेका छन् ।

छिन्नमस्ता–कराल, तन्त्रचिन्तामणिमा । अन्यत्र भैरवकबन्ध वा क्रोधभैरव ।

त्रिपुरा–राजेश

धूमावती–विधवाका रूपमा उपासना गरिने । तन्त्रचिन्तामणिकारका अनुसार अघोर र अन्यतन्त्रमा कालभैरव उल्लेख भएको ।

वगला–त्र्यम्बक । अन्य तन्त्रमा एकवक्त्र (महारूद्र) अथवा मृत्युञ्जय ।

मातङ्गी–महेश । तन्त्रचिन्तामणि । अन्यत्र मातङ्ग । यिनै दक्षिणामूर्ति हुन् भनेर पनि लेखिएको पाइन्छ ।

कमला (लक्ष्मी)–नारायण ।

५.२६ ब्रह्मतत्त्व

ब्रह्मतत्त्व निरञ्जन, निराकार, नाम र रूपले विहीन र सर्वत्र व्याप्त छ । सत्, चित्, आनन्दस्वरूप छ । मन र वचनले वर्णन गर्न नसकिने छ ।

५.२७ शिवका शक्ति

भगवान् शिवको शरीर भौतिक होइन शक्तिमय शरीर हो । उहाँका पाँच शक्ति छन् : चित्, आनन्द, इच्छा, ज्ञान र क्रिया । यी शक्तिका मन्त्रमय स्वरूप हुन्– ईशान, तत्पुरूष, सद्योजात, वामदेव र अघोर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.२८ तीन प्रकारका दुःख र यिनलाई हटाउने उपाय

त्रिशूल : शूल भनेको दुःख हो । दुख तीन प्रकारका छन् । आध्यात्मिक, आधिदैविक र आधिभौतिक ।

दुखको कारण : अज्ञान । दुःख नाश गर्ने उपाय अज्ञानको नाश । अज्ञान नाश गर्ने महत्त्वपूर्ण साधन-विद्या अथवा शास्त्र । शास्त्रको मूल स्रोत– श्रुति अर्थात् वेद ।

५.२९ आगम एवं तन्त्र सँग सम्बन्धित अन्य विविध विषय

(१) ब्रह्माको झुटो अभिव्यक्ति : शिव स्वयंले आफ्ना पाँच शक्ति चित्, आनन्द, इच्छा, ज्ञान र क्रियालाई आफ्ना पाँच मुख ईशान, तत्पुरुष, सद्योजात, वामदेव र अघोरका रूपमा प्रकट गर्नुभएको हो । आगमहरूको उत्पत्तिलाई लिएर तन्त्रचिन्तामणिकारको भनाइ बेग्लै खालको छ । उनले प्रतिपादन गरेअनुसार कुनै एक समयमा ब्रह्मा तन्त्रविद्याका प्रभावले अत्यन्त अहंकारी हुन्छन् र आचार अनाचारको विवेक नभई जथाभावी गर्न थाल्छन् । त्यस बेला शिवले बटुक स्वरूप लिएर पितामहसँग धर्मको मार्गको विषयमा प्रश्न गर्नुभयो । ब्रह्माले 'आफ्नै माथिल्लो मुखबाट आगमको उत्पत्ति भएको र यही भोग र मोक्षको मार्ग हो' भनेर वृथा अहङ्कार गरे । उनको झूटो अभिव्यक्तिले शिवले रिसाएर आफ्ना नङ्का टुप्पाले ब्रह्माको माथिल्लो शिर छेदन गर्नुभयो र पाँचौं वेदको लय शिवमा नै भयो । 'यसकारण पुनः शिवबाट प्रकट भएकाले शिव नै आगमका कर्ता हुनुहुन्छ र वेदकर्ता मात्र पितामह हुन् ।' भन्ने पनि उल्लेख भएको पाइन्छ ।

(२) मोक्ष

(क) मोक्ष एउटा यस्तो स्थिति हो, जहाँ गएर सम्पूर्ण प्रवृत्तिहरूले सार्थकता पाउँछन्, सम्पूर्ण प्रतिकूलताहरूको अन्त्य हुन्छ, जहाँ गएपछि पुनः फर्केर आउनुपर्दैन, जसलाई पाएपछि पाउनुपर्ने वस्तु कुनै बाँकी रहँदैन । त्यही स्थिति सत्, चित् र आनन्दको स्थिति हो । मोक्ष नै सम्पूर्ण जगत्को परम लक्ष्य हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) मोक्ष प्राप्त गर्ने उपाय ज्ञान हो । प्राच्य संस्कृतिमा ज्ञानका प्रमुख स्रोत विद्या दुईवटा मानिएका छन् निगम र आगम । वेद, वेदाङ्ग, श्रुति, स्मृति आदि निगमभित्र पर्छन् भने शिवको मुखारविन्दबाट निःसृत द्वैत, अद्वैत, द्वैताद्वैत तत्त्वका प्रतिपादक विद्या आगमभित्र पर्छन् । आगम र तन्त्र यी दुवै एउटै प्रकारको अर्थ बुझाउने पर्यायवाची शब्द हुन् ।

आगतं शिववक्त्रेभ्यो गतञ्च गिरिजामुखम् ।
मतं श्री वासुदेवस्य तस्मादागम उच्यते ॥

(ग) श्रीवाचस्पति मिश्रले तत्त्ववैशारदीमा "आगच्छन्ति बुद्धिमारोहन्ति यस्माद् अभ्युदयनिःश्रेयसोपायाः स आगमः।" भनेर अभ्युदय र निःश्रेयसको उपाय बताउने शास्त्रलाई आगम भनेर परिभाषा गरेका छन् । यसरी अध्ययन गर्दा आगम धर्मशास्त्र पनि सिद्ध हुन आएको छ र यसले मोक्ष दिलाउन सक्छ ।

(घ) महाकवि कालिदासले "बहुधाप्यागमैर्भिन्नाः पन्थानः सिद्धिहेतवः।" भनेर अष्टसिद्धिप्राप्त गर्ने उपाय शास्त्र भनेका छन् आगमलाई । अष्टसिद्धिः

अणिमा महिमा चैव गरिमा लघिमा तथा ।
प्राप्तिः प्राकाम्यमीशित्वं वशित्वं चाष्ट सिद्धयः ॥

(अणिमा, महिमा, गरिमा,लघिमा, प्राप्ति, प्राकाम्य, ईशत्व र वशित्व ।)

अष्टसिद्धिबाट हुन-गर्न सकिने

१. अणिमा–इच्छागरेअनुसार अणु (सूक्ष्म) बन्न सक्ने
२. महिमा–इच्छा गरेअनुसार ठूलो बन्न सक्ने
३. गरिमा– इच्छा गरेअनुसार ठूलो र गह्रौं बन्न सक्ने
४. लघिमा–सबैभन्दा सानो र हलुका बन्न सक्ने
५. प्राप्ति–इच्छा गरेअनुसार जुनसुकै कुरा पाउन सक्ने
६. प्राकाम्य–इच्छानुसार रूप बनाउन सक्ने
७. ईशत्व–भगवान्‌को गुण प्राप्त गर्न सक्ने
८. वशित्व–वशमा राख्न सक्ने शक्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ङ) म देवता हुँ अरू कोही होइन । म ब्रह्म हुँ । हर्ष, शोक आदिले मलाई छोएको छैन । सत् हुँ (सधैंभरि रहने), चित् हुँ (ज्ञानस्वरूप हुँ) । आनन्दस्वरूप हुँ (दुःखको लेश मात्र पनि ममा छैन ।) म अनन्त सुखको समुद्र हुँ । म यौटै छु, स्त्री, पुरुष, नपुंसक भनेर छुट्टिने म होइन । यहाँ जेजति पाइन्छन्, ती सब मायाका प्रपञ्च हुन् । यिनै कुराहरू हुन् बुझ्नुपर्ने र सम्झनुपर्ने ।

(अहं देवी न चान्योऽस्मि ब्रह्मैवाहं नशोकभाक् ।
सच्चिदानन्दरूपोऽहंमात्माहमिति चिन्तयेत् ॥)

(च) आगम भित्र विशिष्ट उपाय छ । आगमहरूमा पशु–आचार, विचार, वामाचार र कुलाचारबाट दिव्यभावमा पुगेर वेदोक्त महावाक्यहरूले बताएको लक्ष्य मोक्ष प्राप्त गर्ने विशिष्ट उपाय छ ।

५.३० तीन प्रकारका कर्म :

(१) नित्य कर्म - सधै गर्नुपर्ने र नगरे पाप लाग्ने र त्यसका लागि प्रायश्चित्त गर्नुपर्ने

(२) नैमित्तिक कर्म - कुनै पर्वविशेषमा मात्र सम्पन्न गर्नुपर्ने, गरेमा पुण्यलाभ हुने र नगरेमा खासै हानि नहुने कर्म

(३) काम्य कर्म - कुनै कुराको कामना राखेर गरिने कर्म

(४) यीबाहेक एक अर्को कर्म पनि छ प्रायश्चित्त कर्म

आफूले गरेको कुनै पापबाट छुट्कारा पाउनका लागि यो कर्म गरिन्छ ।

५.३१ योग

(१) मन्त्रयोग : मन्त्र, मूर्ति, पीठपूजा, आदिको अवलम्बनबाट देवतामा चित्तवृत्तिको लय गर्नु मन्त्रयोग हो । यसका सोह्र अङ्ग छन्–भक्ति, शुद्धि, आसन, पञ्चाङ्ग सेवन, आचार, धारण, दिव्योपदेशसेवन, प्राणक्रिया, मुद्रा, तर्पण, हवन, बलि, याग, जप, ध्यान र समाधि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) **हठयोग** : स्थूल शरीरको अवलम्बनबाट बहिर्मुखी चित्तवृत्तिको निरोध गरेर अन्तर्मुख बनाउनु हठयोग हो ।

अङ्गहरू : यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि

षट्कर्म : आसन, मुद्रा, प्रत्याहार, प्राणायाम, ध्यान र समाधि

षट्क्रिया : धौति, वस्ति, नेति, नौलिकी, त्राटक, कपालभाती

(३) **लययोग** : यम, नियम, स्थूलक्रिया, सूक्ष्मक्रिया, प्रत्याहार, धारणा, ध्यान, लयक्रिया, समाधि । स्थूलप्रधान क्रिया स्थूल क्रिंया । वायुप्रधान क्रिया सूक्ष्मक्रिया । जीवन्मुक्त गुरुद्वारा प्राप्त कुलकुण्डलिनी उत्थानको क्रिया सूक्ष्म लयक्रिया । यिनीहरूको सहायताले जीव शिवत्वमा प्राप्त हुन्छ ।

(४) **राजयोग** : योगको राजा भएकाले यसलाई राजयोग भनिएको हो । सृष्टि,स्थिति र संहारको कारण मन हो । यसैको सहायताले राजयोग सिद्ध हुन्छ । अन्तःकरणका चार भेद छन्: मन, बुद्धि, चित्त, अहङ्कार । अन्तकरण दृश्य हो र आत्मा द्रष्टा हो । दृश्य दुई प्रकारको छः कारणदृश्य र कार्यदृश्य । कारणदृश्य–अन्तःकरण । कार्यदृश्य–विश्व । अन्तःकरण र विश्वको कार्यकारणभाव सम्बन्ध हुन्छ । यही सम्बन्धबाट सृष्टि हुन्छ । यसमा ध्यान ब्रह्मको हुन्छ । समाधि निर्विकल्पात्मक हुन्छ । उपलब्धि-जीवनमुक्ति ।

५.३१ मानवदेहमा विद्यमान चक्र

(१) **मूलाधार** : गुदद्वारभन्दा दुई अङ्गुल माथि र लिङ्गस्थानभन्दा दुई अङ्गुल तल हुन्छ । वर्ण–रातो । दल चार । बीचमा लँ बीज र चार दलमा व, श, ष र स वर्ण रहन्छन् । यिनको देवता गणेश । यसै चक्रको बीचमा त्रिकोण यन्त्रभित्र स्वयम्भू लिङ्ग रहन्छ । यसलाई साढे तीन फन्का बेरेर रहेको सर्पिस्वरूप विद्युत् समान वर्ण भएको ज्योतिर्मय कुण्डलिनी विद्यमान छ । यसलाई सधैं सक्षम र सबल राख्नुपर्छ । यो चक्र कमजोर भयो भने मानिस रोगी, अल्छी, बढी बोल्ने र जहिले पनि शारीरिक र मानसिक रूपले अस्वस्थ हुन्छ । यो प्रबल भएमा व्यक्ति प्रभावशाली, आफ्नो काममा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र जाँगरिलो हुने होइन कि अरूको काम समेत सघाउने हुन्छ । यसलाई सबल तुल्याउन हाम्रो श्वासको गतिलाई त्यस ठाउँमा बारम्बार पुऱ्याएर त्यसलाई स्वस्थ तुल्याउने प्रयास गर्नुपर्छ ।

(२) **स्वाधीष्ठान** : यो चक्र लिङ्ग वा योनि स्थानदेखि ठीक माथि रहेको हुन्छ । चक्रको बीचमा अर्धचन्द्राकार यन्त्रमा बँ बीज कमलका छ दलहरूमा ब, भ, म, य, र, ल वर्ण छन् । यसको वर्ण सुन्तला र देवता ब्रह्मा हुन् । यसलाई पनि सधैं बलियो राख्न प्रयास गर्नुपर्छ । यो चक्र कमजोर भयो भने मानिस निराशावादी, कुनै पनि कुरामा रमाइलो नमान्ने र एकान्त प्रिय, प्रायः झोक्राइरहने खालको हुन्छ । उसलाई मानिसहरूसँग हिमचिम गर्न, कुराकानी गर्न वा बातचित गर्न मन नलाग्ने हुन्छ । स्वाधिष्ठान चक्र बलियो भएको व्यक्ति जुनसुकै कुरामा पनि खुशी हुने हुन्छ । उसलाई सानो कमिलो हिंडेको देखे पनि रमाइलो लाग्छ । ऊ जुनसुकै बेला रमाइलो गर्न मन पराराउने र हँसमुख हुन्छ ।

(३) **मणिपुर** : नाभिस्थानभन्दा केही माथि रहने मणिपुरचक्रका बीचमा त्रिकोणयन्त्रभित्र रँ बीज कमलका दश दलहरूमा ड, ढ, ण, त, थ, द, ध, न, द, फ वर्णहरू छन् । यसको वर्ण पहेलो हुन्छ र देवता विष्णु हुन्छन् । यो कमजोर भएको व्यक्ति विनाकारण नै डराउने हुन्छ । ऊ हिम्मत नभएको र डराएर बाटो परिवर्तन गरेर समेत भाग्ने हुन्छ । उसलाई बोल्न वा भाषण गर्न पनि डर लाग्ने हुन्छ । मानौं कुनै ठाउँमा खेती गरेको थियो, भनौं मकै छरेको थियो भने 'त्यो उम्रे पनि ठीक र नउम्रे पनि ठीक' भन्ने हुन्छ ।

(४) **अनाहत** : हृदयस्थानमा रहने अनाहत चक्रका बीचमा षट्कोण यन्त्रका बीचमा यँ–बीज बाह्रदलहरूमा क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ वर्ण रहन्छन् । यसको वर्ण हरियो हुन्छ र देवता शिव हुन्छन् । हृदय चक्र कमजोर भएको व्यक्ति रिसाहा, निर्दयी स्वभावको हुन्छ । यस्तो व्यक्ति अर्काको कमजोरीमा रमाउने हुन्छ । घरमा रातिसम्म भात कुराउने एवं अरूलाई दुख दिने खालको हुन्छ । यो चक्र बलियो भएको व्यक्ति सहयोगी र सहृदयी हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(५) विशुद्ध : कण्ठस्थानमा रहेको विशुद्ध चक्रका बीचमा षट्कोण यन्त्रभित्र हँ–बीज र कमलका सोह्र दलहरूमा अदेखि अःसंम्मका सोह्र स्वरवर्ण विद्यमान छन् । यसको रङ नीलो र देवता जीव हुन्छन् । यो चक्र कमजोर भएमा जानेको कुरा पनि भन्न नसक्ने हुन्छ । विशुद्ध चक्र कमजोर भएको व्यक्ति रूखो स्वभावको हुन्छ । यस्तो व्यक्तिको स्मरण शक्ति कमजोर हुन्छ । पेटमा आएको कुरा मुखमा आउँदैन र केही भन्न पनि सक्तैन ।

(६) आज्ञा : आँखीभुइँका बीचमा रहने आज्ञाचक्रका बीचमा विन्दु यन्त्रभित्र प्रणव बीज कमलका दुई दलहरूमा हँ र क्षँ बीज, वर्ण– गाढा नीलो र देवता परमात्मा छन् ।

यो चक्र कमजोर भएमा भनेको कुरा बिग्रने र शक्ति क्षीण हुने हुन्छ । त्यस्तो व्यक्ति ढिपी लिने खालको हुन्छ । सबल भएमा शक्ति प्रवल हुन्छ र लक्षसमेत पूरा हुन्छ ।

यी छ चक्रमाथि मूर्धास्थानमा चन्द्रमण्डल छ । त्यसमाथि सहस्रदल कमल विद्यमान छ । यसको वर्ण सेतो छ र यहीँ शिव विराजमान हुनुहुन्छ । यसैलाई ब्रह्मरन्ध्र भनिन्छ ।

उक्त छ चक्रलाई स्वयम्भू लिङ्गबाट बायाँपट्टि इडा नाडी र दाहिनेपट्टि पिङ्गला नाडी निस्किएर बेर्दै ब्रह्मरन्ध्रसम्म पुगेका हुन्छन् । बीचमा सुषुम्ना नाडी छ । हुन त नाडी ७२ हजार छन् । तीमध्ये दश नाडी मुख्य छन् र तिनमा पनि इडा, पिङ्गला र सुषुम्ना प्रमुख छन् ।

—o—

मुख्य सन्दर्भ ग्रन्थ

प्रा.चूडानाथ भट्टराय–तन्त्र–सर्वस्व,
काठमाडौं, नेपाल रा. प्रज्ञा-प्रतिष्ठान, विसं २०४१

कुलचन्द्र कोइराला–नेपालका आराध्यदेव भगवान् पशुपतिनाथ,
कमलादी काठमाडौं, रा. प्र. प्रतिष्ठान, विसं २०५१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवमीसिंह–तन्त्रचिन्तामणि, काठमाडौं,
महेन्द्रसंस्कृत विश्वविद्यालय, कात्तिक, वैकुण्ठचतुर्दशी विसं २०५४,

विद्यानाथ उपाध्याय भट्ट–तन्त्रालोक,
काठमाडौं, अन्नपूर्णा उपाध्याय भट्ट, महाशिवरात्रि, नवरात्र, विसं २०६२

विद्यानाथ उपाध्याय भट्ट–अक्षमाला तन्त्र,
काठमाडौं, अन्नपूर्णा उपाध्याय भट्ट, महाशिवरात्रि, विसं २०६६

डा मिलनकुमार थापा तन्त्र –विज्ञान, काठमाडौं,
हनुमान् तन्त्र शिवशक्ति साधना तथा रिसर्च सेन्टर विसं २०७३

डा मिलनकुमार थापा, मन्त्र–विज्ञान काठमाडौं,
हनुमान् तन्त्र शिवशक्ति साधना तथा रिसर्च सेन्टर विसं २०७४

संस्कृत–नेपाली वृहत् शब्दकोश, दाङ, महेन्द्र संस्कृत विश्वविद्यालय,
वेलभुण्डी, दाङ, धन्वन्तरि जयन्ती विसं २०५७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ६

विभिन्न पर्व, मेला र जात्रा

६.१ पर्व-मेला

(१) विशिष्ट प्रकारको पर्व महाशिवरात्रि

पशुपतिनाथको मन्दिरमा लाग्ने अतिविशिष्ट धार्मिक मेला हो महाशिवरात्रि मेला । फाल्गुण कृष्ण पक्षको चतुर्दशी तिथिको मध्यरात महाशिवरात्रिको महापुण्य बेला हो । महाशिवरात्रि सबै पाप नाश गर्ने खालको मानिएको छ । महाशिवरात्रिको व्रत गर्नाले अश्वमेध यज्ञ गरेको फल प्राप्त हुन्छ भनिएको छ ।

यस दिन ब्रह्मा र विष्णुले समेत शिवको पूजा-अर्चना गर्नुभएको र त्यसबाट अतिप्रसन्न हुनुभएर "यस दिनको महत्त्व ज्यादै छ" भनी स्वयं शिवले भन्नुभएको शिवपुराणमा उल्लेख भएको पाइन्छ । शिवले भन्नुभएको छ, "हे ब्रह्मा, विष्णु आजको अपूर्व दिनमा तपाइँहरूले मेरो जुन पूजा-आराधना गर्नुभयो, त्यसबाट म अत्यन्त प्रसन्न भएको छु । आजदेखि यो पुण्यले भरिपूर्ण भएको विशिष्ट दिन हुने छ । शिवरात्रि नामको यो तिथि मेरो अत्यन्त प्रिय छ । त्यसैले वर्षदिनभरि मेरो पूजा गर्नाले जुन फल प्राप्त हुन्छ, त्यो फल शिवरात्रिका दिन एक दिन गर्नाले प्राप्त हुन्छ ।"

स्कन्दपुराणका अनुसार शिवले इन्द्रलाई शिवरात्रिको महत्त्व बताउँदै यसो भन्नुभएको छ :

"मनुष्यहरूले वर्षदिन भरि गरेका नाना किसिमका पापहरूबाट उनीहरूलाई मुक्त गर्नका लागि फाल्गुण महिनाको कृष्ण पक्षको चतुर्दशी तिथिमा दिनरात नै म पृथ्वीतलमा हुन्छु र चलअचल सबै शिवलिङ्गमा वास गर्छु ।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईशान संहितामा उल्लेख गरिएअनुसार फाल्गुण कृष्ण चतुर्दशीको आधारातमा करोडौं सूर्यसमान अतितेजस्वी शिवलिङ्गका रूपमा पशुपतिनाथ प्रकट हुनुभयो । त्यसैले यस दिनलाई शिवको जन्मदिनका रूपमा मानिएको हो । यस बेला भगवान्को पूजा र व्रत गर्नुको विशिष्ट महत्त्व छ ।

शिवरात्रिमा शिवको पूजा गर्नाले मनुष्य सबै पापबाट मुक्त भई शिवलोकमा गएर अलौकिक आनन्दका साथ बस्न पाउँछ । यसप्रकार ईशान संहिता, केदार खण्ड, नारद संहिता, शिवपुराण, विद्येश्वर संहिता, स्कन्दपुराण आदि विभिन्न पुराणमा महाशिवरात्रिको महत्त्वका सम्बन्धमा वर्णन गरिएको पाइन्छ । यस्तो महत्त्वको महाशिवरात्रि पर्वमा पशुपतिनाथको पूजा, आराधना गर्न स्वदेश र विदेशका धेरै दूरदूर स्थानबाट भक्तजन आउँछन् र यो पर्व श्रद्धाभक्तिपूर्वक धुमधामले मनाउँछन् ।

पशुपतिनाथमा स्वदेश र विदेशका गरी लाखौं जनताको भिड लाग्छ । उक्त दिन आराध्यदेव पशुपतिनाथको दर्शनका लागि बिहान २ बजेदेखि नै महिला, पुरूष, बालबालिका, किशोर–किशोरी, युवायुवती मात्र होइन कि वृद्ध-वृद्धाहरूसमेत लाम लागेर बसेका हुन्छन् । त्यस बखत सुरक्षाको विशेष व्यवस्था गरिएको हुन्छ । श्रद्धालु तीर्थयात्रीहरूको सुविधाका निम्ति, स्काउट र विभिन्न विद्यालयका विद्यार्थीद्वारा लाम लगाउने विशेष व्यवस्था गरिएको हुन्छ । त्यस्तै मारवाडी सेवा समितिलगायतका विभिन्न सङ्घसंस्थाका तर्फबाट खानेपानी, फलफूल आदि वितरणको व्यवस्था मिलाइएको हुन्छ । साधुसन्त र गरीब गुरूवाहरूका निम्ति धार्मिक र परोपकारी संस्था र व्यक्तिविशेषले भोजन, फलाहार आदिको व्यवस्था गरेका हुन्छन् । बिरामी परेकाहरूको सेवाका निम्ति स्वास्थ्य शिविर, एम्बुलेन्स आदिको व्यवस्था गरिएको हुन्छ ।

उक्त अवसरमा भारतबाट सयौँको सङ्ख्यामा सन्त, महन्त, जोगी, बाबाजीहरू समेत आउँछन् । उनीहरूलाई पशुपति क्षेत्र विकास कोषले खानपिनको व्यवस्था गरेको हुन्छ । दर्शन गरी फर्कने बेला उपहार समेत दिइपठाउने चलन छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवरात्रिका दिन पशुपतिनाथको मन्दिरमा मात्र होइन काठमाडौँ उपत्यका र नेपालका अन्य विभिन्न महादेवको स्थान र शिवलिङ्ग भएका ठाउँमा शिवको पूजा आराधना गर्ने मानिसहरूको भिड लाग्छ ।

(२) बालाचतुर्दशी पर्व

पशुपतिमा बालाचतुर्दशीका दिन शतबीज छर्ने मेला लाग्छ । उक्त मेलाका निम्ति नेपालका विभिन्न भेगका मानिसहरू त्रयोदशीको दिन नै पशुपति क्षेत्रमा आएर व्रत बसी पशुपतिनाथको मन्दिर आसपास र कैलाश क्षेत्रमा बत्ती बालेर भगवान्को सङ्कीर्तन गर्दै रातभर जागा बस्छन् । यसरी जागा बस्नेहरूमा मुख्य रूपमा त्यस वर्ष परलोक भएका आ-आफ्ना पिता-माताका सन्तान र अन्य परिवार जनहरू हुन्छन् । उनीहरू दिवङ्गत आत्माको मुक्तिको कामना गरी व्रत बसेका हुन्छन् । पहिलो वर्ष शतबीज छर्नु अघि अघिल्लो दिन पशुपतिनाथको मन्दिरमा दीप बालेर जाग्राम बस्ने चलन छ । दोस्रो दिन समापनको लागि यज्ञ गरिन्छ । त्यसलाई चतुर्दशीयज्ञ वा प्रतिष्ठा भनिन्छ । मङ्सिरकृष्ण चतुर्दशीका दिन पशुपति, गुह्येश्वरी, मृगस्थली, कैलाश आदि स्थानमा उनै पितृको मुक्तिको कामना गरी शतबीज छरिन्छ । मृत व्यक्तिप्रति उनका सन्तान एवं आफन्त जनहरू कतिसम्म समर्पित हुन्छन् भने निद्रा मारेर रातभर जाग्राम बसी दीप प्रज्वलन गर्छन्, चिसो जाडो र ठिहिरो सहेर शतबीज छर्छन् । त्यो दृश्य देख्ने जो को ही पनि भावुक बन्छ, त्यहाँ नेपाली पन, आफ्ना माता–पिता, मान्यजन एवं आफन्तजनप्रतिको स्नेह र माया स्पष्ट देख्न सकिन्छ ।

हिमवत्खण्ड, नेपालमहात्म्य र पशुपतिपुराणमा बालाचतुर्दशीको महत्त्व विसद् रूपमा उल्लेख भएको पाइन्छ । शतबीज कहिलेदेखि र किन छरिएको हो भन्नेबारेमा पनि पुराणहरूमा रोचक कथा वर्णित छ : जब पशुपतिनाथ मृगको रूप लिई घुम्न थाल्नुभयो, तबदेखि देवताहरूले त्यहाँ शतबीज छरी महोत्सव गरेका थिए । यस कार्यबाट प्रसन्न भई पशुपतिनाथले देवताहरूलाई विभिन्न प्रकारका वरदान दिनुभएको थियो । 'त्यसै पवित्र दिनको सम्झना गरी यो शतबीज छर्ने गरिएको हो' भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसरी शतबीज छर्दा 'एउटा धानको गेडा छर्दा पनि एक रत्ति सुन छरेको फल प्राप्त हुन्छ 'भनेर मृगरूप शिवले आकाशवाणीबाट भन्नुभएको कुरा स्कन्दपुराणअन्तर्गतको हिमवत्खण्डमा लेखिएको छ ।

कतै भने शतबीज छर्ने चलन बालराक्षसको मृत्युपछि चलेको पनि भनिएको छ । यस अनुसार 'एक बालासुर नामको राक्षसले मानिसहरूले पशुपतिमा जलाउन ल्याएको शव खाएर सर्वसाधारण जनतालाई सन्त्रस्त बनाउँथ्यो । पछि उसैको मीत वृषसिंहले पशुपतिनाथका कृपाले त्यस राक्षसलाई मारी उसको टाउको पशुपतिनाथलाई चढाए । त्यसपछि पशुपतिनाथकै आज्ञाअनुसार मृतकहरूको मोक्षका लागि शतबीजारोपण गर्ने चलन चलेको हो ।' भनिएको छ ।

पितृउद्धार र प्राणीहरूको भरणपोषणका निम्ति पनि शतबीज छर्ने चलन चलेको हुनुपर्छ । शतबीजमा धान, लावा, मकै आदि अन्न, मुलाका टुक्रा, हलेदो, अन्य विभिन्न फल उखु, सुन्तला, आदि छर्ने गरिन्छ । पहिले पञ्चगणेश, अनन्तआदिनारायण, वटुकभैरव, जयमङ्गला, राजराजेश्वरीमा प्रदक्षिणा गरी शतबीज छर्दै पशुपतिनाथमा जानुपर्ने, त्यसपछि आर्यघाटबाट ओर्ली वाग्मती, किराँतेश्वर, गुहेश्वरी, नमोबुद्ध (विश्वरूपा दक्षिण) र अन्त्यमा भागलभुगलमा आएर सम्पन्न गरिन्छ । शतबीज छर्ने मार्ग नै बनाइएको हुन्छ ।

'जसले वागमतीमा स्नान गरेर शुद्ध मनले पशुपतिनाथको मन्दिरदेखि लिएर मृगस्थलीको पहाडमा खाली खुट्टाले हिंडेर शतबीज छर्छ, उसले पाइलापाइलामा अश्वमेध यज्ञ गरेको फल प्राप्त गर्छ । एक एक धानको गेडा बराबर एक एक रत्ती सुन दान गरेको फल प्राप्त गर्छ ।' भनी नेपाल महात्म्यमा उल्लेख भएको पाइन्छ । त्यसैले कतिपय व्यक्तिहरू खालि खुट्टाले शतबीज छर्दै हिंडिरहेका देखिन्छन् ।

(३) हरितालिका मेला

हरितालिका हिन्दू नेपाली महिलाहरूको अत्यन्त पवित्र र ठूलो पर्व हो । यस पर्वमा विवाहित महिलाहरू आफ्ना पतिको दीर्घायु, सुस्वास्थ्य र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरोत्तर प्रगतिको कामना गरी व्रत बसी शिवको पूजा-आराधना गर्छन् । अविवाहित किशोरी, युवतीहरू समेत 'आफूले चाहेअनुसारको सुन्दर, गुणी र विवेकी पति पाउन सकौं' भनी उनै कृपा–सागर महादेवको पूजाआराधना गरी व्रत बसेका हुन्छन् । अतिप्राचीन कालमा पार्वतीले 'महादेव पति पाऊँ' भनी व्रत बस्नुभएदेखि अरू महिलाहरूले पनि यो व्रत थालेका हुन् भनिन्छ । यस दिन नेपालका विभिन्न ठाउँमा रहेका शिवका स्थानहरूमा मेला लाग्ने गर्छ ।

तिजका दिन निराहार व्रत बसेका हिन्दू महिला पशुपतिनाथको दर्शन गर्न बिहानैदेखि लामबद्ध भएर उभिएका हुन्छन् । कतिपय महिलाहरू दर्शनपछि भगवान्लाई खुशी गराउन नाचगानसमेत गर्छन् । महिलाहरूले गाएका भक्तिरसका गीतमा प्रभुको महिमा वर्णन गरिएको हुन्छ भने विभिन्न भावभङ्गिमा उनीहरूले गरेका नृत्य मनमोहक हुने गर्छ । देशमा विद्यमान विभिन्न राजनैतिक, सामाजिक विकृतिहरूमा व्यङ्ग्य कसिएका रोचक र मार्मिक गीतसमेत गाएर उनीहरू मादलको तालमा नाच्ने गर्छन् ।

अहिले त यो पर्व हिन्दू महिलाहरूको मात्र होइन कि सम्पूर्ण नेपाली नारीहरूको प्रिय धार्मिक पर्व भएको छ । हिजो-आज अलि विकृति पनि भित्रिँदै गएको छ । तिज आउनुभन्दा एक महिनाअघिदेखि नै दर खाने चलन फेशन नै भएको छ । यस्तो चलन विशेष गरी काठमाडौँ उपत्यकामा छ र अन्यत्र शहरी क्षेत्रमा पनि फैलँदै गएको छ ।

(४) चण्डेश्वरमा जलधारा पर्व

देशमा अनावृष्टि भई हाहाकार मच्चिएमा एक चित्त भई शुद्ध मनले पशुपतिनाथको नजिकै रहेको तामाको शिवलिङ्गलाई जलले ढाकेर भट्टहरूद्वारा जल चढाई पूजा गराएमा र सबैले एक स्वरले "हर हर महादेव पानी देऊ देऊ "भनी प्रार्थना गरेमा अवश्य नै पानी पर्छ भन्ने विश्वास छ ।

पशुपतिनाथको नित्यपूजा, आरती, विशेष पूजा र पर्व–पूजाहरू सञ्चालन गर्न प्राचीनकालदेखि नै राजा, महाराजा, विभिन्न पदाधिकारी र सर्वसाधारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जनताले गुठीहरू राखेको पाइन्छ । तिनको विवरण अनुसूचीमा ७ मा दिइएको छ ।

६.२ पशुपति क्षेत्रका विभिन्न जात्रा

(१) बज्रेश्वरीको जात्रा

पशुपतिनाथका वरिपरि नौ वटा शक्तिपीठहरूको चर्चा पाइन्छ । तीमध्ये बज्रेश्वरी एक हुन् । फाल्गुण शुक्ल एकादशी मृगशीर्षा नक्षत्र परेका दिन बज्रेश्वरीको जात्रा मनाइन्छ ।

पशुपतिनाथ मन्दिरको दक्षिण, तिलगङ्गाको पारिपट्टि चक्रपथको तल यो पीठ रहेको छ । बज्रेश्वरीलाई स्थानीय भाषामा 'पिङ्गनमाई' भनिन्छ । चक्रपथ निर्माण गर्दा यो पूजास्थल पर्न गएकाले सडकको मुन्तिर सारिएको हो । देवपाटनका पुराना बासिन्दाले बज्रेश्वरीलाई निकै मान्छन् । महर्जन, डङ्गोल, कसाई, पोडेका त यी इष्टदेवी नै हुन् । यो जात्रा विभिन्न समुदायकाबीचको समन्वयमा जोड दिने खालको छ । बज्रेश्वरीको जात्रा चैत्रकृष्ण चतुर्दशीको दिनदेखि शुरूहुन्छ । उक्त दिन बिहानै पालो पर्ने गुठियारको घरबाट नवदुर्गा, गणेश र भैरवका मूर्ति लगेर लहरै राखिन्छ र पूजा गरिन्छ । पूजा सकिएपछि ती मूर्ति घरमा नै फर्काइन्छ र त्यहाँ विधिविधानपूर्वक पूजा गरिन्छ । घरको पूजा सकिएपछि पुनः उक्त मूर्ति बज्रेश्वरीको मन्दिरमा नै लगेर त्रयोदशी र चतुर्दशीको दिनसम्म राखिन्छ । त्यहाँ श्रद्धालु भक्तजनहरू आएर पूजा गर्छन् । चतुर्दशीका दिन साँझ उक्त देवीदेवता लिन पोडे टोलका पोडेहरू आउँछन् र आफ्नो टोलमा लगी रातभर पूजाआजा गर्छन् र भोज खान्छन् । भोलिपल्ट अर्थात् पूर्णिमाका दिन पालो पर्नेले बाजागाजासहित इँटापाखामा लगेर डङ्गोलहरूलाई बुझाउँछन् । त्यसपछिको दायित्व डङ्गोलहरूको हुन्छ । त्यसपछि सिँङ्गारिएको रथमा राखेर शोभा यात्रा चलाइन्छ । शोभायात्रा इँटापाखाको दक्षिण, वेदविद्याश्रमको पूर्वी ढोका, भकुनटोल हुँदै प्रदक्षिणाका लागि वत्सलेश्वरीमा लगिन्छ । त्यसपछि-भकुनटोल, भुवनेश्वरी, लगनगाछी, पशुपतिनाथ पश्चिम ढोका आदि ठाउँमा घुमाएर द्यौँछैँमा भित्र्याइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसरी भित्र्याउने बेला लसकुस गरी भित्र्याउने काम पालोवालाका श्रीमतीले गर्छन् ।

ती देवीदेवतालाई जङ्गली कन्दमूलको तरकारीहरूको भोग लगाउनुपर्ने चलन छ । ती देवीदेवताको पूजाआजाको विधान लामो भएकाले क्रमश: पालोवालाहरूमा उदासीनता आउँदै गएको छ ।

बज्रेश्वरीको उत्पत्ति र जात्राको प्रचलन : प्राचीनकालमा पिङ्गल नाम गरेको पोडेले पशुतिनाथ मन्दिर प्राङ्गणमा दक्षिण ढोकाबाट बाहिर जान लागेकी एक सुन्दरीलाई देखे । पहिले कहिल्यै नदेखेकी नौली युवतीलाई देखेर ती पिङ्गल कौतुहलतावश ती सुन्दरीको पछि लागे । पिङ्गल टोल नजिकैको वागमती किनारको मशानमा आइपुगेपछि त्यहाँ नृत्य गर्न लागेका भैरवलाई देखे । केहीबेरपछि भैरव र युवती दुबै अलप भए । यसबाट ती पिङ्गलले यी देवी नै हुन् भन्ने विचार गरी दर्शन पाउने आशाले त्यहीँ बसी तपस्या गर्न थाले ।

फाल्गुण कृष्ण एकादशी मृगशीर्षा नक्षत्र मङ्गलबारका दिन अरू देवी देवताका साथ भैरव पनि त्यहाँ भोज खान उपस्थित भए । जति पटक भाग लगाए पनि एक भाग बढ्ता हुँदा बज्रेश्वरीले 'यो एक भाग मेरो तपस्या गरेर बसेको मेरो भक्तका लागि हो' भनिन् । त्यसपछि ती पोडेलाई पनि भोज खान दिइयो । भोज खाइसकेपछि देवीले पिङ्गललाई सोधिन्–"किन मेरो तपस्या गरेको ?" पिङ्गलले भने –"अरू देवताका साथ हजुरलाई पनि फाल्गुण कृष्ण एकादशी मृगशीर्षा नक्षत्र मङ्गलबारका दिन रथारोहण गराई जात्रा गर्ने मेरो इच्छा छ ।" भगवतीले पनि "चार वर्णले मलाई आमन्त्रण गरी पूजा गरेपछि अरू देवताको पूजा गर्नू तिम्रो इच्छा पूरा हुन्छ" भनी वर दिइन् । त्यस बेलादेखि बज्रेश्वरीको जात्रा लाग्न थालेको भनिन्छ ।

बज्रेश्वरीको पूजालाई देशोद्धार पूजा भनिन्छ । बज्रेश्वरीको आमन्त्रण पूजा सकेपछि मात्र देवपत्तनका अरू जात्रा शुरू हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस जात्राको सन्दर्भमा चैत्र कृष्ण द्वादशीका दिन देवपाटन क्षेत्रको सिफलको ढोकादेखि भुवनेश्वरीको पीठतर्फ जाने कुनाछेँ टोलभित्रका ब्राह्मण (राजोपाध्याय), क्षत्री, वैश्य र शूद्र चार वर्णका एक एक व्यक्ति जम्मा भएर बज्रेश्वरीको पीठमा गएर निम्ता गर्छन् । निम्तापछि जनप्रतिनिधिले वरण गरिएका सबै चार वर्णका मानिसहरूलाई फेटा गुताइदिन्छन् । यसरी वरण गरिएका र फेटा गुताइएका चार वर्णबाट त्रयोदशीका दिन कुमारीको पूजा हुन्छ । चतुर्दशी (प्रेत चतुर्दशी)का दिन देशोद्धार पूजा हुन्छ । त्यसपछि औंसीका दिन बज्रेश्वरीको रथयात्रा (खटजात्रा) हुन्छ ।

(२) वत्सलेश्वरीको जात्रा

वत्सलेश्वरी पशुपतिनाथकी सहधर्मिणी हुनुहुन्छ । उहाँको मन्दिर वागमतीको किनारामा छ । वत्सलेश्वरीको रथ जात्राले शिव र पार्वतीको विवाहलाई स्मरण गराउँछ । यसलाई स्थानीय भाषामा 'दुदु च्याँच्याँ' भनिन्छ ।

यो जात्रा चैत्रकृष्ण अष्टमीदेखि शुरू हुन्छ । त्यस दिन पशुपतिनाथको बेलुकाको आरती सकिएपछि मन्दिरको गर्भगृहमा रहेको पशुपतिनाथको सानो मूर्तिलाई रथमा राखी विभिन्न देवीदेवतालाई निम्ता दिन प्रस्थान गरिन्छ । यस यात्रामा पशुपतिनाथका दक्षिण मुखका पुजारी भट्ट एक, मूल भण्डारी चार, कोतवाल दुई र पशुपतिनाथका आसागुर्जा सामेल हुन्छन् । पुरानो पञ्चेबाजा, "दुदु च्याँच्याँ पा पा छ्याङ्" भन्ने बाजा समेत बजाइन्छ ।

रथ सर्वप्रथम भुवनेश्वरी मन्दिरमा पुग्छ । त्यहाँ प्रथम बत्ती बाली भुवनेश्वरीलाई उपासना र आमन्त्रण गरिन्छ । त्यसपछि विभिन्न स्थानका मन्दिरमा रथ पुऱ्याई बत्ती बालेर ती देवदेवीलाई आराधना गरी निमन्त्रणा दिँदै जाने गरिन्छ ।

त्यो कम यसप्रकार छ :

भण्डारेश्वर महादेवको मन्दिर, ज्ञानेश्वर महादेवको मन्दिर, नक्साल भगवती, जमलेश्वर महादेव, जमल, जमलपाटीमा विश्राम, लगन, पचली, नरदेवी (श्वेतकाली) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि असन, कमलाक्षी, तीनधारा पाकशाला, कमलपोखरी, ज्ञानेश्वर, सिफल हुँदै पशुपतिमा रथ पुऱ्याइन्छ । पशुपतिमा रथ पुगेपछि पशुपतिनाथ र वत्सलेश्वरीको मन्दिरको परिक्रमा गराइन्छ । त्यसपछि त्यो रथ तत्काल पालो परेका भण्डारीका घरमा पुऱ्याई बिसाइन्छ । त्यहाँ पशुपतिनाथको भव्य पूजा गरिन्छ । रातभरि रथ त्यहीँ राखिन्छ । भोलिपल्ट पशुपतिनाथको मन्दिरमा रथ पुऱ्याई देवी-देवतालाई मन्दिरमा भित्र्याइन्छ ।

यो जात्रा कहिलेदेखि चलेको हो भन्नेबारे स्पष्ट जानकारी दिने सामग्री उपलब्ध छैनन् । पशुपतिनाथ नै निम्ता दिन जानुहुने परम्परा आश्चर्य लाग्दो छ । उपत्यकामा धेरै देवीदेवताको वासस्थान (मन्दिर) भए पनि भण्डारेश्वर, ज्ञानेश्वर, नक्साल भगवती, पचली र नरदेवीमा मात्र आमन्त्रण गर्ने गरिएको छ । किन यस्तो गरियो होला ? यो रहस्यमय छ । कुलचन्द्र कोइरालाले भने लिच्छविकालतिर यो चलन चलेको अनुमान गर्नुभएको छ ।

वत्सलेश्वरीको जात्राका कार्यक्रम : उपर्युक्तबमोजिम चैत्रकृष्ण अष्टमीका दिन विभिन्न मन्दिरमा पुगी दीपदानका साथ निमन्त्रणा दिइन्छ । त्यसपछि जात्राका कार्यक्रम शुरू हुन्छन् । मुख्य जात्रा भने प्रेतचतुर्दशीका दिन शुरू हुन्छ । उक्त दिन बिहान मूल भट्टसहितका पशुपतिनाथका पुजारी, रकमी र भक्तजनसमेतले वत्सलेश्वरीको मन्दिरमा गई पूजा–उपासना गर्छन् । त्यस बेला बलि पनि दिइन्छ । वत्सलादेवीको पूजा गरिंदा र बलि चढाइँदाका अवसरमा श्याल गुठीका गुठियारले चार हात खुट्टा टेकी श्याल कराउने चलन छ । प्रेतचतुर्दशीका दिन शहरको भद्रकाली पीठमा अन्य देवीदेवतालाई समेत आमन्त्रण गरी पूजा, उपासना गर्ने र खटजात्रा गर्ने परम्परा छ ।

चतुर्दशीको भोलिपल्ट घोडेजात्राका दिन वत्सलादेवीको खटजात्रा शुरू हुन्छ । उक्त खटमा पशुपतिनाथ र वत्सलादेवीको जोडिएको मूर्ति राखिन्छ । उक्त मूर्तिमा माथिल्लो भागमा शिव र तल्लो भागमा वत्सलेश्वरीको मूर्ति हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिव र पार्वतीको संयुक्त मूर्ति भएको खट पहिलो दिन इटा टोलबाट नवाली टोलमा पुऱ्याई राखिन्छ । भोलिपल्ट देवपाटनका घर घर घुमाई पूजा र आराधना गरिन्छ । यसरी घुमाइसकेपछि बेलुका पश्चिम ढोकाबाट भित्र प्राङ्गणमा पुऱ्याएपछि दुई पटक रथ ठोकाइन्छ । त्यस बेला शिवले "जहाँ पायो त्यहीँ जाने र जे पायो त्यही खाने कस्तो बानी बस्यो तिम्रो" भन्नुहुन्छ अरे । जवाफमा वत्सलादेवीले "भक्तले बोलाएको ठाउँमा गएँ र श्रद्धाले दिएका कुरा खाएँ मैले के बिराएँ त ?" भन्नुहुन्छ भन्ने किंवदन्ती छ । यसरी महादेव र वत्सलाका बीच वादविवाद चर्किंदै गएपछि पशुपतिनाथसँग रिसाएकी उनी अमालकोट कचहरीमा पुग्छिन् अर्थात् रथ अमालकोट कचहरीमा पुऱ्याइन्छ ।

रिसाएर गएकी वत्सलालाई फर्काएर ल्याउन पशुपतिनाथले आफ्ना सेवकहरूलाई अह्राउनुहुन्छ । त्यसपछि मूल पुजारीसहितका चार भट्ट, अमालकोटका कर्मचारी रकमी, भण्डार तहवीलका कर्मचारी र रकमी, बाजागाजा र आसागुर्जाका साथ वत्सलालाई फर्काएर ल्याउन प्रस्थान गर्छन् । अमालकोट पुगेर उनीहरू "भगवान् पशुपतिनाथको आज्ञाअनुसार लिन आएका छौँ" भनी निवेदन गर्छन् । वत्सलाबाट "म फर्कन्छु" भन्ने आज्ञा हुन्छ । त्यसपछि मूल पुजारी रथ उठाएर लैजान अह्राउँछन् । त्यसैबेला चन्द्रविनायक गणेशले आमालाई लिन पठाएका जनता आइपुग्छन्, खट बोकेर चाबहिल पुऱ्याउँछन् र गणेशस्थान मन्दिरको अगाडि राख्छन् । यसप्रकार चैत्र शुक्ल प्रतिपदाका दिनको कार्यक्रम सम्पन्न हुन्छ ।

भोलिपल्ट द्वितीयाका दिन अमालकोटका कर्मचारीहरू बाजागाजासहित आई रथ बोकी अमालकोट कचहरी पुऱ्याउँछन् । त्यसपछि देवपाटनका टोल टोल घुमाई दर्शन र पूजाआजा गरिन्छ । यसरी दिनभर घुमाएर बेलुका रथ पशुपतिनाथ मन्दिरको पश्चिमपट्टिको मूल ढोकामा पुऱ्याई तीन पटक जुधाउने काम गरिन्छ । त्यसपछि पशुपतिनाथको प्रतिनिधि भई मूल पुजारीले वत्सलादेवीलाई सिन्दूर चढाउँछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वत्सलादेवीको जात्रासम्बन्धी कथन : प्राचीनकालमा शिव र पार्वती कैलाशमा बसिरहनुभएको थियो । त्यस्तैमा पार्वतीलाई पृथ्वीतलका विभिन्न ठाउँमा भ्रमण गर्ने इच्छा जागेर आयो । अनि उहाँले महादेवसँग निवेदन गर्नुभयो– "प्रभु, मलाई पृथ्वीतलका विभिन्न स्थानमा घुम्न मन लागेको छ । आज्ञा पाए म जान्थेँ ।" शिवले पनि, "हुन्छ जाऊ तिम्रो यात्रा सफल होस्" भनेर बिदा गर्नुभयो र आफ्ना गणहरूलाई उहाँको सुरक्षा र हेरचाहका निम्ति पठाउनुभयो । घुम्दैघुम्दै पार्वती पशुपति क्षेत्रमा आइपुग्नुभयो । त्यस क्षेत्रमा कलकल बगिरहेकी अति पवित्र वागमती नदी, घना र रमणीय श्लेष्मान्तक जङ्गल, सुन्दर पहाड र अति मनोरम प्राकृतिक सौन्दर्य, शान्त र मन नै आनन्दित बनाउने परिवेश देखेर उहाँ ज्यादै प्रसन्न हुनुभयो । उहाँलाई केही दिन यहीँ बस्ने इच्छा भयो । त्यसैले शिवका गणहरूलाई कैलाश फर्कने आदेश दिएर आफू आनन्दमा मस्त भएर बस्नुभयो ।

शिवगणद्वारा पार्वती पशुपति क्षेत्रमा बसेको थाहा पाएर शिव उहाँलाई कैलाशमा लिएर जान आफ्ना गण र देवताका साथ आउनुभयो तर पार्वतीलाई यहाँबाट तुरुन्तै जाने इच्छा थिएन । जान्न भनेर सोझै कैलाशपतिका सामुन्ने भन्ने पनि उहाँको साहस भएन । त्यसैले उहाँले एउटा जुक्ति निकाल्नु भयो । उहाँले मन्त्रिएर राखेको कमण्डलुको जल आफ्नो हातले महादेव, उहाँका गण र देवताहरूलाई छर्कनुभयो । त्यसपछि त सबै भेडा भए । यो कुरा भगवान् विष्णुले थाहा पाउनुभयो । इन्द्रादि देवतासहित शङ्कर भेडा हुनुभएकाले विष्णुले आफू त्यस ठाउँमा भएका भए आफ्नो पनि हालत त्यस्तै हुने थियो भन्ने ठान्नुभयो । त्यसपछि विष्णु "अब कसरी महादेवलगायत अरू भेडा भएका शिवगण र देवताहरूको उद्धार गर्ने ?" भन्ने कुरामा चिन्तन गर्न लाग्नुभयो । एकै छिनको चिन्तनपछि उहाँमा एउटा जुक्ति फुऱ्यो । उहाँले जगज्जननी दक्षिणकालीको तपस्या गर्ने विचार गर्नुभयो र त्यहाँ गई श्मशानमा बसेर माताको तपस्या गर्नुभयो । श्मशानमा बसेर तपस्या गरेकाले चाँडै दक्षिणकाली प्रसन्न हुनुभयो ।

विष्णुका अगाडि प्रकट भएर दक्षिणकालीले 'वर माग' भन्नुभयो । उहाँले पनि भगवतीलाई सबै बेलिविस्तार गरी "भगवान् शिव र अरू भेडा भएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबैको उद्धार गर्ने" वर माग्नुभयो । दक्षिणकालीले मोहिनी मन्त्र दिई "यो जप गर्नाले तपाई सानो बालकको रूप लिन सक्नुहुने छ, कसैले चिन्ने छैनन्, बालकको रूप धारण गरी जुक्ति निकालेर महादेव र देवताहरूको उद्धार गर्न सक्नुहुने छ ।" त्यो सुनी खुशी भएर विष्णु बालकको मोहनी रूप धारण गरी पशुपति बज्रेश्वरीमा बसी मन्त्र जप गर्न लाग्नुभयो । एक दिन पार्वतीका सखीहरू घुम्दै फिर्दै त्यहाँ आइपुगे र मोहनी लगाउने शक्ति भएका बाल रूप विष्णुलाई देखे । उनीहरू मोहित भएर ती बालकलाई पार्वतीका समीपमा लगे । पार्वतीले पनि ती मोहनी रूप बालकलाई आफूसँगै राखिन् । मन्त्रका प्रभावले कसैले पनि उहाँलाई चिन्न सकेनन् । मोहनी मन्त्र जप्तै बसेका विष्णुले पार्वतीलाई मोहमा पार्नुभयो ।

त्यसपछि विष्णुकै इच्छानुसार भेडा चराउने जिम्मा उहाँमा आयो । भेडाको बथानमा एक जग्खु थुम्बा थियो । त्यही भेडा नै शिव हुन् भन्ने विष्णुले चिन्नुभयो तर जति स्तुति गरेपनि थुम्बा रूप शिवले टेर्नु भएन । विष्णु निराश भएर पार्वतीकै समीपमा आएर बस्नुभयो । निरन्तर मन्त्र जपका प्रभावले मोहित भएकी पार्वतीले एक दिन ती बालकलाई काखमा राखेर "आफूलाई इच्छा लागेको वर माग ।" भन्नुभयो । पार्वतीलाई वाचा बँधाई विष्णुले भन्नुभयो, "माते यी भेडा हामीलाई के काम आज्ञा भए यी सबैको बलि दिन पाऊँ ।" पार्वतीले "मन लागेको गर" भन्नुभयो । विष्णुले खड्ग लिएर भेडाको गर्धन छिनाउँदै जानुभयो । जब जख्खु थुम्बाको पालो आयो त्यसको पनि गर्धन छिनाउन खड्ग उचाल्नुभयो । त्यस बेला पार्वतीलाई होश आयो र उहाँ कराउनु भयो, "पख्नोस् पख्नोस्" । भेडा काट्ने सुरमा विष्णुले पनि मन्त्र जप्न छुटाउनु भएछ । पार्वती कराएको र छली विष्णुको क्रियाकलाप देखेर शिव पनि छक्क पर्नुभयो र भेडाको रूप त्यागी आफ्ना रूपमा प्रकट हुनुभयो । त्यसपछि विष्णुले शिव र पार्वतीको स्तुति गर्नुभयो । त्यो स्तुतिबाट प्रसन्न भएर शिव–पार्वतीले –"वर माग" भन्नुभयो । विष्णुले "भेडा रूपमा मारिएका सबै आआफ्नो रूपमा बाच्न पाउन्" भन्ने वर माग्नुभयो । देवताहरू पुनर्जीवित हुने वर पाएर उठे । त्यसपछि देवताहरूले यसप्रकारको रोचक र रोमाञ्चकारी खेल खेल्ने शिव–पार्वती र विष्णुको स्तुति गरे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिव–पार्वतीले–"यस घटना र चरित्रको स्मरण गराउने सानो बालक भएर यहीँ बस्नुहोस् । पापीहरू तपाईको दर्शन गरेर पापबाट मुक्त हुन सकून्" भनेर विष्णुलाई आज्ञा भयो । त्यो आज्ञा विष्णुले शिरोधार्य गर्नुभयो र वत्सलादेवीको दक्षिणतिर बस्नुभयो । आज पनि हामी वत्सलादेवी मन्दिरको दक्षिणतिर जुन सानो मन्दिर देख्छौं, त्यो विष्णुकै हो । कतिपय मानिसहरू यस वास्तविकताबाट अपरिचित भएर उक्त मन्दिरका देवतालाई वटुकभैरव भनी पूजा अर्चना गर्छन् ।

त्यस्तो लीलापछि शिवले पार्वतीलाई "कैलाश जाऔँ" भन्नुभयो । पार्वतीले भन्नुभयो "यस्तो रमाइलो स्थान छाडेर कहाँ जाने ? हामीहरू पनि देवताहरूका साथ यहीं बसौं न ।" पार्वतीको कुरा महादेवले स्वीकार गर्नुभयो र ज्योतिस्वरूप भएर बस्नुभयो । पार्वती पनि विष्णुलाई वात्सल्य दिएकीले वत्सलेश्वरीका रूपमा यहीँ बस्नुभयो । अन्य देवता पनि यहीँ शिव–पार्वतीको सान्निध्यमा भक्तहरूको उद्धार गरी तिनलाई वर दिएर बस्न थाले ।

वत्सलेश्वरीको जात्रासम्बन्धी थप जानकारी : वत्सलेश्वरी गुह्येश्वरीको पीठ प्रकट भएकै बेलादेखि यहाँ रहनुभएको थियो । यो अत्यन्त तेजस्वी उग्र पीठ हो । सूर्यवंशी राजा विश्वदेव (वृषदेव)का पालामा (कलिगत २८९५–९६) मा यस पीठलाई आदिपीठ ठहराई वैशाख शुक्ल एकादशी उत्तरफाल्गुनी नक्षत्र बरियान योग वृहस्पतिबारका दिन पूजा र नरबलि विधिपूर्वक गरी शिलाको पद्माकार यन्त्र (वत्सला-यन्त्र) बनाई यन्त्रभित्र गुप्त प्रतिष्ठा गरी देवालय बनाई सेवा हुँदै आएको उल्लेख भएको पाइन्छ ।

उक्त सेवा शुरू भएको दुई तीन वर्षपछि काठमाडौँका भद्रकाली, कङ्केश्वरीलगायत देवीदेवतालाई पशुपतिनाथबाट निम्ता दिई प्रेतचतुर्दशी (चैत्र कृष्ण चतुर्दशी) का दिन कौमारी गणहरूलाई आवाहन गरी श्रीवत्सला पीठमा विराजमान गराई तन्त्रोक्त शास्त्र अनुसार महासङ्कष्ट विधिले नरबलि दिई नरशिवा (भाले श्याल)हरूको कोलाहल गरी कराउन लगाई मातृका गणलाई भक्षण गर्न लगाउने र विसर्जनका बेला दक्षिणा–भेटी, वस्त्रादि दिई सम्मान गर्ने परम्परा बसालिएको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा शिवदेवका पाँचौं पुस्ताका राजा विश्वगुप्त (विष्णुगुप्त)ले (कलिगत ३१२१) नरबलि प्रतिवर्ष चढाउन कष्ट भयो भनी देवीको शान्तिपूजा गरी निख्खर (अङ्गभङ्ग नभएको) कालो जोडा बोका बलि दिने चलन चलाए। श्याललाई आह्वान गर्न नसक्ता मनुष्यलाई नै चार हातखुट्टा टेकी श्याल कराउन लगाइयो। श्याल कराउनेहरूले ठट्टा गरी राजालाई समात्न जाँदा राजा खुशी भई नर शिवालाई धेरै खेत बिर्ता दिएकामा आजसम्म भोग गर्दै आएका छन्। वंशावलीमा लेखिएका कुरा तिथिमिति नमिले पनि अरू धेरै मिलेकाले स्वीकार गर्नुपर्ने हुन्छ।

वत्सलेश्वरीका सम्बन्धमा अन्य केही स्मरणीय कुरा

१. नेपाल महात्म्यमा वत्सलेश्वरीको मुक्तकण्ठले गुण गाइएको छ। वागमती नदीको किनारमा रहेको श्लेष्मान्तक वन अत्यन्तै सुन्दर भएकाले काशी र कैलाशलाई छाडेर पशुपतिनाथ यहीँ आएर मृगरूप लिई बस्नलाग्नुभयो। देवताहरूले कैलाश फर्कन धेरै आग्रह गरे तर शिव मान्नुभएन। शिव यहीँ बस्ने भएपछि पार्वतीले पनि वात्सल्यभाव देखाएकी हुनाले शिवले आफ्नो समीपमा नै वागमतीको किनार आग्नेय कोणमा बस्ने अनुमति दिनुभयो र त्यही नामबाट पार्वतीको ख्याति चारैतिर फैलियो।

२. शिवले वागमतीको पवित्रता र वत्सलेश्वरीको महत्त्व बताउँदै वागमतीमा स्नान गरेर वत्सलादेवीको दर्शन-पूजा गर्नेहरू कैलाश वास गर्ने र सबै पापबाट मुक्त भई शिवलोकमा पुग्ने हुन्छन् भनी भन्नुभएको कुरा नेपाल महात्म्यमा उल्लेख गरिएको छ।

३. डा टण्डनले 'भाषा वंशावलीलाई आधार मान्ने हो भने लिच्छविकालदेखि वत्सलेश्वरीको जात्रा चलाइएको हुन सक्ने' आशय प्रकट गर्नुभएको छ। वागमती नदीको बायाँ किनारामा रहेको वत्सलेश्वरीको मन्दिर सत्रौं शताब्दीमा निर्माण गरिएको हो।

४. वत्सलेश्वरीको मन्दिरमा पिशाच चतुर्दशीका दिन बिहानैदेखि सर्वसाधारण जनताबाट पूजा हुन्छ। अपरान्ह आगमको पूजा गर्ने भट्ट, पशुपतिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूलपुजारी, पशुपतिका तीन पुजारी, भालिञ्चागुठी तथा पशुपति अमालकोट कचहरीका तर्फबाट वत्सलेश्वरीको मन्दिरमा 'जापाय'(अन्नप्राशन) हुन्छ । प्रत्येक अन्नप्राशनमा तीन पाथी चामलको भातले पीठ छोपी पूजा गरिन्छ । त्यस बेला निख्खर काला बोकाहरूको बलि दिइन्छ ।

५. त्यसपछि सिन्दूरगुठी र चन्दनगुठीका गुठियारले गोबरले लिपी शिव-पार्वतीलाई त्यहाँ राखेर कर्माचार्य पुजारीले क्रमैसँग पूजा गर्छन् । त्यसपछि शिव-पार्वतीलाई वत्सलेश्वरीका मन्दिरमा भित्र्याइन्छ । उक्त अवसरमा दुई निख्खर काला बोका बलिदिएपछि गर्धन पोलेर प्रसादको रूपमा बाँड्ने चलन छ । उक्त दिन राति त्यहाँ धुनी जगाइन्छ ।

६. यस जात्राको अर्को विशेषता नौ जना डङ्गोल कन्यालाई नवदुर्गा र कुमारहरूलाई गणेश कार्तिकेय मानी पूजा गरिन्छ र भोजन गराइन्छ ।

७. कन्या र कुमार पूजाको काम सम्पन्न भएपछि बिहान ५ बजेतिर छ मुरी जति जाँडले स्नान गराइन्छ । यसलाई 'छाहायेकु' भनिन्छ । स्नान अर्नाको सिङबाट गराइन्छ ।

नित्यनैमित्तिक पूजा : वत्सलेश्वरीका मन्दिरमा कुनै मूर्ति छैन । यहाँ यन्त्राकार मण्डल छ । वत्सलेश्वरीमा हुने सबै प्रकारका पूजाआजा यही यन्त्रमा नै हुन्छ । यन्त्रमुनि भैरवको आवाहन गरी पूजा गरिन्छ । वत्सलेश्वरीलाई सिद्धिलक्ष्मीका रूपमा पनि पूजाअर्चना गर्ने गरिएको छ ।

वत्सलेश्वरीमन्दिरको नित्यनैमित्तिक पूजा तान्त्रिक पद्धतिअनुसार हुन्छ र पूजा जयवागेश्वरीकै कर्मचार्य पुजारीहरूले गर्छन् । छुट्टै पुजारीहरू छैनन् । जयवागेश्वरीमा जसको पालो परेको छ उनैले यहाँ पनि आएर पूजा गर्छन् ।

(३) त्रिशूल जात्रा

बज्रेश्वरी जात्रा र वत्सलेश्वरी जात्रापछि त्रिशूल जात्रा निकै महत्त्वपूर्ण मानिन्छ । प्रत्येक वर्ष आषाढ कृष्ण अष्टमीका दिन यो जात्रा शुरू हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जात्रामा वत्सलेश्वरी नजिकै रहेको जयमङ्गलाका स्थानबाट जयमङ्गलाको पहिलो रथ उठाइन्छ । अर्को एउटा खट पशुपतिको बज्रघरबाट एक जना कुमारलाई राखी उठाइन्छ । दुवै खट भुवनेश्वरीको स्थान नजिकै पुगेपछि मुनिबन्धुको पुष्पमय शव भएको खट उठाएर पछि लगाइन्छ । जयवागेश्वरीको मन्दिरमा पुगेपछि त्यहाँ रहेको खटमा एक कुमार र एउटी कुमारीलाई राखी खट उठाइन्छ । जयमङ्गलाका स्थानबाट उठ्ने रथको खर्च भुवनेश्वरी गुठीबाट बेहोरिन्छ । नपुग खर्च गुठी संस्थानले बेहोर्छ । बज्रघरबाट उठ्ने रथको खर्च स्थानीय वैद्य जातिबाट बेहोरिन्छ भने जय वागेश्वरीको खटसम्बन्धी खर्च त्यहींको भण्डारबाट बेहोर्ने चलन छ ।

जात्रामा कुमार र कुमारीलाई त्रिशूलले उनेर उनीहरूको आन्द्रा बेरिएको रूपमा देखाइन्छ । यात्रा अवधिमा उनीहरू बेहोश अवस्थामा हुन्छन् । यी खट बोक्नेहरूले कछाड मात्र बाँधेका हुन्छन् । खट बोकेपछि यसलाई बिसाउन हुँदैन । खट बोकेर गएपछि सिफलको वरिपरि घुमाइन्छ । सिफलबाट फर्किएका रथहरू जयवागेश्वरीमा पुऱ्याइन्छ । त्यसपछि पाचाटोल, वज्रघर हुँदै रथलाई वत्सलेश्वरीको मन्दिरमा पुऱ्याएपछि जात्रा सम्पन्न भएको मानिन्छ ।

त्रिशूल जात्रा कहिलेदेखि चल्यो र कसले चलायो भन्नेबारेमा विभिन्न जनश्रुति पाइन्छन् भने भाषा वंशावलीहरूमा पनि फरक फरक उल्लेख भएको पाइन्छ । कुनै वंशावलीले लिच्छवि राजा नरेन्द्रदेवको समयदेखि शुरूआत भएको बताउँछन् भने कुनैले अमर मल्लको पालामा प्रारम्भ भएको मानेका छन् । यसको रहस्य छुट्टै खालको छ : पहिले स्वयम्भूको डाँडोमा राक्षसहरूको बस्ती थियो । तिनले देउपाटनमा पसेर यहाँका ससाना शिशु लिएर जान्थे । त्यसैको साटो फेर्न देउपाटनका जनताले राक्षसका बच्चाहरूलाई मारी त्रिशूलले उनेर सिफलको डाँडाबाट देखाइदिए । त्यस बेलादेखि राक्षसहरूले बस्तीमा पस्न र बच्चा अपहरण गर्न छाडे । त्यसैको सम्झनामा यो त्रिशूल जात्रा चलाइएको हो भन्ने जनश्रुति पनि छ ।

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को किंवदन्तीअनुसार नागार्जुनमा एक राक्षस बस्थ्यो । त्यसले शहरबस्तीभित्र पसेर बच्चाहरू अपहरण गरी लैजान्थ्यो । त्यसबारेमा राजा नरेन्द्रदेवले आफ्ना गुरु बन्धुदत्त आचाजुसँग विचारविमर्श गरे । बन्धुदत्तले हातहतियारले सुसज्जित तीस चालीस जना जति सिपाही मागे र उनीहरूलाई राक्षस आउने ठाउँमा लुकाएर राखी आक्रमण गरेर मार्ने योाजना बनाए । त्यो कुरा चाल पाएर त्यो राक्षस आएन । आखिर राजा, बन्धुदत्त र सिपाहीहरूले नागार्जुनमा नै आक्रमण गरी त्यस राक्षसलाई समाप्त गरे । त्यसैको सम्भनामा जनता खुशी भएर यो जात्रा चलाएका हुन् ।

वंशावलीमा उल्लिखित फरक खालको किंवन्दती : वंशावलीमा उल्लेख भएअनुसार मुनिबन्धु नामका एक आचाजु (आचार्य) ले तान्त्रिक विधिले यो जात्रा शुरू गरेका थिए । एक पटक उनले आफूलाई कोठामा बन्द गरी परिवारजन र आफ्ना चेलाहरूलाई "छ महिनासम्म म समाधिमा हुन्छु । कसैले यो कोठा नखोल्नू" भनी अह्राएर आफ्नो शरीरबाट निस्किई आफ्नो शरीर कोठामा राखी परकाय प्रवेश जान्ने हुँदा अरूको शरीरमा प्रवेश गरी सञ्जीवनी बुटी खोज्न गए । यसैबीच काठमाडौँका उनका कुनै शत्रुले यो थाहा पाई "मुनिबन्धु परलोक भइसकेका र उनको लाश मात्र कोठामा थुनेर राखेको" हल्ला गरिदिए । यो हल्ला मुनिबन्धुकी श्रीमतीले पनि सुनिन् र कुरा साँचो हो कि होइन भनी 'नखोल्नू' भनेको कोठा खोलेर हेरिन् । हेर्दा त नभन्दै उनले आफ्ना पतिको निर्जीव देह देखिन् र अलापबिलाप गर्न लागिन् । मुनिबन्धुको शरीर उठाएर लगियो र दाहसंस्कार गरियो । जब मुनिबन्धु फर्किएर आए त उनको शरीर खरानी बनाइसकिएको थियो । त्यो थाहा पाएर "अब यहाँ बस्नुको कुनै अर्थ छैन" भनी अन्यत्रै लागे ।

पछि यो भेद खुलेकाले मुनिबन्धुका सम्भनामा एउटा खट बनाई उनको शवको प्रतीक नक्कली लाश कपडाले छोपी अरू रथसंङ्गै देउपाटन घुमाउने चलन चलेको हो । त्यो हल्ला चलाउने काठमाडौँकी महिला थिइन् । तिनलाई गलत कुराको हल्ला चलाएको भनी अश्लील शब्दसमेत प्रयोग गरी गाली गर्ने चलन अहिले पनि छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(४) गङ्गामाईको जात्रा

पशुपतिनाथ मन्दिरको पूर्वतर्फ वागमतीका किनारमा श्रीगङ्गामाईको गुम्बज शैलीको मन्दिर छ र त्यहाँभित्र सँगमरमरको मूर्ति स्थापना गरिएको छ। मन्दिरको निर्माण कहिले कसले गरेको हो भन्नेबारेमा कतै उल्लेख गरिएको पाइन्न। डा टण्डनले यस मन्दिर र मूर्तिको शैलीका आधारमा विक्रमको बीसौं शताब्दीको पूर्वार्द्धमा निर्मित भएको हुनसक्ने र जङ्गबहादुरकी एक पत्नी गङ्गारानीले मन्दिरको स्थापना गरेको हुन सक्ने अनुमान गर्नुभएको छ। आषाढ शुक्ल सप्तमीका दिन गङ्गामाईको जात्रा शुरू हुन्छ। यो जात्रा अनावृष्टि, अतिवृष्टि नहोऊन् भन्ने उद्देश्यका साथ चलाइएको हो भन्ने बुढापाकाहरूको भनाइ छ।

जात्रा गर्दा रथमा राखी घुमाउने गङ्गामाईको ढलोटको मूर्ति पशुपतिनाथको गर्भगृहबाट सप्तमीका दिन बिहानै यस मन्दिरमा ल्याएर विशेष पूजा आराधना गरिन्छ। भुवनेश्वरीका पुजारीले बाजागाजाका साथ उक्त ढलोटको मूर्ति बोकेर बज्रघर अगाडि रथ राखिएको ठाउँमा पुऱ्याई रथमा विराजमान गराउँछन्। त्यसपछि रथयात्रा शुरू हुन्छ।

उक्त रथजात्रामा बाजागाजाका साथ आएको शार्दूलजङ्ग पल्टन (गुरूज्यूको पल्टन)ले अगुवाइ गर्छ भने पशुपतिनाथ अमालकोट कचहरीका रकमी, गुठी संस्थानका प्रतिनिधि, आसा गुर्जा, चमर, पङ्खा, बाजागाजाका साथ रथयात्रामा सामेल हुन्छन्। यसरी नै कुशलेबाजा, कसाईबाजा, डङ्गोलबाजा र दमाइ– बाजा बजाउनेहरू पनि रथयात्रामा श्रद्धापूर्वक सम्मिलित भएका हुन्छन्। केटाकेटी र अरू उमेरका स्थानीय बासिन्दा पनि रथयात्रामा खुशीसाथ सम्मिलित हुन्छन्। जात्रामा पहिले समयबजी र तिलौरी प्रशस्त बाँडिन्थ्यो। त्यसैले पनि केटाकेटी र अरू मानिसहरू पनि बढी नै हुन्थे। अहिले औपचारिकता पूरा गर्न रथ तान्नेहरूलाई थोरै मात्र बाँडिन्छ।

रथ वनकाली, गौशाला, जयवागेश्वरी, ताम्रेश्वर (देवपत्तन) मा घुमाई त्यसपछि पाँच टोलको ओह्रालो हुँदै पशुपतिनाथ मन्दिरको पश्चिम ढोकासम्म पुऱ्याई फर्काएर बज्रघरमा पुऱ्याईन्छ र जात्रा एक दिनमै सम्पन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । जात्रामा पशुपति गोश्वारा, अमालकोट कचहरी, समरजङ्ग कम्पनी, सार्दूलजङ्ग पल्टन, गुठी संस्थान, गुठी अड्डा आदिको सहभागिता रहन्छ । जात्रामा धेरै सङ्घसंस्थाको सहभागिता भए पनि रकमको अभाव भने खड्कने विषय हुँदै गएको छ ।

(५) खड्गजात्रा

गाईजात्राको भोलिपल्ट भाद्रकृष्ण द्वितीयाका दिन देवपाटनमा खड्गजात्रा हुन्छ । यो जात्रा अपरान्ह ३-४ बजेतिर शुरू हुन्छ र त्यसैदिन समाप्त हुन्छ । जात्रा घुमाउने मार्ग पनि अरू जात्राको जस्तै हुन्छ । अरू जात्रामा जस्तै पशुपतिनाथ मन्दिरको ढोकामा भने जात्रा पुऱ्याउनै पर्छ । जात्रामा देवपाटनमाथिको डाँडाका ताम्रेश्वर र पशुपतिनाथको पनि प्रदक्षिणा हुन्छ ।

जात्रामा बीसतीस वर्षका युवकहरू महिलाका पाँचसात जोर फरिया र चोला काँधमा बोकेर हिंड्छन् र तिनका पछिपछि दर्शकहरू लाग्छन् । यसको रहस्य के हो भन्नेबारे कुलचन्द्र कोइराला "महिलाका पोसाक लगाएर युद्धमा लडेका युवकहरूले विजय हासिल गरेपछि ती पोशाक फुकालेर विजयोत्सव मनाएकाले त्यसैको सम्झनामा यो जात्रा चलेको हुन सक्छ" भन्नुहुन्छ ।

(६) रोपाइँ जात्रा

यस जात्रामा बीसतीस जना महिलाको पोशाक लगाएका पुरुषहरू हातमा धानको रोपो लिएका रोपारको अभिनय गर्छन् । चारपाँच जना पुरुषहरू बाउसेको भूमिकामा हातमा कोदाली र कोदालो लिएका हुन्छन् भने पाँच सात जना हातमा बटुका लिएका व्यक्तिहरू हुन्छन् । ससाना केटाकेटीलाई पीताम्बरको कछाड लगाइन्छ र तिनका हातमा कर्द, चक्कू र कचौरा राखिदिन्छ । तिनलाई झल्लरी छाता ओढाइन्छ । तिनका पछिपछि विभिन्न बाजागाजा बजाउनेहरू लाग्छन् । अनुहारमा विभिन्न रङ पोतेका हँसाउने अभिनय गर्नेहरू पनि यस जात्रामा हुन्छन् । वास्तवमा यो हँसीमजाक, ठट्टा रमाइलो गर्ने जात्राका रूपमा प्रख्यात छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाउसेहरूले हिल्याएको र रोपारहरूले धान रोपेको अभिनय गर्ने यो जात्रा निकै रमाइलो हुन्छ । पहिलेपहिले अलि उचाइ परेको देवपाटन क्षेत्रमा शुरूमा पानी नपुगी भदौमा रोपाइँ गर्ने चलन थियो । पछि पानी प्राप्त भएका स्थितिमा असार महिनामा नै रोपाइँ गर्ने गरियो । तथापी परम्परागत स्थितिलाई जीवन्त बनाउने ध्येयले भदौ महिनामा रोपाइँ जात्रा गर्ने गरिएको छ ।

(७) शिव–पार्वती नृत्य जात्रा (देउपाटन)

पशुपतिको देउपाटनमा आश्विन कृष्ण प्रतिपदादेखि तीन दिनसम्म शिव–पार्वती नृत्य जात्रा हुन्छ । शिव नाट्यशास्त्रका आदि प्रवर्त्तक र सम्पूर्ण नाट्य विधाका ज्ञाता मानिनु हुनुहुन्छ । नाट्शास्त्रमा वर्णित १०८ नृत्य विधाका प्रखर ज्ञाता शिवलाई दक्षिण भारतमा नाट्येश्वरका रूपमा पूजा–आराधना गरिन्छ । नेपालमा पनि नृत्यको परम्परा भएका ठाउँमा भगवान् नृत्येश्वरको मन्दिर, मूर्ति र चित्रहरू राखिएका हुन्छन् र पूजासमेत हुन्छ । हरसिद्धि, नवदुर्गा, ठेचो र अन्यत्र पनि नाट्येश्वरको सर्वप्रथम आराधना र पूजा गरेर नृत्य गर्ने परम्परा छ ।

देवपाटनमा नचाइने शिव–पार्वती नृत्य झण्डै ताण्डव नृत्य जस्तै छ । यस नृत्यमा शिव हुनेले मकुण्डो र पार्वती हुनेले लहङ्गा लगाउँछन् । शिरमा मुकुट हुन्छ ।

यस नृत्यमा सहनाई, झ्याम्टा, झ्याली, ढोलक आदि प्राचीन बाजा बजाइन्छ । नृत्यको ताल, स्वर, लय, गीतद्वारा नै प्रस्तुत गरिन्छ । नेवारी भाषामा बनेका प्राचीन गीतहरूले विभिन्न किसिमका नृत्यमुद्रा प्रस्तुत गर्छन् । यो नृत्य सर्वप्रथम अमालकोट कचहरीका डबलीमा देखाइन्छ । त्यसपछि देउपाटनको टोलटोलमा, पशुपतिनाथका पुजारी बसेका घरघरमा यो नृत्य नचाइन्छ । यसरी नै पशुपतिनाथ, गुह्येश्वरी, चाबहिल गणेश र चारूमतीमा पनि यो नृत्य प्रदर्शन गर्ने चलन छ ।

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवको मुकुट तथा मुकुण्डो, तासको सुरूवाल, दोहोरो पारेर लगाइएको माला, पार्वतीको जामा तथा मुकुट आदिको अध्ययन गर्दा यो नृत्य परम्परा किराँत कालीन सभ्यताको झलक दिने खालको हो भन्ने विद्वान् कुलचन्द्र कोइरालाको भनाइ छ ।

(८) चन्द्रविनायक

चाबहिल गणेशस्थान पनि पुरानो देवपत्तन क्षेत्र अन्तरगत नै पर्ने भएकाले र गणेश वत्सलेश्वरी र शिवका पुत्र हुनुभएकाले उक्त जात्राका बारेमा पनि केही उल्लेख गर्नु प्रासङ्गिक हुन्छ ।

यहाँका गणेशलाई हामी विशेष रूपमा चन्द्रविनायक नामले चिन्छौं । उहाँका अरू नाम रक्तगणेश, गणेश्वर, चाबहिल गणेश, श्वेतविनायक आदि छन् । स्थानीय नेवार समुदायका व्यक्तिहरू यी गणेशलाई ल्होसला गणेश भन्छन् । पुराना बुढापाकाका अनुसार यी गणेश पहिले हाँडीगाउँमा हुनुहुन्थ्यो । उहाँलाई त्यहाँबाट तानेर ल्याई चाबहिलमा स्थापना गरिएको हो । उहाँको पूजा, उपासना र दर्शन गर्नाले शरीरका घाउ, खटिरा, असाध्य चर्मरोगसमेत निको हुन्छ भन्ने जनविश्वास छ । चाबहिल गणेशमन्दिर धार्मिक समन्वयका दृष्टिले पनि महिमामय छ । यहाँ विभिन्न देवताका मूर्ति र शिवलिङ्गहरू पनि छन् । शिवलिङ्ग सादा छन् भने भैरवको पनि सादा शिला छ । त्यहाँ दुर्गा, दोलखाका भीमसेन, पलाञ्चोके भगवती, विष्णु, हनुमान, सरस्वती, राधाकृष्ण, शेषशायी विष्णु, भैरव आदिका मूर्तिहरू छन् । यसरी नै मन्दिरको प्राङ्गणमा लिच्छविकालको शैलीमा प्रस्तरको चैत्य छ ।

यस मन्दिरमा नित्यपूजा गर्ने पुजारीहरू कर्माचार्यहरू छन् । द्यपाल मानन्धरहरू छन् । प्रत्येक महिनाको चतुर्दशी तथा पूर्णिमाका दिन विशेष पूजा गर्न विसं १७१९ फागुनमा र विसं १७७७ वैशाखमा विश्वदेव मानन्धर र हरिनारायण सम्मिलित भई गुठी राखेका थिए ।

गणेशजात्रा : चन्द्रविनायक जात्राको प्रारम्भ राजा भूपालेन्द्र मल्लले गरेका हुन् । उनकी रानीलाई स्वप्नमा गणेशले दर्शन दिएपछि राजा-रानी मिलेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिनाथको विशेष पूजा गरी उहाँसँग आज्ञा मागी नूनको अभेद्य कवच र मूर्ति बनाई रथारोहण गराई यो जात्रा शुरू गरेको वंशावलीमा उल्लेख छ । प्रत्येक वर्ष कात्तिक शुक्ल पूर्णिमा र त्यसको भोलिपल्ट प्रतिपदाका दिन चाबहिल गणेशको रथजात्रा गरिन्छ ।

जात्रा शुरू गर्दा कात्तिक शुक्ल चतुर्दशीका दिन बेलुका गणेश र भैरवका अगाडि धुनी जगाइन्छ । जात्रामा घुमाइने देवीदेवतालाई गणेशको मन्दिरमा ल्याई स्थापना गरी पूजा गरिन्छ । ती देवीदेवताको पूजा गरिन्छ । त्यसपछि कुमारकुमारीलाई ल्याएर भोजन गराइन्छ । त्यस रातभरि त्यहाँ भक्तजनहरूले भजन कीर्तन गर्छन् । भोलिपल्ट टोलवासीले श्रद्धाभक्तिपूर्वक गणेश, भैरव र अन्य देवीदेवताको पूजा गर्छन् । त्यसैदिन बेलुका अमालकोटका रकमीहरू बाजागाजाका साथ आउँछन् र पूजा गर्छन् । त्यसपछि गणेश र भैरवलाई रथमा राखिन्छ र त्यस भेगका देवदेवीका मन्दिरहरूमा घुमाइन्छ । रथ गणेशस्थान पछाडिको चौरमा लगेर नचाइन्छ । त्यसपछि रथ गङ्गाहिटीमा पुऱ्याई त्यहाँको जलले गणेश र भैरवलाई स्नान गराइन्छ । त्यहाँ पनि भक्तजनहरू पूजा गर्छन् । राती खट भगवान् बहालमा लगेर विश्राम गराइन्छ । भोलिपल्ट प्रतिपदाका दिन भक्तजन पूजाआजा गर्छन् । त्यसपछि गणेशको खट बोकेर लगी पशुपतिनाथको परिक्रमा गराइन्छ । भैरवको रथ कुटुम्बहालमा लगेर राखिन्छ । पछि गणेशको रथ पनि कुटुम्बहालमा लगिन्छ । त्यहाँबाट दुबै रथ चुच्चेपाटीसम्म पुऱ्याईन्छ र सर्वसाधारण जनताले पूजाआजा गर्छन् । बेलुकीपख रथ भगवान् बहाल हुँदै श्रीबहालमा पुऱ्याइन्छ । त्यहाँ राति ११ बजेसम्म विशेष पूजाआजा हुन्छ । त्यसपछि भैरवको रथले गणेशको रथलाई तीन पल्ट परिक्रमा गराइन्छ ।

भोलिपल्ट बिहान ९/१० बजेतिर अर्को ससाना खटमा गणेश र भैरवलाई आरोहण गराइन्छ । त्यसपछि लावालस्करसहित लावा, दुबो, सिन्दूर छर्दै सबै टोलमा घुमाइन्छ । त्यसपछि गणेश र भैरवलाई काँधमा बोकेर गणेशस्थानमा पुऱ्याईन्छ । देवतालाई शाक्यहरूको घरमा लगेर राखिन्छ । देवपाटनको जात्रामा शैव, शाक्त र बौद्धहरूको सहभागिता हुने गरेको देखिएकाले धार्मिक समन्वयका दृष्टिले समेत यो जात्रा महत्त्वपूर्ण छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जात्रा सम्बन्धमा वंशावलीको कथन : वंशावलीमा उल्लेख भएअनुसार– प्राचीन कालमा देवपत्तन क्षेत्रमा चन्द्रदेव नाम गरेका राजा राज्य गर्थे । एक पटक शत्रुहरूले उनलाई पराजित गरी उनको राज्य हडप गरे । त्यसपछि राजा चन्द्रदेव पशुपतिनाथका शरणमा गए । पशुपतिनाथबाट कल्पवृक्षको फेदमा रहेका हस्तिमुख गणेशको आराधना गरेमा उनको इच्छा पूरा हुने आज्ञा भयो । राजाले ती गणेशको आराधना, पूजा गरे । नभन्दै उनले गुमेको राज्य प्राप्त गरे । यसरी चन्द्रदेवद्वारा पूजा आराधना गरेकाले ती गणेशको नाम चन्द्रविनायक भएको हो ।

(९) गुह्येश्वरीको जात्रा

काठमाडौँ उपत्यकाभित्रका मात्र होइन कि नेपालभरकै वैदिक र बौद्ध दुबै थरी धर्मावलम्बीले समान रूपमा आस्था राखिएकी र सम्मान गरिएकी गुह्येश्वरीको छुट्टै महिमा छ । गुह्येश्वरीलाई महादेवकी पत्नी सतीदेवीको गुह्य पतन भएर उत्पन्न भएको पीठका रूपमा लिइन्छ । कुण्डरूपमा गुह्येश्वरी पीठको अवस्थिति छ । यिनलाई षडाम्नायमध्ये उत्तराम्नायकी प्रमुख देवीका रूपमा उपास्या र पशुपतिनाथकी विशिष्ट शक्तिका रूपमा भक्तहरूले सम्मान गर्छन् । राजा प्रताप मल्लले नेसं ७७४ (विसं १७११)मा त्यहाँ राखेको अभिलेखमा अङ्कित स्तोत्रमा गुह्येश्वरीलाई चन्डिका, कालिका आदि नामले पुकारिएको छ ।

नेपालका महायानी बौद्धहरू गुह्येश्वरीलाई भगवान् स्वयम्भूकी जन्मदात्री पराशक्तिका रूपमा सम्मान गर्छन् । बौद्ध वंशावली र पुराणमा उल्लेख भएअनुसार अथाह जलमग्न काठमाडौँ उपत्यकाको जलराशिमा रोपिएका कमलबीज उम्रेर हालको स्वयम्भू नजिकै विकसित हुँदा त्यसै फूलमा स्वयम्भूको ज्योति उत्पन्न भएको हो ।

गुह्येश्वरी माताको नित्य पूजा तथा नैमित्यिक पर्वपूजाहरू हुँदै आएका छन् । चैते दशैं भनिने चैत्रशुक्लको नवरात्र, आश्विन शुक्लको नवरात्र र भाद्रशुक्लको नवरात्रका अष्टमी र नवमीका दिन बलिसहितका विशेष पूजा गरिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जात्रा पर्व : मार्गशीर्ष कृष्णपक्षको नवमी र दशमीका दिन गुह्येश्वरीको रथयात्रा गरिन्छ । यो जात्राको शुरूआत लिङ्गो उभ्याएर गरिन्छ । स्वर्ग, मर्त्य र पाताल ढाकेर रहेको स्तम्भको प्रतीक लिङ्गलाई मानेर आर्यजातिले लिङ्ग पूजालाई महत्त्व दिई यसको पूजा गर्दै आएका छन् । ठुल्ठुला यज्ञ गर्दा समेत यज्ञस्तूपहरू गाडिन्छन् । स्तम्भलाई भगवतीको रूप मानेर मौलामा बलिदिने चलन चल्दै आएको छ । गुह्येश्वरीको जात्रा गर्दा पनि सर्वप्रथम विधिपूर्वक पूजा गरी काठको लिङ्गो उभ्याई ध्वजोत्थान गरिन्छ । जात्रा समाप्त भएपछि भने लिङ्गो ढालिन्छ ।

हाम्रो धार्मिक संस्कृतिमा भगवती गुह्यकाली र तुलजा भवानीको समन्वय र एकताको ठूलो महत्त्व रहँदै आएको छ । त्यसैले जात्रामा तलेजु भवानीका पुजारी निमन्त्रणापूजा गर्न आउँछन् । नवमीका दिन बेलुका तुलजा भवानी (काठमाण्डौं)को मन्दिरमा रहेको गुह्येश्वरीको प्रतीक स्वरूप अष्टदल कमलमाथि रहेको चाँदीको कलश एवं भैरवको मूर्तिलाई खटमा राखी गुह्येश्वरीको मन्दिरमा ल्याइन्छ । गुह्येश्वरी र भैरवको प्रतीकलाई मन्दिरमा भित्र्याएपछि हनुमान ढोकास्थित तलेजु मन्दिरका र गुह्येश्वरीका कर्माचार्य पुजारीहरूको आचार्यकत्वमा त्यहाँ विशेष पूजा र आरती गरिन्छ र गुप्ति पूजा हुन्छ । उक्त पूजालाई 'महापूजा' भनिन्छ । त्यस अवसरमा जजसले गुठी राखेका छन्, उनीहरूका तर्फबाट पनि पूजा हुन्छ । महापूजामा अमालकोट कचहरी र काठमाडौंको कुमारीको रथ हाँक्ने 'महानायक'का तर्फबाट पनि पूजा हुन्छ । यसप्रकारको पूजा रातको १२-१ बजेसम्म चलिरहन्छ ।

त्यसको भोलिपल्ट दशमीका दिन बिहानदेखि बेलुकासम्म पूजाआजा भइरहन्छ । उपत्यकाका धेरै जनता भवगतीको पूजाआजा गर्न गुह्येश्वरीको स्थानमा भेला हुन्छन् । त्यस दिन पूजाआजा गर्न विभिन्न गुठीका गुठियारहरू पनि भेला हुन्छन् । त्यस दिनका पूजामध्ये धेरै पूजा त गुठीहरूकै तर्फबाट हुन्छ । दशमीका दिन गुठीहरूका तर्फबाट विभिन्न किसिमका पूजाआजा हुन्छन् । पूजा सकिएपछि त्यहीँ बसेर भोज खाने उद्देश्यले पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै गुठियार आएका हुन्छन् । सबै गुठियार र सर्वसाधारणका तर्फबाट पूजाआजा सकिएपछि गुठियारका तर्फबाट शोभापूजा हुन्छ । त्यसपछि हनुमान ढोकाबाट ल्याइएका गुह्येश्वरी र भैरवका प्रतीकहरूलाई खटमा राखिन्छ । पहिले पहिले सम्बन्धित पशुपति अमालकोट कचहरीलगायतका कर्मचारीहरूको पनि उक्त अवसरमा उपस्थिति हुन्थ्यो । अहिले त्यो परम्परा कमजोर बन्दै गएको छ । क्षमापूजापश्चात् गुह्येश्वरीको मन्दिरको प्राङ्गणबाट रथ तल ओरालेपछि लिङ्गो ढालिन्छ । त्यस बखतसम्म हनुमान ढोकाबाट शार्दूलजङ्ग कम्पनीका सिपाहीहरू पनि यात्रा फर्काउन आइसकेका हुन्छन् । उनीहरूको अगुवाइमा बाजागाजा, ध्वजापताका, आसागुर्जाका साथ गुह्येश्वरी र भैरवको रथ पशुपतिनाथको मन्दिरतिर लगिन्छ । बाटामा भक्तजनले पूजाआजा गर्छन् । पशुपतिनाथको मन्दिरतर्फ लगिएको गुह्येश्वरीको रथ पहिले अमालकोट कचहरीको डबलीमा बिसाई वायवसान पूजा गरिन्छ । त्यसपछि राजकीय खड्गलाई पशुपतिनाथका अगाडि राखी पूजा गरिन्छ । गुह्येश्वरीको पूजा समाप्त भएपछि खड्ग उठाई रथका साथमा हनुमान ढोका पुर्‍याइन्छ र खड्ग वसन्तपुर दरबारमा र देवता तुलजा मन्दिरमा भित्र्याइन्छ ।

जात्राको खर्च गुठी संस्थान खर्च अड्डाले बेहोर्छ । गुह्येश्वरीको पूजाआजा र जात्राका निम्ति राजा रणबहादुर शाहले पनि गुठी राखेका छन् । उनले राखेको गुठीको खर्च पशुपति गोश्वाराले बेहोर्छ । त्यसो त महापूजाका अवसरमा पूजा गर्न २७ वटा गुठी पनि राखिएका छन् । तीमध्ये केही निजी र अरू राज्यका तर्फबाट राखिएका राजगुठी छन् । ती गुठीमध्ये कुनै धुपदीप बाल्ने, कुनै नैवेद्य चढाउने, कुनै हाँस, बोका, राँगाहरूको बलिदिने आदि गुठीहरू छन् । गुह्येश्वरी गुठीका गुठियार पहिले नवमीसिंह भँडेल थिए । त्यसैअनुसार अहिलेसम्म उनकै सन्तानहरू गुठियार छन् । यो जात्राको चलन कसले चलाएका हुन् भन्ने सम्बन्धमा डा टण्डनले मोहिनीविनोद शर्माको वंशावलीलाई अघि सार्नु भएको छ । सोअनुसार राजा जगज्जय मल्लले आफूले राजगद्दी पाएको खुशीयालीमा विसं १७७९ मा यो जात्रा चलाएका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१०) जयवागेश्वरीको पर्वपूजा

पशुपतिनाथ र गुह्येश्वरी प्रकट भएपछि वागेश्वरी शिलानदी तरेर आएकी हुन् भनिन्छ । पहिले यिनको मन्दिर, मूर्ति केही थिएन । पीठ मात्र थियो । राजा वृषभदेवले नित्य पूजाअर्चना गर्ने चलन चलाएका थिए । पछि शिवदेवका पालामा जयवागेश्वरीको चञ्चल मूर्तिलाई स्थिर गरी रहस्यमय मूर्ति बनाई चित्रकारी भरी प्राणप्रतिष्ठा गरिएको थियो भनिएको छ । यसरी नै उत्तर भागमा चञ्चल मूर्ति भैरवलाई स्थिर गरी आचार्यहरूलाई पुजारी नियुक्त गरिएको थियो ।

जयवागेश्वरी र गणेशका प्रचलित मूर्तिहरूभन्दा फरक हतियार लिएका मूर्तिहरू यहाँ छन् । जयवागेश्वरीका चार हात छन् । तिनमा सिन्हमु, ज्वालान्ह्याक, चक्र र खड्ग छन् । सरस्वतीका हातमा सामान्यतया वीणा हुन्छ तर यहाँ फरक छ । यहाँ भएका गणेशको स्वरूप पनि फरक खालको छ । गजमुख हुनुभन्दा पहिलेको बिघ्नेश्वरका रूपमा गणेशको मूर्ति छ ।

जयवागेश्वरीलाई स्थानीय वासिन्दा श्वेतसरस्वतीका रूपमा पूजाअर्चना गर्छन् ।

विद्या तथा कलाकी देवी सरस्वती वैदिक कालमा नदीका रूपमा प्रसिद्ध थिइन् । पछि यिनै सरस्वती पुराणहरूमा वाग्देवीका रूपमा प्रख्यात भइन् । सरस्वतीलाई ब्रह्माकी छोरी र विष्णुकी शक्तिका रूपमा पनि मानिएको छ ।

नेपाल महात्म्य र भाषावंशावलीमा जयवागेश्वरीका सम्बन्धमा केही चर्चा गरिएको पाइन्छ । नेपाल महात्म्यमा राढाबाट कालिका देवी श्लेष्मान्तक वनमा आएकी र त्यसपछि जयवागेश्वरी नामले प्रसिद्ध भएकी कुरा उल्लेख भएको पाइन्छ ।

(राढातः कालिका देवी श्लेष्मान्तक वने गता ।
जयवागेश्वरी नाम्ना प्रंसिद्धा क्षेत्रसत्तमे ॥)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जयवागेश्वरी तिला नदी तरेर आई देवपत्तनमा बसेकी तथा देवीका प्रथमगणहरू आई नियमपूर्वक साधना गरेर तीर्थका जलको आवाहन गरी यस ठाउँलाई शुद्धतीर्थ बनाएको उल्लेख भएको छ ।

एकपटक जयवागेश्वरीको मन्दिरमा चोरहरू पसी गहना चोरी बाहिर राखी पाटीमा सुतेका थिए । उनीहरू सुतेका ठाउँबाट उठ्न नसकेका र तिनलाई हेर्न राजा समेत गई मारी उक्त गहना तिनै देवीलाई फिर्ता गराएको पनि भाषावंशावलीमा लेखिएको छ । जयवागेश्वरीको १२ वर्षमा कलेवर फेरिन्छ । बाह्र वर्ष पुगेपछि टुटफुट भएका र रङरोगन उडेका मूर्ति अवस्थाअनुसार फेर्ने वा मर्मतसम्भार गरिँदै आएको छ । तिनमा प्राणप्रतिष्ठा पनि गर्ने चलन छ । त्यसपछि विशेष पूजा गरिन्छ ।

जयवागेश्वरीको मन्दिर देवपतन क्षेत्रमा भएकाले यहाँ पूजाआजा चलाउने र सम्पत्तिको सुरक्षा गर्ने जिम्मा पनि मुख्य रूपमा पशुपति क्षेत्र विकास कोषकै छ । जयवागेश्वरीलाई मध्यकालमा राजाहरूले इष्टदेवीका रूपमा मानेकाले गुठी जग्गा पनि प्रशस्त छ । जयवागेश्वरीको गुठी जग्गाको काम अब कोषअन्तरगतको गुठी जग्गा व्यवस्थापन शाखाले हेर्छ ।

गुह्येश्वरी मन्दिरको उत्तरतिर वागमती नदीभन्दा केही पर इतागणेश (सूँढ नभएको) छन् । तिनलाई मध्यरातमा विधिपूर्वक पूजा गरी वागमतीमा आई विधिपूर्वक करवीरका पात बगाइन्छ । तिनै बगेका पातको पछिपछि लागेर आर्यघाटमा आएपछि ती पात समातेर कलशमा राखिन्छ । त्यसपछि मन्दिरमा आएर तान्त्रिक विधिअनुसार त्यस कलशमा सरस्वतीको आवाहन र प्राणप्रतिष्ठा गरिन्छ । त्यसै अवसरमा वैदिक विधिपूर्वक यज्ञ गरी कुमारीहरूलाई पूजा गरिन्छ, दक्षिणा दिइन्छ र भोजन गराइन्छ ।

कलशमा करवीरको पात राख्नु अनुसन्धानको विषय छ । लेखक कुलचन्द्र कोइरालाले 'धेरै दिनसम्म हरियाली रहने भएकाले हो वा वागेश्वरीलाई मन पर्ने फूल भएर हो, किटेर भन्न नसकिने स्थिति छ' भन्नुभएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जयवागेश्वरीका विषयमा वंशावलीमा रहेको भनाइको सार : शहरमा जिब्रो लट्पटिएर बोल्न नसक्ने, लठेब्रा, लाटाहरू बढ्दै गएकाले जनता चिन्तित भए । जनताको अवस्था विचार गरी पशुपतिनाथका पुजारीले पशुपतिनाथको आगमघरमा बसी ध्यान गरे । ध्यानावस्थामा आकाशवाणी भयो–"यहाँबाट सुदूर उत्तरमा मानसरोवर क्षेत्रको सिंहलद्वीपमा सरस्वती नदी छन् । तिनमा नीलसरस्वती बस्छिन् । तिनलाई कुनै प्रकारले यहाँ ल्याउन सक्यौ भने यहाँका सबै लाटा, लठ्यौरा र जिब्रो लरबरिएर बोल्न नसक्नेहरू सबै बोल्छन् ।" यस्तो आकाशवाणी भएपछि यहाँका तान्त्रिक पुजारीहरू त्यहाँ पुगेर ध्यान गर्दा शिलानदीको बीचको एक गोलो ढुङ्गामा सरस्वती विराजमान हुनुभएको देखे । त्यसपछि ध्यान, पूजा, आजा आदि गरी उनीहरूले सरस्वतीलाई खुशी गराए । खुशी भएकी सरस्वतीले "वर माग" भन्दा उनको असाधारण रूप देखेर मोहित भएकाले केही पनि बोल्न सकेनन् । पछि सरस्वतीले मोह भङ्ग गराइदिनुभयो । त्यसपछि "पशुपतिनाथको आज्ञाले हामी हजूरलाई नेपाल लैजान आएका हौं ।" भने । सरस्वती माताले "म यस्तै अवस्थामा त जान सक्तिन । म जानै पर्ने हो भने भमराको रूप धारण गरी जान सक्छु तर मलाई स्नान गर्न शिलानदीकै जल चाहिन्छ र बस्न यहींको यो गोलो ढुङ्गा चाहिन्छ ।" भनी अन्तरध्यान हुनुभयो । त्यसपछि तान्त्रिकहरू फर्किए ।

यहाँ आई फेरि उनीहरूले पशुपतिनाथको ध्यान गरे । फेरि आकाशवाणी भयो–"तिमीहरू यहाँबाट उत्तरपट्टिको पहाडमा गई खनी हेर, त्यहाँ त्यही शिला नदीको जल र आसनको लागि गोलो ढुङ्गा आइपुग्ने छ ।"

आकाशवाणी भएबमोजिम उत्तरमा गई लुहिटी ख्वार (सुनधारा भएको खेत) भन्ने ठाउँमा खनी हेर्दा पानी नै पानी भेटियो भने आसनको ढुङ्गा पनि त्यहाँ आइपुगेको फेला पर्‌यो । त्यो पानी माटाको मङ्गाल (ड्डुंड) बनाई चाबहिलको बाटो हुँदै हालको जयवागेश्वरी नजीक ल्याई सुनधारा बनाइयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वंशावलीको उक्त कथनमा सत्यता कति छ त्यो त आफ्नो ठाउँमा होला तर माटोको डुँडबाट पानी ल्याई बनाइएको सुनधारा भने जयवागेश्वरीको मन्दिर अगाडि अहिले पनि छँदैछ । "पानी भने बाटो बनाउँदा डुँड छिन्नभिन्न भएकाले आउन नसकेको हो" भनिन्छ ।

पूजाआजा : जयवागेश्वरीको पूजाआजा कर्माचार्य पुजारीहरूद्वारा तान्त्रिक विधिले हुन्छ । यसका लागि चार कर्माचार्य छन् । तिनीहरूले एक एक महिनाको पालो गरी पूजा चलाउँछन् । पूजाका लागि राजा गीर्वाणयुद्धविक्रम शाहले विसं १८६७ मा जग्गा गुठी राखी त्यसको रेखदेख गर्ने जिम्मा पशुपतिनाथका मूलपुजारीलाई दिएका थिए ।

जयवागेश्वरीमा पर्वपूजा : जयवागेश्वरीमा विभिन्न पर्व र उत्सवका बेला विशेष पूजा गरिन्छ ।

श्रावणशुक्ल नवमीका दिन पवित्रारोहण गरिन्छ । मार्गशुक्ल नवमीको राती मूलडवली अगाडि बोडेगाउँको नवदुर्गाको नाँच हुन्छ । बोडेकी नवदुर्गा जयवागेश्वरीकी मितिनी मानिएकी छन् ।

मार्गशुक्ल त्रयोदशीका दिन 'दाज्यपर्व' हुन्छ ।

पौषशुक्ल द्वादशी र पूर्णिमाका दिन मन्दिर अगाडि होम गरिन्छ ।

पौषशुक्ल त्रयोदशीका दिनदेखि एकमहिनासम्म बिहान मकलमा आगो राखी देवीलाई आगो तपाइन्छ ।

चैत्रकृष्ण चतुर्दशीका दिन विशेष पूजा हुन्छ । सोही दिन पचिल नाइकेले देवीको हेरचाह र पूजाआजा गरी प्रसाद ग्रहण गर्छन् ।

—o—

मुख्य सन्दर्भ ग्रन्थ

कुलचन्द्र कोइराला–नेपालका आराध्यदेव भगवान् पशुपतिनाथ,
काठमाडौं,ने.रा.प्र.प्रतिष्ठान विसं २०५१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डा गोविन्द टण्डन पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन, महाराजगञ्ज, काठमाडौं, भरेन्द्र शम्शेर ज.ब.रा. तथा श्रीमती मञ्जुराणा विसं २०५३

डा जगदीशचन्द्र रेग्मी–पशुपति–गुह्येश्वरी महात्म्य, काठमाडौं, नइ प्रकाशन विसं २०५३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ७

पशुपति क्षेत्र एवं देवीदेवताका मन्दिर र मूर्ति

७.१ पशुपति क्षेत्र र देवीदेवताका मन्दिर, पाटीपौवा

देवपाटन, जयवागेश्वरी, गौरीघाट, चाबहिल, कुटुबहाल, सिफल, गौशाला, पिङ्गलस्थान, श्लेष्मान्तक वनलगायत २६४ हेक्टर जमीनमा फैलिएको पशुपति क्षेत्रमा ४९२ वटा साना-ठूला मठमन्दिर, सत्तल, पाटी-पौवा, ढुङ्गेधारा, चैत्य आदि छन् । एक हजारभन्दा बढी त शिवलिङ्ग नै छन् ।

७.२ पशुपतिनाथको प्राङ्गण र वरपर रहेका देवीदेवता र मन्दिर

लालगणेश, सूर्य, मृत्युञ्जय, चण्डेश्वर, वासुकी, चाँगुनारायण, सरस्वती, अष्टभैरव, चण्डभैरव, अष्टमातृका, अनन्तेश्वर, धनेश्वर, रत्नेश्वर, ब्रह्माजी, कीर्तिमुख भैरव, शीतलादेवी, ढुण्डी गणेश, उन्मत्त भैरव, नटराजेश्वर, होमेश्वर, शेरनरसिंहेश्वर, विश्वम्भर, केदारनरसिंहेश्वर, सत्यनारायण, शेषशायी नारायण, बद्रीनारायण, केदारनारायण, सोमेश्वर, रामेश्वर, तुलसी आदि

७.३ पशुपतिनाथ मन्दिर प्राङ्गणबाहिर पशुपतिक्षेत्रमा रहेका देवीदेवताका मन्दिर

(१) **शैवमन्दिर** : दक्षिणामूर्ति, गोरखनाथ, भष्मेश्वर, ताम्रेश्वर, रूद्रगाडेश्वर, भण्डारेश्वर, निर्वाणेश्वर,पञ्चदेवल, विरूपाक्ष, आदि

(२) **शक्तिपीठ** : गुह्येश्वरी, जयवागेश्वरी, भुवनेश्वरी, वत्सलेश्वरी, झम्केश्वरी, राजराजेश्वरी, बज्रेश्वरी, वनकाली, विश्वरूपा आदि

(३) **राममन्दिर** : सीताराम र रामका भाइहरूसहितको मन्दिर

(४) **वैष्णवमूर्ति** : त्रिविक्रम, अनन्तनारायण, लक्ष्मीनारायण, गरूडनारायण आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.४ पशुपति क्षेत्रका केही प्रख्यात मठमन्दिर

पशुपति क्षेत्रमा पशुपतिनाथको मन्दिरका साथै अरू धेरै मठमन्दिर, पाटी-पौवा, सत्तल, स्तुप र विहार छन् । यहाँ चारपाखे छाना भएका नेपाली मण्डप शैलीका मन्दिर, राजकीय गुम्बज र गुम्बजशैलीका मन्दिरहरू छन् । गुम्बजशैलीका मन्दिर सानो आकारका छन् भने राजकीय गुम्बज शैलीका मन्दिर देख्दैमा भव्य र तिनका वरपर सत्तल र पाटीपौवा समेत छन् ।

नेपालमा राजकीय गुम्बजशैली ल्याउने काम सर्वप्रथम गोरखाका राजा राम शाहले गरे । उनले यही शैलीमा गोरखा, पोखरीथोकमा रामेश्वरको मन्दिर निर्माण गरेका थिए । त्यसपछि डेढ सय वर्षसम्म त्यस्तो शैलीका कुनै पनि मन्दिर बनेको देखिँदैन । जङ्गबहादुर राणाले जङ्गहिरण्यहेमनारायण मन्दिर बनाएको बेलासम्म पनि यसप्रकारको शैली नेपालमा प्रचलित थिएन ।

नेपालमा राजकीय गुम्बजशैलीको मन्दिरको नमूना राजा रणबहादुर शाहले बनाएको टुँडीखेल दक्षिण-पश्चिमको जगन्नाथको मन्दिर र पशुपति क्षेत्रको गौरीघाटमा जाइफल अधिकारी नामका व्यक्तिले विसं १८७१ मा बनाएको जयेश्वरमन्दिर हुन् ।

विक्रमको १९ सौं शताब्दीको मध्यदेखि भने काठमाडौँमा राजकीय गुम्बजशैलीका मन्दिर बन्न थाले । नेपाली शैलीका चारपाखे मन्दिर बनाउनजस्तो बढी काठपात नलाग्ने भएकाले पनि यस्तो शैलीका मन्दिर बढी नै बन्न थाले ।

७.५ पशुपति क्षेत्रका राजकीय गुम्बज शैलीका केही मन्दिर

विश्वरूप, पञ्चदेवल, जितजङ्गप्रकाशेश्वर, अमरकान्तेश्वर, सुरेशकान्तेश्वर, दीपप्रकाशेश्वर, एकादशरुद्रेश्वर, त्रैलोक्यप्रकाशेश्वर, त्रिभुवनप्रकाशेश्वर आदि ।

विदेशीको अनुकरण मात्र नभएर यसमा प्रशस्त नेपालीपन आयो । गजुर, ढोकाको तोरण, खापा, झ्यालहरूमा नेपाली शैली एवं कलाकारिता प्रशस्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देख्न सकिन्छ । यसरी आयातीत शैलीमा पनि नेपालीपन मिसाएर मन्दिर निर्माताहरूले आफ्नो मौलिकताको परिचय दिएका छन् ।

गुम्बजशैलीका मन्दिरहरू पशुपति क्षेत्रमा प्रशस्त पाइन्छन् । यसप्रकारको शैलीका मन्दिरहरूमा प्रायः शिवलिङ्ग रहने गरेकाले ती मन्दिरलाई शिवालय भन्ने गरिएको छ । आर्यघाट, मृगस्थली, लगनलाछी, भकुनटोल, वनकाली, पशुपतिनाथमन्दिर प्राङ्गण जताततै यसप्रकारका मन्दिर देखिन्छन् ।

७.५.१ पशुपतिनाथको मन्दिर

भगवान् पशुपतिनाथको मन्दिर दुईतले छ । यो भव्य र विभिन्न कलाकृतिले सुसज्जित छ । विशेष रूपमा यस मन्दिरको काष्ठकला नमूनादार, ज्यादै सुन्दर र मनमोहक छ । भनिन्छ, यो मन्दिर विधिविधानपूर्वक र वास्तुकलानुकूल बनाइएको छ । यस मन्दिरलाई विदेशी तथा स्वदेशी विद्वान्हरूले प्यागोडा शैली भने पनि यो चारपाखे मण्डप शैलीमा निर्माण भएको छ भन्न उपयुक्त हुने डा टण्डनको विचार छ । मन्दिरका दुवै तलामा तामाको छानामा सुनको मोलम्बा लगाइएको छ । मन्दिरको माथिल्लो तलामा रहेका टुँडालहरू कलात्मक छन् र तिनमा सोह्र योगिनीका सुन्दर मूर्ति कुँदिएका छन् भने माथिल्लो भागमा रहेका आँखी झ्यालहरूले मन्दिरमा पर्दाको काम गरेका छन् । तल्लो तलामा विभिन्न देवी-देवताका पूर्णकदका मूर्ति छन् । मन्दिरको पहिलो तलाका टुँडालको माथिल्लो भागमा चन्द्र, सूर्य, पूर्णकलश आदि कुँदिएका छन् । त्यहाँ भएका पूर्ण कलशलाई गुह्येश्वरीको प्रतीक मानी भक्तहरूले श्रद्धापूर्वक दर्शन गर्ने गरेका छन् ।

मन्दिरको भित्ता र भुइँमा सिंगमर्मर लगाइएको छ । मन्दिरका बाहिरी र भित्री भागमा चारचार ढोका छन् । यी ढोका चाँदीले मोरिएका छन् । मन्दिरमा भएका बाहिरी ढोकामध्ये उत्तरतर्फको सामान्य खालको छ भने पूर्व, पश्चिम र दक्षिणका निकै आकर्षक छन् । पश्चिम र दक्षिणका ढोका सुनौला तोरणले गर्दा झन् शोभायमान बनेका छन् । तिनमा पनि दक्षिणतर्फको ढोका अझ आकर्षक छ । त्यसमा खापा एवं चौकोसमा समेत सुनको मोलम्बा लगाइएको छ । मन्दिरका ढोकाहरूका दायाँबायाँ रहेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साना तथा ठूला सुन्दर खोपाहरूमा अष्टभैरव तथा अष्टमातृकालगायत देवीदेवताका मूर्ति रहेकाले तिनले मन्दिरको धार्मिक महत्त्व र शोभा बढाउन निकै मद्दत गरेका छन् । मन्दिरको गजुर सुवर्णमय छ । गजुरको नजिकै पशुपतिनाथका पीत वर्णका त्रिशूल र डमरूसमेत ठड्याएर राखिएका छन् । लिच्छविकालका राजा सुपुष्पले पशुपतिनाथको पाँच तले मन्दिर बनाएका थिए । पुरानो मन्दिर भत्किएकाले उनले सुनको छाना र गजुर भएको मन्दिर बनाएका थिए । यस विषयमा उठेका तर्कवितर्कको विश्लेषण गरी डा टण्डनले सुपुष्पले नै उक्त मन्दिर बनाएको पुष्टि गर्नुभएको छ ।

सुपुष्पले बनाएको मन्दिर आवश्यकतानुसार मर्मत-सम्भार र पुनर्निर्माण हुँदै आएको पाइन्छ । त्यसमा राजा, महाराजा र सर्वसाधारण जनताले समेत मन्दिरलाई भव्य र आकर्षक बनाउन विभिन्न किसिमका निर्माण, रङरोगन आदि गर्दै आएका छन् । यो मन्दिर नेपालका अन्य मन्दिरभन्दा बढी नै भव्य र सुन्दर छ ।

मन्दिरको पुनर्निर्माण र जीर्णोद्धार : सुपुष्पले बनाएको मन्दिर जीर्ण भएपछि राजा शिवदेवले पुनर्निर्माण गरी तामाको छानाले छाएको गोपाल वंशावलीमा उल्लेख छ । त्यसको निकै समयपछि राजा अनन्त मल्लले ध्वजारोहणका साथै सुनको छानो हालेको र चार कुनामा सुनको शरभ राखेको उल्लेख भएको पाइन्छ । पछि गएर ती शरभ कता गए, कता हराए, छानामा देखिँदैनन् ।

उक्त मन्दिरको पुनर्निर्माण विसं १४१७ मा जयसिंहरामबर्द्धनले गरे । उक्त पुनर्निर्माणको ५६ वर्षपछि अर्थात् १४७३ मा ज्योतिर्मल्लले जीर्णोद्धार गरेको उल्लेख भएको पाइन्छ ।

शिवसिंह मल्लकी रानी गङ्गारानीले पनि पशुपतिनाथको मन्दिर जीर्णोद्धार गराएकी थिइन् । सुपुष्पले बनाएको पाँचतले मन्दिर पछि तीनतले भएको र उक्त तीनतले मन्दिरको पनि माथिल्लो तला बिग्रिएकाले सो हटाई गङ्गारानीले विसं १७१२ मा पुनर्निर्माण गराएकी थिइन् । उक्त मन्दिरको छाना, गजुर बनाउन उनले निकै सुन खर्च गरेकी थिइन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा नृपेन्द्र मल्लका पालामा विसं १७३१ मा पनि पशुपतिनाथको मन्दिरको जीर्णोद्धार भएको थियो । त्यसपछि विसं १७४९ र विसं १७५३ मा पनि उक्त मन्दिरको जीर्णोद्धार भएको ठ्यासफुमा उल्लेख भएको पाइन्छ । नृपेन्द्र मल्लपछि भएका दुई जीर्णोद्धारमध्ये राजमाता ऋद्धिलक्ष्मीको प्रेरणाले राजा भूपालेन्द्र मल्लले विसं १७५३ कात्तिक त्रयोदशीका दिन गजुर झिकी पुरानो मन्दिर भत्काउन शुरू गराई विसं १७५४ वैशाख शुक्ल एकादशीका दिन मन्दिर निर्माण सम्पन्न गराई गजुर चढाएका थिए । उक्त जीर्णोद्धार सम्पन्न गर्न सात महिना लागेको थियो । जीर्णोद्धार सम्बन्धी कार्य पूरा नहोउञ्ज्याल राजा भूपालेन्द्र र उनकी आमा ऋद्धिलक्ष्मी पशुपतिमा नै डेरा जमाएर बसेका थिए । यसरी पशुपतिनाथको मन्दिर निर्माणमा भूपालेन्द्र र ऋद्धिलक्ष्मीको उल्लेखनीय देन रहेको पाइन्छ । उनीहरूले बनाएका उक्त मन्दिर नै अहिलेसम्म जीवन्त बनिरहेको छ । त्यसपछि मन्दिरलाई सिंगार्ने, सामान्य मर्मतसम्भार गर्ने जस्ता कार्य भने हुँदै आएका छन् ।

राजा राजेन्द्रविक्रम शाह र राजा सुरेन्द्रविक्रम शाह, प्रधानमन्त्री रणोद्दीपसिंह र चन्द्रशम्शेर, राजा त्रिभुवन, महेन्द्र र वीरेन्द्रले छाना जीर्णोद्धार, सिङ्गमर्मरका ईँटा र टायलले भित्ता र भुइँ सजाउने, रङरोगन गर्ने, दलिनलाई चाँदीले छोप्ने, मोर्ने आदि कार्य गरी मन्दिरको संरक्षण गर्ने र शोभा बढाउने काम गरेका छन् । समयसमयमा अन्य राजा, महाराजा र धनी तथा दानी व्यक्तिहरूले पनि मन्दिरका गर्भगृह र बाहिरपट्टिका ढोकामा सुन र चाँदीको मोलम्बा लगाई रजतमय र सुवर्णमय बनाउने अविस्मरणीय काम गरेका छन् । चाँदी र सुनका मोलम्बाले गर्भ गृहका ढोका शोभायमान तुल्याउनेहरूमा राजपुरोहित राधाबल्लभ अर्याल, राजा गीर्वाणयुद्धविक्रम शाह, राजा राजेन्द्रविक्रम शाहकी महारानी गोरक्षराज्यलक्ष्मीदेवी, अमरसिंह थापा, रणबहादुर शाहकी छोरी विलासवती छन् । बाहिरी ढोकामा रजत र सुवर्णका मोलम्बा लगाउनेहरूमा भीमसेन थापा, उनका भाई रणवीरसिंह र काठमाडौं किलागलका सुब्बा कुलानन्द झा र उनका परिवारजन छन् । झा र उनका श्रीमती, छोरा, बुहारी, नातिनातिना गरी १३ जना मिलेर पश्चिम, उत्तर र पूर्वतर्फका गरी नौ ढोकामा चाँदीको मोलम्बा लगाउने अत्यन्तै उदार र सम्पन्न व्यक्तिले मात्र गर्न सक्ने, बिर्सनै नसकिने अतिपुण्यमय कार्य गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्दिरलाई उपर्युक्तबमोजिम निर्माण, जीर्णोद्धार, रजतमय एव सुवर्णमय बनाउनेलगायत कार्यका साथै ठुल्ठुला घण्टा चढाउने राजेन्द्रविक्रम, ललितत्रिपुरासुन्दरी, मन्दिरका चारैतर्फ फर्मायसी पानस जडान गर्ने सुरेन्द्रविक्रम र मन्दिरका रक्षकतुल्य बनेका ढलोटका सिंह–सिंहिनी चारै ढोकामा जडान गर्ने प्रधानमन्त्री जङ्गबहादुर राणालगायत व्यक्तिहरू स्मरणीय छन् ।

७.५.२ वासुकि नागको मन्दिर

वासुकि नाग मन्दिर पशुपतिनाथमन्दिर प्राङ्गणको उत्तर-पूर्व दिशामा पर्छ । यो मन्दिर चारपाखे नेपाली मण्डपशैलीको छ । यहाँ शिवलिङ्गजस्तै शैलीको निख्खर कालो नागराजको मूर्ति छ । यो मन्दिर कसले बनायो भन्नेबारेमा स्पष्ट उल्लेख भएको पाइन्न । डा टण्डनले केशरपुस्तकालयमा भएको जीर्ण वंशावलीमा गुणकामदेवले पशुपतिनाथमा ११ कोष चढाएको र वासुकिको मन्दिर पनि तामाले छाइदिएको उल्लेख भएको लेख्नुभएको छ । यो कुरा देवमाला वंशावलीमा पनि उल्लेख भएको छ ।

गुणकामदेवले छाना छाइदिएको उल्लेख भएकाले वासुकि नागको मन्दिर त्यसभन्दा अघि नै बनिसकेको अनुमान गर्न सकिन्छ ।

वासुकि नाग मन्दिरको पुनर्निर्माण राजा प्रतापमल्लले १७०६ माघमा गरिदिए । मन्दिरको ढोकामा चाँदीको कलात्मक पाता राखी आकर्षक बनाउने काम २०४४ सालमा भयो । राजा महेन्द्रको राज्याभिषेक (२०१३) र राजा वीरेन्द्रको राज्याभिषेक(२०३१) का अवसरमा मन्दिरमा रङरोगन र मर्मतसम्भार गरिएको थियो ।

७.५.३ दक्षिणामूर्ति मन्दिर

देवपत्तनबाट उमाकुण्डतर्फ जाँदा बायाँतर्फ दक्षिणामूर्तिको मन्दिर छ । मन्दिरको निर्माणबारे बताउने शिलालेख छैनन् तापनि भाषावंशावलीमा यसबारेमा केही उल्लेख भएको पाइन्छ, सो अनुसार काठमाडौंका तत्कालीन राजा नृपेन्द्र मल्ल (विसं १७३१–१७३७) का पालामा पशुपतिनाथका सन्न्यासी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुजारी विमलानन्दले असिनाको भयनिवारणका लागि दक्षिणामूर्तिको आवाहन गरी स्थापना गरेका हुन् ।

मन्दिर दुई तह छाना भएको नेपाली मण्डपशैलीमा बनेको छ । सानो भए पनि यो सुन्दर र आकर्षक छ । मन्दिरको भित्री गर्भगृहमा दुई खण्ड छन् । उत्तरतर्फ मूलमूर्ति रहेको छ भने दक्षिणतर्फ मूर्तिलाई छुन नमिल्ने गरी काठको बार लगाइएको छ ।

मन्दिर जीर्ण भई भत्कने अवस्थामा पुग्न लागेका बेला पशुपति क्षेत्र विकास कोषको अनुरोध र सहयोगमा मन्दिर साविकबमोजिमकै अवस्थामा रहने गरी जीर्णोद्धार गर्ने काम २०४४ सालमा पुरातत्त्व विभागले गरेको थियो ।

७.५.४ गुह्येश्वरी मन्दिर

पशुपति क्षेत्रमा रहेका प्रसिद्ध मन्दिरमा गुह्येश्वरी मन्दिर पर्छ । गुह्येश्वरीको मन्दिर पशुपतिनाथ मन्दिरको पूर्वतर्फ मृगस्थली जङ्गल र वागमती नदीको किनारमा पर्छ । गुह्येश्वरी पीठ भएकाले मन्दिर छानायुक्त नभई छानाभाग खुला छ । गुह्येश्वरीको मन्दिरभन्दा पनि उहाँको कुण्डको संरक्षणमा विशेष जोड दिइएको छ ।

गुह्येश्वरी मन्दिर निर्माणको इतिहास

१. आजभन्दा दुई हजार वर्ष पहिले सूर्यवंशी राजा शङ्करदेवको समयमा तान्त्रिक नृसिंह ठाकुरले एक सपना देखे । त्यसैका आधारमा उनले त्यस कुण्डलाई सुन्दर ढङ्गले बनाएर प्रकाशमा ल्याए । पछि राजा प्रताप मल्लका पालामा दक्षिण भारतका ठूला तान्त्रिक लम्बकर्ण भट्ट नाउँका ब्राह्मण नेपाल आए र यिनैको सल्लाहअनुसार राजा प्रताप मल्लले गुह्येश्वरीको कुण्डलाई फलाम र पत्थरले छोपेर त्यसमाथि सुनको अष्टदलयुक्त पद्मयन्त्र बनाए । त्यसको दक्षिणतर्फ श्रीभैरव स्थापना गरे भने उत्तरतर्फ गोलाकार प्वाल बनाएर त्यसलाई कलश यन्त्रले छोप्ने व्यवस्था मिलाएका थिए । मन्दिरको भित्तामा भने अष्टमातृका, नरमुण्ड आदिका मूर्ति बनाइएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. देवमालावंशावलीका अनुसार शङ्करदेव राजाका पालामा नरसिंह ठाकुरले गुह्येश्वरी स्थानको उद्धार गरेका थिए ।

३. अर्को एक वंशावलीअनुसार नरसिंह ठाकुर काठमाडौँका राजा प्रताप मल्ल (विसं १६९८-१७३१) का समकालिक थिए । उनैको सल्लाह अनुसार गुह्येश्वरी पीठको खोजी गरिएको थियो ।

४. महाकाल संहितातन्त्रको वर्णनअनुसार श्लेष्मान्तक वनमा खोजी गर्न प्रताप मल्लसँग गएका खड्गधारी (खड्गी) तेलकार (मानन्धर)ले गुह्येश्वरी कुण्डको चिन्ह फेला पारे । त्यसपछि प्रताप मल्लले गुह्येश्वरी कुण्डलाई फलामको सत्तरी समेत प्रयोग गरी सुरक्षित पारी कुण्डको नजिकै नवदुर्गा, गणेश, नृसिंह र भैरव स्थापना गरे । त्यँहा धर्मशाला पनि बनाए ।

५. भाषावंशावलीमा भने यही कुरा भिन्नरूपमा वर्णन गरिएको छ । सोनुसार प्रताप मल्लले गुरु लम्बकर्ण भट्टसँग परामर्श गरी विसं १७११ वैशाखशुक्ल ११ रोज ५ का दिन गुह्येश्वरी कुण्डमा ठूलो मेहेनत गरी फलामका दलिन राखी चारैतिर पर्खाल लगाएर ढुङ्गा छापी कुण्डको जलज्वाला ढाकी अष्टदल यन्त्राकार भैरवसहित सुन्दर कुण्ड बनाई फटिकका कलशाकार बनाई नित्य नैमित्तिक पूजाआजा हुने व्यवस्थासमेत गरेका थिए ।

६. यसप्रकार प्रताप मल्लका पालामा गुह्येश्वरीमा केही निर्माण हुन थालेको बुझिन्छ । त्यसपछि समय समयमा विभिन्न व्यक्तिले विभिन्न निर्माण गरेका थिए ।

कामको विवरण	मिति	कार्य गर्ने व्यक्तिरू
(१) दक्षिणतर्फको तोरण आदिलाई सुवर्णमय बनाई भव्यता दिने काम	विसं १९३१, मङ्सिर	वषवरसिंह, हर्षवीरसिंह, राजवीर सिंह र बुद्धिमान सिंह
(२) पूर्वपट्टिको भागलाई दक्षिणपट्टिको जस्तै सुवर्णमय बनाउने काम	विसं १९३९ श्रावणकृष्ण द्वादशी	,, ,,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कामको विवरण	मिति	कार्य गर्ने व्यक्तिरू
(३) सुवर्णमय ढोका	विसं १९४९ जेठ	वषवरसिंह
(४) उत्तरतर्फको बाहिरी भाग चारकबलको गाह्रो समेत चाँदीले मोरी आकर्षक तुल्याउने काम	विसं १९५७, चैत	रत्नकुमारी, सुब्बा गणेशदास, सुब्बा रत्नदास, कृष्णदास आदि
(५) घण्टा चढाइएको, पछि उक्त घण्टा जीर्ण भएकाले सुवर्णप्रभाले जीर्णोद्धार गरिदिएकी	विसं १७६९	शङ्कर भट्ट
(६) मन्दिरका चारैतिर चाँदीको सिंहका मूर्ति भएको पानस		कान्छा बलिअहद महारानी
(७) जङ्गबहादुरले छापेको ढलोटको पाताबाट मन्दिर वरिपरि १६ सिंह	विसं १९६८ असोज १४	चन्द्रशम्शेर
(८) सुनका चार नाग बनाई कुण्डकामाथि चार कुनामा राखी सुनको पाताले मोरी चढाएको		राजवैद्य चक्रपाणि (देववंशावली)
(९) मन्दिरको पश्चिपट्टिको ढोका		राजवैद्य दण्डपाणिका जेठा छोरा देवानन्द
(१०) खापा, तोरण, चौकोस एवं ठेली सबै बनाई चढाएको	विसं १९८७ आश्विन शुक्ल द्वितीया	राजवैद्य देवानन्दले अर्पण गरेका ढोका बिग्रेकाले उनका कान्छा छोरा राजवैद्य पद्मानन्दले मर्मत-सम्भार गरी चढाएको
(११) मन्दिरको बाहिर सिंह एवं मूर्तिसहितका स्तम्भ राखी सजाउने काम	विसं १८८०	रानी ललित त्रिपुरासुन्दरीदेवी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कामको विवरण	मिति	कार्य गर्ने व्यक्तिहरू
(१२) विसं १९९० को भूकम्पले गुह्येश्वरी मन्दिर वरपरका पाटीपौवा भत्किएकामा तिनको मर्मत सम्भार गराएको	विसं १९९०	जुद्धशम्शेर
(१३) विसं २०७२ को भूकम्पबाट भत्किएका पाटीहरूको मर्मतसम्भार हाल भैरहेको		पशुपति क्षेत्र विकास कोष
(१४) गुह्येश्वरी मन्दिरको प्राङ्गणमा रहेको सिद्धेश्वरमा सुनको मोलम्बायुक्त सानो तर सुन्दर मन्दिर निर्माण		सरदार अमरसिंह थापा

७.५.५ गोरखनाथ मन्दिर

गोरखनाथको महत्त्वपूर्ण गुफा गोरखा जिल्लाको सदरमुकाम नजिकै गोरखकालीको मन्दिर निकटमा छ भने पशुपति क्षेत्रको मृगस्थलीमा पनि भव्यमन्दिर छ । मन्दिरको स्थापना सम्बन्धमा शिलालेखमा प्रमाण पाउन सकिएको छैन । एक वंशावलीले भने जयस्थिति मल्लले गोरखनाथको पादुका जगाई योगीनाथहरूको सम्प्रदाय बनाई पूजाआजाका लागि गुठी जग्गाको समेत व्यवस्था गरिदिएका थिए भनी उल्लेख गरेको पाइन्छ । त्यसपछि नै गोरखनाथ बढी प्रख्यात भएका हुन् भनी उल्लेख भएको डा टण्डनले बताउनुभएको छ ।

गोरखनाथको मन्दिर शिखरशैलीमा छ । जयस्थिति मल्लका समयमा मन्दिर कस्तो थियो, थाहा पाउन सकिएको छैन । वर्तमान मन्दिरको निर्माणमा बालनरसिंह कुँवरका श्रीमतीहरू गणेशकुमारी र रक्षाकुमारीको महत्त्वपूर्ण योगदान छ । विसं १९०६ मा गणेशकुमारीले मन्दिरको जीर्णोद्धार गराई त्यसको वर्षबर्द्धन पूजाका निमित्त २२ रोपनी जग्गा गुठी राखिदिएकी थिइन् भने प्रत्येक वर्ष रु २० जगेडा कोषमा राखी मन्दिर र सत्तल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा पाटीपौवाको जीर्णोद्धार गर्ने व्यवस्था मिलाएकी थिइन् । कुँवरकी कान्छी श्रीमती रक्षाकुमारीले चाहिं मन्दिरको गजुरको मर्मतको साथै पूर्वोत्तर कुनादेखि पूर्वसम्म लामो धर्मशालाको निर्माण गराएकी थिइन् र गोरखनाथमा नित्य रोट चढाउन गुठीसमेत राखिदिएकी थिइन् ।

धेरै लामो समयदेखि गोरखनाथको शिखरशैलीको त्यो मन्दिर जीवन्त छ । सत्तल र धर्मशालाहरू भने पटक पटकका भुइँचालो र विशेष गरी २०७२ सालको भूकम्पले भत्काइदिएकाले अहिले प्राचीनशैलीमा नै पुनर्निर्माण भइरहेको छ ।

७.५.६ विश्वरूपा मन्दिर

कामकामेश्वरी मन्दिर र यसको महत्त्व : पशुपतिक्षेत्रमा रहेका ठूला मन्दिरमा मृगस्थलीको पूर्वतर्फ पर्ने विश्वरूपा मन्दिर पनि एक हो । मन्दिरको पुरानो संरचना अहिले इतिहास भएको छ ।

जीर्ण बन्दै गएको यो मन्दिर र यसका चारैतिर रहेका पाटी र सत्तलसमेत २०७२ साल वैशाख १२ गतेको महाभूकम्पले पूरै ध्वस्त बनाएको छ । यो खण्डहरमा परिणत हुनुभन्दा पहिले अत्यन्तै सुन्दर र आकर्षक थियो ।

मन्दिर राजकीय गुम्बज शैलीमा निर्माण भएको थियो । यसका चारैतिर दुईपाखे छाना भएका दुईतले सत्तल निर्माण गरिएका थिए । मन्दिरको स्थापना सम्बन्धमा विभिन्न किंवदन्ती रहेका छन् । विसं १९१२ को भोट नेपालयुद्धमा जङ्गबहादुर राणाले नेपालको विजय होस्, धनजनको कम नोक्सान होस् भन्ने कामना गरिरहेका थिए । त्यसैबेला बाटामा एक अजङ्गको शिला देखियो । उक्त शिलालाई भैरव मानी युद्धमा नेपालको जीत भयो भने काठमाडौँ लगी मन्दिर बनाएर राख्ने भाकल जङ्गबहादुरले गरे । नभन्दै नेपालको जित भयो र शिलालाई बडो दुखपूर्वक काठमाडौँ ल्याएर मृगस्थलीको जङ्गलमा राखी पूजा गर्न थालियो र मन्दिर पनि बनाउन शुरू गरियो । यसै प्रसँगमा लामो समयदेखि छिँडीमा त्यसै परिरहेको राजा प्रताप मल्लले निर्माण गरेको ठूलो विश्वरूपा अर्थात् कामकामेश्वरीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूर्तिको उचित व्यवस्था गर्ने काम पनि जङ्गबहादुरले गरे । उनले उक्त मूर्तिलाई पनि भैरव मन्दिरको प्राङ्गणमा मन्दिर बनाई स्थापना गर्ने निधो गरे । सोअनुसार मन्दिर निर्माणको काम शुरू भयो र १९२० मा सम्पन्न भयो ।

विसं २०७२ को भूकम्पले नामो निशान नै नरहने गरी ध्वस्त भएको उक्त मन्दिरको निर्माण धिमा गतिमा नै भए पनि भइरहेको छ ।

७.५.७ विष्णु मन्दिर

पशुपतिक्षेत्रको भष्मेश्वर मन्दिरपारि पूर्वपट्टि गुम्बजशैलीको विष्णुको मन्दिर छ । मन्दिरलाई राममन्दिर भन्ने गरिएको छ । अग्लो मूर्ति रामचन्द्रको र ससाना मूर्ति लवकुशको भन्ने स्थानीय जनताको भनाइ छ । गुठीसम्बन्धी राणाकालिक कागजातमा पनि रामकै मन्दिर भनी उल्लेख गरिएको पाइन्छ । उक्त १० फिट अग्लो मूर्तिलाई राम्ररी नियालेर हेरियो भने विष्णुका आयुधहरू उनका हातमा देखिन्छन् । मूर्तिको दायाँतर्फको माथिल्लो हातमा चक्र, बायाँतर्फको माथिल्लो हातमा गदा रहेको देखिन्छ भने दायाँतर्फको तल्लो हातमा पद्मबीज रहेको छ । बायाँतर्फको तल्लो हातको हत्केलाको पृष्ठभाग मात्र देखिएकाले के आयुध छ भन्ने स्पष्ट देखिँदैन । तर पनि सो बस्तु शङ्ख भएको सहजै अनुमान गर्न सकिन्छ ।

गोपाल वंशावलीमा मन्दिरका सम्बन्धमा केही चर्चा भएको पाइन्छ । सोअनुसार ७१ वर्षका विष्णुगुप्तले वागमतीको पूर्व किनारमा ठूलो ढुङ्गे विष्णुभट्टारक बनाई प्रतिष्ठा गरे । सो मूर्ति विष्णुगुप्तको आफ्नै शरीर प्रमाणको थियो । उनले अगलबगलमा दुई छोरा पनि राखेका थिए । यसप्रकार गोपालवंशावलीमा स्पष्ट उल्लेख भएकाले सो मूर्ति र मन्दिर रामचन्द्रको नभएर विष्णुकै हो भन्ने स्पष्ट हुन्छ । मन्दिरका अगाडि गरूडको मूर्ति हुनु पनि यस कुराको साक्षी बन्न गएको छ । ती दुई बालक चाहिं विष्णुगुप्तका छोराहरूका रूपमा विष्णुका मूर्तिमान् आयुध बनेर रहेको मानिएको छ । उपर्युक्त आधारमा डा टण्डनले यस मूर्तिलाई विष्णुको मान्नुभएको छ । त्यहाँ भएको अहिलेको मन्दिरलाई जुद्धशम्शेरको कीर्ति मानिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.५.८ वत्सलेश्वरी मन्दिर

वत्सलेश्वरीको मन्दिर पनि पशुपति क्षेत्रका प्रख्यात मन्दिरमध्ये पर्छ । यो मन्दिर पशुपतिनाथ मन्दिरको दक्षिणपट्टि वागमती नदीको बायाँ किनारामा छ । वत्सलेश्वरीको मन्दिर दुई तहको छाना भएको नेपाली मण्डप शैलीको छ ।

मन्दिरमा रहेका टुँडाल तथा चार ढोकामा रहेका तोरण निश्चय नै नेपाली कालीगढीका नमूनाका रूपमा छन् । चार ढोकाको तोरणका बीचमा रहेको अठार हातयुक्त महिषासुरमर्दिनीको आकृति बहुतै सुन्दर छ । पीठ भएकाले चार ढोका भए पनि तिनमा कुनै खापा भने हालिएको छैन ।

भाषा वंशावलीमा धर्मदत्त नाम गरेका राजाले वत्सलेश्वरीमा पूजा तथा यात्राको चलन चलाएको उल्लेख गरिएको छ । त्यहाँ भूमिगुप्तपछि धर्मदत्तको नाम दिइएको र समय भने कलिगत ३४८९ (विसं ४४५) दिइएको छ । भाषावंशावलीमा उल्लेख भएको समय र मानदेव प्रथमको पहिलो शिलालेखमा ६७ वर्षको अन्तर देखिएकाले धर्मदत्त मानदेवका पिता धर्मदेव हुन सक्ने डा टण्डनको भनाइ छ ।

७.५.९ राजराजेश्वरी मन्दिर

पशुपति मन्दिरदेखि केही दक्षिण वागमतीको किनारामा छ राजराजेश्वरीको मन्दिर । मन्दिर चारपाखे छानायुक्त र नेपाली मण्डप शैलीको छ । मन्दिरको छाना र ढोकामा समेत सुनको मोलम्बा लगाइएकाले निकै आकर्षक छ ।

मन्दिरको स्थापना नेसं ५२८ (विसं १४६४) माघकृष्ण अष्टमीका दिन जयधर्म मल्ल र जयज्योति मल्लका पालामा भएको हो ।

राजा रत्नमल्ल (विसं १५४१–१५७७) का पालामा नुवाकोटका ठकुरीहरूलाई हराएको हर्षले गदगद भई राजराजेश्वरीमा चित्रकारी कर्म गराएको भाषावंशावलीमा उल्लेख भएको छ । अद्यापि १२-१२ वर्षमा नवदुर्गाको मूर्तिमा चित्रकारी गर्ने गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजराजेश्वरी मन्दिरलाई भव्य बनाउने उल्लेखनीय काम जङ्गबहादुर राणाका जेठा छोरा जितजङ्गले गरेका हुन् । उनले मन्दिरको प्राङ्गणमा जितजङ्गप्रकाशेश्वर मन्दिर निर्माण गरी विभिन्न किसिमले सजाउने काम गरे । यसै क्रममा विसं १९३९ भाद्रकृष्ण अष्टमीका दिन मन्दिरमा सुनको झ्याल, ढोका र तोरण हालिदिएका थिए । यसरी नै विसं १९४१ कार्तिककृष्ण अष्टमीका दिन उनी र उनकी श्रीमती खड्गकुमारी भई मन्दिरको छाना सुवर्णमय बनाउने काम गरे ।

अन्य देवीदेवताका मन्दिर र पूजाआजा

७.५.१० वनकाली मन्दिर

गौशालाको पूर्वपट्टिको जङ्गलमा वनकालीको मन्दिर पर्छ । मन्दिर लिच्छविकालदेखि नै प्रसिद्ध थियो । मन्दिर लिच्छविकालमा नै बनेको रहेछ भन्ने कुरा वनकालीको पादपीठमा लिच्छवि लिपिमा अङ्कित लेखबाट स्पष्ट हुन्छ । लिपिको शैली हेर्दा यो विक्रमको सातौं शताब्दी ताकको हो भन्न सकिन्छ । वनकालीको अवस्थिति मन्दिरभित्र नभई खुला रूपमा छ । कसैले वनकालीको मूर्ति र मन्दिरको पर्खालको निर्माण अंशुवर्माकी पत्नीको अनुमतिले अमृतवर्माले बनाएको भन्ने उल्लेख गरेको पाइन्छ । वनकालीको मन्दिरइतर रहेको अभिलेखका आधारमा सो कुरा पुष्टि हुन नसक्ने विचार डा टण्डनको छ । वनकाली लिच्छविकालको हो भन्ने कुरा मूर्तिको पादपीठमा रहेको अभिलेखबाट स्पष्ट हुन्छ त्यसबाहेक यस विषयको अन्य कुनै अभिलेख भेटिन्न । धेरै वर्षपछि राजा रणबहादुर शाहले वर्षबर्द्धनका लागि मोतीटारको ३३ रोपनी जग्गा गुठी राखी गुठियार हरूको समेत व्यवस्था गरिदिएका थिए । विसं २०१५ मा वनकालीको प्राङ्गण, चारैतर्फका पर्खाल र सत्तलको मर्मतसंभारको काम भएको थियो । विसं २०५० मा विकास कोषले वनकाली मन्दिर जाने बाटो छपनी ढुङ्गा छापेर बनाइदिएकाले त्यहाँ जान सहज भएको छ ।

मन्दिरमा पूजाआजा छुट गुठीअन्तर्गत राखी हुने गरेकामा पछि यसको गुठीजग्गा गुठी संस्थानबाट अमानत तहसिल भएकाले गुठी संस्थानले

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुजारीहरूलाई वर्षको ६ मुरी चामल उपलब्ध गराउने गरेको छ । मन्दिरका पुजारी कर्माचार्यहरू छन् भने द्यपाल डङ्गोल थरका नेवारहरू छन् ।

वैशाखशुक्ल तृतीया, श्रावणकृष्ण चतुर्दशी, आश्विनशुक्ल नवमीका दिन वनकालीमा बलिसहितको विशेष पूजा हुन्छ । उक्त पूजा गुठी संस्थान मार्फत हुने गरेको छ ।

७.५.११ भुवनेश्वरी मन्दिर

गौशालातिरबाट पशुपतिनाथको मन्दिरतर्फ जाँदा बायाँतर्फ पर्ने दुई तह छाना भएको चारपाखे नेपाली मण्डपशैलीको मन्दिर नै भुवनेश्वरीको हो । तेलिया इँटाको गारो र कलायुक्त काष्ठकलाको प्रयोग भएको यो मन्दिर साँच्चिकै प्राचीन कलाको एक नमूना हो । पहिले यसमा झिँगटीको छाना थियो । त्यसमा बाँदरहरूले बढी नै दुःख दिएकाले पछि जस्ताको हालियो । भुवनेश्वरीको कुनै मानवाकार मूर्ति नभई प्रतीकात्मक यन्त्र छ र कर्माचार्यहरूले विधिविधानानुसार पूजा गर्छन् । मन्दिरको गर्भगृहमा अरू सर्वसाधारण जनताले प्रवेश गर्न नसक्ने र बाहिरबाट नै दर्शन गर्नुपर्ने व्यवस्था छ । प्रचलित भाषावंशावली अनुसार मन्दिरको निर्माण लिच्छवि राजा शिवदेवले गरेका हुन् । यसको जीर्णोद्धार भने नरेन्द्र मल्ल (विसं १५८६–१६१२)ले गरेको उल्लेख पाइन्छ । उनले त्यस बेलाका पुजारी भूमि आचार्यसँग सल्लाह गरी तान्त्रिक विधिले नौप्रकारका रथ बनाई कुमार कुमारी नौजनालाई रथमा राखी ईशानेश्वरलाई परिक्रमा गरी जात्रा गर्ने परिपाटी बसालेका थिए । यो जात्रा अहिले आषाढकृष्ण अष्टमीका दिन गरिने गरिएको छ र त्यसलाई त्रिशूलयात्रा भनिन्छ । नरेन्द्र मल्लपछि गङ्गारानीले यस मन्दिरको जीर्णोद्धार गरेको भाषावंशावलीमा उल्लेख गरिएको छ । गङ्गारानीपछि नृपेन्द्र मल्लले जीर्णोद्धार गरेका थिए । त्यसपछि भुवनेश्वरी मन्दिरको भत्किएको गारो र प्राङ्गण मर्मतसम्भार गराउने काम २०४२–४३ सालमा नेपाली सेनाले गरेको थियो ।

नित्यपूजा, पर्व र विशेषपूजा र जात्रा

वैशाख महिनामा दमनारोहण

जेठ महिनामा मृगस्थलीको जङ्गलमा देवाली पूजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असार महिनामा त्रिशूलजात्रा
साउन महिनामा घण्टाकर्णलाई भोज खुवाइने
असोज महिनामा नवरात्रि पूजा
कात्तिकमा लक्ष्मीपूजा, दुदुच्याँच्याँमा संलग्नता
देशोद्धारपूजाका अवसरमा वज्रेश्वरीमा नौ कन्या र दुई कुमारलाई भोजन
पशुपतिनाथमा प्रत्येक महिना पूर्णिमाको दिनमा हुने महास्नान–महाबलि कार्यमा भुवनेश्वरी मन्दिरमा पनि पूजा सामग्रीको भाग पठाउने चलन अहिले पनि छ ।

७.५.१२ पञ्चदेवल

पशुपतिनाथ मन्दिरको दक्षिणतिर एकै ठाउँमा पाँच मन्दिर छन् । ती मन्दिर राजकीय गुम्बजशैलीमा बनेका छन् । अग्लो मण्डपमा बनेकाले ती मन्दिर देवपत्तनको वरपरबाट सजिलै देख्न सकिन्छ । पाँच मन्दिरमध्ये बीचमा एक अग्लो मन्दिर छ । अरू चार मन्दिर चार दिशामा छन् । ती मन्दिरका गर्भगृहमा शिवलिङ्ग छन् । मन्दिरका चारैतिर लामो आकारका भुइँतलासमेत दुईतले चौघेरा सत्तल छन् । दछी इँटाद्वारा निर्मित ती सत्तलका झ्याल ढोका ज्यादै कलात्मक छन् र तिनले पञ्चदेवलको शोभा बढाउन मद्दत गरिरहेका छन् ।

पञ्चदेवलको निर्माण एकै जनाले नभई पाँच जना मिलेर गरेका हुन्ः
राजा राजेन्द्रविक्रम शाह, राजा सुरेन्द्रविक्रम शाह, उनका दुई रानी र त्रैलोक्यविक्रम शाहले यो मन्दिर बनाएका हुन् ।
मण्डपमाथि बनेका ती मन्दिरको एक तहमुनिको सिढीमा चारैतर्फ विष्णु, सूर्य, देवी, गणेशका सानो आकारका मन्दिर छन् । पञ्चदेवलको निर्माण पाञ्चायन पद्धतिका आधारमा भएको छ ।

पूजाआजा र गुठीको व्यवस्था : विसं १९२७ आषाढशुक्ल अष्टमी रोज ५ का दिन मन्दिरको व्यवस्थापनका लागि गुठीजग्गाको व्यवस्था भई ती जग्गाको उठती पुठती गरी आवश्यक व्यवस्था मिलाउन गुठियारहरूसमेत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियुक्त भएका थिए । मन्दिरमा नित्यनैमित्तिक पूजाआजा गर्न दुई पुजारीको समेत व्यवस्था गरिएको थियो । विसं १९४८ सम्म यसैअनुसार मन्दिरका सञ्चालन भयो । विसं १९४९ देखि गुठीबन्दोवस्त अड्डाले सञ्चालन गर्ने गरी अमानत गुठीबाट सञ्चालन भयो । गुठीबन्दोवस्त अड्डा खारेज भई २०२१ सालमा गुठी संस्थान स्थापना भएपछि यसै संस्थाले मन्दिरको व्यवस्थापनलगायत काम गर्दै आएको छ । आषाढशुक्ल अष्टमीका दिन मन्दिरमा प्राणप्रतिष्ठा भएको दिनको सम्भनास्वरूप वर्षवर्द्धन गर्नुपर्ने रीत चलाइएको र सङ्केतात्मक रूपमा अहिलेसम्म नै पनि कायम छ ।

पञ्चदेवल वृद्धाश्रम : विसं १९७६ देखि पञ्चदेवलका सत्तलहरूमा पाकशाला स्थापना भयो । त्यहाँ कतै बाँच्ने आधार र आश्रय नपाएका व्यक्तिलाई बस्न र भोजनको व्यवस्था गर्न उक्त पाकशालाको स्थापना भएको थियो ।

गुठीबन्दोवस्त अड्डा विघटन नहुँदासम्म त्यसै संस्थाद्वारा पाकशाला सञ्चालन भएको थियो । संस्था विघटन भएपछि सो दायित्व गुठी संस्थानमा सऱ्यो । शुरूमा महिलाहरूलाई मात्र आश्रय दिइएको सो संस्थामा पछि पुरुषहरूलाई पनि आश्रय दिइयो । यहाँ २५० जना असहायलाई आश्रय दिने व्यवस्था छ । विसं २०३२ मा समाजकल्याण केन्द्र, संचालक समिति गठन भएपछि त्यस संस्थाद्वारा सो पाकशाला सञ्चालन भयो भने त्यसको नाम 'वृद्धाश्रम' राखियो । विसं २०३७ देखि पञ्चदेवल वृद्धाश्रम श्रम तथा सामाजिक कल्याण मन्त्रालयअन्तर्गत सञ्चालन भएकामा अहिले महिला, बालबालिका तथा ज्येष्ठनागरिक मन्त्रालयअन्तर्गत सञ्चालन भइरहेको छ ।

७.५.१३ कोटीलिङ्गेश्वर मन्दिर

पशुपतिनाथ मन्दिरको दक्षिणतर्फ कोटीलिङ्गेश्वर महादेवको मन्दिर अवस्थित छ । यो मन्दिर दुई तहको छाना भएको र छत्राकार शैलीको छ भने यसलाई परिक्रमा गर्न हुने गरी यन्त्राकार प्रदक्षिणापथ बनाइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्दिरको निर्माण राजा प्रताप मल्लले विसं १७१२ मा गरेका थिए । उनले मन्दिरको निर्माण आफूले गरेको व्यभिचारको पाप नाश होस् भन्ने कामनाका साथ गरेको उल्लेख भएको पाइन्छ । नेपाली मण्डप शैलीमा बनेजस्तो देखिए पनि यो मन्दिर वर्तुलाकारको छ । हनुमानढोका नासल चोकमा रहेको पञ्चमुखी हनुमान्को मन्दिर पनि वर्तुलाकारको छ र त्यो पनि प्रताप मल्लले नै बनाएका हुन् ।

कोटीलिङ्गेश्वर मन्दिरको पूजाआजाका लागि प्राचीन समयमा कुनै व्यवस्था भएको अभिलेख भेटिन्न । विसं १९०१ तिर मन्दिरमा पूजाआजा चलाउने जिम्मा शङ्कराचार्य आगम घरका पुजारीलाई दिइएको पाइन्छ । अहिले पनि उनै भट्टपुजारीका सन्ततिहरूले जसोतसो पूजा चलाइरहेका छन् ।

५.५.१४ जयवागेश्वरीको मन्दिर

पशुपति क्षेत्रमा रहेका मन्दिरमा जयवागेश्वरीको मन्दिर पनि प्रख्यात छ । गौशालादेखि थोरै उत्तर नवालीटोलमा जयवागेश्वरीको मन्दिर पर्छ । यो दुई तह छाना भएको चारपाखे मण्डपशैलीमा बनेको छ । मन्दिरको गर्भगृहका दायाँबायाँ एकएक उपगर्भगृह छन् । मन्दिर पश्चिमपट्टि मुख फर्किएको छ । मन्दिरको गर्भगृहका बीचमा जयवागेश्वरी, दायाँतर्फ श्वेतभैरव र बायाँतर्फ गणेशको मूर्ति छ । उत्तरतर्फको उपगर्भगृहको भित्तामा विभिन्न रङ्गद्वारा चित्रित भैरवको आकृति छ । दक्षिणतर्फको गर्भगृहमा मातृकाका प्राचीन मूर्ति छन् । जयवागेश्वरीको पादपीठ मात्र लिच्छवि कालको हो । त्यसदेखि माथिको माटाको भाग १२/१२ वर्षमा विधिविधानपूर्वक बनाइन्छ । भाषावंशावलीमा राजा नरेन्द्रदेवले एक योगीको सहयोगले जयवागेश्वरीलाई शान्त तुल्याएको, देवपत्तनपुरी तयार गरी कोष समेत स्थापना गरी पशुपतिनाथलाई चढाएको र जयवागेश्वरीको नित्यपूजाको व्यवस्था गरेको उल्लेख भएको छ । उक्त वंशावलीअनुसार मन्दिर पनि तिनै राजा नरेन्द्रदेवले बनाएका हुन् । साथै १२-१२ वर्षमा चित्रकारी गरेर कलेवर फेर्ने परिपाटी पनि उनैले बसालेको वंशावलीमा उल्लेख छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस सम्बन्धमा देवमाला वंशावलीमा भने अलि फरक ढङ्गको प्रस्तुति पाइन्छ । सोअनुसार राजा शिवदेवका पालामा 'ग्वल'नामक शहर बसाली जयवागेश्वरीको पूजाआजाको व्यवस्था गरिएको थियो । उनैले एक योगीको सल्लाहअनुसार चञ्चल जयवागेश्वरीलाई स्थिर गराई चित्रकारी गरी मूर्ति बनाई कर्माचार्यलाई पुजारी बनाएका थिए । प्रंत्येक वर्ष चित्र बनाउन असजिलो भई अंशुवर्माको पालादेखि १२-१२ वर्षमा मूर्ति फेर्ने क्रम चलाइएको थियो । सोक्रम अहिले पनि यथावत् चल्दै आएको छ ।

जयवागेश्वरीको मूर्तिका सम्बन्धमा जानकारी दिने पादपीठमा रहेको शिलालेख नै हो । त्यसमा मिति लेखिएको छैन । मूर्तिको शैलीलाई हेर्दा सातौं शताब्दी ताकको मानिएको छ । साथै भाषावंशावली र देवमाला वंशावलीमा उल्लेख भएका राजाहरूको समय पनि सातौं शताब्दी मानिएको छ । जयवागेश्वरीको मन्दिर राजा प्रताप मल्ल (विसं १६९८–१७३१) का छोरा नृपेन्द्र मल्ल (विसं १७३१-१७३७)ले बनाएका हुन् भन्ने पनि भाषावंशावलीमा उल्लिखित छ । विसं १९९० को भूकम्पमा पनि उक्त मन्दिर भत्किएको थिएन । पुरानो भएको र विसं २०७२ को भूकम्पबाट ठाउँठाउँमा चर्की जोखिमयुक्त भएकाले हाल मन्दिरको विकास कोषबाट मर्मतसम्भार भइरहेको छ ।

७.५.१५ ताम्रेश्वर मन्दिर

पशुपति क्षेत्रको नवालीटोलमा रहेको ताम्रेश्वरको मन्दिर पनि प्रसिद्ध मन्दिरमा पर्छ । पश्चिमाभिमुख भएको यो मन्दिर दुई तह छाना भएको नेपाली मण्डपशैलीमा बनेको छ । पहिले झिंगटीको छाना रहेको र त्यसपछि जस्ताको छाना रहेकामा पशुपति क्षेत्र विकास कोषको अनुरोधमा विसं २०४७ मा पुरातत्व विभागबाट मर्मत हुँदा तामाको छाना र स्वर्णजलपयुक्त गजुर जडान गरिएकाले यो सानो भएर पनि भव्य देखिन्छ । मन्दिरमा तामाले बनेको चतुर्मुखी शिवलिङ्ग स्थापित भएकाले नाम ताम्रेश्वर रहन गएको हो । नवालीटोल भएर जाने कुनै पनि जात्रा वा रथ ताम्रेश्वरलाई दाहिना परिक्रमा गरेर जाने परम्परा छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ताम्रेश्वर मन्दिरभित्रको शिवलिङ्गको शैली र बनोटलाई हेर्दा यो विक्रमको एघारौँ–बाह्रौँ शताब्दीतिरको हो भन्ने अनुमान गर्न सकिन्छ । मन्दिरको सम्बर्द्धनमा मल्लकालका प्रसिद्ध भारदार चिकुटीका दाजु माधेजुले हरिनाथ उपाध्यायका आचार्यकत्वमा अहोरात्र यज्ञ गरी गजुर हालेको एक अभिलेखमा उल्लेख भएको छ । सम्भवतः त्यसबखत उनले केही गुठी पनि राखेका थिए । त्यसै भएर उनका सन्ततिले केही दशक अघिसम्म पूजाआजा र मन्दिरको मर्मतसम्भार गरेका थिए । त्यसपछि उनीहरूले त्यो कार्य च्वाट्टै छाडिदिए । अहिले मन्दिरको स्याहारसम्भार कतैबाट पनि हुन सकेको छैन ।

देवपाटनका वैद्यहरूले केही गुठी राखिदिएकाले पूजाआजा भने जसोतसो चलिरहेको छ ।

७.५.१६ चन्द्रविनायकको मन्दिर

चन्द्रविनायकको मन्दिर चाबहिलमा पर्छ । यो दुई तहको छाना भएको चारपाखे नेपाली मण्डप शैलीको छ । यसको उत्तरतर्फ चौर, दक्षिणतर्फ प्राङ्गण तथा दक्षिण-पश्चिमतर्फ सत्तलहरू छन् । यो मन्दिर कहिले र कसले बनाए भन्ने विषयमा स्पष्ट उल्लेख पाइँदैन । गणेशको मूर्ति कालो प्रस्तरमा निर्मित छ । मूर्तिको शैलीगत विशेषतालाई अवलोकन गरी डा टण्डनले विक्रमको नवौँ–दशौँ शताब्दीको मान्नुभएको छ । यस अनुसार गणेशको मन्दिर पनि निश्चय नै लिच्छविकालमा नै बनेको हुनुपर्छ । मन्दिरको पश्चिमतर्फ रहेको सत्तलमा मन्दिरको पूजा र जीर्णोद्धारसम्बन्धी गुठीबारेका केही शिलालेख छन् र ती सबै मल्लकालका हुन् ।

उक्त शिलालेखमा उल्लेख भएअनुसार मन्दिरको जीर्णोद्धार एवं मर्मतसम्भार र पूजाआजाको व्यवस्थासमेत राजाप्रजाका प्रयासबाट हुँदै आएको थियो । अन्य मन्दिरमा झैं यस मन्दिरमा पनि छाना अड्याउन नेपाली शैलीका बुट्टेदार कलात्मक टुँडालहरूको प्रयोग भएको छ । यसमा पहिले झिँगटीको छाना थियो । त्यसलाई हटाएर स्थानीय रामवीर साहु भन्ने व्यक्तिले सुनको मोलम्बायुक्त छाना हालिदिएका थिए । पशुपति क्षेत्र विकास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोषको अनुरोधमा पुरातत्व विभागले विसं २०४९ मा मन्दिरको जीर्णोद्धार गरेको थियो ।

विसं २०७२ साल वैशाख १२ को भूकम्पले मन्दिरमा क्षति पुगेकाले सो मन्दिरका ठाउँमा अहिले नयाँ मन्दिर बनाउने काम भइरहेको छ ।

७.६ देवीदेवताका मूर्तिको महत्त्व र स्थिति

७.६.१ पशुपति क्षेत्रका देवीदेवताका मूर्ति

(१) लिच्छिविकाल र अझ त्यसअघिदेखिका विभिन्न मूर्ति पशुपति क्षेत्रमा पाइएका छन् । अति प्राचीनकाल, प्राचीनकाल, माध्यमिक काल र एक्काइसौं शताब्दीको शुरूतिर समेत विभिन्न खालका मूर्तिको निर्माण भएका छन् । ती मूर्ति आआफ्ना विभिन्न आस्थाका आधारमा निर्माण गरिएका हुन् भन्न स्पष्टै सकिन्छ ।

(२) धार्मिक तीर्थस्थलहरूमा मूर्तिहरूको स्थापना गरे धर्म हुन्छ, मोक्ष प्राप्त गर्न सकिन्छ भन्ने नेपाली जनताको प्राचीनकालदेखिकै विश्वास हो । त्यसैले समय समयमा राजा महाराजाहरूले मात्र होइन कि सर्वसाधारण जनताले पनि मूर्तिको निर्माण गर्ने र मन्दिर स्थापना गर्ने गर्दै आएका हुन् ।

(३) डा टण्डनले पशुपति क्षेत्रका मूर्तिहरूलाई सात भागमा विभाजन गर्नुभएको छ : शिवमूर्ति, विष्णुमूर्ति, मातृकामूर्ति, गणेशमूर्ति, सूर्यमूर्ति, बुद्धमूर्ति र विविधमूर्ति ।

(४) अधिकांश मूर्ति पाषाणमा कुँदिएका छन् । मूर्ति कुँद्न प्राचीनकालमा कति असजिलो थियो होला ? मूर्ति कुँदिने ढुङ्गा भरसक चिल्लो, फस्को नभएको र कडा खोज्नुपर्ने चलन भएकोले नै ती हालसम्म पनि जीवन्त छन् ।

(५) यी शिवलिङ्गहरू तथा मूर्तिहरू नेपालका अमूल्य निधि हुन् । यस क्षेत्रमा भएका मूर्ति र शिवलिङ्गहरू अधिकांश मन्दिरमा रहेका छन् भने कुनै पर्खालमा, कुनै चारकुने पर्खालमा र कुनै यत्रतत्र छरिएर रहेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(६) अहिले धेरैजसो मन्दिर र मूर्तिको अवस्था अत्यन्तै नाजुक छ । कतिपय मूर्ति मन्दिरविहीन भएका छन् भने कतिपय मन्दिर मूर्तिविहीन पनि भएका छन् र नाशिदैं गएका छन् । कतिपय मूर्ति व्यक्तिविशेषको घरजग्गामा बेवारिसे भएर रहेका छन् भने कतिपय पुरातात्त्विक महत्त्वका मूर्ति हराएर गएका छन्, कतिपय चोरी भएका छन् । कतिपय मूर्ति घाम, पानी, हुरी बतास आदिले गर्दा नाशिदैं, बिग्रँदै गएका छन् । हामीले जति महत्त्वका साथ तिनको वास्ता गर्नुपर्थ्यो त्यो भएको छैन् । पुर्खाहरूले अत्यन्तै श्रद्धा, आस्था र विश्वासका साथ निर्माण गरे-गराएका मूर्तिको स्याहारसम्भार हुन नसक्नु, टुटफुट भएर जानु, हराएर, चोरी भएर जानु दुःखलाग्दो र पीडादायक छ । पुर्खाले अत्यन्तै मेहेनतपूर्वक कलाकौशल देखाएर बनाएका ती विभिन्न देवीदेवताका मूर्ति एवं शिवलिङ्गको संरक्षण पछिपछिका पुस्ताहरूले गर्न नसक्नु दुर्भाग्यपूर्ण छ ।

(७) आज हामी ती मूर्तिहरू बनाउन भनेर कहाँ सक्छौं ? त्यस्तो परिवेश कहाँ छ अहिले ? तर जे पुर्खाले बनाएर गए, तिनको संरक्षण मात्र गर्न सक्यौं भने पनि धेरै राम्रो हुन्थ्यो ।

हाम्रा पुर्खाले मूर्तिहरू मात्र बनाएका थिएनन्, तिनको बासस्थान मन्दिरहरू पनि बनाएका थिए । ती मन्दिर कति कलाकौशलले भरिपूर्ण र आकर्षक छन् तर आज जीर्ण-शीर्ण बन्दै गएका छन् । तिनको मर्मत-सम्भार जुन तदारूकता देखाएर हुनुपर्थ्यो, त्यसरी भएको अनुभव गर्ने ठाउँ छैन । लिच्छवि राजा मानदेव प्रथमले (विसं ५२२–५६३) आफ्नी आमा राज्यवतीको पुण्य वृद्धि होस् भन्ने कामना गरी तिलगङ्गामा त्रिविक्रम विष्णुको मूर्ति स्थापना गरेका थिए । त्यति महत्त्वपूर्ण र अतिप्राचीन इतिहास र संस्कृति झल्काउने त्यो मूर्ति अहिले अनास्था र लापरवाहीको शिकार भइरहेको छ ।

७.६.२ शिवका मूर्ति र शिवलिङ्ग

शिवका मूर्तिहरूलाई सकल भनिन्छ । मूर्तिभन्दा पनि बहुतै महत्त्वपूर्ण मानिएका छन् शिवलिङ्ग । शिवपुराणमा शिवका मूर्तिभन्दा लिङ्गको पूजा-आराधनाको ठूलो महत्त्व बताइएको छ । लिङ्गलाई निष्कल भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निष्कलमा पनि दुई प्रकारका लिङ्ग पर्छन् सादा लिङ्ग र मुखलिङ्ग । मुखलिङ्ग एकमुखे, तीनमुखे र चारमुखे छन् । पशुपति क्षेत्रका शिवलिङ्ग मन्दिर, खुला चौर, बारी, चोक, घरका छिडी र बगैंचामा समेत देख्न सकिन्छ । ती लिङ्ग त्यसरी निजी ठाउँमा देख्ता पहिले ती ठाउँमा सार्वजनिक स्थलहरू थिए र पछि मानव अतिक्रमणको चपेटामा परेहोलान् भन्ने सहजै अनुमान गर्न सकिन्छ । नेपालका शिवलिङ्गमध्ये सबैभन्दा मोटो छैटौं या सातौ शताब्दीको विराटेश्वर शिवलिङ्ग पशुपति क्षेत्रमा छ । शिवलिङ्गमध्येका मुख्य ११ शिवलिङ्गमा नयाँ पुजारी नियुक्त हुँदा र भण्डारीका छोराहरूको व्रतबन्धका अवसरमा त्यहाँ गएर पूजा–दर्शन गर्नुपर्ने र प्रतिज्ञासमेत गर्नुपर्ने परम्परा रहँदै आएको छ ।

७.६.३ पशुपति क्षेत्रका मुख्य मुख्य शिवलिङ्ग

भण्डारेश्वर, कुवेरेश्वर, खञ्जनेश्वर, अचलेश्वर, कृष्णेश्वर, भष्मेश्वर, ताम्रेश्वर, रूद्रगाडेश्वर, तारकेश्वर आदि ।

पशुपति क्षेत्रका महत्त्वपूर्ण शिवलिङ्ग, उमामहेश्वरका मूर्ति र अन्य देवीदेवताका मूर्तिको विवरण अध्याय ११ अनुसूची ४ मा राखिएका छन् ।

पशुपति क्षेत्रमा उपर्युक्तबमोजिमका हिन्दू देवीदेवताका मन्दिर र मूर्तिका साथै ॐकार परिवारभित्र पर्ने नेपालका महत्त्वपूर्ण धर्ममध्येको बौद्ध धर्मका पूजास्थल, चैत्य, साधनास्थल र बुद्धमूर्ति पनि रहेका छन् ।

७.७ पशुपति क्षेत्रमा रहेका केही बौद्ध चैत्य र साधनास्थल

यहाँ धन्दोचैत्य, चाबहिल, चारूमती विहारस्थित लोकेश्वर, कुतुबही आदि बौद्धस्तूप र गुम्बाहरू छन् ।

(१) धन्दोचैत्य

नेपालमा भएका प्रसिद्ध चैत्यमा पशुपति क्षेत्रमा पर्ने धन्दोचैत्य पनि पर्छ । यो चैत्य गौशालाबाट चाबहिलतर्फ जाँदा चाबहिल चोक नजिकै बायाँतर्फ छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बौद्धधर्मका धर्म गुरु, महापुरुष, राजामहाराजाका भष्म अर्थात् धातु राखी स्तूप बनाउने प्रचलन प्राचीन हो । सम्राट् अशोकले पनि बौद्धधर्मको प्रचारप्रसारका लागि यस्ता धेरै चैत्य र स्तूप बनाएका थिए ।

धन्दोचैत्यको निर्माणबारे यकिनका साथ भन्न सकिने प्रमाणहरू त छैनन् तर पनि लिच्छविकालदेखि नै यो स्थान बौद्धधर्मावलम्बीको आराधनास्थल रहेको थियो । यो कुरा यहाँ रहेको एक अभिलेखले स्पष्ट पार्छ ।

त्यसको निर्माण कसले गरेको हो भन्नेबारेमा विभिन्न भाषावंशावलीले फरकफरक तथ्य देखाएका छन् । सबैभन्दा पुरानो गोपाल वंशावलीमा धन्दोचैत्यको निर्माण मानदेवप्रथमका पिता धर्मदेवले बनाएको उल्लेख भएको छ । गोपाल वंशावलीमा 'राजा धर्मदेवले पशुपति मन्दिरको दक्षिणतर्फ वृषध्वज चढाए । फेरि राजविहारमा धमरे चैत्य भगवान्को प्रतिष्ठा गरे ।' भनी उल्लेख गरिएको छ ।

पहिलेपहिले गुठीजग्गाको आम्दानी प्राप्त भएका बेला यस चैत्यमा पनि नित्यनैमित्तिक पूजाआजा हुन्थ्यो । अहिले भने बुद्धजयन्तीका अवसरमा वैशाख शुक्ल पूर्णिमाका दिन स्थानीय जनताको सहभागितामा पूजाआजा र शोभायात्रा गर्ने गरिएको छ ।

(२) चाबहिल

पशुपति क्षेत्रमा रहेका महत्त्वपूर्ण बौद्ध साधनास्थलमा 'चाबहिल' पनि एक हो । यो चाबहिल बजारको दक्षिणतर्फ र धन्दो चैत्यको पश्चिमतर्फ पर्छ । जीर्णावस्थामा पुगेको भए पनि बहालको बनोटअनुसार नै यो रहेको छ । यसको बाहिरी बनोट विक्रमको १९ सौं शताब्दीभन्दा पहिलेको होइन भन्ने ठानिन्छ । मूल ढोकाको दायाँबायाँ सिंह छन् भने ढोकाबाट छिर्नासाथ दायाँबायाँ गणेश र महाकालका मूर्ति छन् । मूल ढोकाको काष्ठ तोरणको बीचमा अक्षोभ्य बुद्ध र दायाँ-बायाँ पञ्चध्यानी बुद्धका आकृति कुँदिएका छन् । बहालको दक्षिणपट्टिको खण्डमा मूलदेवता पद्मपाणि लोकेश्वरको मूर्ति छ । स्थानीय व्यक्तिहरू यिनलाई वज्रपाणि लोकेश्वरका रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजाआजा गर्छन् । मूलदेवताको मुखाकृतिबाहेक अरू भाग सधैं पोशाकले ढाकिएको हुन्छ । चोकमा प्रस्तरनिर्मित चार चैत्य छन् । तीमध्ये एउटा चैत्यका चारैतर्फ पूर्णकदको पद्मपाणि बोधिसत्वको आकर्षक मूर्ति छ । यसले चतुर्नारायण वा शिवलिङ्गको प्रभावलाई आत्मसात्. गर्न खोजेजस्तो देखिन्छ । बहालको छाना झिँगटीको छ ।

पहिले साँखु भई तिब्बत जाने बाटो यहीँबाट भएकाले यस ठाउँमा निकै चहलपहल हुन्थ्यो ।

चाबहिल नामकरण : यस विहारको चाबहिल नाम रहनुको कारण यस्तो छ : नेवारी भाषामा 'चा' को अर्थ रात्रि र 'बहिल'को अर्थ निवास स्थान हुन्छ । यसको पूरा अर्थ रात्रिनिवास हुन्छ । पहिले यो बाटो भएर तिब्बत जाने व्यापारीलाई बेलुका वास बस्न दिने र भोलिपल्ट बिहान गुप्तयोगिनीको प्रसाद लगाइदिने गरेको जनश्रुति अझसम्म सुनिने भएकाले 'चाबहिल' नामको सार्थकता पुष्टि हुन्छ ।

चाविहारमा भएको एक हस्तलिखित पुस्तकमा भाजुगुठीको चर्चाका प्रसङ्गमा देवपत्तनका कुनै राजाले असनकी मालिनीसँग विवाह गरेको उल्लेख छ । ती मालिनी राजासँग विवाह भएपछि गङ्गारानी भइन् । क्षत्रीय राजाले मालिनीसँग विवाह गरेकाले सन्तानको बिचल्ली हुनेदेखी बुधमानसिंह नाम गरेका मन्त्रीको सल्लाहअनुसार चाबिहार बनाई त्यहाँ चूडाकर्म गरी शाक्यभिक्षु बनाएको उल्लेख भएको पाइन्छ । 'देवपाटन महाराजको शुभसम्वत् ११० ।' उल्लेख गरिएको छ, ती राजा को थिए, उनको नाम उल्लेख भएको छैन तर छोराको नाम भने 'देवसिङ्कर गङ्गादेव' भनी उल्लेख गरिएको छ ।

यस विहारमा कुमारी छिन् । चाबहिलको सङ्घका शाक्यहरूका छोरीमध्येबाट कुमारी छान्ने प्रचलन छ । स्थानीय बासिन्दाहरू पर्वविशेषमा र नव वरबधु विवाहपश्चात् त्यहाँ दर्शन गर्न जाने गर्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाबहिलकी कुमारी दिसीपूजा, अक्षयतृतीया, गुँलाको पञ्चदान आदि कार्य र पर्वमा भाग लिन्छिन् ।

प्रत्येक वर्ष पशुपति क्षेत्रका विभिन्न क्षेत्रमा नचाइने 'नाँगे नाच' तयारी गर्ने लगायत नाच्ने व्यक्तिहरू चाविहारकै हुन्छन् ।

(३) कोटुबहिल

पशुपतिक्षेत्रमा रहेका बौद्ध साधनास्थलमध्ये कोटुबहिल पनि एक हो । यो सिफलबाट चन्द्रविनायकको स्थानतिर जाँदा र मित्रपार्कबाट सिफलतिर जाँदाको चौबाटाको केही पश्चिमतिर पर्छ । पूर्वतिर मुख भएको यस विहारमा अरू विहारमा झैँ बीचमा चोक र चारैतिर चौघेरा सत्तल वा पाटी हुने गरेको भए पनि अहिले भने त्यस्तो छैन । अहिले त पूर्वतर्फ मर्मतसम्भार गरिएको केही भाग र मुख्य देवता रहेको जीर्ण भागबाहेक अरू भाग छैनन् । पहिले त्यहाँ चौघेरा भवनहरू थिए भन्न सकिने चिन्हहरू भने छन् ।

बहिलको मूलदेवता अक्षोभ्य हुन् भने पञ्चध्यानी बुद्ध र अजिमा पनि छन् ।

बहिलको आफ्नै सङ्घ छ । सङ्घका दीक्षित शाक्यहरूले बहिलको सञ्चालनसम्बन्धी कार्य गर्छन् । उनीहरू कुमारको बरेछुयागुलगायत कार्य आफ्नै बहिलमा गर्छन् । सङ्घका पाँच थकाली छन् । बहिलमा पूजाआजा स्थानीय दुई कवलका शाक्यहरूले पालैपालो गर्छन् । प्रत्येक अष्टमीका दिन पालो फेरिने चलन छ । यो निजी गुठीअन्तरगत सञ्चालित छ ।

बहिलको स्थापना कहिले, कसले र कसरी गरे किटेर भन्न सकिने स्थिति छैन । चाबहिलका शाक्यहरूमा प्रचलित जनश्रुतिअनुसार चाबहिल बनाउँदा बाँकी रहेका सामग्रीले यो बहिल बनाइएको हो । चाबहिल सम्वत् ११० (विसं १०४७) मा बनेको हो भन्ने कुरा चाविहारमा रहेको एक 'सफु' मा उल्लेख गरिएको छ ।

पशुपति क्षेत्रमा रहेका बुद्ध मूर्तिहरूको विवरण अध्याय ११ अनुसूची ५ मा दिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.८ पशुपति क्षेत्रमा भएका कलाकृति

पशुपति क्षेत्रमा विभिन्न देवीदेवताका मूर्तिका साथै अरू विभिन्न कलाकृति पनि छन् र ती अमूल्य छन् । ती कलाकौशल मन्दिरका स्थापत्यसँग सम्बन्धित छन् । यस्तै विभिन्न प्रस्तरस्तम्भ पनि यहाँ यत्रतत्र छन् । माथिल्लो भागमा कलश र तल्लो भागमा गह्रुँगो बोझ बोक्न लागेका जस्ता मूर्ति पनि छन् । त्यसको माथिल्लो भागमा भने अर्को स्तम्भ घुसाउन हुने गरी चुकुलहरू बनाइएका छन् । यस सन्दर्भमा विक्रमको सातौँ–आठौँ शताब्दी ताकको वत्सलेश्वरी मन्दिर पश्चिमका स्तम्भ उल्लेखनीय छन् । यसरी नै जयवागेश्वरी, पादवेश्वर मन्दिर, पाँचुगणेश मन्दिर आदि ठाउँमा रहेका स्तम्भ कलात्मक र उल्लेखनीय छन् । यस्तै गन्धर्व, यक्ष आदिका मूर्ति र मन्दिरका दलिन, लिण्टलको काममा प्रयोग भएका ढुङ्गाका सुन्दर अवशेष पनि यत्रतत्र देख्न पाइन्छ । यस्तै कामधेनु गाई र उनको बाच्छो, साँढे आदिका सुन्दर र कलात्मक मूर्ति पनि यस क्षेत्रमा भेटिएका छन् । सिंह, मृग आदिका मूर्ति पनि यत्रतत्र स्याहारसम्भारका अभावमा असरल्ल परिरहेका छन् । एवं प्रकारले ढुङ्गेधारामा कुँदिएका मकराकृतिका डुँडहरू पनि उल्लेखनीय छन् तर ती हेरचाह र स्याहारसम्भारको अभावमा संरक्षण गरिदिने व्यक्ति कुन कालखण्डमा आउला भनेर प्रतीक्षा गरिरहेका छन् ।

—o—

मुख्य सन्दर्भ ग्रन्थ

डा गोविन्द टण्डन पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन, काठमाडौँ महाराजगञ्ज, झरेन्द्र शम्शेर ज.ब.रा.तथा श्रीमती मञ्जुराणा, विसं २०५३

कुलचन्द्र कोइराला, नेपालका आराध्यदेव भगवान् पशुपतिनाथ, काठमाडौँ,ने.रा.प्र.प्रतिष्ठान विसं २०५१

लेख

डा जगमान गुरूङ –राष्ट्र, राष्ट्रियता र सर्वधर्मसमभावका प्रतीक भगवान् श्रीपशुपतिनाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ८

पशुपतिनाथ र पशुपति क्षेत्रसम्बन्धी विभिन्न ज्ञातव्य विषय

८.१ पशुपतिनाथको प्रिय भूमि नेपाल

पशुपतिनाथलाई कैलाश दरबारभन्दा बढी र काशीभन्दा पनि यो देश अत्यन्तै प्रिय लागेको कुरा शास्त्र एवं पुराणहरूमा उल्लेख भएको पाइन्छ । ब्रह्मा, विष्णु र इन्द्रादि देवताहरूले 'कैलाश शून्य भयो प्रभु फर्किनुपर्‍यो' भनेर बारम्बार प्रार्थना गर्दा पनि उहाँ यहीँ बस्नु भयो । मृगका रूपमा वनकन्दरा डुल्दा पनि प्रभुले यसै ठाउँलाई मन पराउनु भयो, किराँत रूपमा रहँदा पनि उहाँलाई यही भूमिले मोहनी लगायो र पछि गएर ज्योतिर्लिङ्गकै रूपमा उहाँ यहीँ रहनु भयो । त्यसैले देवताहरूसमेत यही भूमिमा आएर पशुपतिनाथको सामीप्यमा रहन लागे । त्यसैले भनिएको छ, यहाँ सम्पूर्ण देवी-देवताको वास छ ।

पार्वतीलाई पनि यो भूमि अत्यन्तै प्रिय र रमाइलो लागेको कुरा ठाउँठाउँमा उल्लेख भएको पाइन्छ । एक पटक हिमालयपुत्री पार्वतीले संसार भ्रमण गर्ने इच्छा गर्नुभयो र देवाधिदेव शिवसँग बिदा माग्नुभयो । प्रभुले पनि आफ्ना गणहरूलाई सुरक्षाको जिम्मा लगाएर पार्वतीलाई बिदा दिनुभयो । पार्वती संसार भ्रमण गर्दैगर्दै हालको पशुपति क्षेत्रमा आइपुग्दा अत्यन्तै खुशी हुनुभयो । यहाँकी कलकल बगिरहेकी पवित्र वागमती नदी, अत्यन्तै मनोहर प्राकृतिक सौन्दर्ययुक्त घना वनजङ्गल, जङ्गलभित्र नानाप्रकारका चराचुङ्गीको अतिमधुर कलरव ! मृगहरूको शान्त र प्राकृत स्वभाव ! उहाँलाई यो ठाउँ छाडेर कैलाश फर्कने मन लागेन । उता शिव हजारौं वर्षसम्म ध्यानमा बसी नजर खोलेर हेर्दा त पार्वती अझै फर्किएकी छैनन् । प्रभु ध्यान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टिले हेर्नुहुन्छ र पार्वतीलाई लिन लावालस्करका साथ जानुहुन्छ । यहाँ आएर पार्वतीलाई कैलाश फर्कन जोड गर्नुहुन्छ, पार्वती सोझै जान्न भन्न सक्नुहुन्न । अनेकौं जुक्तिबुद्धि लगाएर शिवलाई समेत पशुपतिनाथका रूपमा यहीँ राख्नुहुन्छ । महादेव पनि 'नगृहं गृहमित्याहुगृहिणी गृहमुच्यते ।' (घर तबसम्म घर हुँदैन जबसम्म त्यहाँ गृहिणी हुन्नन् । गृहिणी भएपछि जुनसुकै ठाउँ घर हुन्छ, रमाइलो संसार बन्छ) भन्ने ठानेर पार्वतीका साथ यहीँ बस्नुहुन्छ । यस्ता कथा धेरै छन् ।

८.२ पशुपति क्षेत्रको सिमाना

तत्कालीन युवा खेलकुद तथा संस्कृति मन्त्रालयबाट २०५५ साल कात्तिक २३ गते राजपत्रमा प्रकाशित सूचना अनुसार :

(१) पूर्वी सिमाना–गुह्येश्वरी मन्दिरको ९८४ फिट पूर्वतर्फ, वागमती नदीको उत्तर किनारादेखि दक्षिण शिवपुरी बाबाको आश्रम वरपरको काठमाडौं महानगरपालिका ८ नं. वडाको कित्ता नं. १ को पूरै जङ्गलको भित्री भाग, विमानस्थलबाट तिलगङ्गा चक्रपथ निक्लने कच्ची बाटो

(२) पश्चिमी सिमाना– काठमाडौं महानगरपालिका वडा नं. ७ लगायत, वडा नं. ७ को भगवान्स्थान हुँदै रातो पुल, चक्रपथ गौशाला चोक निक्लने भाग

(३) उत्तरी सिमाना– काठमाडौं वडा नं. ७ लगायत क्षेत्र

(४) दक्षिण सिमाना– रातो पुलबाट गौशाला चोकतर्फ जाने काठमाडौं महानगरपालिका वडा नं ८ लगायत क्षेत्रदेखि गौशाला चोकदेखि विमानस्थलसम्म जाने कच्ची मोटर बाटो समेतको क्षेत्र ।

८.३ क्षेत्रफल

पशुपति क्षेत्र देवपाटन, जयवागेश्वरी, गौरीघाट, चाबहिल, कुटम्बहाल, सिफल, गौशाला, पिङ्गलास्थान, श्लेष्मान्तक वन आसपास गरी करीब २६४ हेक्टर क्षेत्रफलमा फैलिएको छ । यसमध्ये प्राचीन स्मारक क्षेत्रभित्र ८३.५५ हेक्टर पर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८.४ पशुपतिनाथ मन्दिरको सम्पत्ति

(क) १. जग्गा जमीन जम्मा –१८३६१–०.–३–१
(अठार हजार तीन सय एकसठ्ठी रोपनी शून्य आना तीन पैसा र एक दाम ।)

पशुपतिनाथको पशुपति क्षेत्र विकास कोषमा रहेको जग्गा

अमालकोट कचहरी कार्यालय, पशुपति भण्डार तहबिल कार्यालय र जयवागेश्वरी भण्डार तहबिल कार्यालयले गर्दै आएका जग्गासम्बन्धी काम २०७३ सालदेखि विकास कोषअन्तर्गतको गुठी जग्गा व्यवस्थापन शाखाले गर्दै आएको छ ।

हाल पशुपति क्षेत्र विकास कोषअन्तर्गत तीन किसिमका जग्गाहरू छन् :

(१) पशुपतिनाथको पूजा-आजा र अन्य व्यवस्थाका लागि प्राचीनकालदेखि राखिँदै आएका राजगुठी र निजी गुठीअन्तर्गतका जग्गा

(२) नेपाल सरकारबाट विभिन्न प्रयोजनका लागि विकास कोषका नाममा अधिकरण भई समयसमयमा प्राप्त जग्गा

(३) नेपाल सरकारले कोषका नाममा हस्तान्तरण गरिदिएका जग्गा, जस्तै गोठाटारको जग्गा

ती जग्गा यसप्रकार छन् :

जग्गाको नाम र किसिम	क्षेत्रफल रोपनी, आना, पैसा र दाममा
(१.) पशुपतिनाथ भण्डार तहबिल, पशुपतिनाथ अमालकोट कचहरी र पशुपतिनाथ जयवागेश्वरी भण्डार तहबिल कार्यालयको दर्ता प्रमाणित लगतअनुसारको जग्गा	३६६७-४-३-० तीन हजार छ सय सतसठ्ठी रोपनी चार आना तीन पैसा र शून्य दाम
(२) साविक लगतको दर्ता प्रमाणित हुन बाँकी	२३१–१०–०–१ दुई सय एकतीस रोपनी दश आना शून्य पैसा एक दाम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जग्गाको नाम र किसिम	क्षेत्रफल रोपनी, आना, पैसा र दाममा
(३) त्रिभुवन विमानस्थल र गल्फ कोर्ष रहेको ९९ वर्षका लागि भोगचलन गर्न भाडामा दिइएको जग्गा	११६१–१४-३–० एक हजार एक सय एकसठ्ठी रोपनी चौध आना तीन पैसा र शून्य दाम
(४) पशुपति क्षेत्र विकास कोषले २०५९।१।१५ देखि २०७०।०२।३० सम्मका विभिन्न मितिमा अधिग्रहणबाट प्राप्त गरेको जग्गा	१९४–२–०–१ एक सय चौरान्नब्बे रोपनी दुई आना शून्य पैसा र एक दाम
(५) सनातनदेखिको भण्डारखाल, सिफलचौर, कैलाश, पशुपतिनाथ मन्दिर, गुह्येश्वरी मन्दिर, सत्तल, पाटी, शिवालय मन्दिर, उद्यान, कोष कार्यालय, नदी, बगर, जङ्गल, जस्ता सार्वजनिक प्रंकृतिको जग्गा	१३११–१०–१–३ एक हजार तीन सय एघार रोपनी दश आना एक पैसा र तीन दाम
(६) विसं २०४६ मा कोषका नाममा नेपाल सरकारले उपलब्ध गराएको गोठाटारको बुट्यान पाखो जग्गा	५३४–०–०–० पाँच सय चौंतीस रोपनी
विकास कोष र सोअन्तरगत कार्यालयमा दर्ता प्रमाणित लगतअनुसारको माथिको जम्मा जग्गाको जोड	७१००–०–०–० सात हजार एक सय रोपनी

- कोषअन्तर्गतको जग्गामध्ये नेपाल नागरिक उड्डयन प्राधिकरण र गल्फ क्लबले उपयोग गरेको १,१६१ रोपनी १४ आना, ३ पैसा, जग्गा, मन्दिर, पाटीपौवा, जल, उद्यान, खुला चौरका रूपमा रहेका बाहेक अरू सबै जग्गामा मोही छन् । मोहीहरूले भोग गरिआएका ती जग्गाबाट निर्धारण भएबमोजिमको सामान्य कुतसमेत समयमा उठ्न सकेको छैन ।

- नागरिक उड्डयन प्राधिकरण आफूले लिएको जग्गाको प्रतिवर्ष एकमुष्ट रू.२३ लाख २२ हजारका दरले तिर्दै आएकामा २०७३ सालदेखि तत्कालीन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृती पर्यटन तथा नागरीक उड्डय मन्त्री जीवन बहादुर शाहीका पहलमा वार्षिक १ करोड तिर्ने गरीएको छ । त्यसअघिसम्म कोष सञ्चालक परिषद्ले पटकपटक निर्णय गरी भाडा बढाउन भने पनि प्राधिकरणले टेरपुच्छर लगाएको थिएन । कोषका कार्यकारी निर्देशक रमेश उप्रेतीका अनुसार प्राधिकरणले ओगटेको जग्गा अन्यलाई नापेर दिई भाडा असुल्ने गरेकाले सोअनुसार कोषलाई पनि दिएमा कोषले कम्तीमा वार्षिक रु २० करोड पाउनुपर्ने हुन्छ तर सोअनुसार भइरहेको छैन ।

- विकास कोष र सो अन्तर्गत कार्यालयहरूमा लगत रहेको माथि उल्लेख भएको जग्गाबाट (नागरिक उड्डयन प्राधिकरण र गल्फ क्लबले उपयोग गरेको जग्गाबाहेक) नगदी, जिन्सी सबैलाई नगदमा परिणत गरी हिसाब गर्दा वार्षिक रू ७४,१७,९५३ । (रू चौहत्तरलाख सत्र हजार नौ सय त्रिपन्न) आम्दानी हुने गरेको देखिएको छ । त्यति धेरै जग्गाबाट हुने यो आम्दानी अत्यन्त न्यूने छ । कोषले प्राप्त गर्नुपर्ने रकम र अनाज नउठेकाले पूजाआजा चलाउन असजिलो परिरहेको बुझिएको छ ।

- त्रिशूल र डमरू छाप भएका पशुपतिनाथको गुठीमा भएका यी जग्गा रैतान हुँदैनन् । गुठीकै रूपमा भने खरीदबिक्री हुन्छन् ।

पशुपतिनाथको हराएको जग्गा

(१) पशुपति अमालकोट कचहरी, पशुपति भण्डार तहबिल, जयवागेश्वरी भण्डार तहबिल असुली लगतकोअभिलेख अनुसार पशुपतिनाथको नाममा भएका जग्गामध्ये २३१ रोपनी १० आना अर्बौं रूपियाँ मूल्य पर्ने जग्गा गायब भएको छ । भण्डार तहबिलको २१३ रोपनी सात आना, जयवागेश्वरी भण्डार तहबिलको ११ रोपनी सात आना र अमालकोट कचहरीको ६ रोपनी जग्गा हराएको छ । चन्द्रशम्शेरका सन्तानले ६ रोपनी ४ आना जग्गा हडपेर खाएको देखाइएको छ भने अरू जग्गा भूमाफियाहरूको खेलमा परेको बुझिएको छ ।

(२) पशुपतिनाथका नाममा हजारौं रोपनी जग्गा भए पनि कुत र भूबहालबाट आम्दानी भने ज्यादै न्यून हुने गरेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३) बारा, पर्सा र रौतहटमा पनि पशुपतिनाथ मन्दिरको ११ सय बिघा जग्गा गायब भएको समाचारसमेत आएको थियो ।

(४) अख्तियार दुरूपयोग अनुसन्धान आयोगले हराएको जग्गाको छानबिन गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिएको थियो । महालेखा परीक्षकको प्रतिवेदनमा पनि पशुपतिनाथका नाममा रहेको जग्गाको खोजी गर्नुपर्ने उल्लेख गरिएको छ ।

(५) त्यसअघि पनि पशुपतिनाथका नामको ३५० रोपनी जग्गा साबिक लगतबाट हराएको थियो । उक्त जग्गाको खोजी गर्न संसद्को सार्वजनिक लेखा समितिले १३ वर्षअघि निर्देशन दिएको थियो । त्यो काम अझै हुन सकेको छैन ।

(६) हाल आएर सरकारी सार्वजनिक र गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ गर्न आयोगमा परेका उजुरीमध्ये पशुपतिनाथको हराएको जग्गासमेत खोजी हुने, छानबिन हुने र जग्गा पत्ता लाग्ने आशा र विश्वास विकास कोषले गरेको छ ।

२. गुठी संस्थानअन्तर्गत रहेको पशुपतिनाथको जग्गा

पशुपतिनाथ र पशुपति क्षेत्रका अन्य देवीदेवताको पूजा र विशेष पूजाका निम्ति राखिएको गुठी जग्गाको सञ्चालन गुठी संस्थानले गर्ने गरेको छ । त्यसप्रकारका पूजाआजाका निम्ति गुठी संस्थानमा दर्ता प्रमाणित लगत रहेको गुठी जग्गा	११२६१–०–३–१ एघार हजार दुई सय एकसठ्ठी रोपनी शून्य आना तीन पैसा र एक दाम

पशुपति क्षेत्रभित्र १९५ गुठी छन् । ती मातहत उक्त जग्गा छ । गुठी संस्थानले पशुपति क्षेत्रभित्र चलाउनुपर्ने महास्नानलगायत १९५ गुठी उक्त आयस्ताबाट नै चलाउने गरेको छ । यसअघि गुठीको जग्गा कति थियो भन्ने यकिन जानकारी विकास कोषलाई समेत थिएन । डा मिलन थापाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संयोजकत्वमा गठित 'पशुपतिनाथको सम्पत्ति संरक्षण तथा गुठी जग्गा अध्ययन एवं छानबिन समिति'ले गहन रूपमा छानबिन गरी उक्त जग्गाको अभिलेख प्रकाशमा ल्याउने महत्त्वपूर्ण कार्य गरेको छ ।

३. पशुपति क्षेत्र विकास कोष र गुठी संस्थानमा रहेको पशुपतिनाथको जम्मा जग्गा

कोष अन्तरगत र गुठी संस्थानमा प्रमाणित लगत रहेको गरी जम्मा पशुपतिनाथको जग्गा	१८३६१–०–३–१ अठार हजार तीन सय एकसठ्ठी रोपनी शून्य आना तीन पैसा र एक दाम ।

८.४ पशुपतिनाथको सम्पत्ति

(ख) पशुपतिमन्दिरको भेटीघाटी

(१) पशुपतिनाथ मन्दिरको भेटीघाटीको अवस्था कस्तो छ, भगवान्को नाममा चढाइएका चलअचल सम्पत्तिहरूको अवस्था कस्तो छ, सर्वसाधारण जनतालाई जानकारी हुनु आवश्यक हुन्छ ।

(२) पशुपतिनाथका नाममा अहिले रू. एक अर्ब २९ करोड छ । त्यसमध्ये बैंकमा मुद्दती खाता खोली रू. एक अर्ब राखिएको छ ।

अहिले पशुपतिनाथमा चढ्ने भेटी दानपेटिकामा राख्ने चलन छ । प्रत्येक दिनको भेटी गन्ती गरेर भोलिपल्ट सर्वसाधारण जनताले देख्ने गरी सूचना पाटीमा उल्लेख गर्ने चलन छ । यसरी नगदबाहेक सुन, चाँदी, तामा र अन्य मालसामान के के चढेको छ, त्यसको विवरण जनताले देख्ने गरी सूचना पाटीमा उल्लेख गर्ने गरिएको पाइन्छ । यो अत्यन्त उल्लेखनीय र महत्त्वपूर्ण कार्य हो, प्रशंसनीय कदम हो । यस कार्यमा विकास कोषका पूर्व सदस्य सचिव डा गोविन्द टण्डनको उल्लेखनीय देन रहेको छ ।

(३) यस्तो सोच छोटो समय (सात दिन) मात्र पशुपतिनाथको मूल पुजारी हुने अवसर पाएका डा विष्णु दाहालले (२०६५ ।९।१७–२०६५।०९।२३) पनि राखेका थिए । यस कार्यले सार्थकता भने २०७० सालदेखि मात्र पायो ।

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसबेलादेखि पशुपतिनाथमा भक्तजनबाट चढाइएको भेटीघाटी (नगद) र जिन्सी सामान विभिन्न प्रतिनिधि एवं दर्शनार्थीको रोहवरमा प्रत्येक दिन गन्ती गरी आम्दानी बाँध्ने परम्परा बसालिएको छ । सदियौंदेखि पशुपतिनाथमा भक्तजनले चढाएका नगद र सुनचाँदीलगायत जिन्सी सामान पारदर्शी हुन नसकेको र व्यक्तिविशेष मात्र मोटाउने भएकामा यस कदमबाट त्यो प्रवृत्ति निराकृत हुन पुगेको छ । पशुपतिनाथको क्षेत्रको विकास र सुधारका लागि यो अत्यन्तै प्रशंसनीय कार्य हो ।

(४) विगतमा पनि पशुपतिनाथमा निश्चय नै धेरै रकम, सुन, चाँदी, तामा, अन्य धातुका सामान र जिन्सीसमेत चढेको हुनुपर्छ, तर त्यसको यथार्थ हिसाब देख्न सकिँदैन । प्राचीनकालदेखि नै पशुपतिनाथमा जग्गाका साथै अन्य जिन्सी नगदी पनि चढेको हुन्थ्यो । गोपालराजवंशावलीमा कोष र अन्य वस्तु प्रशस्त चढाएको उल्लेख पाइन्छ । त्यसरी जम्मा भएको सम्पत्ति एकातिर विधर्मीहरूले लुटेर लान्थे भने अर्कोतिर राजा-महाराजाहरूले पनि यसैबाट अड्कोपड्को काम चलाउन निकाल्ने गर्थे । त्यस बेला मन्दिरमा चढेको रकम पुजारीहरूकै तजबिजअनुसार खर्च हुने र भण्डार दाखिला गर्ने गरिन्थ्यो ।

(५) भनिन्छ, चन्द्रशम्शेरले पनि करियामुक्तिका निम्ति पशुपतिनाथको ढुकुटीबाट रू.३,६७,०००। झिकेका थिए तर यसबारेमा कुनै प्रमाण नभेटिएको डा टण्डनले आफ्नो पुस्तकमा उल्लेख गर्नुभएको छ ।

(६) पशुपतिनाथको मन्दिरमा चढेका नगदी जिन्सी, चलअचल सम्पत्तिको संरक्षण र व्यवस्थापनका निम्ति पशुपतिगोश्वारा, पशुपतिभण्डारतहबिल, कुमारीचोकलाई समेत जिम्मेवार बनाइएको पाइन्छ तर सम्पत्ति व्यवस्थापन भने हुन सकेको देखिंदैन ।

(७) पशुपतिनाथमा भक्तहरूले चढाउने सम्पत्ति हिनामिना नहोस् भनी प्रयास भने हुँदै आएको छ । यस सम्बन्धमा राजा गीर्वाणयुद्ध विक्रम शाहले गरेको विसं १८६७ मङ्सिर ७ को लालमोहर उल्लेखनीय छ । त्यसमा "भण्डार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दाषील गर्न्या रूपियाँको जैसीले लेषी पुजहारा भट्टका सहिदको रसिद लिनु दबाई छपाई कसैले नषानू" भन्ने उल्लेख भएको थियो ।

(८) तत्कालीन राणा प्रधानमन्त्री रणोद्दीप सिंहले पनि विसं १९३८ श्रावण शुक्ल द्वादशी सोमबारका दिन एउटा लामो सनद नै जारी गरेका थिए । त्यसमा दक्षिणाभेटी सम्बन्धमा साबिकबमोजिम महिना महिनामा थरघर र अरू चाहिने मानिस बसी हिसाबकिताब राखी ढुकुटी दाखिल गर्ने जति ढुकुटीमा राख्न लगाउने र बाहिर राख्ने जति बाहिर राखी त्यसको कचावार खोली एक प्रति कुमारी चोक र एक प्रति मन्दिरमा राख्ने व्यवस्था गरियो । त्यसमा दक्षिणा भेटी सबै राख्ने हो वा पुजारी-भण्डारीले निश्चित हिसाबले भागबण्डा गरी लिएपछि बाँकी रहेको राख्ने हो, स्पष्ट हुन सकेको थिएन ।

(९) विसं १९८० मा द्वारे जगन्नाथ पाध्याले पुजारी-भण्डारीहरूले मन्दिरमा चढ्ने भेटीहरू बेहिसाब गरी पुजारी र भण्डारी आफूआफूले खाइरहेका छन् भनी तत्कालीन प्रधानमन्त्रीकहाँ उजूरी हाले । त्यस अनुसार खोजिनिति भयो । पुजारी-भण्डारीहरूले 'विसं १८५८ मा बाँडचुड गरी खानु' भन्ने लालमोहर छ । त्यसैअनुसार खाएको' भने । त्यसप्रकारको लालमोहर भने भेट्न सकिएन ।

(१०) विसं १९३८ देखि १९५२ सम्म महिनामा बढीमा २७ रूपियाँ र घटीमा ७८ पैसा देखाइएको थियो ।

(११) विसं १९५२ देखि १९७४ सम्म प्रतिमहिना बढीमा ३।०९ पैसा हुन थाल्यो । विसं १९७४ देखि २०२२ सम्मको त हिसाबै देखिँदैन ।

(१२) विसं २०२२ देखि २०३५ सम्म पनि कमै देखिन्छ ।

(१३) आव २०२२/२३ मा ७२।६५ छ ।

(१४) आव २०३५/३६ मा ७२२।१८ छ ।

पूजाबाट आम्दानी

(१५) हिजोआज पशुपतिनाथमा व्यक्तिले गराउने एउटै पूजापाठबाट रू. ११ सयदेखि २५ लाखसम्म आम्दानी हुने गरेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८.४ पशुपतिनाथको सम्पत्ति

(ग) सुनचाँदी

पशुपतिनाथको सम्पत्ति तथा गुठी जग्गा अध्ययन एवं छानबिन समिति २०७५को प्रतिवेदनमा उल्लेख भएअनुसार पशुपतिनाथको ढुकुटीमा भएको जिन्सी सम्पत्तिमध्येको सुनचाँदी यसप्रकार छ :

(१) जम्माजम्मी सुन ५४ केजी ९१२ ग्राम

(२) चाँदी १३२५ केजी ९२७ ग्राम (यो विवरण पशुपतिनाथको मूल ढुकुटीमा रहेको अभिलेखका आधारमा खोजी तयार गरिएको हो ।)

(३) पहिलो पटक २०२० साल मङ्सिर ५ गते पशुपतिनाथलाई तीन तोला तीन मासा सात लाल सुन चढाइएको थियो । उक्त सालमा नै मङ्सिर १५ गते नौ तोला आठ मासा नौ लाल सुन चढाइएको अभिलेख भेटिएको छ । त्यसपछि २०२१ देखि २०२६ सालसम्म सुन चढाइएको अभिलेख भेटिएको छैन । प्रतिवेदनमा पशुपतिनाथको सुनलगायतका सम्पत्ति यताउता पारिएको देखाइएको छ ।

(४) विसं २०६८ चैतमा पशुपति क्षेत्र विकास कोष ऐन र नियमावली आएपछि सुनचाँदी उल्लेख्य मात्रामा थपिएको देखिएको छ । सोअनुसार २०६९ देखि २०७५ सम्म कोषको सम्पत्ति संरक्षण महाशाखाबाट प्राप्त विवरणअनुसार १,०४४.६४ ग्राम सुन र १,४१,१२८.७५ ग्राम चाँदी थपिएको छ ।

८.५ भेटीघाटी र सुन-चाँदीबारे जानिफकार

(१) कोषका पूर्व कोषाध्यक्ष गणेश अधिकारी विगतमा पशुपतिनाथको वार्षिक आम्दानीबाट सुन किन्ने तर त्यसको अभिलेख नराख्ने प्रवृत्ति देखिएकाले सुन कहाँ गयो भनेर प्रश्न उठाउने ठाउँ छ ।

(२) अधिकारीका अनुसार बालाचतुर्दशीमा वर्षभरिको आम्दानीले सुन किन्ने गरिएको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३) पूर्व सदस्य सचिव वसन्त चौधरी 'सुन चढाउने तर त्यसको अभिलेख नराख्ने गरिएको कुरा शंकास्पद छ ।'

(४) पूर्व सदस्य सचिव डा गोविन्द टण्डन–वर्षभरिको भेटीले सुन किन्ने गरेको तर त्यसको तथ्याङ्क ठीक दुरूस्त राखिएको भन्नेमा ग्यारेन्टी छैन ।

(५) पशुपतिनाथको मूल ढुकुटी खोल्न नहुने सर्वोच्च अदालतको आदेशले गर्दा पनि सम्पत्ति यकिन गर्न असजिलो परेको हो ।

(६) डा सुरेन्द्र केसीले पनि शङ्का व्यक्त गरेका छन् ।

(७) कोषका एक सदस्य - 'सुनको ठीक दुरूस्त अभिलेख नभएकाले शङ्का गर्ने ठाउँ छ ।'

८.६ आम्दानीको स्रोत र खर्चको स्थितिको

हाल पशुपतिनाथको मन्दिरतर्फ र विकास कोषतर्फ आम्दानी र खर्चको स्थिति निम्नबमोजिम देखिएको छ :

१. राष्ट्रिय गौरवको योजनाका निम्ति र पुनर्निर्माणका लागि नेपाल सरकारबाट प्राप्त हुने रकम, चन्दा, पार्किङ्ग शुल्क, गुठी जग्गाको आम्दानी, धर्मशाला आम्दानी, धार्मिकलगायत कार्यक्रमका लागि स्थान अनुमति, बहाल आम्दानी, ब्याज आम्दानी, विद्युत् शवदाह गृह सञ्चालन र किरियापुत्री सेवा शुल्क, अन्य आम्दानी गरी विकास कोषले आ.व. २०७५/०७६ मा रू. ८२ करोड५७ लाख ५९हजार आम्दानी गरेको थियो ।

२. पशुपतिनाथको मन्दिर र प्राङ्गणका अन्य मन्दिरमा चढेको भेटी, आराध्यदेव र वासुकी नागको मन्दिरमा भएको विशेष पूजाआजा, ब्याज र अन्य विविध आम्दानी गरी मन्दिरतर्फको आम्दानी १७ करोड १७ लाख २४ हजार भएको देखिन्छ ।

३. क्रमसङ्ख्या १ र २ मा उल्लेख अनुसार जम्मा रू. ९९ करोड ७४ लाख ८३ हजार अक्षेरेऽपि उनान्सय करोड चौहत्तर लाख त्रियासी हजार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

०७५/०७६मा आम्दानी भएको देखिएको छ भने पूँजीगत कार्यक्रम खर्च (विकास निर्माण, सम्पत्ति सामान खरीद,) चालु खर्च, उपभोग खर्च (कर्मचारीको तलबभत्ता, सञ्चालन खर्च, सेवा सञ्चालन तथा संस्कृति संरक्षण खर्च) आदि गरी मन्दिर र कोषतर्फ गरी विगत आ.व.मा रू. ८३ करोड ४३ लाख ८ हजार खर्च भई मन्दिर र कोष दुवैतर्फको गरी ८२ लाख ८२ हजार विगत वर्षको आम्दानीबाट सञ्चित हुन सकेको देखिएको छ ।

४. गत आ.व २०७६/०७७ मा मन्दिर र कोषतर्फ गरी उपर्युक्त शीर्षकहरूमा रू.१ अर्ब ३२ करोड ५४ लाख ३९ हजार आम्दानी हुने अनुमान गरिएको थियो । आाम्दानी र खर्चको विस्तृत विवरण अनुसूची .६-मा दिइएको छ ।

८.७ पशुपतिनाथका पुजारी

८.७.१ पुजारीसम्बन्धी ऐतिहासिक विवरण

लिच्छविकालदेखि पाशुपताचार्यको आगमन हुनुपूर्वसम्म पशुपतिनाथका पुजारी सन्न्यासीहरू थिए । बाह्रौं शताब्दीको अन्त्यतिर काशीबाट आएका पाशुपताचार्यले दाक्षिणात्य ब्राह्मणहरूबाट पशुपतिनाथको पूजा गराउने चलन चलाएका थिए ।

दाक्षिणात्य ब्राह्मणहरूद्वारा पूजा गराउने परम्पराको थालनी विसं ११५९ देखि विसं ११९९ का बीचमा प्रारम्भ भएको हुनुपर्छ भन्ने डा टण्डनको भनाइ छ ।

लुसियानो पेटेकले भने दाक्षिणात्य ब्राह्मणहरूद्वारा पूजा गराउने परम्पराको थालनी यक्ष मल्ल (विसं १४८५–१५३९) को समयदेखि मान्नुभएको छ । यसको आधार भाषा वंशावली हो ।

काठमाडौंका पहिलो मल्ल राजा रत्न मल्ल (विसं १५३९–१५७७) को समयदेखि पुनः सन्न्यासीहरूले पूजा गर्न थाले । जयप्रकाश मल्लका पालादेखि दाक्षिणात्य ब्राह्मणहरूद्वारा पूजा गराउने चलन पुनः चल्यो । त्यो कम अहिलेसम्म चल्दै आएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(प्राचीनकालदेखि हालसम्मका पुजारीहरूको विवरण अनुसूची २ मा दिइएको छ ।)

पहिले सन्न्यासीहरू पुजारी भएका बेला पशुपतिनाथका एकै जना पुजारी भए पनि पछि भारतका दाक्षिणात्य भट्ट पुजारी भएपछि चारमुखका चारै जना पुजारी रहँदै आएका छन् । चार पुजारी भएपछि कहिलेकाहीँ कुनै पुजारीलाई खण्डखाद्य परी आउन नसक्ने भएमा पनि पूजा निरन्तर चलाउनमा कुनै असजिलो पर्दैन । ती पुजारी भट्टमध्ये एक मूलभट्ट हुन्छन् । वासुकि नागको मन्दिरका पुजारी पनि भट्ट नै छन् ।

८.७.२ पशुपतिनाथका पुजारीमा हुनुपर्ने गुण

संस्कृत जानेको, वैदिक ज्ञान हासिल गरेको, कर्मकाण्ड जानेको, सच्चरित्र र असल, खतखुन नभएको, नियम निष्ठामा रहेको, शाकाहारी

पशुपति क्षेत्र विकास कोष (मन्दिर तथा पूजा व्यवस्था) नियमावली २०६८ अनुसार पशुपतिनाथका पुजारी वा भट्ट हुन चाहिने योग्यता

(क) भट्टमा नियुक्त हुन सक्ने शैवमार्गी त्रिलिङ्गा द्रवीड ब्राह्मण

(ख) वेद, वेदान्त, धर्मशास्त्र वा तन्त्र विषय लिई संस्कृतमा कम्तीमा स्नातक तह उत्तीर्ण

(ग) जन्मसिद्ध वैदिक सनातन हिन्दूधर्मावलम्बी

(घ) वैदिक सनातनी ब्राह्मणको स्वजातीया धर्मपत्नीबाट जन्मिएको

(ङ) वैदिक विधिपूर्वक स्वजातिमा विवाह गरेको तर विधुर वा बहुपत्नी भएको हुनुहुँदैन

(च) शैवागम वा श्रीविद्यासम्बन्धी ज्ञान भएको

(छ) पच्चीस वर्ष उमेर पूरा गरेको र चालीस वर्ष ननाघेको

(ज) चार वेदमध्ये कुनै एक वेद पूर्ण रूपमा अध्ययन गरेको

(झ) शारीरिक रूपमा स्वस्थ, निखुनी र तन्दुरुस्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८.७.३ पशुपतिनाथका मूल भट्टको काम र कर्तव्य

(क) पशुपतिनाथको नित्यपूजा, पर्वपूजा तथा विशेष पूजा गर्ने वा गराउने

(ख) कुनै भट्ट बिरामी भएमा, बिदा बसेमा वा अन्य कुनै कारणले पूजा गर्न नहुने भएमा निजले गर्नुपर्ने पूजा सञ्चालन गर्ने वा गराउने

(ग) वासुकिनाथका भट्ट बिरामी भएमा, बिदा बसेमा वा अन्य कुनै कारणले पूजा गर्न नहुने भएमा सो मन्दिरको पूजासञ्चालन अन्य भट्टबाट गराउने

(घ) ऐन र नियमावलीबमोजिमका अन्य कार्य गर्ने वा गराउने ।

८.७.४ अन्य भट्टको काम र कर्तव्य

(क) पशुपतिनाथको नित्य पूजा गर्न सहयोग गर्ने तथा पर्व पूजा र विशेष पूजा गर्ने

(ख) पूजा सञ्चालनका लागि मूल भट्टले दिएको निर्देशनको पालना गर्ने

(ग) विभिन्न मेला, पर्व तथा जात्रामा परम्परानुसार संलग्न हुने

(घ) ऐन तथा यस नियमावलीबमोजिमका कार्य गर्ने वा गराउने

८.७.५ छनोट विधि

पशुपतिनाथका पुजारीहरूको छनोट पहिले कसरी हुन्थ्यो भन्ने खास प्रमाण फेला पारिएको छैन । पछि चाहिँ आवश्यक पर्दा भारतको कर्णाटक शृङ्गेरी मठ (शारदा पीठ)सँग सम्पर्क गरी बडागुरूज्यूको तालुकीमा उक्त ठाउँबाट योग्य ब्राह्मण छानिदैं आएका थिए । पछि विकास कोषको व्यवस्था गर्न बनेको ऐन २०४४ को दफा १० क मा 'पशुपतिनाथको मूलपुजारी तथा अन्य पुजारी र वासुकिनाथको पुजारीको नियुक्ति परिषद्को सिफारिसमा संरक्षकबाट हुने छ' भन्ने व्यवस्था छ । त्यसरी छानिएका व्यक्तिले 'श्रीसम्पत्तिको कुनै लोभ गर्ने छैन । कर्तव्यनिष्ठ भएर भगवान्को सेवा गर्ने छु ।' भनेर प्रतिज्ञा गर्नुपर्छ । पशुपतिनाथका पुजारी पहिले एक जना मात्र हुन्थे, पछि चारमुखका चार पुजारी हुने गरेका छन् । तीमध्ये एक पुजारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूल पुजारी बनाइन्छन् । दक्षिण भारतबाट जे थरका ब्राह्मण ल्याइए पनि तिनलाई भट्ट नै भनिन्छ । उनले केही दिन विशेष नियममा बस्नुपर्छ, पूजाको गोप्य विधिविधान सिक्नुपर्छ ।

(भट्ट छनोट समितिको गठनविधि र प्रक्रिया अनुसूची ३. मा राखिएको छ ।)

८.७.६ नयाँ पुजारीले मन्दिर प्रवेश गर्नुभन्दा पहिले पालना गर्नुपर्ने नियम

(१) पुजारी हुने व्यक्तिले तीन दिनसम्म पशुपतिको भण्डारमा बसी तोकिएअनुसारका अन्नबाहेकका दूध, फलफूल मात्र एक छाक खाएर बस्नुपर्छ । पशुपतिनाथको पूजा गर्दा केही पनि खान नहुने भएकाले त्यसैको यो पूर्वअभ्यासको रूप हो भन्न सकिन्छ ।

(२) चारौँ दिनमा पशुपति क्षेत्रका महत्त्वपूर्ण शिवलिङ्ग भण्डारेश्वर, कुबेरेश्वर, खञ्जनेश्वर, अचलेश्वर, कृष्णेश्वर, भष्मेश्वरलगायत शिवमन्दिरमा गई दर्शनपूजन गर्नुपर्छ । यसरी नै शङ्कराचार्य स्वामीको आगमघरमा गई विधिविधानपूर्वक पूजा गर्नुपर्छ ।

(३) त्यसरी दर्शन र पूजाआजा गर्दा 'लोभानी पापानी नगर्ने, सदैव पशुपतिनाथ, राष्ट्रप्रमुख र जनताको भलाइमा संलग्न रहने' प्रतीज्ञा गर्नुपर्ने चलन छ । त्यसपछि मूल पुजारीले पाशुपतमन्त्र दिई पशुपतिनाथ मन्दिरमा भित्र्याउने चलन रहँदै आएको छ ।

८.७.७ मूल भट्ट र भट्टहरूको पारिश्रमिक र भत्ता

१. मन्दिर तथा पूजा व्यवस्था नियमावली २०६८ बमोजिम पशुपति र वासुकिनाथका पुजारी भट्टहरूको पारिश्रमिकमा सुधार उल्लेखनीय रूपमा हुन गएको छ । सो नियमावली लागू हुनुअघिसम्म भट्ट–भण्डारीहरूले मन्दिरमा चढेका भेटीघाटी आआफ्नै किसिमले व्यवस्था गरी ढुकुटीमा पठाउने र आफूहरूले बाँडी लिने गरेका थिए । त्यस बेला भेटीघाटीको रकम पारदर्शी हुन सकेको थिएन ।

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो नियमावली लागू भएपछि भने पशुपतिनाथ र प्राङ्गणका विभिन्न देवीदेवतालाई चढाइएको भेटीघाटी र जिन्सीसमेत व्यवस्थित हुने गरेको छ । नगद रकम दानपात्रमा राख्ने गरिएको छ भने जिन्सी सामान पनि पारदर्शी छ । भट्टहरूलाई राम्रो तलब र अन्य विभिन्न प्रकारका भत्ता र सुविधा दिइएको छ । भण्डारीहरूले पनि पालो परेका बेला राम्रै पारिश्रमिक पाएका छन् भने चार कबलका मूल भण्डारीहरू प्रत्येकले मासिक रूपमा नै पारिश्रमिक प्राप्त गर्छन् ।

२. मूलभट्टले मासिक पारिश्रमिक रू. ६०,६८०।, दुई कार्यालय सहयोगी बराबरको तलब रू. ३८,९६०।, कसंकोष थप रू. ६,०६८।, दैनिक पूजा भत्ताबापत प्रतिदिनको रू. ६ हजारका दरले रू. १,८६,०००।, अतिथि खर्च रू. ३०,०००।, पर्वपूजा खर्च रू. ३०,०००।, टेलिफोन रू. १,५००। गरी मासिक रूपमा उनले ३,५३,२०८। प्राप्त गर्छन् ।

३. पशुपतिनाथका अरू तीन भट्ट र वासुकिनाथका एक भट्टले मासिक तलब रू. ४७,३८०। कार्यालय सहयोगी एक जनाको तलब रू.१९,४८०।, क.सं. कोषमा थप रू. ४७३८।, दैनिक पूजा भत्ता प्रतिदिनको रू.४,१००। का दरले रू.१,२७,१००।, अतिथि सत्कार रू.२२,०००।, पर्वपूजा खर्च रू.२०,०००।, टेलिफोन खर्च रू. १,२००।, सवारी साधन बापत रू. ६,०००। गरी रू. २,४७,८९८। प्रतिमहिना पाउँछन् ।

४. सोबाहेक मूलभट्ट र अरू भट्टहरूले विशेष पूजा गरेबापत हुने रकमको १८ प्रतिशत रकम पाउँछन् । उक्त रकममध्ये ७.२ प्रतिशत मूल भट्ट र ३.६ प्रतिशत अरू भट्टले प्राप्त गर्छन् ।

८.८ पशुपतिनाथ मन्दिरका भण्डारी

पशुपतिनाथको मन्दिरमा सेवा सुश्रूषा गर्ने भण्डारीहरू रहने व्यवस्था छ । मन्दिरको भण्डारको जिम्मा लिने भएकाले यिनीहरूलाई भण्डारी भनिएको हो । भण्डारीहरूका बारेमा पहिलो उल्लेख विसं १५२७ को यक्ष मल्लको शिलालेखमा भएको पाइन्छ तर मन्दिरमा पूजा गर्ने बेलादेखि नै यिनीहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्था भयो होला भनी किटानीका साथ भन्न सकिन्छ ।

पशुपतिनाथ मन्दिरमा सेवा सुश्रूषा गर्ने चार अलगअलग कुलका भण्डारीहरू छन् । ती निम्नलिखित छन् :

दथु, भिडभू, मतमण्डिल र कोफले कवल । यी चारमध्ये दथु पुरानो हो भन्ने डा टण्डनको भनाइ छ ।

अहिले पशुपतिनाथको मन्दिरभित्र काम गर्ने मूल भण्डारीसहित ८७ जना रोलवाला भण्डारी छन् । उनीहरूको पालो घुमीघुमी आउँछ । पालो आउन धेरै वर्ष लाग्छ । पालो परेका बेला एक महिनासम्म त्यहाँ सेवा गर्ने अवसर प्राप्त हुन्छ । पालो पर्ने भण्डारीले सहायक पनि राख्न पाउँछन् ।

पहिले भण्डारीहरूले पशुपतिनाथलाई चढाएको भेटीघाटीकै पैसा लिन्थे तर पछि विकास कोषले नियम बाँधेको छ । सोअनुसार पालो परेका बखत मूल भण्डारीले रू. ४,००,०००। पाउँछन् । त्यसैबाट सहायकहरूलाई पारिश्रमिक दिनुपर्ने हुन्छ ।

८.८.१ भण्डारीका मुख्यमुख्य काम

(क) पशुपतिनाथको मन्दिरको ढोकाको साँचो जिम्मा लिई मन्दिर खोल्ने र बन्द गर्ने

(ख) मन्दिरभित्रको सरसफाई गर्ने

(ग) भट्टहरू मन्दिर प्रवेश गर्दा शिरमाला र जल दिने

(घ) चन्दन घोट्ने र पूजाको सामग्री तयार गर्ने

(ङ) पूजा गर्दा मूलभट्ट र भट्टहरूलाई सघाउने

(च) पशुपतिनाथको पूजाका सामान र शृङ्गारमा प्रयोग हुने श्रीसम्पत्तिको जिम्मा लिई तिनको सुरक्षा गर्ने

(छ) आफ्नो पालो परेका बखत भक्तहरूले पशुपतिनाथलाई चढाएका नगदी र जिन्सी सामान जतनसाथ राखी दैनिक रूपमा कोष दाखिला गर्ने वा गर्न लगाउने

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ज) परम्परानुसार पालो फेरिँदा बरबुझारथ गर्ने

(झ) मूल भट्टको निर्देशानुसार पूजासम्बन्धी आवश्यक व्यवस्था गर्ने

(ञ) ऐन तथा यस नियमावलीबमोजिम गर्नुपर्ने कार्य गर्ने

(ट) पालो परेका बखत मन्दिरमा नै सुत्ने

प्रत्येक महिना पूर्णिमापछिको द्वितीयाका दिन भण्डारीको पालो फेरिँदा पशुपतिभण्डार तहबिल, पशुपतिगोश्वारा, गुठीलगत कार्यालयका प्रतिनिधिहरूको रोहबरमा पालो बुझाउँछन् र पालो पर्नेले बुझ्दछन् ।

८.८.२ भण्डारीहरूको वासस्थानका निम्ति पशुपति क्षेत्रको सिमाना

पशुपतिनाथका भण्डारीहरूको वासस्थानका निम्ति सिमानासमेत तोकिएको पाइन्छ । सोअनुसार पश्चिममा धोबीखोला, पूर्वमा वागमती, उत्तरमा बाल श्मशान र दक्षिणमा पिङ्गला स्थानलाई लिइन्छ ।

पशुपतिनाथ मन्दिरको भण्डारी हुन व्रतबन्ध गरेको र १६ वर्ष उमेर पुगेको हुनुपर्छ । व्रतबन्ध भएका व्यक्तिलाई भण्डारी हुनुपूर्व जोशीले शपथ गराउँछन् । 'श्रीको लोभानि पापानि गर्ने छैन ।' भन्ने शपथ हुन्छ ।

८.८.३ भण्डारी र तिनको पारिश्रमिक

१. पशुपतिनाथ मन्दिरमा भण्डारीहरू चार थरिका छन् : दथु कबल २२ जना मत मण्डिल ३२ जना, कोफले कबल १५ जना र भनिभो कबल १८ जना ।

यी प्रत्येक कबलका एकएक मूल भण्डारीहरू छन् । मूल भण्डारीहरूले तीन महिनाको पालो गरी पशुपतिनाथ मन्दिरको जिम्मा लिनुपर्ने हुन्छ । प्रत्येक मूल भण्डारीले प्रतिमहिना २४,३५०। पारिश्रमिक पाउँछन् ।

२. माथि उल्लेख गरिएका विभिन्न कबलका मूल भण्डारी र अन्य भण्डारीको पशुपतिनाथ मन्दिरभित्र काम गर्ने पालो आएका बखत मुख्य रूपमा काम गर्ने भण्डारीले एक महिनाको चारलाख एक मुष्ट पारिश्रमिक पाउँछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैबाट उनले आफूलाई सघाउन राखेका अन्य सहयोगी भण्डारीलाई पारिश्रमिक दिनुपर्ने हुन्छ ।

३. पशुपतिनाथमा विशेष पूजामा सघाएबापत पालो परेका भण्डारीहरूले पनि केही रकम पाउने व्यवस्था छ तर उनीहरूले के चित्त नबुझेर हो, त्यो भने लिएका छैनन् ।

४. पशुपतिनाथ मन्दिरका नियम र रीतअनुसारका कतिपय कुरामा भण्डारीहरूको चित्त बुझेको छैन भने स्पष्टताका साथ सम्बन्धित निकाय र पदाधिकारीहरूसँग विचार-विमर्श गर्नुपर्छ र हुनेसम्मका कुरामा सम्बन्धित निकाय र पदाधिकारीले पनि विवेकपूर्ण ढङ्गले निर्णय गरी समस्याको समाधान गरिदिनुपर्छ । धार्मिक र सामाजिक सुधारका लागि कतिपय कुरामा त्याग र उदारता देखाई वर्तमान परिवेश र परिस्थितिअनुसार चल्नु नै उचित हुन्छ ।

८.९ कोटवाल

पशुपतिनाथ मन्दिरको उत्तर, दक्षिण र पूर्व दिशाको बाहिरी ढोका खोल्ने कामका लागि कोटवालहरू नियुक्त गरिएका छन् ।

८.१० पशुपतिनाथको धनसम्पत्ति संरक्षण गर्ने र पूजाआजा चलाउने संस्था

१. पशुपति क्षेत्र विकास कोष

(क) पशुपति अमालकोट–कचहरी

(ख) भण्डार तहबिल

(ग) जयवागेश्वरी भण्डार तहबिल

२. गुठी संस्थानअन्तर्गत

पशुपति गोश्वारा

८.११ पशुपतिनाथमा बाजागाजाको व्यवस्था

पशुपतिनाथको पूजा-आराधनाका अवसरमा बाजा बजाउने चलन चल्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आएको पाइन्छ । प्राचीनकालमा पशुपतिनाथमा के कस्तो बाजा बजाउने चलन थियो भन्ने स्पष्ट उल्लेख भएको पाइन्न । लिच्छविकालको पनि त्यस्तो कुनै प्रमाण, शिलालेख वा अभिलेख भेटिन्न ।

राजा प्रताप मल्लले विसं १७०१ मा माघ कृष्णपक्ष शिवरात्रिको अवसर पारेर त्यहाँ प्रत्येक दिन, दुन्दुभि, कर्णाल र कांस्य बाजा बजाउन, मन्दिरका चारैतिर सफासुग्घर गर्न, शिवरात्रिमा पञ्चामृत, बेलपत्र र खीर नैवेद्य चढाउनका लागि सवा ४२ रोपनी जग्गा गुठी राखी गुठियार तयार गरी गुठीले गर्नुपर्ने कार्यको जिम्मासमेत लगाएका थिए ।

पशुपतिनाथमा नगरा, दुन्दुभि दमाईले तथा सहनाइ, झ्याली र ट्याम्को कुसलेहरूले बजाउँछन् । पशुपतिमा गुजराती नामको एकाथरी बाजा बजाउने चलन पनि थियो । गुजराती बाजा बजाउने चलन ललितपुरका राजा विष्णु मल्लले विसं १७८९ मा चलाएका थिए । पाटनका १५ कुसलेहरूको समूह बनाई एक दिन सात र अर्को दिन आठ जनाको समूहले पशुपतिमा गई साँझ, बिहान बाजा बजाउने व्यवस्था गरेका थिए ।

विसं १८३९ मा राजा रणबहादुर शाहले गुजराती बाजा बजाउने १५ जनाकै समूह बनाई 'अघिदेखिको खायल खाउ' भनी उल्लेख गरेको. पाइन्छ ।

पशुपतिनाथमा केही वर्षअघिसम्म त्रिकाल बाजा बजाउने चलन थियो । प्रत्येक पटक ११–११ जनाको टोलीले बाजा बजाउँथे । एकएक ढोलक झ्याली तथा नौ वटा सहनाई बजाइन्थे ।

बिहान बाजा बजाउने प्रत्येक कुसलेलाई वर्षको चार मुरी १० पाथी, दिउँसो बजाउनेलाई नौ मुरी र साँझ बनाउनेलाई चार मुरी १० पाथी धान खान्गीस्वरूप दिने चलन थियो । यसप्रकार त्रिकाल बाजाको व्यवस्थाका निम्ति विसं १९४३ भाद्रशुक्ल १२ रोज ५ मा र विसं १९८२ आषाढ ३१ को सनदबाट क्रमशः व्यवस्था र नियमितताका निमित्त प्रयास भएको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसअघि पनि खजाञ्ची श्यामलाल उपाध्यायका बाबु शिवानन्दले बडामहाराज पृथ्वीनारायण शाहलाई बक्साई एउटा नगरा र दुई वटा तुरहीको व्यवस्था गरी नित्य साँझ, बिहान बाजा बनाउने व्यवस्था गरेका थिए । यसका निम्ति उनले देवपाटनको किंबहाल खेतबाट साठी मुरी र सिनामङ्गलको खेत २० मुरी गरी ८० मुरी आयस्ता आउने गरी २० रोपनी जग्गा गुठी राखेका थिए ।

(बाजा सम्बन्धी विवरणहरूको प्रमुख स्रोत–पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन–डा टण्डन र पशुपति भण्डार तहबिलका अधिकृत अरूण श्रेष्ठबाट प्राप्त जानकारी)

८.१२ पशुपतिनाथलाई छोएर किन दर्शन गर्न नपाउनू

(१) अरू सबै देवीदेवतालाई छोएरै दर्शन गर्न पाइने तर पशुपतिनाथलाई किन छोएर दर्शन गर्न नपाइने भनेर 'पशुपतिनाथको दर्शन स्पर्शन पूजन सम्बन्धमा समीक्षा' नामक आफ्नो पुस्तकमा इतिहासकार ज्ञानमणि नेपालले निकै गहिरो गुनासो गरी तीव्र प्रतिक्रिया दिनुभएको छ । काशी विश्वनाथ, केदारनाथलाई समेत छोएर दर्शन गर्न पाइनेमा पशुपतिनाथलाई भने छोएर दर्शन गर्न दिइँदैन ।

(२) भगवान् वा भगवतीहरूलाई पञ्चोपचार वा षोडषोपचारले पूजा गर्ने विधान छ । त्यसभित्र छोएर दर्शन गर्नुपर्ने कुरा पनि पर्छ । यस प्रसँगमा कपिल भगवान्ले पनि आफ्नी आमा देवहुतिलाई भक्तिको महत्त्व दर्शाउँदै "मेरो मूर्तिको दर्शन, स्पर्शन पूजा, स्तुति, अभिवादन आदि गर्नु भक्तिको पूर्व लक्षण हो ।" भन्नुभएको र श्रीकृष्णले "मेरो मूर्तिमा मेरा भक्तहरूले दर्शन, स्पर्शन, पूजन, सेवा, स्तुति, कीर्ति आदि गर्नुपर्छ" भन्नुभएको पनि लेखकले सम्झनुभएको छ ।

(३) जयदेव द्वितीयको पशुपतिको विसं ७९० को प्रसिद्ध प्रशस्तिमा "रावणले पशुपतिनाथलाई ढोग्दा उनको शिरपेचमा पशुपतिनाथको पाउको धुलो टाँसिएको थियो, वाणासुरका शिरको मुकुटमा पनि पशुपतिनाथको पाउको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धुलो परेको थियो" भन्ने वर्णन गरिएको छ भन्ने दृष्टान्त प्रस्तुत गरेर पनि पशुपतिनाथको दर्शन छोएर नै गर्न पाउनुपर्छ भन्ने भनाइ नेपालको छ ।

(४) लिच्छविकालमा पशुपतिनाथको ठूलो महिमा थियो । सुपुष्पदेवले नेपालमा वर्णव्यवस्था चलाएको र पशुपतिनाथको देवालय बनाएको कुरा पनि वंशावलीमा छ । शिलालेखमा पशुपतिनाथको पहिलो उल्लेख विसं ५९० को ध्रुवसङ्घले आँफैले स्थापना गरेको भष्मेश्वरको पञ्चलिङ्गको अभिलेखमा भएको छ ।

(५) मानदेवका पालामा उनका छोरी र भारदारहरूले स्थापना गरेका शिवलिङ्गका अभिलेखले पनि पशुपतिनाथको महिमा परोक्षतः सूचित हुन आउँछ । अंशुवर्माका पालामा त पशुपतिनाथको ठूलो महिमा थियो भन्ने उनका अभिलेखबाट प्रकट हुन्छ ।

(६) अंशुवर्माका इष्टदेवता पशुपतिनाथ नै थिए । त्यस बखत वैष्णव देवतामा चागुनारायण र शैवदेवतामा पशुपतिनाथको नाम मुख्य थियो । तान्त्रिक भैरवाचार्यले पनि पशुपतिनाथका पाउमा नै परेर दर्शन गरेको उल्लेख गरेका छन् ।

(७) यसरी नै महाश्वेताले पनि ढोगेको कुरा कादम्बरीमा लेखिएको छ । पशुपतिनाथका पाउमा परेर ढोग्दा पशुपतिनाथले लगाएको खरानी सरेर उनको कपाल पनि सेतै भएको उल्लेख भएको छ ।

(८) मल्ल राजाहरूले आफ्नो प्रशस्तिमा "भगवत् पशुपति भट्टारकचरणकमलधूलीधूसरितशिरोरूह" भनी पशुपतिको पाउमा नै लेखेका छन् । उनीहरूले खुट्टामा ढोगे या ढोगेनन्, तर भावना चाहिँ खुट्टामा नै ढोग्नुपर्छ भन्ने नै थियो । यसरी नै अरू धेरै दृष्टान्त दिएर विद्वान् लेखक नेपालले आफ्नो पुस्तकमा पशुपतिनाथलाई छोएर नै दर्शन गर्न पाउनुपर्छ भन्ने आफ्नो उत्कट चाहना व्यक्त गर्नुभएको छ । उहाँको यो चाहना बेमनासिब त होइन तर यो पूरा हुन चाहिँ निम्नलिखित कारणहरूले गर्दा असजिलो पर्ने देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वप्रथम त पशुपतिनाथको मन्दिरको बनोट, गर्भगृहको स्थिति आदि कुरालाई विचार गर्दा सर्वसाधारण जनतालाई छोएर दर्शन गर्न दिनु सहज हुने देखिंदैन ।

सुरक्षाको दृष्टिले पनि छोएर नै दर्शन गर्न पाउनुपर्छ भन्ने कुरा स्वीकार गर्न कठिनाइ पर्ने देखिन्छ । त्यसरी दर्शन गर्न दिंदा विभिन्न खालका अनिष्ट घटित हुन सक्ने सम्भावना रहिरहन्छ, ।

हामी नेपालीहरू धर्मभीरू छौं, परम्पराप्रति अनुशासित छौं । परम्पराको मर्यादा कायम राख्न पनि छोएर दर्शन गर्न दिनु सजिलो छैन ।

भारतमा पनि अधिकांश देवीदेवताको मूर्तिलाई छोएर दर्शन गर्न दिने चलन छैन । काशी विश्वनाथलाई र केदारनाथलाई छोएर पूजा गर्न पाइए पनि भारतमा सबै ठाउँका देवीदेवतालाई छोएर पूजा र दर्शन गर्न पाउने छुट छैन ।

८.१३ पशुपतिनाथसँग सम्बन्धित अन्य केही महत्त्वपूर्ण विषय

(१) पशुपतिनाथको उद्भवका सम्बन्धमा चर्चा गर्ने पहिलो वंशावली गोपालराज वंशावली हो ।

(२) उक्त वंशावलीको .सङ्कलन काल विसं १४३९–१४५२ मानिएको छ । त्यो सबैभन्दा पुरानो वंशावली हो ।

(३) नेप भनिने गोपाल (ग्वाला) की बहुह्नी नामकी कैली गाई वागमतीको किनारमा रहेको एक ढिस्कोमा दैनिक दूधको धारा बगाउँथिन् । एक दिन एक ग्वालाले त्यो देखी त्यहाँ गई खनेर हेर्दा त्यस ठाउँबाट ज्योति प्रादुर्भाव भयो ।

(४) गोपालराज वंशावलीमा काठमाडौं उपत्यकामा शासन गर्ने पहिलो राजवंश गोपाललाई मानिएको छ । सो वंशावलीका अनुसार पशुपति ज्योतिर्लिङ्गको प्रादुर्भाव गोपालराज वंशका बेलामा नै भएको हो । गोपालवंशका आठ राजाले शासन गरेका र तीमध्ये कसको पालामा उक्त लिङ्ग उत्पत्ति भएको हो भन्ने भने स्पष्ट छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(५) गोपाल पछि महिषपाल, किराँत र लिच्छवि वंशका राजाहरूले काठमाडौँ उपत्यकामा शासन गरेको उल्लेख छ ।

(६) गोपाल राजवंशावलीमा उल्लेख भएको विवरण हेर्दा लिच्छविहरूको आगमनभन्दा २४१९ वर्षअघि नै पशुपति लिङ्गको प्रादुर्भाव भएको सङ्केत पाइन्छ । गोपाल वंशावलीको लेखन समय विक्रमको पन्ध्रौँ शताब्दी भएकाले त्यसभन्दा निकैअघि नै पशुपति ज्योतिर्लिङ्गको उत्पत्ति भएको हुनुपर्छ भन्ने डा टण्डनको राय छ ।

(७) सत्रौं शताब्दीतिरका नेपाली भाषामा लेखिएका थुप्रै वंशावली छन् । तिनमा पनि छिटपुट वर्णन पाइन्छ । हिमवत्खण्डमा उल्लेख भएको ब्रह्मा र विष्णुको झगडालाई पनि ती वंशावलीले उल्लेख गरेका छन् । पशुपतिनाथको पूजाआजा, त्यसका लागि राखिएको गुठी आदि धार्मिक कृत्यको बारेमा थुप्रै चर्चा तिनमा भएको छ ।

(८) नेपालमा पशुपतिनाथसम्बन्धी अभिलेखीय विवरण लिच्छविकालदेखि तर उत्पत्तिसम्बन्धी विवरण तिनमा नभएकाले उपर्युक्त साहित्य र वंशावलीमा नै निर्भर रहनुपर्ने स्थिति छ ।

(९) नेपालमा पाइने अभिलेखीय विवरण शिलालेख, ताम्रपत्र, सुवर्णपत्र, हस्तलिखित ग्रन्थ आदि हुन् । शिलालेखमा राज्य प्रशासन र दानदातव्य सम्बन्धी कुरा पाइन्छ । हस्तलिखित ग्रन्थको आयु छोटो हुने भएकाले लामो समयको अन्तरालले गर्दा पाउन गाह्रो छ । त्यसैले पशुपतिनाथको प्रादुर्भावसम्बन्धी सत्यतथ्य विवरण पाउन कठिन छ ।

(१०) इतिहासशिरोमणि बाबुराम आचार्यले दक्षिण भारतबाट पाशुपताचार्यहरूले पाशुपत सम्प्रदाय ल्याएर त्यसको प्रतीकस्वरूप देवपाटनमा पशुपतिको मूर्ति स्थापना गरेको उल्लेख गर्नुभएको छ । एउटा लेखमा उहाँले पशुपतिको स्थापना सन् ५७२ (विसं ६२९) मा र अर्को लेखमा सन् ४०५ (विसं ५०७) मा भएको बताउनुभएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(११) पशुपतिनाथमा दाक्षिणात्य ब्राह्मणहरूद्वारा पूजा गर्ने चलन विसं ११९९ देखि मात्र चलेकाले पाशुपताचार्यहरूले पशुपतिनाथको स्थापना गरे भन्ने सत्य मान्न सकिँदैन ।

(१२) नेपालमा शैवधर्मको लामो परम्परा र मौलिकपना छ । उदाहरणका लागि मुण्डशृङ्खलिक पाशुपत, दानशृङ्खलिक पाशुपत, दान पाशुपत, वंश पाशुपत आदि सम्प्रदायहरूलाई लिन सकिन्छ । मल्लकाल र त्यसपछि भने भारतीय सन्न्यासी र ब्राह्मणहरूको आगमनका साथै भारतीय शैवसम्प्रदायहरूको प्रभाव नेपालमा परेको हुनु सम्भव छ ।

(१३) पशुपतिनाथका बारेमा जानकारी दिने थुप्रै पौराणिक ग्रन्थ, पशुपतिपुराण, स्कन्दपुराण, हिमवत्खण्ड, नेपाल महात्म्य आदि छन् ।

(१४) पौराणिक कथाकै आधारमा तयार पारिएका अनेक वंशावलीका कथोपकथनहरू पनि छन् । पाशुपत क्षेत्रको महात्म्य र त्यस क्षेत्रमा भएका देवीदेवता, गणेश, कुमार, भैरव, क्षेत्रपाल आदि र नदीहरूको माहात्म्य हिमवत्खण्डमा विशेष रूपमा वर्णन भएको छ । हिमवत् खण्डको खासगरी अध्याय ६९ देखि १८५ पाशुपत र पशुपतिनाथकै चरित्रकथाले भरिएको छ ।

(१५) पशुपतिनाथका बारेमा लिङ्गपुराण, शिवपुराण आदि पुराणमा पनि विस्तृत रूपमा वर्णन गरिएको पाइन्छ ।

८.१४ पशुपतिनाथको मन्दिरमा तीन थरिले गर्ने पूजा

सृष्टि क्रमअनुसार ब्रह्मचारीले गर्ने पूजा,
स्थिति क्रमअनुसार गृहस्थीले गर्ने पूजा,
संहार क्रमअनुसार सन्न्यासीले गर्ने पूजा,
(आधार 'पशुपतिमा सात दिन' डा विष्णु दाहाल)

८.१५ पशुपतिनाथको ढोका खुल्ने निर्धारित समय

पश्चिम ढोका : बिहान ४ बजे
पूर्व ढोका साढे ८ बजे
उत्तर र दक्षिण ढोका साढे १० बजे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८.१६ पशुपतिनाथको पूजा रोकिएको दिन

विसं २०६५ पुस १७ गते पशुपतिनाथको बिहानको पूजा भट्ट र भण्डारीहरू नआएकाले हुन सकेन । बेलुकाको आरतीसमेत रोकिने स्थिति भएपछि प्रशासनले हस्तक्षेप गऱ्यो र बेलुका ४.३० बजे पशुपतिनाथ मन्दिरको पश्चिम ढोका खुल्यो । नयाँ पुजारी आफ्ना गुरुहरू र सम्पूर्ण देवीदेवताको प्रार्थना गर्दै मन्दिरमा प्रवेश गर्नुभयो । 'नयाँ पुजारीले मन्दिर प्रवेश गरी पहिले क्षमा पूजा र अन्य देवदेवताको पूजा गरी विधिविधान अनुसार पशुपतिनाथको पूजा गर्नुभएको थियो ।' त्यसपछि पुस १८ गतेदेखि बिहान ४.३० बजे मन्दिरमा प्रवेश गरी एक्लै सबै सामग्री तयार गरेर पशुपतिनाथका छ वटै मुहारको पूजा विधिवत् गर्नु भएको थियो । आराध्यदेवको बिहानको पूजा, भोग आदि सम्पन्न गरी गराई दिनको २.३० बजे उहाँ मन्दिरबाट बाहिर निस्कनुभएको थियो । साँझ ५ बजे मन्दिर प्रवेश गरेर बेलुकाको आरती सम्पन्न गरी ७ बजे उहाँ बाहिर आउनुभएको थियो । यो कम २०६५ पुस २३ गतेसम्म रह्यो ।

८.१७. पशुपतिनाथमा नेपाली पुजारी

२०६५ पुस १७ गतेदेखि २३ गतेसम्म सात दिन राष्ट्रदेव पशुपतिनाथका पुजारी डा विष्णु दाहाल हुनुहुन्थ्यो ।

८.१८ प्राचीनकालदेखि नै पशुपतिनाथको पूजा र व्यवस्थापनमा संलग्न संस्था

प्राचीनकालदेखि नै पशुपतिनाथ र उहाँको क्षेत्रका देवीदेवताको पूजाआजा र सम्पत्ति लगायत अन्य विषयमा महत्त्वपूर्ण भूमिका खेल्दै आएका निम्नलिखित तीन कार्यालय अहिले विकास कोषअन्तर्गत नै संचालित छन् ।

(क) अमालकोट कचहरी

- प्रारम्भिक शाहकालको प्रशासनिक क्षेत्रमा अमालकोटको उल्लेखनीय स्थान रहेको पाइन्छ । कूत उठाउने, झारा, बेठ–बेगारको आवश्यकता पर्दा द्वारे अमालीमार्फत सूचना पठाउने एवं गुठी चलाउन उपयुक्त मानिसको चयनसमेत पशुपति अमालकोट कचहरीले गर्ने गरेको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

• राजा गीर्वाणयुद्धविक्रम शाहबाट विसं १८७० चैत्रकृष्ण अमावस्या सोमबारका दिन पशुपतिनाथलाई प्रीति गरी अघि रैरकमीहरूले जागीर गरी खाएको जग्गा ३७५ रोपनी चार आनाको असुल तहसील गरी त्यसबाट आउने आम्दानीले विभिन्न पूजाआजा सञ्चालन गर्न अमालकोट कचहरी स्थापना भएको थियो ।

वर्तमानमा यसले गर्दै आएका काम

(१) नव वर्ष (मेष संक्रान्ति)मा : पशुपतिनाथमा पंचामृत पूजा तथा पायस भोग । (विसं १८७० को लालमोहरबमोजिम)

(२) अक्षय तृतीया (वैशाख शुक्ल तृतीया) मा : पशुपतिनाथमा पञ्चामृत पूजा (१९७४ सालको सनदबमोजिम)

(३) दमनारोहण (वैशाख शुक्ल अष्टमी) : पशुपतिनाथमा पञ्चामृत पूजा तथा महाभोग

(४) बुद्धजयन्ती (वैशाख शुक्ल पूर्णिमा) : जयवागेश्वरीमा कन्याकुमारी भोजन तथा बलिदान । (१९७४ सालको सनदबमोजिम)

(५) दशहरा (ज्येष्ठ शुक्ल दशमी) : पशुपतिनाथमा पञ्चामृत पूजा तथा भोग (१८७० सालको लालमोहरबमोजिम)

(६) भलभलाष्टमी (आषाढकृष्ण अष्टमी) : त्रिशूलजात्रा (१८७० सालको लालमोहरबमोजिम)

(७) गणेशचौथी (भाद्रशुक्ल चतुर्थी) : महाने नाइके हस्ते खर्च (बलिदान सहितको पूजा) (१९७४ सालको सनदबमोजिम)

(८) इन्द्रजात्रा (भाद्रशुक्ल पूर्णिमा) : इना पूर्णिमामा नाथेश्वर मन्दिरमा वलिदान, पूजा तथा सम्येबजी बाँड्ने (१८७० सालको लालमोहरबमोजिम)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(९) नागेचा नाच पर्व (नाथेश्वर पूजा) : चारूमती विहारका शाक्य वंशजका गुठियारलाई नागेनाच चलाउन सामान दिनुपर्ने (१८७० सालको लालमोहरबमोजिम (गुठियारले नै पूजागर्ने भएकाले तिथि नतोकिएको)

(१०) **बडादशैं**

(क) घटस्थापनादेखि महानवमीपर्यन्त : कचहरीका तलेजू भवानीको नित्य पूजा (१८७० सालको लालमोहरबमोजिम)

(ख) घटस्थापनादेखि महानवमीपर्यन्त : गुह्येश्वरीमा चण्डीपाठ गर्ने (१८७० सालको लालमोहरबमोजिम)

(ग) महाष्टमी : पशुपतिनाथमा पञ्चामृत पूजा तथा भोग (१८७० सालको लालमोहरबमोजिम)

(घ) महाष्टमी : गुह्येश्वरीमा बलिदान पूजा (१८७० सालको लालमोहर बमोजिम)

(ङ) महानवमी : चुनिभैरवमा बलिदान (१८७० सालको लालमोहरबमोजिम)

(च) जयवागेश्वरीमा बलिदान पूजा (१८७० सालको लालमोहरबमोजिम)

(छ) महानवमी : वनभैरव पूजा (१८७० सालको लालमोहरबमोजिम)

(ज) महानवमी : पशुपतिनाथमा भोग (१८७४ सालको लालमोहरबमोजिम)

(झ) विजया दशमी : पशुपतिनाथमा पञ्चामृत पूजा तथा भोग (१८७० सालको लालमोहरबमोजिम)

(ञ) आश्विन शुक्ल चतुर्दशी : कोट तहबिलमा जमरा राखी तुलजा भवानीको चतुर्थी पूजा गरी कचहरीका कर्मचारीलाई भोज खुवाउने (१८७० सालको लालमोहरबमोजिम)

(११) लक्ष्मीपूजा (कार्तिक कृष्ण औंसी) : तहबिल पूजा (१८७० सालको लालमोहरबमोजिम)

(१२) युगादी (कुश्माण्ड नवमी) : (कार्तिक शुक्ल नवमी) पशुपतिनाथमा बालभोग तथा पञ्चामृत पूजा (१९७४ सालको सनदबमोजिम)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१३) चन्द्रविनायक जात्रा (कार्तिक शुक्ल पूर्णिमा) : (१८७० सालको लालमोहरबमोजिम)

(१४) गुह्येश्वरी जात्रा मार्गकृष्ण नवमी, दशमी : (१८७० सालको लालमोहरबमोजिम)

(१५) धनुर्मास पर्व (पुस महिना) : पशुपतिनाथमा पञ्चामृत पूजा तथा भोग (१८७० सालको लालमोहरबमोजिम)

(१६) वनभैरव पूजा (पुस महिना) : वन डिठ्ठा हस्ते खर्च (१९७४ सालको सनदबमोजिम)

(१७) मकर संक्रान्ति : पशुपतिनाथमा खिचडी भोग, पञ्चामृत पूजा र घिउ चाकु बाँड्ने (१८७० सालको लालमोहरबमोजिम)

(१८) माघ कृष्ण औंसी : (साँखुका माधवनारायण ल्याउँदा खर्च दिनुपर्ने (१९७४ सालको सनदबमोजिम)

(१९) श्रीपञ्चमी (वसन्त पञ्चमी) : पशुपतिनाथमा पञ्चामृत पूजा तथा भोग (१८७० सालको लालमोहरबमोजिम)

(२०) भीमा द्वादशी (माघशुक्ल द्वादशी) : भीमसेन पूजा र जात्रा (१९७४ सालको सनदबमोजिम)

(२१) महाशिवरात्रि : पशुपतिनाथमा चार प्रहरको पञ्चामृत पूजा (१८७० सालको लालमोहरबमोजिम)

(२२) वज्रेश्वरी, वत्सलेश्वरी जात्रा र तलेजुभवानी र जयवागेश्वरीमा चैत्र कृष्ण त्रयोदशीदेखि चैत्र शुक्ल द्वितीया तक (१८७० सालको लालमोहरबमोजिम) निम्नबमोजिमका धार्मिक कार्य गर्ने गरिएको छ :

- चैत्र कृष्ण त्रयोदशी –बज्रेश्वरीमा कन्या भोजन, चैत्र कृष्ण चतुर्दशी बज्रेश्वरीमा बलिदान पूजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- चैत्रकृष्ण चतुर्दशी– जयवागेश्वरीमा बलिदान पूजा
- चैत्रकृष्ण चतुर्दशी–तलेजु भवानीमा बलिदान पूजा
- चैत्रकृष्ण चतुर्दशी–वत्सलेश्वरीमा बलिदान पूजा तथा महाभोग कन्या भोजन
- चैत्रकृष्ण औंसीको भोलिपल्ट चैत्र शुक्ल प्रतिप्रदाका दिन वत्सलेश्वरीको जात्रा अमाल अगाडि ल्याउँदा पूजा
- चैत्र शुक्ल द्वितीया –विचार पूजा, वत्सलेश्वरीदेवीको खट गुठी पूजा जात्रा

(२३) रामनवमी पर्व (चैत्रशुक्ल नवमी) : पशुपतिनाथमा पञ्चामृत पूजा, वत्सलेश्वरीमा बलिदान पूजा । (१८७० र १९७४ को लालमोहर सनदबमोजिम)

(२४) बाह्र वर्षमा हरिसिद्धिको नाच ल्याउँदा च्यासलका दफदरबमोजिम सदर (१८७० सालका लालमोहरबमोजिम) २०३३ सालदेखि नाच नचाई पछि हरिसिद्धि नाच नचलाएको

(२५) दरबन्दीबमोजिम पछि थप भएका पूजा तथा बाजादारहरूलाई खर्च हुने धान मुरी २

(२६) जात्रामात्रामा चिराख बालेबापत चिराखीलाई खर्च लेखी जाने धान मुरी ०।१८। पाथी

(२७) पिशाच चतुर्दशीका दिन वत्सलेश्वरीको स्थानमा हाँसको फुल राखी पूजा गर्नुपर्ने, गुठियार हस्ते खर्च लेखिजाने धान ०।७।४। सात पाथी चार माना ।

(२८) वत्सलेश्वरी जात्रा, भीमसेन जात्रा तथा गंगामाई जात्रामा धिमेबाजा बजाउने खल्कीहरूलाई धान खर्च २। (दुई मुरी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपति अमालकोट कचहरीको दरबन्दी

मूल पुजारी	१
द्वारे	१
देशवार प्रधान	२
हेल प्रधान	१
पञ्च प्रधान	४
महानेनायिके	१
महाने	६

विशेष पर्वपूजामा मात्र संलग्न हुने रैरकमी

कोतभण्डारी, घाटे वैद्य, वन डिट्ठा, वायमचा, सङ्घत, नुहा, चिरूवादार, गलसुवार, कुसले

(पशुपति क्षेत्रका मठमन्दिरहरूको सञ्चालन र अवस्था)

यसमा प्रयोग भएका प्राचीन शब्दहरूको अर्थ र परिचय

कोतभण्डारी–जयवागेश्वरीका कर्माचार्य पुजारी

वन डिठ्ठा–पशुपति क्षेत्रको वनजङ्गलको रेखदेख गर्ने व्यक्ति

वायमचा–विभिन्न पर्वपूजामा संलग्न हुने व्यक्तिहरूको कपाल र नङ काट्ने व्यक्ति

सङ्घत–लुगा धुने व्यक्ति । हिजोआज यिनले पुजारीको लुगा धुने काम गर्दै आएका छन्

नुहा–पूजाआजामा बलिको काम गर्ने व्यक्ति

चिरूवादार–छाडा गाईवस्तु थुनछेक गरी बालीको नोक्सान हुन नदिने र घोडाको स्याहार सुसारगर्ने व्यक्ति

गलसुवार–दाउरा काट्ने र ती दाउरा आवश्यकता अनुसार मठमन्दिर, धुनी र पशुपतिनाथको भान्सामा पुर्‍याउने व्यक्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) पशुपति भण्डार तहबिल

पशुपतिनाथ मन्दिरको व्यवस्थापन पक्षसँग सम्बन्धित अर्को महत्त्वपूर्ण संस्था पशुपति भण्डार तहसिल हो ।

राजा गीर्वाणयुद्धविक्रम शाहका पालामा विसं १८६७ मा यसलाई लालमोहर गरी व्यवस्थित पारिएको हो ।

वर्तमानमा पशुपति भण्डार तहबिल कार्यालयले गर्ने गरेका मुख्यमुख्य काम

(१) पशुपतिनाथको नित्य पूजाका लागि पूजा सामग्रीको व्यवस्था गर्ने

(२) पशुपतिनाथलाई भोग लगाउने भोज्य सामग्रीको व्यवस्था गर्ने

(३) भण्डारीहरूको जन्मदर्ता र व्रतबन्ध आदिको व्यवस्था मिलाउने

(४) नयाँ भट्टलाई एघार महादेवको दर्शन गराउने

(५) भण्डारीहरूको पालो फेर्ने बखत बरबुझारथको व्यवस्था मिलाउने । (प्रत्येक महिनाको कृष्णपक्ष द्वितीयाका दिन भण्डारीहरूको पालो फेर्ने गरिएको छ)

(६) पशुपतिनाथमा भक्तहरूले चढाएका जिन्सी सामानहरूको जिम्मा लिइराख्ने

(७) पशुपतिनाथमा चढेको भेटीघाटी गन्ती गर्ने बेलामा निरीक्षण गर्ने

(पशुपतिनाथलाई चढेको भेटी दिनदिनै नेपाल इन्भेष्टमेण्ट बैंकले आफ्नै कर्मचारीद्वारा गनाएर विकास कोषको उक्त बैंकमा रहेको खातामा जम्मा गर्ने गरिएको छ)

(८) आषाढ कृष्ण अष्टमीका दिन मनाइने त्रिशूलजात्रामा भुवनेश्वरीमा पूजाआजा गर्ने

(९) नागपञ्चमी (शुक्ल पञ्चमी) का दिन भण्डारमा पूजा गर्ने

(१०) श्रावण शुक्ल चतुर्दशीमा पशुपतिनाथमा पवित्रारोहण गराउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(११) बडादशैंमा कालरात्रि पूजा, महाअष्टमी र नवमीमा पर्वपूजा गर्ने व्यवस्था मिलाउने

(१२) कार्तिक कृष्ण लक्ष्मी पूजाको दिन भण्डारमा पूजा गरी पशुपतिमा बत्ती बाल्ने

(१३) वैकुण्ठ चतुर्दशी (कार्तिक शुक्ल चतुर्दशी) का दिन मूलपुजारीबाट गाईदान हुँदा बिसेट नायिकेलाई सहभागी गराउने

(१४) मार्गकृष्ण दशमीका दिन गुह्येश्वरीमा जात्राका अवसरमा पूजा गर्नुपर्ने

(१५) मार्गकृष्ण त्रयोदशीका दिन मूल ढुकुटी खोल्ने र चाँदीको मुकुट, एकमुखे रुद्राक्ष र नागमणि निकालेर दर्शन गराउनुपर्ने

(१६) मार्गकृष्ण चतुर्दशीका दिन गुह्येश्वरी मन्दिरमा कुखुरा बलि दिई पूजा गर्नुपर्ने

(१७) बालाचतुर्दशी (मार्गकृष्ण चतुर्दशी)का दिन मोही नाइकेले शतबीज छर्ने

(१८) मार्ग शुक्ल नवमीमा भक्तपुरबाट ल्याउने नवदुर्गा (अष्टमातृका) लाई पूजा दिनुपर्ने

(१९) माघे संक्रान्तिका दिन घिउ–चाकू बाँड्नुपर्ने

(२०) छाया दर्शन (माघशुक्ल चतुर्दशी लगायत) पर्वपूजा गराउने

(२१) महाशिवरात्रिका दिन पशुपतिनाथमा विशेष पूजा गर्नुपर्ने

(२२) शीतलाष्टमी (दुदु च्या च्या) मा निमन्त्रणा दिन जानुपर्ने

(२३) पासा चैत्र कृष्ण चतुर्दशीका दिन वत्सलेश्वरीमा बलिपूजा गर्नुपर्ने र पशुपतिनाथको पश्चिम ढोकामा तेल लगाउनुपर्ने

(२४) गुठी पर्वको विवरण (मूल भट्टले चलाउने)

(क) नगरा गुठी
(ख) खाँचिक गुठी
(ग) गोकुलधूप गुठी
(घ) हिंगुल कपूर गुठी
(ङ) छाया गुठी
(च) बाला गुठी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(छ) धनुवा गुठी
(ज) धतुर गुठी
(झ) कवच गुठी
(ञ) श्रीखण्ड गुठी
(ट) गाई गुठी
(ठ) खीर गुठी
(ड) मिठाइ गुठी

(२५) पशुपति भण्डार तहबिलमा संलग्न रैरकमी

मूलपुजारी १ पुजारी ५ (वासुकि मन्दिरका समेत गरी)
प्रशासकीय अधिकृत १ बिसेट नाइके १
बिसेट ८ मूलभण्डारी ४
भान्छे २ माकपेवा २
घडीवाल २ कोतवाल ४ (ढोका खोल्ने, बन्द गर्ने)
मोहीनायिके १ (जात्रा-पर्वका बेला आशा-गुर्जा लिएर जाने, राती मन्दिरको रेखदेख गर्ने)
ढोकापाल ५ कुशले ५
दमाई ५

विशेष पर्वपूजामा मात्र संलग्न हुने रैरकमी

कोत भण्डारी घाटे वैद्य
वन डिठ्ठा वायमचा
सङ्घत नुहा
चिरूवादार गल सुवार
कुसलेहरू

(ग) जयवागेश्वरी भण्डार तहबिल

यसले वर्तमानमा गर्दै आएका कार्य

(१) प्रत्येक दिन नित्य पूजा र आरती
(२) दमनारोहण पर्व पूजा वैशाख शुक्ल नवमी
(३) वर्ष बन्धन पर्व पूजा तगा
न्याम्ह नाइके पर्व पूजा वैशाख शुक्ल पूर्णिमा
(४) वर्ष बन्धन वैशाख शुक्ल पूर्णिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(५) ढुकुटी दाखिला पर्व — जेष्ठ शुक्ल त्रयोदशी
(६) त्रिशूलजात्रा पर्व — आषाढ कृष्ण अष्टमी
(७) पवित्रारोहण पर्व — श्रावण शुक्ल नवमी
(८) अन्य पर्व, पूजा दशैं, तिहार, भैपरिआउने पर्वपूजा
(घटस्थापनाको प्रतिपदादेखि जयवागेश्वरी, तलेजुमा गर्नुपर्ने पर्व पूजा, लक्ष्मीपूजा)
(९) नवदुर्गा नाच पर्व — मार्गशुक्ल नवमी
(१०) दाजे धान पर्व — मार्गशुक्ल त्रयोदशी
(११) यज्ञ होम गर्ने पर्व — पौष शुक्ल द्वादशी र शुक्ल पूर्णिमा
(प्रत्येक सालको मङ्सिर १५ पूर्णिमादेखि पौषपूर्णिमासम्म मिनपचासभरि मिलाधुनी गरेकोमा सम्पन्न भएपछि पौष द्वादशी र पूर्णिमामा गर्नुपर्ने ।
(१२) पिशाच चतुर्दशी पर्व –वत्सलेश्वरी– चैत्र कृष्ण चतुर्दशी
(१३) पिशाच चतुर्दशी पर्व–वत्सलेश्वरी
अन्न प्रासन पर्व चैत्रकृष्ण — चतुर्दशीका दिन
(१४) बाह्र वर्ष कलेवर पर्व– — प्रत्येक १२ वर्षमा
(१५) हरिसिद्धि नाच – — प्रत्येक १२ वर्षमा

८.१९ पशुपतिगोश्वारा (गुठी संस्थानअन्तर्गत सञ्चालित)

पशुपतिगोश्वारा विसं १९६१ मा स्थापना भएको हो । यसले स्थापना कालदेखि पशुपतिक्षेत्रका मठमन्दिर, सत्तल, पाटीपौवाको मर्मत र जीर्णोद्धार गर्दै आएको थियो । त्यसका साथै सरसफाइ, पर्वपूजा आदिको व्यवस्थापन पनि यसले गर्दै आएको थियो । गुठी संस्थानको स्थापना (विसं २०२१) हुनुअघिसम्म पशुपति क्षेत्रमा गर्नुपर्ने काम व्यवस्थित गर्ने महत्त्वपूर्ण जिम्मेवारी यस कार्यालयलाई दिइएको थियो । पछि यो उक्त संस्थानको एक शाखाका रूपमा रह्यो यी दुईको कार्यसंम्पादनमा अस्पष्टता र दोहोरोपन पनि देखिएको छ ।

यस संस्थाले हाल गर्दै आएका कार्य

१. पशुपतिनाथ र अन्य मन्दिरहरूमा दैनिक पूजाआजा तथा पर्वपूजा समेत गराउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. प्रत्येक पूर्णिमाका दिन पशुपतिनाथमा समर्पण गरिने महास्नानसम्बन्धी सम्पूर्ण खर्च, व्यवस्थापन एवं तयारी गर्ने

३. हण्डी खुवाउने (अहिले ६७ जनालाई प्रतिमहिना ६००। का दरले हण्डी खुवाउने गरिएको छ)

४. महाशिवरात्रि पर्वसम्बन्धी आवश्यक व्यवस्था गर्ने

५. गुह्येश्वरीको पूजाआजासम्बन्धी सम्पूर्ण व्यवस्था गर्ने

६. गङ्गामाई, बत्सलेश्वरी र गुह्येश्वरीको जात्रा सञ्चालन गर्ने गराउने

७. गुह्येश्वरी इलाकाभित्र रकमीहरूले काम गरे नगरेको छड्के जाँच गर्ने, आफूअन्तर्गतका रकमीहरूको भर्ना सदरका निमित्त पेश गर्ने

८. पशुपति क्षेत्रका बेवारिसे शवको दाह संस्कार गर्ने

९. गुह्येश्वरी इलाकाभित्र सफाइ तथा झारूबढारू गर्ने, गराउने । पशुपति–गुह्येश्वरीको हाता–इलाकाका बिजुली बत्तीको प्रबन्ध गर्ने र महसूल बुझाउने

१०. सानातिना मर्मत गर्ने

११. वनकालीको नयाँ धर्मशालाको रेखदेख गर्ने तथा चन्दा लिई आवासको व्यवस्था गर्ने आदि

८.२० आर्यघाट र अन्य घाट

• आर्यघाट र अन्य घाटहरू विभिन्न धार्मिक कार्यका निम्ति अत्यन्त पवित्र मानिन्छन् । जीवनको आखिरी विश्रान्तिका बेला पनि यहीं ल्याइन्छ र अन्तिम संस्कार समेत गरिन्छ ।

• राजा सुरेन्द्रवीरविक्रम शाहका पालामा हरिप्रियादेवी नामकी महिलाले आर्य घाट र बिरामी राख्ने सत्तलको निर्माण गराएकी थिइन् ।

• राणा प्रधानमन्त्री वीरशम्शेरका पालामा भष्मेश्वरतर्फ घाट तथा चितास्थलहरू निर्माण गरिएको थियो ।

• विसं २०१८ तिर रामनाथ भनिने अघोरी साधुले वर्षायाममा दाहसंस्कार गर्न अप्ठ्यारो नहोस् भनी जस्ताको छाना हालिदिएका थिए । पछि पशुपति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्र विकास तथा सुधार समितिले २०४३ सालमा त्यसको मर्मत गरेको थियो ।

• जीवलाई पशुत्व र मलमायाबाट उद्धार गर्ने पशुपतिनाथका पाउमा वागमतीको तीरमा दाहसंस्कार गर्दा जीवले सद्गति पाउँछ भन्ने दृढ विश्वास छ ।

—o—

मुख्य सन्दर्भ ग्रन्थ

डा गोविन्द टण्डन–पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन, काठमाडौं

महाराजगञ्ज, भरेन्द्र शम्शेरज.ब.रा.तथा श्रीमती मञ्जुराणा विसं २०५३

डा गोविन्द टण्डन–पशुपति क्षेत्रका मठमन्दिरहरूको सञ्चालन र अवस्था, काठमाडौं, भपट पुरस्कार विसं२०५४

कुलचन्द्र कोइराला, नेपालका आराध्यदेव भगवान् पशुपतिनाथ, काठमाडौं,ने.रा.प्र.प्रतिष्ठानविसं विसं२०५१

ज्ञानमणि नेपाल–पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा, काठमाडौं, महेशराजपन्त, विसं२०४३

डा विष्णुप्रसाद दाहाल–पशुपतिमा सात दिन, काठमाडौं, मण्डपबुक्स, भृकुटीमण्डप, विसं२०७३, फागुन

सयोजक डा मिलन थापा– पशुपतिनाथको सम्पत्ति तथा गुठी जग्गा अध्ययन एवं छानबिन समितिको प्रतिवेदन विसं२०७५

पशुपति क्षेत्र विकास कोषको आ.व. आ.व. ०७६/७७ को बजेट, पशुपति क्षेत्र विकास कोष विसं२०७६

स्वअनुभव र ज्ञान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ९

पशुपति क्षेत्र विकास कोष

१. कोष स्थापनाको ध्येय

नेपालका अधिकांश जनता हिन्दूधर्मावलम्बी भएका र तिनका परम आराध्यदेव हुनुभएकाले प्राचीन कालदेखि नै पशुपतिनाथको मन्दिर तथा पशुपति क्षेत्रको संरक्षणमा राज्यका तर्फबाट समेत निरन्तर कार्य हुँदै आएको छ ।

पशुपति क्षेत्रमा भौतिक दृष्टिले गर्नु पर्ने सुधार र पूजाआजाको व्यवस्था समेत सहज रूपमा गर्न गराउन र पशुपतिनाथमा सर्वसाधारण जनताले चढाएका भेटीघाटी र अन्य सामग्री व्यवस्थित गरी प्रशासनिक दृष्टिले समेत चुस्तदुरूस्त बनाउनका लागि एक प्रभावकारी संस्थाको आवश्यकता महसूस गरी राजा वीरेन्द्रको शासनकालमा पशुपति क्षेत्र विकास कोष स्थापना भएको हो ।

२. कोष सञ्चालक परिषद्को गठन व्यवस्था

विसं २०३८ मा पशुपति क्षेत्र सुधार तथा विकास समिति गठन भई पशुपति क्षेत्रका सांस्कृतिक एवं पुरातात्त्विक सम्पदाहरूको संरक्षणको संस्थागत रूपमा शुरूआत भयो । पशुपति क्षेत्रलाई व्यवस्थित र स्तरीय बनाउन एक अधिकारसम्पन्न संस्थाको आवश्यकता महसूस भएकाले २०४३ सालमा अध्यादेशमार्फत कोष स्थापना भई विकास समिति विघटन भयो ।

पहिले अध्यादेशमार्फत गठन भएको पशुपति क्षेत्र विकास कोष, २०४४ सालमा ऐन नै बन्यो र त्यसैअन्तर्गत स्थायी रूपमा नै स्थापना भयो । तत्कालीन अवस्थामा राजा कोषका संरक्षक र रानी अध्यक्ष हुने व्यवस्था थियो भने गणतन्त्र स्थापनापछि प्रधानमन्त्री संरक्षक र संस्कृति पर्यटन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा नागरिक उड्डयनमन्त्री अध्यक्ष रहने गरी कोष सञ्चालक परिषद्को गठन हुने व्यवस्था छ । यसअनुसार कोषमा नौ जनाको कार्य संचालक परिषद् छ तथा तीन जनाको कार्य सम्पादन समिति छ । कोषका अन्य महत्त्वपूर्ण पदाधिकारीमा सदस्य सचिव, कोषाध्यक्ष, कार्यकारी निर्देशक र वरिष्ठ निर्देशक हुन्छन् ।

३. कोष स्थापनाका उद्देश्य

१. पशुपति क्षेत्र हिन्दूमात्रको उपासना केन्द्र र सनातन तीर्थस्थलका रूपमा रहिआएकाले यस क्षेत्रलाई सोही बमोजिम कायम गर्ने

२. पशुपतिनाथको आदर्श, गरिमा एवं महत्त्वअनुरूप पशुपति क्षेत्रको योजनाबद्ध रूपमा सम्भार तथा विकास गर्ने

३. पशुपति क्षेत्रको प्राचीन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका वस्तु तथा स्थल एंव प्राकृतिक सम्पदाको सम्भार, संरक्षण तथा सम्बर्द्धन गर्ने

४. स्वदेश तथा विदेशका तमाम हिन्दू धर्मावलम्बी तथा पर्यटकसमेतको सुविधाका लागि यस पावन तीर्थस्थललाई यथोचित रूपमा योजनाबद्ध ढङ्गले सुधार गर्ने

५. ऐनको उद्देश्यअनुरूपका अन्य कार्य सुव्यवस्थित रूपले गर्ने ।

४. सञ्चालक परिषदको काम, कर्तव्य र अधिकार

ऐनबमोजिम कोषको उद्देश्य पूरा गर्नका लागि प्रयत्नशील रहने, अध्यक्षबाट समयसमयमा हुने मार्गदर्शनको पालना गर्ने, गराउने, पशुपति क्षेत्रको योजना तथा तदनुरूपका कार्यक्रम स्वीकृत गरी समितिबाट कार्यान्वयन गराउने, समितिले गर्नुपर्ने कार्यका लागि नीति निर्धारण गर्ने तथा निर्देशन दिने, योजना र कार्यक्रम कार्यान्वयन गर्न चाहिने वित्तीय साधनको आवश्यक व्यवस्था गर्ने, कोषको उद्देश्य परिपूर्तिका लागि नेपालभित्र वा बाहिर आवश्यकतानुसार विभिन्न समिति तथा उपसमिति गठन गर्ने, गठित विभिन्न समिति तथा उपसमितिका निमित्त नीति निर्धारण गरी आवश्यक मार्गदर्शन वा निर्देशन दिने तथा तिनीहरूको कामको समीक्षा र मूल्याङ्कन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने, पशुपति क्षेत्रको योजना र यस क्षेत्रभित्रको कुनै स्थानविशेषको महत्त्व, मान्यता र संवेदनशीलतालाई ध्यानमा राखी त्यस्ता स्थानमा गर्न नहुने कार्य तोकी निषेध र नियन्त्रण गर्ने, ऐनबमोजिम कोषको उद्देश्य परिपूर्तिका लागि गर्नुपर्ने कार्य सम्बन्धित निकाय र व्यक्तिबाट यथाशीघ्र कार्यान्वयन गर्न लगाउने आदि ।

५. कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार

ऐनको उद्देश्य परिपूर्तिका लागि स्वीकृत योजनानुसारका कार्यक्रम जिम्मेवारीपूर्वक कार्यान्वयन गर्ने, कोषका अध्यक्ष तथा परिषद्बाट भएको मार्गदर्शन, निर्देशन, नीति तथा निर्णयअनुसार काम गर्ने, समितिले योजना र कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय निकायका एकाई तथा जनताको सहभागिता जुटाउने र जनतामा भ्रम र अन्योल नहुने गरी कार्यान्वयन गर्न लागिएको योजना र कार्यक्रमको स्पष्ट जानकारी समयसमयमा जनसाधारणलाई गराउने, पशुपति क्षेत्रको योजनाबद्ध ढङ्गले विकास गर्दा सुव्यवस्थित रूपले निर्माण, मर्मत, सम्भार र सरसफाइ गरी स्वच्छ वातावरण कायम गर्ने, खानेपानी, ढल, बिजुली, टेलिफोन, सडक जस्ता आधारभूत सार्वजनिक, उपयोगिताका साधन सुव्यवस्थित गर्ने र फोहरमैला हुन नपाउने गरी स्वच्छता कायम गर्न नियमित एवं प्रभावकारी कार्यविधि अपनाउने, वृक्षारोपण, वन, बगैंचा, उद्यान, वन्य जीवजन्तु तथा वनसम्पदा आदिसमेतको रमणीय रूपमा सुव्यवस्था गर्ने, घाट, चितास्थल, नदीको जलमार्ग, जल पदार्थ, जल प्रवाह तथा बालुवा आदि सुव्यवस्थित रूपमा संरक्षण र सम्बर्द्धन गर्ने, प्रदूषण हुन नदिई स्वच्छ वातावरण कायम गर्न आवश्यक नियन्त्रण तथा निषेध गर्ने, तीर्थस्थलको रक्षा र सदुपयोगका लागि व्यापक जनचेतना ल्याउन उपयुक्त माध्यमबाट प्रचारप्रसार गर्ने र जनसहभगिता परिचालन गर्ने, ऐनबमोजिम कोषका उद्देश्य योजनाबद्ध रूपमा कार्यान्वयन गर्न व्यवधानका रूपमा देखिन आएका हटाउनुपर्ने, भत्काउनुपर्ने, परिवर्तन गर्नुपर्ने र नियन्त्रण गर्नुपर्ने कुरा गर्ने, निर्माण सम्बन्धमा आवश्यक मापदण्ड तोक्ने र प्रचलित नेपाल कानूनबमोजिम घर जग्गा प्राप्त गर्ने तथा विभिन्न कार्यका लागि जग्गा छुट्याउने आदि कार्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने, ऐनका अन्य दफाबाट प्राप्त अधिकार तथा परिषद्ले समयसमयमा निर्धारण गरिदिएका अन्य कार्य सुव्यस्थित रूपले गर्ने ।

६. कोषका महत्त्वपूर्ण प्रशासनिक पदाधिकारी

पशुपति क्षेत्र विकास कोष ऐन २०४४ (संशोधन सहित) को उपर्युक्त उद्देश्य पूरा गर्न र कार्य सम्पादन गर्न-गराउन कोषमा मुख्य सचिव सरहका सदस्य सचिव र कोषाध्यक्ष तथा विशिष्ट श्रेणीका कार्यकारी निर्देशक र वरिष्ठ निर्देशक पदहरू छन् । ती पदहरूका साथै निम्नबमोजिमका महाशाखा र शाखा र तिनमा निम्नबमोजिम रहेका कर्मचारीहरूको समेत व्यवस्था भएको छ ।

७. कोषका महत्त्वपूर्ण महाशाखा, शाखा

(क) संस्कृति संरक्षण महाशाखाः यस महाशाखाअन्तर्गत निम्न लिखित शाखा पर्छन् –

(१) पशुपति मन्दिर व्यवस्थापन (पशुपतिनाथ भण्डार तहबिल पनि यसै शाखाअन्तर्गत पर्छ) (२) प्रचार-प्रसार एवं धार्मिक पर्यटन तथा संस्कृति संरक्षण (गुहेश्वरी तथा अन्य मन्दिर व्यवस्थापन तथा जात्रा पर्व सञ्चालन, पशुपतिनाथ अमालकोट कचहरी कार्यालय तथा जयवागेश्वरी भण्डार तहबिल पनि यसै शाखाअन्तर्गत पर्छन् ।)

(ख) मानव संसाधन महाशाखाः यस महाशाखाअन्तर्गत निम्न लिखित शाखाहरू पर्छन्

(१) मानव संसाधन तथा वातावरण संरक्षण, (२) सामान्य प्रशासन एवं सचिवालय व्यवस्थापन, (३) गुठी जग्गा व्यवस्थापन शाखा

(ग) सार्वजनिक खरीद तथा सेवा सुविधा महाशाखाः यस महाशाखा अन्तर्गत निम्नलिखित शाखाहरू पर्दछन्

(१) सार्वजनिक खरीद, (२) सामुदायिक सेवा सुविधा, (३) नेपाल वेद विद्याश्रम ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) योजना महाशाखा

यस महाशाखाअन्तर्गत निम्न लिखित शाखाहरू पर्छन् : (१) योजना तथा कार्यक्रम शाखा, (२) इञ्जिनियरिङ्ग शाखा, (३) आइटी शाखा

(ङ) सम्पत्ति संरक्षण तथा आर्थिक प्रशासन महाशाखाः यस महाशाखा अन्तरगत निम्नलिखित शाखा पर्छन्

(१) आर्थिक प्रशासन (विनियोजन) शाखा, (२) कोष तथा आय लेखा व्यवस्थापन शाखा (३) सम्पत्ति व्यवस्थापन शाखा । (यस शाखा अन्तरगत पशुपति क्षेत्रभित्रका मन्दिरका श्रीसम्पत्ति, अभिलेख, राजगुठी, निजी गुठी, तथा कोषको सम्पत्ति व्यवस्थापन पर्छन्)

८ कोषका कर्मचारी

सदस्य सचिव लगायत विशिष्ट श्रेणीका पदका साथै निम्नबमोजिमका पदहरू कोषको सञ्चालनमा सहजता हुने गरी व्यवस्था गरिएको पाइन्छः

वरिष्ठ निर्देशक विशिष्ट श्रेणी	१
अधिकृत प्रथम श्रेणीका निर्देशक पद	५
द्वितीय श्रेणीका अधिकृत	१५
तृतीय श्रेणीका अधिकृत	३७
सहायकस्तर प्रथम श्रेणी	५५
सहायकस्तर द्वितीय श्रेणी	८०
श्रेणीविहीन	१२१
रैरकमी	७५
पुजारी	४

जम्मा ३९३ जनाको स्वीकृत दरबन्दी देखिन्छ ।

विभिन्न पदका यति धेरै दरबन्दी भए पनि विकास कोषको व्यवस्थापन र प्रशासन जसरी सञ्चालन हुनुपर्थ्यो र विकास अगाडि बढ्नुपर्थ्यो, त्यस्तो भने हुन नसकेको अनुभव भएको छ ।

९. पशुपति क्षेत्र विकास कोषले गर्दै आएका महत्त्वपूर्ण कार्य

पशुपति क्षेत्र विकास कोषको मुख्य काम पशुपतिनाथको र उहाँको क्षेत्रका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न देवीदेवताको पूजाआजा नियमित र व्यवस्थित ढङ्गले गर्नु, गराउनु नै हो । त्यस महत्त्वपूर्ण कार्यका साथै कोषले पशुपति क्षेत्रको संरक्षण, संबर्द्धन र विकासका निम्ति गुरुयोजना नै बनाएर त्यसका आधारमा निम्नबमोजिमका महत्त्वपूर्ण कार्य गर्दै आएको छ :

(१) घर-जग्गाको विस्थापन र पुनः व्यवस्थापन

परम्परागत रूपमा पशुपति क्षेत्रको जग्गामा घर बनाई बसोवास गर्दै आएका परिवारलाई गुरु योजनानुरूप नै यहाँबाट विस्थापन गरी अन्यत्र लगेर बसोबास गराइएको छ । यसो गर्दा कतिपयलाई निश्चय नै दुःख लागेको हुन सक्छ । आफूहरूले बसोबास गर्दै आएको घरजग्गा चटक्क छाडेर अन्यत्र जानुपर्दा नरमाइलो लाग्नु स्वाभाविक हो । पशुपति क्षेत्रको सुव्यवस्था एवं बृहत्तर हितका लागि सो कार्य भएकाले सम्बन्धित पक्षले चित्त बुझाउनुपर्ने हुन्छ । भारतको काशी विश्वनाथमा शुरूमा नै बस्ती विस्थापन नगराइएकोले अहिले कति असजिलो भएको छ । यसप्रकार जग्गाको व्यवस्थापन विकास कोषले गरेको एक महत्त्वपूर्ण र साहसिक काम हो भन्न सकिन्छ ।

(२) मठमन्दिर र पाटीपौवाको पुनर्निमाण र मर्मतसम्भार

यस क्षेत्रका मठमन्दिर, पाटी, पौवा एवं सत्तलहरूको पुनर्निमाण र मर्मतसम्भार एक अत्यन्त महत्त्वपूर्ण कार्य हो । स्रोत, साधनको अभाव र वाञ्छित खालका दक्ष जनशक्तिको कमीले गर्दा भने जुन गतिमा ती कार्य गरिनुपर्थ्यो, तदनुरूप हुन सकेको छैन । विश्वसम्पदा सूचीमा समेत परेको यस क्षेत्रको संरक्षण र विकासमा विशेष जोड दिनुपर्ने र बजेटको समेत उदारतापूर्वक नै व्यवस्था हुनुपर्नेमा सोअनुसार भएको देखिँदैन ।

(३) सुरक्षा व्यवस्था

पशुपति क्षेत्रको सुरक्षा व्यवस्थाका लागि कोषले तोकिएको पोशाकसहितका सुरक्षा गार्डहरूको व्यवस्था गरेको छ भने नेपाल प्रहरी र सशस्त्र प्रहरीहरूको दरबन्दी पनि व्यवस्था भएको छ । यहाँको सुरक्षा व्यवस्थामा भने आवश्यकतानुसार सुधार हुन सकेको अनुभव हुँदैन । सुरक्षाका लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जति ध्यान दिइनुपर्ने हो, सक्रिय हुनुपर्ने हो तदनुरूप चाहिँ हुन सकेको छैन । सर्वसाधारण जनताले सन्तोष लिन सक्ने गरी यस विषयलाई गम्भीर रूपमा लिनुपर्छ ।

(४) सुग्घर सफाइको व्यवस्था

मन्दिर परिसर, खुलास्थान, बाटोघाटोलगायत पशुपति क्षेत्रमा सुग्घर सफाइको व्यवस्थाका निम्ति कुचिकारहरूको आवश्यकतानुसार दरबन्दी व्यवस्था गरिएको छ र दैनिक पशुपतिनाथको परिसर र वरपर समेत सुग्घर सफाइ गर्ने व्यवस्था भएकाले यसमा क्रमशःसुधार पनि हुँदै गएको छ । सुग्घर सफाइमा वाञ्छित सुधार भने अझै हुन बाँकी छ ।

(५) निःशुल्क जुत्ता राख्ने व्यवस्था

पशुपतिनाथको मन्दिर प्राङ्गणमा छाला वा कपडाको जुत्ता लगाएर जान निषेध गरिएपछि जुत्ता राख्ने ठाउँको पनि व्यवस्था हुनु आवश्यक थियो । सोहीअनुसार निःशुल्क जुत्ता राख्ने ठाउँको व्यवस्था गरिएको छ । ठूलाठूला मेला, पर्वमा भने अन्य विभिन्न संघसंस्थाले समेत भगवान्को दर्शन गर्न आएका भक्त जनको जुत्ता निःशुल्क राखिदिने गरेका छन् ।

(६) शिवरात्रिलगायत पर्वमा विशेष व्यवस्था

शिवरात्रि लगायत ठूला पर्वहरूमा सुग्घर सफाइको विशेष व्यवस्था एवं अन्य संस्थासँग मिलेर खानेपानीको व्यवस्था, स्वास्थ्य शिविर सञ्चालनलगायतका कार्य गरिएको छ । शिवरात्रिका बेला भारतलगायत विभिन्न देशबाट आएका हिन्दू तीर्थयात्री र विशेष गरी जोगी, सन्तमहन्तलाई बस्ने, खाने व्यवस्था विकास कोषले गर्दै आएको छ ।

(७) पशुपतिनाथको चलअचल सम्पत्तिको रेखदेख र सुरक्षा व्यवस्था

पशुपतिनाथप्रति श्रद्धाभक्ति गरी परापूर्वकालदेखि राजा, महाराजा र सर्वसाधारण जनताले समेत प्रभुको नित्य पूजाआजाका लागि र महास्नानलगायत अन्य पर्व–पूजा चलाउन राखेका गुठी, जग्गा र पशुपतिनाथमा भक्ति, प्रीति गरी चढाएका नगद, जिन्सी आदिको संरक्षण गर्ने जिम्मासमेत विकास कोषकै भएकाले सो कार्य हुँदै आएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस सन्दर्भमा पशुपतिका पुजारी भट्टहरू र भण्डारीहरूलाई तलब र भत्ताको व्यवस्था गरेर पशुपतिमा चढेको नगद र जिन्सी सुरक्षित हुने व्यवस्थाले गर्दा प्रभुको कोषमा आम्दानी बढाउन ठूलो मद्दत पुग्न गएको उल्लेखनीय छ । पशुपतिनाथको गुठीका जग्गा हिनामिना भएको, भूमाफियाहरूले अपचलन गराइरहेका सन्दर्भमा भने कोषले प्रभावकारी भूमिका खेल्न सकेको छैन । यस सम्बन्धमा गुठी संस्थानको भूमिका समेत चित्तबुझ्दो छैन ।

(८) भेटीघाटी व्यवस्थित र पारदर्शी गराउने व्यवस्था

पहिले पशुतिनाथमा चढाइएका भेटीघाटी पुजारी र भण्डारीहरूको स्वविवेकअनुसार कति प्रभुको कोषमा जाने र कति उनीहरूले पारिश्रमिकका रूपमा लिने भन्ने निर्धारण हुन्थ्यो । यसरी नै सर्वसाधारण जनताले विशेष पूजा पाठ गराएबापतका रकमसमेत पुजारीहरूको तजबिजमा निर्भर थियो ।

कोषले पुजारी (भट्ट) र भण्डारीहरूको पारिश्रमिक निर्धारण गरी भगवान्लाई चढाइएको भेटीघाटी र पूजाआजा गराएबापतको रकम कोषमा जाने व्यवस्था गरेको छ । पहिले एक प्रकारको चलन चल्दै आएकामा कोषले गरेको नयाँ व्यवस्थाले गर्दा केही समय पुजारी र भण्डारीहरूमा असन्तोष निकै देखियो र विरोधका स्वर पनि सुनिए । पछि उनीहरूले विकास कोषले व्यक्तिविशेषको लाभका लागि त्यस्तो कदम नचालेको र पशुपतिनाथको ढुकुटी बलियो बनाउनकै लागि र त्यसबाट प्राप्त आम्दानी त्यही क्षेत्रको विकासमा लागाउने वास्तविकता महसूस गरेपछि अब सबै कुरा शान्त भएको छ ।

(९) अन्तिम संस्कार र काजकिया व्यवस्थित ढङ्गले हुन सक्ने व्यवस्था

पशुपति क्षेत्र विकास कोषले घाट व्यवस्था, पशुपति क्षेत्रमा दाहसंस्कार गर्न ल्याइने शवको दाहसंस्कारको सहज व्यवस्था, दाहसंस्कार गर्नेहरूको पारिश्रमिक निर्धारण, अन्यत्र किया बस्ने ठाउँ नभएकाहरूका लागि निर्माण भएको किरियापुत्री भवन व्यवस्थापन, सञ्चालन र सुग्घर सफाइको व्यवस्थासमेत गर्दै आएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१०) शवदाह गृहको निर्माण र सञ्चालन

भारत सरकारको सहयोगमा निर्मित शवदाहगृहको सञ्चालनको व्यवस्था समेत विकास कोषले गर्दै आएको छ । पर्यावरणीय दृष्टिले र छिटोछरितो काम सिध्याउन खोज्नेहरूका लागि दाह संस्कारको यो पनि एक वैकल्पिक व्यवस्थाका रूपमा सञ्चालन भइरहेको छ ।

(११) वेदवेदाङ्ग विद्यालयको सञ्चालन

वेदवेदाङ्ग विद्यालयको स्थापना २०३१ सालमा भएको हो । उक्त विद्यालयको सञ्चालन अहिले विकास कोषले गरिरहेको छ । पहिले उक्त विद्यालयको सञ्चालन विश्व हिन्दू महासङ्घले गर्ने गर्थ्यो । उक्त विद्यालयमा विभिन्न विषयका १३ शिक्षक छन् । हाल त्यहाँ नेपालका विभिन्न जिल्लाका १५० विद्यार्थी अध्ययनरत छन् । त्यहाँ शुक्ल यजुर्वेद, व्याकरण, ज्योतिष, कर्मकाण्ड र साहित्य विषयको पढाइ हुन्छ । त्यहाँ अध्ययन गर्ने ब्राह्मण बटुकमध्ये ७६ जनाले अध्ययन, भोजन तथा आवासको समेत निःशुल्क सुविधा प्राप्त गरिरहेका छन् । तीबाहेक अरू बाहिरबाट आएर पढ्ने विद्यार्थीहरूले भने निःशुल्क विद्या अध्ययन गर्ने अवसर प्राप्त गरेका छन् । त्यहाँ अध्ययनरत विद्यार्थीलाई खाजासमेत निःशुल्क उपलब्ध गराइन्छ । विद्यार्थीहरूले दौरासुरूवाल अनिवार्य रूपमा लगाउनुपर्ने व्यवस्था गरिएको छ । एकासी प्रतिशत जनता हिन्दू भएको यस देशमा कर्मकाण्ड र अन्य धार्मिक कार्य गर्ने मानिसहरूको अभाव हुँदै गएको परिप्रेक्षमा यस विद्यालयको निकै ठूलो महत्त्व छ ।

पशुपति क्षेत्रको दशवर्षे गुरूयोजना

पशुपति क्षेत्र विकास कोषले गर्दै आएका कार्यमध्ये गुरूयोजनाको सञ्चालन पनि एक हो ।

१. गुरूयोजनाको मुख्य उद्देश्य

–पशुपति क्षेत्रमा आउने दर्शनार्थी, भक्तजन, तीर्थयात्री, योगी, साधुसन्त, धार्मिक तथा सांस्कृतिक पर्यटक, अनुसन्धानकर्ता लगायत लक्षित समूहलाई प्रदान गरिने सेवासुविधालाई स्तरीय रूपमा व्यवस्थापन गर्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

–यस क्षेत्रको प्राकृतिक, धार्मिक एवं सांस्कृतिक सम्पदाहरूको समुचित संरक्षण र विकास गर्ने ।

२. गुरूयोजनाको तर्जुमा, स्वीकृति र कार्यान्वयन

उपर्युक्त उद्देश्य पूरा गर्ने सिलसिलामा योजनाबद्ध ढङ्गले योजना र कार्यक्रम सञ्चालन गर्न, गराउन दशवर्षे गुरुयोजना तयार गर्न गुरुयोजनाकार नियुक्त गरी काम अगाडि बढाइएको थियो तर २०४६ सालको जन आन्दोलनपछि त्यसको राप र तापको प्रभाव स्वरूप जनताको विरोधका कारण सो कार्य अगाडि बढ्न सकेन । बल्लबल्ल २०५३ सालमा अवधारणात्मक गुरुयोजना तयार भयो र २०५६ सालमा स्वीकृत भयो । स्वीकृत गुरुयोजना कार्यान्वयन हुन पनि ढिलाइ नै भयो र २०५८ सालमा मात्र गुरुयोजना कार्यान्वयन हुन सक्यो ।

३. गुरूयोजना २०५८ अन्तर्गत सम्पादन गरिएका मुख्यमुख्य कार्य

पशुपति क्षेत्रको दशवर्षे अवधारणात्मक गुरुयोजना २०५६ स्वीकृत भई २०५८ सालमा लागु भएपछि धेरै काम भएका छन् र सुधार पनि गरिएका छन् ।

४. गुरूयोजना लागु हुने क्षेत्रलाई निम्नबमोजिम तीन क्षेत्रमा विभाजन गरिएको थियो

क्षेत्र	कोर क्षेत्र A1, A2, A3	कन्सोनेन्ट क्षेत्र B1 देखि B13 सम्म	कन्टिनियम क्षेत्र C1, C2, C3	
				अन्य बाँकी
क्षेत्रफल	३.९ हेक्टर	९४.९ हेक्टर	५.२ हेक्टर	१६० हेक्टर

५. उपर्युक्तबमोजिम क्षेत्र विभाजन गरी विभिन्न कार्यक्रम सञ्चालन भएका थिए । ती कामका केही झलक

(१) पशुपतिनाथ मन्दिर आसपासका घर जग्गा अधिकरण गरियो । अधिकरण गरिएका घर जग्गामध्ये गुरुयोजनाको पहिलो चरण (२०५९ साल)मा ११९ घर र जग्गा अधिग्ररण गरियो तथा भकुन्टोल र लगनलाछी टोलका बस्ती खाली गरियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) दोस्रो चरणमा वनकाली र तिलगङ्गा क्षेत्रका घरजग्गा अधिकरण गरियो ।

(३) त्यसरी अधिग्ररण गरिएका जग्गाबाट प्राचीन स्मारक बाहेक अन्य अनावश्यक घर, टहरा र निर्माण हटाई स्मारक र सम्पदाहरूको संरक्षण भएको छ ।

(४) त्यसप्रकारले जग्गा अधिग्ररहण गरिएका परिवारहरूलाई सहुलियत दरमा घडेरी उपलब्ध गराई बसोबास गराउने कार्यसमेत संपन्न गरिएको छ । घरजग्गा अधिकग्रणमा परेका केही परिवारलाई भने पुनःस्थापनाका लागि गोठाटारको जग्गामा पूर्वाधार विकास गरी घडेरी उपलब्ध गराउने कार्य बाँकी छ ।

(५) पशुपतिनाथ मन्दिर वरपरका घरजग्गा अधिग्ररण गरिएकाले काम गर्न र योजना कार्यान्वयन गर्न सहज भएको छ भने मन्दिर वरपर खुला भएकाले रमाइलो वातावरण तयार भएको छ । घरबार उठाउँदा केही गुनासा र विरोध त उठे तर कसै न कसैले आँट नगरेका भए काशी विश्वनाथको मन्दिरकै जस्तो अत्यन्त .सांगुरो परिवेश हुन्थ्यो । अनि त घरैघरले निसासिएर बसिसाध्यकै ठाउँ हुँदैनथ्यो पशुपति क्षेत्र ।

(६) अझै अनगिन्ती गर्नुपर्ने काम छन् । ती काम अब शुरु हुने अर्को गुरुयोजना अवधिमा पूरा हुने छ भन्ने आशा गर्न सकिन्छ ।

६. पहिलो गुरूयोजनामा उपक्षेत्र विभाजन भई लिइएका लक्ष्य अनुसार प्रगति

(१) माथि क्रमसङ्ख्या चार मा उल्लेख भएअनुसारको A1 कोर क्षेत्रमा पशुपतिनाथ मन्दिर र गुह्येश्वरी मन्दिर तथा वरिपरिका धार्मिक, पुरातात्त्विक संरचना निर्माण एंव धार्मिक कियाकलाप सञ्चालन गर्ने लक्ष्यका साथ योजना र कार्यकम सञ्चालन भएका थिए । त्यसरी सञ्चालित नौ योजना र कार्यक्रममा गुरुयोजना अवधिमा तीन मात्र पूरा हुन सकेका देखिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) A2 र A3 कोर क्षेत्रमा तीन योजना र कार्यक्रम सञ्चालन गरी पूरा गर्ने लक्ष्य भएकामा एउटा मात्र पूरा हुन सकेको छ ।

(३) B1 कन्सोनेन्ट मृगस्थली उपक्षेत्रमा प्राचीन मन्दिर, सत्तल, वनजङ्गल, ध्यान केन्द्र, साधुसन्तआश्रम, वैदिक पाठशाला ,सुरक्षा चौकी आदि गरी १५ योजना र कार्यक्रम सञ्चालन गरी संपन्न गर्ने लक्ष्य लिइएकोमा योजना अवधिमा पाँच मात्र पूरा भएका छन् ।

४) B2 कैलाश उपक्षेत्रमा मेला, खुलाचौर, धार्मिकस्थल, आश्रम, पुरातात्विक उत्खनन क्षेत्र गरी छ योजना र कार्यक्रम सञ्चालन गर्ने लक्ष्य भएकोमा दुई मात्र पूरा भएका छन् ।

(५) B3 हेमन्त भैरव उपक्षेत्रमा उद्यान, सुरक्षा चौकी, विशेष आवास स्थानान्तरण स्थल गरी पाँच योजना र कार्यक्रम सञ्चालन गरी संपन्न गर्ने लक्ष्य रहेकामा दुई मात्र पूरा हुन सकेका छन् ।

(६) B4 भुवनेश्वरी उपक्षेत्रअन्तर्गत प्रदक्षिणामार्ग, मन्दिर, देवालय, विद्यालय, प्राचीन आवसीय क्षेत्र सम्बन्धी तीन योजना र कार्यक्रम सञ्चालन गरी पूरा गर्ने लक्ष्य राखिएकामा एउटा पनि पूरा हुन सकेको छैन ।

(७) B5 पञ्चदेवल उपक्षेत्रमा सङ्ग्रहालय, सञ्चार सुविधा, जुत्ता चप्पल कक्ष, सुरक्षा व्यवस्था, धार्मिक सामग्री बिक्री कक्षलगायतका आठ योजना र कार्यक्रम सञ्चालन गरी पूरा गर्ने लक्ष्य लिइएकोमा तीन मात्र पूरा भएका छन् ।

(८) B6 घाट उपक्षेत्रमा मन्दिर, घाट सेवा, भजनस्थल, किरियापुत्री सेवा, स्नानगृह, स्वास्थ्य सेवा, अन्त्यप्रबन्ध सेवा लगायत १२ योजना र कार्यक्रमहरू सञ्चालन गरी पूरा गर्ने लक्ष्य लिइएकोमा पाँच मात्र पूरा भएका छन् ।

(९) B7 वनकाली उपक्षेत्रमा बगैंचा, धर्मशाला, हलुका सवारी पार्किङ्गस्थल, मेलास्थल जस्ता सात योजना र कार्यक्रम सञ्चालन गरी पूरा गर्ने लक्ष्य लिइएकामा तीन पूरा भएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१०) B8 देव उद्यान उपक्षेत्रमा सङ्ग्रहालय, पुस्तकालय, अनुसन्धान केन्द्र, प्रवचन स्थल, वेदविद्याश्रम, धार्मिक उद्यानसम्बन्धी सात योजना र कार्यक्रम सञ्चालन गरी पूरा गर्ने लक्ष्य रहेकोमा दुई मात्र पूरा भएका छन् ।

(११) B9 भण्डार खाल उपक्षेत्रमा .ऐतिहासिक बगैंचा, गौशाला धर्मशाला, पसल कवल, चमेनागृह, बाह्य सूचना केन्द्र, पुरातात्त्विक उत्खनन क्षेत्र सम्बन्धी सात योजना र कार्यक्रम सञ्चालन गरी पूरा गर्ने लक्ष्य रहेकोमा एक मात्र पूरा भएको छ ।

(१२) B10 गौशाला उपक्षेत्रमा बाटिका र सम्पर्क कार्यालय प्रवेशद्वार गरी दुई वटा निर्माण गर्ने योजना र कार्यक्रम रहेकोमा कुनै पनि पूरा हुन सकेको छैन ।

(१३) B11 मङ्गला गौरी उपक्षेत्रमा संस्कार मण्डप, सभा भवन, वनकाली उद्यान, हरितक्षेत्र, यज्ञशाला, जलपानगृह, श्रव्यदृश्य कक्ष, बैङ्किङ सेवा, आन्तरिक सुरक्षा प्रणाली केन्द्र लगायतका नौ योजना सञ्चालन भएकोमा तीन पूरा भएका छन् ।

(१४) B12 पिङ्गलास्थान उपक्षेत्रमा किरियापुत्री सेवा, विद्युत् शवदाह गृह, स्नानगृह, किरियापुत्री तथा अन्तिम संस्कार सामग्री व्यवस्थासम्बन्धी छ योजना र कार्यकंम सञ्चालन गरी पूरा गर्ने लक्ष्य लिइएकोमा पाँच वटा पूरा भएका छन् ।

(१५) B13 कन्सोनेन्ट क्षेत्र, त्रिविक्रम उपक्षेत्रमा पुरातात्विक उत्खनन क्षेत्र, घाट, प्रदर्शनी कक्ष, पर्यटक सहयोग केन्द्र, उद्यान, धार्मिक, सांस्कृतिक उपहार बिक्री कक्ष, जलपानगृह, सुरक्षाचौकीलगायत १० वटा योजना र कार्यक्रम सञ्चालन भएकामा तीन वटा मात्र पूरा भएका छन् ।

(१६) C1 कन्टेनियम क्षेत्र तिलगङ्गा उपक्षेत्रमा बहुउद्देश्यीय परिवहन विश्रामस्थल (तीर्थयात्री विश्रामगृह, सूचना केन्द्र, परिवहनस्थल, स्वास्थ्य केन्द्रसम्बन्धी) चार योजना र कार्यक्रम सञ्चालन गरी पूरा गर्ने लक्ष्य रहेकोमा चारवटै पूरा भएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१७) C2 नयाँ आवासीय उपक्षेत्र (पुनस्थापन क्षेत्र)मा अधिकरणका लागि प्रस्तावित दुई योजना र कार्यक्रम भएकोमा दुवै पूरा भएका छन् ।

(१८) C3 कन्टेनियम क्षेत्रको बाँकी भागमा प्रत्येक ऐतिहासिक, पुरातात्विक, सामाजिक र धार्मिक स्मारकलाई पृथक् एकाईको रूपमा संरक्षण गर्ने, धोबीखोलाको किनारैकिनार रातोपुलदेखि चक्रपथ पुलसम्म सडक निर्माणलगायत १४ योजना र कार्यक्रम सञ्चालन गरी पूरा गर्ने लक्ष्य निर्धारण गरिएकोमा छ वटा पूरा भएका छन् ।

यसप्रकार A1, A2 , A3, B1 देखि B13, C1, C2 र C3 मा सञ्चालन गर्न तोकिएका योजना १२९ छन् । ती योजनामध्ये ५० योजना र कार्यक्रम मात्र सम्पन्न हुन सकेका छन् । यस अनुसार सम्पन्न योजनाको प्रगति ३८.७६ प्रतिशत हुन्छ । यो प्रगति अत्यन्तै न्यून हो ।

यसरी योजना र कार्यक्रमको प्रगति न्यून हुनका थुप्रै कारणमध्ये केही कारण निम्नबमोजिम हुन सक्छन्ः

– सरकार परिवर्तनसँगै महत्त्वपूर्ण पदाधिकारी परिवर्तन हुनु
– प्रशासनिक उच्च पदमा राजनैतिक भागबण्डाका आधरमा नियुक्ति गरिनु
– राजनैतिक हस्तक्षेप भइरहनु
– समयमा बजेट निकासा नहुनु
- ठेक्कापट्टामा ढिलासुस्ती हुनु
- कर्मचारीमा दायित्व र जिम्मेवारीबोध नहुनु
– आश र त्रासको वातावरण कायम हुन नसक्नु आदि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७. गुरूयोजना कार्यान्वयन अवधिको आम्दानी तथा खर्चको विवरण

गुरूयोजनाका लागि प्राप्त सरकारी अनुदान र आन्तरिक स्रोतबाट भएको खर्चको विवरण

		खर्चको विवरण	
विवरण	आम्दानी (रु)	जग्गाको मुआब्जा (रु)	घर, टहरा तथा पूर्वाधार विकास
सरकारी अनुदान	३,३५,५६,५००००।-	२,५१,८२,१६,०००।-	८३,७४,३४,०००।-
कोषको आन्तरिक स्रोत	३१,९७,५२,०००।-		३१,९७,५२,०००।-
जम्मा	३,६७,५४,०२,०००।	२,५१,८२,१६,०००।	१,१५,७१,८६,००० ।

८. गुरूयोजना अवधिमा सम्पन्न र सम्पन्न हुन बाँकी पूर्वाधार विकास तथा सम्पदा संरक्षणसम्बन्धी मुख्यमुख्य कार्य

क.सं.	कार्यक्रमको नाम	हालको अवस्था	कैफियत
१	महास्नान घर दक्षिण पश्चिम खण्ड जीर्णोद्धार	भूकम्पबाट क्षतिग्रस्त भएकाले नेपाल इन्भेष्टमेन्ट बैंकको सहयोगमा पुनर्निर्माण भइहेको	
२	रूद्रगाडेश्वर प्राङ्गण सुधार	सम्पन्न	
३	कैलाश दक्षिण ल्याण्ड स्केपिङ	सम्पन्न	
४	विद्युत् शवदाह भवन निर्माण तथा २ वटा मेशिन जडान	सम्पन्न भई हाल चालू अवस्थामा	
५	मृगवाटिका निर्माण	सम्पन्न	
६	C2 क्षेत्र र B 3 क्षेत्रमा आवासीय पूर्वाधार विकास	सम्पन्न	
७	गुह्येश्वरी मन्दिर संरक्षण	सम्पन्न	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्र.सं.	कार्यक्रमको नाम	हालको अवस्था	कैफियत
८	चौसट्ठी क्षेत्रका शिवालय संरक्षण	भूकम्पबाट क्षतिग्रस्त भएकाले पुनर्निर्माण भइरहेको	
९	तिलगङ्गा-रामघाट क्षेत्रमा ४०० मिटर सडकमा प्रंस्तर फलक छापाइ	सम्पन्न	
१०	पञ्चदेवल पछाडि भागमा डाइभर्सन सडक निर्माण	सम्पन्न	
११	आर्यघाट, सूर्यघाट पद पथ निर्माण	सम्पन्न	
१२	आर्यघाट पूर्व सिढी मर्मत, जीर्णोद्धार	सम्पन्न	
१३	बममुक्तेश्वर सत्तल पुनर्निर्माण	सम्पन्न	
१४	रक्षेश्वर सत्तल तथा धुनीघर पुनर्निर्माण	सम्पन्न	
१५	सानो सदावर्त सत्तल जीर्णोद्धार	सम्पन्न	
१६	गुह्येश्वरी सत्तल तथा जीर्णोद्धार	भूकम्पबाट क्षतिग्रस्त भएकाले पुनर्निर्माण भइरहेको	
१७	चारुमती विहार जीर्णोद्धार	सम्पन्न	
१८	राजराजेश्वरी ब्यारेजदेखि दक्षिण चकपथसम्म घाट निर्माण	सम्पन्न	
१९	कोर क्षेत्रमा वातावरण संरक्षण	सम्पन्न	
२०	आगम घर निर्माण	सम्पन्न	
२१	पञ्चदेवल चौघेरा सत्तल जीर्णोद्धार चौघेरा	२ खण्ड भूकम्पबाट क्षतिग्रस्त भएकाले पुनर्निर्माण गर्नुपर्ने	
२२	निर्मला अखडा भवन पुनर्निर्माण	सम्पन्न	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्र.सं.	कार्यक्रमको नाम	हालको अवस्था	कैफियत
२३	तिलङ्गा (B13) मा पर्यटक सूचना केन्द्र तथा प्रवेशद्वार निर्माण	सम्पन्न	

९. राष्ट्रिय / अन्तराष्ट्रिय सहयोग सम्बद्ध निकाय तथा संघसंस्था/व्यक्तिबाट प्राप्त सहयोग तथा प्रतिबद्धता प्राप्त कार्यक्रम

क्र.सं.	कार्यक्रमको नाम	सहयोगी संस्था/व्यक्ति	सहयोगको स्थिति
१	पशुपति पश्चिमद्वारसँगै जलधारा निर्माण	चन्द्रिकानन्द खरेल	निर्माण सम्पन्न गरी हस्तान्तरण
२.	किरियापुत्री सेवा भवन निर्माण	डा उपेन्द्र महतो	निर्माण सम्पन्न गरी हस्तान्तरण
३	श्राद्ध पाटी राजराजेश्वरी घाट	रत्ना मास्के	निर्माण सम्पन्न गरी हस्तान्तरण
४.	गौशाला चोकस्थित कोषको बगैंचा सुधार तथा फाउन्टेन निर्माण	डाबर नेपाल	निर्माण सम्पन्न गरी हस्तान्तरण
५	धन्दोचैत्य पुनर्निर्माण	विभिन्न दाता	निर्माण सम्पन्न गरी हस्तान्तरण
६	वंशीराम मण्डप निर्माण	सुना भण्डारी	निर्माण सम्पन्न गरी हस्तान्तरण
७	उपेन्द्रेश्वर सत्तल तथा प्राङ्गण संरक्षण	नेपाली सेना	निर्माण सम्पन्न
८	राममन्दिर जीर्णोद्धार तथा प्राङ्गणमा प्रस्तर छपाइ	उपेन्द्र कसजू श्रेष्ठ	कार्य सम्पन्न
९	पशुपतिमा जेनेरेटर जडान	विजय मालिया, कर्णाटक भारत	जेनेरेटर सहयोग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्र.सं.	कार्यक्रमको नाम	सहयोगी संस्था/व्यक्ति	सहयोगको स्थिति
१०	पशुपतिनाथ मन्दिर प्राङ्गण पश्चिममा चाँदीको कलात्मक हुण्डी कलश निर्माण	डा मृगेन्द्रराज पाण्डे, मृगेन्द्र सम्झना चिकित्सा गुठी	निर्माण तथा स्थापना सम्पन्न
११	पशुपति अर्चना कार्यक्रम	विभिन्न दाता	५७,७१,०००।-
१२	पशुपति उपासना	विभिन्न दाता	५७,११,०००।-
१३	वनकाली उद्यान निर्माण	श्यामश्यामा धाम ठिमी	कार्य चालू
१४	रूद्रगाडेश्वर शिवलिङ्गमा तामाको पाता र बसाहालाई पित्तलले मोर्ने कार्य साथै सिंढी निर्माण तथा भुइँ संरक्षण	श्रीमती इन्दिरा शर्मा	कार्य सम्पन्न
१५	आर्यघाट, भष्मेश्वर घाट र स्मारक संरक्षण	चौधरी ग्रुप	कार्य चालू
१६	जयवागेश्वरी मन्दिर पुनर्निर्माण	कल्याण शर्मा	पुनर्निर्माण सम्झौता सम्पन्न
१७	गौरीघाट चौघेरा सत्तल पुनर्निर्माण	रवीन्द्र पुरी फाउण्डेशन	पुनर्निर्माण सम्झौता सम्पन्न
१८	कोरक्षेत्रमा २ फाउण्डेशन निर्माण	गोर्खा लहरी प्रा.लि.	निर्माण सम्झौता सम्पन्न
१९	महास्नानघर जीर्णोद्धार	नेपाल इन्भेष्टमेन्ट बैङ्क	पुनर्निर्माण सम्झौता सम्पन्न
२०	आर्यघाटबाट गोरखनाथ उक्लने सिढीको दायाँपट्टि शौचालय निर्माण (प्रिफेब)	सिटी एक्सप्रेस मनि ट्रान्सफर	निर्माण सम्पन्न भई सञ्चालनमा आएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं.	कार्यक्रमको नाम	सहयोगी संस्था/व्यक्ति	सहयोगको स्थिति
२१	पञ्चदेवल दक्षिण सोभिनियर पसलसँगै सुविधायुक्त शौचालय	जोन्टा क्लब इन्टरनेशनल	निर्माण सम्पन्न भई सञ्चालनमा आएको
२२	जितजङ्गप्रकाशेश्वर सत्तल जीर्णोद्धार	गुरु नानक सोसाइटी क्यालिफोर्निया (युएसए)	प्रतिबद्धता
२३	बज्रेश्वर सत्तल पुनर्निर्माण	देशोद्धार वैद्य गुठी	प्रतिबद्धता
२४	सुलभ शौचालय, भकुण्टोल, पशुपति	भारत सरकार	रु ५ करोड लागतमा (निर्माणाधीन)
२५	नेपाल भारत पशुपति मैत्री धर्मशाला, तिलगङ्गा	भारत सरकार	२२ करोड लागत सम्झौता
२६	पशुपति प्राङ्गणमा सिसिटिभी जडान कार्य	नेपाल एबिआई बैंक	
२७	पशुपतिदेखि दक्षिण पिङ्गनस्थान (B11-12) क्षेत्रमा कलात्मक प्रवेशद्वार निर्माण नेपाल एसविआइबैंक लि.	नेपाल एसबिआई बैंक	निर्माण सम्झौता सम्पन्न
२८	विद्युत् शवदाहगृहमा शवचिस्यान केन्द्र स्थापना	श्रीपाली बस्न्यात समाज	निर्माण सम्पन्न भई सञ्चालनमा आएको
२९	भोजन प्रसादी गृह	माधवराज सुमार्गी स्मृति प्रतिष्ठान	निर्माण सम्पन्न भइ सञ्चालनमा आएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं.	कार्यक्रमको नाम	सहयोगी संस्था/व्यक्ति	सहयोगको स्थिति
३०	किरियापुत्री सेवा सुविधा विस्तारका लागि थप भवन निर्माण	सुरेन्द्रबहादुर बस्नेत	निर्माण सम्झौता सम्पन्न ।

—o—

मुख्य सन्दर्भ सामग्री

पशुपति क्षेत्रको व्यवस्था गर्न बनेको ऐन २०४४

पशुपति क्षेत्र विकास कोष (मन्दिर तथा पूजा व्यवस्था) नियमावली २०६८ पशुपति क्षेत्र विकास कोष

पशुपति क्षेत्र विकास कोषको कमचारी सँगठन तालिका र अन्य सन्दर्भ सामग्रीहरू– पशुपति क्षेत्र विकास कोष

स्वअनुभवका सङ्कलित सामग्रीहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय १०

पशुपति क्षेत्र सुधारका पक्ष

पशुपति क्षेत्रमा देखिएका विकृति, कमजोरी, समस्या र तिनको समाधानका केही सुझाव

१. सुरक्षा व्यवस्था

(१) मन्दिर, पाटीपौवा र अन्य सार्वजनिक सम्पत्तिको सुरक्षा

पशुपति क्षेत्रमा रहेका कतिपय पुराना र दुर्लभ देवीदेवताका मूर्तिहरू मन्दिरभित्रैबाट गायब हुने गरेका छन् भने मन्दिरमा कुसंस्कारी तथा बदमास व्यक्तिहरूबाट तोडफोड गर्ने र झ्याल ढोका फुटाउने जस्ता निन्दनीय कार्य पनि यदाकदा हुने गरेको छ । हाम्रा पुर्खाका पौरख आस्था र विश्वासका धरोहर यी मन्दिर, पाटी, सत्तल, जो धेरै पुराना र थोत्रा भएका छन्, धिमा गतिमा नै भए पनि पुनर्निर्माण र मर्मतसम्भार विकास कोषले गरिरहेको छ । पाटी, पौवा, सत्तल आदिको सुरक्षा भने हुन सकेको छैन । ती वेवारिशे जस्ता बनेका छन् ।

उपर्युक्त सम्पदाहरूको सुरक्षाको विशेष व्यवस्था हुनुपर्ने देखिएको छ । यसका निम्ति प्रत्येक मन्दिर, पाटी, पौवा आदिको सुरक्षाको जिम्मा किटानीका साथ सुरक्षा निकायलाई दिनुपर्ने र तिनमा हानिनोक्सानी भएमा जिम्मा लिने निकाय वा व्यक्ति जवाफदेही हुनुपर्ने व्यवस्था गरिनुपर्छ । विकास कोषले समेत यसमा तन्मयताका साथ कोषको सुरक्षा सम्बन्धी विषय हेर्ने पदाधिकारीलाई अनुगमनको जिम्मा दिई प्रत्येक महिना निजबाट प्रतिवेदन लिने व्यवस्था गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) असहाय, महिला, वृद्धवृद्धा र अशक्तको हेरचाह र सुरक्षा

अन्यत्र कतै सहारा नभएका वृद्धवृद्धा, मगज खुस्किएका र ज्यादै कडा रोग लागेका, अपाङ्गता भएका असहाय, सुस्तश्रवण, महिला र पुरुषहरूको पनि बाँच्ने आधारभूमि पशुपति क्षेत्र नै भएको छ र उनीहरू त्यहाँ मागेर जसोतसो प्राण धानीरहेका छन् । लामो समयदेखि बसोवास गर्दै आएका भारत र नेपालका जोगी, सन्न्यासी र महात्माहरू पनि यहाँ छन् । उनीहरूमध्ये कोही पाटीपौवामा बसोवास गर्छन् भने कति मन्दिरको पेटी र कति खुला आकाशमुनि बस्न विवश छन् । विशेषगरी रातका समयमा यसै क्षेत्रमा बसोवास गर्ने र पटके रूपमा बाहिरबाट आउने चोर, लफङ्गा र बदमासहरूले ती असहाय व्यक्ति बास बसेका ठाउँमा गई उनीहरूका साथमा भएका पैसा आदि लुट्ने र तिनलाई पिटपाट गर्ने र दुख दिने गर्छन् । उनीहरूले भनेबमोजिम नगरेमा धम्की दिने, कुटपिट गर्ने र गम्भीर रूपमा घाइते बनाएर र मारेर समेत छाड्ने गरेका घटना पनि सुन्ने गरिएको छ ।

पशुपति क्षेत्र भित्र बसेका अनाथ र असहाय व्यक्तिको सुरक्षा व्यवस्था चुस्त र प्रभावकारी बनाइनुपर्छ । यसका लागि नेपाल सरकारका त्यहाँ खटिएका सुरक्षाकर्मी र पशुपति क्षेत्रका चौकीदारलाई अहोरात्र जिम्मेवारीका साथ रमन घुमाउने र रेखदेख गर्ने व्यवस्था हुनुपर्छ ।

(३) महिलाको अस्मिता रक्षा

घरपरिवारबाट निकालिएका, पतिपरित्यक्ता, अत्यन्त दुखित र विक्षिप्त जस्तै भएर यहाँ आएर मगन्ते जीवन बिताइरहेका, जोगिनी भएर बसेका र सुस्तश्रवनभएका महिलामाथि बदमास, दुष्ट र घटिया व्यक्तिहरूले दुख दिने, बलजफती यौन दुराचार गर्ने, त्यसो गर्न नमान्दा कुटपिट गर्ने र गम्भीर रूपमा घाइते बनाएर छाड्ने गरेको पनि देखिएको छ ।

त्यस क्षेत्रमा असहाय महिलाहरूका निम्ति वास र विशेष सुरक्षाको व्यवस्था गरिनुपर्ने देखिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(४) सर्वसाधारण जनताका सुरक्षा

धार्मिक क्षेत्र भएकाले ध्यानमा बस्ने, देवीदेवताको पूजा र दर्शन गर्ने मानिसहरू रातसाँझ अबेरसम्म पशुपति क्षेत्रमा रहेका हुन्छन् भने देश-विदेशबाट आएका भक्तहरू पनि अबेरसम्म त्यहाँ घुमिरहेका हुन्छन् । मृत्यु शय्यामा पुगेका व्यक्तिलाई आखिरी अवस्थामा आर्यघाट नजिकै रहेको सिकिस्त बिरामीको आश्रयस्थलमा राख्न ल्याइएको हुन्छ । तिनलाई कुर्न र कुरूवालाई पालो दिन व्यक्तिहरू जुनसुकै बेला आवत–जावत गरिरहनुपर्ने हुन्छ । यसरी नै कुनै व्यक्ति परलोक भएमा जुनसुकै बेला पार्थिव शरीर लिएर त्यहाँ पुग्नुपर्ने हुन्छ । बिहान प्रातः भ्रमणमा पनी मानिसहरू पशुपति क्षेत्रमा आउने जाने गर्छन् । यदाकदा त्यहाँ बदमासहरूद्वारा पैसा र अन्य सामग्री लुटपाट गरिने घटना पनि भएका हुन्छन् । वनकाली र श्लेष्मान्तक वनमा घुम्न गएका व्यक्ति लुटिने र कुटिने घटना समयसमयमा हुने गरेका छन् ।

यस क्षेत्रमा जुनसुकै बेला जोसुकै पनि एक्लैदुक्लै आउँदा सुरक्षाको अनुभूति गर्न सक्ने गरी पालो पहराको विशेष व्यवस्था गरी सुरक्षा व्यवस्था कडा र भरपर्दो बनाइनुपर्छ । पशुपतिनाथको मन्दिर वरपर मात्र होइन कि किराँतेश्वर, गुह्येश्वरी मन्दिर, मृगस्थली एवं श्लेष्मान्तक वनमा समेत अहोरात्र सुरक्षा व्यवस्था प्रभावकारी बनाएर यस क्षेत्रलाई पूरै शान्ति क्षेत्र, साँच्चिकै धार्मिक क्षेत्र र कुनै किसिमको पाप हुन नसक्ने क्षेत्र बनाइनुपर्छ ।

(५) लागूपदार्थ नियन्त्रण

पशुपति क्षेत्रमा माछामासु र लागू पदार्थ खान र बिक्री गर्न प्रतिबन्ध लगाइएको छ तापनि साँझ भयो कि गाँजा, भाङ, धतुरो, चरेश र मदिरा खाएर जथाभावी बोल्दै र दुर्व्यवहार गर्दै हिंड्ने बदमास, लफङ्गा र जोगीको भेषमा पनि फिटान भएर ढुनमुनिंदै हिंड्ने दुराचारी मानवाकार अझै देखिन्छन् ।

त्यस क्षेत्रमा मादक पदार्थ सेवन कार्यलाई पूर्ण नियन्त्रण गरिनुपर्छ । त्यसो भए मात्र यस क्षेत्रलाई पूरै सुरक्षित र शान्त बनाउन सकिने छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. पशुपति क्षेत्रका बाँदर

(१) त्रेतायुगमा भगवान् रामले बाँदर सैन्यको समेत सहायता लिएर अतिशक्तिशाली रावणमाथि विजय प्राप्त गर्नुभयो र उनले हरेर लगेकी सीतालाई फर्काएर ल्याउन सफल हुनुभयो । त्यसैले बाँदर रामका सैन्य हुन् र वीर हनुमानका सजाति हुन् ।

(२) अहिले कलियुगमा भने पशुपति क्षेत्रमा तिनले गर्ने गरेका बिज्याइँ, उपद्रो र भक्तहरूलाई दिने गरेका दुःख कहिसाध्यका छैनन् । उनीहरू भक्तहरूले भोले बाबा र अन्य देवीदेवतालाई पूजा गर्न र चढाउन लगेका पूजा सामान र नैवेद्य दाउ हेरीहेरी खोसेर लिन्छन्, महिला र केटाकेटीलाई त हेपेर सोझै पूजा सामान र नैवेद्य लुट्छन् । कतिपय महिलाका पैसाका ब्याग समेत खोसेर भाग्छन् र अग्लो छानामा बसेर तमासा गराउँछन् ।

(३) बाँदरहरू पशुपतिनाथ र गुह्येश्वरीका मन्दिरको माथिल्लो भागमा बसेर तल दर्शनका लागि लाममा बसेका भक्तहरूको टाउकैमा पर्ने गरी दिशापिशाब गर्ने गर्छन् ।

(४) कहिलेकाहीं कुनै बाँदर बहुलाएर मानिसलाई टोकिदिन्छ । कुनै पोथी बाँदरले मरेका बच्चा फालिदिएको निहुँमा पनि मानिसलाई टोक्ने र रेबिजको सुई नै हाल्नुपर्ने अवस्था समयसमयमा पर्ने गरेको छ ।

(५) मन्दिरका छानामा चढेर गजुर हल्लाउने, जस्ता हल्लाएर थोत्रो बनाउने आदि उपद्रो तिनले गर्दै आएका छन् ।

(६) स्वस्थ पानी र खाना खान नपाएर नै होला, धेरै बाँदरहरू रोगी पनि छन् । त्यस्ता बिरामी बाँदरको उपचारको व्यवस्था नभएकाले धेरैको अकालमा मृत्यु हुने गरेको छ । बाँदर र साँढेहरूलाई दाना खुवाउन प्राचीनकालदेखि नै गुठी पनि राखिएको अध्ययनबाट ज्ञात हुन्छ ती बाँदरले नियमित रूपमा दाना खान पाएको जस्तो लाग्दैन । पशुपति क्षेत्रमा दर्शन गर्न जाने भक्तहरूले वर्षौंदेखि बाँदरबाट भोग्दै आएका दुःख र समस्याप्रति सम्बन्धित निकायको ध्यान पुग्न सकेको छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसबारेमा निम्न व्यवस्था हुनुपर्ने

(१) बाँदरहरूलाई समयसमयमा दाना दिने व्यवस्था गर्ने

(२) मन्दिरको माथिल्लो. भागमा बाँदर जान नसक्ने कुनै प्रविधि हुन सक्छ कि यसबारेमा ध्यान दिने

(३) बाँदरहरूलाई कुनै निश्चित ठाउँमा राख्ने व्यवस्था गर्न सकिन्छ कि भन्नेतर्फ पनि सोच्नुपर्ने

यस विषयमा छुट्टै अध्ययन गरी गराई समस्याको समाधान गरिनुपर्छ ।

३. पशुपक्षीलाई खानेपानी, दाना, घाँस आदिको व्यवस्था

पशुपतिनाथको मन्दिरप्राङ्गण, गुह्येश्वरी क्षेत्र र मृगस्थलीमा समेत बाँदरहरू बढ्दै गएका छन् । यसरी नै पशुपति क्षेत्रमा साँढेसाढी बनाई छोडिएका गाईगोरू, बाच्छाबाच्छी आदि छन् ।

पशुपति मृगस्थलीमा विगत २० वर्षदेखि पालिएका मृग खान नपाएर दुब्लाउँदै गएका छन् । उनीहरू बिहान–बेलुका पशुपति क्षेत्रमा आउने भक्तले केही दिन्छन् कि भन्ने आशाले फलामको बारभित्र प्रतीक्षा गरिरहेका हुन्छन् । ती पशुपक्षछीहरूलाई खानेपानी, दाना, घाँस आदिको उचित व्यवस्था भएको बुझिँदैन । वागमतीको दुषित पानी पिउँदा पशुपक्षी बिरामी पर्ने र अकाल मृत्यु हुने गरेको छ ।

पशुपक्षीको खानेपानीका निम्ति ठाउँठाउँमा ढुङ्गा, काठ, वा प्लाष्टिकको डुँडको व्यवस्था हुनुपर्दछ । यसरी नै बाँदर, साँढेसाँढी, मृग आदिका निम्ति दाना, घाँस आदिको नियमित व्यवस्था हुनुपर्ने र यसका निम्ति पशुपति क्षेत्र विकास कोषले वार्षिक रूपमा पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने देखिएको छ ।

पशुपति र गुह्येश्वरी क्षेत्रमा जाने भक्तले गहुं, मकै आदि दिंदा समेत बजारबाट सोझै खरिद गरिने अन्न विषादियुक्त हुने हुँदा धोइपखाली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुकाएर मात्र पशुपक्षीलाई दिनुपर्छ । अन्यथा 'धर्म होस्' भन्ने भावनाका साथ दिइएको अन्नले पशुपञ्छीलाई हानि हुनसक्छ ।

४. दर्शन गर्ने क्रमको उचित व्यवस्था नभएको

(१) पशुपतिनाथको मन्दिरमा पर्वपर्वमा मात्र होइन अघिपछि पनि लाम लगाएर दर्शन, पूजा गराउने व्यवस्था छ । कतिपय व्यक्तिहरू चाहिँ अटेर र हेपाहा प्रवृत्तिका हुन्छन् ।

(२) बेफुर्सदी जस्तो देखाएर पनि ती लाममा बसेका व्यक्तिलाई धकेल्दै भगवान्को दर्शनमा अग्रपङ्क्तिमा बस्न पुग्छन् ।

समाधान

(१) लाममा नबसी दर्शन गर्ने प्रवृत्तिमा सुधार गरी लामबाट मात्र दर्शन गर्न पाउने व्यवस्था हुनुपर्छ ।

(२) पचहत्तर वर्ष नाघेका ज्येष्ठ नागरिक र अशक्त रोगीलाई भने बेलामनबाट दर्शन गर्न सक्ने व्यवस्था गरिनुपर्छ ।

(३) छिटो दर्शन गर्न चाहनेहरूका निम्ति सामान्य अवस्थामा सामान्य रकम र पर्वका बेला विशेष रकम तिरेर लाममा नबसेरै दर्शन गर्न पाउने व्यवस्था गरिनु उचित हुन्छ । त्यसो गर्दा हतारो हुनेले छिटो दर्शन गर्न पाउँछन् भने पशुपतिनाथको ढुकुटीमा रकम पनि थपिदैँ जान्छ ।

(४) विकास कोषका कर्मचारी र नेपाल प्रहरीका व्यक्तिले समेत दर्शनार्थीलाई लाममा लगाएर दर्शन गराउनेतर्फ विशेष पहल गर्नुपर्ने देखिएको छ ।

५. धार्मिकस्थलमा अमर्यादित र अश्लील कार्य हुने गरेको

धार्मिक क्षेत्र वासनात्मक र पापी मन लिएर जाने ठाउँ हुँदै होइन भने अमर्यादित र अश्लील कर्म गर्ने जाने ठाउँ पनी होइन । कतिपय कामान्ध र बदमास व्यक्तिहरूले त्यहाँ निन्दनीय कर्म पनि गर्ने गरेको सुनिन्छ विशेष गरी मृगस्थली र श्लेष्मान्तक जङ्गलमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तो दुष्कार्यको प्रयास गर्ने र दुष्कार्य गर्नेलाई विशेष दण्ड सजायको व्यवस्था गरिनुपर्छ । कसैले अटेर गरी वा हेपाहा प्रवृत्ति देखाई दुष्कर्म गरेको पाइएमा कडा दण्डसजाय गर्न सक्ने कानूनी व्यवस्था गरिनुपर्छ ।

६. माछामासु र मदिरा विक्रीवितरण र खानपान

पशुपति क्षेत्रको तोकिएको क्षेत्रसम्म माछामासुको व्यापार गर्न र मदिरा खाएर हिँड्नसमेत पूरै रोक लगाइएको छ, तर व्यवहारमा त्यस्तो अझै हुन सकिरहेको छैन । ज्यादै दुखको कुरा त के भने कतिपय गेरूवा वस्त्रधारीसमेत फिटान भएर हिँडेका देखिन्छन् । कतिपय माग्नेहरू पनि मदिराले मातेर ढलपल गर्दै र जभाभावी बोल्दै हिँडेका हुन्छन् ।

पशुपति क्षेत्रमा यदि कसैले अटेर गरी उक्त कुराको व्यापार गरेमा वा मादक पदार्थ खाएर हिँडेमा कडा दण्डसजाय एवं कानूनी कारवाही हुने व्यवस्था गरिनुपर्छ ।

७. वनजङ्गलको संरक्षण र सम्बर्द्धन

पशुपति क्षेत्रका श्लेष्मान्तक वन, वनकालीको वन र कैलाशको वनको सुरक्षाको राम्रो व्यवस्था अझै हुन सकेको छैन् । अझ श्लेष्मान्तक वनमा त अन्य धर्मावलम्बीले लाश ल्याएर गाड्ने र त्यसमाथि सिमेन्टको संरचना बनाइ त्यसमाथि क्रस चिन्ह बनाएर छाड्ने गरेकाले उक्त वन मासिँदै गैरहेको छ ।

वन संरक्षण र सम्बर्धनका निम्ति निम्न बमोजिम गरिनुपर्ने

(१) श्लेष्मान्तक वनमा इसाई र अन्य धर्मावलम्बीले मृत देह ल्याएर गाड्न र सिमेन्टको संरचना बनाउन नपाउने गरी कडा व्यवस्था गरिनुपर्छ ।

(२) श्लेष्मान्तक, कैलाश र वनकालीको खाली ठाउँमा वातावरणीय दृष्टिले महत्त्वपूर्ण देवदार, धुपी सल्ला, कपुर, श्रृखण्डलगायत बिरूवा सारेर हुर्काउने प्रयास गरिनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३) बाँदर लाग्ने क्षेत्र भएकाले त्यहाँ बिरूवा हुर्काउन अत्यन्तै कठिन हुने हुँदा प्रत्येक बिरूवालाई बाँदर छिर्न र तिनले नोक्सान पुर्‍याउन नसक्ने गरी फलामका जालीले बार्नुपर्ने हुन्छ ।

(४) बोटबिरूवा नष्ट गर्ने वा व्यक्तिगत फाइदाका निम्ति लिन नपाइने व्यवस्था गरिनुपर्छ ।

(५) 'पशुपति क्षेत्र श्लेष्मान्तक वन' भनी तोकिएको क्षेत्रलाई पूरै फलामे बारले सुरक्षित गरिनुपर्छ । पशुपति क्षेत्रको एकातिरको क्षेत्रमा मृग पालनका लागि फलामे डण्डीको बार लगाइएकाले त्यो क्षेत्र सुरक्षित छ तर अर्कोतर्फ त्रिभुवन विमानस्थल, तिलगङ्गातर्फको क्षेत्र खुला भएकाले र त्यसमा बीचबाट सडक बनाइएकाले असुरक्षित छ ।

अतः त्यस क्षेत्रमा पनि फलामे बार लगाई सुरक्षित तुल्याइनुपर्छ र त्यहाँ घुमघाम गर्न जानेले निश्चित शुल्क बुझाउनुपर्ने व्यवस्था हुनुपर्छ । त्यसो गर्दा पुरातात्त्विक, धार्मिक र ऐतिहासिक जङ्गलको सुरक्षा हुनुका साथै विकास कोषको केही आम्दानी बढ्न जाने छ ।

(६) उक्त धार्मिक वनमा हानिनोक्सानी पुऱ्याएमा त्यसमा कडाभन्दा कडा सजाय गर्नसकिने गरी ऐननियममा आवश्यक संशोधन गरिनु पर्छ ।

८. चलअचल सम्पत्तिको संरक्षणमा कडाइ नदेखिएको

(१) पशुपतिनाथको गुठी र पशुपति क्षेत्रका विभिन्न देवीदेवताका नाममा रहेका जग्गाजमीन, भवन, सत्तल, पाटीपौवा र अन्य सम्पत्ति प्राचीन कालदेखि नै हिन्दूधर्मावलम्बीले पशुपतिनाथ र अन्य देवीदेवतामा धार्मिक आस्था र विश्वासका साथ समर्पण गरेका हुन् । तिनमा कसैले पनि आँखा लगाउनु वा आफ्नो बनाउन खोज्नु वा आफ्नो संस्था वा अन्य कुनै धर्मका नाममा स्थानान्तरण गर्न खोज्नु महापाप हो भने कानूनी दृष्टिले समेत अत्यन्त दण्डनीय अपराध हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) त्यसो भए तापनि कतिपय व्यक्तिले त्यसमा आँखा लगाउन थालेको अनुभव भएको छ । अनेकौं बहानामा पशुपतिनाथको त्रिशूल गुठीको जग्गासमेत हडप्ने र त्यसलाई रैकरमा परिणत गरी बिक्री गरी मालामाल हुने दुस्वप्न भूमाफियाहरूले देखिरहेका छन् ।

(३) पशुपतिनाथको गुठीको जग्गा एक हजार एक सय ६१ रोपनी भाडामा लिने त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलले समेत कौडीकै भाउमा लिइरहको छ । संस्कृति पर्यटन, नागरिक उड्डयन मन्त्री एकै भएकाले र उनी नै विकास कोषको अध्यक्ष भएकाले विकास कोषलाई यसमा कडाइ गर्न असजिलो हुने गरेको बुझिन्छ ।

(४) पशुपति क्षेत्रका मन्दिर र तिनमा भएका मूर्तिहरूको संरक्षण गर्न पनि सकस परिरहेको अनुभव भएको छ ।

(५) सत्तल र पाटीपौवासमेत जुन प्रयोजनका लागि भक्तले निर्माण गराएका हुन्, ती प्रयोजनका लागि प्रयोगमा आएका कमै मात्र देखिएको छ ।

समाधान

(१) विकास कोषले यस विषयमा गम्भीरतापूर्वक ध्यान दिई राष्ट्रदेव पशुपतिनाथका गुठी र पशुपति क्षेत्रका अन्य देवीदेवताका जग्गाजमीन, भवन, सत्तल, पाटी, पौवा आदि र अन्य सम्पत्ति व्यक्तिविशेषले वा कुनै संघसंस्थाले अपचलन गर्न नसक्ने गरी व्यवस्था गर्नुपर्छ ।

(२) पशुपतिनाथको गुठीका जग्गा कहाँकहाँ छन् र कति छन्, तिनको कुत कुन ठाउँबाट के कति उठ्ने गरेको छ, यथार्थ विवरण सङ्कलन गरी कुतमा पुनरावलोकन गरी त्यसमा थप गर्न सकिने के के विषयहरू हुन सक्छन्, अध्ययन गरी आवश्यक कदम चाल्नुपर्ने देखिएको छ ।

(३) भाडामा लगाइएका जग्गाको हकमा वर्तमान परिस्थिति र जग्गाको महत्त्वका आधारमा भाडा दरमा वृद्धि गरी कोष बढाउन तदारूकताका साथ प्रयास हुनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(४) पशुपतिनाथको मन्दिर र आसपासका अन्य मन्दिरको संरक्षण र सम्बर्द्धनका लागि चाल्नुपर्ने कदम वा गरिनुपर्ने सुधार गुरुयोजनामा नै समावेश गरी कार्यक्रम अगाडि बढाउनुपर्ने देखिन्छ ।

(५) पशुपतिनाथको सम्पत्ति र उहाँको मन्दिर र अन्य देवीदेवताको मन्दिर र मूर्तिको सुरक्षाका साथै ती मन्दिरमा नित्य पूजाआजा चलेको छ छैन, त्यसबारेमा विशेष निगरानी राखिनुपर्छ ।

९. फोहर मैला व्यवस्थापन र सुग्घर सफाइ

(क) पहिलेको तुलनामा पशुपतिनाथको मन्दिर र पशुपति क्षेत्रमा सुघ्घर सफाइमा निकै सुधार भएको छ तर अझै फोहरमैला व्यवस्थापन एवं सुघ्घर सफाइमा ध्यान दिनुपर्ने कुरा थुप्रै छन् ।

(ख) घाटमा फोहरमैलाको समस्या : पशुपति क्षेत्र अन्तर्गत वागमतीको किनारमा ११ घाटहरू रहेका छन् । काठमाडौं उपत्यकामा जनसङ्ख्या वृद्धिका साथै उपत्यका बाहिरबाट औषधोपचारका लागि आएका कतिपय बिरामीको उपचारका क्रममा देहावसान हुने गरेकाले पनि दाहसंस्कारको चाप निकै बढेको छ । विद्युतीय शवदाह गृह बनेपछि वागमती किनारमा शव दाहसंस्कार गर्नेमा केही कमी त आएको छ तर आर्यघाट र राजराजेश्वरी घाटमा दाहसंस्कार गर्दा जीवले सरासर स्वर्ग जान पाउँछ भन्ने मान्यता र विश्वासले गर्दा घाटमा जलाउने कार्यमा कमी आएको छैन । त्यहाँको फोहरमैला व्यवस्थापनमा भने कम ध्यान गएको अनुभव भएको छ ।

सुग्घर सफाई र फोहरमैला व्यवस्थापनलाई अझ चुस्त–दुरूस्त तुल्याउन निम्न लिखित कुराहरूमा ध्यान दिनुपर्ने देखिन्छ :

(१) प्रतिदिन हजारौं भक्तजनको आवागमन हुने स्थल भएकाले यहाँको फोहर मैला व्यवस्थापनमा विशेष चासो दिइनुपर्ने,

(२) भक्तजनले परिक्रमा गर्ने पशुपतिनाथ मन्दिरको पेटीमा बाँदरहरूले माथिबाट दिशापिशाब गरी फोहर गरिरहने भएकाले बिहान झिसमिसेदेखि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बेलुका अबेरसम्म निरन्तर उक्त पेटी सफा गर्ने एवं पुछ्ने छुट्टै जनशक्तिको व्यवस्था गर्ने,

(३) सुग्घर सफाइ गर्दा देवदेवीको प्रसादसमेत अरू फोहरमा मिसाउने गरिएकाले प्रसाद छुट्टै एकत्रित गरी पशुपति जङ्गलमा लगी त्यहाँ खाल्टो बनाई विसर्जन गर्ने व्यवस्था गरिएमा प्रसादबाट बन्ने हरित मल जङ्गलका बोटबिरूवाका लागि उत्तम हुनेछ । त्यसो गर्दा अरू फोहरमा मिसाउने विसङ्गतिको पनि अन्त्य हुने छ । त्यसका लागि आवश्यक उपकरण र जनशक्तिको व्यवस्था गरिनुपर्ने ।

(४) बढी जनताको भिड हुने त्यस ठाउँमा जनशक्ति थप गरेर घाट, त्यहाँ रहेका पाटी र बाटाहरूको सुग्घर सफाइमा विशेष जोड दिनु पर्ने देखिएको छ ।

(५) आर्यघाटमा शवको दाहसंस्कार गरिसकेपछि अवशेष, फूल, कपडा आदि दाहसंस्कारमा संलग्न व्यक्तिले नै निश्चित स्थानमा लगी विसर्जन गर्ने व्यवस्था गरिनुपर्छ । त्यसो गर्दा घाटमा शुद्धता र सफाइ कायम गर्न सहज हुन्छ ।

१०. कोषमा राजनीतिक हस्तक्षेप

विकास कोषका पदाधिकारी नियुक्ति गर्दा हिन्दूधर्मप्रति बढी आस्था भएको, हिन्दू धर्मका ज्ञाता, मर्मज्ञ र पाशुपत दर्शनको महत्त्व बुझेको व्यक्तिभन्दा पनि सत्तासीन दलको नजिकको व्यक्ति र नातागोताले अवसर पाउने गरेका छन् । जो सत्तामा पुग्छन्, तिनले आफ्ना दलका र नजिकका नातेदारलाई जागिर खुवाउन कोषलाई भर्ती केन्द्र बनाइरहेका छन् । निष्पक्ष ढङ्गले विकास कोषका पदाधिकारीको नियुक्ति गर्ने कुरामा हस्तक्षेप भइरहेको जनगुनासो छ । त्यसैले पशुपति क्षेत्रको विकास र व्यवस्थापन ओझेलमा पर्ने गरेको छ । अन्य तल्लो तहका कर्मचारीहरू छनोट गर्दासमेत लोक सेवा आयोगका नियमको पूर्ण रूपमा पालना हुन नसकेको जनगुनासो सुनिने गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दूधर्मको ज्ञाता, यस धर्मप्रति विशेष आस्था भएको, विज्ञ व्यक्तिलाई नियुक्त गरिनुपर्छ । विकास कोष र यस अन्तर्गतका कार्यालयका रिक्त पदहरूमा कर्मचारीको छनोट र नियुक्ति गर्दा समेत लोक सेवा आयोगको नियमको पूर्ण रूपमा पालना गरिनुपर्छ ।

११. धार्मिक क्षेत्रमा खेलकूद

धार्मिक क्षेत्र भनेको नम्रताको वास हुने क्षेत्र हो, कोमलता र हार्दिक भावनाले ओतप्रोत क्षेत्र हो । त्यहाँ हिँड्दा पनि संरचनामा कुनै बाधा नपरोस्, धक्का नलागोस् भन्ने भावना राखेर विस्तारै हिँड्नुपर्ने हुन्छ । यदाकदा पशुपति क्षेत्रको जङ्गल, कैलाशको चौर र खाली जमीनमा ब्याडमिन्टन, भलिबल, फुटबल आदि खेल्ने गरेको देखिन्छ ।

त्यहाँ त्यस प्रकारको खेलकूदमा पूरै प्रतिवन्ध लगाइनुपर्छ र कसैले अटेर गरी खेले वा खेलाएमा त्यसप्रकारका कार्य गर्नेहरूलाई दण्ड सजायको व्यवस्था हुनुपर्छ ।

१२. रूखो बोली र खस्रो व्यवहार

पशुपतिनाथको मन्दिरभित्रका पुजारी, भण्डारी, पशुपतिनाथको मन्दिर बाहिर बस्ने ब्राह्मण, कर्मचारी, चौकीदार, नेपाल प्रहरीका कर्मचारीको व्यवहार विनम्र र बोली वचन मधुर हुनु पर्नेमा कतिपयको त्यस्तो पाइँदैन । आध्यात्मिक भावनाका साथ भगवान्को दर्शन गर्न आएका भक्तलाई सम्झाइ बुझाइ नगरिकन हप्काएको, खस्रो व्यवहार गरेको समयसमयमा सुन्नु परिरहेको हुन्छ ।

पशुपतिनाथको मन्दिरमा खटिने सबै आध्यात्मिक भावना भएका, शान्त प्रकृतिका भक्तहरूसँग विनम्र र मधुर व्यवहार गर्ने र मीठो बोली वचन गर्ने खालका हुनुपर्छ । त्यस्तो भएन भने तिनलाई तत्काल हटाएर तिनको सट्टामा अरूलाई खटाउनुपर्छ ।

१३. भण्डारीहरूको पक्षपातपूर्ण व्यवहार

भण्डारीहरू धेरैजसो त सबैप्रति समान व्यवहार गर्छन् तर कतिपयको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवहार पक्षपातपूर्ण हुने गरेको छ । अलिकति चन्दन माग्दा पनि झर्कने, रिसाउने गर्छन् । भारत र अन्यत्र टाढाबाट आएका उदारमना भक्तहरूप्रतिको व्यवहार राम्रो भएन भने एक दुई जनाको कारणले देशका सबै जनता र राष्ट्रप्रति नै नराम्रो सन्देश जान सक्छ ।

भण्डारीका साथै अन्य कर्मचारी र प्रहरीको बानी व्यवहारमा सुधारको आवश्यकता छ ।

१४. नक्कली चन्दन वितरण गरिएको जनगुनासो

काठको धुलो र लेप समेत प्रयोग गरेर चन्दन प्रसाद भनी दिएकाले प्रसादप्रति जनआस्था कम हुँदै गएको जनताको गुनासो छ ।

अधिकांश हिन्दूधर्मावलम्बी भएको राष्ट्र नेपालका जनताका परमाराध्य पशुपतिनाथलाई चढाइने श्रीखण्डको चन्दन नै जनताले लगाउन पाउनुपर्छ । यसका लागि आवश्यक परे राष्ट्र कोषबाट नै श्रीखण्ड खरीद गर्न बजेट छुट्याइदिनुपर्छ ।

१५. देवीदेवताको परिचय नखुलेको

पशुपतिनाथको मन्दिरको प्राङ्गण र वरपर के के देवीदेवताहरू छन्, तिनलाई चिन्न नवागन्तुक र अरू सर्वसाधारण जनतालाई असजिलो महसूस भैरहेको छ ।

ती देवताको परिचय जान्न सकिने गरी प्रत्येक मन्दिरको ढोकामा नै सम्बन्धित देवीदेवताको परिचय टाँसिनुपर्छ ।

१६. फूल,प्रसाद र सामान बिक्री सम्बन्धमा

फूल प्रसाद र सामान बेच्नेहरूले पनि जथाभावी बढी मूल्य लिएर भक्तजनलाई दु:ख दिने गरेको जनगुनासो सुनिएको छ ।

फूल,प्रसाद र सामान बिक्री पसलमा समेत अनुगमन हुनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१७. किरियापुत्री सेवा

दाताले बनाइदिएका र पहिलेदेखिका किरियापुत्री भवनहरूबाट जनताले सेवा पाइरहेका छन् । त्यहाँको सरसफाइमा र अन्य विषयहरूमा अझ सुधार हुनुपर्ने देखिएको छ ।

सेवा गुणस्तरीय र प्रभावकारी बनाइनुपर्छ । एकाथरीले प्रयोग गरिसकेपछि मण्डी, कम्बलहरू धुने व्यवस्था हुनुपर्ने देखिन्छ । शोक संतप्त भएर किरिया गर्न बसेकाहरूलाई विभिन्न ढङ्गले ठग्ने काम भैरहको छ छैन, निरीक्षण अनुगमन हुनुपर्छ । त्यहाँ काजकिया गराउने सन्दर्भका विभिन्न सामानको मूल्य सूची बनाएर टाँसिएको र सोअनुसार बिकी गरिएको छ, छैन सो सम्बन्धमा समेत समयसमयमा अनुगमन गर्ने व्यवस्था हुनुपर्ने देखिन्छ ।

१८. पशुपति वृद्धाश्रम

वृद्धाश्रममा बसेका वृद्धवृद्धाको कुनै पनि गुनासो नआउने र उनीहरूको जिऊ धनको पूर्ण सुरक्षा हुने व्यवस्था हुनुपर्छ ।

१९. सम्पदा संरक्षणमा विशेष जोड

पशुपति क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्त्वका सम्पदाहरू हाम्रो पहिचानका अनमोल स्रोत हुन् । ती सम्पदाको संरक्षण र सम्बर्द्धनको नितान्त खाँचो अनुभव भइरहेको छ । त्यहाँ भएका प्राचीन मूर्ति र सामग्रीहरू गायब हुँदै नाशिँदै गएकाले पनि यो चिन्ताको विषय भएको छ । जुनजुन मूर्ति र सामग्री हराएका छन्, तिनको खोजी र जुन नष्ट भएर जाँदैछन्, तिनको संरक्षणको भरपर्दो व्यवस्था हुनु नितान्त आवश्यक छ । पाषाण र धातुमा लिखित प्राचीन अभिलेखहरू कसरी सुरक्षित हुन्छन्, त्यसबारेमा पनि चासो दिनुपर्ने देखिएको छ । यसरी नै २०७२ को भूकम्पबाट क्षतिग्रस्त सम्पदाको मर्मतसम्भार र पुनर्निर्माणमा विशेष जोड दिइनुपर्छ । निर्माण र मर्मतसम्भार गर्दा गुणस्तर र पहिलेको जस्तै र अझ त्यसभन्दा राम्रो र बलियो ढङ्गको भएको छ छैन, त्यसमा पनि विचार पुर्‍याउनुपर्ने देखिन्छ । 'बनाइस् बनाएँ' भनेजस्तो मात्र भयो भने त्यो दीर्घजीवी हुन सक्तैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०. श्लेषमान्तक जङ्गलको बीचबाट बाटो

श्लेषमान्तक जङ्गलका बीचबाट तिलगङ्गा निस्कने जुन बाटो खोलिएको छ, त्यो संपदा संरक्षणका सन्दर्भमा कुनै पनि हालतमा गर्न नहुने कार्य हो । त्यसबाट धेरै प्रकारका विकृति र नोक्सानी बढ्ने देखिन्छ । अतः त्यसलाई अविलम्ब बन्द गरिनुपर्छ ।

२१. पशुपति क्षेत्रका माग्नेका समस्या

पशुपति क्षेत्रमा धेरै किसिमका माग्ने देखिएका छन्

(१) मगज बिग्रिएका माग्नेहरू

उनीहरू बस्ने, हिड्ने, खाने, लाउने र बोल्ने कुराको ठेगान नभएका हुन्छन् । ती माग्नेहरू जता पायो त्यतै वेसुरा लडेका, कसैले दया गरेर दिएको पनि सुर चले खाने र नभए दातालाई गाली गरेर हिंड्ने खालका छन् । त्यस्ता मगन्तेहरू महिला रहेछन् भने तिनलाई त्यता बरालिएर हिंडेका बदमासहरूले बलात्कार गर्ने अनि पिटपाट गरेर हिंड्ने गरेको पनि सुनिन्छ ।

(२) विक्षिप्त अवस्थाका असहाय महिला

लोग्नेबाट परित्यक्त वा अन्य कारणले घर छाडेर हिंडेका महिलाहरू पनि विक्षिप्त अवस्थामा हुन्छन् । तिनीहरूसमेत बदमासको फेला पर्छन् । तिनीहरू कहाँबाट आए, के पिरले घर छाडेर हिंडे, तिनको व्यक्तिगत जीवनको बारेमा न सरकार, न पशुपति क्षेत्र विकास कोष र न अरू कसैले चासो दिएका छन् ।

(३) ज्यादै दयनीय अवस्थाका वृद्धवृद्धा

उमेर घर्किसकेका र हिंड्न, चल्न नसक्ने वृद्धवृद्धाहरू मन्दिर र पाटीका पेटीलाई घर मानेर अत्यन्त दुःखपूर्ण जिन्दगी बाँचिरहेका छन् ।

(४) हातखुट्टा नचल्ने अपाङ्गता भएका व्यक्ति

तिनीहरूको अवस्था त अझ दर्दनाक देखिन्छ । तिनलाई दाताहरूले कति दिन्छन् र त्यसबाट उनीहरू कसरी बाँचेका छन्, त्यसको लेखाजोखा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कसैले पनि गरेका हुँदैनन् । उनीहरू कहाँ बस्छन्, के खान्छन्, र कसरी जीवन बिताइरहेका छन्, भन्ने विषयमा ध्यान दिने कुरा पनि कसैको दायित्वभित्र पर्दैन जस्तो देखिएको छ ।

(५) हातखुट्टा राम्रै भए पनि आँखा नदेख्ने

दृष्टिविहीन महिला र पुरुषमध्ये कतिपय गला मीठो भएकाहरू समूहमा सङ्गीत सहितको या सङ्गीतविनाको गीत र भजन गाएर केही सहज जीवन बाँचिरहेका हुन् कि जस्तो अनुभव हुन्छ । त्यसप्रकारको कलाकारिता देखाउन नसक्ने दृष्टिविहीनहरू मागेरै बस्छन् र तिनले मागेर कमाएको अलिकति रकम पनि बेलाबेला बलिया बाङ्गाले लुटेर र धम्क्याएर लिने गरेको सुनिन्छ ।

(६) गेरूवा वस्त्रधारी माई आमा र जोगी

उनीहरू धेरैजसो खान र लाउनका समस्याले पीडित छन् । तीमध्ये केहीले भने हण्डी पाएका हुन्छन् । त्यसप्रकारको हण्डीको रकम मासिक रु ६००/- हुन्छ । त्यतिले कसरी बाँच्न सकिन्छ ? त्यतिले जीविका नचलेर ती हण्डी खानेहरू पनि अरू माग्नेसरह आशाका नजरले दाताहरूसँग हात पसारेर बसेका हुन्छन् ।

७ (क) शारीरिक रूपले सक्षम जोगिहरू

उनीहरू मध्ये धेरै जसो बिहान र दिउसो पनि अलख जगाउँदै हिड्छन । कतिपय बिहान पशुपतिनाथ मन्दिर क्षेत्रमा मागेर बसे पनि दिउँसो भिक्षाटनका निम्ति जान्छन् ।

७ (ख) शारीरिक रूपले सक्षम माग्नेहरू

उनीहरूका हातखुट्टा सक्षम छन्, राम्रै आँखा देख्छन्, कान सुन्छन् र काम गर्न सक्छन्, तर तिनीहरू पनि सिल्ली जस्तै मागेर बसेका हुन्छन् । उनीहरू जसो आवसर पऱ्यो, त्यसै गर्छन् । बिहान मागेर बस्छन्, दिउँसो भएपछि शहर बजारतिर लुटलाट गर्न र चोरीचकारी गर्न पनि गएका हुन्छन् भन्ने सुनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समाधानका केही सुझाव

(क) माथि उल्लेख गरिएका क्रमसङ्ख्या १ देखि ६ सम्मका माग्नेहरूको अवस्था छानबिन गरी नेपालमा जन्मिएका ठहरिए तिनलाई नागरिकतासमेत दिलाउनु पर्छ । जो काम गरेर पनि केही कमाउन सक्ने अवस्थाका छन्, तिनलाई समूह जमानीमा ऋण उपलब्ध गराएर काम गरेर बाँच्न सक्ने गराउनुपर्छ । काम गर्न नसक्ने वृद्धवृद्धालाई वृद्धाश्रममा आरामपूर्वकको जीवन बाँच्ने अवसर दिइनुपर्छ । वृद्धाश्रममा सिट कम भए थप्ने व्यवस्था गरिनुपर्छ । त्यस्तो व्यवस्था हुन नसके विकास कोषसँग समन्वय गरी सरकारले भोजन र आवासको व्यवस्था गरिदिनुपर्छ ।

(ख) नेपाली नागरिकता पाएका वा भएका वृद्धवृद्धा र असहाय महिलालाई देशका अरू नागरिकले पाएसरहको सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्था गरिनुपर्छ ।

(ग) क्रमसङ्ख्या (७) (क) का माग्न बसेकाहरूका लागि सरकारले खासै व्यवस्था गर्नुपर्ने देखिंदैन । उनीहरू बिहान पशुपति, गुह्येश्वरीको स्थानतिर माग्न बसे पनि दिउसो शहर बजारतिर पनि अलग जगाउँदै हिड्छन् । उनीहरू आफूले भिक्षा मागेर कमाएको पैसाले कुटीको व्यवस्था गरेर वा डेरा खोजेर बसेका हुन्छन् । कतिपय जोगीहरू भागवत सन्न्यास आश्रम बाहिरको पाटीमा पनि बसेका छन् ।

(घ) रोगले गर्दा अत्यन्त दयनीय अवस्थामा पुगेका माग्नेहरूलाई भने राज्य वा सरकारले हेर्नुपर्ने हुन्छ ।

(ङ) क्रमसङ्ख्या (७) (ख) का माग्नेहरू जथाभावी गरिहिंड्ने र जे अवसर पर्‍यो त्यही गर्न सक्ने खालका भएकाले तिनको बारेमा राज्यले निगरानी राख्नुपर्ने हुन्छ । तिनीहरू अवसर परे मन्दिरका मूर्तिहरू पनि चोर्न र बेचिहिंड्न बेर मान्दैनन् । तिनलाई सद्बुद्धि कसरी दिन सकिन्छ र कसरी काम गरेर खाने बनाउन सकिन्छ भन्ने बारेमा गम्भीरतापूर्वक विचार गरिनुपर्ने देखिँन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(च) असहाय अवस्थामा मगन्ते पेशा लिएर बसेका वृद्धवृद्धाहरू, महिला, बालबालिका र अन्य व्यक्ति बिरामी परेमा तिनको उपचारको व्यवस्था सरकारी अस्पतालमा विशेष प्राथमिकताका साथ गरिने व्यवस्था हुनुपर्छ । अस्पतालमा भर्ना हुन अविभावक चाहिने र अविभावक नभएकाले भर्ना हुन पनि नपाउने नियममा परिवर्तन गरिनुपर्छ ।

२२. पशुपतिनाथको मन्दिरप्राङ्गणका निजी मन्दिरका समस्या

पशुपतिनाथको प्राङ्गणभित्र निजी मन्दिरहरू पनि छन् भनिएको छ । त्यसप्रकारका मन्दिरमा भक्तजनले चढाएका भेटी ती निजी मन्दिरका व्यक्तिहरूले लिने गरिरहेका छन् । त्यसबाट पनि कसैको गुजारा चलिरहेको छ, तर जुन मन्दिर अत्यन्तै साँगुरा छन् त्यसभित्र व्यक्ति ढसमस्स बसिदिएर देवताको दर्शन गर्न नै नपाउने अवस्था छ । उदाहरणका लागि लालगणेशको मन्दिरमा भित्र नै भेटी लिने व्यक्ति बसिदिंदा सर्वसाधारण जनताले दर्शन गर्न पाइरहेका छैनन् ।

साँगुरो मन्दिरभित्र त्यसरी भेटी लिने व्यक्ति नबस्ने, बाहिरै उभिएर दर्शन र पूजामा सहयोग गर्ने व्यवस्था गरिनुपर्छ ।

पशुपति क्षेत्र विकास कोषप्रति गुरूयोजना कार्यान्वयन सन्दर्भका जनगुनासा

१. स्थानीय बासिन्दालाई कम समय दिई भकुन्टोल र लगनलाछी टोलको बस्ती उठाइएको जनगुनासो छ । गुरुयोजनाका नाममा पहिलो चरणमा २०५९ सालमा ११९ घर भत्काइयो । दोस्रो चरणमा वनकाली क्षेत्र र तिलगङ्गा क्षेत्र अधिग्ररण गरिएको छ ।

२. विश्व सम्पदा सूचीमा सूचीकृत पशुपतिक्षेत्रको योजनाबद्ध स्याहार सम्भार, संरक्षण तथा विकास, प्राचीन ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका वस्तु तथा सम्पदाको सम्भार, संरक्षण तथा सम्बर्द्धन गर्ने उद्देश्यका साथ स्थापित भएको विकास कोष शक्तिसम्पन्न भएपछि पशुपति क्षेत्रको अस्तित्व बचाउन, यस क्षेत्रको सम्पदा संरक्षण गर्न र सांस्कृतिक सम्पदा एवं परम्परा रक्षा गर्न उदासीन बन्दै गएको छ भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहाँका पदाधिकारीको कार्यशैली तलबभोगी सरकारी कर्मचारीको भन्दा बढी क्रियाशील हुन सकेको छैन ।

३. विसं २०६७ पुस ११ गते पूर्वन्यायाधीश केदारनाथ आचार्यका संयोजकत्वमा पशुपतिनाथको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा सामाजिक पक्षको अभिलेखनलगायत अन्य व्यवस्थापनको विषयलाई केन्द्रविन्दुमा राखेर श्रीको पूजा, पशुपतिको गुठीबाट प्राप्त आयसमेतका सम्पूर्ण आयव्यय तथा दर्शनार्थीबाट प्राप्त हुने भेटीघाटी व्यवस्थित गर्ने लगायत विषयमा व्यावहारिक र ठोस राय सुझावसहितको प्रतिवेदन तयार गरी बुझाइएको भए पनि प्रतिवेदन कार्यान्वयन हुन सकेको छैन ।

४. प्रभावितहरूलाई घडेरी वितरण गर्दा पूर्वाधार तयार नगरी वितरण गरियो ।

५. मन्दिरका विभिन्न मूर्ति चोरी भएको छ । त्यसमा कोषले गम्भीरतापूर्वक ध्यान दिन सकेको छैन ।

६. स्थानीय जनताका पुर्खाले पशुपतिनाथलाई चढाएको जग्गाको जिन्सी अन्न बाली लिने गरेकामा पछि २०५५ सालमा नियमावली आएपछि जिन्सी बालीको सट्टा नगद बुझ्ने गरिएको ।

७. जात्रा-पर्वसँग सम्बिन्धित व्यक्ति कोर क्षेत्रबाट हटी अन्यत्र गएर बस्नुपरेपछि जात्रा-पर्व सञ्चालन गर्न असजिलो परेको छ ।

८. जात्रा मार्गमा पर्ने बिजुली र टेलिफोनका तार व्यवस्थित नपारिएकाले असजिलो पर्ने गरेको छ ।

९. जीर्ण भएका पशुपति क्षेत्रका घरहरू विकास कोषले सहयोग गरी मौलिकता झल्कने गरी बनाई, बनाउन लगाई बस्ती व्यवस्थित गर्नुपर्नेमा सो हुन सकेको छैन ।

१०. विसं २०६८ मा कोषको नयाँ नियमावली बनाई कोषलाई व्यवस्थित गर्न थालेपछि भण्डारी र पुजारीहरू असन्तुष्ट बनेका छन् । भगवान्का स्थानमा चढेका सुनाचाँदी पनि 'सुनजस्तो देखिएको, चाँदीजस्तो देखिएको 'भनी अभिलेख तयार गरिएको र पारदर्शीसमेत नभएको भन्ने पनि छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११. सम्बन्धित निकायसँग स्वीकृति नै नलिई भौतिक निर्माण गर्ने गरेको ।

१२. गरीबगुरूवाहरूले मागेर बस्ने निश्चित ठाउँको व्यवस्था हुन नसकेको ।

अब बन्ने बृहत्तर गुरूयोजनामा समावेश हुनुपर्ने कुरा

(गोष्ठीका सन्दर्भमा विभिन्न विद्वान् एवं सम्बन्धित क्षेत्रका विज्ञ र स्थानीय जनताले दिएका सुझाब र अन्य अनुभूत सुझाब):

१. यस क्षेत्रको अझ विकास र संरक्षण गरी र पारस्परिक सद्भाव र विश्वबन्धुत्वको प्रतीकका रूपमा विश्वभर परिचित गराउने सन्दर्भमा भएका गोष्ठीमा सम्बन्धित विषयविज्ञ एवं प्रबुद्ध वर्ग र स्थानीय जनताले दिएका उपयुक्त सुझाब गुरूयोजनामा समावेश गरिनुपर्ने ।

२. गुरूयोजनाका रूपमा ९×९= ८१ ग्रह संयोजनका आधारमा व्यवस्थित गरिएको तन्त्रोक्त र श्रीयन्त्रात्मक रूपको प्राचीन बस्तीलाई यथावत् तुल्याउने विषय प्राथमिकताका साथ योजनामा समावेश गरिनुपर्ने ।

संयोजन यी हुन् :९×९= ८१

(१) नवशक्तिपीठ, (२) नवद्वार, (३) नवधारा, (४) नवकुण्ड, (५) नवपोखरी, (६) नवचोक, (७) नवडबली, (८) नवजातका नेवार (देवगण), (९) नव इनारसहित । यी ९ र ९ गुणा ८१ ग्रह संयोजन गरी श्रीयन्त्राकार रूपमा पशुपति क्षेत्र रहेको छ ।

३. माथि उल्लिखित विषयलाई अद्यावधिक गराई चिरकालपर्यन्त धार्मिक र सांस्कृतिक धरोहरलाई जीवन्त बनाइराख्न के गर्न सकिन्छ, भन्नेतर्फ गुरूयोजना कालमा प्राथमिकताका साथ प्रयास हुनुपर्ने देखिएको छ ।

४. विकास निर्माण गर्दा यस क्षेत्रको पौराणिक, सांस्कृतिक, ऐतिहासिक एवं परम्परागत मूल्य र मान्यतामा खलल नपर्ने गरी गर्नुपर्छ ।

५. भौतिक संरचनाको निर्माण वा अन्य सुधारका कार्य गर्दा स्थानीय जनतालाई समेत समावेश गर्ने नीति अवलम्बन गरिनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. पशुपति कैलाशमा हुनुपर्ने सुधार : (१) बालचतुर्दशी, शिवरात्रि आदिमा तीर्थयात्रु समेत बस्न र जात्रा-पर्व मनाउन मिल्ने गरी कैलाश क्षेत्रमा सुन्दर ढङ्गले दुबो लगाउनुपर्ने र छेउछेउमा बार सहितको क्यारी बनाएर जालीले ढाकी फूलहरू लगाई सुन्दर उद्यानका रूपमा उक्त ठाउँलाई विकसित गरिनुपर्छ ।

(२) कैलाश क्षेत्रमा चारैतिर फलामे बार लगाएर वस्तुभाउ पस्न नसक्ने गरी सुरक्षित तुल्याउनुपर्छ ।

(३) त्यहाँको खाली ठाउँमा देवदार, रूद्राक्ष, धुपी, श्रीखण्ड, बेललगायत धार्मिक, वातावरणीय एवं स्वास्थ्यका दृष्टिले महत्त्वपूर्ण बोटबिरूवा लगाएर बाँदर र वस्तुभाउले समेत नोक्सान पुऱ्याउन नसक्ने गरी हुर्काउने व्यवस्था गरिनुपर्छ ।

७. पशुपति मृगस्थलीको विश्वरूपतर्फको समथर मैदानमा योग, प्राणायाम, ध्यान, आदि गर्न मिल्ने खालको विशाल र सुन्दर योगभवन बनाउन उचित हुने देखिन्छ ।

८. पशुपति भण्डारखालमा मानिसहरू जथाभावी उक्लिएर जान नमिल्ने गरी अग्लो पर्खाल लगाएर त्यहाँ सुन्दर उद्यान बनाउनुपर्ने र आकर्षक द्वार निर्माण गरिनुपर्ने । साथै ऐतिहासिक भण्डारखाल पर्वलाई सम्झाउने खालको प्रतीकात्मक चिन्हसमेत स्थापना गरिनुपर्ने । त्यहाँ उद्यान निर्माणपश्चात् सर्वसाधारण जनताले समेत प्रयोग गर्न पाउनु पर्ने । उक्त उद्यानको मर्मतसम्भारमा मद्दत पुऱ्याउन सक्ने गरी र सर्वसाधारण जनताले समेत तिर्न सक्ने गरी प्रवेश शुल्क लगाउनु उचित हुने देखिन्छ । साठी वर्ष र सोभन्दा माथिका वृद्धवृद्धाहरूलाई भने निःशुल्क प्रवेश दिनु उचित हुने छ ।

९. पशुपतिमा आउने भक्तहरूलाई बाटो काट्न अत्यन्तै गाह्रो भएकाले चाबहिल चोकमा १, मित्रपार्कमा १, जयवागेश्वरीमा १, गौशालामा १, तिलगङ्गामा १ गरी ५ आकाशे पुल बनाउने योजना विकास कोषको वृहत्तर गुरुयोजनामा समावेश गर्नुपर्ने देखिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१०. पशुपतिनाथको दर्शन गर्न स्वदेश र विदेशबाट आएका तीर्थयात्रीका लागि स्तरीय स्नानगृह र शौचालयको व्यवस्था गरिनुपर्ने । त्यसरी बनाइएको शौचालय र स्नान गृहमा उचित शुल्क लगाउन सकिने छ ।

११. पशुपतिमा तान्त्रिक विधिअनुसार पूजा गर्न पूजाविधि लिपिबद्ध गर्ने व्यवस्था हुनुपर्ने ।

१२. दर्शनार्थीको हितलाई ध्यानमा राखी सेडसहितको सहज मार्गको व्यवस्था गरिनुपर्ने ।

१३. ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको लागि सुलभ दर्शन गर्ने मार्गको व्यवस्था गरिनुपर्ने ।

१४. देश बाहिरका र हत्तपत्त दर्शन गर्न आउन नसक्नेहरूका लागि अनलाइन पूजा व्यवस्था गरिनु उचित हुनेछ ।

१५. प्रवेशद्वारमा यान्त्रिक सुरक्षा जाँचको व्यवस्था गरिनु आवश्यक छ ।

१६. चन्दा काउण्टर, विशेष पूजा काउण्टर, रूद्री आदि गर्ने, गराउने काउण्टर, चन्दन-प्रसाद,, सोभिनियर पसल, ATM, Money Exchange Counter आदिको व्यवस्थाका साथै स्तरीय एवं स्वस्थकर चमेनागृहको व्यवस्था हुनुपर्ने देखिन्छ ।

१७. वागमती शुद्धीकरण एवं पवित्रीकरण गुरु योजनाको मुख्य काम हुनुपर्छ :

(१) कलकल बहने नदीको स्वच्छता र सुन्दरताले हाम्रो मन सङ्लो बनाउन र चिन्तनमा पवित्रता ल्याउन धेरै मद्दत गर्छ । हामीले प्रत्येक दिन 'हर हर गङ्गे' भनेर अभिवादन गरिएकी वागमती झन्झन् दूषित बन्दै गएकी छन् । उनको पवित्रता र स्वच्छताविना हामी गर्वले छाती फुलाउन र सभ्य कहलिन सक्तैनौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) धेरैतिरबाट फोहर मिसाउँदै जाने क्रमले निरन्तरता पाइरहेपछि केहीतिरबाट सफाइको जतिसुकै प्रयत्न जारी राखिएपनि त्यो आखीर निरर्थक बन्दोरहेछ । वागमती सफाइको अभियानमा पनि स्थिति त्यस्तै भैरहेको छ । वागमतीका भगीरथ तपस्वी हुतराम बैद्यले आफ्नो सम्पूर्ण जीवन वागमती सफाइको अभियानमा समर्पित गरे । हजारौं र अझ लाखौं हातहरू पनि सयौं हप्ता यस कार्यमा चलायमान बनें । सुनिएको छ, अर्बौं रूपैयां (६ अर्बभन्दा बढी) सरकारी तवरबाट पनि खर्च भइसकेको छ, तर वागमती प्राचीन कालकी जस्ती पवित्र होइन झन्झन् ढलमती र दूषिता बनिरहेकी छन् ।

(३) वागमतीको शुद्धीकरण, पवित्रीकरण गर्ने हो र सभ्य र सुसंस्कृत बन्ने हो भने प्रत्येक उपत्यकावासीले भित्रैदेखि चिमोटिएर अन्तर्मनको आवाज सुनेर कुनै पनि अपवित्र वस्तु नदीमा मिसाउनु महापाप सम्झनुपर्छ र पापको भय पटक्कै नभएकाहरूलाई पाता फर्काउने खालको कडा कानून बनाउनुपर्छ र तत्परतापूर्वक लागु गर्नुपर्छ । तव मात्र वागमतीको शुद्धीकरण, पवित्रीकरणको काम सफल हुन सक्छ ।

(४) वागमती सफाइ अभियानमा विकास कोषकै अहं र नेतृत्वकारी भूमिका हुनुपर्छ । कोषले वागमतीको सफाइ अभियानलाई अब कार्यान्वयन हुने गुरुयोजनामा मुख्य कार्यक्रमका रूपमा समावेश गर्नुपर्छ र वागमती सभ्यता एकीकृत विकास समिति र महानगरपालिकासँग समन्वयात्मक र सहयोगात्मक कार्य गरी यस अभियानलाई सफलताको शिखरमा पुर्‍याउनुपर्छ । प्रभावकारी जनचेतना कार्यक्रम, उत्साहपूर्ण जनसहभागिता, कडा कानून निर्माण र त्यसको चुस्त कार्यान्वयनका साथ माथि वागद्वारदेखि नै कतै कसैले अपवित्र र फोहर वस्तु नमिसाउने, मिसाउन नसक्ने वातावरण तयार गरियो भने यो कार्य सहज रूपमा सम्पन्न हुने छ र सधैंका लागि वागमती पवित्र भएर बग्ने छिन् ।

१८. पशुपति श्लेष्मान्तक वनका पुराना रूखहरू नष्ट हुँदै जाने र नयाँ रूख–बिरूवा नलगाउने स्थितिले गर्दा वन मासिँदै, नाशिँदै गएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसप्रकारको स्थितिमा कसरी सुधार गर्न सकिन्छ र नयाँ बोटबिरूवा हुर्काउन सकिन्छ भन्ने बारे पनि गम्भीरतापूर्वक ध्यान दिनुपर्ने देखिएको छ । यसका लागि श्लेष्मान्तक वन संरक्षण तथा सम्बर्द्धनसम्बन्धी अलगै कार्यक्रम र बजेट व्यवस्था गरी कार्यान्वयनमा ल्याइनुपर्छ ।

१९. नेपाली, संस्कृत, हिन्दी, मराठी, तामिल, अंग्रेजी आदि भाषामा सरल शैलीमा लेखिएका पशुपतिनाथका विविध विषयमा प्रकाश पार्ने ससाना पुस्तिका तयार गरी सुपथ मूल्यमा तीर्थयात्रीहरूलाई उपलब्ध गराउने व्यवस्था हुनुपर्छ ।

२०. तीर्थयात्रुहरूलाई आवश्यक सूचना प्रदान गर्न सूचना केन्द्रको स्थापना गरिनुपर्छ ।

२१. पशुपतिनाथ सम्बन्धी वृत्तचित्र, संग्रहालय, पुस्तकालय, लोकेशन म्याप, जात्रा-पर्वको झाँकी प्रदर्शन, पुस्तिका, स्थानीय बाजा गाजाको व्यवस्था गरिनुपर्छ ।

२२. जात्रा पर्व चलाउन आवश्यक निश्चित जातिलाई उचित स्थानमा बसोबास गराउनुपर्ने साथै लोपोन्मुख जात्रा सञ्चालन गर्न जात्रासँग सम्बन्धित निश्चित जातिहरूको एक समिति बनाई अक्षय कोष स्थापना गर्नु, गराउनु उचित हुने देखिन्छ ।

२३. पशुपति क्षेत्रमा उपासना गर्न आउनेहरूका लागि पुरश्चरणस्थल तथा कल्पवासस्थल आदिको व्यवस्था गर्नुपर्छ

२४. पशुपति क्षेत्रको लघुपरिक्रमा, मध्यमपरिक्रंमा र बृहद्‌परिक्रमाका लागि उचित व्यवस्था गर्ने, ती परिक्रमास्थलहरूको संरक्षण र विकासको व्यवस्था गर्ने जस्ता कार्य पनि हुनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२५. पशुपतिनाथको उपासना पाशुपत मत, सिद्धान्त, शैवदर्शन र श्रीविद्या साधना परम्परामा आधारित रहेकाले तत्सम्बन्धी योजना बनाउँदा ती विषयका विज्ञहरूको समेत परामर्श लिने व्यवस्था हुनुपर्छ ।

—o—

मुख्य सन्दर्भ सामग्री

पशुपति क्षेत्र विकास कोषबाट सञ्चालन हुने आगामी गुरुयोजनाका निम्ति सुझाव सङ्कलन गर्न आयोजित गोष्ठीहरूमा स्थानीय बुद्धिजीवी र विभिन्न क्षेत्रका विद्वान् पदाधिकारीबाट प्रस्तुत कार्यपत्र

स्वअनुभव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ११

उपसंहार

१. अनादि र अनन्त शिवको सर्वव्यापकता वर्णनातीत छ । शिवपुराणमा मूर्तिभन्दा लिङ्गरूपको पूजा र आराधना अत्युत्तम हुने उल्लेख छ । अति प्राचीनकालदेखि नै सकल (मूर्तिरूप) भन्दा निष्कलरूप (लिङ्गरूप) प्रख्यात, अति पवित्र र पूजनीय मानिँदै आएका छन् । प्रलयकालपछि सृष्टिको प्रारम्भकालमा ब्रह्मा र विष्णुबीचका झगडाका बेला उनीहरूको अहङ्कार शान्त गर्न शिवको ज्योतिर्लिङ्ग ज्योतिष्तम्भका रूपमा प्रादुर्भाव भएको उल्लेख शिवपुराण, स्कन्दपुराण आदिमा पाइन्छ । यसबाट पशुपतिनाथ सर्वप्राचीन र सर्वाधिक महत्त्वका महादेव मानिनुहुन्छ । गोपाल वंशका बेला बद्दी नामकी गाईले एक माटाको ढिस्कामा सधैँ दूध चढाउने गरेको कथनबाट पनि ज्योतिर्लिङ्गको अतिप्राचीनता पुष्टि हुन्छ ।

२. काठमाडौँ उपत्यकामा मात्र होइन कि नेपालका दूरदूरका पहाड र तराईका गाउँमा समेत अति प्राचीनकालमा ज्योतिर्लिङ्गहरूको उत्पत्ति भएको र तिनको पूजाआराधना हुने गरेको, ती स्थानमा त्रैलोक्यनाथ प्रादुर्भाव भई वर दिएको तथा विभिन्न विपत्तिमा परेकाहरूको उद्धार गरेको धेरै प्रमाणहरू स्कन्दपुराण, पशुपतिपुराण, नेपाल महात्म्य आदिमा भेटिन्छ । नेपालका प्रसिद्ध महादेवहरूमा पशुपतिनाथका अलावा पशुपतिक्षेत्रका भण्डारेश्वर, कुबेरेश्वर, खञ्जनेश्वर, अचलेश्वर, कृष्णेश्वर, भष्मेश्वर, ताम्रेश्वर, रूद्रगाडेश्वर, तारकेश्वर, मृगेश्वर, भुवनेश्वर, सिद्धेश्वर, किराँतेश्वर, कोटीलिङ्गेश्वर, विराटेश्वर आदि प्रसिद्ध छन् । काठमाडौँ उपत्यका र उपत्यका बाहिरका अन्य शिवलिङ्ग, शिवालय, शिवमन्दिर एवं तीर्थस्थलमा कुम्भेश्वर, आशापुरी महादेव, डोलेश्वर, कैलाशनाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महादेव, हलेसी, जलेश्वर, दुप्चेश्वर, ब्रह्मतीर्थेश्वर, भैरवेश्वर, विन्दुकेशर, गोसाईंकुण्ड, कुशेश्वर, गलेश्वर, तौलेश्वर, वागेश्वरी महादेव (जुँगेमहादेव) आदि छन् । चौंसठ्ठी लिङ्ग त ज्योतिर्लिङ्ग नै मानिएका छन् । यसरी विचार गर्दा नेपाल अति प्राचीनकालदेखि नै महादेव पशुपतिनाथ वा शिवको अतिप्रिय वासभूमि रहेछ भन्ने स्पष्ट हुन्छ र आज पनि पाशुपत धर्म एवं शैवधर्मप्रति जनताको प्रचूर श्रद्धाभक्ति भएको स्पष्ट देखिन्छ, अनुभव हुन्छ ।

३. नेपालका प्रायः सबै जातिले पशुपतिनाथ एवं शिवप्रति श्रद्धाभाव देखाएको र उहाँको पूजामा सरिक हुने गरेको, महादेवलाई प्रसन्न गराउन उहाँको पूजाआराधना गर्ने र घरघर, पशुपतिनाथको मन्दिर एवं अन्य स्थानका शिवमन्दिरमा ब्राह्मणहरूबाट रूद्री गराउने चलन छँदै छ । घरघरमा प्रतिदिन हुने पाञ्चायन पूजामा समेत शिव मुख्य देव मानिनुहुन्छ र उहाँको श्रद्धाभक्तिपूर्वक पूजा गरिन्छ । कतिपयले शिव स्मरण गरी विभिन्न भाकल गर्छन् र सो पूरा भएपछि बडो हर्षोल्लासका साथ रूद्री लगाई पशुपतिनाथ र अन्य शिवलिङ्गहरूको पूजाआराधना गर्छन् । यसरी नै घरमा अरू जुनसुकै देवदेवीको पूजा हुँदा र विवाह, व्रतबन्ध आदि माङ्गलिक कार्य गरिँदा शिवको पूजा हुन्छ । यसरी नेपाली समाजमा, जनजनमा पशुपतिनाथ एवं शिवप्रति अगाध श्रद्धा, आस्था र विश्वास छ ।

४. भारतमा पनि प्रत्येक शहर र गाउँमा शिवमन्दिरहरू छन् । तीमध्ये द्वादश ज्योतिर्लिङ्ग प्रख्यात छन् । ती हुन् : सोमनाथ, मल्लिकार्जुन, महाकालेश्वर, ओङ्कारेश्वर, केदारनाथ, भीमेश्वर, विश्वेश्वर, त्र्यम्बकेश्वर, वैद्यनाथ, नागेश्वर, सेतुबन्ध रामेश्वर, घुस्मेश्वर । 'ती ज्योतिर्लिङ्गहरूको साँझ बिहान नाम मात्र लिँदा पनि सात जन्मसम्म गरेको पाप नष्ट हुन्छ' भनिएको छ । ती प्रसिद्ध द्वादश ज्योतिर्लिङ्गबाहेक नेपाल र भारतका अन्य बिभिन्न शिवलिङ्गहरूको पूजा र दर्शन गरे पनि नेपालका पशुपतिनाथको दर्शन गरेपछि मात्र ज्योतिर्लिङ्गको दर्शन पूर्ण हुने शास्त्रमा वर्णन छ । त्यसै भएर भारत र विश्वका विभिन्न राष्ट्रमा बसोवास गर्ने असङ्ख्य हिन्दूहरू नेपाल आएर परमाराध्य पशुपतिनाथको श्रद्धाभक्तिपूर्वक पूजा र दर्शन गर्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. 'काशीमा देहत्याग गर्नाले मुक्ति पाइन्छ । 'काशीमरणान्मुक्तिः' । तर पशुपतिनाथको एक पटक दर्शन गर्नाले चारै पुरूषार्थका कुरा धर्म, अर्थ, काम र मोक्ष प्राप्त हुन्छन्, काशीभन्दा चारगुणा पशुपतिपुरी महिमामयी छ । सबै क्षेत्रहरूमध्ये विश्वका सारा तीर्थहरूले युक्त भई अति पवित्र र शोभायमान भुक्ति, मुक्ति र अन्य चाहेअनुसारको फल दिने अत्युत्तम पशुपति क्षेत्र धन्य छ' भनिएको छ । यसरी नै 'सत्ययुगमा सत्यवती, त्रेतायुगमा तपोवती, द्वापरयुगमा मुक्तिसोपान र कलियुगमा नेपालिका पुरी नामले प्रख्यात छ देवाधिदेव राज भएको पवित्र भूमि नेपाल' भनी विश्व विख्यात र अतिप्राचीन स्कन्दपुराणमा मुक्तकण्ठले प्रशंसा गरिएको पाइन्छ ।

(काश्याश्चतुर्गुणा मान्या पुरीपाशुपतिर्यतः ।
धर्मार्थकाममोक्षाणि यस्यां प्रलभ्यते किल ॥
धन्यं पाशुपतं क्षेत्रं सर्वक्षेत्रोत्तमोत्तमम् ।
विराजते समं तीर्थैः भुक्तिमुक्तीप्सितप्रदैः ॥
कृत्ये सत्यवती ज्ञेया त्रेतायां च तपोवती ।
द्वापरे मुक्तिसोपाना कलौ नेपालिका पुरी ॥ स्कन्दपुराण हिमवत् खण्ड ।)

६. नेपाल, भारतलगायत भारतवर्षका अन्य देशहरूमा मात्र होइन कि छिमेकी चीन, दक्षिण एशिया, दक्षिण पूर्वी एशिया, युरोप, अमेरिकालगायत महाद्वीपका देशहरूमा अति प्राचीनकालका अग्लाअग्ला शिवलिङ्ग र मन्दिर अझै जीवन्त छन् । यस प्रसङ्गमा चीनको स्वशासित क्षेत्र तिब्बतमा रहेको कैलाशमानसरोवर, तुर्किस्तानको बेबिलोन शहरमा रहेको एक हजार दुई सय फिट अग्लो महालिङ्ग, साउदी अरबको मक्कास्थित मक्केश्वर शिवलिङ्ग र पाश्चात्य मुलुक बेलायत, फ्रान्स आदिका गिर्जाघर, धार्मिकस्थल र सङ्ग्रहालयहरूमा सुरक्षित रहेका शिवलिङ्गहरू स्मरणीय छन् । यसप्रकार विश्वमा शिवलिङ्ग र शिवमन्दिर विद्यमान हुनाले कुनै समय शैवधर्म यस भूतलीय ब्रह्माण्डमा पूरै परिव्याप्त थियो होला भन्ने अनुमान हुन्छ ।

७. हिन्दूधर्ममा थुप्रै देवीदेवता र सम्प्रदाय भए पनि मुख्यदेव महादेव पशुपतिनाथ वा शिव हुनुहुन्छ भने उहाँ नै परमात्मा परमेश्वर हुनुहुन्छ र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उहाँकी आद्या परमशक्ति महामाया हुनुहुन्छ । अरु सबै देवदेवी पशुपति र परम आद्याशक्तिका अंशभूत हुन् । यसरी नै सम्प्रदायहरू जति नै भएपनि मुख्य सम्प्रदाय शैव वा पाशुपत हो र शास्त्रहरू जति भएपनि सारवान् शास्त्रका रचयिता शिव नै हुनुहुन्छ भने दर्शनहरूमा पनि जेठो शैव वा पाशुपत दर्शन नै हो । आफ्नी परमशक्ति महामायाका साथ परमेश्वर नै चराचर जगत्को सृष्टि, स्थिति र पालन गर्नुहुन्छ ।

८. शाश्वत सत्य त के हो भने यस धराको मात्र होइन कि सारा ब्रह्माण्डको सृष्टि, स्थिति, पालन, आरोह–अवरोह र उथलपुथल शिव र उहाँकी आद्याशक्तिमा निर्भर हुन्छ । उहाँको चाहनामा यो संसार समुन्नतिले धपक्क बल्न सक्छ, कैलाशदरबारतुल्य बन्छ तर जतातते स्वार्थ मौलाउँदै जाने, पाप फैलँदै जाने भयो भने शिव र शिवा रौद्ररूपमा बदलिएर महाप्रलय हुन पनि बेर लग्दैन ।

९. भक्तका दुःखमा चाँडै पग्लने, विपत्तिबाट छुट्कारा दिने, अत्यन्त दारूण अन्त्यावस्थामा समेत उद्धार गर्न सक्ने र मृत्युको भयबाट सन्त्रस्त जीवलाई अभयदान दिने आशुतोष करूणासागर मृत्युञ्जय पशुपतिनाथ हुनुहुन्छ ।

१०. अन्तर्हृदयबाट पूजा, आराधना गरी थोरै जल र बेलपत्र मात्र चढाउँदा प्रसन्न हुने, अलिकति गाईको दूध शिवलिङ्गमा अर्पण गरेर पनि रिझाउन सकिने, खुशी हुने देव हुनुहुन्छ कैलाशाधिपति । विपत्तिका बेला भौतिक रूपमा कुनै पूजा सामग्री नभेटिएमा मानसिक रूपमा पूजा सामग्री मनमनै तयार गरेर पूजा गर्दा पनि उहाँको ठूलो पूजा हुन्छ र प्रसन्न हुनुहुन्छ भनी आद्य शङ्कराचार्यले भन्नुभएको छ ।

११. लोभ त्याग्न, थोरैमा सन्तोष लिएर धेरैको कल्याणमा कर्तव्यपरायण बन्न, परोपकारको भावना आफूभित्र विकसित गर्न, सबैलाई मित्रताको आँखाले हेर्न, शान्त र सौम्य हुन, फराकिलो मन र विशाल छाती बनाउन पनि शङ्करको पूजाआराधना गर्दा प्रेरणा प्राप्त गर्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२. निधारमा लगाउनु भएको भष्म वा शरीरमा .घस्नु भएको खरानीबाट 'यो शरीर नश्वर हो, एक दिन डढेर जाने हो, खरानी बन्ने हो' भन्ने सन्देश दिइरहनुभएको छ भष्मधर, चन्द्रमौलीले । अर्को विज्ञान खरानी वा भष्म शरीरमा घस्ता रोमकूपहरू टालिएर जाडो खप्न सहज हुन्छ । असल कर्म गर्नेले खरानी घसेर पनि जाडो भगाउन सक्छ । उसलाई धेरै न्यानो कपडाको खाँचो पर्दैन । यो सन्देश पनि उहाँले त्यागमय स्वरूपबाट दिइरहनुभएको छ ।

१३. शिव सर्वशास्त्रज्ञाता हुनुहुन्छ । उहाँ वेद, उपनिषद्, तन्त्रशास्त्र, नाट्यशास्त्र, योग, प्राणायाम, ध्यानका प्रणेता हुनुहुन्छ । उमापतिबाट ज्ञानको प्रसार भएको मानिएको छ । जीवलाई आत्ममल, कर्ममल र मायामलजस्ता मलबन्धनबाट मुक्त गराउन लोकमा ज्ञानको प्रसार ज्ञानगम्य सदाशिवबाट भइरहेको छ ।

१४. भोलेबाबा पशुपतिनाथ प्रसन्न हुँदा उहाँले दिन नसक्ने कुरा यस दुनियाँमा मात्र होइन कि त्रिलोकमा कुनै छैन । सबै कुरा उहाँले दिन सक्नुहुन्छ तर उहाँको भक्ति र पूजाआराधनागर्दा एक चित्तले पूर्णरूपले समर्पित भई गर्नुपर्छ ।

१५. शिवका मूर्तिरूप, लिङ्गरूप र अवाङ्मनसगोचर निराकार रूप छन् । उहाँका कर्म र लीलाअनुसारका सहस्र नामको वर्णन कहाँ गरेर सकिन्छ ? तीमध्ये रूद्र, शिव र पशुपति नामका आधारमा केही गुणानुवादमात्र यस पुस्तकमा गरिएको छ । चतुर्दश कोटि ब्रह्माण्डका नायक गङ्गाधर, शशिशेखर, महेश्वरको अनन्त महिमा यो नाशवान् हातले के लेख्न सक्छ ? यो अल्पबुद्धिले के वर्णन गर्न सक्छ ? लेख्ने, वर्णन गर्ने, गराउने त प्रभु स्वयम् हुन् । यो जे गरिएको छ प्रभुकै कृपाबाट गरिएको छ ।

'त्वदीयं वस्तु देवेश तुभ्यमेव समर्पये !'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची

अनुसूची १: पशुपतिनाथको विशेष पूजाको व्यवस्था र यसका निम्ति निर्धारित रकम

क.सं.	पूजाको प्रकार /किसिम	लागत रकम	
		नेपाली रूपियाँ	भारतीय रूपियाँ
१	पञ्चामृत पूजा Panchamrit Puja	१,१००।	६८८।
२	पशुपतिनाथमा बालभोगसहित पंचामृत पूजा Panchamrit Puja with Balabhog at Pashupatinath Temple	२,१००।	१,३१३।
३	पशुपतिनाथमा रूद्राभिषेक र बालभोगसहित पंचामृत पूजा Panchamrit Puja with Rudrabhisheka and Balabhog at Pashupatinath Temple	५,१००।	३,१८८।
४	पशुपतिनाथमा लघुरूद्राभिषेक र पूराभोगसहित पंचामृत पूजा Panchamrit Puja with Laghurudrabhishek and Purabhog at Pashupatinath Temple	११,००० ।	६,८७५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्र.सं.	पूजाको प्रकार /किसिम	लागत रकम	
		नेपाली रूपियाँ	भारतीय रूपियाँ
५	पशुपतिनाथमा रूद्राभिषेक, पूराभोग, सवालाख बत्तीद्वारा आरती र पंचामृत पूजा Panchamrit Puja with rudrabhishek, Purabhog and one hundred and twenty five thousand deep Aarati at Pashupatinath Temple	२७,०००।	१६,८७५
६	पशुपतिनाथमा लघुरूद्राभिषेक, पूराभोग, हवन, सवालाख बत्तीद्वारा आरती र पंचामृत पूजा Panchamrit Puja with Laghurudrabhishek, Purabhog and one hundred and twenty five thousand deep Aarati at Pashupatinath Temple	५६,०००।	३५,०००।
७	पशुपतिनाथमा भक्तजनको सहभागितामा हुने नित्यभोगसहित दिनभरको पूजा Participating with devotee daily Nitya Puja with Purabhog for wholeday at Pashupatinath Temple	१,५६,०००।	९७,५००।
८	पशुपतिनाथमा एक दिवसीय महारूद्री Ekdiwasiya Maharudri at Pashupatinath Temple	२,५१,०००।	१,५६,८७५।
९	पशुपतिनाथमा एकादश दिवसीय महारूद्री Ekadashadiwasiya Maharudri at Pashupatinath Temple	८,००,००१।	५,००,००१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं.	पूजाको प्रकार /किसिम	लागत रकम	
		नेपाली रूपियाँ	भारतीय रूपियाँ
१०	पशुपतिनाथमा एक दिवसीय अतिरुद्री Ekdiwasiya Atirudri at Pashupatinath Temple.	२५,००,०००।	१५,६२,५००।
११	वासुकिनाथमा दुग्धार्पण Dugdha Arpan at Basukinath temple	२५५।	१५९।
१२	वासुकीनाथमा बिल्वपत्र, नैवेद्य एवं दुग्धार्पण Vilwapatra, Naibedya and Dugdharpana at Basukinath temple	५०५।	३१६।
१३	वासुकीनाथमा पंचामृतपूजा	१,१००	६८८।
	द्रष्टव्य : कमसङ्ख्या ९ र १० बमोजिमको पूजाकर्तासँग वार्ता गरी गर्न सकिने छ ।		

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची २: प्राचीन कालदेखि हालसम्मका पुजारी

राजा रत्नमल्लदेखि जयप्रकाश मल्लसम्मका सन्न्यासी पुजारी

सोमशेखरानन्द, भैरवानन्द, नित्यानन्द, ज्ञानानन्द, विमलानन्द, राघवानन्द, कपिलानन्द ।

पछिल्लो कालखण्डका मूल पुजारी

मूलपुजारी	कार्यकाल
कृष्ण भट्ट	विसं १८०४–१८५१
रामचन्द्र भट्ट	विसं १८५१–१८६७
नीलकण्ठ भट्ट	विसं१८६७–१८७३
गोपाल भट्ट	विसं १८७३–१८९९
रामचन्द्र भट्ट	विसं १८९९–१९०५
श्याम भट्ट	विसं १९०५–१९१९
अनन्तराम भट्ट	विसं १९२२–१९४५
कृष्ण शास्त्री	विसं १९४५–१९७४
दामोदर भट्ट	विसं १९७४–१९८०
सुब्रह्मण्य शास्त्री	विसं १९८०–२०२२
पद्मनाभ शास्त्री	विसं२०२२–२०५०
सुब्रह्मण्य शास्त्री	विसं २०५०–२०५५
अनन्तकृष्ण सोमयाजी	विसं२०५५–२०५८
महाबलेश्वर	विसं २०५८–२०६५ पुस १६
डा विष्णु दाहाल	विसं २०६५ पुस १७ –२०६५ पुस २३
महाबलेश्वर	विसं २०६५ पुस २४-२०७१ असार ५
गणेश रावल भट्ट	विसं २०७१ असार ६ देखि हालसम्म

पशुपतिनाथका हालका पुजारी, मूलभट्ट र अन्य भट्ट

मूलभट्ट	– गणेश भट्ट
उत्तर मुख	–गिरीश भट्ट
पूर्व मुख	–रामकान्त भट्ट
दक्षिण	–नारायण मञ्जुश्री भट्ट
वाँसुकि भट्ट	–राघवेन्द्र भट्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची ३ भट्ट छनोट समितिको गठन र छनोट प्रक्रिया

(१) भट्टको पद रिक्त हुन गएमा परिषद्ले सो पूर्तिका लागि एक छनोट समिति गठन गर्ने व्यवस्था नियमावलीमा छ । उक्त छनोट समितिमा देहायका पदाधिकारी र व्यक्ति रहने व्यवस्था छ :

(क) मूलभट्ट	संयोजक
(ख) धर्मशास्त्र, दर्शन, ज्योतिष र कर्मकाण्ड विषयका परिषद्ले तोकेको प्रख्यात व्यक्ति	सदस्य
(ग) वेद र पुराणका क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिमध्येबाट परिषद्ले तोकेको व्यक्ति	सदस्य
(घ) तन्त्रशास्त्र (शैवागम र श्रीविद्या) का क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिमध्येबाट परिषद्ले तोकेको व्यक्ति	सदस्य
(ङ) कोषका सदस्य सचिव	सदस्य

(२) छनोट समितिले खुला प्रतिस्पर्धाका आधारमा आवश्यक प्रक्रिया तय गरी भट्टको छनोट गर्न सक्छ ।

(३) उपयुक्त उम्मेदवार प्राप्त नभएमा अन्य उपयुक्त उपायसमेत अवलम्बन गरेर छनोट गर्न सकिने व्यवस्था नियमावलीमा छ ।

(४) भट्टको छनोट गर्दा भट्टहरूबीच नाता सम्बन्ध पर्ने गरी भने छनोट गर्न पाइने छैन ।

(५) मूल भट्टको पद रिक्त हुने भएमा पूजासम्बन्धी योग्यता र अनुभवका आधारमा तीन भट्टमध्ये एक जनालाई नियुक्तिका लागि सिफारिश गरिने छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अनुसूची ४: पशुपति क्षेत्रका महत्त्वपूर्ण शिवलिङ्ग, उमामहेश्वरका मूर्ति र अन्य देवीदेवताका मूर्ति

(१) शिवलिङ्गहरू

क.सं	शिवलिङ्गको नाम	स्थान	समय	कैफियत
१	श्लेष्मान्तकेश्वर शिवलिङ्ग (एकमुखे)	आर्यघाटपारि	विक्रमको चारौँ पाँचौँ शताब्दी	प्रतापादित्य पालले यस मुखलिङ्गलाई भारतको खोहको एकमुखे मुखलिङ्गसँग तुलना गरेको । समय : इसवीको पाँचौ शताब्दी डा टण्डन
२.	भण्डारेश्वर शिवलिङ्ग (एकमुखे)	धोबीखोला	विक्रमको चारौँ–पाँचौँ शताब्दी	
३	कुशेश्वर शिवलिङ्ग (एकमुखे)।	इँटापाखा	विक्रमको चारौँ–पाँचौँ शताब्दी	
४	विश्वामित्रेश्वर शिवलिङ्ग (एकमुखे)	पाँचुटोल	विक्रमको चारौँ–पाँचौँ शताब्दी	
५	पूर्णेश्वर, अचलेश्वर	चौँसठ्ठी लिङ्गस्थित	चौधौँ–पन्ध्रौँ शताब्दी	

CC-0. In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं	शिवलिङ्गको नाम	स्थान	समय	कैफियत
६.	भूतेश्वर शिवलिङ्ग (चतुर्मुखी शिवलिङ्ग)	आर्यघाट	पाँचौं–छैटौं शताब्दी	नेपालमा सतीप्रथा कायम रहुञ्ज्याल भूतेश्वरलाई खुबै मानिन्थ्यो । अहिले उक्त ठाउँमा त्यो शिवलिङ्ग देख्न सकिन्न–डाटण्डन
७	.शिवलिङ्ग (चतुर्मुखी शिवलिङ्ग) (नाम उल्लेख नभएको)	पञ्चदेवलको बाहिर पूर्व–दक्षिण कुना	पाँचौं–छैटौं शताब्दी	त्यो शिवलिङ्ग अहिले हामी देख्न सक्तैनौं–टण्डन ।
८	प्रतापेश्वर शिवलिङ्ग (चतुर्मुखी शिवलिङ्ग)	पशुपतिनाथ मन्दिरको मूलढोका बाहिर । पहिले यो शिवलिङ्ग कामपा वडा नं. ८ को भवन बनेको ठाउँमा थियो	पाँचौं–छैटौं शतांब्दी	यो शिवलिङ्ग पहिलेको ठाउँबाट ढङ्ग नभएको मानिसले सारेकाले धेरै कुरा मिलाएर स्थापना गर्न सकेको छैन । कतिपय इतिहासकारले यसलाई पशुपतिनाथको मूल लिङ्ग मानेका छन् तर यो सत्य होइन डा टण्डन
९	भुवनेश्वर शिवलिङ्ग (चतुर्मुखी)	भुवनेश्वरी मन्दिर अगाडि	नवौं–दशौं शताब्दी	
१०	शिवलिङ्ग (नाम उल्लेख नभएको)	पञ्चदेवलको पूर्वी प्राङ्गणमा रहेको	नवौं–दशौं शताब्दी	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं	शिवलिङ्गको नाम	स्थान	समय	कैफियत
११	कलियुगेश्वर	आर्यघाटपारि	एघारौं–बाह्रौं शताब्दी	
१२	पादवेश्वर शिवलिङ्ग	दथुटोल	अठारौं-उन्नाइसौं शताब्दी	विसं २०४२ मा नै हराएको
१३	शिवलिङ्ग (चतुर्मुखी) नाम उल्लेख नभएको	विष्णुमन्दिर पूर्व	अठारौं-उन्नाइसौं शताब्दी	

आधारः पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन, पृष्ठ ४४६–४४९, डा गोविन्द टण्डन

(२.) उमामहेश्वरका मूर्ति

क.सं	उमामहेश्वर	स्थान	समय	कैफियत
१४	उमामहेश्वर मूर्ति	देवपाटन अरूणधारा	विक्रमको तेस्रो-चौथो शताब्दी	यसमा उमामहेश्वर र नन्दी छन् । प्रारम्भिककालमा देखिने सरलता दृष्टिगोचर हुन्छ ।
१५	उमामहेश्वर मूर्ति	आर्यघाटपारि	छैटौं शताब्दी	यसमा नन्दीसमेत छन् । यस मूर्तिलाई प्रतापादित्यपालले सातौ शताब्दीको मानेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं	उमामहेश्वर	स्थान	समय	कैफियत
१६	उमामहेश्वरको मूर्ति	नवाली टोलमा व्यक्तिविशेषका घरमा	सातौं–आठौं शताब्दी	पहिले यो मूर्ति जयवागेश्वरीबाट चाबहिल जाँदा बाटामा पर्ने निर्वाणेश्वर मन्दिरको पूर्वपट्टिको प्राङ्गणमा थियो । बाटो विस्तार गर्ने क्रममा मूर्तिहरू पर्दा गुठियारहरूले आफ्नो घरमा लगेर राखेको । निकै आकर्षक छ ।
१७	उमामहेश्वरमूर्ति	राजराजेश्वरी मन्दिरको प्राङ्गण	सातौँ–आठौँ शताब्दी	यसमा उमा–महेश्वरका साथै कुमार, नन्दी, सिंह, पार्वतीका परिचारिका, शिवका गण, गणेशका बाहन मुसोसमेत छन् ।
१८	उमा–महेश्वरमूर्ति	पशुपतिनाथ मन्दिरको पूर्वपट्टिट बिरामी राख्ने कोठाभित्र	सातौं–आठौं शताब्दी	यसमा उमामहेश्वरको दायाँ-बायाँ गणेश,कुमार, शिरमा गङ्गा, त्यसभन्दा केहीमुनि ब्रह्मा, विष्णु, शिवको आसनमुन्तिर नन्दी, पार्वतीको आसनमुन्तिर सिंह, बायाँतर्फ नारीअनुचरहरू छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

क.सं	उमामहेश्वर	स्थान	समय	कैफियत
१९	उमामहेश्वरमूर्ति	वासुकि मन्दिरको पछाडिपट्टि	सातौं–आठौं शताब्दी	दाहिने भागबाहेक अरू फुटिसकेको । बाँकी भाग हेर्दा नफुटेका बेला यो निकै आकर्षक थियो होला भन्ने अनुमान गर्न सकिन्छ ।
२०	उमामहेश्वरमूर्ति	भष्मेश्वरशिवलिङ्गको उत्तर-पूर्वदिशा	विक्रमको तेह्रौं–चौधौं शताब्दी	यसमा उमामहेश्वरका साथै नन्दी, स्वामी कार्तिकेय, शिवका अनुचर र पार्वतीका सेविकाहरूसमेत छन् ।
२१	उमा-महेशवरका दुई मूर्ति	जयवागेश्वरी मन्दिरकोपूर्वसडकपारि पादवेश्वर मन्दिरको पश्चिमपट्टिको पेटीमा दायाँ-बायाँ ।दथुटोल	विक्रमको अठारौं–उन्नाइसौं शताब्दीतिर	यी मूर्ति हेर्दा लिच्छविकालपछि मूर्तिहरूको स्तर खस्कँदै गएको अनुभव हुन्छ ।

आधर : पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन, पृष्ठ४५०–४५३, डा गोविन्द टण्डन

CC-0. In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३) नटराजका मूर्तिहरू

क.स	देवताको नाम	स्थान	समय	कैफियत
२२	नटराजको मूर्ति	पशुपतिनाथ प्राङ्गणको पश्चिमपट्टि ब्रह्माको मन्दिरको पछाडि पट्टिको भित्तामा	विक्रमको नवौं–दशौं शताब्दी	नेपालीपन झल्किने अत्यन्त सुन्दर मूर्ति ।
२३	नटराजको मूर्ति	पशुपतिनाथको मन्दिरको पश्चिमपट्टिको चोक	विक्रमको बाह्रौं शताब्दी	यो मूर्तिमा शिव नाङ्गै नाच्न लाग्नुभएको रूपमा देखाइएको छ ।
	(४) शङ्करका मूर्तिहरू			
२४	शङ्करको मूर्ति	वत्सलेश्वरी मन्दिरको प्राङ्गण	विक्रमको सातौं–आठौं शताब्दी	यसमा बीचमा शङ्कर, दाहिनेतर्फ पार्वती र देब्रेतर्फ कुमारको मूर्ति रहेको छ ।
२५	शङ्करको मूर्ति	गौरीघाट	एघारौं–बाह्रौं शताब्दी	
	(५) ज्वरहरेश्वरको मूर्ति			
२६	ज्वरेश्वरको मूर्ति	पशुपतिनाथ मन्दिरको उत्तरतिरको मण्डप	विक्रमको अठारौं–उन्नाइसौं शताब्दी	तीन हात, तीन खुट्टा, तीन टाउको भएको अनौठो मूर्ति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(६) चण्डेश्वरका मूर्ति

२७	चण्डेण्श्वरको मूर्ति	सुकुल विनायक स्थान	विक्रमको सातौं–आठौं शताब्दी	
२८	चण्डेश्वरको मूर्ति	वत्सलेश्वरी	विक्रमको सातौं–आठौं शताब्दी	
२९	चण्डेश्वरको मूर्ति	बालकुमारी	सातौं–आठौं शताब्दी	
३०	चण्डेश्वरको मूर्ति	भकुनटोल गणेश	सातौं–आठौं शताब्दी	
३१	चण्डेश्वरको मूर्ति	गुह्येश्वरी मन्दिरको प्राङ्गण		
(७) कीर्तिमुख भैरव				
३२	कीर्तिमुख भैरवको मूर्ति	पशुपतिनाथ मन्दिरको दक्षिण प्राङ्गण		पशुपतिनाथको अघोर स्वरूपको प्रतीकको रूपमा यस मूर्तिलाई लिइएको छ ।
(८) उन्मत्त भैरवको मूर्ति				
३३	उन्मत्त भैरवको मूर्ति (पशुपतिनाथको अघोर स्वरूपको प्रतीकका रूपमा यस मूर्तिलाई लिइएको छ) ।	पशुपतिनाथ मन्दिरको दक्षिणतर्फ	वि.सं.१५२५ चैत	नारायण भट्ट नामका व्यक्तिले बनाएको

आधार : पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन पृष्ठ ४५३–४५७ , डा गोविन्द टण्डन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(९) यस क्षेत्रमा विश्वरूप, दशावतार–चौबीस अवतारलगायत विष्णुका मूर्ति छन् ।

क.स	देवताको नाम	स्थान	समय	कैफियत
३४	विश्वरूपको मूर्ति	कुटुबहाल	विक्रमको दोस्रो–तेस्रो शताब्दी । लैनसिंह बाङ्‌देलले इसं दोस्रो तेस्रो शताब्दी मानेका छन् ।	यसमा तीन मुहार,आठ हात छन् ।
३५	विश्वरूपको मूर्ति	पशुपतिनाथको मन्दिरको पूर्वपट्टिको ढोकाबाट आर्यघाटतिर ओर्लदा देब्रेतिर खोपामा रहेको	तेस्रो–चौथो शताब्दी	झट्ट हेर्दा केको मूर्ति हो स्पष्ट भन्न नसकिने भए पनि कुटबहिलको मूर्तिसँग धेरै कुरा मिल्ने देखिएको छ ।
३६	विष्णु विकान्तको आठ हात भएको मूर्ति	तिलगङ्गा, वागमतीको पूर्वपट्टिको खेतमा	विक्रमको छैटौं शताब्दी	वलिसँग छलपूर्वक वामन र त्यसपछि तीनै लोक ढाक्ने गरी विष्णुले लिएको स्वरूपलाई त्रिविक्रम भन्ने गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

क.स	देवताको नाम	स्थान	समय	कैफियत
३७	.विष्णुको मूर्ति	आर्यघाट पारि विष्णुगुप्तले बनाएको मूर्ति	सातौं शताब्दी	स्थानीय वासिन्दाहरू यसलाई लवकुशसहितको रामको मूर्ति भन्ने गर्छन् । भाषावंशावलीहरूमा जयस्थिति मल्लले स्थापना गरेका रामकै मूर्ति भनिएको छ । विभिन्न विश्लेषण एवं चतुर्बाहु भएकाले र हातमा गदा, चक्र, पद्म भएकाले यो विष्णुकै मूर्ति हो भन्ने डा टण्डनको भनाइ छ ।
३८	विष्णुका दुई मूर्ति	पशुपतिनाथ मन्दिरको पश्चिमोत्तरतर्फको सत्तलको चोकको पश्चिम-उत्तर पेटि	विक्रमको पाँचौं–छैटौं शताब्दी	प्राचीन अवस्थामा भक्तले श्रद्धापूर्वक बनाएका यी मूर्ति अहिले मिल्किएको अवस्थामा छन् ।
३९	विष्णुमूर्ति	नवालीटोलस्थित लुहिटीपूर्वको एउटा निजी घरको चोक		दायाँतर्फ लक्ष्मी र बायाँतर्फ गरूड उभिएका छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.स	देवताको नाम	स्थान	समय	कैफियत
४०	विष्णुमूर्ति	भष्मेश्वरस्थित भद्रेश्वर शिवलिङ्गको पूर्वपट्टि खाल्डामा रहेको एउटा ढुङ्गाको स्तम्भमा कुँदिएको	सातौं–आठौं शताब्दी	
४१	विष्णुको मूर्ति, दायाँ लक्ष्मी र गरूड रहेका	नवालीटोलस्थित चन्द्र विनायक मन्दिरको भित्र पश्चिमाभिमुख भएर रहेको मूर्ति	विक्रमको सातौं–आठौं शताब्दीको जस्तो देखिने	

आधार : पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन, पृष्ठ ४५७–४६४, डा गोविन्द दण्डन

(१०) श्रीरामको मूर्ति

क.सं	अरू विभिन्न देवी-देवता	स्थान	समय	कैफियत
४२	श्रीरामको मूर्ति दायाँ हातमा वाण र बायाँ हातमा धनुष समाएको अवस्थामा	नवालीटोलमा लक्ष्मीनाराणकोमन्दिरभित्र भएका मूर्तिमध्ये रामको मूर्ति पनि एक	विक्रमको सत्रौं शताब्दीको मध्यतिरको भएको अनुमान	यो मूर्ति त्यसै मन्दिरमा भएका बलराम र परशुरामको मूर्तिसँग सामञ्जस्य राख्ने खालको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं	अरू विभिन्न देवी-देवता	स्थान	समय	कैफियत
(११) परशुरामको मूर्ति				
४३	परशुरामको मूर्ति (त्यो मूर्ति केही दशक अगाडि चोरी भइसकेको छ ।)	रूद्रगाडेश्वर । यहाँ केही वर्षसम्म अत्यन्त आकर्षक परशुरामको मूर्ति थियो तर अहिले हराइसकेको छ ।	विक्रमछैटौं–सातौं शताब्दी	विष्णुका विभिन्न चौबीस अवतारमध्ये परशुरामको अवतार पनि एक हो । नेपालमा परशुरामका मूर्ति ज्यादै कम छन् ।
४४	परशुरामको मूर्ति, चार हातहरू छन् । दायाँ माथिल्लो हातमा मुसल, तल्लोमा चक, बायाँ माथिल्लो हातमा हलो र तल्लो हातमा शङ्ख छ ।	नवाली टोलको लक्ष्मीनारायणमन्दिर बाहिर	विसं १६६० कात्तिक (विक्रमको १७ औं शताब्दी)	परशुरामको टाउको माथि सात फणायुक्त नाग छन् ।
(१२) बलरामको मूर्ति				
४५	बलरामको मूर्ति	नवाली टोलको लक्ष्मीनारायणमन्दिरमा	विसं १६६० कात्तिकमा निर्माण भएकको विक्रमको १७ औं शताब्दी ।	बलरामको मूर्ति पनि नेपालमा बिरलै पाइन्छ । यस मूर्तिमा बलरामले दायाँ हातले मुसल र बायाँले हलो समाएको देखाइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं	अरू विभिन्न देवी-देवता	स्थान	समय	कैफियत
	(१३) धन्वन्तरिको मूर्ति			
४६	धन्वन्तरिको मूति । धन्वन्तरि पनि विष्णुका विभिन्न अवतारमध्ये एक मानिएका छन् । धन्वन्तरि आयुर्वेद विद्याका पिता मानिन्छन् ।	नवालीटोलस्थित लक्ष्मीनारायणमन्दिरको बायाँतर्फ त्यस्तै शैलीमा बनेको छ	विक्रमको अठारौँ शताब्दी	विक्रमको अठारौँ शताब्दीका पाषाण मूर्तिहरूमा धन्वन्तरिको मूर्ति हेर्नलायकको उच्चस्तरको छ ।
	(१४) अनन्तनारायणको मूर्ति			
४७	अनन्त आदि नारायण । अनन्तनारायणका चार हात छन् । तीमध्ये दाहिनेतर्फको माथिल्लो हातमा चक्र, तल्लोमा पद्म, बायाँतर्फको माथिल्लो हातमा गदा र तल्लोमा हातमा शङ्ख छ । माटाका मूर्तिहरूमा यो भव्य र आकर्षक छ । खुला ठाउँमा राखिएकाले यसमा वातावरणीय असर पर्दै गएको छ ।	पशुपति आर्यघाट, वत्सलेश्वरीको मन्दिरउत्तर आसनीबाहेक १२१ वटा माटाका टुक्रा जोडेर बनाइएको मूर्ति	भाषावंशावली अनुसार यस मूतिको निर्माण अमरमल्ल (विसं १५९४–१६१७ आ.) ले गराएका हुन् ।	पोलिएको माटोका टुक्रा जोडेर तयार पारिएको मूर्ति । त्यस बखत यो नयाँ प्रयोगका रूपमा आएको थियो । उपयुक्त ढुङ्गाको अभावमा यसबाट पनि राम्रै मूर्ति बन्न सक्छ भन्ने कुराको पनि यो उदाहरण भएको छ ।
	(१५)गरूडनारायणको मूर्ति			

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं	अरू विभिन्न देवी-देवता	स्थान	समय	कैफियत
४८	गरूडनारायणको मूर्ति	पहिले यो मूर्ति निर्वाणेश्वरमन्दिरको प्राङ्गणमा रहेको थियो । पछि गौशाला-चाबहिल सडक निर्माणका क्रममा मन्दिर भत्काइएकाले अहिले नवालीटोलस्थित गुठियारको घरमा लगेर रखिएको छ ।	विक्रमको सातौँ–आठौँ शताब्दी	वाहन गरूडमाथि सुखासनमा विष्णु बस्नुभएको देखाइएको छ । चार हातमध्ये दायाँतर्फको माथिल्लो हातमा चक्र, तल्लोमा पद्मबीज, बायाँतर्फको माथिल्लो हातमा गदा र तल्लोमा शङ्ख रहको छ । गरूड नारायणको त्यो मूर्ति अत्यन्त उच्चकोटिको कलाकारिता देखाउने खालको छ । विष्णुका बाहन गरूडको आकार भने मानवको जस्तै छ । गरूड उड्न ठीकपरेजस्तो गरी बनाइएको छ ।
४९	गरूडनारायणको मूर्ति	नासनीटोल	विक्रमको एघारौँ–बाह्रौँ शताब्दी	यो मूर्ति चाँगुनारायणको मूर्तिबाट प्रभावित भए तापनि त्यति उत्कृष्ट भने बन्न सकेको छैन ।
(१६)	लक्ष्मीनारायण मूर्ति			
५०	लक्ष्मीसहित गरूडनारायणको मूर्ति	गौरीघाट	विक्रमको अठारौँ–उन्नाइसौँ शताब्दी	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं	अरू विभिन्न देवी-देवता	स्थान	समय	कैफियत
५१	लक्ष्मीनारायणमूर्ति	पिङ्गनस्थान	विक्रमको अठारौँ–उन्नाइसौँ शताब्दी	
५२	अर्धनारीश्वरको मूर्ति	गौरीघाट	विक्रमको पन्ध्रौँ–सोह्रौँ शताब्दी	
५३	लक्ष्मीनारायणमूर्ति	नवालीटोलस्थित मृत्युञ्जयमन्दिरको पश्चिमपट्टि बगैँचा	उन्नाइसौँ शताब्दी	
५४	लक्ष्मीनृसिंह	गौरीघाट	अठारौँ-उन्नाइसौँ शताब्दी	
५५	जलशायी नारायण	आर्यघाटको दायाँ किनारामा रहेको बिरामी राख्ने सत्तलभित्र	विक्रमको छैटौँ–सातौँ शताब्दीको हुन सक्ने- डा टण्डनको भनाइरहेको छ ।	खुट्टा पसारेर लमतन्न परेका विष्णुको देब्रेतिर बसेकी लक्ष्मीले पाउ दाबिरहेकी छिन् ।
५६	जलशायी नारायण	पशुपतिनाथमन्दिरको पूर्वपट्टि	विसं १७१८	बूढानीलकण्ठबाट प्रभावित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

क.सं	अरू विभिन्न देवी-देवता	स्थान	समय	कैफियत
५७	जलशायी विष्णु	भष्मेश्वर	बीसौं शताब्दी	विसं १९४२ मा ढुङ्गा छाप्ता निर्माण भएको श्राद्ध गर्दा पूजा गर्न र नजिकै बसेर जप गर्न निर्माण गरिएको ।
५८	जलशायी विष्णु	राजराजेश्वरी घाट	बीसौं शताब्दी	,,
आधार पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन पृष्ठ ४६४–४७० डा गोविन्द टण्डन				
(१७) राधा-कृष्ण र कृष्णका मूर्ति				
	राधासहितको कृष्णमूर्ति			
५९	बाँसुरी बजाई उभिएका कृष्णको मूर्ति	पशुपतिनाथमन्दिरको पूर्वपट्टि	विसं १७३४	हरिरामदास नामका व्यक्तिले बनाएका
६०	कृष्णमूर्ति	जयवागेश्वरी मन्दिर नजिकै लुहिटी	विक्रमको सत्रौं–अठारौं शताब्दी	
६१	कृष्णमूर्ति	पशुपति प्राङ्गण		स्व.प्रिन्सेप शाहको पूजाकोठाबाट ल्याएर राखिएको ।
आधार पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन पृष्ठ ४७०–४७० डा गोविन्द टण्डन				

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं	अरू विभिन्न देवी-देवता	स्थान	समय	कैफियत
	(१८) मातृकाका मूर्ति			
६२	कुमारीको मूर्ति	जितजङ्गप्रकाशेश्वर मूर्तिको पूर्वपट्टि	विसं १९३८	
६३	माहेश्वरीको मूर्ति	जयवागेश्वरी मन्दिरको दक्षिणतर्फको गर्भगृहमा	विक्रमको दोस्रो–तेस्रो शताब्दी	
६४	मातृकाको मूर्ति	,, ,,	विक्रमको दोस्रो–तेस्रो शताब्दी	
६५	मातृकाको मूर्ति	,, ,,	आठौँ–नवौँ शताब्दी	
६६	इन्द्रायणीको मूर्ति	,, ,,	विक्रमको दोस्रो–तेस्रो शताब्दी	
६७	ब्रह्मायणीको मूर्ति	,, ,,	विक्रमको दोस्रो–तेस्रो शताब्दी	
६८	मातृकाको मूर्ति	,, ,,	विक्रमको दोस्रो–तेस्रो शताब्दी	
६९	वत्सलेश्वरीको मातृकाको मूर्ति		विक्रमको दोस्रो–तेस्रो शताब्दी	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

क.सं	अरू विभिन्न देवी-देवता	स्थान	समय	कैफियत
	१९ अन्य देवीका मूर्ति			
७०	वनकाली	वनकाली	विक्रमको सातौ शताब्दी	
७१	बज्रेश्वरी	गौशालाबाट त्रिभुवनविमानस्थल जाने चक्रपथमुन्तिर, पिङ्गस्थान	विक्रमको सातौं–आठौं शताब्दीं	
७१ (क)	मङ्गलागौरीमूर्ति	गौशालाबाट त्रिभुवनविमानस्थल जाने चक्रपथमुन्तिर पिङ्गस्थान	विक्रमको सातौं–आठौं शताब्दी	
७२	यमुनाको मूर्ति	वत्सलेश्वरी प्राङ्गण	सातौं–आठौं शताब्दी	
७३	लक्ष्मीको मूर्ति	वत्सलेश्वरी प्राङ्गण	विक्रमकोसातौं–आठौं शताब्दी	

CC-0. In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं	अरू विभिन्न देवी-देवता	स्थान	समय	कैफियत
७४	लक्ष्मीको मूर्ति	वत्सलेश्वरी प्राङ्गणको दक्षिण-पश्चिम कुना	तेह्रौं–चौधौं शताब्दी	स्थानीय जनताले यसलाई सरस्वतीको मूर्ति मानेको । कमलाशनमा उभिएको र दाहिने हातमा श्रीफल भएकाले डाटण्डनले लक्ष्मीको मूर्ति मान्नुभएको छ ।
७५	लक्ष्मीको मूर्ति	पशुपतिनाथमन्दिरको पश्चिम ढोकाको उत्तरपट्टिको सत्तलको चोकभित्र	पन्ध्रौं–सोह्रौं शताब्दी	यो मूर्ति विष्णु, सूर्य आदिको साथमा रहेको छ । दुई हात छन् । दायाँ हातमा मातुलुङ्ग र बायाँमा फकेको कमल छ ।
७६	अन्नपूर्णाको मूर्ति	पशुपतिनाथ मन्दिरको उत्तरपट्टिको मण्डपमा पश्चिमाभिमुख	नेसं ७९३ (विसं१७३०)	उनका दुई हात छन् । देब्रेहातमा घैलो र दाहिने हातले घैलामा भएको केही चीज झिक्न लागेजस्तो देखिन्छ ।
७७	दुर्गाको मूर्ति	भुवनेश्वरी मन्दिरको दक्षिण-पश्चिम दिशामा सडक छेउकै भुइँतले मन्दिर ।	विक्रमको अठारौं शताब्दी ।	अठार हात भएको मूर्ति, मूर्तिको दायाँ-बायाँ फणा उठाएर बसेका दुई नाग,ती नागमुन्तिर आयुध सहितका दुई सेविका छन् र देवीको बाहन सिंह पनि छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७८	बालकुमारी मूर्ति	बालकुमारी टोल	अठारौँ शताब्दी	
७९	शीतलादेवीको मूर्ति	पशुपतिनाथ मन्दिर प्राङ्गणको आग्नेय कुना	सत्रौं–अठारौं शताब्दी	शीतलादेवीका बारेमा अगाडि विस्तृत वर्णन गरिएको छ ।
८०	कार्तिकेयदेवीको मूर्ति	नवालीटोलस्थित जयवागेश्वरी मन्दिरको पश्चिमपट्टिको देवीमन्दिरको पूर्वतर्फको बाहिरी भित्ता	अठारौ शताब्दी	यिनका छ टाउका र बाह्र हात छन् । हातमा विभिन्न अस्त्र छन् ।
८१	सिंहवाहिनीदेवी	अचुलेश्वरननी	विक्रमको अठारौं- उन्नाइसौं शताब्दी	मूर्तिको मुख नचिनिने गरी फुटेको छ ।
८२	जयवागेश्वरी र नवदुर्गाका मूर्तिहरू	जयवागेश्वरी र राजराजेश्वरी घाट		यी मूर्ति माटाका हुन्
प्रमुख आधार–पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन पृष्ठ ४७०–४७८ डा गोविन्द टण्डन				

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२०) गणेशका मूर्तिहरू पशुपतिक्षेत्रमा मात्र ३०–३५ वटा छन् । ती कतिपय मन्दिरमा छन् भने कुनै खुलाआकाशमुनि पनि छन् । यति सानो क्षेत्रमा यति धेरै गणेश हुनुले नेपाली जनताको गणेश भक्ति कति धेरै रहेछ भन्ने स्पष्ट हुन्छ । त्यस भेगका गणेशमध्ये केहीको विवरण :

गणेशका मूर्तिहरू

८३	गणेशको मूर्ति	पिङ्गनस्थानमा रहेको गणेशको ३५ से.मी. उचाइको मूर्ति	विक्रमको पाँचौं शताब्दी	
८४	पाँचुगणेश	पाँचुटोल	विक्रमकोछैटौं–सातौं शताब्दी	
८५	गणेशमूर्ति	पशुपतिनाथ मन्दिर प्राङ्गणको वासुकि मन्दिर नजिकको उत्तरपट्टिको पर्खालको भित्तामा	सातौं–आठौं शताब्दी	पहिले यो मूर्तिफलक पशुपतिनाथको लागि नित्य भोग पकाउने भान्साको रछ्यानमा भाँडामाझ्ने काममा प्रयोगमा ल्याइएको थियो ।
८६	अर्धपङ्कासनमा बसेका गणेशको मूर्ति	पशुपतिनाथमन्दिरको उत्तर–पूर्व भागमा रहेको स्तम्भयुक्त प्रस्तरमन्दिर	विक्रमको नवौं–दशौं शताब्दी	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

८७	लालगणेश	पशुपतिनाथ प्राङ्गणको पूर्वपट्टिरहेको	विक्रमको नवौं–दशौं शताब्दी	
प्रमुख आधार–पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन पृष्ठ ४७९–४८३ डा गोविन्द टण्डन				

(२१) सूर्य नारायणका मूर्तिहरू

क.सं	विभिन्न देवदेवीको नाम	स्थान	समय	कैफियत
८८	सूर्यमूर्ति यस मूर्तिलाई आर्यादेवीको नामबाट चिनिन्छ । डा टण्डनको राय अनुसार यो सूर्यको मूर्ति हो ।	विरूपाक्षको मूर्तिरहेको मन्दिरभित्र	विक्रमको दोस्रो–तेस्रो शताब्दी	लैनसिंह बाङ्देलले पनि यसलाई सूर्यकै मूर्ति मान्नुभएको छ ।
८९	सूर्यको मूर्ति डा टण्डनका अनुसार यो सूर्यको नै मूर्ति हो ।	हाल राष्ट्रिय संग्रंहालय, छाउनीमा रहेको ।	विक्रमको चारौं–पाँचौ शताब्दी	यो मूर्ति कसको हो भन्नेबारेमा र समयका बारेमा पनि विभिन्न विद्वान् विदुषीहरूको फरक फरक मत छ ।
९०	सूर्यको मूर्ति	पशुपतिनाथ मन्दिरको दक्षिणपश्चिम कुना । छत्रचण्डेश्वर रहेको मण्डपको दक्षिणतर्फको भित्तामा	नवौं–दशौं शताब्दीतिर	

CC-0. In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं	विभिन्न देवदेवीको नाम	स्थान	समय	कैफियत
९१	सूर्यका दुई मूर्तिहरू	पशुपतिनाथ मन्दिर दक्षिणतर्फको कीर्तिमुख भैरवको पूर्वपट्टिको पर्खालमा ।	विक्रमको दशौं–एघारौं शताब्दी	फुस्रो पाषाणकोभन्दा कालो प्रस्तरको मूर्ति बढी आकर्षक छ ।
९२	सूर्यको मूर्ति	भुवनेश्वरीमन्दिरको ढुङ्गे धारामा पूर्वाभिमुख भएर रहको सूर्यको मूर्ति	विक्रमको बाह्रौं–तेह्रौं शताब्दीतिरको हुन सक्ने डाटण्डनको राय छ ।	यो कलाकारको उत्स्कृष्टता झल्काउने खालको छ ।
९३	सूर्यको मूर्ति	पशुपति प्राङ्गणस्थित जलशयननारायणको पश्चिमपट्टिको मन्दिरमा रहेको ।	विक्रमको सोह्रौं–सत्रौं शताब्दी	कालो पाषाणमा कुँदिएको अत्यन्त आकर्षक छ ।
९४	सूर्यमूर्ति	भकुनटोल गणेशस्थानको सूर्यमूर्ति	विक्रमको सातौं–आठौं शताब्दी	
९५	सूर्यमूर्ति	लुहिटी	विक्रमको सातौं–आठौं शताब्दी	
९६	बालकुमारी मन्दिरभित्र रहेको सूर्यमूर्ति	बालकुमारी	विक्रमको सातौं–आठौं शताब्दी	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं	विभिन्न देवदेवीको नाम	स्थान	समय	कैफियत
९७	सूर्यको मूर्ति	मतमण्डिलटोल	विक्रमको सातौं–आठौं शताब्दी	
प्रमुख आधार पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन पृष्ठ ४८३–४८८ गोविन्द टण्डन				

(२२) अन्य विविध मूर्तिहरू

९८	विरूपाक्ष (मुहार सौम्य र हसिलो प्रकारको छ ।)	आर्यघाटको दायाँतर्फको एउटा सानो मन्दिरभित्र	तेस्रो–चौथो शताब्दी	यस मूर्तिका बारेमा विद्वान्हरूको आफ्आफ्नै तर्क र भनाइहरू छन् । कसैले किराँत राजा शङ्कुको, यस मूर्तिलाइ कसैले शिवको, कसैले नागको मूर्ति मानेका छन् । शिवका विभिन्न नामहरूमा पर्ने भएकाले यसलाई शिवकै मूर्ति मान्नुभएको छ डा टण्डनले ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९९	शङ्करनारायणको मूर्ति (यो मूर्ति सौम्य, भव्य र आकर्षक छ)	देवपत्तन महास्नानघरको पूर्वपट्टिको चोक ।	विक्रमको पन्धौं शताब्दी	आधा भाग शिवको र आधाभाग विष्णुको भएको मूर्ति, शिवतर्फ पार्वतीको र विष्णुतर्फ लक्ष्मीका मूर्तिहरू पनि छन् ।
१००	शङ्करनारायणको मूर्ति	पशुपतिनाथ प्राङ्गणको दक्षिणतर्फ कीर्तिमुख भैरवको स्थानभन्दा पूर्वतर्फको पर्खालमा लहरै रहेका मूर्तिमध्ये कीर्तिमुखको पित्तलको प्रतीक टाँसिएदेखि दायाँपट्टिको पहिलो मूर्ति	विक्रमको बाह्रौं शताब्दीको हुनसक्ने अनुमान छ ।	माथि उल्लेख भएको महास्नानघरको पूर्वपट्टिको मूर्तिको जस्तै सबै विशेषता यसमा पनि छ ।
१०१	शङ्करनारायणको मूर्ति	पशुपतिनाथ प्रांङ्गणको पूर्वोत्तर कुनामा वासुकिमन्दिरबाट तलतिर ओर्लँदा बाटोको दायाँतिर दक्षिणाभिमुख भएर रहेको ।	यस मूर्तिको स्थापना विष्णुसिंहले विसं १७१४ मा गरेका ।	माथि उल्लिखित लगनलाछीको मूर्तिका प्रायः सबै विशेषताहरू यसमा देखिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

१०२	यमराजको मूर्ति	पशुपतिनाथमन्दिर प्राङ्गणको उत्तर पूर्वपट्टि रहेको वद्रेश्वर नामको शिवलिङ्गको चारैतर्फ रहेका फलकमध्ये पूर्वपट्टिको फलकमा कुँदिएको ।	विक्रमको पाँचौं–छैटौं शताब्दीको हुन सक्ने डा टण्डनको अनुमान छ ।	पाप कर्मबाट जनतालाई सचेत गराउन यस मूर्तिको निर्माण गरिएको अनुमान गर्न छ ।
१०३	यमराजको मूर्ति	वत्सलेश्वरी मन्दिरको उत्तरतर्फ रहेको ।	विक्रमको बाह्रौं–तेह्रौं शताब्दी	"
१०४	ब्रह्माको मूर्ति	करेटोलमा एउटा खुला मन्दिरमा रहेकामा हाल वडाप्रहरी कार्यालय गौशालाको प्राङ्गणमा रहेको ।	विक्रमको छैटौं–सातौं शताब्दी	पाषाणमा कुँदिएका मूर्तिहरूमा यो दृष्टान्त दिन लायक छ ।
१०५	ब्रह्माको मूर्ति	पहिले यो मूर्ति आर्यघाटपारि गोरखनाथ मन्दिर जाने सिढीको देब्रेतर्फको पर्खालमा राखिएकोमा हाल पशुपति गोस्वारामा राखिएको ।	विक्रमको नवौं–दशौं शताब्दी	, "

CC-0. In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१०६	ब्रह्माको मूर्ति	पशुपतिनाथ मन्दिर प्राङ्गणमा पूर्वपट्टि रहेको	विकमको नवौं–दशौं शताब्दी	मूलमूर्ति चोरिभैसकेको भन्ने डा टण्डनको भनाइ छ ।
१०७	ब्रह्माको मूर्ति	रूद्रगारेश्वरमा एउटा प्रस्तरमा कुँदिएको मूर्ति ।	विकमको बाह्रौं–तेह्रौं शताब्दी	
१०८	हनुमानको मूर्ति	पशुपतिनाथको मन्दिर प्राङ्गण पश्चिमपट्टि	उन्नाइसौं शताब्दीको उत्तरार्द्धतिर	भव्य र आकर्षक मूर्ति । भक्तहरूले प्रतिदिन पूजाआराधना गर्ने गरेका छन्।
१०९	हनुमान्को मूर्ति	मृगस्थली	विकमको उन्नाइसौँ–वीसौँ शताब्दी	
११०	हनुमानको मूर्ति	गौरीघाट	विकमको उन्नाइसौँ–वीसौँ शताब्दी	
१११	हनुमानमूर्ति	गुह्येश्वरीस्थित वागमतीको किनार	विकमको उन्नाइसौँ–वीसौँ शताब्दी	
११२	हनुमानमूर्ति	भष्मेश्वर पशुपति	विकमको वीसौँ शताब्दी	
११३	हनुमानमूर्ति	शङ्कराचार्य मठको दक्षिणतर्फ	विकमको उन्नाइसौँ–वीसौँ शताब्दी	
११४	गरूडको मूर्ति	आर्यघाट पारि मानवाकार गरूड	विकमको उन्नाइसौँ–वीसौँ शताब्दी	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११५	गरूडको मूर्ति	राजराजेश्वरीघाटको जितजङ्गनारायणमन्दिर अगाडि मानवाकार गरूडको मूर्ति ।	विक्रमको उन्नाइसौँ–वीसौँ शताब्दी	
११६	गरूडको मूर्ति	रामघाटको क्ष्मीनारायण मन्दिर पश्चिममा रहेको ।	विक्रमको उन्नाइसौँ–वीसौँ शताब्दी	विसं १९९२ मा लक्ष्मीनारायणको मन्दिर निर्माण गर्दा भीमशम्शेरले यो मूर्ति स्थापना गरेका हुन् ।
११७	कार्तिकेयको मूर्ति	ईटापाखा टोलमा एउटा घरको चोकमा रहेको ।	विक्रमको सातौँ–आठौँ शताब्दी	कार्तिकेयको अर्को मूर्ति पशुपतिनाथको मन्दिरमा प्रवेश गर्ने बाहिरी ढोकामा भएको पनि हुनसक्छ । अनुसन्धान गर्नुपर्ने

क.सं.	विभिन्न देवदेवीको नाम	स्थान	समय	कैफियत
११८	नागराजको मूर्ति	धन्दोचैत्यको गर्भगृहको उत्तरतर्फ	विक्रमको सातौँ–आठौँ शताब्दी	हराइसकेको
११९	नागराजको मूर्ति	देवपत्तन अरूणधाराको नागराजको मूर्ति	विक्रमको सातौँ–आठौँ शताब्दी	हराइसकेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं.	विभिन्न देवदेवीको नाम	स्थान	समय	कैफियत
१२०	नागराजको मूर्ति	पशुपतिमन्दिर प्राङ्गणको दक्षिणपूर्वमा रहेको चण्डेश्वर मण्डपको दक्षिणतर्फको भित्तामा	विक्रमको सातौं–आठौं शताब्दी	
१२१	वासुकि नागराजको मूर्ति	वासुकिको स्थान पशुपतिनाथमन्दिरको उत्तर	छैटौं–सातौं शताब्दी	
१२२	नागराजको मूर्ति	वत्सलेश्वरी मन्दिरको प्राङ्गणमा		
१२३	गोरखनाथको पादुका	मृगस्थली गोरक्षनाथको मन्दिरमा पादुका मात्र छ ।		
१२४	गोरखनाथको मूर्ति	वनकालीको गोरखनाथको मूर्ति	विक्रमको एक्काइसौं शताब्दी	
१२५	महावीर जैनको मूर्ति	देवपत्तनस्थित अचुलाछेननिमा	विक्रमको नवौ–दशौं शताब्दी	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

क.सं.	विभिन्न देवदेवीको नाम	स्थान	समय	कैफियत
१२६	दक्षिणामूर्ति । यो पशुपतिनाथको गुरुवक्त्र मानिएको छ । यो पशुपतिनाथको गुरुरूप हो ।	पशुपतिनाथमन्दिरको पश्चिममा रहेको चारपाखे नेपाली मण्डपशैलीको मन्दिर	विक्रमका अठारौँ शताब्दी । भाषा वंशावलीका अनुसार राजा नृपेन्द्र मल्लका पालामा पशुपतिनाथका संन्यासी पुजारी विमलानन्दले स्थापना गरेका ।	स्थानीय जनताहरू दक्षिणामूर्तिलाई पशुपतिनाथका गुरु मानेर पूजाआजा गर्छन् ।
१२७	अघोरीको मूर्ति	वनकाली	विक्रमको एक्काइसौं शताब्दी	

प्रमुख आधार–पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन पृष्ठ ४९०–५०० डा गोविन्द टण्डन

CC-0. In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अनुसूची ५:

पशुपति क्षेत्रमा रहेका केही बुद्धका मूर्तिहरू

क.सं.	(२२)बुद्धका मूर्तिहरू	स्थान	समय	कैफियत
१	बुद्धमूर्ति	राजराजेश्वरी घाट	विक्रमको छैटौं–सातौं शताब्दी	शान्त अवस्थामा रहेको यो मूर्ति भव्य र आकर्षक छ । तर खुला ठाउँमा रहेकाले घाम र पानीले गर्दा यस मूर्तिको सौन्दर्य दिनप्रतिदिन मलिन बन्दै गएको छ ।
२	बुद्धको मूर्ति	चाबहिल	विक्रमको –पाँचौ–छैटौं शताब्दी	यो मूर्ति हराइसकेको छ ।
३	बुद्धको मूर्ति	चाबिहार	विक्रमको –चौधौं–पन्ध्रौं शताब्दी	
४	पद्मपाणि बोधिसत्वको मूर्ति	मृगस्थली	विक्रमको सातौं–आठौं शताब्दी	
५	पद्मपाणि बोधिसत्वको मूर्ति	चाबहिल धन्दोचैत्य	विक्रमकों–आठौं–नवौं शताब्दी	असुरक्षित अवस्थामा खुल्ला ठाउँमा रहेकाले भग्न भइसकेको

CC-0. In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

क.सं.	(२२)बुद्धका मूर्तिहरू	स्थान	समय	कैफियत
६	मृगस्थलीको बुद्धको मूर्ति (१)	मृगस्थली	विक्रमको उन्नइसौं–बीसौ शताब्दी	
७	मृगस्थलीको बुद्धको मूर्ति (२)	मृगस्थली	विक्रमको उन्नइसौं–बीसौं शताब्दी	
८	लघु आकारको बुद्धको मूर्ति	चाहबिल चन्द्रविनायक मन्दिरप्राङ्गणको उत्तरपट्टि	विक्रमको –पाँचौं–छैटौं शताब्दी	

प्रमुख आधार–पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन पृष्ठ ४८८–४९० डा गोविन्द टण्डन

CC-0. In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची ६: पशुपतिनाथ मन्दिर एवं पशुपति क्षेत्र विकास कोषको आम्दानी र खर्चको स्थिति

पशुपति क्षेत्र विकास कोषको आम्दानी र त्यसका स्रोत

रू. हजारमा

क.सं.	शीर्षक	आ.व.०७५/०७६ यथार्थ आम्दानी	आ.व.०७६/०७७ अनुमानित वार्षिक लक्ष्य	प्रतिशत
	कोष			
१.१	नेपाल सरकारको अनुदान (राष्ट्रिय गौरब)	३,४८,७००	३,५०,०००	३१.५१
	नेपाल सरकारको अनुदान (पुनर्निर्माण)	१,३१,२००	२,९५,३३९	२६.५९
१.२	चन्दा आम्दानी (अनुसूची १)	३,६१८	१०,०००	०.९
१.३	ब्याज आम्दानी (अनुसूची १)	९५,०००	९०,०००	८.१
१.४	पार्किङ्ग आम्दानी (अनुसूची १)	१,९८७	४,०८६	०.३७
१.५	गुठी जग्गाबाट आम्दानी (अनुसूची १)	४२,९४८	५०,०००	४.५
१.६	पर्यटक प्रवेश शुल्क (अनुसूची १)	१,६१,९००	२,००,०००	१८.०१
१.७	किरियापुत्री सेवा शुल्क (अनुसूची १)	६,८३३	७,५००	०.६८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्र.सं.	शीर्षक	आ.व.०७५/०७६ यथार्थ आम्दानी	आ.व.०७६/०७७ अनुमानित वार्षिक लक्ष्य	प्रतिशत
१.८	धर्मशाला आम्दानी (अनुसूची १)	०	२५,०४६	२.२६
१.९	विद्युत् शवदाह गृह सञ्चालन (अनुसूची १)	१४,०४९	१४,०००	१.२६
१.१०	धार्मिक कार्यक्रम लगायतका कार्यक्रमका लागि (अनुसूची १)	७,९२७	७,९००	०.७१
१.११	अन्य आम्दानी (अनुसूची १)	२,०९१	३०,८००	२.७७
१.१२	बहाल आम्दानी (अनुसूची १)	९,५०६	२५,९६८	२.३४
	जम्मा आम्दानी	८,२५,७५९	११,१०,६३९	१००
	आन्तरिक आम्दानी	३,४५,८५९	४,६५,३००	४१.८९
	नेपाल सरकार पूँजीगत अनुदान (राष्ट्रिय गौरव + पुनर्निर्माण)	४,७९,९००	६,४५,३३९	५८.११

पशुपति क्षेत्र विकास कोषको खर्च

रू. हजारमा

	शीर्षक	आ.व.२०७५/२०७६		०७६/०७७	
		सं. अनुमानित बजेट	यथार्थ खर्च	अनुमानित वार्षिक बजेट	प्रतिशत
१.१	पूँजीगत कार्यक्रम खर्च	७,८२,९५२	४,९८,५९७	७,९५,१३९	७१.८५
	(क) सरकारी स्रोत-राष्ट्रिय गौरव	३,४८,७००	३,४८,७००	३,४८,७००	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

	शीर्षक	आ.व.२०७५।२०७६		०७६।०७७	
	(ख) सरकारी स्रोत -पुनर्निर्माण	२,८०,४५२	१,३१,२००	२,९५,३३९	
	(ग) आन्तरिक स्रोत	१,५३,८००	१८,६,९७	१,५१,१००	
	(अ) विकास निर्माण कार्यक्रम	१,३४,६००	१५,३२३	१,४५,६००	
	(आ) सम्पत्ति सामान खरिद	१९,२००	३,३७४	५,५००	
१.२	चालू खर्च	३४०६०२	२२१००९	३,११,५३१	२८.१५
	(क) उपभोग खर्च	२,५७,९७३	१,६४,८७९	२,३२,०८०	
	(अ) कर्मचारी खर्च	१,८३,६३२	१,१६,९३०	१,६५,३३०	
	(आ) सञ्चालन खर्च	७४,३४१	४७,९४९	६६,७५०	
	(खं सेवा सञ्चालन तथा संस्कृति संरक्षण खर्च	८२,६२९	५६,१३०	७९,४५१	
	(अ) संस्कृति संरक्षण तथा संबर्द्धन खर्च	५०,१८४	२,२,६५	४,२१९,५०	
	(आ)अनुदान तथा अन्य कार्यक्रम	३२,४४५	३०,८६५	३६,५०१	
	जम्मा खर्च	११,२३,५५४	७,१९,६०६	१,१०६,६७०	

जम्मा प्रस्तावित आम्दानी	११,१०,६३९
जम्मा प्रस्तावित खर्च	११,१०६,६७०
वचत	३,९६९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

पशुपति क्षेत्र विकास कोष

पशुपतिनाथ मन्दिर तर्फको भेटीघाटी, पूजा आदिबाट प्राप्त आम्दानी रू. हजारमा

क्र.सं.	शीर्षक	आ.व.०७५/०७६ यथार्थ आम्दानी	आ.व.०७६/०७७ अनुमानित वार्षिक लक्ष्य		प्रतिशत
१.	पशुपतिनाथ मन्दिरको भेटी आम्दानी	४९४८०	६००००		२७.७३
२.	वासुकीनाथ मन्दिरको आम्दानी	२,०१९	२,१००		०.९८
३	चाँदीको दानपात्र	२,५८५	३,०००		१.४०
४	हनुमान तथा बुढानीलकण्ठ	३,०१९	३,२००		१.४९
५	नवग्रह	९३७	१०००		०.४७
६	नवग्रह पूजा कार्यक्रम		२५००		१.१६
७	विशेष पूजा पशुपतिनाथ तथा वासुकीनाथ	९३,२४७	१,२०,०००		५५.८७
८	ई पूजा आय	०	२,५००		१.१६
९	ब्याज आम्दानी	१८,५४३	१८,०००		८.३८
१०	पशुपतिनाथ-मन्दिर प्राङ्गणका अन्य मन्दिरहरूको भेटी	१,१३१	१,५००		०.७०
११	विविध आम्दानी	७६३	१०००		०.४७
	जम्मा आम्दानी	१,७१,७२४	२,१४,८००		१००

CC-0. In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपति क्षेत्र विकास कोष

पशुपतिनाथ मन्दिरतर्फको खर्च विवरण रू. हजारमा

	शीर्षक	आ.व.२०७५।२०७६		०७६।०७७	
		सं. अनुमानित वार्षिक बजेट	यथार्थ खर्च	अनुमानित वार्षिक बजेट	प्रतिशत
१	पूँजीगत कार्यक्रम खर्च	२६,८००	३,०१४	३७,८००	१७.९६
	(क) विकास निर्माण कार्यक्रम	२५,०००	३०१४	३६,०००	
	(ख) सम्पत्ति सामान खरिद	१८००	०	१८००	
२	चालु खर्च	१,४६,९१०	१,११,६८८	१,७२,६८७	८२.०४
	(क) उपभोग खर्च	९२,८८१	५९,५५९	८६,६८७	
	(अ) कर्मचारी खर्च	८५,२८१	५४,७५४	७९,०८७	
	(अ) सञ्चालन खर्च	७,६००	४,८०५	७,६००	
	(ख) सेवा सञ्चालन तथा संस्कृति संरक्षण खर्च	५४,०२९	५२,१२९	८६,०००	
	जम्मा खर्च	१,७३,७१०	१,१४,७०२	२,१०,४८७	१००

जम्मा प्रस्तावित आम्दानी	२,१४,८००
जम्मा प्रस्तावित खर्च	२,१०,४८७
वचत	४,३१३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अनुसूची ७ : पशुपतिनाथ र त्यहाँका अरू देवीदेवताका निम्ति कोष र जग्गा गुठी राख्नेहरू एवं विभिन्न सामान चढाउनेहरू यस अनुसूची ७ क्रमसङ्ख्या १ देखि ४८ सम्मका मुख्य आधार–स्रोत कुलचन्द्र कोइराला–नेपालका आराध्यदेव पशुपतिनाथ ।

क.सं.	गुठी राख्नेहरू	गुठीराखिएको वस्तु वा गरिएको काम	मिति	गुठीको नाम
१	राजा भाष्कर बर्मा	तीन वटा कोष		काञ्ची
२	पुष्पवर्मा सुपुष्पभन्दा १४ पुस्तापछिका ।	पशुपतिनाथको सुन्दर मन्दिर बनाएका		
३	राजा वृषदेव	पशुपतिनाथको उत्तरपट्टि ठूलो त्रिशुल चढाएका		
४	राजा धर्मदेव	पशुपतिनाथको दक्षिण पट्टि ठूलो वृषभध्वज चढाएका		
५	राजा गुणदेव	मणियुक्त कोष	शासनकाल –नेसं (६१४–६४७)	
६	राजा नरेन्द्रदेव	अनेक रत्नयुक्त कोष धारा र भिक्षुसंघ बस्ने भवन		
७	राजा जयदेव द्वितीय	चाँदीको अष्टपुष्पिका तथा अन्य पुष्प		

CC-0. In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं.	गुठी राख्नेहरू	गुठीराखिएको वस्तु वा गरिएको काम	मिति	गुठीको नाम
८	राजा गुणकामदेव	एघार कोष	ई.१०००	
	" "	पशुपति नजिकका ईशानेश्वर मन्दिरमा तामाको छाना, सुनधारा, बनाएको तथा कोटी होम पनि गरेको ।		
९	राजा शिवदेव	पशुपतिनाथको मन्दिर सुन्दर बनाई तामाको छाना हालेको । पशुपतिनाथलाई चाँदीको पिण्डिका र चाँदीकै कमल समेत चढाएको		
१०	राजा अभयदेव मल्ल	पशुपतिनाथमा महास्नान गराएका र कैलाश पूजा गरेको ।	(विसं१२२३–१२५२)	
११	राजा सिंह मल्ल	पशुपतिनाथलाई सुनको मेखला ,अनेक रत्नजडित चतु:षष्ठी कोष, जात्रा गर्ने परम्परा, त्यस पर्वका दिन सदावर्त (अन्नदान) गर्ने व्यवस्था गरेको		
१२	राजा अनन्त मल्ल	पशुपतिनाथमा ध्वजारोहण		

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

क.सं.	गुठी राख्नेहरू	गुठीराखिएको वस्तु वा गरिएको काम	मिति	गुठीको नाम
१३	राजा अनन्त मल्ल	पशुपतिनाथको मन्दिरमा सुनको छाना,मन्दिरको चार कुनामा चार वटा सुनको शरभ र ध्वजा चढाइएको ।	नेसं ४१७ विसं १३५४	पशुपतिनाथलाई प्रसन्न पार्न यिनले निकै प्रयास गरेका थिए भनिन्छ ।
१४	जुम्लाका राजा जयतारी मल्ल	वंशावलीमा उल्लेख भएअनुसार रातोमत्स्येन्द्रनाथलाई कोष चढाई पशुपतिनाथको पश्चिम ढोकाबाट पसी अङ्कमाल गरी फूल चढाएका र विशेष पूजा गरेका	ने.सं ४१० मा नेपाल आएका	नेसं. ४०८ र ४० ९ मा नेपाल आएका भनी वंशावलीमा उल्लेख भएको छ । तर कुलचन्द्र कोइरालाले नेसं ४१० मा युद्ध गर्ने तयारीका साथ आएका हुन सक्ने अनुमान गर्नुभएको छ ।
१५	सबै जनताबाट एक एक दाम उठाई पशुपतिनाथमा कोष चढाइएको	कोष चढाउने काम	ने. सं. ४६८ (विसं १४०४)	

CC-0. In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं.	गुठी राख्नेहरू	गुठीराखिएको वस्तु वा गरिएको काम	मिति	गुठीको नाम
१६	युवराज जयशक्तिकी आमा विरमदेवी	वृषभध्वज बनाई सुवर्ण लेपित गरी चढाएकी		
१७	जुम्लाका खस राजा रिपुमल्ल	विशेष पूजा पशुपतिनाथमा बुङमतीमा लोकेश्वर (मत्स्येन्द्रनाथ)लाई महास्नाान गराई कोष चढाएका ।	नेसं ४३३ (विसं १३६९)	
१८	पशुपतिनाथमा कोष चढाइएको	कसले चढाएको हो भन्ने थाहा हुन नसकेको	नेसं४६९ (विसं१४०५)	

विशेष पूजा गर्ने र गुठी र अन्य व्यवस्था गर्ने मल्ल राजाहरू

क.सं.	गुठी राख्नेहरू	राखेका कुरा गरेका काम		
१९	जयस्थिति मल्ल	सुरवाडो	नेसं५०५ (विसं१४०४१)	
२०	राजा यक्षमल्ल र उनकी माता संसारदेवी	सुवर्ण कलश (गजूर) चढाइएको, लक्ष्याहुति र विशेष पूजा गरेको आमा संसारदेवी रलोक भएपछि उनको सुनको मूर्ति बनाई पशुपतिनाथको मन्दिरभित्र नै राख्न लगाएको । पूजाको लागि गुठी राखेको ।	नेसं ५३३ (विसं १४६९) नेसं ५६१ (विसं१४९८)	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं.	गुठी राख्नेहरू	राखेका कुरा गरेका काम		
२१	राजा यक्ष मल्लका पालामा उडिसा निवासी नारायण भट्ट नामक व्यक्ति ,, ,,	उन्मत्त भैरवको स्थापना सुवर्णका तीन गजुर चढाएका	नेसं ५८८ (विसं१५२४) नेसं ५९१ (विसं १५२७)	
२२	राजा शिवसिंह मल्लकी रानी गङ्गादेवी	–पशुपतिनाथको तीन तले मन्दिरको एक तला झिकी दुई छाना भएको मन्दिर बनाएकी र सुनको गजूर समेत चढाएकी ।	`.सं. ७०५ (विसं १६४१)	उनलाई त्यो मन्दिर बनाउन तत्कालका पशुपतिनाथका पुजारी स्वामी नित्यानन्दबाट प्रेरणा मिलेको थियो ।
२३	लक्ष्मीनरसिंह मल्ल	–पशुपतिको शिव निर्माल्य जल खस्ने ब्रह्मनाल बनाएका ।	नेसं (७०५(विसं १६४१)	
२४	भीम मल्ल	–प्रत्येक शिवरात्रिमा पशुपतिनाथमा पञ्चामृत बेलपत्रले पूजा गर्नका लागि ४ रोपनी जग्गा गुठी राखेका	नेसं७६३ (विसं१६९९) कात्तिक शुक्ल १५	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं.	गुठी राख्नेहरू	राखेका कुरा गरेका काम		
२५	राजा प्रताप मल्ल	–पशुपतिनाथको जल खस्ने ब्रह्मनालमा शिवलिङ्ग स्थापना गरेको र आर्यघाट बनाएको । –पशुपतिनाथको पूर्वपट्टिको प्राङ्गणबाट तल वागमतीमा झर्दा दायाँतिर देखिने गङ्गा र यमुनाको मन्दिर बनाएको र गङ्गाको प्रत्येक वर्ष जात्रा लाग्ने चलन चलाएको । –एउटै पताका राजदरबारबाट पशुपतिनाथसम्म पुऱ्याई चढाएको । पशुपतिनाथको अगाडि तामाको छाना राखी गजूर समेत चढाएको ,कोटी लिङ्गको स्थापना र पाषाणका १०८शिवलिङ्ग स्थापना गरेको ।	(विसं १६९८–१७३०	
२६	स्वामी ज्ञानानन्द	–पशुपतिनाथमा श्रावण शुक्ल चतुर्दशीका दिन पवित्रारोहण कर्म गर्ने विधान चलाएको । सात धार्नी एक शेरबाट निर्माण गरिने यो पवित्र नियमपूर्वक निर्माण गरिने चलन छ		

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं.	गुठी राख्नेहरू	राखेका कुरा गरेका काम		
२७	राजा नृपेन्द्र मल्ल	–राज्यारोहणका अवसरमा पशुपतिनाथका नन्दी मूर्तिलाई स्वर्ण कवच बनाई चढाएको । –पशुपतिनाथको मन्दिरको जीर्णोद्धार गरी सुवर्णलेपित छाना राखी जीर्णोद्धार गराएको । कैलाश कुसुमाह पर्व चलाएको । –कात्तिक महिनाको पूणिमाका दिन पशुपतिनाथमा महास्नान गराउने चलन चलाई गुठी राखेको । –पशुपतिनाथ मन्दिरको पश्चिमतर्फबाट गुह्येश्वरीतर्फ जाने बाटाको उत्तरतर्फ दक्षिणामूर्तिको स्थापना	ने.सं ७९४ (विसं १६३१) मा राजा भएका ।	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.सं.	गुठी राख्नेहरू	राखेका कुरा गरेका काम		
२८	स्वामी राघवानन्द	–तान्त्रिक विधिद्वारा सम्पादन गरिने दमनारोहण पर्व चलाएका ।		यी स्वामीका आश्रय लिई बसेका महीपतीन्द्र मल्ललाई तत्कालीन मूलकाजी लक्ष्मीनारायण प्रधानका दूतले लछारपछार गरेको । त्यस्तो दुष्कार्य रोक्न खोज्दा राघवानन्दलाई पनि भन्याङबाट खसाली अपमान गरेकाले पाटनमा गई बसेका ।
२९	राजा भूपालेन्द्र मल्ल	पिशाच चतुर्दशीका दिन वत्सलेश्वरीको जात्रा गर्ने परम्परा चलाएको ।		
३०	राजा जगज्जय मल्लका पालामा पाटनका राजपुरोहित श्रीनाथानन्दोपाध्याय	पाँच रोपनी खेत	नेसं ८४७ पौष शुक्ल पूर्णिमाको ग्रहण पर्वमा	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

क.सं.	गुठी राख्नेहरू	राखेका कुरा गरेका काम		
३१	पाटन निवासी कृष्णधर	१० रोपनी खेत	नेसं ८३९ माघकृष्ण औसीको सूर्यग्रहण	चाकमत (चक्रदीपमालिका) कात्तिक पूर्णिमा तथा शिवरात्रिमा गर्नुपर्ने पूजा र दानदक्षिणका लागि

क.सं.	गुठी राख्नेहरू	गुठी राखिएको वस्तु	मिति र गुठीको नाम	गुठीको नाम र त्यसबाट गरिने वा हुने कार्य
३२	भीरकोटका बालकृष्ण उपाध्याय	नुक र गुण नामका दुई दासी पशुपतिनाथको सेवामा चढाएको ।	विसं १८३०	भगवान् पशुपतिनाथको सेवाका लागि
३३	बडामहाराज पृथ्वीनारायण शाह	गुठी राखिदिएको		पञ्चामृत स्नान
३४	बडा महाराज पृथ्वीनारायण शाहका प्रसिद्ध भारदार रामकृष्ण कुँवर	सिढीको मर्मत सम्भारका लागि २६३ रोपनी खेत गुठी	विसं १८३१ मार्गमा प्रतिष्ठा गरिएको ।	पशुपतिनाथदेखि मृगस्थली हुँदै गुह्येश्वरीसम्मको ढुङ्गाको सिंढी
३५	राजा रणबहादुर शाह	चाँदीको जलहरी	विसं १८३५	पशुपतिनाथमा चाँदीको जलहरी

CC-0. In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३६	राजा रणबहादुर शाह	७५ रोपनी जग्गा	विसं १८४९	पूजाआजा गुठी–पशुपतिनाथ र अन्य मन्दिरका देवीदेवताको पूजाआजा कामका निम्ति राखिएको गुठी ।
३७	राजा रणबहादुर शाह	भण्डार खाल बगैंचा र बालाजु उद्यानको फूल ल्याउने व्यवस्था गरिएको । बालाजु बगैचाको फूल ल्याउनेका निम्ति ५४ रोपनी जग्गाको आयस्ता दिने व्यवस्था ।		पुष्प गुठी–भगवान् पशुपतिनाथलाई फूल चढाउन यो बगैंचा पशुपतिको बगैंचाको रूपमा चढाइएको ।
३८	राजा रणबहादुर शाह	हाल सिन्धुपाल्चोक जिल्लामा पर्ने फटकसिलाको २६० मुरी र गोकर्ण मौजाको ६५०० मुरी कुत आउने जमीन गुठी संकल्प गरी राखेको ।	विसं १८५५ माघ शुक्ल चतुर्दशीका दिन संकल्प भएको ।	महास्नान, जात्रा, पर्व, सदावर्त बाड्ने व्यवस्था, सत्तल र धर्मशाला निर्माण । उक्त कुतले दूध, दही, घिउ, मह, चिनी, बोका, ८४ व्यञ्जन, केरा, आदि फलफूल र महाबलि कर्मको सामान जम्मा गरी महास्नान गर्ने व्यवस्था मिलाइएको ।
३९	कान्तवती	२२०० रोपनी जग्गा फटक सिला र देउपाटन	विसं १८५६ वैशाख शुक्ल	वर्षभरिका १२ पूर्णिमा र आश्विन मासको पूर्णिमामा समेत पशुपतिनाथमा महास्नान र महाबलिका निम्ति गुठी राखेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४०	तत्काल टक्सारमा काम गर्ने श्याम लाल नामक व्यक्तिका बाजे	८० मुरी खेत	विसं १८५७ मा त्यस गुठीलाई विसं १८६० मा राजा गीर्वाणयुद्धविक्रम शाहबाट ताम्रपत्र भएको ।	पशुपतिनाथमा नित्य बाजा बजाउने व्यवस्थाका लागि ।
४१	रानी सुवर्णप्रभा	४९ रोपनी खेत	विसं १८५९	पशुपतिनाथमा सन्ध्याको आरती गर्ने
४२	रानी सुवर्णप्रभा	खेत रोपानी ८९–१०–४–० र खेत ३ (तीन सय मुरी र ५८। १० समेत तीन सय अन्ठाउन्न मुरी र दश पाथी जमीन	विसं १८५९ मा भाद्र शुक्ल त्रयोदशीका दिन ताम्रपत्र भएको ।	पशुपतिमा महापूजा सम्पादन गर्ने
४३	राजेन्द्रलक्ष्मी, कान्तिमती, सुवर्णप्रभा	नकदेशको ७५ रोपनी जग्गा	विसं १८५९	आरती र पूजाआजाका लागि ।
४४	श्यामलाल शर्मा	पकाउने भाँडावर्तन सहित ३६ थान भाँडा	विसं १८६० साल असार	पशुपतिनाथमा चढाएको ।
४५	मोतीटार निवासी जहर सिंहकी पत्नी ईश्वरी खत्त्रिनी	ढाल,तरबार, गाग्री खड्कुँला आदि	विसं १८६१	ती सामान पशुपतिनाथमा चढाई सती गएकी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४६	भोटु पाँडे ,, ,,	राजा रणबहादुर शाहको सालिक बनाई पशुपतिमा राखेको । पाखो बारी जग्गा ३६ रोपनी	विसं १८६३ विसं १८६५	बाँदरलाई मकै पशुपतिमा प्रतिदिन ४ माना गुह्येश्वरीमा २ माना मृगस्थलीमा १ माना
४७	भोटु पाँडे र उनका छोरा	खेत ३ (३०० मुरी) र घडेरी सवा तेत्तीस रोपनी	विसं १८६५ ज्येष्ठ शुक्ल	पशुपतिनाथको दक्षिण ढोका अगाडि विछ्याइएको धर्मशिलाको तामाको पाता बिग्रेकोले नयाँ पाता बनाई राखेको ।
४८	बुद्धिरेखा गोदार्नी	भाँडा, वर्तन, हतियार र सौभाग्यका वस्तु	विसं १८६३	उपर्युक्त सामान पशुपतिनाथलाई अर्पण गरी एउटी कुमारीलाई अमलेख समेत गरिदिई सती गएकी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

	क्रमसङ्ख्या ४९ देखि ७३	सम्म आधार- मुख्य स्रोत	डा गोविन्द टण्डन	पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन
४९	राजा गीर्वाण युद्ध विक्रम शाह	७ रोपनी जग्गा	विसं १८६७	१.गाई गुठी–प्रतिदिन पशुपतिनाथलाई गाईको दूधको पञ्चामृत चढाउने र ब्राह्मणहरूलाई गोदान स्वरूप ४। रूपियाँ दिने कुरा लालमोहरमा उल्लेख छ । अहिले गोदान स्वरूप रू १५ दिने गरिएको ।
५०	राजा गीर्वाण युद्ध विक्रम शाह	१३ रोपनी जग्गा	विसं १८६७	२.खीर गुठी–प्रत्येक सङ्क्रान्तिमा १ पाथी दुधमा एक माना मार्सी चामल हाली खिर पकाउने त्यसमा छोहरा, मरिच, सख्खर र नरिवल हाली पकाउनुपर्ने ।
५१	राजा गीर्वाण युद्ध विक्रम शाह	७ रोपनी जग्गा	विसं १८६७	३.गोकुलधुप गुठी–प्रतिमहिना आधा धार्नी । गोकुल धुप भगवानलाई चढाउनका निम्ति गुठी ।
५२	राजा गीर्वाण युद्ध विक्रम शाह	१०–८–०–० धान ११ मुरी ४ पाथी	विसं १८६७	४.श्रीखण्ड गुठी–वर्ष दिनका लागि चार धार्नी श्रीखण्ड विसं १९७५ मा चार धार्नी श्रीखण्डको १२ रूपियाँ पर्थ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५३	राजा गीर्वाण युद्ध विक्रम शाह	जग्गा ४–०–०–०	विसं १९६७	५.मिठाई गुठी–पशुपतिनाथलाई बालभोगमा प्रत्येक दिन मिठाई चढाउने चलन छ ।
५४	राजा गीर्वाण युद्ध विक्रम शाह	जग्गा १५–०–०–०	विसं १८६७	६.नगरा, बाजा लगायतका अन्य गुठी–यसबाट गरिने कार्यहरू: –नगरा एवं अन्य बाजा बजाउने नगर्ची र कुशलेहरूलाई पारिश्रमिक, –पशुपतिनाथमा पञ्चामृत पूजा –लाल गणेश र वासुकिमा पूजा –शिवरात्रिमा पशुपतिनाथमा महाद्वीप बाल्ने –गुह्येश्वरी र स्वच्छन्द भैरवमा एक एक बोका चढाई बलिदान र पूजा गर्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५५	राजा गीर्वाण युद्ध विक्रम शाह	२–१२–०–० जग्गा	विसं १८६७	७.षाचिख गुठी–चैत्र कृष्णपक्षको चतुर्दशीको दिन पशुपतिनाथका सेवकहरू १६ जनालाई भोजखुवाउन राखिएको गुठी । बिसेट ४ जना, मूल भण्डारी ४ जना, बहिदार १ र डङ्गोल १ जना गरी जम्मा १६ जनालाई भोज खुवाउन ।
५६	राजा गीर्वाण युद्ध विक्रम शाह	चार मुरी धान प्रत्येक वर्ष ।	विसं १८६७	८.धतुर फूल गुठी प्रत्येक दिन ११ वटा धतुर फूल चढाउने चलन । धतुरफूल ल्याउने व्यक्तिलाई पारिश्रमिक दिन ।
५७	राजा गीर्वाणयुद्ध विक्रम शाह	जग्गा साढे दुई रोपनी	विसं १८७० चैत्र कृष्ण औंसी	९.धंदुवागुठी(बाजासंग सम्बन्धित) राजा प्रतापमल्लले रातका तीन प्रहरमा वासुकि नागलाई जगाउन यो गुठी राखेका थिए यसको नवीकरण राजा गीर्वाण युद्ध विक्रम शाहबाट भएको ।
५८	राजा गीर्वाण युद्ध विक्रम शाह	९ रोपनी जग्गा	विसं १८७० चैत्र कृष्ण औंसीको लालमोहर	१०.छायागुठी– वत्सलेश्वरीमा पूजा गर्नका लागि । (कर्माचार्यहरूद्वारा पूजा गरिन्छ ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५९	राजा गीर्वाण युद्ध विक्रम शाह	७ रोपनी १२ आना जग्गा	१८७० चैत्र कृष्ण औसी	११.बालागुठी– वत्सलेश्वरीमा तान्त्रिक विधिद्वारा पूजा गराउनका लागि ।
६०	राजा गीर्वाणयुद्ध विक्रम शाह	पश्चिम देवबियाखाल र कोटुबहिल, उत्तरमालुहशालाखेल,महंचपाल, धन्यपोखरीको डिल ठाडो ढुङ्गा बाहाहिटीजोल, तितिजोल, उत्तर–पूर्व गौरीघाट, बालश्मशान, पूर्वमा वागमती, दक्षिणमा दिखेल, यति सीमानाभित्रका जग्गाहरूका साथै रैरकमीहरूले जागीर खाएको खेत ३७५ रोपनी ४ आना जग्गा र भैंसीभंसार, ठूलो बगैंचा चाबहिलको कोटुबहिलसहितको जग्गा र केही र कम समेत गुठी राखेको ।	विसं १८७० चैत्र कृष्ण ३० रोज २ शुभम् ।	पूजाआजागुठी–पशुपतिनाथमा शिवरात्रि, रामनवमी, सङ्क्रान्ति, वैशाख शुक्ल अष्टमी, धनुर्मास, दशहरा, महाअष्टमी, विजया दशमी, श्रीपञ्चमीका दिन पूजा गर्नका लागि र भत्के–बिग्रिएका देवालय, घाटपाटी बनाउने र मर्मत संभार गर्ने काम गर्ने । त्यो जग्गाको आयस्ताबाट ती उक्त काम गरी बाँकी रहने रकम मात्र पशुपति अमालकोट कचहरीमा बुझाँउने । यी कार्यहरू सञ्चालन गर्ने अख्तियारी पशुपतिनाथका मूल पुजारीलाई दिइएको । यसप्रकारको कार्य गर्नु पशुपति अमालकोट कचहरीको जिम्मेवारी हुने उल्लेख भएको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

६१	राजा राजेन्द्र विक्रंम शाह	२५ रोपनी जग्गा	विसं १८८५ पौषशुक्ल अष्टमी रोज २	पशुपतिनाथमा भोग लगाउने गुठी– पशुपतिनाथमा नित्य भोग लगाउनका लागि नित्य मसिनो चामल एक मानामा ८ माना दूध राखी खीर पकाई भोग लगाउनुपर्ने ।
६२	राजा राजेन्द्र विक्रम शाह	२५ रोपनी जग्गा	विसं १८९९ माघ कृष्ण १२ रोज ७	मिठाई गुठी–मिठाई: पेडा, बर्फी, बेसनका लड्डु चढाउनका लागि ।
६३	राजा सुरेन्द्र वीरविक्रम शाह	२५ रोपनी	विसं १८९४	बालभोग गुठी दूध, घ्युु, चिनी, बदाम, छोहरा, पीठोको पक्वान्न बनाएर चढाउनुपर्ने । पान, सुपारी पनि चढाउनुपर्ने ।
६४	राजा सुरेन्द्र वीर विक्रम शाह	११ रोपनी	विसं १९०४	हिङ्गुल गुठी– प्रतिदिन श्रृंगारका बेला मुखलिङ्गको ओठमा लगाइने लालीको व्यवस्थाका लागि । हिङ्गुल– एक महिनाको एक पुरिया । कपुर–वर्षको अठार पाउ ।

CC-0. In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६५	छायाकुमारी खत्री	५ रोपनी		पशुपतिमा बालाचतुर्दशीका दिन महादीप बाल्न, सोही दिन पूजाआजा गर्न, भोलिपल्ट औंसीका दिन ५ जना ब्रह्मणबाट होम गराई भोजन गराउन, दक्षिणा दिन र छोरीबेटी भाञ्जाभाञ्जीलाई निमन्त्रणा गरी भोजन गराउन ।
६६	गौरा खरेल	घर, ६ रोपनी जग्गा, भाँडाकुँडा समेत १०० रू.	१८५९	प्रतिदिन दुई मुठी अक्षता १ दामको दूध र फूल चढाउन ।
६७	राधाबल्लभ अर्ज्याल	३० रोपनी जग्गा भीरकेट	१८६९ ज्येष्ठ शुक्ल नवमी	पशुपतिमा साझ–बिहान आरतीका निम्ति ।
६८	नीलकण्ठ उपाध्याय	४ रोपनी जग्गा		वैशाख महिनाभरि पाँच घडा जलले पशुपतिनाथलाई स्नान गराउन र अक्षय तृतीयाका दिन सर्वत बनाई खुवाउन र ब्राह्मण १ जनालाई छाताजुत्ता दान दिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६९	रणसूर पण्डितकी विवाहिता श्रीमती भक्तकन्याले सती जाने बेला	१२ रोपनी आठ आना जग्गा	विसं १८८७	पशुपतिनाथ र इचङ्गुनारायणमा माघ शुक्ल पूर्णिमाका दिन पञ्चामृत स्नान र ब्राह्मण भोजन गराउन ।
७०	तुलसीराम, कृपानन्द, नारायण, दीनानाथ, उमापति, रामनाथ, अन्नपूर्ण, पार्वती देवी	२–८–०–० र घडेरी समेत	विसं १९०३ आश्विन शुक्ल १५ रोज २ शुभम्	त्यस जग्गाको लगापात र उक्त जग्गामा उब्जेको फलफूल समेत पशुपतिनाथमा चढाउन
७१	सत्यरूपा पाण्डे	५ रोपनी जग्गा	१९२६ चैत्र शुक्ल४	प्रतिदिन अक्षता चढाउनका लागि
७२	तिलकनिधि तिवारी र .ह्यपालक्ष्मी तिवारी	१ रोपनी	१९९१, कात्तिक २८	प्रतिदिन नित्य अक्षता चढाउन
७३	बडाकाजी पुष्पराज राजभण्डारी	९–४–२–० जग्गा (रोपनी-आना-पैसा-दाम)	विसं १९९८ आषाढ २२	२७ वटा कुण्डपुष्प चढाउन र मन्दिरभित्र पुजारीबाट रोजिन्दा एक आवृत्ति रूद्री पाठ गर्न गराउनका लागि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची ८: आधार एवं सन्दर्भ ग्रन्थहरू

सम्पादक योगी नरहरिनाथ श्रीमत्पशुपतिपुराणम्,
काठमाडौँ, भीमप्रसाद उपाध्याय विसं२०११

सम्पादक मण्डल .हिमवत्खण्ड काठमाडौँ,
.(योगप्रचारिणी गोरक्षटिल्ला काशी) विसं२०१३

योगी नरहरिनाथ
पं. लोकराज सत्याल
पीर चन्द्रनाथ योगी
मु. लक्ष्मीनारायण चौडिलागाईँ
.पं. केदारनाथ शर्मा-नेपाल महात्म्यम्—चौखम्बा
अमरावती प्रकाशन, वाराणसी । विसं२०३३

प्रा.चूडानाथ भट्टराय—पशुपति प्रत्यभिज्ञा—
काठमाडौँ, ने.रा.प्रतिष्ठान, विसं२०३५

पं. लोकनाथ आचार्य—नेपाल महात्म्य,
काठमाडौँ, रत्नपुस्तक भण्डार विसं२०३६

प्रा.चूडानाथ भट्टराय—तन्त्र—सर्वस्व,
नेपाल रा. प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ विसं२०४१

ज्ञानमणि नेपाल—पशुपतिनाथको दर्शन स्पर्शन
पूजनसम्बन्धमा समीक्षा, काठमाडौँ, महेशराजपन्त, विसं२०४३

दौलत विक्रम विष्ट—ज्योतिज्योति महाज्योति,
काठमाडौँ, ने.प्रतिष्ठान विसं२४५

रेवतीरमणानन्द श्रेष्ठ वैद्य—परमात्मा शिव देवता रूद्र,
काठमाडौँ मुद्रण विभाग विसं२०४८

कल्याण शिवोपासनाङ्क—वर्ष ६७
गोरखपुर, गीताप्रेस, जनवरी १९९३ विसं२०४९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुलचन्द्र कोइराला–नेपालका आराध्यदेव भगवान् पशुपतिनाथ,
काठमाडौं,ने.रा.प्र.प्रतिष्ठानविसं विसं२०५१

डा जगदीशचन्द्र रेग्मी–पशुपति–गुह्येश्वरी महात्म्य,
काठमाडौं, नइ प्रकाशन विसं२०५३

डा गोविन्द टण्डन– पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन,
झरेन्द्र शम्शेर ज.ब.रा.तथा श्रीमती मञ्जुराणा
महाराजगञ्ज, काठमाडौं विसं२०५३

डा गोविन्द टण्डन–पशुपति क्षेत्रका
मठमन्दिरहरूको सञ्चालन र अवस्था,
काठमाडौं, झपट पुरस्कार विसं२०५४

नवमीसिंह–तन्त्रचिन्तामणि, काठमाडौं,
महेन्द्रसंस्कृत विश्वविद्यालय, कात्तिक, वैकुण्ठचतुर्दशी विसं२०५४,

रावल अनन्तकृष्ण सोमयाजी–पशुपतिदर्शन,
काठमाडौं, स्व. गोपाल राय संघईको परिवार विसं२०५६

संस्कृत–नेपाली वृहत् शब्दकोश, दाङ,
महेन्द्र संस्कृत विश्वविद्यालय, वेलझुण्डी,
दाङ, धन्वन्तरि जयन्ती विसं२०५७

डाजगदीशचत्द्र रेग्मी–नेपालको धार्मिक इतिहास,
काठमाडौं, पाठ्यक्रम विकास केन्द्र, त्रि.वि.वि. कीर्तिपुर विसं२०५८

रामजीप्रसाद अर्याल –रूद्री नेपालीमा एक अध्ययन,
ज्ञानेश्वर, काठमाडौं, श्रीमती विन्दु अर्याल विसं२०६०

प्रा विद्यानाथ उपाध्याय भट्ट–तन्त्रालोक, काठमाडौं,
अन्नपूर्णा उपाध्याय भट्ट, महाशिवरात्रि, नवरात्र, विसं२०६२

चित्रप्रसाद सुवेदी– पशुपति महात्म्य, काठमाडौं,
निर्मला बस्न्यात विसं२०६३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा विद्यानाथ उपाध्याय भट्ट–अक्षमाला तन्त्र, काठमाडौँ,
अन्नपूर्णा उपाध्याय भट्ट, काठमाडौँ महाशिवरात्रि, विसं२०६६

मधुसूदन सुवेदी–चतुषष्ठी श्वयम्भू
सिद्ध ज्योतिर्लिङ्ग एवं पशुपति दर्शन महिमा
श्रीमती सानुमैया वैकुण्ठ डामोडर सुवेदी सानेपा ललितपुर विसं२०६७

मधुसूदन सुवेदी–पशुपति र प्रसिद्ध शिव लिङ्ग तथा ज्योतिर्लिङ्ग
सिद्ध ज्योतिर्लिङ्ग एवं पशुपति दर्शन महिमा
श्रीमती सानुमैया वैकुण्ठ डामोडर सुवेदी सानेपा ललितपुर विसं२०६८

विष्णुगोपाल रिसाल–वागमती काठमाडौँ
सभ्यताको मुहान, जावलाखेल, ललितपुर,
प्रमिला रिसाल विसं२०७०

लीलाप्रसाद सापकोटा विश्वका प्रमुख धर्म,
कमलादी, काठमाण्डौं, नेपाल प्रज्ञा प्रतिष्ठान विसं२०७२

डा विष्णुप्रसाद दाहाल–पशुपतिमा सात दिन,
काठमाडौँ, मण्डपबुक्स, भृकुटीमण्डप, विसं२०७३

रामबाबु नेपाल, एक अनुपम खोज, टङ्गाल,
गहनापोखरी समुद्र मन विद्या प्रतिष्ठान, विसं२०७३

डा मिलनकुमार थापा तन्त्र –विज्ञान, काठमाडौँ,
हनुमान् तन्त्र शिवशक्ति साधना तथा रिसर्च सेन्टर विसं२०७३

डा मिलनकुमार थापा, मन्त्र–विज्ञान काठमाडौँ,
हनुमान् तन्त्र शिवशक्ति साधना तथा रिसर्च सेन्टर विसं२०७४

प्रा विद्यानाथ उपाध्याय भट्ट–श्रीमत्पशुपतितन्त्र
(ज्ञान, उपासना र योगको त्रिवेणी)
लम्बकर्ण भट्ट तन्त्र विद्या संस्था काठमाडौँ विसं२०७५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादक माधवप्रसाद लामिछाने–पशुपतिदर्शन
(लघुपरिक्रमा, बलभद्रमार्ग,बानेश्वर, पशुपति अर्चना सुव्यवस्था
प्रतिष्ठान काठमाडौँ, विसं२०७५

सयोजक डा मिलन थापा– पशुपतिनाथको
सम्पत्ति तथा गुठी जग्गा अध्ययन एवं छानबिन
समितिको प्रतिवेदन विसं२०७५

आधार एवं सन्दर्भ सामग्री –लेख-रचनाहरू

प्रा बुद्धिसागर पराजुली–नकुलीश पाशुपत दर्शनमा पशुपति तत्व,
काठमाडौँ, पशुपति क्षेत्र पत्रिका वर्ष ३, अङ्क ७, २०५३

डा स्वामी रामानन्द गिरी–पशुपति क्षेत्रको महत्त्वबारे अन्तरवार्ता
पशुपति क्षेत्र–वर्ष ८ अङ्क ९, २०५८ कात्तिक

डा जगमान गुरूङ–नेपालमा पाशुपत दर्शनको विकास : एक विवेचना–

डा जगमान गुरूङ– राष्ट्र, राष्ट्रियता र सर्वधर्मसमभावका प्रतीक भगवान्
श्रीपशुपतिनाथ

प्रा. विद्यानाथ उपाध्याय–तन्त्रमा पशुपति साधना पशुपति क्षेत्र–वर्ष ८
अङ्क ९२०५८ कातिक

शरदच्चन्द वस्ती–हाम्रा राष्ट्रदेव पशुपतिनाथ, मधुपर्क साउन २०४६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ सामग्री–कार्यपत्रहरू

पशुपति क्षेत्र विकास कोषबाट सञ्चालन हुने आगामी गुरु योजनाका निम्ति सुझाब सङ्कलन गर्न आयोजित गोष्ठीहरूमा स्थानीय बुद्धिजीवी र विभिन्न क्षेत्रका विद्वान् पदाधिकारीहरूबाट प्रस्तुत कार्यपत्रहरू

भरत मरासिनी, निर्देशक, प.क्षे.वि. कोष–गुरु योजना कार्यान्वयनको कार्यदिशा

प्रा.डादीर्घराज घिमिरे, प्रा.ई.देवीप्रसाद चापागाइ, उपप्रा. माधवप्रसाद लामिछाने–पशुपति तत्त्व र उपासना तथा पशुपति क्षेत्र विकास कोषको गुरुयोजनामा समावेश हुनपर्ने कुराहरू–

प्रेमहरि ढुङ्गाना, उपनिर्देशक प.क्षे.वि.कोष– पशुपति क्षेत्रको वृहद् गुरु योजना निर्माणका सम्बन्धमा पशुपतिनाथका नामबाट धार्मिक पर्यटन अभिवृद्धि तथा पर्यटनका लागि आवश्यक पर्ने सेवा सुविधाको व्यवस्थापन सम्बन्धि कार्यपत्र

कृष्णमान श्रेष्ठ– संयोजक संयुक्त सरोकार समिति कामपा वडा नं. ८– गुरुयोजनाको समीक्षा र भौतिक संरचनाको निर्माण–

केदारमान भण्डारी, संयुक्त सरोकार समिति, पशुपति वडा नं. ८– पाशुपत क्षेत्रको महिमा, सांस्कृतिक महत्त्व र परम्परा

ई किशोर थापा–पूर्व सचिव नेपाल सरकार–
उपत्यकाको शहरीकरणका सन्दर्भमा पशुपति क्षेत्रको संरक्षण, सुधार विकास

डा गोविन्द टण्डन–
पशुपति क्षेत्रको वस्ती, समाज, वासिन्दा र उनीहरूको मठमन्दिरसँगको सम्बन्ध

भेषनारायण दाहाल–
पशुपति संरक्षित स्मारक क्षेत्रको व्यवस्थापन : विद्यमान कानूनी व्यवस्था

कृष्णमान श्रेष्ठ संयुक्त सरोकार समिति वडा ८ परिवार–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थानीय वासिन्दाहरूका तर्फबाट संयुक्त सरोकार समिति मार्फत प्रस्तुत १० वर्षे गुरु योजनाको समीक्षा, भौतिक संरचनाको निर्माण तथा स्थानीयहरूको सहभागिता विषयक कार्यपत्र

Ukesh Raj Bhuju—
Understanding Animal Communities in the Pashupati Area

Sudarshan Raj Tiwari—
Architecture of Monuments Planning for Conservation and Development in a living Heritage Site

Area Development Trust—
Pashupati Masterplan Workshop Series

M.Arch.ETHZ/SONA—
Pashupati and World Heritage

Er. Rabi Ratna Tuladhar—
Master Plan of Pashupati Area with previous experience

Rajan singh shaha,—
BRIEFS ON PREVIOUS MASTER PLAN OF PASHUPATI MONUMENT ZONE

Director, Shah Associates.Pvt.Ltd.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाम :	हरिप्रसाद रिमाल
जन्मस्थान :	नुवाकोट, सामरी, भन्याङभुरूङ, टक्सार
सम्प्रति :	काठमाडौं महानगरपालिका, वडा नं ५, हाँडीगाउँ
जन्म मिति :	वि.सं. २००६ जेठ ५ (सन् १९४९ मे १८)
शिक्षा :	स्नातकोत्तर संस्कृत (त्रिविवि) स्नातकोत्तर नेपाली (त्रिविवि)
पिता :	स्व केदारनाथ रिमाल
माता :	स्व देवमाया रिमाल
धर्मपत्नी :	निर्मला रिमाल
सन्तति :	डा बाराही रिमाल (प्रसूति रोग विशेषज्ञ)
विभूषण / पदक :	(क) सेवा पदक : २०४५, मुगु जिल्लामा सेवारत हुँदा (ख) प्रबल गोरखा दक्षिण बाहु : २०५१, नवलपरासी जिल्लामा सेवारत हुँदा (ग) सुप्रबल गोरखा दक्षिण बाहु : २०५७, काठमाडौं महानगरपालिकामा सेवारत हुँदा
सेवा :	निजामती सेवा : २०३२–२०६४ (मुगु, बाजुरालगायत विभिन्न जिल्ला)
शिक्षण :	विद्यार्थी निकेतन माध्यमिक विद्यालय, भक्तपुर र वीरेन्द्र क्याम्पस, भरतपुर (२०२६–२०३१)
अध्ययन-भ्रमण :	चीन, भारत, बङ्गलादेश, जापान, फिलिपिन्स, इण्डोनेशिया, मलेशिया, सिंगापुर, थाइल्याण्ड, कम्बोडिया, भियतनाम, लाओस, संयुक्त राज्य अमेरिका, रूस, बेलारूस, न्युजिल्याण्ड, दक्षिण अफ्रिका
आस्था र विश्वास :	पुर्खा, हिन्दूधर्म, संस्कृति, गुरू, देवदेवी, गाई
रूचि :	धार्मिक एवं दार्शनिक ग्रन्थहरूको अध्ययन
सोख :	साहित्यिक रचना, दैनिकी लेखन
प्रकाशित कृति :	'देश यसरी बाँचिरहेछ' कविता संग्रह (२०६६) 'देवाधिदेव पशुपतिनाथ र पशुपति क्षेत्र' २०७७ (प्रस्तुत) विभिन्न पत्रपत्रिकामा लेख, रचना प्रकाशित
भाषा ज्ञान :	नेपाली, संस्कृत, अङ्ग्रेजी, हिन्दी
साहित्यिक पुरस्कार :	नेपाल प्रज्ञा-प्रतिष्ठान, कविता महोत्सव २०३४ (द्वितीय पुरस्कार)
विशेष दक्षता :	स्थानीय विकास, विकेन्द्रीकरण, अनुगमन-मूल्याङ्कन
टेलिफोन :	०१-४४३८४६२
मोबाइल :	९८५११५८४६७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"रिमालजीले यस कृतिको रचना गरेर परब्रह्म परमात्मा श्रीपशुपतिको वाङ्मयी उपासना गर्नुभएको छ । अनेकौं जन्मका पुण्यकर्मको सञ्चय भएपछि मात्र भगवान् शिवमा भक्ति लाग्दछ र त्यसै भक्तिले मूर्तरूप लिएपछि यस प्रकारको रचनाले स्वरूप लिन्छ ।"

"यो रचना 'देवाधिदेव पशुपतिनाथ र पशुपति क्षेत्र' लाई भगवान्को सूचनामय कीर्तन–गायन सम्झन्छु, जसले भगवान्को स्वरूप, मन्दिर परिसरका अवस्थितिको राम्रो सूचना प्रदान गर्दछ । यसलाई पढ्ने सौभाग्य पाएका भाग्यवान्हरूले भगवान् पशुपतिका भक्तिमा चुर्लुम्म डुबाउने अवसर पाउनुहुन्छ ।"

– प्रा विद्यानाथ उपाध्याय भट्ट

"धार्मिक मान्यतादेखि पाशुपत क्षेत्रको हालसम्मका क्रियाकलाप, परम्परा, मेला, जात्रा, पूजा, आराधनालगायत पशुपति क्षेत्र विकास कोषसमेत लेखकले समावेश गरेर सम्पूर्ण नेपाली तथा संसारभरिका हिन्दूहरूलाई ठूलो गुन लगाउनुभएको छ ।"

– शङ्करनाथ रिमाल

"यस पुस्तकमा 'गागरमा सागर भर्ने' प्रयास रिमालजीले गर्नुभएको छ । सरल भाषा र रोचक शैलीमा लेखिएको प्रस्तुत पुस्तक उहाँको आराध्यदेवप्रतिको आस्था र श्रद्धाको उपज हो भने जनसाधारणलाई पशुपतिनाथ र पशुपतिक्षेत्रका बारेमा सङ्क्षिप्त रूपमा नै भए पनि सिङ्गो जानकारी दिने सत्प्रयास पनि हो ।

– डा जगमान गुरुङ

"प्रस्तुत पुस्तकमा रिमालजीले देवाधिदेव पशुपतिनाथ र पशुपतिक्षेत्र शीर्षक दिएर एघार अध्यायमा विभाजित गरी भगवान् श्रीपशुपतिनाथ र त्यस मन्दिरले चर्चेको पशुपति क्षेत्रमा सम्पन्न हुने विभिन्न जात्रा-पर्व, त्यहाँ भएका मठ-मन्दिर, आश्रमहरूको पनि छोटकरी परिचय दिन प्रयत्न गर्नुभएको पाएँ ।"

– डा गोविन्द टण्डन

"श्री पशुपतिनाथको महत्ता, आगम पूजा, वैदिक एवं तान्त्रिक तथ्यहरूसमेत समेटी पुस्तकाकारमा तयार पार्ने पवित्र कार्यका निम्ति हृदयतः धन्यवाद व्यक्त गर्दछु । यसले सम्पूर्ण नेपाली एवं विश्वका सनातन हिन्दू धर्मावलम्बीहरूलाई पाशुपत क्षेत्रको सम्पदा, संस्कृति र अध्यात्मको विषयमा गहनतमबोध गराउनाका साथै अध्ययन तथा अनुसन्धानकर्ताहरूलाई समेत आवश्यक सहयोग पुग्ने विश्वास लिएको छु ।"

– डा मिलनकुमार थापा

उत्कृष्ट प्रकाशन
9789937082280

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal